# मुक्त कमैया कम्लहरी, हलिया र हरवाचरवाको वस्तुस्थिति अध्ययन प्रतिवेदन, २०७८

नेपाल सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट गठित

**मुक्त कमैया, कम्लहरी, हलिया र हरवाचरवाको वस्तुस्थिति, अध्ययन समिति**

काठमाण्डौ, नेपाल

२०७८

मितिः २०७८ चैत्र ३० गते

**माननीय मन्त्रीज्यू,**
**भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय,**
**सिंहदरबार, काठमाडौं ।**

**विषय : प्रतिवेदन पेश गरेको सम्बन्धमा**

नेपालको संविधानको मर्म र भावना मुताविक नेपाली समाजमा सामन्तवादका अवशेषहरुका रुपमा रहेको कमैया प्रथाको २०५७ श्रावण २ गते, हलिया मुक्तिको घोषणा २०६५ भाद्र २१ गते र कम्लहरीको वि.सं. २०७० श्राबण ३ गते मुक्तिको घोषणा गरिएको थियो । उनीहरुको पुनःस्थापनाका विभिन्न प्रयासहरु भएपनि मुक्तिका यतिका वर्ष विति सक्दा पनि पुनःस्थापनाको काम सम्पन्न भएका छैनन् । नेपाल सरकारले ठूलो संख्यामा पुनःस्थापना गरेको भएपनि त्यस सम्बन्धी अधिकाँश कामहरु पूरा नभएको मात्र होइन सम्बन्धित समुदायले स्वामित्व ग्रहण गर्न नसक्दा आजपनि समस्याको चांङ ठूलो छ । अझ संघीय लोकतान्त्रिक गणतन्त्रको शासनकालमा पनि मधेश प्रदेशमा विद्यमान हरवाचरवा प्रथाको मुक्तिको घोषणा समेत भएन । ती कामहरु पूरा गर्न भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री शशी श्रेष्ठ स्वयंको सक्रीयतामा मुक्त कमैया, कम्लहरी, हलिया तथा हरवाचरवा आन्दोलनका अगुवाहरु तथा सो आन्दोलनसंग जोडिएका विज्ञहरुसंगको परामर्शका आधारमा मिति २०७८ मंसिर १७ गते (मन्त्रीस्तरीय) निर्णयबाट मुक्त कमैया, कम्लहरी, हलिया र हरवाचरवा सम्बन्धी वस्तुस्थिति अध्ययन समिति गठन गरिएको थियो । अध्ययन समितिका तर्फबाट तोकिएको कार्यक्षेत्रगत शर्तहरु अनुसार मुक्त कमैया, कम्लहरी, हलिया तथा हरवाचरवाहरुको क्षेत्रमा नेपाल सरकारका तर्फबाट भएका कामहरु र गर्न बाँकी रहेका कामहरुको स्थलगत अध्ययन तथा सम्बन्धित क्षेत्रका अधिकारवाला तथा सरोकारवाला र विज्ञहरुको परामर्शका आधारमा तयार गरिएको प्रतिवेदन अध्ययन समितिको मिति २०७८ चैत्र २८ गतेको निर्णय अनुसार मन्त्री समक्ष हार्दिक आभार सहित यो प्रतिवेदन पेश गरेका छौं ।

.....................
श्यामकुमार श्रेष्ठ
संयोजक

**मुक्तकमैया, कम्लहरी, हलिया र हरवाचरवा सम्बन्धी वस्तुस्थिति अध्ययन समिति**

| **क्र.सं.** | **अध्ययन समितिका सदस्यहरु** | **हस्ताक्षर** |
|---|---|---|
| २. | गणेशबहादुर विश्वकर्मा | |
| ३. | हरि श्रीपाइली | |
| ४. | चन्द्रबहादुर सिवाकोटी | |
| ५. | रेमानसिंह राना (सदस्य सचिव) | |

## समितिको कार्यक्षेत्रगत शर्तहरु (TOR)

१. मुक्त कमैया, हलिया, कम्लहरी र हरवाचरवाहरूको सम्बोधन गर्न नेपाल सरकारले संचालन गरेका पुनः स्थापन लगायतका कार्यक्रमहरूको हाल सम्मको प्रगति, त्यसबाट सम्बोधन भएका विषय, पुनःस्थापना भएका परिवारको संख्या र अवस्था लगायतको यकिन विवरण तयार गर्ने साथै यस विषयमा प्रदेश सरकार र स्थानीय तहबाट कुनै नीतिगत एवं कार्यक्रमगत व्यवस्था संचालन भए नभएको सो समेत अध्ययन गरी प्रतिवेदन पेश गर्ने ।

२. सम्बोधन हुन बाँकी रहेका मुक्त कमैया, कम्लहरी, हलिया, र हरवाचरवाहरूको एकीकृत विवरण तयार गर्ने, पुनःस्थापनाका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट के कस्तो नीतिगत एवं कार्यक्रमगत व्यवस्था गर्न उपयुक्त हुन्छ स्पष्ट जिम्मेवारी किटान गरी कार्यक्रम कार्यान्वयन कार्य योजना समेत तयार गरी पेश गर्ने ।

# कार्यकारी सारांश

नेपालमा प्रचलित कमैया, हलिया र हरवाचरवा प्रथा सामन्तवादी बँधुवा श्रमिक वा भूदास प्रथाकै एउटा रुप हो । स्थानअनुसार यसको नाम र स्वरुप केही हदसम्म भिन्नाभिन्नै रहेको छ तापनि तिनको आधारभूत चरित्र र बिशेषताहरूभने देशभरि एउटै खालका रहेका छन् । मूलतः आफ्नो अस्तित्व र  जीविकाको लागि जमिन्दारको ऋण, जमिन तथा खाद्यान्नसित बाँधिएको अस्वतन्त्र बँधुवा कृषि श्रमिकलाई नै कमैया, हलिया, र हरवाभन्ने गरिन्छ । मध्य र पूर्वी तराइमा यसको नाम हरवा रह्यो भने मध्य र सुदूर तराइमा कमैया, अनि मध्य र सुदूर पश्चिम पहाडी क्षेत्रमा हलिया ।

बि.सं. २०४६ सालपछि उपलब्ध राजनीतिक स्वतन्त्रतालाई उपयोग गर्दै सरोकारवाला समुदायले सशक्त आन्दोलन छेडेपछि त्यसैको दबाबमा २०५७श्रावण २ गते गरेको कमैया मुक्तिको घोषणा भएको थियो । ठिक त्यस्तै, २०६२/६३ पछिको उथलपुथलकारी राजनीतिक परिवर्तनपछिको अन्तरीम संविधानले प्रदान गरेको ब्यापक हक र स्वतन्त्रतालाई प्रयोग गर्दै हलिया प्रथाका विरुद्ध सम्वन्धित समुदायको थेगि नसक्नुको आन्दोलन चलाएपश्चात् सरकारले २०६५ भाद्र २१ गतेको हलिया मुक्तिको घोषणा र वि.सं.२०७० श्राबण ३ गते कम्लहरीको मुक्तिको घोषणा गरेको जगजाहेर छ । यी नेपालमा बँधुवा श्रमिकको मुक्तिको लागि ऐतिहासिक कदम थिए । परन्तु उस्तै प्रकृतिको मध्य र पूर्वी तराइको हरवाचरवाको मुक्ति घोषणा गर्ने मामिलामा भने कुनै कदम नचालिनु ठूलो भूल थियो ।

मुक्तिको घोषणापछि पुनर्स्थापना प्रक्रियामा जुन जुन समुदायले अपेक्षित किसिमको जमिन, घर, बैकल्पिक रोजगारीका लागि सीप तालिम प्राप्त गरे उनीहरूको जीवनमा उल्लेख्य परिवर्तन देखापऱ्यो । उनीहरू बँधुवा श्रमिकबाट आफ्नो श्रम मन लागेको ठाउँमा बेच्नसक्ने स्वतन्त्र सीपयुक्त श्रमिकमा रुपान्तरित भए । परन्तु दोषपूर्ण, हचुवा र अत्यन्त लामो पुनर्स्थापना प्रक्रियाका कारण छूट कमैया, हलिया, र कम्लहरी निकै ठूलो संख्यामा रहेको र बर्गिकरण समेत त्रुटिपूर्ण रहेको, कतिपयलाई दिइएको सीप तालिम बीउ पुँजी र आवश्यक औजारको अभावमा उत्तिकै खेर गएको, कतिपयलाई खोला बगर जस्तो अनुपयुक्त स्थानमा जग्गा दिइएको, कतिपयलाई रित्तो लालपुर्जा मात्र दिइएको तर जमिन कुन हो यकीन नभएको र कतिपय हलिया बस्ती आवश्यक पूर्वाधार बिना दोषपूर्ण ढंगले निर्मित हुँदा त्यहाँ बस्ने हलिया नै नरहेको गुनासो सरोकारवाला पीडित पक्षबाट भूमिब्यवस्था मन्त्रालयलाई बारम्वार आइरह्यो ।

यही परिप्रेक्ष्यमा भूमिब्यवस्था सहकारी तथा गरिबी निबारण मन्त्रालयमा नयाँ मन्त्रीका रुपमा माननीय शशी श्रेष्ठ आएपछि बिगतमा हासिल हुन सकेका प्रगति र उपलब्धिहरूमाथि टेकेर, पुनर्स्थापनाका क्रममा हुन गएका गल्ती कमजोरी सच्याउँदै मुक्त कमैया, कम्लहरी र हलियाको पुनर्स्थापनाको कार्यलाई पूर्णतातर्फ लैजानुपर्छ, बिगतमा हुनै नसकेको हरवाचरवाको अर्थपूर्ण मुक्तिको समेत घोषणा गरिनुपर्छ र यसको लागि सबैभन्दा पहिले अहिलेको ती समुदायको यथार्थ वस्तुस्थिति तथा जीवनस्थितिको अध्ययन गरिनु पर्छ उहाँको ब्यक्तिगत मनसाय तथा सरोकारवाला संस्थाहरू समेतको रायअनुसार मिति २०७८/०८/१७ को मन्त्रीस्तरीय निर्णय अनुसार ती बिषयका ज्ञाता, नागरिक आन्दोलनका अगुवा एबम् पूर्व सविधानसभा सदस्य श्याम श्रेष्ठको अगुवाइमा पाँच सदस्यीय यो अध्ययन समितिको गठन भएको हो ।

अध्ययन समितिले आफ्नो कार्य पुस ६, २०७८ मा प्रारम्भ गरेको हो । समितिले आफ्नो कार्य प्रारम्भ गरेयताको १७ दिन मुक्त कमैया, कम्लहरी र हलिया र हरवाचरवाकोसँग सम्वन्धित सन्दर्भ सामग्री, तथ्याङ्क र दस्तावेज जम्मा गर्ने र तिनीहरू बारे गहन अध्ययन र छलफल गर्ने कार्य सम्पन्न गरेर ब्यतीत गरेको थियो । यही अवधिमा समितिले मुक्त कमैया, कम्लहरी, हलिया र हरवाचरवाको बारे राम्रो ज्ञान भएका, यस बारे अध्ययन अनुसन्धान गरेका र यस क्षेत्रमा अहिले पनि काम गरिरहेका स्रोत ब्यक्तिहरू तथा सरोकारवाला संस्थाका प्रतिनिधिलाई भेट्ने, छलफल गर्ने र उहाँहरूबाट आवश्यक सूचना, अनुभव र ज्ञान प्राप्त गर्ने कार्य पनि साथसाथै सम्पन्न गरेको थियो र फिल्ड भ्रमणको बिस्तृत कार्ययोजना पनि तैयार पारेको थियो ।

त्यसयता अध्ययन समितिले पुस २४ गतेदेखि फिल्ड भ्रमणको कार्य प्रारम्भ गर्दै २५ दिन फिल्ड भ्रमणमा खर्च गरेको थियो । यस अवधिमा फिल्डमा जम्मा ७० वटा अत्यन्त महत्वपूर्ण कार्यक्रम सम्पन्न गरिएका थिए । समितिले फिल्ड भ्रमणका क्रममा  कमैया, कम्लहरी, हलिया र हरवाचरवा समुदायसित ३२ वटा प्रत्यक्ष सामुदायिक तथा ब्यक्तिगत छलफल गरेर थियो भने १२ वटामा सरोकारवाला ब्यक्ति र संस्थाहरूसित छलफल गरिएका थिए । फिल्ड भ्रमणको क्रममा गोष्ठी र सेमिनार जस्ता कुनै पनि कार्यक्रमको सट्टामा पीडित समुदायको बस्तीमै पुग्ने,उनीहरूसित प्रत्यक्ष सामुदायिक तथा ब्यक्तिगत सम्वाद गर्ने, र घरघर भित्र गएर उनीहरूका समस्या उनीहरूकै मुखबाट सुन्ने र उनीहरू जीवनस्थितिलाई आफ्नै आँखाले हेर्ने कार्यलाई मुख्य प्राथमिकता दिइएको थियो ।

कुल ७० कार्यक्रममध्ये २ वटा कार्यक्रम यस्ता थिए जसमा संघ तहका भूमि ब्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका मन्त्री माननीय शशी श्रेष्ठ स्वयम् अध्ययन समितिसित फिल्ड भ्रमणमा प्रत्यक्ष रुपमा आफै सरिक हुनु भएको थियो । त्यो परिघटना मधेश प्रदेशको सिराहा जिल्लाको बरियापट्टी र सुदूर पश्चिम प्रदेश, कञ्चनपुर जिल्लाको पुनर्वासमा भएको थियो । त्यस्तै, ३ वटा कार्यक्रम यस्ता थिए जसमा अध्ययन समितिले ३ वटा प्रदेश-क्रमशः लुम्बिनी, सुदूर पश्चिम र कर्णाली प्रदेशका मुख्य मन्त्री क्रमशः कुलबहादुर केसी, त्रिलोचन ढकाल र जीवनबहादुर शाहीसित अध्ययन समिति फिल्ड भ्रमणमा आउनुको मूल उद्देश्य र फिल्डमा गर्न खोजिएको कार्यक्रम बारे छलफल गरेको थियो । साथै, अध्ययन समितिको प्रतिवेदन आएपछि प्रदेशले यसको कार्यान्वयन गर्ने बारे मुख्यमन्त्रीबाट प्रतिवद्धता हासिल गरेको थियो । एउटा कार्यक्रम यस्तो थियो जहाँ सुदूर पश्चिम प्रदेशका भूमि ब्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय बिनिता चौधरी आफै सरोकारवालासितको छलफलमा सामेल हुनु भएको थियो । यो बर्दिया जिल्ला, भजनीको सिर्जना शिबिरमा भएको थियो ।

अध्ययन समितिसित प्रदेश सरकारको आधिकारिक प्रतिनिधि लुम्बिनी प्रदेश, मधेस प्रदेश र सुदूर पश्चिम प्रदेशको फिल्ड भ्रमणमा भौतिक रुपमा उपस्थित रहेको थियो । अध्ययन समितिले ११ स्थानमा त्यहाँका स्थानीय तहका प्रमुख तथा वडाध्यक्षलाई प्रत्यक्ष रुपमा भेटेर यी समुदायको जीवनस्थिति, समस्या र त्यसको समाधान बारे छलफल गरेको थियो । यी जम्मै कुराले अध्ययन समितिको अध्ययन प्रक्रियालाई अरु ज्यादा भरपर्दो, यथार्थपरक र गरिमामय बनाएको थियो ।

समितिको २५ दिनको फिल्ड भ्रमणको समय कोरोना भाइरसको तेस्रो संक्रमण लक्षित क्षेत्रमा तीव्र रुपले फैलिनुको कारणले रोकिएको थियो भने झण्डै डेढ हप्ता मन्त्रालयको स्रोत साधनको सीमितताका कारण फिल्ड भ्रमण पर सार्नु परेको थियो । अन्ततः मन्त्रालयकै कुशल समन्वय र पहलमा लुम्बिनी प्रदेश सरकार, सुदूर पश्चिम प्रदेश सरकार तथा कर्णाली प्रदेश सरकारको ब्यवस्थापकीय सहयोगमा ती क्षेत्रको फिल्ड भ्रमण

सम्पन्न गरिएको थियो भने मधेश प्रदेसमा ह्याबिटायट् फर ह्युमनिटी नाम गैरसरकारी संस्थाको व्यवस्थापकीय सहयोगमा फिल्ड भ्रमण सम्पन्न गरिएको थियो ।

व्यक्तिको चौतर्फी चरम-गरिबी, बेरोजगारी, भूमि एवम् बासबिहीनता, र अशिक्षा हरवाचरवा प्रथा, हलिया प्रथा र कमैया/कम्हलरही प्रथा पैदा हुने र टिक्ने मूल आधारभूमिका रुपमा देखिएको छ । यी प्रथालाई सदाको लागि समाप्त पार्ने हो भने सरकारले यही आधारभूमिलाई समाप्त पार्नु जरुरी देखिन्छ ।

बँधुवा श्रमिकलाई स्वतन्त्र श्रमिकमा रुपान्तरित गर्ने हो भने उनीहरूलाई चौतर्फी गरिबी र बेरोजगारीबाट मुक्त गरेर मन लागेको ठाउँमा जीविका धान्ने श्रम गर्न स्वतन्त्र र सक्षम बनाउनु सबैभन्दा निर्णायक कदम हुन सक्दछ । भूमिहीन किसानका रुपमा रहेका कमैया, हलिया वा हरवाचरवालाई बासयोग्य घर, खेतीयोग्य जमिन वा जीविकायोग्य सीप तालिम दिएर, उनीहरूलाई व्याबसायिक/प्राविधिक शिक्षा र आधारभूत स्वास्थ्यसम्म अनि नीति निर्णय गर्ने ठाउँसम्म पहुँचको अवसर दिएर बँधुवा श्रमिक पैदा हुने र रहिरहने आधार भूमि भत्काउन अहिले र यहीँ सम्भव छ ।

## मुक्त कमैया सम्वन्धमा

*मुख्य पत्तालगाइहरू*

*उपलब्धि र कार्य प्रगति* : वि.सं.२०५७ साउन २ गते नेपाल सरकारले अनुचित ऋण(सौकी) मिनाहासहित कमैया मुक्तिको घोषणा गरेको थियो । त्यसको एक बर्षपछि कमैया श्रम निषेध ऐन २०५८ जारी गरिएको थियो । सो ऐन जारी भएपछि नेपालभर कुनै पनि भूभागमा कमैयाको नामबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा असहाय तथा अशिक्षित श्रमिकहरूलाई बाध्यकारी अथवा बाँधा श्रममा लगाउन पूर्णरुपमा निषेध गरियो । कसैले काममा लगाएमा दण्डनीय हुने र स्वतः छूट कारा पाउने बनाइयो । कमैयामाथि लागि रहेको सबै ऋण तिर्नु बुझाउनु नपर्ने गरी मिनाहा गरियो र त्यस सम्वन्धी सबै कागजात, लिखत र सम्झौता पनि अमान्य र दण्डनीय घोषित गरियो ।

कमैया मुक्तिको घोषणाबाट सबै कमैयाहरू आफ्नो त्यस्तो पुर्ख्यौली ऋणको बन्धनबाट मुक्त भएका छन् जसको ब्याजबापत उनीहरू कमैया हुन विवश भएका थिए । सानो टुक्रो जमिन वा बुकुरोबापत कमैया रहेका कमैयाहरू त्यसको लागि जमिन्दारप्रतिको निर्भरताबाट बाहिर आएका छन् । जमिन, बासयोग्य घर र जीविकायोग्य सीप तालिम प्राप्त गर्ने कमैयाहरूमा उल्लेख्य परिवर्तन आएको देखिएको छ । उनीहरू कुनै न कुनै सीप गरेर खानसक्ने भएका छन् । अर्थात उनीहरू हिजोको बँधुवा श्रमिकबाट आज स्वतन्त्र सीपयुक्त श्रमिकमा रुपान्तरित भएको पाइएको छ । यसलाई नेपालमा बँधुवा श्रमिकको अन्त्यको दिशामा एउटा ऐतिहासिक फड्कोको रुपमा लिन सकिन्छ ।

मुक्तिको घोषणापछि पुनर्स्थापनाको प्रयास स्वरुप कमैया परिवारलाई जुन पैमानामा जमिन र घर एवम् सीप तालिम सरकारले प्रदान गऱ्यो त्यति यसअघि कहिल्यै प्रदान गरिएको थिएन ।

कमैयालाई क देखि घ सम्म चार बर्गमा बाँडिएको पाइएको छ । कमैयाको पछिल्लो लगतबाट पुनर्स्थापना गर्नु पर्ने भनेर क र ख बर्गको कमैया परिवार दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा गरी २७,५७० निक्लिएको थियो । त्यसमध्ये क बर्गको १५,५७० र ख बर्गको १२,००० कमैया प्रमाणित भएको सरकारी लगतले देखाएको छ । यी दुबै मिलाउँदा २७,५७० हुने भए पनि २७,०२१ लाई मात्र जमिन र घर प्रदान गरिएको थियो ।

क' बर्गका मुक्त कमैयालाई सरकारले शहरी क्षेत्रमा १ कट्ठा, राजमार्गसँग जोडिएको क्षेत्रमा २ कट्ठा र ग्रामीण क्षेत्रमा भए बढीमा ५ कट्ठा जमिन उपलब्ध गराउने वा जग्गा

उपलब्ध नभएको स्थितिमा बढीमा रु २ लाखसम्म नगद उपलब्ध गराउने निर्णय गरेको थियो । त्यस्तै, घर निर्माण खर्च बापत सुरुमा १० हजार र पछि गएर ५५ हजारका साथै काठका लागि सुरुमा ३५ क्युबिक फिट काठ र पछि गएर त्यसको बदलामा रु १ लाख रुपैयाँ उपलब्ध गराउने व्यवस्था गरिएको थियो ।'ख' बर्गका मुक्त कमैयालाई पनि बसोबास तथा खेतीको लागि क बर्गकै सरह १ कट्ठादेखि बढीमा ५ कट्ठा जमिन उपलब्ध गराउने व्यवस्था गरिएको थियो ।

पछिल्लो सरकारी आँकडा अनुसार २०७५/७६ सम्ममा कुल १९,५३१ जनालाई बिभिन्न सीपको तालिम प्रदान गरिएको थियो । सरकारले दिएको सीप तालिममा अल्पकालीन सीप तालिमलाई मुख्य प्राथमिकता दिएको पाइएको छ । थोरै सीप तालिम दीर्घकालीन पनि रहेका थिए ।

कमैयाहरूमा आफ्नो हक हितप्रतिको जागरण र राजनीतिक नेतृत्व क्षमता उल्लेख्य मात्रामा बढेको देखिएको छ । केही कमैया अगुवा अहिले प्रदेश उपसभामुख भएका छन्, कोही संघीय तथा प्रदेशमन्त्री, कोही स्थानीय तहका जनप्रतिनिधि भने कोही आफ्नै थारु समुदायका बडघर वा भलमन्सा हुन सफल भएका छन् । कोही गैरसरकारी संगठनका अगुवा भएका छन् ।

*सीमा र दोषहरू* : सरकारी तथ्याङ्कलाई आधार मान्दा२०७५/७६ सम्ममा ३२,५०९ कमैया परिवारले परिचयपत्र पाएकोमा क र ख बर्गका केवल ८४ प्रतिशत ( २७,५७०) मात्र पुनर्स्थापनायोग्य ठहऱ्याइएका छन् । परिचय पत्र पाएकामध्ये ८३ प्रतिशत (अर्थात २७,०२१) कमैया परिवारले मात्र पुनर्स्थापना प्याकेज पाउन समर्थ भएका छन् । ग र घ बर्गका कमैया परिवारलाई त्यस समयमा पुनर्स्थापना गर्नुपर्ने सूचीमा सरकारले राखेको थिएन । यदि त्यही नै गर्नु थियो भने ग र घ मा कमैया बर्गिकरण गरिरहनुको औचित्य के ?यो प्रश्न कमैयाहरूले अध्ययन भ्रमणको दौरानमा यत्रतत्र उठाएका थिए ।

२०५७ साल साउनमा कमैया मुक्तिको घोषणा भएको पौने २ बर्षपछि बल्ल २०५८ साल फाल्गुनमा मात्र यससम्वन्धी ऐन जारी भएको थियो । यो यति समय लाग्ने बिषय नै होइन । अझ त्यो भन्दा ज्यादा, ऐन जारी भएपछि तुरुन्त जारी हुनुपर्ने नियमावली बन्न नै पुरा दस बर्ष लागेको थियो जबकि यो १ बर्ष पनि लाग्ने कुरा होइन । यो बल्ल २०६८ सालमा मात्र जारी भएको थियो । त्यस्तै, मुक्त कमैयाको पुनस्थापन समस्या समाधान आयोगको गठन आदेश आउन पनि मुक्तिको घोषणापछि पुरै ८ बर्ष कुर्नु परेको थियो । यो २०६५ सालमा मात्र जारी भएको थियो । यी सबै चरम ढिलाइ र मुक्तिको घोषणाको ब्यावहारिक कार्यान्वियनप्रति सरकारी अनिच्छाका ज्वलन्त उदाहरण हुन् । यी सबै नियाल्दा यस्तो भान हुन्छ, नेपाली राजनीतिक नेतृत्व ठूला ठूला कुराको घोषणामा मात्र ज्यादा अभिरुचि राख्दछ, तर त्यसको ब्यावहारिक कार्यान्वयनमा त्यति सरोकार राख्दैन ।

पुनर्स्थापना प्याकेजको बितरणमा पनि त्यस्तै गडबडी भएको देखिन्छ । परिचय पत्र पाएर पनि ग र घ बर्गका १७ प्रतिशत कमैया परिवार (अर्थात ५,४८८ कमैया परिवार) पुनर्स्थापना प्याकेज पाउनबाट पुरै बञ्चित भएका देखिन्छन् । यो कमैया वञ्चितिकरणको निकै ठूलो अनुपात हो किनकि यसबाट हरेक ६ मा १ कमैया पुनर्स्थापनाको अवसरबाट बाहिरिन्छ । उनीहरूलाई सीप तालिम र घर मर्मत वा पुननिर्माण खर्च तथा शिक्षा, स्वास्थ्य तथा सामाजिक/राजनीतिक समावेशितामा पहुँचको सुविधा दिनु पर्दथ्यो । किनभने, ग बर्ग भनेको त्यस्तो बर्ग हो जसको बढीमा २ कट्ठासम्म मात्रै जग्गा हुने गर्दछ ; अनि घ बर्ग भनेको २ कट्ठा भन्दा ज्यादा जमिन भएको किसान हो । स्मरणीय छ, मुख्य शहरी क्षेत्रमा बाहेक यति जग्गा ग्रामीण तराइमा हुनु भनेको केवल गरिब किसान हुनु मात्रै हो ; यतिले मध्यम किसान समेत भइँदैन । यही हुनाले ग र घ बर्गको गरिब कमैया किसानलाई कुनै

पनि पुनर्स्थापनाको प्याकेज नदिनु नितान्त अनुचित नीति हो । गरिब किसानलाई बीउ पुँजी र औजारसहितको सीप तालिम, घर पुनर्निर्माण खर्च तथा शिक्षाको अवसर दिएमा मात्र चरम गरिबीमा धकेलिनबाट बचाउन सकिन्छ ।

यति मात्र होइन, जमिन पाउनयोग्य ठहऱ्याइएका २७,५७० कमैया परिवारमध्ये केवल २५,१९५ (९१ प्रतिशत) ले मात्र जमिन हासिल गरेको पाइएको छ । यसको तात्पर्य सबै प्रमाण साथमा भएर पनि ९ प्रतिशत कमैया जमिन प्राप्त गर्नबाट बञ्चित हुन पुगेका छन् । अझ, परिचय पत्र पाउनयोग्य सबै निस्सा साथमा रहेका कमैया परिवारमध्ये ४,४६३ कमैया परिवारले पुनर्स्थापना कार्य थालिएको करिब डेढ दशक हुन लाग्दा पनि परिचय पत्र पाउनै बाँकी देखिएको छ ।

हामीले अध्ययन भ्रमण गरेका लुम्बिनी प्रदेश र सुदूरपश्चिमाञ्चल प्रदेशका सबै क्षेत्रमा वास्तविक रुपमै कमैया रहेका तर कमैयाको कुनै परिचय पत्र नपाएका र कमैया पुनर्स्थापनाको कुनै पनि सुविधाबाट बञ्चित छूट कमैयाहरू ठूलो संख्यामा रहेको पाइएको छ । कतै त बस्तीका बस्ती नै यस्तो समस्याबाट पीडित रहेको पाइएको छ । उदाहरणको लागि कैलालीको बसन्त टोल र गेटा, दाङ्गको मुक्ति नगर ।

दाङ्ग जिल्लाभरिमा छूट कमैयाको संख्या ३,३८५ छन् भन्ने मुक्त कमैया समाज दाङ्गका जिल्ला अध्यक्ष हरिचन्द्र चौधरीले किटानीका साथ बताउँछन् । बाँकेमा जमिन पाउनबाट १० प्रतिशत बास्ततिक कमैया छूट मा परेका छन् भने बिषय बिज्ञ एकराज चौधरीको भनाइ रहेको छ । बर्दियामा छूट कमैया ५,५३० रहेको त्यहाँका कमैया समाजका जिल्ला अध्यक्ष दु:खराम थारुले बताएका छन् । कैलालीमा छूट कमैयाको संख्या सरकारी तथ्याङ्क मुताबिक ९५३ र शिबिरमा सरकारले दिएको चुट्का र गाबिसले दिएको सिफारीश सहित बसेका २५९४ रहेको मुक्त कमैया समस्या समाधान आयोगका पूर्व सदस्य दीपु चौधरीले समितिलाई बताएका छन् । यसप्रकार किटानी तथ्याङ्क नभएको बाँकेलाई छोड्दा पनि छूट कमैयाको संख्या १२ हजारभन्दा ज्यादा रहेकोदेखिएको छ । यो भनेको कदेखि घ बर्गसम्मका सम्पुर्ण परिचय पत्र पाएका कमैयाको ३७ प्रतिशत हो जुन छूट कमैयाको ज्यादै ठूलो अनुपात हो । यो आँकडालाई हचुवा र निराधार पनि भन्न मिल्ने देखिएन किनकि यसको आधिकारिकताको प्रमाणका लागि छूट कमैयाले तात्कालीन भूमिसुधार कार्यालयले जारी गरेको चुट्का वा गाविसले गरेको प्रमाणिकरण पत्र साथमा लिएर बसेको उनीहरूको दाबी रहेको छ । उनीहरूलाई दिइएको चुट्का र गाबिसले दिएको प्रमाणपत्रको केही नमुना अध्ययन समितिले हेर्ने अवसर पाएको छ ।

छूट कमैया यति धेरै हुनुको मुख्य दुईवटा कारण रहेको पाइएको छ : एक, कमैया मुक्तिको घोषणा र पुनर्स्थापनाको थालनीको समयमा सशस्त्र द्वन्द्व चुलीमा रहनुको कारण परिचय पत्र प्रदान गर्न खटाइएका कर्मचारीहरू कैयन् स्थानमा गाउँ बस्तीमा नै नआउनु ; दुई, परिचय पत्र पाउनका लागि कमैया पहिचान गर्न सम्वन्धित जमिन्दारको सिफारीश अनिवार्य गराइनु तर कैयन् जमिन्दारले मोही लाग्ला भन्ने भयले यस्तो सिफारीश गर्न नमान्नु । यस प्रकार कमैया छूट हुनुमा सम्वन्धित कमैया दोषी र जिम्मेवार देखिँदैन । अरुले गरेको भूलको दण्ड सजायँ मुक्त कमैयालाई दिन मिल्ने पनि देखिँदैन । यही हुनाले ढिलै भए पनि छूट कमैयालाई राज्यले न्याय दिनु आवश्यक देखिन्छ । वास्तविक कमैया ठहऱ्याउने आवश्यक तथ्य प्रमाण मिहिनसित केलाएर स्थानीय सरकारको प्रमाणिकरणमा सबै छूट कमैयालाई एक पटकको लागि परिचय पत्र र पुनर्स्थापनाको प्याकेज दिन आवश्यक देखिन्छ ।

मुक्त कमैयालाई घरबासको लागि जमिन दिइँदा थोरै ठाउँमा मात्र कानुन, नियमावली र कार्यविधि बमोजिम ५ कट्ठा, २ कट्ठा र १ कट्ठा जमिन दिइएको भेटिएको छ ।

जमिनको अभाव देखाउँदै दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चपुरका अधिकांश स्थानमा प्रचलित नियम कानुन बिपरीत १६ धुर, १२ धुर र १० धुर मात्र पनि जमिन प्रदान गरिएको भेटिएको छ । जस्तो कोहलपुर नगरपालिकाको वडा नं ११, हरियाली टोलमा ।

सर्वविदितै छ, यी स्थान मुक्त कमैयालाई दिनका लागि सार्वजनिक भूमिको अभाव भएका ठाउँहरू होइनन् । अहिलेसम्म कजाइ आएको कमैयालाई पनि राम्रो र पर्याप्त भूमि किन दिने भन्ने संकीर्ण सोच र मानसिकताले मात्र जमिनको कृत्रिम अभाव सिर्जना हुन गए झैँ देखिन्छ ।

हामीले भ्रमण गरेका क्षेत्रमा कमैयालाई प्रदान गरिएको भूमि वितरणमा ठूलो बेथिति र लापरवाही रहेको अध्ययन समितिले भेटेको छ । क र ख बर्गको परिचय पत्र पाएका तर जमिन नै नपाएका, लालपूर्जा पाएका तर जमिन नपाएका, लालपुर्जा पाएका तर फिल्डबुकमा नचढाइएको कारणले त्यो कहाँ हो यकीन नभएका, बगर वा नदीको किनारमा जमिन पाएका, र आफ्नो जमिन अरुले ओगटेका, यही कारणले मुक्त कमैया र सुकुम्वासीबीच द्वन्द्व बढेका केसहरू फिल्डमा भेटिएको छ । हामीले त्यस्ता केसहरू दाङ्ग, बाँके, बर्दियार कैलालीमा पायौँ ।

बसोबासको प्रवन्ध राज्यबाट हुन नसकेकाले कैयन् स्थानमा छूट मुक्त कमैयाहरूले जंगल छेउको भूमि वा सार्वजनिक वा ऐलानी भूमिमा बस्ती वा शिविर बनाएर बसेको र ‘आफै अमिन, आफ्नै जमिन’कार्यक्रम अन्तर्गत जमिन ओगटेको दाबी गर्ने कमैयाहरू पनि भेट्टायौँ । दाङ्गको भवानी शिविर, बर्दियाको सिर्जना शिविर यसका उदाहरण हुन् ।कोहलपुर नगरपालिकाको हरियाली टोल बजार क्षेत्रमा दिइएको जमिनमा वास्तविक कमैयालाई ललाई फकाइ केही टाठाबाठा मानिसले, प्रचलित कानुन अनुसार त्यसो गर्न कदापि नमिल्ने भए पनि, जमिनको केही मूल्य दिएर कमैयाले पाएको कोहलपुर बजार छेउको बहुमूल्य जग्गा आफूले लिएर कमैयालाई चाहिँ राप्तीपारि अरु नै स्थानमा पठाइ सकिएको पाइएको छ ।

**मुक्त कम्लहरीसम्वन्धमा**

*मुख्य पत्ता लगाइहरू*

२०७० सालमा मुक्त घोषणा यता लिएको सरकारी लगतअनुसार कुल मुक्त कम्लहरीहरू ९,४९० रहेका छन् । त्यसमध्ये ७,१३८ मुक्त कम्लहरीहरूले परिचय पत्र पाउन बाँकी छ । यसको तात्पर्य कुल कम्लहरीमध्ये७५ प्रतिशत कम्लहरीले परिचय पत्र पाउन बाँकी रहेको छ। कम्लहरी मुक्त घोषणा गरेको आठ बर्ष भइसक्दा पनि यति धेरै कम्लहरीले परिचय पत्रसम्म प्राप्त गर्न नसक्नुलाई निकै ठूलो सरकारी उपेक्षाको द्योतक मान्न सकिन्छ । यो कमजोरीलाई अविलम्व हटाउन जरुरी छ । संघीय सरकारले स्थानीय तहलाई परिचालित र अधिकारसम्पन्न गरेर कम्लहरीलाई यथासम्भव छिटो परिचय पत्र दिन ढिला भइसकेको छ ।

मुक्त कम्लहरी विकास मञ्च नामक गैरसरकारी संस्थाले संकलन गरेको ताजा आँकडाले भने यस बारे केही भिन्न चित्र प्रस्तुत गरेको छ । उसका अनुसार कुल मुक्त कम्लहरीको संख्या १२,७६९ रहेको छ । परिचय पत्र पाउन बाँकी कम्लहरीको संख्या ७,८३५ रहेको छ । यसको मतलबकुल कम्लहरीमध्ये ६१ प्रतिशतले परिचय पत्र पाउन बाँकी रहेको छ ।

यसरी नियाल्दा सरकारी आँकडा अनुसार हरेक चारमा तिन कम्लहरीले परिचय पत्र हासिल गर्न सकेका छैनन् भनेगैरसरकारी आँकडा अनुसार हरेक पाँचमा तीन कम्लहरीले ।

सरकारी दर्ता प्रक्रियामै छूट मुक्त कम्लहरीहरू ३,२९६ जना रहेको उपरोक्त गैरसरकारी संस्थाको भनाइ रहेको छ । यस प्रकार छूट कम्लहरीहरूको संख्या कुल कम्लहरी

संख्याको ३५ प्रतिशत रहेको छ । हरेक तीनमा एक कम्लहरीको नाम सरकारी दर्ता सूचीबाट छुटेको छ ।

यस्तो आँकडा सरकारी तथ्याङ्कमा भने भेटिएन तथापि हामीले अध्ययन भ्रमण गरेका लुम्बिनी प्रदेश र सुदूर पश्चिम प्रदेशका सबै जिल्लामा सबै कम्लहरी अगुवाहरूले एकै स्वरले छूट कम्लहरीको संख्या ३ हजारभन्दा ज्यादा रहेको बताएका थिए ।

अध्ययन समितिले दाङ्गस्थित लावाजुनी कम्लहरी छात्रावासको निरीक्षण गर्दा त्यहाँ डिप्लोमामा पढ्ने तीनजना कम्लहरीहरूको बिल्लीबाठको स्थिति भेट्टाएको छ । न त उनीहरूको कोही अभिभावक छ, न उनीहरूसित पढ्न र क्याम्पसमा भर्ना हुन खर्च र न खाने बस्ने खर्च । उनीहरूको तत्काल उद्धार गर्नुपर्ने देखिएको छ । स्नातक तहलाई पनि छात्रवृत्तिको व्यवस्था सरकारी कार्यविधिमा देखिन्छ । तर फिल्डमा यो कसले दिने, प्रदेश कि स्थानीय सरकारले ? भन्ने नीतिगत अन्योलका कारण यी अभिभावकविहीन छात्राहरू शिक्षाको अवसरबाट बञ्चित भएका देखिन्छन् । प्रदेश सरकार यसमा तत्काल अग्रसर हुन आवश्यक छ ।

मुक्त घोषणा भएको ८ बर्ष बितिसके पनि परिचय प्राप्त गरेका कम्लहरीले संघीय सरकारबाट अहिलेसम्म पुनर्स्थापनाको कुनै पनि प्याकेज भेट्टाएको पाइएन । स्थानीय सरकारबाट छात्रवृत्ति भने दिइएको पाइयो । कम्लहरी मुक्तिको काम गैरसरकारी संस्थाको हो भन्ने दोषपूर्ण दृष्टिकोणसरकारी निकायमा पाइयो । अभिभावक कोही नभएको हरेक नागरिकको अन्तिम अभिभावक राज्य हुनुपर्नेमा कम्लहरीको हकमा ्त्यस्तो भएको पाइएन ।

छात्रावासमा रहेका सबै छात्राहरूलाई दिई आएको छात्रवृत्ति बारे अध्ययन गर्दा यो नितान्त अपुग पाइएको छ । उदाहरणका लागि, त्यहाँ उनीहरू १२ महिना रहन्छन् तर केवल १० महीनाको मात्र छात्रवृत्ति दिइन्छ । कक्षा १ देखि ८ सम्म अध्ययन गर्नेलाई बार्षिक केवल १५०० रु दिइन्छ जुन मासिकमा बदल्दा १२५ रु मात्र हुन्छ, कक्षा ९ र १० अध्ययन गर्नेलाई बार्षिक केवल १८०० रु (मासिक रु १५० मात्र दिइन्छ) र कक्षा ११ र १२ मा अध्ययन गर्नेलाई बार्षिक केवल रु ५००० रुपैयाँ छात्रवृत्ति दिइन्छ जुन मासिक रुपमा ४१७ रु हुन्छ । स्नातक तह अध्ययन गर्नेलाई बार्षिक रु १०हजार रुपैयाँ छात्रवृत्ति प्रदान गरिन्छ जुन अहिले बन्द गरिएको छ । स्नातकोत्तर तहका छात्राको लागि त छात्रवृत्तिको कुनै रकम नै छुट्ट्याइएको रहेनछ । छात्रवृत्तिको यो रकम अपुग मात्र होइन, मानवोचित नै छैन ।

यौन हिँसाको शिकार भएर अहिलेसम्म २७ जना मुक्त कम्लहरी बेपत्ता भएका छन् । ११ जनाको बाबुको पहिचान नभएको बच्चा जन्मेको स्थिति रहेछ । ५ जना कम्लरीको हत्या भएको छ। यिनका अभिभावकहरू राज्यबाट दोषीलाई सजायँ र पीडितलाई न्याय र क्षतिपूर्तिको प्रतीक्षामा रहेका छन् ।

### मुक्त हलियाका सम्वन्धमा

*मुख्य पत्तालगाइहरू*

*उपलब्धि र कार्य प्रगति* : सुदूरपश्चिम प्रदेश र कर्णालीका धेरै हलियाहरू बँधुवा मजदुरको सामन्ती अवस्थाबाट मुक्त भएको पाइएको छ । उनीहरूमध्ये कतिपय मुक्त हलियाहरू ज्यालादारी श्रमिकमा रुपान्तरित भएका छन् । मुक्तिको घोषणासहित पुनर्स्थापनाको प्याकेज प्राप्त गर्न सकेका हलियाहरूमा एक हदसम्म खुशी छाएको देखिएको

छ । मुक्त हलियामध्ये कतिपयले घर बनाएको र कतिपय बैकल्पिक रोजगारीमा लागेको भेटिएको छ ।

हलियाहरूमा आफ्नो स्थिति, समस्या र मागप्रति सचेतनता बढ्दो स्थितिमा रहेको पाइएको छ । उनीहरूको संगठन पनि जिल्ला जिल्लासम्म बिस्तारित रहेको पाइएको छ । यसबीच २०७४ सालको स्थानीय तहको निर्वाचनमा कोही पालिकाको हलिया वडा सदस्य चुनिन पुगेका छन् भने कोही वडाध्यक्ष पनि । त्योभन्दा माथिल्लो पदमा चुनिएका मुक्त हलिया भने हामीले अध्ययन भ्रमणको दौरानमा कोही पाएनौ ।

नेपाल सरकारसित उपलब्ध पछिल्लो आँकडाअनुसार शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट सुरुमा तथ्याङ्क संकलन गरिँदा १९,०५९ हलिया परिवारको तथ्याङ्क संकलन गरिएको थियो । तर दोहोरिएको नाम काट्दा १६,९५३ हलिया परिवारलाई हलिया भनेर भनेर सरकारले प्रमाणिकरण गरेको थियो । प्रमाणिकरणमा संशोधन गरेपछि हलिया परिवारको अन्तिम संख्या १६,३२२ रहन पुगेको थियो ।

यस क्रममा मुक्त हलियालाई प्रमाणीकरण गरी ४ वर्गमा वर्गिकरण गरी परिचयपत्र उपलब्ध गराइएको छ ।

क वर्गको, रातो स्टिकर भएको परिचय पत्र : आफ्नो स्वामित्वमा घर जग्गा दुबै नभएको -

ख वर्गको, खैरो स्टिकर भएको परिचय पत्र : आफ्नो घर भएको जग्गा नभएको-

ग वर्गको हरियो, स्टिकर भएको परिचय पत्र : आफ्नो जग्गा भएको घर नभएको-

घ बर्गको, सेतो स्टिकर भएको परिचय पत्र : आफ्नो स्वामित्वमा घर जग्गा दुबै भएको

कुल हलिया परिवारमध्ये १२ प्रतिशतले क बर्गको परिचय पत्र पाएका छन् भने २७ प्रतिशतले ख बर्गको । त्यस्तै ५ प्रतिशतले ग बर्गको परिचय पत्र भेट्टाएका थिए जबकि ५६ प्रतिशतले घ बर्गको । कमैयाको जस्तो ग बर्गको हलियालाई पुनर्स्थापनाको कुनै पनि प्याकेज नदिने कुरा हलियाको हकमा भएन ।

हलिया पुनःस्थापनको क्रममा सबै हलियालाई जग्गा उपलव्ध गराउन नसकिने अवस्था देखिएको हुँदा हलियाको बर्ग अनुसार मुक्त हलियालाई जग्गा खरिद तथा घर निर्माण गर्नका लागि नगद अनुदान दिने, आफै जग्गा मात्र खरिद गर्न अनुदानको रुपमा नगद रकम दिने वा घर मर्मत गर्नका लागि नगद अनुदान उपलब्ध गराउने जस्ता नीतिहरू पुनर्स्थापन कार्यविधि २०७२ मा अबलम्वन गरिएको देखिएको छ । हलियाको जग्गा खरिद तथा घर निर्माण वा मर्मतका लागि यस्तो ब्यवस्था गरिएको पाइएको छ :

- क वर्गका हलिया परिवारलाई हिमाल र पहाडमा भए ३ रोपनी र तराईमा भए २ कठ्ठा जग्गा खरिद गर्न रु २ लाख नगद अनुदान उपलब्ध गराउने ।
- क र ग वर्गका हलिया परिवारलाई घर निर्माणको लागि हिमाल र पहाडमा भए रु ३ लाख २५ हजार र तराइमा भए रु २ लाख २५ हजार उपलब्ध गराउने ।
- ख र घ वर्गका हलिया परिवारलाई घर मर्मतका लागि रु १ लाख २५ हजार उपलब्ध गराउने ।

नेपाल सरकारको २०७६ बैशाखसम्मको आँकडा अनुसार पुनर्स्थापना कार्यक्रम लागू भएयता २२०३ हलिया परिवारको लागि घर निर्माण भएका छन् भने १६०१ हलिया परिवारका लागि जमिन खरिद गर्ने काम भएको छ र ८४२७ परिवारको लागि घर मर्मत गर्ने काम भएको छ । हलिया समुदायले यति धेरै घर र जमिन हात पारेको यो इतिहासमा पहिलो पटक हो ।

हलिया पुनर्स्थापनलाई अगाडि बढाउने संयन्त्रका रुपमा केन्द्रमा बिषयगत मन्त्रीको अध्यक्षतामा सरोकारवाला सचिबहरू सम्मिलित १७ सदस्य रहेको 'मुक्त हलिया पुनःस्थापन समस्या समाधान समिति' गठन गरिएको देखिन्छ । साथसाथै, भूमि व्यवस्थापन महाशाखाका प्रमुखको संयोजकत्वमा सरोकारवाला मन्त्रालयका प्रतिनिधि उपसचिवहरू सम्मिलित ९ सदस्यीय 'समन्वय समिति' को गठन भएको देखिएको छ । पुनर्स्थापन कार्यान्वयनका लागि जिल्लामा भने प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा १५ सदस्यीय 'मुक्त हलिया पुनःस्थापन जिल्ला समिति' को पनि गठन हुने ब्यवस्था भएको पाइएको छ ।

*सीमा र दोषहरू :* २०६५ साल भाद्र २१ मा ऋणको खारेजीसहित हलिया मुक्तिको घोषणा गरेपछि 'मुक्त हलिया पुनर्स्थापन तथा अनुगमन सम्बन्धी कार्यविधि'तुरुन्तै आउनु पर्नेमा त्यस्तो हुन सकेको पाइएन । मुक्ति घोषणा भएको तीन बर्षपछि २०६८ सालमा मात्र यो आयो । यही कार्यविधि मुताबिक संविधान सभा सदस्य तथा हलिया आन्दोलनका ज्ञाता हरि श्रीपाइलीको संयोजकत्वमा ७ सदस्यीय 'मुक्त हलिया पुनर्स्थापना तथा अनुगमन कार्यदल' गठन भएको थियो । हलियाको तथ्याङ्क संकलन, बर्गिकरण, प्रमाणिकरण र परिचय पत्र बितरण यही कार्यदलले गरेको थियो ।

त्यस्तै, मुक्तिको घोषणा भएको आधा दशकपछि, २०७०/१२/६ को नेपाल सरकारको निर्णयबाट 'मुक्त हलिया पुनःस्थापनको ढाँचा र कार्ययोजना २०७०' स्वीकृत गरी पुनःस्थापन कार्यक्रम संचालनमा आएको पाइएको छ । यो सरकारको महत्वपूर्ण घोषणा छिटो छिटो गर्ने, कार्यान्वयन भने ज्यादै ढिलो गरी गर्ने प्रवृत्तिको उदांगो उदाहरण हो ।

समितिको अध्ययन भ्रमणबाट थाहा भएको छ कि कैयन बस्तीमा गणकहरू पाइला टेक्न जाँदै नगईकन गाउँको चौतारामा बसेर हचुवामा हलियाको फाराम उत्तिकै भर्ने काम भएको बुझिएको छ । नतिजा यो भएको छ कि केही ठाउँमा जिल्लाका जिल्ला नै हलिया गणनाबाट बञ्चित भएको पाइएको छ । जस्तो, कर्णाली प्रदेशमा दैलेख, मुगु, सल्यानमा । कहिँ बस्तीका बस्ती र कहिँ गाबिसका गाबिस नै हलिया गणनामा छुटेको पाइएको छ । अध्ययन समितिलाई प्राप्त सूचना अनुसार जाजरकोटको कट्टी गाउँ, बैतडीको न्वाली गाउँ, डडेलधुराको असीग्राम भेटा बस्ती र टाटर, दार्चुलाको उकु बस्ती, बाजुराका २७ गाबिसमध्ये १६ वटा गाबिस, ७५ गाबिस भएको अछाम जिल्लाको ९ बाहेक बाँकी सबै गाबिस हलिया गणनाबाट छुटेका छन् । बैतडीका ढुंगाढ, थलगाढ, सिगास, चौखाम, शिवालिगं, रिगटा, आमचौरा, शिवनाथ, विसालपुर, महाकाली, रौलेश्वर विजमपुर लगायतका १५ वटा गाविसमा हलिया भएको भए पनि हलिया छैन भनेर सचिवले हचुवाको प्रतिवेदन बुझाएकोले ती सबै हलिया गणनाबाट पुरापुर छुटेका छन् भन्ने हलियासँग सम्वद्ध संस्थाहरूको भनाइ रहेको छ ।

छूट हलियाको ज्यादै ठूलो संख्या र अनुपात हलिया पुनर्स्थापनाको ठूलो दोषका रुपमा देखिएको छ । छूट हलिया निकै धेरै हुनुमा निम्न कारण मुख्य रुपमा जिम्मेवार देखिन्छन् :

(क) केन्द्रमा कार्यदलद्वारा र जिल्लामा प्रजिअद्वारा सुस्पष्ट कार्यविधि, राम्रो अभिमुखीकरण तालिम र कडिकडाउ अनुगमनको ब्यवस्थाका साथ गणकहरूलाई हलियाको लगत लिन बस्तीमा नपठाउनु, आएको लगतको राम्ररी छानवीन नगर्नु,

(ख) कैयन् गणकहरूले बस्तीमै नगईकन हचुवामा हलियाको लगत लिने फाराम भर्नु ; गाबिस सचिवले बिना सोधखोज र निरीक्षण जस्तो लगत ल्याए पनि त्यसलाई आँखा चिम्लेर मान्यता दिनु

(ग)तात्कालीन राजनीतिक दल वा त्यसको संयन्त्रले निहित स्वार्थवश आफ्नो गाउँ बस्तीमा हलिया भएर पनि हलिया नै नभएको सिफारीश गर्नु,

(घ) मोहियानी हक लाग्ने भयले हलिया मालिकले लगत संकलनमा हलियाको नाम नलेखाउन हलियाहरूलाई दबाब दिनु र कैयन् हलियाहरू यही दबाबको प्रभावमा पर्नु,

(ङ) माथिका सबै प्रतिकूलताहरूको प्रतिवाद गरेर हलिया गणनामाबास्तविक हलियाहरूको नाम लेखाइ छोड्न हलिया सम्वद्ध संगठनहरू आवश्यक मात्रामा सक्रिय र प्रभावकारी हुन नसक्नु,

यी सबै प्रतिकूलताका बाबजुद प्रमाणिकरण भएका र लगत कायम भएका सबै हलिया परिवारले समेत परिचय पत्र हासिल गर्न सकेको पाइएन । प्रमाणिकरण भएको हलिया परिवार संख्याको ८५ प्रतिशतले अर्थात १३,९५५ परिवारले मात्र परिचय पत्र हात पारेको र परिचय पत्र हासिल गरेकामध्ये पनि ९२ प्रतिशत अर्थात १२,८२० हलिया परिवारले मात्र पुनर्स्थापना प्याकेज हासिल गरेको देखिएको छ ।

यसरी सरकार स्वयम्बाट संशोधित र अन्तिम प्रमाणिकरण संख्याभन्दा १४ प्रतिशत कम हलिया परिवारले मात्र परिचयपत्र पाएका छन् भने परिचयपत्र पाएका भन्दा ८ प्रतिशत कम हलिया परिवारले मात्र पुनर्स्थापना प्याकेज प्राप्त गरेको देखिएको छ । यसको तात्पर्य, हरेक पाँचमा एक हलिया परिवार प्रमाणिकृत अन्तिम लगतबाट पुनर्स्थापना प्याकेज बाँड्दासम्म आइपुग्दा परिदृश्यबाटै गायब भएको पाइएको छ । ती कहाँ गए ? तिनको नियति के भयो ? यसको सोधखोज कार्यदल र तीनै तहका सरकारले राखेको भेटिएन । यो हलिया पुनर्स्थापनाको ज्यादै ठूलो दोष हो ।

हलिया बर्गीकरणमा पनि थुप्रै त्रुटि भएको देखिएको छ । क वा ख बर्गमा बर्गिकरण पर्नुपर्ने परिवारलाई घ बर्गमा पारिएका उदाहरण समेत प्रशस्तै भेटिएका छन् । कस्तो घर र कसको जमिनमा घर भन्ने कुराको हेक्का नै नराखीकन आफ्नो जमिनमा घर नभएको, साहुको जमिनमा पनि टहरो मात्र भएको व्यक्तिलाई पनि घर भएको भनेर बर्गीकरण गरेको भेटिएको छ । कसको स्वामित्वको जमिन र कति महीना खान पुग्ने जमिन भन्ने कुराको ख्याल नै नराखीकन एक महीना मात्र खान पुग्ने जमिन भएको,३ महिना मात्र खान पुग्ने जमिन भएको र बर्षदिन खान पुग्ने जमिन भएको हलिया परिवारलाई एउटै जमिन भएको कोटिमा राखिएको पाइएको छ । बर्गीकरणमा भएको यो त्रुटिले पुनर्स्थापनाको प्याकेज बितरणमा ब्यापक नकारात्मक असर पारेको भेटिएको छ । थुप्रै हलियाहरू यो बर्गिकरणबाट पीडित हुन पुगेका छन् ।

सरकारले बजेट भाषणमार्फत कमैया र हलिया पुनर्स्थापनाका लागि लगभग पर्याप्त हुने पौने तीन अर्ब बजेट छुट्ट्याएर हलिया पुनर्स्थापनाको काम भटाभट अघि बढिरहेको बेला हलिया पुनर्स्थापनाको काम नै नसकिँदै ‘काम सकियो’ र अब बाँकी काम स्थानीय तहलाई सुम्पने भनेर तात्कालीन भूमिसुधार मन्त्रीले धनगढीको गोष्ठीमा एकाएक घोषणा गर्नाले र त्यसैका आधारमा पुनर्स्थापना गर्न बाँकी .११३५.हलिया परिवारलाई २०७६ साल जेष्ठ ६ को मन्त्री परिषदको निर्णयबाट आर्थिक बर्षको अन्ततिर स्थानीय तहमा सुम्पने कार्यले कार्यस्थलमा ब्यापक नकारात्मक असर पारेको देखिएको छ । हलिया पुनर्स्थापनाको कार्य त्यसपछि बिलखबन्दमा परेको पाइएको छ ।

त्यसयता स्थानीय तहमा सुम्पिएका ती हलिया परिवार पुनर्स्थापित भए कि भएनन् ? संघीय सरकार र सम्वन्धित मन्त्रालयले थोरै सोधखोजगरे पनि त्यसको जानकारी हरहालतमा प्राप्त गरेर त्यसको अद्यावधिक जानकारीराखेको पाइएन । यहाँसम्म

किसरकारसित २०७५/७६ यताका हलियाका आँकडा नै रहेको देखिएन । माथि प्रस्तुत जे जति तथ्याङ्क हुन् ती सबै २०७५/७६ सम्मका तथ्याङ्क मात्र हुन् ।

सडक पुगे पनि घर, जमिन नपाएका, असाक्षर रहेका र रोजगारीको कुनै बिकल्प नरहेका हलियाहरूमा हलिया प्रथा अहिले पनि उस्तै स्वरुपमा ज्युकात्युँ बाँकी रहेको समेत भेटिएको छ जस्तो बैतडीको न्वालीमा ।

हलिया प्रमाणित भएको खण्डमा जमिन र घर मिल्ने भन्ने प्रलोभनमा कतिपय हलिया नै नभएका मानिसले पनि आफू हलिया भएको दाबी गर्ने गरेको र कतै पुनर्स्थापन प्याकेज नै हात पारिरहेको समेत भेटिएको छ । यस्तो परिघटना हामी गएका सबैजसो स्थानमा भेटिएको छ ।

कतिपय स्थानमा हलियाको बस्ती बसाल्दा सरकारी कर्मचारी, हलिया संगठनका प्रतिनिधिहरू, राजनीतिक दल सबै मिली न्युनतम जरुरी पूर्वाधारको समेत ब्यवस्था नगरी बस्ती बसालिएको र त्यो स्थानमा कोही पनि वा ज्यादै थोरै हलिया बस्न नआउँदा सर्वसाधारणको पेट काटेर प्रदान गरिएको करबाट लाखौं रुपैयाँ ब्यर्थमा खेर गएको भेटियो । जस्तो कि, डोटीको बगलेकमा, कञ्चनपुरको पुनर्वास र बागफाँटामा, अछामको साँफे बगरमा ।

**हरवाचरवा सम्वन्धमा**

*मुख्य पत्ता लगाइहरू*

अध्ययन भ्रमणबाट थाहा लागेको छ कि पूर्वी तथा मध्य तराइमा अर्थात मधेस प्रदेशमा हरवाचरवा प्रथा अझै बाँकी छ । यो निकै प्रताडनापूर्ण र शोषणयुक्त स्वरुपमा विद्यमान छ । यसको स्वरुप परिवर्तन अवश्य भएको छ तर यसमाथि शोषण र उत्पीडन परिवर्तन भएको छैन । देशको राजनीतिक प्रणालीमा आएको परिवर्तन, पुँजीवादको विस्तार र सडक तथा शहर बजारको बिकाससँगसँगै हरवाचरवा को पुरानो स्वरुप परिवर्तित भएर उनीहरू ज्यालादारी श्रमिकमा रुपान्तरित हुँदै गएको भेटिएको छ ।

कतिपय गृहतकै घरमा हरवाको पनि काम गर्दै बीचको समयमा इट्टाभट्टाको काम गर्ने श्रमिक वा भारतको पञ्जावमा ज्यालादारी श्रमिकको काम गर्ने कृषि मजदुर हुन थालेको पनि भेटिएको छ । केही पूर्वहरवा अब गृहत्कै घरमा ट्र्याक्टर चालक हुन पुगेको पनि देखियो भने केही अधियाँमा खेतीको काम गर्ने मोही हुन पुगेको पनि ।

यी सबै परिवर्तनका बाबजुदहरवाचरवा प्रथाको बिकराल र पुरानै स्वरुप ज्यादाजसो धनुषा, सिराहा र सप्तरीमा रहेको पाइएको छ । परन्तु बढी वा कम मात्रामा यसको फैलावट मधेस प्रदेशका सबै जिल्लामा रहेको पाइएको छ । हरवा प्रथाबाट मुक्त मधेश प्रदेशको एउटा जिल्ला पनि पाइएन ।

परन्तु स्वरुप बदलिए पनि र संविधानले प्रतिवन्ध लगाए पनि हरवाचरवाहरू अझै गैरकानुनी रुपमा तमसुकमै तेब्बर बनाइने ऋणको थैली तथा औसत रुपमा लगाइने ६० प्रतिशतसम्म ब्याज, त्यस्तो ऋणको नाजायज शर्तको कारण पैदा हुने बँधुवा श्रमिकपनबाट अझै मुक्त हुन सकेको पाइएन । हरवाचरवाको रुपमा बँधुवा श्रमिक राख्ने प्रथा नेपालको लोकतन्त्रको र मानव सभ्यताको सामु घोर लज्जाको बिषय भएर रहेको छ । कमैया र हलिया मुक्ति गर्दा त्यस्तै प्रकृतिको बधुवा श्रमिकको काम गर्ने हरवाचरवाका मुक्तिको घोषणा नगर्नु ठूलो भूल भएको छ जसलाई अब सच्याइनु पर्दछ । अब राज्यले अविलम्व सबै ऋण खारेजी र पुनर्स्थापनाको मूर्त योजनासहित हरवाचरवा मुक्तिको घोषणा गर्नु पर्दछ ।

हाम्रो अध्ययनले देखाएको छ कि हरवाहरू मूलत: ऋण, जमिन र खाद्यान्नकै कारण हरवा हुन्छन् । हरवाहरूले ऋण लिनुको मुख्य कारण बर्षभरि खानपुग्दो खानेकुरा नभएर र बिरामी भएको बेलामा ओखतीमुलो गर्ने पैसा नभएर रहेछ । अन्य तीन कारणले पनि ऋण लिने चलन मधेस प्रदेशमा ब्यापक रहेछ : एक, छोराछोरीको बिबाह र मर्दा पर्दाको सामाजिक रीतिथिति निभाउन, दुई , बिदेशमा आफ्ना छोराछोरी काम गर्नका लागि पठाउन, र, तीन, घर वा टहरो बनाउन । आश्चर्यको बिषय, हामीले बालबालिकाको शिक्षाको लागि ऋण लिने हरवाचरवा भने कोही भेटेनौ । यो हामीले भ्रमण गरेको पालिका सीमित भएर पनि हुन सम्भव छ ।

लोकतान्त्रिक गणतन्त्र आएको १३ बर्ष भइसके पनि, गाउँमा वामपन्थी पार्टी नपुगेको वडा नै नभए पनि र प्रदेश वा स्थानीय तहमा तिनैको बलवान सरकार बनेको चार बर्ष नाघिसके पनि त्यसको सकारात्मक असर गाउँमा हुने ज्यादै खतरनाक प्रकृतिको सुदखोरीमा परेको हामीले पाएनौ । मधेश प्रदेशका आठै जिल्लामा घटीमा ३६ प्रतिशतदेखि बढीमा १२० प्रतिशतसम्म ब्याज लिएर हरवालाई ऋण दिने चलन ब्यापक रहेछ । ६० प्रतिशत ब्याजदर त औसत रुपमै प्रचलित रहेको हामीले पायौं । अझ अर्को चरम उत्पीडनकारी प्रथा पनि मधेस प्रदेशमा प्रचलित छ : जुन साँवा छ त्यसलाई सामान्यतया तीन दोब्बर बनाएर अनि त्यसपछि ब्याजलाई देखावटी रुपमा कानुन बमोजिम बनाएर कागज बनाइँदो रहेछ । यही प्रचलनका कारण एउटा हरवा परिवार हरेक बर्ष श्रीपञ्चमीको दिन गृहत् (मालिक) फेर्ने स्वतन्त्रता भए पनि, एकचोटि कुनै गृहत्को ऋण लिएपछि लामो समयसम्म त्यही गृहत्को ऋणी भएर बस्न र उसले भनेका सबै शर्त मानेर बँधुवा श्रमिक हुन बिवश हुन जाँदो रहेछ । शर्त नमान्दा उसलाई घरबाट निकाला गर्ने, गाउँबाट निकाला गर्ने, पिट्ने लगायतका अनेकौं किसिमको मानसिक/शारीरिक यातना दिइँदो रहेछ ।

हामीले भ्रमण गरेको आठै जिल्लामा कानुनले तोके अनुसारको ज्याला हरवाचरवा ले पाइरहेको भेटिएन । धेरैजसो स्थानमा दिनको ५ किलो धान हरवाले पाइरहेको ज्यालाका रुपमा देखिएको छ जुन नगदमा बदल्दा झण्डै रु २०० जति हुन्छ । सीपयुक्त श्रमिकले पनि सरकारले तोके अनुसारको ज्याला पाइरहेको देखिएन । निकै थोरै अपवादपूर्ण स्थानमा मात्र रु ५०० ज्याला दिइएको भेटियो । महिला र पुरुषको ज्यालामा अझै ठूलो बिभेद भेटियो । पुरुषले रु ४०० ज्याला पाउँदा महिलाको रु ३०० वा २५० मात्र ज्याला रहेको पाइयो ।

कैयन् हरवासित नागरिकताको प्रमाणपत्र नरहेको उनीहरूले हामीलाई बताएका छन् । यो प्रमाणपत्रको अभावमा न त उनीहरू राज्यले दिने कुनै सुविधा लिन समर्थ भएका छन्, न जमिन आफ्नो नाममा पास गर्न । सर्बप्रथम डोर नै गाउँमा खटाएर हरवाचरवालाई नागरिकता दिलाउनु पर्ने खण्ड विद्यमान रहेको हामीले पाएका छौं । हरवामध्ये पनि सबैभन्दा ज्यादा मुसहर हरवाकै नागरिकता नभएको भेटिएको छ । एकातिर घर जमिन नभई नागरिकता नपाइने, अर्कोतिर नागरिकता नभइ घर जमिन पास गर्न नमिल्ने जस्तो जटिल समस्यामा हरवाहरू जेलिएका देखिएका छन् । यसको गाँठो राज्यले फुकाइ दिन जरुरी छ ।

अधिकांश हरवाचरवा पहिलेदेखि ऐलानी जमिन, सार्वजनिक वा गृहत्को जमिनमा बसिरहेका देखिन्छन् । तर भर्खरै सडक पुगेका कतिपय स्थानमा जग्गाको मूल्य ह्वात्तै बढेकाले स्थानीय गृहत्ले जनप्रतिनिधि र जग्गा दलालसित मिलेर हरवाचरवा लाई बसिरहेको जमिनबाट बिस्थापित गर्ने र त्यो जमिन हडप्ने प्रक्रिया पनि सुरु भएको पाइयो । यसले हरवाचरवा को जीवनलाई अरु जोखिमपूर्ण बनाएको देखिन्छ । हरवाचरवाको बस्तीलाई त्यहीं विधिवत दर्ता गरिदिनु जरुरी देखिन्छ जहाँ उनीहरू बर्षौंदेखि बसिआएका छन् ।

यी सबै कुराको जानकारी प्रदेश सरकारलाई पनि रहेछ, स्थानीय तहलाई पनि । परन्तु ऋणको पासोमा परेको निरीह हरवाले उजुरी नै हालेको छैन भन्ने कारण देखाएर उनीहरू यो कानुन बिपरीतको अमानवीय उत्पीडनको निष्क्रीय साक्षी बनेर बसिरहेको पाइएको छ । हामीले भ्रमण गरेको कुनै पनि पालिकामा कसैले पनि यसका बिरुद्ध प्रभावकारी कानुनी कदम चालेको भेटेनौ ।

बास तथा भूमिबिहीनता,रोजगारबिहीनता, चौतर्फी चरम गरिबी र अशिक्षा नै त्यस्ता मूल कारण हुन् जसले ब्यक्तिलाई हरवा बन्न जानका लागिघचेट्दछ । ऋणका नाजायज र गैरकानुनी शर्त नै त्यो साधन हो जसले हरवालाई बाँधा श्रमिक बन्न बाध्य पार्दछ । बाँधा श्रमिक हुनुका यी मूल कारण र साधनलाई समाप्त पार्ने नीति र कार्यक्रम नल्याईकन रित्तो मुक्तिको मात्र घोषणा गरेर ब्यक्ति पुनः हरवा हुन जाने प्रक्रिया रोकिने देखिँदैन । त्यस्तै, गाउँ बस्तीमा रहेको गैरकानुनी सुदखोरीको अभ्यास जरोमै समाप्त नपारीकन ऋणको धराप थाप्ने र बँधुवा श्रमिक बनाउने क्रम रोकिने देखिँदैन ।

मानवोचित घरबासकै अभाव, जोतिखाने जमिन र जीविकायोग्य रोजगारीको अभाव, शिक्षामा पहुँच तथा आधारभूत स्वास्थ्यमा पहुँचको अभाव र नीति बनाउने र निर्णय गर्ने स्थानमा पहुँचको अभाव हरवाचरवाका सबैभन्दा मुख्य पाँच अभावका रुपमा रहेको पाइएको छ । यिनै अभावका कारण हरवाचरवाचौतर्फी रुपमा गरिब, बाँधा र उत्पीडित भएको हो । यि पाँच अभाव बस्तुगत रुपमा समाप्ति गर्ने मूर्त उपाय, नीति र कार्यक्रमका साथ हरवाचरवा मुक्तिको घोषणा गरिएमा नै हरवाचरवाको वास्तविक मुक्ति अन्ततः साकार हुने अध्ययनबाट देखिएको छ ।

एउटा एकीकृत प्याकेजका रुपमा हरेक हरवाचरवाको लागि बस्नयोग्य घरको बन्दोबस्त गरिदिएर, हरेक हरवाचरवालाई जोतिखाने जमिन वा जीविकायोग्य सीपको तालिम प्रदान गरेर, प्रत्येक हरवाचरवा परिवारको उच्च शिक्षा र आधारभूत स्वास्थ्यसेवासम्म निःशुल्क पहुँच सम्भव बनाइ दिएर तथा नीति निर्णय गर्ने हरेक संयन्त्रमा उनीहरूको सहभागिता सुनिश्चित बनाई दिएर राज्यले यहीँ र अहिल्यै निरीह बँधुवा श्रमिकका रहेका हरवाचरवालाई स्वतन्त्र, सीपयुक्त र सशक्त श्रमिकमा रुपान्तरित गर्न सम्भव छ भन्ने हाम्रो अध्ययनबाट देखिएको छ ।

कतिपय स्थानीय तहले हरवाचरवा सम्वन्धी कार्यक्रम आफ्नो बजेट तथा नीतिमा समाहित गरेको भेटिएको छ । कतिपयले हरवाचरवाका लागि सीप तालिम पनि सञ्चालन गरेको पाइएको छ । तर ती जम्मै दलित शीर्षकमा गरिएका सहायता हुन् । हरवालाई नै सहायता गर्ने भनेर कुनै स्थानीय तहले कुनै विकास कार्यक्रम ल्याएको भेटिएन ।

मधेश प्रदेश सरकारको भूमि व्यवस्था मन्त्रालयमा हरवाचरवा समस्या समाधान गर्ने तत्परता रहेको पाइएको छ । परन्तु संघ सरकारको भूमि ब्यवस्था मन्त्रालयले यस मामिलामा समन्वयात्मक ढंगले प्रदेश सरकारको सम्वन्धित मन्त्रालयसित काम नगरिरहेकोले अगाडि बढ्न अप्ठेरो परेको भन्ने उसको बुझाइ र गुनासो रहेको छ ।

राष्ट्रिय जनगणनाको समयमा हरवाचरवाको बर्गीकृत तथ्याङ्क संकलन गरिएको भए निकै सहजतापूर्वक यो कार्य हुनसक्ने तर त्यो अमूल्य मौका खेर गएको भन्ने प्रदेश सरकारको बुझाइ रहेको छ । अब चाँडै हुने कृषि जनगणनाको समयमा यो मौका कदापि नगुमाइयोस् भन्ने प्रदेश सरकारको भूमि ब्यवस्था मन्त्रालयको आग्रह रहेको छ ।

हरवाचरवा सम्वन्धी संघीय सरकारले गरेका अध्ययन अनुसन्धानहरू अहिलेसम्म छैनन् । तर धनुषा जिल्लाका शहीदनगर नपा, गणेशमान चारनाथ नपा र धनौजी गापा

आफै सामेल भएर सि.एस.आर सी र फिडम फोरममार्फत सन् २००६ र २०१९ मा गरेका गराएका अध्ययन अनुसन्धान उपलब्ध रहेका छन् ।

तिनकाअनुसार हरेक पाँचमा दुई हरवाचरवाको आफ्नो उत्पादन भन्ने नै केही छैन । उनीहरू आफ्नो आयस्रोतको निम्ति पूर्णतया हरवानामक बँधुवा श्रममाथि निर्भर रहेका छन् । हरवाचरवामध्ये २७ प्रतिशतको निजी उत्पादन केवल ३ महिना मात्र धान्ने रहेको छ ; अर्को २६ प्रतिशतको उत्पादनले ६ महिना जीवन निर्वाह हुन्छ । बर्षदिन खान पुग्ने हरवाचरवात फगत १ प्रतिशत मात्र रहेका छन् ।

हरवाचरवामध्ये हरेक चारमध्ये तीन तराइका दलित हुन् । हरेक दसमा एक तराइका जनजाति रहेका छन् ।

अध्ययनका अनुसार झण्डै दुई तिहाइ हरवाचरवाको ऋण लिनुको मुख्य कारण औषधि उपचार हो । हरेक चारमा एक हरवाले खानेकुरा नै नभएर त्यो जुटाउन बाध्यतावश ऋण लिन्छन् ।  विदेश जानका लागि ऋण लिने हरवाचरवा पनि हरेक पाँचमा एक रहेको छ । हरवाचरवामा गरिबी यति ब्याप्त कि मूलतः हलीको काम गर्ने हरवामध्ये ९० प्रतिशतसित आफ्नै स्वामित्वको हलो पनि छैन । ७१ प्रतिशतसित आफ्नो निजी साइकल समेत छैन । ८८ प्रतिशत हरवाचरवाको घर कच्ची टहरो मात्र रहेको छ । पक्की घर हुने हरवाचरवा त ३ प्रतिशत मात्र रहेको छ । हरेक पाँचमा दुई हरवाचरवाको टहरामा आफ्नो निजी ट्युबवेल समेत रहेको छैन ।

जमिनको स्वामित्व बारे पनि त्यस अध्ययन अनुसन्धानले केही महत्वपूर्ण तथ्य उजागर गरेको छ । २९ प्रतिशत हरवाचरवाको मात्र आफ्नो घर भएको जमिनमा आफ्नो स्वामित्व रहेको छ  । हरेक एक चौथाइ हरवाचरवाहरू ऐलानी जमिनमा घर बनाएर बसेका छन् । २७ प्रतिशत हरवाचरवाको घर चाहिँ गाउँ ब्लकमा रहेको छ । यसरी, हरवा जो जो बसेका हुन् ती ज्यादाजसो भूमिहीन हुन् । चौतर्फी गरिबी र भूमिहीनताले नै उनीहरूलाई बँधुवा श्रमिकको स्थितिमा धकेलेको हो ।

अध्ययनअनुसार अहिले ४४ प्रतिशत हरवाहरू जमिन्दारको लगुवाइ भूमिमा छन् जुन जमिनमा उनीहरू तबसम्म जोत्न पाउँछन् जबसम्म उनीहरू जमिन्दारको हरवा छन् । संविधानले बाँधा श्रमलाई पूर्णतया निषेध गरे पनि नेपालमा अहिले पनि ७२ प्रतिशत हरवाचरवाको बाँधा श्रमिकपन यो रहेको छ कि उनीहरूले बढी ज्याला र अवसर पाए पनि अर्को जमिन्दारको काम गर्न पाइँदैन । हरेक पाँचमा तीन हरवाचरवाको काम थाल्नुअघि कामको शर्त बारे जमिन्दारसित लिखित वा मौखिक कुनै पनि खालको सहमति वा सम्झौता भएको छैन ।

हरवाचरवाको श्रम सम्वन्ध र प्रकृतिमा महत्वपूर्ण रुपान्तरण आएको समेत अध्ययनबाट देखिएको छ । अहिले ३५ प्रतिशत हरवाहरू अँधियामा त्यही जमिन्दारको जमिन जोत्छन् जसको उनीहरू हरवा रहेका थिए । २ प्रतिशतले त मोहीको सम्झौता अन्तर्गत पनि जमिन जोतेको भेटिएको छ  ।त्यस्तै, १८ प्रतिशतले गुठीको जमिन समेत जोतेको पाइएको छ ।

# धन्यवाद ज्ञापन

नेपाली समाजमा ब्याप्त दासप्रथाको अवशेषका रुपमा रहेको हलिया, कमैया, कम्लहरी मुक्तिको घोषणापश्चात नेपाल सरकारले ठूलो संख्यामा पुनःस्थापना गरेको भएपनि त्यससम्बन्धी अधिकांश कामहरूपूरा नभएको त्यसमा पनि मधेश प्रदेशमा विद्यमान हरवाचरवा प्रथाको मुक्तिको घोषणा हुन समेत बाँकी रहेको सन्दर्भमा ती कामहरूपूरा गर्न नेपाल सरकार भूमिव्यवस्था, सहकारी तथा गरिवी निवारणमन्त्री माननीय शशी श्रेष्ठले मिति २०७८ मंसिर १७ गते (मन्त्रीस्तरीय) निर्णयबाट मुक्तकमैया, कम्लहरी, हलिया र हरवाचरवासम्बन्धी वस्तुस्थिति अध्ययन समिति गठन गर्नु भएको थियो । यो अध्ययन समितिलाई यस्तो ऐतिहासिक जिम्मेवारी सुम्पनु भएकोमा सर्वप्रथम माननीय मन्त्री शशी श्रेष्ठ तथा नेपाल सरकार भूमिब्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौ ।

तोकिएको विषयको वस्तुस्थिति अध्ययनका क्रममा बिशेष ध्यान दिएर सहयोग गर्नु भएकोमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री माननीय कुलप्रसाद केसी, सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री माननीय त्रिलोचन भट्ट र कर्णाली प्रदेशका मुख्यमन्त्री माननीय जीवनबहादुर शाहीप्रति विशेष धन्यवाद व्यक्त गर्न चाहन्छौ । साथै, लुम्बिनी प्रदेशका आन्तरिक मामिला तथा संचारमन्त्री तिलक शर्मा, सुदूरपश्चिम सरकारका भूमिव्यवस्था, कृषि तथा सहकारीमन्त्री विनिता चौधरी, कर्णाली प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री चन्द्रबहादुर शाही, मधेश प्रदेशका भूमिव्यवस्था, कृषि तथा सहकारीमन्त्री विजयकुमार यादवप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं । लुम्बिनी, सुदूरपश्चिम र कर्णाली प्रदेश सरकारकातर्फबाट हाम्रो अध्ययन समितिका लागि सवारी साधन, आवास तथा खानपीनको सम्पूर्ण व्यवस्थापन गरिदिएकोमा आभार व्यक्त गर्न चाहन्छौं ।

साथै, मधेश प्रदेशको भ्रमणका क्रममा आवास तथा खानाको सम्पूर्ण व्यवस्थापन गरिदिएकोमा ह्याविट्याट् फर हयुमनिटीका सेनियर प्रोग्राम अपरेशन म्यानेजर रामप्रकाश दनुवारमार्फत सिंगो ह्याविट्याट परिवारप्रति हार्दिक धन्यावद ज्ञापन गर्दछौं । हरवाचरवाको वस्तीमा लैजान सम्पूर्ण सहयोग गर्नु भएकोमा द फ्रिडम फण्डका प्रोग्राम म्यानेजर जिएम श्रेष्ठप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

अध्ययनकै क्रममा दाङ्ग जिल्ला गडवा गाउँपालिका अध्यक्ष सहजराम अहिर यादव, उपाध्यक्ष शान्ति चौधरी, गडवा गाउपालिका वडा नं ५ का वडाध्यक्ष प्रकाश भण्डारी, तुलसीपुर उपमहानगरपालिकाका प्रमुख घनश्याम पाण्डे, बाँके जिल्ला खजुरा गाउपालिका उपाध्यक्ष एकमाया विक, बर्दिया जिल्ला राजापुर नगरपालिकाका प्रमुख शिवप्रसाद चौधरी, कैलाली जिल्ला भजनी नगरपालिकाका प्रमुख शेरवहादुर चौधरी, धनुषा जिल्ला शहिद नगरपालिकाका प्रमुख उदयकुमार यादव, सप्तरी जिल्ला सुरुङ्गा नगरपालिकाका प्रमुख मुक्तिनाथ चौधरी र सोही नगरपालिका वडा नंबर ४ का वडाध्यक्ष देबेन्द्र चौधरी, लाहान नगरपालिका वडा नं १५ का वडाध्यक्ष तेजनारायण चौधरी र वडा सदस्य रामकुमारी दास, बझांग थलारा गाउँपालिकाका कार्यपालिका सदस्य श्याम सुनार, बाजूरा बडिमालिका वडा नंबर २ का कावा वडाध्यक्ष लालबहादुर नेपाली र जगन्नाथ गाउँपालिकाका कार्यपालिकाका सदस्य तथा प्रवक्ता डबल विक, साँफेनगरपालिकाका कार्यपालिका सदस्य जीतबहादुर लिसानी, पुनर्वास नगरपालिका वडा नंबर २ का वडाध्यक्ष नारायणप्रसाद जैशी,

भजनीनगरपालिका वडा नंबर ८ का वडाध्यक्ष पंकज चौधरीलगायतका जनप्रतिनिधिहरुप्रति यो समिति हार्दिक अभार तथा धन्यवाद ज्ञापन गर्न चाहन्छ ।

अध्ययन समिति गठन भएदेखि नै सम्पूर्ण रूपमा हरतरहको सहयोग गर्नु हुने आत्मनिर्भर केन्द्रका कार्यकारी निर्देशक तथा भूमिसम्बन्धी समस्या समाधान आयोगका पूर्व विज्ञ सदस्य जगत देउजाप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै समितिको निमन्त्रणामा कार्यालयमै आई आफ्ना अमूल्य सुझावहरूदिनु हुने हरवाचरवा बिषयका अध्ययन तथा अनुसन्धानकर्ता प्राध्यापक डा. सुरेश ढकाल, आइएलओका प्रतिनिधि नारायण भराई, एक्सन एड नेपालका सुजात श्रामणेर, भूमिविज्ञ धर्मराज जोशी, अधिवक्ता बालाराम भट्टराई, द फ्रिडम फण्डका म्यानेजर जियम श्रेष्ठ, नेपाल सरकारका निवृत उपसचिव गोपाल गिरी तथा फिल्डमा सुझाव दिनु हुने अर्जुन थपलिया, ब्रह्मदेव राम, उमेश विशुंखे, गणेश राम, शारदा चौधरी, सामुदायिक सूचना केन्द्र धनुषाका अध्यक्ष संजय शाह, बेसका कार्यकारी निर्देशक चुर्ण चौधरी, एकराज चौधरी, अधिवक्ता फगला चौधरी, हरि चौधरी, राष्ट्रिय मुक्तहलिया समाज महासंघका ईश्वर सुनार, राजु भुल, हरि बोहरा, सिवी लुहार, डण्डी वि.क., जानकी विक, डबल विक, तुलाराम सार्की, राष्ट्रिय दलित नेटवर्कका हुकुम सार्की, भरत आग्री, संजय महरा, रुपनारायण पासवान, मुक्तकमैया प्रथा समाजका कौशिल्या चौधरीर इन्द्र चौधरी, मुक्तकमैया समाजका पशुपति चौधरी, हरि चौधरी, बुद्धि चौधरी, कौशिल्या चौधरी, राष्ट्रिय हरवाचरवा अधिकार मन्चका दशनलाल मण्डल, श्रीप्रसाद सदा, लागेन्द्र सदा, राजमति मण्डल, देवीलाल राम, श्याम सदा, रामविलास सदा, सुब्बासाहेब पासवान, बृजेन्द्र पासवान, दशरथ रामलगायतप्रति यो अध्ययन समिति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छ । उहाँहरुको सहयोग विना यो महान काम संभव थिएन ।

अन्तमा, लुम्बिनी प्रदेशका भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका नापी अधिकृत कविर सिंह कठायत र विष्णु डांगी, सुदूरपश्चिम प्रदेश भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका नापी अधिकृत धर्मराज ओझा र अधिकृत देवेन्द्र शाह तथा मधेश प्रदेश भूमिव्यवस्था, कृषि तथा सहकारी  मन्त्रालयका प्रमुख नापी अधिकृत विजयकुमार महतोप्रति फिल्डमै अध्ययन समितिसित साथैमा हिँडेर बिशिष्ट सहयोग गर्नु भएकोमा बिशेष धन्यवाद ज्ञापन गर्न चाहन्छौं । अध्ययन समिति गठन तथा यसको कार्यारम्भका सबै पक्षमा विशेष योगदान गर्नु हुने मन्त्रालयका सहसचिव जनकराज जोशी, मन्त्रीज्यूका निजी सचिव बिष्णु पौडेल, सचिवालयका सचिव अशोक महर्जन र बिभव बानिया तथा टीमका अन्य सदस्यहरुलाई बिशेष धन्यवाद दिन चाहन्छौं । कर्णाली प्रदेश भूमिव्यवस्था, कृषि तथा गरिवी निवारण मन्त्रालयका सचिव डा.किसनलाल भट्टलाई धन्यवाद नदिई रहन सक्दैनौ ।

आफ्ना पीडा तथा अवस्थाका विषयमा जस्ताको तस्तै सूचना प्रदान गर्नुहुने आदरणीय मुक्तकमैया, कम्लहरी, हलिया तथा हरवाचरवा दाजुभाई तथा दिदिबहिनीहरुमा विशेष आभार तथा धन्यवाद ज्ञापन गर्न चाहन्छौं र अध्ययन समितिको कार्यलाई उच्च प्राथमिकता दिदै समाचार प्रसारण गर्नु हुने सम्पूर्ण संचारकर्मी मित्रहरुमा पनि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

अन्त्यमा अध्ययन समितिको कार्यालयमा सम्पूर्ण व्यवस्थापन गर्नु हुने सदस्य सचिव रेमानसिंह राना तथा हर तरहको सहयोग तथा समन्वय गर्नु हुने सदस्य मित्रहरु, टाइपिंग तथा सेटिंनमा योदान गर्नु हुने विजयकुमार थापाप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

श्यामकुमार श्रेष्ठ
संयोजक
मुक्तकमैया, कम्लहरी, हलिया र हरवाचरवा
सम्बन्धी वस्तुस्थिति अध्ययन समिति, २०७८

## प्राक्कथन

नेपालमा प्रचलित कमैया, हलिया र हरवाचरवा प्रथा सामन्तवादी भूदास प्रथाकै एउटा रुप हो । स्थान अनुसार सामन्ती भूदास प्रथाको नाम र स्वरुप भिन्नाभिन्नै रहेको भए पनि तिनको आधारभूत चरित्र र बिशेषताहरूभने एउटै खालका रहेका छन् जुन निम्नानुसार छन् :

एक, आफ्नो अस्तित्व र जीविकाको लागि भूमिहीन श्रमिक किसानको जमिन्दारमाथि पुरापुर निर्भरता,

दुई, ऋण र जमिन नै भूदासलाई जमिन्दारको जमिनसित बाँधिराख्ने मुख्य साधन हुने,

तीन, यो प्रथामार्फत जमीन्दारले आफ्नो सम्पूर्ण खेतीपातीको र अन्य घरेलु आवश्यकताको बखत बिना झञ्झट श्रमिकको श्रम सित्तैमा बिना पारिश्रमिक, बिना निश्चित कार्यदिन प्राप्त गर्न; श्रमिक किसानले ऋणको ब्याज, जमिनको भाडा वा खाने अन्नको मूल्य तिर्नपर्ने बाध्यताबाट मुक्तहुने,

चार, भूमिहीन श्रमिक किसान बँधुवा श्रमिकका रुपमा जमिन्दारको जमिनसित पुरापुर बाँधिने, जमिन्दारको स्वीकृतिबिना त्यो जमिनमा बाहेक उसले अन्यत्र काम गर्ने ब्यक्तिगत स्वतन्त्रता गुमाउने ।

बिशेषता यी भए पनि जीविकाको लागि जमिन्दारको जमिनसित बाँधिएको अस्वतन्त्र बँधुवा कृषि श्रमिकलाई नै भूदास भन्ने गरिन्छ । कमैया, हलिया, र हरवाचरवा त्यस्तै बिशेषता बोकेका कृषि क्षेत्रका सामन्तवादी बँधुवा श्रमिक वा भूदासहरू हुन् ।

युरोपमा सामन्ती भूदास प्रथा १९ सौं सदीको आधाउधिबाट समाप्त भएको थियो । रुसमा त्यहाँका जार अलेक्जेण्डर दोस्रोको पहलबाट सन् १८६१ मा आएर यस्तो भुदास प्रथा समाप्त पार्ने पहल थालिएको थियो । एसियाली मुलुकमध्ये चीनमा सन् १९४९ को जनवादी क्रान्ति पछि प्रारम्भ गरिएको भूमिसुधार कार्यक्रमले सामन्ती भूदास प्रथालाई जरैदेखि उखेलेर फ्याँकेको थियो । जापान, दक्षिण कोरिया र भियतनाममा पनि दोस्रो विश्वयुद्धपछि नै रहेबचेको अनुपस्थित सामन्तवादी जमिन्दारी र भूदास प्रथा एकसाथ समाप्त पारिएको थियो ।

नेपाल परन्तु नेपाल त्यो मुलुक हो जहाँ २१ सौं सदीमा पुग्दा पनि सामन्तवादी भूदास प्रथा यो वा त्यो स्वरुपमा देशको निश्चित भूभागमा अझै विद्यमान रहेको छ । नेपालमा विद्यमान रहेको कुलीन बर्ग, भारदार, गुरुपुरोहितको जमिन्दारी वा अनुपस्थित जमिन्दारीमा आधारित एक प्रकारको भूदास प्रथा बेठबेगारी उन्मुलन, बिर्ता उन्मुलन र राजा रजौटा उन्मुलनसँगै सन् १९६९ सम्ममा समाप्त पारिसकिएको हो । त्यस्तै, कमैया र हलिया प्रथा पनि बिगत दुई दशकको सरकारी घोषणा र प्रयासबाट एक हदसम्म समाप्त पारिएको छ । तथापि, उही प्रकृतिको हरवाचरवा प्रथा भने मधेस प्रदेशको सबै जिल्लामा हज्जारौं जनसंख्याबीच अझै विद्यमान देखिन्छ । मुक्तिको घोषणापछि फेरि कमैया र कम्लहरी हुन जाने घटना खासै देखिएको छैन । तर पुनर्स्थापना प्रक्रिया त्रुटिपूर्ण र निकै लामो रहँदा पुनः हलिया हुने घटना भने ठाउँ ठाउँमा भइरहेको पाइएको छ ।

यो नेपालमा अहिले विद्यमान संविधानमा रहेको समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्रको अनुहारमा कुरुप दाग भएर रहेको छ । समाजवादको मुख्य सिद्धान्त सामाजिक न्याय, समतामुलक विकास र समावेशिता हो । तर हरवाचरवाहरू र छूट कमैया/हलियाहरूले न त जमिन र घरको स्वामित्वमा सामाजिक न्याय र समान हुने अवसर पाएका छन्, न शिक्षा, स्वास्थ्य र सामाजिक समावेशिताको अवसरमा । लोकतन्त्रको

मुख्य सिद्धान्त नै स्वतन्त्रता र समानता हो । यी तिनै थरि भूमिहीन श्रमिकहरू यो शताब्दीमा आएर पनि ऋण, खाद्यान्न र जमिनबापत सिँत्तैमा काम गर्नूपर्ने अस्वतन्त्र बँधुवा श्रमिकका रुपमा रहेका छन् । यी समाजमा न त समान हुन सकेका छन् न स्वतन्त्र ।

युरोपमा सामन्तवादी जमिन्दारी प्रथा र भूदासतन्त्र कुलीनतन्त्र, भारदारी प्रथा र धार्मिक पादरीतन्त्रसित समेत जोडिएको देखिन्छ । भारत र नेपालमा भने यो ती सबैका अलावा "उच्च" जात र जातितन्त्रसित समेत जोडिएको पाइएको छ । सम्पन्न र कथित 'ठूलो जात'का मानिस वा जमिन्दारले आफ्नो जमिन आफै नजोत्ने, आफ्नो खेतबारीमा कृषि उत्पादनका लागि आफूले श्रम नगर्ने, आफ्नो घरको काम पनि आफूले नगर्ने संस्कृति र सामाजिक प्रणाली नेपालमा ब्यापक रुपमा रहेको छ । यी समुदायले ती काम समाजका सबैभन्दा गरिब, ज्यादाजसो भूमिहीन र जीविकाविहीन श्रमिकलाई, त्यसमध्ये पनि कथित 'तल्लो मतवाली जात'का भनिएका थारु वा दलितलाई, बिना पारिश्रमिक, बिना श्रम सम्झौता, बिना निश्चित कार्यदिन सिँत्तैमा गर्न लगाउने गरेका छन् तर कृषिको उपज, उत्पादन र बचत भने उनीहरूले नै एकलौटी बनाउने गरेका छन् । सबै काम अति गरिब, बेरोजगार र भूमिहीन व्यक्तिबाट गराए बापत उनीहरूले नै पैदा गरेको उपज, उत्पादन र बचतबाट खडा भएको सम्पत्तिबाट उनीहरूलाई नै जोतिखान थोरै जमिन वा खाद्यान्न दिने वा अड्को पर्दा भारी ब्याज दरमा बिना धितो ऋण दिने र जमिन, खाद्यान्न र मूलतः ऋणलाई बल्छीको माछा बनाएर त्यसबापत फेरि अनन्त कालसम्म सिँत्तैमा काम गर्न लगाउने सामन्ती श्रम सम्वन्ध, आर्थिक प्रणाली र संस्कृति नै कमैया, हलिया र हरवाचरवा प्रथाको मूल कारणका रुपमा देखिएको छ ।

यस्तो खालको सामन्ती श्रम सम्वन्ध, अर्थ प्रणाली र संस्कृति यथावत् रहेसम्म यी प्रथा समाप्त हुने कुनै सम्भावना देखिँदैन । कमैया प्रथा उन्मुलन गर्ने घोषणा गरेको राज्यले हरवाचरवा प्रथा वा हलिया प्रथा समाप्त पार्ने हो भने यो सामन्तवादी आर्थिक प्रणाली, उच्च जातीय श्रमविरोधी संस्कृति नै भत्काउनु पर्ने आवश्यकता छ जसले हमेशा आफू टिक्न भूदास पैदा गरिरहन्छ । जहाँ जहाँ उच्चजाततन्त्र र कथित 'उच्च जात'का मान्छेले हलो नजोत्ने-श्रम नगर्ने तन्त्र अहिले पनि छ त्यहाँ त्यहाँ फेरिएको स्वरुपमा कमैया, हलिया र हरवाचरवा प्रथा अहिले पनि विद्यमान देखिएको छ । फेरिएको रुप यो भएको छ कि अब उनीहरू न्युन ज्यालामा वा अँधियामा पहिलेकै श्रमिकलाई काम लगाउन थालेका छन् । आफ्नो खेतबारी र घरको काम गरेर खाली रहेको समयमा अन्यत्र काम गर्न स्वतन्त्रता दिन थालेका छन् ।

श्रमिक बर्गको चौतर्फी चरम-गरिबी,बेरोजगारी, भूमिहीनता र अशिक्षा हरवाचरवा प्रथा, हलिया प्रथा र कमैया कम्लहरी प्रथा पैदा हुने र टिक्ने मुख्य आधारभूमिका रुपमा देखिएको छ । सरकारले यही आधारभूमिलाई समाप्त पार्नु जरुरी भएको छ । भूमिहीन किसानका रुपमा रहेका हरवाचरवालाई अथवा छूट हलिया वा कमैयालाई बासयोग्य घर, खेतीयोग्य जमिन/जीविकायोग्य सीप तालिम दिएर, उनीहरूलाई ब्याबसायिक/प्राविधिक तथा उच्चशिक्षा र आधारभूत स्वास्थ्यसम्म पहुँचको अवसर दिएर यो आधार भूमि धेरै छिटो भत्काउन सम्भव छ । बँधुवा श्रमिकलाई स्वतन्त्र श्रमिकमा रुपान्तरित गर्ने हो भने उनीहरूलाई चौतर्फी गरिबी र बेरोजगारीबाट मुक्तगरेर मन लागेको ठाउँमा श्रम गर्न स्वतन्त्र बनाउनु सबैभन्दा निर्णायक कदम हुन सक्दछ ।

युरोप र चीनमा ठूलठूला किसान विद्रोह भएर भूदास प्रथा भत्केको इतिहास भेटिन्छ । तर दक्षिण एसियाको इतिहासलाई हेर्दा यहाँ ठूला-ठूला किसान विद्रोह भएर भूदास प्रथा भत्केको इतिहास रहेको छैन । नेपालभित्र केही संघर्ष भए पनि मूलतः विश्वमा आएका ठूला परिवर्तनहरुको प्रभावले नेपाली शासकहरूले दास र भूदासप्रथाको अन्त्य गर्ने प्रयास

गरेको पाइन्छ । भीमसेन थापाले अब उप्रान्त बाँधा नबनाउनु भनी आदेश जारी गरेको इतिहास होस् वा चन्द्रशमसेरले गरेको करिया अमलेख गरेको इतिहास होस्-यी दुबै विश्वका अन्य भागमा गरिएका भूदास वा दास प्रथा उन्मुलनका घटनाबाट प्रभावित भएर उठाइएका कदम थिए । यही हुनाले यी प्रयासहरूमा देशव्यापी दासप्रथा वा भूदास प्रथाको अन्त्य गर्ने समग्र कार्यक्रम समेटिएको देखिँदैन । सम्भवतः यही कारणले चन्द्रशमसेरले दास प्रथा उन्मुलन गरेपछि पनि नेपालमा पूर्व, मध्यपश्चिम र सुदूरपश्चिमको कृषि क्षेत्रमा भूदास प्रथा लामो समयसम्म आजपर्यन्त यथावत् रहिरहेको छ ।

### अध्ययन समिति गठनको सन्दर्भ

राजतन्त्रलाई संवैधानिक बनाउँदै राजनीतिक तहमा राजनीतिक स्वतन्त्रता सहितको बहुदलीय प्रजातन्त्र २००७ साल, २०१५ साल र २०४६ सालमा स्थापित भयो । त्यसपछि फेरि राजतन्त्रकै उन्मुलन र समाजवादउन्मुखता र संघीयतासहितको लोकतान्त्रिक गणतन्त्र २०६५ सालमा । यी सबै परिघटना नेपाली राजनीतिक इतिहासका कोसेढुंगा सरहका घटना मानिन्छन् ।

२०४६ सालमा पञ्चायती ब्यवस्थाको अन्तसँगै सक्रिय राजतन्त्र संवैधानिक राजतन्त्रमा बदलिएपछि नयाँ राजनीतिक प्रणालीले दिएको स्वतन्त्रतालाई उपयोग गर्दै उत्पीडनमा परेका कमैया, हलिया र हरवाचरवा जस्ता नेपाली समाजको पिँधमा रहेका समुदायहरू अर्थतन्त्रमा पनि सामन्तवादी जमिन्दारी प्रथा र त्यसैमा आधारित भूदासजन्य प्रथाहरू समाप्त पार्न संगठित रुपमा जुर्मुराएका हुन् । सबैभन्दा पहिलो, तेजिलो र जनब्यापी जुर्मुराहट कमैयाहरूले प्रदर्शित गरेपछि २०५७ साल श्रावण २ गते तात्कालीन सरकारबाट सम्पूर्ण ऋण र कागजातको खारेजीसहित कमैया मुक्तिको घोषणा भयो । लगत्तै मुक्तकमैयाहरूको थप लगत लिने कार्य भयो, एक बर्षपछि कमैया श्रम निषेध ऐन जारी भयो र प्रमाणिकरण र बर्गिकरण गरिएका तथा परिचय पत्र पाएका कमैयाहरूको पुनर्स्थापना गर्ने कार्य पनि प्रारम्भ भयो ।

कमैया पुनर्स्थापनाको काम भएको लामो समयसम्म पनि कम्लहरीको लागि केही नभएपछि उनीहरूले पनि राज्यबाट आफूमाथि सामाजिक न्याय र समतामूलक ब्यवहारका लागि छुट्टै आन्दोलन उठाए । नतिजा यो भयो कि कम्लहरीसित सरकारले १० बुँदे सम्झौता गर्दै २०७० साल श्रावण ३ गते सरकारबाट कम्लहरी मुक्तिको घोषणा गरियो ।

आफूमाथि शदियौँदेखि भइरहेको उत्पीडनबाट उत्प्रेरित भएर एबम् कमैया आन्दोलनको उपलब्धिबाट समेत प्रभावित भएर, सुदूर र मध्य पश्चिमका हलियाहरूले आफ्नो थातथलोको राजधानीमा र देशको राजधानीमा समेत सडक तताउने कार्य गरे । नभन्दै ५ बुँदे सम्झौतासहित २०६५ साल भाद्र २१ गते सबै ऋण खारेजीसहित हलियाको पनि मुक्तिको घोषणा भयो । उनीहरूको लागि कमैयाको लागि झैँ अलग्गै ऐन जारी त भएन परन्तु नेपाल सरकारको गठन आदेश अन्तर्गत कार्यदल बन्ने, उनीहरूको पनि लगत लिने, प्रमाणिकरण र बर्गीकरण गर्ने र त्यस्तो गरिएकालाई परिचय पत्र दिने कार्य २०६८ सालदेखि नै सुरु भयो । वि.सं. २०७० सालदेखि २०७६ सालसम्ममा उनीहरूको पनि एक हदसम्म पुनर्स्थापना गर्ने कार्य गरियो ।

जसको मुक्तिको घोषणा भयो उनीहरूको पुनर्स्थापना प्रक्रिया भने अनपेक्षित रुपमा ज्यादै लामो र दोषपूर्ण देखियो जसले पुनर्स्थापनाको प्रक्रियालाई निकै जटिल र कठिनाइपुर्ण बनाइ दियो । परिचय पत्र पाउन सकेका कैयन् कमैया र हलियाहरूमध्ये जजसले घर र जमिन का साथै सीप तालिम पनि पाए, उनीहरूको त जीवनमा उल्लेख्य परिवर्तन पनि देखापऱ्यो । नेपाली इतिहासमा पिँध तहका यति धेरै मानिसले जमिन र घर भेट्टाएको यो पहिलो पटक थियो ।

तर कैयन् कमैया, कम्लहरी र हलियाहरूले परिचय पत्र नै पाउन सकेनन् । छूट कमैया, हलिया, र कम्लहरी निकै ठूलो संख्यामा रहेको र बर्गिकरण समेत त्रुटिपूर्ण रहेको गुनासो सरोकारवाला पीडित पक्षबाट बारम्वार आइरह्यो । गुनासो यस्तो पनि रह्यो कि परिचय पत्र पाएका कतिपयले सीप तालिम त पाए तर बीउ पुँजी र औजार नदिइँदा त्यो तालिम प्रयोगमा नै आउन सकेन । कतिपयलाई जमिन त दिइयो, तर कृषिको लागि अनुपयुक्त स्थानमा खोला वा बगरमा दिइयो । कतिपयको हातमा लालपुर्जा रह्यो तर लालपुर्जा अनुसारको जमिन कहाँ हो अहिलेसम्म यकीन गरिएन । कतिपयको घर वा बस्ती त बन्यो तर ती बसोबासको हिसाबले मानवोचित नै हुन नसक्नाले रित्तारित्तै रहे । यति ठूलो सामन्ती भूदास पुनर्स्थापना प्रक्रियामा यी सबैको हात पुरापुर रित्तै रहेको गुनासो भूमिब्यवस्था मन्त्रालयलाई बारम्वार आइरह्यो ।

सबैभन्दा ठूलो भूल त यसमा यो देखियो कि कमैया, कम्लहरी र हलियाको मुक्ति र पुनर्स्थापना उस्तै प्रकृतिको मध्य र पूर्वी तराइको हरवाचरवाको हकमा भने कुनै कदम चालिएन । बँधुवा श्रम मुक्तिको ऐतिहासिक प्रक्रियामा उनीहरूलाई राज्यले पुरापुर बिर्सनै काम गऱ्यो ।

ज्यादै धेरै जनगुनासो बढेपछि २०७५/७६ सालको बजेटमा राज्यले झण्डै पौनै तीन खर्ब बरोबरको रकम उनीहरूको पुनर्स्थापनाको लागि छुट्ट्यायो । योजनावद्ध र सुशासित ढंगले खर्च गर्ने हो यो सानोतिनो रकम थिएन । यतिले कमैया र कम्लहरी तथा हलियाको सम्पूर्ण पुनर्स्थापना कार्य सकिन सम्भव थियो । साथसाथै, बजेटलाई अर्को बर्ष पनि निरन्तरता दिइँदा हरवाचरवाको मुक्ति र पुनर्स्थापनाको काम पनि सम्पन्न गर्न असम्भव कुरो थिएन ।

तर लक्षित पुनर्स्थापनाको योजना तीब्र गतिमा कार्यान्वयनतर्फ अघि बढीरहेको बेलामा त्यसको अगुवाइ गर्ने बिभागीय मन्त्री स्वयम्‌बाट, बिना कुनै पूर्वतैयारी र योजना, बिना कुनै बिभागीय सरसल्लाह र पूर्व जानकारी, कमैया कम्हलरी र हलियाको सबै काम मूलतः सिद्धियो अब बाँकी रहे बचेको काम स्थानीय तहले गर्ने भनेर एकाएक घोषणा गर्ने कार्य २०७५ फाल्गुनमा धनगढीमा आयोजित एउटा गोष्ठीमा भयो । घोषणाको अप्रत्याशितता र अयोजनाबद्धताले पैदा गरेको अन्योलका कारण बाँकी बजेट जेठ महीनाको अन्तातिर मात्र स्थानीय तहमा पुग्न सक्यो जुन अधिकांश स्थानमा खर्च नै हुन नसकेर उत्तिकै फ्रिज भयो । यसरी पुनर्स्थापना कार्यको लागि पर्याप्त संघीय बजेट भएको बेला र सिंगो मन्त्रीपरिषदको यसमा उच्च प्राथमिकता रहेको बेला कमैया, हलिया कम्लहरी पुनर्स्थापना कार्य समाप्त पार्ने एउटा अमूल्य अवसर गुम्यो ।

यसको एक बर्षअघि पनि यस्तै अर्को एउटा महाभूल भइसकेको थियो जसले भुइँतहमा सुस्त गतिमा भए पनि चलिरहेको पुनर्स्थापना कार्यमा काफी डाँवाडोल पैदा गरेको थियो । गठबन्धनका घटकहरूलाई मन्त्रालय बाँड्ने सिलसिलामा परिणामको बिचारै नगरी २०७४ चैत्रमा साविकको भूमिसुधार तथा भूमिब्यवस्था मन्त्रालय समाप्त पारेर यसलाई भूमि ब्यवस्था, सहकारी तथा गरिबी निबारण मन्त्रालयमा रुपान्तरित गरेपछि जिल्लाहरूमा रहेका भूमिसुधार कार्यालयहरू मालपोत कार्यालयमा गाभ्ने कार्यबाट जिल्ला जिल्लामा भइरहेका पुनर्स्थापना कार्यहरू निकै धेरै दुष्प्रभावित हुन गएका थिए । किनकि, मालपोत कार्यालयको नेतृत्वलाई भूमिसुधार कार्यालयको न त अनुभव थियो, न जरुरी ज्ञान, न पुनर्स्थापना कार्यप्रतिको संवेदनशीलता र जिम्मेवारीबोध ।

यिनै अन्योल र अब्यवस्थाको बीचमा मन्त्रालयमा भूमिब्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका नयाँ मन्त्रीका रुपमा माननीय शशी श्रेष्ठ आएपछि बीचैमा अनायास रोकिएको कमैया, कम्लहरी र हलियाको पुनर्स्थापनाको काम फेरि थालिनु पर्दछ,

यसलाई पूर्णतामा लैजानु पर्दछ र पुनर्स्थापना क्रममा भएका त्रुटि कमजोरी सच्याइनु पर्दछ, हरवाचरवाको पनि मुक्तिको घोषणा गरिनु पर्दछ भन्ने मान्यताका आधारमा देशभरिका सरोकारवाला संस्थाका प्रतिनिधिहरूलाई आफैले डाकेर भेट्ने र बृहत् छलफल गर्ने कार्य भयो । तिनै छलफलमा ब्यक्त रायअनुसार पुनर्स्थापनाको कार्य फेरि थाल्नुअघि सर्बप्रथम मुक्तकमैया, कम्लहरी, हलिया एबम् हरवाचरवाको यथार्थ वस्तुस्थिति बुझ्नका लागि अध्ययन समिति बन्नुपर्दछ भनेर सुझाव चारैतिरबाट प्राप्त भयो । यसैका क्रममा स्थलगत अध्ययन गरेर सरोकारवालाहरुबीच छलफल गरी सरकारलाई सुझाव पेश गर्न संविधान सभा सदस्य र यस बिषयका ज्ञाता श्याम श्रेष्ठ (पुरा नाम श्यामकुमार श्रेष्ठ) को संयोजकत्वमा यस सम्वन्धी अन्य ज्ञान र अनुभव प्राप्त सदस्यहरू रहेको ५ सदस्यीय 'मुक्तकमैया कम्लहरी हलिया हरवाचरवा वस्तुस्थिति अध्ययन समिति गठन गरिएको हो ।

सो समितिमा निम्नानुसारका सदस्यहरूरहेका छन् ।

**मुक्तकमैया, हलिया, कम्लहरी तथा हरवाचरवा वस्तुस्थिति अध्ययन समिति**

१. संयोजक : श्यामकुमार श्रेष्ठ (संक्षिप्तमा श्याम श्रेष्ठ), हलिया, हरवाचरवा र कमैया बिषयका ज्ञाता, संविधान सभा सदस्य तथा नागरिक आन्दोलनका अगुवा काठमाडौं ।

२. सदस्य : हरि श्रीपाइली, संविधान सभा सदस्य तथा हलिया आन्दोलनका अगुवा, कैलाली

३. सदस्य : गणेशबहादुर विश्वकर्मा, उच्चस्तरीय भूमिसुधार आयोगका पूर्व सदस्य तथा हलिया आन्दोलनका संस्थापक कैलाली ।

४. सदस्य : चन्द्रबहादुर शिवाकोटी : उपसचिव, तथा बसोबास महाशासका प्रमुख भूमि ब्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौं । ब्यवस्था

५. सदस्य सचिव : रेमानसिंह राना : यस कार्यमा पूर्व अनभुव रहेका भूमिसुधार तथा बसोबास शाखाका शाखा अधिकृत, भूमि ब्यवस्था, सहकारी तथा गरिबी निवारण सिंहदरबार, मन्त्रालय, काठमाडौं ।

**अध्ययन समितिको गठन तथा उद्देश्य**

मुक्तकमैया, हलिया, कम्लहरी र हरवाचरवाको सम्बन्धमा नेपाल सरकारबाट भए गरेका पुनःस्थापना लगायतका कार्यक्रमहरूको हालसम्मको प्रगति, संबोधन भएको बिषय र संबोधन हुन बाँकीका हकमा समेत सम्बोधनका लागि अबलम्बन गर्नूपर्ने नीतिगत र कार्यक्रमगत अवस्था पहिचान गर्ने गरी मिति २०७८/०८/१७ को मन्त्रीस्तरीय निर्णय अनुसार श्याम श्रेष्ठ (पुरा नाम श्याम कुमार श्रेष्ठ)को संयोजकत्वमा ५ सदस्यीय एक मुक्तकमैया, कम्लहरी, हलिया तथा हरवाचरवा सम्बन्धी अध्ययन समिति गठन भएको थियो । यस अध्ययन समितिका उद्देश्यहरू निम्नानुसार छन् ।

क) मुक्तकमैया, हलिया, कम्लहरी र हरवाचरवाको सम्बन्धमा नेपाल सरकारबाट भए गरेका कामहरुको अध्ययन गर्नु ।

ख) मुक्तकमैया, हलिया, कम्लहरीको पुनःस्थापना लगायतका कार्यक्रमहरूको हालसम्मको प्रगति विवरण तयार गर्नु ।

ग) मुक्तकमैया, हलिया, कम्लहरी र हरवाचरवाका विषयमा संबोधन भएको विषय र संबोधन हुन बाँकीका हकमा समेत सम्बोधनका लागि अबलम्बन गर्नूपर्ने नीतिगत र कार्यक्रमगत अवस्था पहिचान गर्ने गरी सुझाव पेश गर्नु ।

घ) मुक्तकमैया, हलिया, कम्लहरी र हरवाचरवा सम्बन्धी अन्य विवरणहरू तयार गरी सिफारिश गर्नु ।

**अध्ययन समितिको काम, कर्तव्य र अधिकार क्षेत्र**

क) मुक्तकमैया, हलिया, कम्लहरी र हरवाचरवाको समस्या संबोधन गर्न नेपाल सरकारले संचालन गरेका पुनःस्थापन लगायतका कार्यक्रमको हालसम्मको प्रगति, त्यसबाट संबोधन भएका विषय, पुनःस्थापन भएका परिवारको संख्या र अवस्था लगायतको यकिन विवरण तयार गर्ने साथै यस विषयमा प्रदेश सरकार र स्थानीय तहबाट कुनै नीतिगत एवं कार्यक्रमगत ब्यवस्थासंचालन भए नभएको सो समेत अध्ययन गरी प्रतिवेदन पेश गर्ने ।

ख) संबोधन हुन बाँकी रहेका मुक्तकमैया, हलिया, कम्लहरी र हरवाचरवाहरुको एकीकृत विवरण तयार गर्ने, पुनःस्थापनका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट के कस्तो नीतिगत एवं कार्यक्रमगत ब्यवस्थागर्न उपयुक्त हुन्छ स्पष्ट जिम्मेवारी किटान गरी कार्यक्रम कार्यान्वयन कार्य योजना समेत तयार गरी पेश गर्ने ।

**अध्ययन समितिको कार्यविधि र प्रक्रिया**

उक्त कार्यक्षेत्रगत शर्तहरू(TOR)का आधारमा सर्वप्रथम माननीय मन्त्रीज्यूको उपस्थिति र मन्त्रालयका सचिव तथा उच्चपदस्थ कर्मचारीहरुको सहभागितामा मिति २०७८ पुस १ गतेका दिन बैठक बसी कामको दिग्दर्शन बैठक गरियो । त्यस बैठकमा यो अध्ययन समितिले टिओआरमा उल्लेख भए अनुसारको यकीन विवरण लिन छोटो समयमा असंभव हुने, १५ दिन भित्र दिइएको काम सक्न असंभव हुने, त्यसैले म्याद बढाइनु पर्ने कुरा स्पष्ट पार्ने कार्य भयो । साथै, यो समाजका सबैभन्दा उत्पीडित समुदायको कार्य हुनाले समितिको काम गर्दा सदस्यहरूले मासिक पारिश्रमिक नलिने कुरा पनि स्पष्ट पार्ने कार्य समेत भयो । त्यस अनुसार टिओआर सच्याइने वचन मन्त्रीज्युबाट प्राप्त भयो ।

त्यसपछि अध्ययन समितिको २०७८ पुस ६ मा पहिलो बैठक बसी आफ्नो कार्यविधि निर्माण गरी कार्ययोजना निर्माण गर्ने काम भयो । कार्यविधि तथा कार्ययोजनाका आधारमा सम्पन्न गरिएका कामहरू निम्न रहेका छन् :

**१) कार्यविधि तथा कार्ययोजना निर्माण**

समितिलाई दिएको कार्यशर्तका आधारमा सर्वप्रथम समितिको कार्यविधि निर्माण गर्ने काम भयो । त्यसपछि सो कार्यविधिका आधारमा हरवाचरवा, मुक्तकमैया, कम्लहरी तथा हलिया प्रभावित क्षेत्रको कार्ययोजना निर्माण गर्ने काम सम्पन्न गरियो ।

**२) दस्तावेज संकलन :**

अध्ययन समितिले आफ्नो अर्को मुख्य कामका रुपमा निम्न बिषयको सामग्री, तथ्याङ्क र दस्तावेज संकलन र त्यसको अध्ययनलाई किटान गऱ्यो :

क) यसअघि मुक्तकमैया, कम्लहरी र हलियाको मुक्ति र पुनःस्थापनाका सन्दर्भमा भएका सम्झौता, कार्यविवरण, तथ्याङ्क सन्निहित सरकारी र गैरसरकारी पुस्तक एबम् दस्तावेजहरू,

ख) नेपाल सरकारका यस सम्वन्धी नीति तथा कार्यक्रम र बजेट सम्बन्धी व्यवस्थाहरु, यस सम्वन्धी दस्तावेजहरू,

ग) विभिन्न व्यक्ति वा संस्थाहरुले कमैया कम्लहरी, हलिया र हरवाचरवा सम्वन्धमा गरेका अध्ययन अनुसन्धानमूलक पुस्तक र प्रतिवेदनहरू,

घ) विश्वमा भूदास प्रथा उन्मुलनका अभ्यास सम्वन्धी सामग्री र पुस्तकहरू यसको दुई हप्ताभित्र सम्वन्धित सामग्री जम्मा गर्ने र तिनीहरूबारे अध्ययन र छलफल गर्ने कार्य भए ।

**३) सरोकारवालाहरुसंग परामर्श**

त्यही बीचमा समितिले मुक्तकमैया, हलिया, कम्लहरी तथा हरवाचरवाका क्षेत्रमा कार्यरत संघ/संस्थाका अगुवा प्रतिनिधिहरू र यसबारेका अध्ययन अनुसन्धानकर्ताहरुसित छलफल गर्ने काम सम्पन्न गर्‍यो ।

यसको विवरण निम्नानुसार छ :

१. जगत देउजा : भूमिसम्बन्धी समस्या समाधान आयोगका पूर्वसदस्य तथा कार्यकारी निर्देशक आत्मनिर्भर केन्द्र (CSRC) काठमाडौं ।

२. डा.सुरेश ढकाल : प्राध्यापक, त्रिभुवन विश्वविद्यालय तथा हरवाचरवा सम्बन्धी अध्ययन अनुसन्धानकर्ता । यस सम्वन्धी दुई पुस्तकका लेखक ।

३. नारायण भट्टराई : राष्ट्रिय संयोजक, अन्तराष्ट्रिय श्रम संगठन (ILO) नेपाल ।

४. जिएम श्रेष्ठ : प्रोग्राम म्यानेजर, द फ्रिडम फण्ड, नेपाल । हरवाचरवा क्षेत्रमा कार्यरत ।

५. बालाराम भट्टराई : अधिवक्ता तथा सल्लाहकार, द फ्रिडम फण्ड, हरवाचरवा क्षेत्रमा कार्यरत ।

६. धर्मराज जोशी : प्रतिनिधि अन्तराष्ट्रिय भूमिअधिकार कोलिशन, नेपाल

७. सुजात श्रामणेर : प्रतिनिधि, एक्सन एड इन्टरनेशनल, नेपाल ।

८. अर्जुन थपलिया : स्थानीय सामाजिक कार्यकर्ता, हरवा समस्याका जानकार, सिराहा

९. रामप्रकाश दनुवार : सिनियर प्रोग्राम अपरेशन म्यानेजर, ह्यावीट्याट फर् ह्युमनिटी नेपाल ।

१०. ईश्वर सुनार : अध्यक्ष, राष्ट्रिय मुक्तहलिया समाज महासंघ, धनगढी, कैलाली

११. पर्वत सुनार : महासचिव, राष्ट्रिय मुक्तहलिया समाज महासंघ, हुम्ला ।

१२. हरिसिंह बोहोरा, कार्यकारी निर्देशक राष्ट्रिय मुक्तहलिया समाज महासंघ, धनगढी, कैलाली

१३. लगनशिल मुक्तहलिया कृषि सहकारी संस्था, जोरायल गापा २, बुडरको नेतृत्वसित छलफल

१४. हुकुम सार्की : राष्ट्रिय दलित नेटवर्क, नेपाल, कैलाली ।

१५. एकराज चौधरी : कोहलपुर बाँके, कमैया आन्दोलनका ज्ञाता

१६. हरि चौधरी : भूमिसुधार कार्यालय दाङ्गका पूर्वकर्मचारी

१७. गोपाल गिरी : निबृत्त उपसचिव, आवास शाखा, भूमिब्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ।

*फोन सम्वादमार्फत छलफल गरिएको:-*

१. बिन्तीराम थारु, कमैया अगुवा,

२. दीपु चौधरी, कमैया अगुवा

३. बिष्णुमाया चौधरी, कम्लहरी अगुवा

४. गगनकुमारी थारु, कम्लहरी अगुवा

५. जगनी कुमारी थारु, कम्लहरी अगुवा

**४. केही सहायक साइड छलफलहरू**

राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याँकन समितिको सभापति माननीय नीरादेवी जैरुको निर्देशनमा संसदीय समितिको आयोजनामा भूमिव्यवस्था, सहकारी तथा गरिवी निवारणमन्त्री शशी श्रेष्ठ, श्रम तथा सामाजिक सुरक्षामन्त्री माननीय किसान श्रेष्ठ र अर्थ मन्त्रालयकातर्फबाट सहसचिवको उपस्थितिमा छलफल कार्यक्रमको आयोजना गरिएको थियो ।

हरवाचरवा, मुक्तहलिया, कमैया, कम्लहरी आन्दोलनका प्रतिनिधिहरुको उपस्थिति रहेका सो कार्यक्रममा भूमिव्यवस्था, सहकारी तथा गरिवी निवारणमन्त्री माननीय शशी श्रेष्ठले गरेको प्रतिबद्धता महत्वपूर्ण थियो ।

यसअघि राष्ट्रिय दलित नेटवर्कको आयोजनामा काठमाडौंमा हरवाचरवा, मुक्तकमैया, हलिया, कम्लहरीको सवालमा दवावमुलक अन्तरसंवादको आयोजना गरिएको थियो । सो कार्यक्रममा संसदीय समितिका संयोजक नीरादेवी जैरुको प्रमुख आतिथ्य रहेको थियो । सो कार्यक्रममा संविधान सभा सदस्य र विषष ज्ञाता श्याम श्रेष्ठको कार्यपत्र प्रस्तुति रहेको थियो । कार्यक्रममा नेपाल सरकार भूमिव्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका सहसचिव जनकराज जोशीले मन्त्रालयको प्रगति र भावी उपायका विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

**५.स्थलगत भ्रमणको कार्यक्रम**

माथि उल्लिखित भएका पुस्तक तथा दस्तावेजहरुको संकलन तथा अध्ययन तथा सरोकारवाला व्यक्तिहरूसितको कुराकानीपछि  समस्याग्रस्त क्षेत्रमा स्थलगत अध्ययन गर्ने उद्देश्यले अध्ययन समितिको पटक पटकको बैठक बसी फिल्ड भ्रमणको बिस्तृत कार्ययोजना निर्माण गरिएको थियो । कार्ययोजना हरेक क्षेत्रमा कति समय ब्यतित गर्ने ? के के गर्ने ? के के प्रश्न सोध्ने ? क-कसको जिम्मेवारी के के हुने ?  भन्ने जस्ता सवालमा निर्णय गर्ने कार्य भएको थियो ।

कार्य योजना अनुसार हरवाचरवा, मुक्तकमैया र कम्लहरी तथा मुक्तहलिया क्षेत्रमा गरी तीनवटा क्षेत्रमा फिल्ड भ्रमण गर्ने योजना निर्माण गरी पारित गरियो । सो कार्ययोजनाअनुसार मन्त्रालयको पहलमा लुम्बिनी प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश सरकार, कर्णाली प्रदेश सरकार तथा केही सहयोगी गैर सरकारी संस्था समक्ष व्यवस्थापनका लागि अनुरोध गरी पठाउने काम भयो । फलस्वरुप कमैया र कम्लहरी क्षेत्रको फिल्ड भ्रमणको लागि लुम्बिनी प्रदेश सरकार तथा सुदूरपश्चिम प्रदेश सरकार र हलिया सम्वन्धी फिल्ड भ्रमणको लागि सुदूरपश्चिम प्रदेश सरकार र कर्णाली प्रदेश सरकारको तर्फबाट सम्पूर्ण ब्यवस्थापनको जिम्मा लिने प्रतिवद्धता जाहेर भयो । यस कार्यमा मन्त्रालयका सहसचिव जनकराज जोशीले उल्लेख्य भुमिका निर्वाह गर्नु भएको थियो ।

मधेश प्रदेश सरकारबाट भने त्यस्तो प्रतिवद्धता आउन नसकेकाले ह्याविटेट फर ह्युमनिटीको ब्यवस्थापनसहयोग तथा द फ्रिडम फण्डको स्थलगत गाइडेन्समा सो क्षेत्रमा भ्रमण गरिएको थियो । यसमा ठाउँ ठाउँमा सि.एस.आर.सीले समेत सहयोगी भूमिका निर्वाह गरेको थियो ।

फिल्डमा जानुपूर्व सम्पर्क गर्नुपर्ने व्यक्तिहरू आन्दोलनका अगुवाहरूको नामावली संकलन, तिनको फोन नम्वर समेत संकलन गरी सम्पर्क सूत्र स्थापित गर्ने काम भएको थियो । फिल्ड भ्रमणको क्रममा सम्पर्क स्थापना र सहजीकरणको काममा अध्ययन समितिमा रहेका त्यस आन्दोलनसित जोडिएका सदस्यहरूको कमैया, कम्लहरी, हलिया र हरुवाचरवासितको व्यापक सम्पर्क सञ्जालले महत्वपूर्ण भूमिका खेलेको थियो । त्यस्तै, प्रशासन क्षेत्रसित जोडिएका सदस्यहरूको प्रदेश प्रशासन र जिल्ला प्रशासनसितको सम्पर्क सेतुले फिल्ड भ्रमणलाई काफी सहज तुल्याएको थियो ।

अध्ययन कार्यलाई फिल्डमा ब्यवस्थापकीय हिसाबले सघाउन र आफै पनि प्रदेश सरकारको प्रतिनिधिका रुपमा अध्ययन टोलीमा सामेल हुन लुम्विनी प्रदेशका सरकारका तर्फबाट नापी अधिकृत कबि सिंह कठायत र बिष्णु डाँगी पुरै फिल्ड भ्रमणको समयभरि अध्ययन समितिसित त्यसकै अंग हुँदै फिल्डमा जुटेको थिए । त्यस्तै ढंगले सुदूरपश्चिम प्रदेश सरकारको तर्फबाट पनि नापी अधिकृत धर्मराज ओझा र अर्का अधिकृत देबेन्द्र शाह त्यही ढंगले ब्यवस्थापनको सबै कार्य गर्न तथा टिमको अंग समेत भएर अध्ययनमा जुट्नु भएको थियो । उहाँहरू सबैको कुशल ब्यवस्थापनले हाम्रो अध्ययन भ्रमणलाई सफल, सहज र उपादेयतापूर्ण बनाउन धेरै मद्दत गरेको थियो । मधेस प्रदेशमा भूमिव्यवस्था, कृषि तथा सहकारी  मन्त्रालयका प्रमुख नापी अधिकृत विजयकुमार महतोले फिल्ड भ्रमणका कतिपय स्थानमा साथै हिँडेर सहयोग पुऱ्याउनु भएको थियो ।

मध्य र पूर्वी तराइमा हाम्रो ब्यवस्थापन र डकुमेण्टशनको पक्षमा सहयोग गर्न ह्याबीट्याट फर हयुमानिटी नेपालका सिनियर अपरेशन म्यानेजर रामप्रकाश दनुवार, इ.तृप्ती महासेठ र भिडिओग्राफर अभिषेक विष्टसहितको आफ्नो पुरै टीम भ्रमण अवधिभर अध्ययन समितिलाई सहयोग गर्न सहभागी भएको थियो । त्यस्तै, यही क्षेत्रमा फिल्डमा गाइडेन्सको कार्य गर्न फ्रिडम फण्डका प्रोग्राम म्यानेजर जिएम श्रेष्ठ लगायतको अर्को टीम र सामुदायिक सुधार केन्द्र धनुषाका अध्यक्ष सञ्जय शाहसहितको टिम फिल्डमा सहयोग गर्न आफै जुट्नु भएको थियो । सामुदायिक आत्मनिर्भर केन्द्रले मधेश प्रदेशका सबै क्षेत्रका सम्पर्क व्यक्तिको सूची उपलब्ध गराएको थियो भने महोत्तरीको लोहारपट्टीमा र बाँकेको कोहोलपुर बस्ती र खजुरामा आफ्नो संस्थाको सम्पर्क व्यक्ति क्रमशः फौदसिंह स्याङवा र जसवीर ओड नै पठाइदिएर हरवाचरवा र कमैया क्षेत्रसम्मको हाम्रो पहुँच सहज बनाइदिएको थियो । हलिया महासंघका कार्यकारी निर्देशक हरि बोहरा स्वयम् फ्रिडम फण्डका परामर्शदाता बालाराम भट्टराई सहित आफ्नो पुरै टीमका साथ सुदूरपश्चिम र कर्णाली प्रदेशको हलिया बाहुल्य बस्तीहरूसम्मको भ्रमणमा हाम्रो सहयोगमा जुट्नु भएको थियो । यिनै सबै ब्यक्ति र संस्थाको सहयोगले गर्दा लक्षित समुदायसितको हाम्रो पहुँच र छलफल सम्भव र सहज भएको थियो ।

फिल्ड भ्रमण गर्दा पहिलो चरण मुक्तकमैया क्षेत्रबाट सुरु गरिएको थियो । यस क्रममा लुम्बिनी प्रदेशको राजधानी बुटवल, दांङ, बाँके, बर्दिया, कैलालीको फिल्ड भ्रमण गरिएको थियो । कोरोनाको महामारी चर्कोसित फैलिएपछि फाल्गुन १ गतेदेखि झण्डै २४ दिनको समय त्यो प्रक्रिया अवरुद्ध भएको थियो । फेरि दोस्रो चरणमा हरवाचरवा बाहुल्य मधेश प्रदेशको सबै जिल्लाहरु-क्रमशः धनुषाबाट प्रारम्भ गरेर सिराहा, सप्तरी, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्साको फिल्ड भ्रमण गरिएको थियो । तेस्रो चरणमा हलिया बस्ती बाहुल्य रहेको अछाम, बाजुरा, डोटी, बझांङ, बैतडी, दार्चुला, डडेल्धुरा, कञ्चनपुर हुँदै अन्तमा कर्णाली प्रदेशको सुर्खेत र जाजरकोटको स्थलगत भ्रमण गरिएको थियो । लक्षित क्षेत्रमा हिमपातका कारण हाम्रो हुम्ला जिल्लामा जाने कार्यक्रम रद्द गर्नु परेको थियो । यसको बदलामा कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री

चन्द्रबहादुर शाहीको सहयोग तथा पहलकदमीमा कर्णाली प्रदेशका विभिन्न जिल्लाका सुर्खेतमा उपलब्ध स्रोत व्यक्तिह□को भेला गरेर त्यसबाट आवश्यक सूचना लिइएको थियो ।

मुक्तकमैया क्षेत्रमा २०७८ पौष २५ गतेदेखि पुस ३० गतेसम्म, हरवाचरवा क्षेत्रमा मिति २०७८ माघ २४ देखि फागुन १ गतेसम्म, र मुक्तहलिया क्षेत्रमा मिति २०७८ फागुन ४ देखि १४ गतेसम्म स्थलगत भ्रमण गरिएको थियो । यसरी कुल जम्मा २४ दिन स्थलगत भ्रमणमा खर्च गरिएको थियो । हरूहरू

स्थलगत भ्रमणको क्रममा गोष्ठी सेमिनार विधिलाई छोडेर पीडितहरुका गाउँ बस्तीमै गएर उनीहरूसंग प्रत्यक्ष भेटघाट र छलफललाई मुख्य प्राथमिकता प्रदान गरिएको थियो । उनीहरुसँग दोहोरो कुराकानी  र अन्तरंग अन्तरवार्ता समेत लिने काम गरिएको थियो । साथै, यी कुराको भिडिओग्राफी समेत गरिएको थियो । यस दौरानमा उनीहरूबस्ने घर र बस्तीको भित्री भागको अवलोकन गर्नुका साथै उनीहरूको जीवन स्थितिका विविध पक्षको प्रत्यक्ष अवलोकन र अध्ययन गरिएको थियो । यसको दृश्य स्टील फोटोमा अंकित समेत गरिएको छ । साथै, उनीहरूका समस्याहरूका बिषयमा वडा सदस्य, वडा अध्यक्ष, पालिका प्रमुख तथा उपप्रमुखहरुसँग एबम् प्रदेश सरकार मुख्यमन्त्री, मन्त्री तथा कर्मचारीहरुसँग समेत छलफल गरिएको थियो । दाङ्गमा सरोकारवाला सरकारी कर्मचारी र सिराहा र कोहलपुरमा बिषय विज्ञसित समेत छलफल गरिएको थियो ।

## ६. भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारणमन्त्री आफै पनि स्थलगत भ्रमणमा

अध्ययन समितिको स्थलगत अध्ययनको योजना मुताविक भूमिव्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री शशी श्रेष्ठले हलिया, कमैया तथा कम्लहरी र हरवाचरवासँग प्रत्यक्ष दाहोरो छलफल गर्ने उद्देश्यले मिति २०७८/१०/२६ गते सिराहा जिल्लाको बरियापट्टी गाउँपालिका वडा नंबर ३ स्थित हरवाचरवा बस्तीमा स्वयं उपस्थित भई हरवाचरवाले भोग्नु परेका समस्याका बिषयमा सम्वाद गर्नु भएको थियो भने र मिति २०७८ फागुन ११ गते कंचनपुर जिल्लाको पुनर्वास नगरपालिका वडा नंबर ९ सितापुर बस्तीमा पुनःस्थापना गरिएका मुक्त हलिया सँग छलफल गर्नु भएको थियो । उक्त छलफलका क्रममा उहाँले नेपालको संविधानको व्यवस्थाअनुसार समस्याको हल गर्ने प्रतिबद्धता जाहेर गर्दै अध्ययन समितिले दिएको प्रतिवेदन अक्षरशः कार्यान्वयन गर्ने बताउनु भएको थियो ।

सुदूरपश्चिम प्रदेशका भूमिब्यवस्था कृषि तथा सहकारी मन्त्री बिनिता चौधरी कैलालीको भजनीस्थित सिर्जना शिबिरमा भएको अध्ययन भ्रमणमा स्वयम् उपस्थित हुनुभएको थियो भने कञ्चनपुरको पुनर्वास क्षेत्रका हलिया बस्तीको अवलोकन भ्रमणमा पनि आउनु भएको थियो । प्रतिवेदन आएपछि यसलाई दृढतापूर्वक कार्यान्वयन गर्ने प्रतिवद्धताका साथ अध्ययन भ्रमणमा उहाँको दरिलो साथ रहेको थियो ।

यही क्रममाभूमिब्यवस्थासहकारी तथा गरिवी निवारण मन्त्रालय र आत्मनिर्भर केन्द्रको संयुक्त आयोजनामा २०७८ फागुन ११ गते धनगढीमा एउटा अन्तरसम्वाद कार्यक्रम समेत आयोजना गरिएको थियो जसमा माननीय मन्त्री शशी श्रेष्ठको प्रमुख आतिथ्यमा सुदूरपश्चिम प्रदेशका उच्चपदस्थ कर्मचारीहरु, नागरिक समाजका अगुवाहरू मुक्तकमैया, हलिया, कमलहरीका अगुवाहरू र अधिकारकर्मी संगठनका अगुवाहरूका अलावा हरवाचरवा, मुक्तकमैया, हलिया, कम्लहरीसम्बन्धी अध्ययन समितिको सहभागिता रहेको थियो । यो गोष्ठीमा समितिका संयोजक श्याम श्रेष्ठको प्रस्तुतीमार्फत मुक्तकमैया, कम्लहरी र हलियाको समस्या र मुद्दालाई प्रदेशभरिका स्थानीय र प्रदेश तहका मन्त्री तथा अधिकारीहरूलाई संवेदित गराउने कार्य भएको थियो ।

## ८. सरोकारवाला सँग छलफल : सुदूरपश्चिम र कर्णाली प्रदेशमा

अध्ययनका क्रममा कैलाली जिल्लामा कार्यालय भएका तर सुदूरपश्चिमभरि नै कार्यक्षेत्र रहेका मुक्तहलिया, कमैया र कमलरीका क्षेत्रमा कार्यरत संस्थाहरुका बीचमा मिति २०७८ फाल्गुन ५ गते एक छलफल कार्यक्रम सम्पन्न गरिएको थियो । राष्ट्रिय दलित नेटवर्क, मुक्तहलिया समाज महासंघ तथा मुक्तकमैया उत्थान समाजको संयुक्त आयोजनामा भएको सो कार्यक्रममा मुक्तहलिया र मुक्तकमैया तथा कमलरीका विषयमा मुक्तहलिया समाज महासंघका कार्यकारी निर्देशक हरिसिंह बोहरा र मुक्तकमैया उत्थान समाज, कैलालीका संयोजक इन्द्र चौधरीले प्रस्तुति गर्नु भएको थियो ।सो कार्यक्रममा अध्ययन समिति र सरोकारवालाहरुबीच हलिया, कमैया र कम्लहरीहरुका बर्तमान अवस्था र समस्याका विषयमा दोहोरो छलफल गरिएको थियो । आयोजकहरूले यसमा लिखित तथा मौखिक रुपमा समितिलाई सुझाव दिएका थिए ।

मौसमको प्रतिकूलता र समयको सीमाको कारण कर्णाली प्रदेशका सबै जिल्लामा जान नसकिएको परिप्रेक्ष्यमा कर्णाली प्रदेश भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आयोजनामा मन्त्री माननीय चन्द्रबहादुर शाहीको प्रमुख आतिथ्यमा मिति २०७८ फागुन १३ गते एक छलफल कार्यक्रमको आयोजना गरिएको थियो ।

बिशेषगरी साविक कर्णाली अंचल अन्तरगतका जिल्लाहरू जुम्ला, हुम्ला, मुगु, कालिकोट र डोल्पाका प्रतिनिधिहरुको उपस्थितिमा मुक्तहलिया समस्याबारे सुझाव संकलन गर्न आयोजित सो कार्यक्रममा हालको कर्णाली प्रदेशका तीनवटा जिल्ला हुम्ला, जाजरकोट र सुर्खेत जिल्लामा मात्र तथ्याङ्क लिइएको तर अरु जिल्लामा हलिया नभएको बताइए पनि सो छलफल कार्यक्रममा सहभागी अधिकांश सहभागीहरुले कर्णाली प्रदेशका १०वटै जिल्लामा हलिया समस्या विद्यमान रहेकोले पुनः तथ्याङ्क संकलन गरिनुपर्दछ भन्ने माग गरेका थिए ।

कर्णाली प्रदेशका तथ्याङ्क संकलन भएका जिल्लाहरुमा पनि बस्तीका बस्ती छुटेका र ७ वटा जिल्लाहरुमा त पूरै जिल्ला नै छुटेकाले सरकार गम्भिर हुन जरुरी भएको सुझाव प्राप्त भएको थियो । सो कार्यक्रममा मुक्तहलियाका क्षेत्रमा कार्यरत अगुवाहरू तथा किसान आन्दोलनको नेताहरुको समेत उपस्थिति थियो ।

## ९. पुनः भूमि विज्ञसँग परामर्श

स्थलगत अध्ययनको वास्तविकता अध्ययन पश्चात प्रतिवेदनलाई अन्तिम रुप दिनका लागि मुक्तकमैया, हलिया, कम्लहरी तथा हरवाचरवाका क्षेत्रमा दशकौं काम गरेका भूमिविज्ञहरुमध्ये भूमिसम्बन्धी समस्या समाधान आयोगका पूर्व सदस्य तथा आत्मनिर्भर केन्द्रका कार्यकारी निर्देशक जगत देउजा र नेपाल सरकार भूमिव्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका आवास शाखाका तत्कालिन प्रमुख पूर्व उपसचिव गोपाल गिरीसंग छलफल गर्ने काम गरिएको थियो ।

## १०. अध्ययन समितिको प्रतिवेदन लेखनको प्रक्रिया

फिल्ड भ्रमण सकिएपछि र जरुरी ठानिएका बिषय ज्ञातासित पनि छलफल सकिएपछि अध्ययन समितिलाई दिएको कार्यादेशअनुसार बिभिन्न बिषयमा केन्द्रित भएर अध्ययन समितिमा बिस्तृत छलफल गरिएको थियो । प्रतिवेदनमा के के शीर्षक रहनु उचित हुने ? फिल्डबाट आएका तथ्यका आधारमा अध्ययनको सारांश र निष्कर्ष के-के हुने ? मुक्तकमैया, हलिया, कम्लहरी तथा हरवाचरवाको समस्याहरू तथा समस्याको हल गर्नका गर्नूपर्ने सिफारीशहरू के के हुनु उचित हुने ? सिफारीशमध्ये संघ, प्रदेश र स्थानीय तह एवम् गैरसरकारी संस्थाहरूलाई के के सिफारीश गर्ने ? यी र यस्ता प्रत्येक बिषयमा

समितिका सदस्यहरूबीच केही दिन लगाएर हरेक बिषयमा बुँदागतरुपमा छलफल गरिएको थियो । त्यस आधारमा सदस्यहरूबीच कार्य बिभाजन गरेर रिपोर्ट तैयार गरिएको थियो । तैयार गरिएको रिपोर्ट फेरि हरेक सदस्यलाई बिस्तृतमा पढ्न दिएर फेरि त्यसको हरेक हरफ समुहमा पढ्ने र त्यसमा अपुग देखिएको कुरा तत्काल थप्ने र सच्याउने काम भएको थियो । त्यसपछि अन्ततः बैठकबाट प्रतिवेदन पारित गरिएको थियो ।

## ११. समितिको अध्ययनको सीमा

मुक्तकमैया, कम्लहरी, हलिया र हरवाचरवा जस्ता तीन तीनवटा क्षेत्रको भ्रमण गर्नु पर्ने भएकाले प्रत्यक्ष रुपमा स्थलमै गएर हेर्नुपर्ने क्षेत्र धेरै थिए तर हामीलाई उपलब्ध समय भने निकै सीमित थियो । त्यसैले हामीले छानिएका थोरै क्षेत्रमा मात्र फिल्ड भ्रमणमा जान संभव भएको थियो । यो हाम्रो अध्ययनको पहिलो मुख्य सीमा हो ।

यो सीमाका बीच पनि अधिकतम उपलब्धि हासिल गर्नका लागि हामीले एउटा समस्याग्रस्त क्षेत्रमा अलि बिस्तृत रुपमा अध्ययन गर्ने, अरुमा राम्रो पुनर्स्थापना प्रगति भएको एउटा र खराब पुनर्स्थापना भएको एउटा क्षेत्र छानेर भ्रमण गर्ने उपाय अपनाएका थियौं । भ्रमण गर्न संभव नभएका स्थानका लागि सरोकारवाला ब्यक्ति र स्रोतलाई भेटेर जानकारी लिने कार्य पनि गरिएको थियो । यो प्रतिवेदन तिनै छानिएका क्षेत्रको फिल्ड भ्रमणमा मात्र आधारित रहेको छ । अतः यसमा कमैया, कम्लहरी, हलिया र हरवाचरवाका सम्पूर्ण क्षेत्रका सूचनाहरू रहेका छैनन् । तथापि यस प्रतिवेदनमा प्रस्तुत बिषयवस्तुले औसत रुपमा र प्रतिनिधिमूलक ढंगले तथ्य र वस्तुस्थितिको अद्यावधिक जानकारी दिने काम भने अवश्य गर्न सक्छन् भन्ने हाम्रो अपेक्षा रहेको छ ।

अध्ययनको काम अघि बढाउनका लागि मन्त्रालयसित साधनस्रोतका अत्यन्त ज्यादा सीमितताका कारण योजना गरिएको समयमै फिल्डमा जान सम्भव भएन । साधन स्रोत र ब्यवस्थापनको सहयोगको लागि प्रदेश सरकारहरू र गैरसरकारी संस्थालाई अनुरोध गर्नुपर्दा प्रारम्भिक चरणको भ्रूण्डै डेढ हप्ता भन्दा लामो समय यही कुरामा ब्यतीत गर्नूपर्ने बाध्यता मन्त्रालयसित रह्यो । स्रोत साधनकै सीमितता र अभावका कारण लक्षित गरिएका थुप्रै स्थान र बस्तीहरू अध्ययन भ्रमणको कार्यक्रमबाट कटाउनु पर्ने स्थिति समेत बन्यो । सबैभन्दा ज्यादा समय हरवाचरवा र हलिया बाहुल्य क्षेत्रमा बिताउने समितिको योजना कार्यान्वयन गर्न ब्यवहारतः असम्भव भयो । समितिको अध्ययनको यो अर्को ठूलो सीमा हो ।

फिल्ड भ्रमणमा रहेकै बेला कोभिड १९ को तेस्रो भेरियण्ट भ्रमण लक्षित गरिएका स्थानमा जोडले फैलिएका कारण बिचैमा तीन हप्ताभन्दा पनि थोरै ज्यादा समयका लागि भ्रमण स्थगित गर्नु परेको थियो जसले गर्दा तोकिएको समयमा काम सम्पन्न गर्न काबुभन्दा बाहिरको परिस्थिति सिर्जना भयो । अन्यथा आजभन्दा एक महीनाअघि रिपोर्ट बुझाउन कुनै गाह्रो हुने थिएन । अध्ययन समितिले सामना गर्नु परेको यो अर्को सीमा हो ।

२०७४ साल चैत्रमा साविकको भूमिसुधार मन्त्रालय भूमिब्यवस्था मन्त्रालयमा रुपान्तरित गरिएपछि जिल्लास्थित भूमिसुधार कार्यालय हटाइनु, कर्मचारी समायोजनको क्रममा पुनर्स्थापना सम्बन्धी ज्ञान र अनुभव भएका कतिपय कर्मचारीहरू फेरिनुका कारण प्रतिवेदन लेखनमा जरुरी सूचना र जानकारी प्राप्त गर्न काफी कठिनाइ उत्पन्न भएको थियो । भूमिब्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयमा पुनःस्थापनाको बार्षिक प्रगति, पैदा भएका समस्या र सीमाहरू सम्वन्धमा आवश्यक तथ्याङ्क र दस्तावेजहरूको रिकर्ड निकै थोरै मात्रामा मात्र उपलब्ध हुनाले पनि आवश्यक सबै तथ्याङ्कसहितको प्रतिवेदन लेखनका कठिनाइ पैदा भएको थियो । मन्त्रालयले २०७६ जेठमा सबै पुनर्स्थापनाका कामको जिम्मा स्थानीय तहलाई हस्तान्तरण गरेपछिका त कुनै तथ्याङ्क नै समितिसमक्ष बिभागीय

मन्त्रालयबाट उपलब्ध हुन सकेनन् । अतः यसमा प्रस्तुत जे जति सरकारी तथ्याङ्क हुन् ती २०७६ जेठ अघिका हुन् । यो प्रतिवेदनको अर्को महत्वपूर्ण सीमा हो ।

हाम्रो अध्ययन समितिका सदस्य हरि श्रीपाइली कैलालीको धनगढी बस्नुपर्ने स्थिति एकातिर थियो भने अर्कातिर समितिका अर्का सदस्य चन्द्रबहादुर सिवाकोटीका पिता विरामी भएकाले उहाँहरुले सोचे जति प्रतिवेदन लेखनमा समय दिन संभव भएन ।

यी सबै सीमाका बाबजुद बिना कुनै पारिश्रमिक समितिका सबै सदस्यहरूको निरन्तरको अथक मिहेनत र बिभागीय मन्त्रालयको सहयोगबाट अगाडि देखा परेका चुनौतिहरुलाई अवसरमा बदल्दै यो प्रतिवेदन तयार पार्ने काम भएको हो ।

# विषय सुची

विषय : प्रतिवेदन पेश गरेको सम्बन्धमा i
समितिको कार्यक्षेत्रगत शर्तहरु (TOR) ii
कार्यकारी सारांश iii
धन्यवाद ज्ञापन xvii
प्राक्कथन xviii

**खण्ड १ १**

**मुक्तकमैया तथा कम्लहरी १**

१.१ अध्ययनबाट प्राप्त भएका तथ्य तथा जानकारीहरु १
१.२ कम्लहरीको स्थिति अध्ययन ११
१.३ फिल्ड भ्रमणको विस्तृत विवरण १५
१.४ कम्लहरी बसेकै ठाउँमा हत्या भएका घटना ६५
१.५ अध्ययन भ्रमणको निष्कर्ष ६५
१.६ सिफारीशह□ ६९
१.७ मूक्तकम्लहरीका सम्वन्धमा अध्ययनका निष्कर्षह□ ७६
१.८ सिफारीशह□ ७७

**खण्ड २ ७९**

**मूक्त हलिया ७९**

७९
२.१ अध्ययनबाट प्राप्त भएका तथ्यहरु ७९
२.२ अध्ययन भ्रमणको विस्तृत विवरण ८७
२.३ अध्ययनको निष्कर्ष ७
२.४ सिफारीशह□ १०

**खण्ड ३ २४**

**हरवाचरवा २४**

२४
३.१ अध्ययनबाट प्राप्त भएका तथ्यहरु २४
३.२ अध्ययन भ्रमणको बिस्तृत बिबरण ३२
३.३ अध्ययन भ्रमणको निष्कर्ष ८६
३.४ सिफारीशह□ ८८
३.५ तहगत जिम्मेवारी बिभाजन र कार्ययोजना ९१
४. सन्दर्भ स्रोत: १०८

# खण्ड १
# मुक्तकमैया तथा कम्लहरी

## १.१ अध्ययनबाट प्राप्त भएका तथ्य तथा जानकारीहरु

नेपालमा कमैया प्रथा सामन्तवादी भूदास प्रथाकै एउटा उदाहरणका रुपमा लिन सकिन्छ । करिया प्रथाका रुपमा परिचित दास प्रथा नेपालमा राणा प्रधानमन्त्री चन्द्र शमसेरकै शासन कालमा बि.सं १९८७ (इस्वी सन् १९३०) मै उन्मुलन गरिएको घोषणा गरिएको हो । परन्तु यसका अवशेषहरू भने लामो समयसम्म रहिरहे । त्यसमध्ये एक कमैया प्रथा हो ।

विविध कारणले भारततिरबाट नेपाल पसेर नेपाली भूमिमा स्वामित्व कायम गरेका भारतीय मूलका धनी किसान र जमिन्दारहरूले र तराइमा औलो उन्मुलन गरिएपछि पहाडबाट तराइ झरेका पहाडका जमिन्दारहरूले तराइमा आफ्नो खेतीपाती तथा सुख सुविस्ताको लागि तराइका आदिवासी थारुहरूलाई बँधुवा श्रमिक अथवा भूदासको रुपमा राख्न थालेपछि नेपालमा कमैया प्रथाको उत्पत्ति र बिस्तार भएको थियो । परन्तु थारु समुदाय मात्र कमैया छन् भन्ने कुरो होइन, गैरथारु पनि कमैया बसेका उदाहरण भेटिएका छन् । कमैयामध्ये ९७ प्रतिशत थारु रहेका छन् । अरु गैरथारु समेत रहेका देखिन्छन् ।

वि.सं. २०५७ सालमा सरकार स्वयम्ले कमैया लगत संकलनसँगसँगै संकलन गरेको कमैया  भूमिस्वामित्व सर्भेक्षण मुताबिक कञ्चनपुरका ९७ प्रतिशत कमैयाहरूको आफ्नो कुनै जमिन थिएन । त्यस्तै, कैलालीका ८७ प्रतिशत, बाँकेका ७१ प्रतिशत र बर्दियाका ५८ प्रतिशत कमैया भूमिहीन थिए । सबैभन्दा कम दाङ्का ३८ प्रतिशत कमैयामा भूमिहिनता रहेको थियो । सालाखाला कमैया रहेका पाँच जिल्लामा ७३ प्रतिशत कमैयामा भूमिहीनता विद्यमान थियो । यसप्रकार कमैयाहरूलाई कमैया बस्न उत्प्रेरित गर्ने मूलकारक तत्व उनीहरूको चरम भूमिहीनता, गरिबी र बेरोजगारी थियो ।

सानो टुक्रो जमीन र ऋण (सौकी) को ब्याजबापत पुस्तौँपुस्ता जोताहा भएर बँधुवा श्रमिक हुनुपर्ने चलनलाई कमैया प्रथा भनिन्छ । यस हिसाबले कमैयाहरू मूलतः दुईवटा कारणले कमैया बसेको देखिन्छ : एक, ऋण लिएबापत, त्यसको ब्याजस्वरुप त्यो ऋण चुक्ता नगरेसम्म; दुई, सानो टुक्रा जमिन र त्यसमा बुकुरो (घर) बनाउन दिएबापत, कमैयाले त्यो जमिनबाट जीविका र बुकुरो (घर) मा घरबास गरिरहेसम्म । कमैया श्रमिक यस कारणले बँधुवा श्रमिक भएका देखिन्छन् किनकि उसलाई बढी ज्याला आए पनि आफ्नो मालिकको काम छोडेर अन्यत्र काम गर्नजाने स्वतन्त्रता थिएन । उसको कार्यघण्टा र ज्याला थिएन । थप, कमैयालाई आफू मात्र बँधुवा श्रमिक भएर पर्याप्त थिएन, पुरै परिवार नै भूस्वामीको घरमा निःशुल्क श्रम गर्न बाध्य थिए । कमैयाको श्रीमती बुक्रही हुने र छोरी कम्लहरी हुने कुरा यसैको परिणाम थियो । बीसौँ सदीको अन्तितिर पुग्दासम्म पनि यो बँधुवा श्रमिक प्रथा मानव सभ्यताको दाग र लोकतन्त्रको कलङ्कको रुपमा नेपालमा विद्यमान थियो ।

### १.१.१. पुनर्स्थापनाका सरकारी प्रयासह□

उसो त राणाकालमै सन् १९४४ (बि.सं २००१ साल) मा बर्दिया भूमिको लागि भएको भूमिहिनहरूको आन्दोलनलाई कमैया आन्दोलनको सुरुवात मानिन्छ । तर यो आन्दोलन सफलतामा भने टुंगिएन । २०४७ सालमा सक्रिया राजतन्त्रमा आधारित पञ्चायती शासनको अन्त भएर राजनीतिक स्वतन्त्रता सहितको नयाँ संविधान जारी भएपछि त्यही स्वतन्त्रताको उपयोग गर्दै कमैयाहरूले यो प्रथाबिरुद्ध आफ्नो आन्दोलन तिब्र

बनाए । काम गरेको उचित ज्याला, अनुचित सौकी (ऋण) मिनाहा र कमैयाबाट मुक्तिको मागसहित कैलाली जिल्लाको तत्कालिन गेटा गाविसका १९ जना कमैयाहरूले उठाएको आन्दोलनको झण्डा पछि गएर पाँचै जिल्लामा फैलियो र राजधानी समेत तरंगित हुन पुग्यो । फलस्वरुप वि.सं.२०५७ साउन २ गते नेपाल सरकारले अनुचित ऋण(सौकी) मिनाहासहित कमैया मुक्तिको घोषणा गरेको थियो । त्यसको एक बर्षपछि कमैया श्रम ( निषेध ऐन) २०५८ जारी गरिएको थियो ।

सो ऐन जारी भएपछि नेपालभर कुनै पनि भूभागमा कमैयाको नामबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा असहाय तथा अशिक्षित श्रमिकहरूलाई बाध्यकारी अथवा बाँधा श्रममा लगाउन पूर्णरुपमा निषेध गरियो । कसैले काममा लगाएमा दण्डनीय हुने र स्वतः छूटकारा पाउने बनाइयो । कमैयामाथि लागि रहेको सबै ऋण तिर्नु बुझाउनु नपर्ने गरी मिनाहा गरियो र त्यस सम्वन्धी सबै कागजात, लिखत र सम्झौता पनि अमान्य र दण्डनीय घोषित गरियो । कसैले अब फेरि यस बिपरीत काम गरेमा कानुनी कार्यवाही गर्ने ऐलान गरियो ।

### १.१.२ मुक्तिअघिका पुनर्स्थापनाका प्रयासह□

परन्तु सरकारबाट कमैया पुनर्स्थापनाको कार्य भने कुनै न कुनै रुपमा २०५२ सालदेखि नै सुरु हुन थालेको पाइएको छ। निम्न कार्यक्रम यसका प्रत्यक्ष उदाहरण हुन् :

- २०५२ सालमा लिइएको कमैया लगत संकलन कार्यक्रम । कुल कमैया परिवार १५,१५२ भएको टुंगो
- लगत संकलनसँगै २०५२ सालमा कमैयाले तिर्नुपर्ने कुल ऋण (सौकी) जम्मा ४ करोड ८९ लाख भएको हरहिसाब र त्यो समेत जमिन्दारलाई सरकारले तिरिदिने र हलियाको ऋण मोचन गर्ने कार्यक्रमको तैयारी जुन पछि गरिएन
- २०५२ सालमा लगत संकलन सँगसँगै प्रारम्भ भएको ८१७ वटा कमैया समुह गठन र समुह बचत परिचालन कार्यक्रम
- २०५२/५३ देखि थालिएको कमैया पुनर्स्थापना तथा वृत्ति विकास कार्यक्रम ।
- २०५२ सालदेखि आइ.एल.ओको सहयोगमा सुरु गरिएको कमैया घुम्तिकोष कार्यक्रम ।
- २०५२ सालदेखि प्रारम्भ गरिएको कमैया उद्यमी विकास कार्यक्रम ।
- २०५३ सालदेखि गठन हुन थालेको जिल्ला कमैया बसोबास समिति ।
- २०५५ असारदेखि सुरु भएको जिल्ला कमैया ऋण मोचन कोष ।

परन्तु निकै राम्रा र रुपान्तरणकारी कार्यक्रम थाल्ने तर त्यो उत्तिकै बीचैमा हचुवामा बेवारीशे छोड्ने सरकारको रबैया रहेको देखियो । सरकारले २०५२ सालदेखि थालेको कमैया पुनर्स्थापनाको कार्यक्रम मात्र निरन्तरताकासाथ ठिकसित लागू गरिएको भए बि.सं २०५० को दशकमै कमैया मुक्तिको आधारभूत समस्या समाधान गर्न कुनै असम्भव कुरो थिएन । तर यस्तो भएको देखिएन ।

### १.१.३ मुक्तिको घोषणापछिका उपलब्धिह□

यो परिप्रेक्ष्यमा २०५७ सालमा कमैया मुक्तिको घोषणा आधुनिक नेपालमा बँधुवा श्रमिक मुक्तिको हिसाबले एउटा ऐतिहासिक फड्कोको रुपमा लिन सकिन्छ । मुक्तिको घोषणापछि पुनर्स्थापनाको प्रयास स्वरुप कमैया परिवारलाई जुन पैमानामा जमिन र घर एवम् सीप तालिम सरकारले प्रदान गऱ्यो त्यति यसअघि कहिल्यै प्रदान गरिएको थिएन । धेरै कमैयाहरू यसबाट लाभान्वित भएको पाइएको छ । कैयन्को जिन्दगीमा कायापलट आएको पनि देखिएको छ । कमैयामध्ये कोही ठेकेदार, सीपयुक्त डकमी, सिकर्मी, मोटर

साइकल वा गाडी मिस्त्री, हाउस इलेक्ट्रसिटी टेक्निशियन भएर नजिकैका शहर बजारमा श्रमिकको रुपमा काम गर्न थालेको भेटिएको छ । उनीहरूको राजनीतिक तथा सामाजिक जागरण र नेतृत्व क्षमता बढ्दो छ । कमैया मुक्तिपछि कान्छु थारु बटैया तालमा निर्वाचित वडाध्यक्ष हुन सफल भएका छन् भने कृष्णी थारु लुम्बिनी प्रदेशका उपसभामुख भएकी छन् । पहिलो संविधानसभामा मोतीदेवी थारु, दोस्रोमा सुन्दरा थारु सभासद भएका थिए । कमैया आन्दोलनका नेता डिल्लीबहादुर चौधरी संघीय मन्त्री हुंदै हाल लुम्बिनी प्रदेशका मन्त्री भएका छन् ।

कमैया मुक्तिको घोषणापछि बँधुवा श्रमिकका रुपमा रहेका कमैयाहरू कमसेकम जमिन्दारको सामन्ती बन्धनबाट बाहिर आएका छन् र स्वतन्त्र श्रमिकमा बदलिएका छन् । यसमा उनीहरू खुशी देखिन्छन् । यो कमैया मुक्तिको घोषणाले पैदा गरेको सकारात्मक पक्ष हो ।

### १.१.४ कमैयाको एकीकृत लगत

कमैयाको पहिलो लगत कमैया मुक्ति घोषणा हुनुभन्दा पाँच बर्षअघि २०५२ सालमै लिन थालेको देखिन्छ । परन्तु दोस्रो र बिस्तारित लगत भने २०५७ सालमा लिइयो र कमैयाको छूट लगत भनेर फेरि २०५९ सालमा लिइएको पाइएको छ । ती लगतहरूबाट २०५७ सालको लगतबाट कुल कमैया संख्या १८,४०० देखिएकोमा २०५९ सालको छूट गणनाबाट देखिएको १४,१०९ परिवार थपिएपछि कमैयाा परिवारको कुल संख्या ३२,५०९ कायम भएको थियो ।

**कमैया परिवारको एकीकृत सरकारी गणना र लगत (बि.सं २०५२-२०५९)**

| जिल्ला | २०५२ फाल्गुन | | २०५७ भाद्र | | २०५९ श्रावण | जम्मा प्रमाणित र परिचय पत्र दिइएको कमैया परिवार संख्या | पुनर्स्थापना गर्नुपर्ने परिवार संख्या क र ख बर्गको |
|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जनसंख्या | परिवार संख्या | जनसंख्या | छूट कमैया परिवार संख्या | | |
| दाङ्ग | १,८५६ | १२,२७५ | १,१६६ | ७,७२७ | २६० | १,४२६ | ७०५ |
| बाँके | १,०६० | ६,८४६ | १,३४५ | ८,३८१ | ९७१ | २,३१६ | १,९२१ |
| बर्दिया | ५,०३७ | २५,८४६ | ६,९४९ | ३४,१४७ | ७,५५० | १४,४९९ | ११,५५१ |
| कैलाली | ५,५५७ | ३०,४६३ | ५,८९५ | ३४,८०४ | ३,८६७ | ९,७६२ | ८,९७५ |
| कञ्चनपुर | १,६४२ | ७,९४५ | ३,०४५ | १६,४६३ | १,४६१ | ४,५०६ | ४,४१८ |
| जम्मा | १५,१५२ | ८३,३७५ | १८,४०० | १,०१,५२२ | १४,१०९ | ३२,५०९ | २७,५७० |

*स्रोत : सम्बन्धित भूमिसुधार तथा मालपोत कार्यालयहरू, कमैया गणना २०५२, २०५७, २०५९ ।*

कमैयाको पछिल्लो लगतबाट पुनर्स्थापना गर्नु पर्ने क र ख बर्गको कमैया परिवार दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा गरी २७,५७० निक्लिएको देखिन्छ । त्यसमध्ये क बर्गको १५,५७० र ख बर्गको १२,००० कमैया प्रमाणित भएका थिए । ग र घ बर्गका कमैया परिवारलाई भने त्यस समयमा पुनर्स्थापना गर्नूपर्ने सूचीमा सरकारले राखेको देखिएन जसलाई त्यतिबेलाको पुनर्स्थापना गरिनुपर्ने कमैया गणनामा गरिएको एउटा भूल मान्न सकिन्छ । यदि त्यही नै गर्नु थियो भने ग र घ मा कमैया बर्गिकरण गरिरहनुको औचित्य के ? भन्ने प्रश्न कमैयाहरूले अध्ययन भ्रमणको दौरानमा यत्रतत्र उठाएको भेटियो ।

### १.१.५ मुक्तकमैयाको ब्यापकता:

यद्यपि २०५९ सालको लगत संकलन छूट कमैयाको लागि भएको थियो तथापि छूट कमैया परिवारको संख्या धेरै भएको गुनासो हामीले यत्रतत्र पायौँ । दुईवटा मुख्य कारणले कमैया परिवारको छूट संख्या निकै धेरै हुन पुगेको पाइएको छ : एक, सशस्त्र द्वन्द्व चर्किएको कालमा लगत लिइनु र लगत लिने कर्मचारीमध्ये धेरै डरले तथ्याङ्क संकलन गर्न गाउँ बस्तीमै नआउनु ; दुई, कार्यविधिमा कमैया ठहरिन कमैया मालिकको सहमति अनिवार्य रुपमा हुनुपर्ने शर्त राखिनु र धेरै कमैया मालिकले कैयन् कमैयालाई यस्तो सहमति नदिनु । तेस्रो कारणले कुनै कुनै जिल्लामा काम गरेको देखिएको छ । त्यो हो-संकलित भइसकेको फाराम र लगतको पनि भूमिसुधार कर्मचारीहरूले तथ्यपरक छानवीन र प्रमाणिकरण नगर्नु ; ती त्यत्तिकै खेर फालिनु ।

यी कारण कत्तिको तथ्यपरक रहेको छ भन्ने सम्वन्धमा हामीले दाङ्गका तात्कालीन भूमिसुधार कर्मचारी हरि चौधरी तथा केही स्थानीय तहका जनप्रतिनिधिसित पनि कुराकानी गरिहेर्‍यौँ । ती सबैले यो कारण त्यसबेला यथार्थमा रहेको र यस कारणले छूट कमैया रहन गएको कुरा वास्तविक भएकोमा सहमति जनाए ।

यी तीनै भूल आफ्नो कारणले नभएको र नेपाल सरकारका कारणले भएकाले त्यसको दण्ड सजायँ कमैयाहरूलाई किन ? भन्ने सवाल हामीले भ्रमण गरेका अधिकांश ठाउँमा कमैयाहरूले उठाएको आम सवाल हो । अतः छूट कमैयाको फेरि एकपटक लगत संकलन गरेर परिचय पत्र दिने कार्य हुनुपर्दछ र पुनर्स्थापनाको कार्यसमेत हुनुपर्दछ भन्ने बिषयमा कमैयाहरूको एक स्वर एक आवाज रहेको देखिएकोछ ।

दाङ जिल्लाभरिमा छूट कमैयाको संख्या ३,३८५ छन् भन्ने मुक्तकमैया समाज दाङ्गका जिल्ला अध्यक्ष हरिचन्द्र चौधरीले बताए । बाँकेमा जमिन पाउनबाट १० प्रतिशत बास्तविक कमैया छूटमा परेका छन् भने बिषय बिज्ञ एकराज चौधरीको भनाइ रह्यो । बर्दियामा सरकारकै लगतमुताबिक क देखि घ बर्गका सबै हिसाब गर्दा छूट कमैया ५,५३० रहेको र यिनीहरू वास्तविक कमैया भएर पनि पुनर्स्थापनाको कुनै प्याकेज नपाएको त्यहाँका जिल्ला अध्यक्ष दुःखराम थारुले बताएका छन् । कैलालीमा छूट कमैयाको संख्या सरकारी तथ्याङ्क मुताबिक ९५३ र शिबिरमा सरकारले दिएको चुट्का र गाबिसले दिएको सिफारीश सहित बसेका २५९४ रहेको दीपु चौधरीले बताएका छन् । दीपु चौधरी सरकारले नै गठन गरेको मुक्तकमैया समस्या समाधान आयोगका पूर्व सदस्य हुन् । यसप्रकार तथ्याङ्क नभएको बाँकेलाई छोड्दा पनि छूट कमैयाको संख्या १२ हजारभन्दा ज्यादा हुन आउँछ । यसरी नियाल्दा फिल्डमा छूट कमैयाको ब्यापकता साधारण देखिँदैन ।


### १.१.६ समयको ठूलो दूरी:

कमैया मुक्तिको सरकारी घोषणा, कानुन, नियमावली र गठन आदेशको समय क्रम अध्ययन गर्दा यसमा काफी बिसंगति देखिएको छ । कमैया मुक्तिको घोषणा २०५७ साल साउन २ मा भयो भने त्यसको झण्डै पौने २ बर्षपछि २०५८ साल फाल्गुनमा मात्र यससम्वन्धी ऐन जारी भएको देखिन्छ । ऐन जारी भएपछि तुरुन्त जारी हुनुपर्ने नियमावली बन्न पुरा एक दशक लागेको र बल्ल २०६८ सालमा मात्र यो जारी भएको देखिन्छ । यो चरम ढिलाइको एउटा प्रत्यक्ष उदाहरण हो । त्यस्तै, मुक्तकमैयाको पुनस्थापना समस्या समाधान गर्ने आयोगको गठन आदेश आउन पनि ७ बर्ष कुर्नु परेको देखिन्छ । यो २०६५ सालमा मात्र जारी भएको पाइएको छ ।

कमैया मुक्तिको त्यति युगान्तकारी घोषणा गर्न अग्रसर हुने सरकारबाट ऐन, नियम, गठन आदेश जारी गर्न यस्तो चरम ढिलाइ किन भयो होला ? यस उपर घोत्लिँदा यस्तो देखिन्छ, नेपाली राजनीतिक नेतृत्व घोषणामा मात्र ज्यादा अभिरुचि राख्दछ । ठूलो घोषणा

गऱ्यो, राम्रो कामको प्रारम्भ गऱ्यो, पुग्यो । घोषणापछिको यसको इमान्दार, द्रुत र काम सम्पन्न नभएसम्म निरन्तर कार्यान्वयनमा उसको चासो, प्रतिवद्धता र प्राथमिकता रहेको पाइएन । मुक्तकमैयाहरूले त्यसको दुष्परिणाम भोगेका छन् ।

**कमैया पुनर्स्थापनामा चरम ढिलाइको एउटा ज्वलन्त उदाहरण**




**सरकारी र गैरसरकारी आँकडाबिचको बिरोधाभासः** सरकारी आँकडा नियाल्दा भने कमैया पुनर्स्थापना निकै सफलतापूर्वक अघि बढेको भेटिन्छ । किनभने, २७,५७० कुल कमैया परिवार प्रमाणित भएर परिचय पत्र पाएकोमा २७,०२१ ले पुनर्स्थापित हुने अवसर पाएको आँकडामा देखिएको छ । यो भनेको कुल कमैया परिवारको ९८ प्रतिशत पुनर्स्थापित हुनु हो । केवल २ प्रतिशत मात्र पुनर्स्थापना हुनु बाँकी रहेको छ ।

लगत कट्टा गर्नु परेको र सम्पर्कमै नआएको कमैया परियार संख्या पनि ठूलो र उल्लेख्य छैन । यो नगण्य मात्रामा छ र क्रमशः २३७ र १२ मात्र देखिन्छ । केवल ३०० जना कमैया परिवारको पुनर्स्थापनाको काम मात्र स्थानीय तहमा हस्तान्तरित भएको देखिन्छ । तल दिइएको सरकारी तथ्याङ्कको टेबुल हेरेमा यी सबै कुरा स्पष्ट हुन्छन् :

**कमैया पुनर्स्थापना सम्वन्धी सरकारी तथ्याङ्क (२०७५/७६ सम्मको)**

| जिल्ला | परिचय पत्र बाँडेको प्रमाणित कमैया परिवार | क र ख बर्गको कमैया परिवार | पुनर्स्थापित कमैया परिवार | लगत कट्टा गरिएको कमैया परिवार | स्थानीय तहमा हस्तान्तरित परिवार | सम्पर्कमै नआएका कमैया परिवार | जम्मा |
|---|---|---|---|---|---|---|---|
| दाङ | १,४२६ | ७०५ | ७०५ | ० | ० | ० | ७०५ |
| बाँके | २,३१६ | १,९२१ | १८८३ | ३८ | ० | ० | १९२१ |
| बर्दिया | १४,४९९ | ११,५५१ | ११५०९ | ० | ३० | १२ | ११५५१ |
| कैलाली | ९,७६२ | ८,९७५ | ८५३३ | १७२ | २७० | ० | ८९७५ |
| कञ्चनपुर | ४,५०६ | ४,४१८ | ४३९१ | २७ | ० | ० | ४४१८ |
| जम्मा | ३२,५०९ | २७,५७० | २७,०२१ | २३७ | ३०० | १२ | २७,५७० |

*स्रोत : भूमिब्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ।*

परन्तु कमैया पुनर्स्थापन सम्वन्धी गैरसरकारी तथ्याङ्क भने केही भिन्न देखिएको छ यद्यपि गैरसरकारी आँकडा उत्तिकै हचुवामा र निराधार आएको देखिन्न । पहिलो कुरो त, कमैया संगठनहरूसित आफ्नै कुनै तथ्याङ्क नै पाइँदैन । उनीहरूको तथ्याङ्कको मूल आधार सरकारी तथ्याङ्क नै देखिन्छ । दोस्रो, सरकारले आधिकारिक रुपमा लगत लिएर पनि परिचय पत्र नदिएका, परिचय पत्र दिएर पनि पुनर्स्थापना नगरेका, पुनर्स्थापना गर्ने भनेर बर्गिकरण गरेर पनि ग र घ बर्गमा परेको भनेर सीप तालिम, शिक्षा, स्वास्थ्य उपचार जस्तो पुनर्स्थापनाको न्युनतम प्याकेज समेत नदिएका कमैया परिवारलाई गणना गरेर उनीहरूले आफ्नो तथ्याङ्क निकालेको देखिएको छ । त्यसैले उनीहरूका तथ्याङ्क पनि सरकारी तथ्याङ्क नै हुन् । जुन कुरा सरकारले बाहिर उजागर गरेन त्यसलाई उनीहरूले बाहिर प्रकाशमा ल्याएका मात्र हुन् ।

गैरसरकारी आँकडा अनुसार पनि प्रमाणित र परिचय पत्र बाँडेको कुल कमैया परिवारको संख्या ३२,५०९ नै देखिएको छ । सरकारले क र ख बर्गको परिचय पत्र बाँडेको कुल कमैया परिवार पनि सरकारी आँकडा सरह २७,५७० नै देखिन्छ ।

तर त्यसमध्ये २५,१९५ ले मात्र जमिन प्राप्त गरेका छन् । यसको तात्पर्य क र ख बर्गको परिचय पत्र प्राप्त गरेर पनि २,३७५ कमैया परिवार जमिन प्राप्तिबाट बञ्चित भएका छन् । परिचय पत्र प्राप्त गरेर पनि ७,३१४ कमैया परिवार कुनै पनि किसिमको पुनर्स्थापना प्याकेज पाउनबाट बिमुख भएको छ ।

गैरसरकारी तथ्याङ्क मुताबिक पुनर्स्थापन हुन सबैभन्दा ज्यादा बाँकी दाङ्गमा देखिएको छ जहाँ ३,४५० कमैया परिवार सरकारी लगतमा भएर पनि पुनर्स्थापनाको कुनै पनि प्याकेज पाउनबाट बञ्चित भएका छन् । दोस्रोमा बर्दिया र तेस्रोमा कैलाली आउँछ जहाँ क्रमशः १२४५ र ९५३ कमैया परिवार अझै पुनर्स्थापित हुन बाँकी रहेका छन् ।

**कमैया पुनर्स्थापना सम्वन्धी गैरसरकारी आँकडा**

| जिल्ला | परिचयपत्र प्राप्त कमैया परिवार | जग्गा पाउने पर्ने क र ख बर्गका कमैया परिवार | जग्गा पाएका कमैया परिवार | अनुचित जग्गा दिइनाले सट्टाभर्ना गर्नुपर्ने कमैया परिवार | प्रमाण पत्र बदर गरिएको कमैया परिवार | परिचय पत्र पाएर पनि जग्गा नपाएका कमैया परिवार | प्रमाण पत्र नलिएका कमैया परिवार | पुनर्स्थापना हुनबाँकी कमैया परिवार |
|---|---|---|---|---|---|---|---|---|
| कंचनपुर | ४,५०६ | ४,४१८ | ४,२८९ | १२९ | - | - | - | १२९ |
| कैलाली | ९,७६२ | ८,९७५ | ८,०२२ | ४०० | १७३ | ३८० | - | ९५३ |
| बर्दिया | १४,४९९ | ११,५५१ | १०,३०६ | ८४ | - | ८३ | १,०७८ | १,२४५ |
| बाँके | २,३१६ | १,९२१ | १,९२१ | - | - | - | - | - |
| दाङ्ग | १,४१६ | ७०५ | ६५७ | ४८ | - | - | २,३८५ | ३,४५० |
| कुल जम्मा | ३२,५०९ | २७,५७० | २५,१९५ | ६६१ | १७३ | ४६३ | ४,४६३ | ५,७७८ |

*स्रोत : मुक्तकमैया समाज केन्द्रीय समिति*


## १.१.७ बर्गिकरण, भूमि बितरण, बेथिति र असंतुष्टि

**<u>पुनर्स्थापनाका लागि सरकारले मुक्तकमैयालाई निम्न चार बर्गमा बर्गिकरण गरेको पाइएको छ :</u>**

| स्टिकर | मुक्तकमैयाको बर्गिकरण | बिशेषता |
|---|---|---|
| | क बर्ग, रातो | घर र जग्गा नभएको |
| | ख बर्ग, खैरो | सरकारी जग्गामा बसोबास गरेको र जग्गा नभएको |
| | ग बर्ग, हरियो | दुई कठ्ठासम्म जग्गा भएको |
| | घ बर्ग, सेतो | दुई कठ्ठाभन्दा बढी जग्गा भएको र घर भएको |

*स्रोत : भूमि व्यवस्था, सहकारी तथा गरिबी निबारण मन्त्रालय ।*

यो बर्गीकरण अनुसार कुल ३२,५०९ परिचयपत्रधारी मुक्तकमैयामध्ये १५,५७० क बर्गको परिचय पत्र पाउन योग्य देखिए भने १२,००० मुक्तकमैयाहरू ख बर्गमा दरिए । १८६९ कमैया परिवारले ग बर्गको परिचय पत्र पाए जबकि ३०७० परिवारले घ बर्गको परिचय पत्र प्राप्त गरे । कमैयामध्ये झण्डै आधी क बर्गका कमैया निक्लिए भने एकतिहाइ (३७ प्रतिशत) भन्दा थोरै ज्यादा ख बर्गमा परे । क र ख बर्गका यी दुबै मिलाउँदा कुल मुक्तकमैया परिवारको ८५ प्रतिशत हिस्सा बन्न गयो । बाँकी १५ प्रतिशत ग र घ बर्गका कमैया भए । तलको चार्ट हेरेमा कमैया बर्गिकरणको कुल बनावट स्पष्ट हुने छ :




***कमैयाको संख्यात्मक बर्ग संरचना***

| जिल्ला | २०५२,२०५७ र २०५९ सालमा परिचय पत्र प्राप्त गरेको विवरण | | | | जम्मा |
|---|---|---|---|---|---|
| | क वर्ग (रातो) | ख वर्ग (निलो) | ग वर्ग (पहेंलो) | घ वर्ग (सेतो) | |
| दाङ्ग | ३०२ | ४०३ | ३९७ | ३२४ | १,४२६ |
| बाँके | १,११८ | ८०३ | १३५ | ३६० | २,३१६ |
| बर्दिया | ६,१६९ | ५,०८२ | १,११५ | १,८३३ | १४,४९९ |
| कैलाली | ३,७५८ | ५,२१७ | १८९ | ५९८ | ९,७६२ |
| कञ्चनपुर | ३,९२४ | ४९५ | ३३ | ५५ | ४,५०६ |
| जम्मा | १५,५७० | १२,००० | १,८६९ | ३,०७० | ३२,५०९ |

*स्रोत : भूमि व्यवस्था, सहकारी तथा गरिबी निबारण मन्त्रालय*

'क' बर्गका मुक्तकमैयालाई सरकारले शहरी क्षेत्रमा १ कट्ठा, राजमार्गसँग जोडिएको क्षेत्रमा २ कट्ठा र ग्रामीण क्षेत्रमा भए बढीमा ५ कट्ठा जमिन उपलब्ध गराउने वा जग्गा उपलब्ध नभएको स्थितिमा बढीमा रु २ लाखसम्म नगद उपलब्ध गराउने निर्णय गरेको थियो । त्यस्तै, घर निर्माण खर्च बापत सुरुमा १० हजार र पछि गएर ५५ हजारका साथै काठका लागि सुरुमा ३५ क्युबिक फिट काठ र पछि गएर त्यसको बदलामा रु १ लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको थियो ।

'ख' बर्गका मुक्तकमैयालाई पनि बसोबास तथा खेतीको लागि क बर्गकै सरह १ कट्ठादेखि बढीमा ५ कट्ठा जमिन उपलब्ध गराउने व्यवस्था भएको थियो । ग र घ का लागि भने कुनै पनि व्यवस्था भएको देखिँदैन । कुनै पनि व्यवस्था नहुने भए यी दुई बर्गको औचित्य के ? भन्ने प्रश्न अध्ययन भ्रमणको दौरानमा मुक्तकमैयाहरूले समितिसमक्ष उठाएका थिए ।

परन्तु अध्ययन भ्रमणको दौरानमा कार्यस्थलमा भने कानुन र नियमावलीमा व्यवस्था भएबमोजिम मुक्तकमैयाको लागि धेरै स्थानमा जमिन दिइएको भेटिएन । कमैयालाई जमिन र घर बारेको निर्णय सम्वन्धी सरकारको निर्णय जति रंगीन देखिन्छ, फिल्डको यथार्थ भने त्यति रंगीन पाइएन ।

शहरी क्षेत्रमा सरकारले १ कट्ठाको सट्टामा ६ धुरदेखि १६ धुर जमिन उपलब्ध गराएको भेटियो जस्तो कि कोहलपुर नगरपालिका वडा नंबर ११, बाँकेमा । ग्रामीण क्षेत्रमा पनि कानुन र नियमावलीले तोके अनुसार जमिन दिइएको पाइएन, जस्तो दाङ्ग, बाँके, बर्दिया, कैलालीको ग्रामीण क्षेत्रमा । कतै जमिन कागजमा बाँडिएको तर फिल्डबुकमा त्यो दर्ता नगरिनाले लालपुर्जा मात्र मुक्तकमैयाको हातमा रहेको तर बाँडेको जमिन नै कहाँ हो, मुक्तहलियाले एक दशकपछि पनि थाहा पाउन नसकेको स्थिति पनि भेटियो, उदाहरणको लागि हामी पुगेको बाँकेको खजुरा गाउँपालिका वडा नंबर ८, क्रान्तिपुरमा ।

कुनै स्थानमा मुक्तहलियालाई जमिन खोलाको बगरमा दिइएको र हरेक बर्षामा बाढीले जमिन बगाउने गरेको पनि पाइयो जस्तो कि बाँकेको खजुरा गाउँपालिकाको वडा नं ८ मै । कतै कमैयालाई शहरी क्षेत्रमा दिइएको जमिनमा स्थानीय टाठाबाठाहरूले आँखा गाडेर कमैयाबाट आफूले बिक्री गर्न प्रतिवन्धित त्यो जमिन अबैध ढंगले किनेर मुक्तकमैयालाई राप्ती पारि पठाएको र शहरी क्षेत्रको त्यो बहुमूल्य जमिन आफूले लिएको पनि भेटियो । उदाहरणका लागि हामीले भ्रमण गरेको कोहलपुरको उपरोक्त स्थानमा । कतै मुक्तकमैयालाई दिइएको जमिनमा भूमिहीन दलित वा अरु नै आएर बसिदिएको तर सरकारले बैकल्पिक जमिन पनि नदिएको, बस्न आएकालाई पनि नहटाई दिएको पनि पाइयो जस्तो कि कैलाली जिल्लाको भजनी नगरपालिका वडा नंबर ८ गोरचौरामा जहाँ हामी आफै पुगेका थियौँ ।

यी त केही प्रतिनिधिमूलक उदाहरण मात्र भए । यस्तै परिघटनाहरू अरु धेरै ठाउँमा भएको देखिन्छ । यसले देखाउँछ कि पुनर्स्थापना त ब्यापक मात्रामा भएको छ तर त्यसको कार्यान्वयनमा ठूलो गडबडी भएको छ । भुइँ तहमा अन्यायमा परेका मुक्तकमैयाको अभिभावक नै कोही नरहेको जस्तो देखिएको छ ।

छूट कमैयाहरूले बिभिन्न स्थानमा "आफै अमिन, आफ्नै जमिन" भन्ने सोचअन्तर्गत आफैले जमिन नापेर ५ कट्ठा बरोबरको ऐलानी ,सार्वजनिक वा जंगल छेउको जमिनमा घर बसालेको, कतै शिबिर बनाएर बसेको पनि धेरै ठाउँमा भेटिएको छ ।

### १.१.८ जमिन सम्वन्धमा मूक्तकमैयाका मुल गुनासाह□:

- जमिनलाई लालपुर्जामा लेखेअनुसार १० बर्षपछि पनि बिक्रीयोग्य बनाइएन ।
- जमिन बैंकमा धितो राखेर उद्यम व्यवसाय गर्नका लागि ऋण लिन सकिने बनाइएन ।
- जमिन बाबुआमाको शेषपछि सन्तानमा हस्तान्तरण हुने समेत पारिएन ।
- उनीहरू पहिले जमिन्दारका बँधुवा मजदुर थिए; अहिले सरकारका बँधुवा मजदुर भएका छन् ।
- अब यो तीनवटै बाधाहरू अविलम्व फुकाइनु पर्दछ । अन्यथा केही पनि गर्न नमिल्ने लालपुर्जाको कुनै अर्थ छैन ।

सरकारले मुक्तकमैयाको सीप तालिमका क्षेत्रमा पनि प्रशस्त स्रोत साधन खर्च गरेको दाबी गरेको देखिन्छ । भूमिब्यवस्था, सहकारी तथा गरिबी निबारण मन्त्रालयको पछिल्लो आँकडा अनुसार २०७५/७६ सम्ममा कुल १९,५३१ जनालाई बिभिन्न सीपको तालिम प्रदान गरिएको छ । सरकारले दिएको सीप तालिममा अल्पकालीन सीप तालिमलाई मुख्य प्राथमिकता दिएको पाइएको छ । सिप तालिममध्ये एडभान्स्ड र आधारभूत गरी सिलाइ कटाइ, विद्युत वाइरिङ्ग र मर्मत, फलफूल तरकारीको घुम्ती बजार, डकर्मी, मोटर ड्राइभिङ्ग, मोटर साइकल मर्मत, हाउस पेन्टिङ्ग, मोबाइल रिपेरिङ्ग, स्विटर बुन्ने मुख्य रहेका देखिएका छन् । कमैया समुह निर्माण, कमैया समुह बचत परिचालन कार्यक्रम, घुम्ती कोष र आय आर्जन कोष सम्वन्धी कार्यक्रम पनि कमैयाको बृत्ति विकासको लागि थालिएको देखिएको छ जुन राम्रा अभ्यास थिए तर पछि निरन्तरता दिइएन ।

फिल्डमा अध्ययन गर्दा सिप तालिममध्ये सिलाइ कटाइ, विद्युत वाइरिङ्ग र मर्मत, मोटर ड्राइभिङ्ग, मोटर साइकल मर्मत, हाउस पेन्टिङ्ग र मोबाइल रिपेरिङ्ग राम्रो उपयोगमा आएको पाइएको छ । यी तालिम कार्यक्रमहरू छोटो अवधिको भएको र तालिम पछि बीउ पुँजी नदिइएकाले कतिपय राम्रा तालिम पनि उत्तिकै खेर गएको पाइएको छ । तालिमका अवधिमा परिवार बृत्ति नदिइनाले परिवारमा आर्थिक कठिनाइ आइलागेकाले तालिमलाई निरन्तरता दिन नसकिएको मुक्तकमैयाहरूल एक स्वरले बताएका छन् । हामीले भ्रमण गरेको सबै क्षेत्रमा अधिकांश कमैयाको तालिम सम्वन्धमा निम्न पाँच माग रहेको पाइएको छ :

- अबको तालिम बिषय हेरी ६ देखि ९ महिने अवधिको र एड्भान्स्ड प्रकृतिको हुनुपर्छ ।
- विदेशमा समेत काम गर्न जानका लागि उपयोगी हुने गरी तालिमपछि नेपाली र अंग्रेजी दुबै भाषामा प्रमाणपत्र दिइनु पर्छ ।
- तालिमसँगै पसल खोल्न वा आफ्नो सम्पर्क कार्यालय निर्माण गर्न बिषय हेरी कम्तीमा रु ५० हजारदेखि डेढ लाखसम्मको बीउ पुँजी दिइनुपर्छ । त्यो भन्दा बढ्ता पुँजी आवश्यक परे न्युन ब्याज दरको ऋण दिइनुपर्छ । लालपुर्जा धितो राखेर पाँच लाखसम्म ऋण लिन पाइने बनाउनुपर्छ ।
- पेशा चलाउन आधारभूत औजारहरू दिइनुपर्छ ।
- तालिमको अवधिमा परिवार भोको नपरोस् भनेर परिवार बृत्ति दिइनुपर्छ ।

दाङ्ग, बाँके र कञ्चनपुरमा कमैया पुनर्स्थापना कार्यक्रम सम्पूर्ण रुपमा समाप्त भएको सरकारी दाबी छ । भूमिब्यवस्था, सहकारी तथा गरिबी निबारण मन्त्रालयका निवृत्त

तात्कालीन उपसचिब गोपाल गिरीका अनुसार २०७६ बैशाखसम्ममा ६८३६ परिवारलाई ( ६० प्रतिशत कमैया परिवारलाई) काठ उपलब्ध गराइएको छ । ११,४१३ कमैया परिवारको काठको रकम दिन बाँकी छ ।

### १.१.९ सरकारको मूक्तहलिया पुनर्स्थापना संयन्त्र

सरकारले कमैया पुनर्स्थापनको सबै समस्या समाधान गर्न मन्त्री परिषदको निर्णयबाट भूमिब्यवस्था मन्त्रालयका सम्वन्धित बिषयगत मन्त्री नै अध्यक्ष रहने गरी २०६५ पुस १७ सालमा मुक्तकमैया पुनस्थापना समस्या समाधान आयोग गठन गर्ने निर्णय गरेको र केन्द्रमा भूमि व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा मुक्तकमैया पुनर्स्थापना कार्यान्वयन समिति र जिल्लामा मुक्तकमैया पुनर्स्थापना जिल्ला समिति मार्फत त्यही साल माघ १ गतेदेखि पुनर्स्थापनाको कार्य अघि बढाइएको पाइएको छ ।




सरकारको कमैया पुनर्स्थापन संयन्त्र कामकाजी र छिटो छरितो प्रर्कतिको रहेको पाइएन । यो शक्तिशाली रहेपनि भद्दा र समय दिन नै नसक्ने पदाधिकारीहरुबाट भरिभराउ देखिएको छ । केन्द्रमा विभागीय मन्त्रीको नेतृत्वमा विभिन्न मन्त्रालयका सचिव नै सचिव राखेर पुनर्स्थापना आयोग बनाइनु र जिल्लामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा समिति बनाइनु यसको ज्वलन्त उदाहरण हो । थप, केन्द्रमा पुनर्स्थापना सम्बन्धी शक्तिशाली आयोग भएपछि फेरि केन्द्रीय तहमै कार्यान्वयन समिति बनाइनु कुनै आवश्यक हुँदैन । सम्भवत: यही काम गर्न नै समय नभएको ढिलढाल प्रकृतिको भद्दा संयन्त्रको कारणले नै कमैया पुनर्स्थापनाको काम धेरै लामो हुन गएको हो ।

सरकारी दाबी अनुसार २०७६ बैशाखसम्ममा मुक्तकमैया पुनर्स्थापनाको काम मोटामोटी रुपमा समाप्त भएको छ । केवल २०२ जनाको जग्गा खरिद गर्न बाँकी रहेको छ । ४२३ कमैया परिवारले आफूलाई दिइएको जमिनको सट्टाभर्ना माग गरेका छन् । केवल २ प्रतिशतलाई मात्र पुनर्स्थापना गर्न बाँकी छ र त्यो पनि २०७६ जेठ ६ को मन्त्री परिषदको निर्णय अनुसार स्थानीय तहलाई हस्तान्तरण गरिएको छ । २०७६ जेठ ६ को मन्त्री परिषदको निर्णय अनुसार कमैया पुनर्स्थापनाको बाँकी कार्य स्थानीय तहलाई हस्तान्तरण गरेपछि पुनर्स्थापनाको कामको प्रगति के भयो, त्यस सम्वन्धमा संघीय मन्त्रालयले कुनै जानकारी राखेको पाइँदैन । २०७६ जेठपछिको कुनै तथ्याङ्क भूमि ब्यवस्था मन्त्रालयसित देखिँदैन ।

## १.२ कम्लहरीको स्थिति अध्ययन

### १.२.१ मूक्त कम्लहरीको स्थिति

स्थलगत अध्ययनको दौरानमा मुक्तकमैयाको बर्बादीको स्थिति रहेको पाइएको छ । उनीहरूलाई सरकारले २०७० सालमा मुक्तत घोषणा गऱ्यो तर त्यो मुक्ति रित्तो देखिएको छ । महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले प्रस्तुत गरेको सरकारी लगतमा देखिएअनुसार कुल कम्लहरीको संख्या ९,४९० देखिएको छ तर केवल २,३५२ कम्लहरीले मात्र बिगत ८ बर्षमा परिचय पत्र हात पार्न सफल भएका छन् । यो भनेको केवल २५ प्रतिशतले मात्र परिचय पत्र हासिल गरेको, बाँकी ७५ प्रतिशतलाई परिचय पत्र समेत नमिलेको भन्ने हो । सरकारले खोजेमा ६ महीनामै सम्पन्न गर्नसक्ने परिचय पत्र वितरणलाई ८ बर्षमा पनि पुरा नगरिनु सरकारी उपेक्षाको पराकाष्ठा हो ।

कमैया र कम्लहरी एउटै रुखका दुई हाँगा हुन् । कमैया प्रथाले नै कम्लहरी प्रथा पैदा गरेको हो । परन्तु कम्लहरीको लगत र तथ्याङ्क चाहिँ भूमिब्यवस्था, सहकारी तथा गरिबी निबारण मन्त्रालयले नलिएर महिला हुनुको नाताले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले संकलन गर्नु पनि अनौठो नीतिगत बिरोधाभास हो ।

अध्ययनको दौरानमा के पनि थाहा लाग्यो भने कम्लहरीलाई खाली मुक्तमात्र घोषणा गरिएको छ तर पुनर्स्थापनाको कुनै पनि प्याकेज प्रदान गरिएको छैन । कम्लहरीको सबैभन्दा ठूलो माग सीप तालिम र ब्यावसायिक/प्राविधिक शिक्षा रहेको देखिन्छ । गैरसरकारी आँकडा अनुसार हेर्दा पनि कम्लहरीको कुल संख्या १३ हजार भन्दा ज्यादा देखिँदैन । अतः सरकारले चाहेमा यी माग तुरुन्तै सम्वोधन गर्न नसक्ने बिषय पनि देखिँदैन । परन्तु त्यसमा पनि सरकारले कुनै पनि कदम चालेको पाइएन । मुक्ति घोषणा गरेको ८ बर्ष भइसक्दा पनि कम्लहरीहरूलाई संघीय योजनाअन्तर्गत सीप तालिम दिएको एउटा पनि उदाहरण हामीले कुनै पनि जिल्लामा भेटेनौ ।

लुम्विनी प्रदेश सरकारले नर्तीको छात्रावासलाई भनेर ५० लाख रुपैयाँ निकासा गरेको हामीसितको भेटमा बतायो । तर छात्रावासमा बुझ्दा त्यो रकम त्यहाँ आइपुगेको पाइएन ।

हामीले दाङ्गको नर्तीमा रहेको लावाजुनी छात्रावासमा तीनजना यस्ता छात्राहरू भेट्यौं जसले १२ कक्षा पास गरिसकेका छन्-क्याम्पस पढ्न चाहन्छन् तर उनीहरूका आमा बाबु छैनन् । क्याम्पसमा भर्ना हुने शुल्कसम्म नभएर उनीहरू बिलखबन्दमा परेका छन् । उनीहरूको यो समस्या कसले हल गरीदिने ? अभिभावकत्व लिने संस्थाको आवश्यकता परेको देखिएको छ ।

कम्लहरीका थप परिचय पत्र बाँड्ने काम यो पंक्ति लेखिरहँदा पनि बर्दिया जिल्लामा भइरहेको कम्लहरी अगुवा जगनी कुमारी थारुले अध्ययन समितिलाई बताएकी छिन् ।

स्थानीय सरकारले भने प्लस टुका कम्लहरीको लागि छात्रवृत्ति दिइरहेको भेटियो । तर त्यो १० महिनाका लागि मात्र दिइनाले र न्युनतम आवश्यकता भन्दा निकै थोरै दिइनाले निकै समस्या परेको नर्ती छात्रावासका कम्लहरी विद्यार्थीहरूले हामीलाई अध्ययन भ्रमणका दौरानमा दाङ्गमा बताएका थिए । स्नातक तहको लागि छात्रवृत्ति दिने ब्यवस्था पहिले भएर पनि अहिले रोकिएको रहेछ । सरकारको कार्यविधि २०६८ मा स्नातकका लागि पनि बार्षिक रु १० हजारको छात्रवृत्ति ब्यवस्था भएर पनि यो तह कसको जिम्मेवारीमा हो भन्ने विवादको कारणले यो रोकिएको थाहा भएको छ ।

*मुक्तकम्लहरीको लागि छात्रवृत्ति व्यवस्था (२०७८)*

| क्र.सं. | मुक्तकम्लहरी निर्देशिका २०६८ अनुसार | छात्रवृत्तिको बार्षिक रकम रुपैयाँ |
|---|---|---|
| १ | कक्षा १-८ सम्म आधारभूत विद्यालय तहका लागि | रु १५०० अर्थात १० महीनाको लागि मासिक रु १५० |
| २ | कक्षा ९-१० | रु १८०० अर्थात १० महिनाको लागि मासिक रु १८० |
| ३ | कक्षा ११-१२ | रु ५००० अर्थात १० महीनाको लागि मासिक रु५०० |
| ४ | स्नातक तह | रु १०,००० अर्थात मासिक रु१००० |
| ५ | स्नातकोत्तर तह | ० |
| ६ | छात्रावासमा रहेकालाई | रु ४००० अर्थात मासिक रु ४०० |

*स्रोत : मुक्तकम्लहरी विकास मञ्च, २०७८*

कम्लहरीमध्ये १६६ भन्दा ज्यादाको आमाबाबु पनि नभएको घर र जमिन पनि नभएको, रोजगारीको उपाय पनि नभएको कम्लहरी अगुवाहरूबाट थाहा भएको छ । अहिले छात्रावासमा जो छन् ती आधारभूत रुपमा आमाबाबु नभएका अभिभावकविहीन कम्लहरी हुन् भनेर बिष्णुमाया चौधरीले हामीलाई बताएकी छिन् । अहिले दाङ्ग, कैलाली र कञ्चनपुरमा गरेर कम्लहरीको लागि ५ वटा छात्रावास रहेछन् । त्यहाँ १६६ कम्लहरी रहँदा रहेछन् । स्मरणीय छ, बिष्णुमाया चौधरी स्वयम् मुक्तकम्लहरी हुन् र हाल मुक्तकम्लहरी विकास मञ्चकी केन्द्रीय कोषाध्यक्ष छिन् ।

हालसम्म २७ जना कम्लहरीहरू वेपत्ता छन् । ११ जना बुबाको ठेगान नभएका कुमारी आमा रहेका छन् । ५ जनाले आत्महत्या नै गरेका घट्ना छन् । तर माथि भएको यो अन्याय र  ज्यादतीको सम्बन्धमा कुनै कार्वाही भएको छैन । अपराधको बृहत् अनुसन्धान भएको छैन । हामीले भ्रमण गरेका जिल्लाका सबैजसो कम्लहरीहरूले यस्तो अन्याय र ज्यादती गर्नेहरूलाई कानुनको कठघरामा उभ्याउनुपर्ने माग गरिरहेको भेटिएको छ ।

अभिभावकविहीन र बास तथा रोजगारीबिहीन कम्लहरीको लागि सरकार अभिभावक बनेर प्रस्तुत हुनु आवश्यक छ र उनीहरूलाई कमैया सरह जमिन र बास दिन आवश्यक देखिन्छ । साथै, सीप तालिम, बीउ पुँजी र औजार पनि तत्कालै दिन आवश्यक देखिन्छ । परन्तु अहिलेसम्म कम्लहरीको पुन:स्थापना कार्यलाई सरकारले आफ्नो दायित्व नसम्झेर गैरसरकारी संस्थाको जिम्मामा छोडिएको बुझिन्छ जुन नितान्त गलत हो र यसलाई अविलम्व सच्याउन जरुरी छ ।

सबैभन्दा धेरै मुक्तकम्लहरी दाङ्गमा रहेका छन् । त्यहाँ कम्लहरीको संख्या २,९४१ रहेको छ जुन कुल मुक्तकम्लहरीको ३१ प्रतिशत हो । त्यसपछि मुक्तकम्लहरी ज्यादा रहेको कैलालीमा हो जहाँ २,७६७ कम्लहरी रहेका छन् । सबैभन्दा कम कम्लहरी रहेको सुर्खेतमा हो जहाँ कुल १६ जना कम्लहरी रहेका छन् ।

**कम्लहरी *सम्वन्धी सरकारी तथ्याङ्क* (२०७५ / ७६)**

| क्रम संख्या | जिल्ला विवरण | दाङ्ग | बाँके | बर्दिया | कैलाली | कञ्चनपुर | सुर्खेत | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | कम्लहरी संख्या | २९४१ | ५३० | २४९५ | २७६७ | ७४१ | १६ | ९४९० |
| २ | परिचय पत्र वितरण संख्या | ९०७ | ११५ | १५८ | ७७६ | ३८२ | १४ | २३५२ |
| ३ | परिचय पत्र पाउन बाँकी संख्या | २०३४ | ४१५ | २३३७ | १९९१ | ३५९ | २ | ७१३८ |

*स्रोत : भूमिव्यवस्था, सहकारी तथा गरिबी निबारण मन्त्रालय*

परिचय पत्र पाएका कम्लहरीमध्ये सबैभन्दा बढी दाङ्गमा रहेका छन् । त्यहाँ ९०७ जना कम्लहरीले सरकारी परिचय पत्र पाउन सकेका छन् । अर्थात कुल परिचय पत्र पाउनेको ३९ प्रतिशत । दोस्रो संख्या कैलालीमा छन् जहाँ ७७६ जनाले यस्तो निस्सा भेट्टाएका छन् । यो कुल परिचय पत्र पाउनेको ३३ प्रतिशत हो । सबैभन्दा थोरै पाउनेहरू सुर्खेतमा छन् । त्यहाँ केवल १४ जनाले यस्तो निस्सा भेट्टाएका छन् ।

सरकारी तथ्याङ्क मुताबिक हरेक चारमा तीनजना कम्लहरीले परिचय पत्र पाउन बाँकी रहेको छ । सबैभन्दा ज्यादा परिचय पत्र पाउन बाँकी कम्लहरीहरू बर्दियामा रहेका छन् जहाँ २,३३७ जना कम्लहरीले यस्तो निस्सा भेट्टाएका छैनन् । अर्थात कुल परिचय पत्र पाउन बाँकी मुक्तकम्लहरीको ३३ प्रतिशत बर्दियामा छन् । त्यसपछि यस्तो संख्या दाङ्गमा ज्यादा रहेको छ । त्यहाँ २,०३४ जनाले यस्तो परिचय पत्र भेट्टाएका छैनन् । अर्थात परिचय पत्र नपाउनेमध्ये २८ प्रतिशत । सबैभन्दा कम  परिचय पत्र पाउन बाँकी सुर्खेतमा रहेको छ जहाँ केवल २ जनाले यस्तो निस्सा फेला पारेका छैनन् ।

कम्लहरीको अद्यावधिक स्थिति सम्वन्धमा गैरसरकारी क्षेत्रले थोरै भिन्न चित्र प्रस्तुत गरेको छ । गैरसरकारी आँकडाअनुसार देशभरिमा यो समयमा मुक्तकम्लहरीको कुल संख्या १२,७६९ रहेको छ-जुन सरकारी आँकडा भन्दा झण्डै ३,२७९ बढी छ । उसका अनुसार मुक्तकम्लहरी सबैभन्दा ज्यादा कैलालीमा छन् । त्यहाँ ४०७४ जना मुक्तकम्लहरी छन् । कुल कम्लहरीमा यो ३२ प्रतिशत हो । त्यसपछिको मुक्तकम्लहरी ज्यादा हुने जिल्ला दाङ्ग हो । त्यहाँ ३६५८ जना (९ प्रतिशत) कम्लहरी छन् । सबैभन्दा कम मुक्तकम्लहरी हुने जिल्ला बाँके हो जहाँ केवल ६६७ जना मुक्तकम्लहरी रहेका छन् ।

## कम्लहरी सम्वन्धी गैरसरकारी तथ्याङ्क

**मुक्त कमलरीको अहिलेको अबस्था**

| क्र. स | विवरण | जम्मा संख्या | दांग | बाँके | वर्दिया | कैलाली | कन्चनपुर |
|---|---|---|---|---|---|---|---|
| १ | जम्मा मुक्त कमलरी सदस्य संख्या | १२७६९ | ३६५८ | ६६७ | ३२०३ | ४०७४ | ११६७ |
| २ | सरकारी परिचय पत्र पाउने | ४९३४ | १४९८ | ३२४ | २५० | २५०० | ३६२ |
| ३ | सरकारी परिचय पत्र पाउन बाँकी | ७८३५ | २१६० | ३४३ | २९५३ | १५७४ | ८०५ |
| ४ | छुट कमलरी | ३२९६ | ७१६ | १३७ | ७०८ | १३०७ | ४२८ |
| ५ | छात्रावास | ५ | २ | ० | ० | २ | १ |
| ६ | छात्रवासमा रहेका | १६६ | ६२ | ० | ० | ८५ | १९ |
| ७ | विद्यालय तथा क्याम्पसमा अध्ययनरत | १२७४ | ३१२ | ५४ | ३७० | ३६७ | १७१ |

*स्रोत : मुक्तकम्लहरी विकास मञ्च, २०७८*

यसमध्ये सरकारले जारी गरेको परिचयपत्र पाउने कम्लहरीहरू ४,९३४ रहेका छन् । यो पनि सरकारले अघि सारेको भन्दा लगभगत २५०० बढी हो । यसको मतलब गैरसरकारी आकलन मुताबिक कुल कम्लहरीमध्ये केवल ३९ प्रतिशत कम्लहरीले मात्र सरकारी परिचय पत्र भेट्टाएका छन् । ७,८३५ जनाले सरकारी परिचय पत्र पाउनै बाँकी रहेको छ । यो भनेको कुल कम्लहरी संख्याको ६१ प्रतिशत हो । अहिलेसम्मको आँकडामा नाम दर्ता नै गर्न नपाएका छूट कम्लहरी ३,२९६ रहेका छन् । सबैभन्दा ज्यादा छूट कम्लहरी पनि कैलाली जिल्लामै छ । त्यहाँ १,३०७ कम्लहरी दर्ता गर्नबाटै छूट भएका छन् । अर्थात जम्माजम्मी छूट कम्लहरीको ४० प्रतिशत ।

### १.२.२ मुक्ति घोषणा र कम्लहरीको विकासको स्थिति

२०७० साल जेठ १९ गते कम्लहरीको काठमाण्डौं केन्द्रित आन्दोलन भयो । अन्तत: नेपाल सरकारसित १० बुँदे सहमति भयो । त्यसैको फलस्वरुप २०७० साल असार १३ गते नेपाल सरकारद्वारा कम्लहरी मुक्तिको घोषणा भयो ।

कम्लहरी रहेका पाँच जिल्लामध्ये कुल १२७४ कम्लहरीहरू अहिले विद्यालय तथा क्याम्पसमा अध्ययनरत रहेको देखिएका छन् । विद्यालय र क्याम्पसमा पढ्ने कम्लहरी संख्यामा भने बर्दिया अग्रणी रहेको छ । त्यहाँ ३७० जना क्याम्पस र विद्यालयमा अध्ययनरत रहेका छन् । त्यसपछि कैलाली दोस्रो र दाङ्ग तेस्रोमा आउँछ । कैलालीमा ३६७ र दाङ्गमा ३१२ अध्ययनरत छन् । कम्लहरीको लागि जम्मा ५ वटा छात्रावास खुलेको छ - दुईवटा दाङ्गमा, दुईवटा कैलालीमा र एउटा कञ्चनपुरमा । सबैभन्दा धेरै कैलालीमा, ८५ जना कम्लहरीहरू छात्रावासमा बसेर अध्ययन गरिरहेछन् । त्यसपछि ६२ जना दाङ्गको छात्रावासमा बसेर अध्ययनरत छन् । बाँकी १९ जना कञ्चनपुरको छात्रावासमा छन् । अभिभावकविहीन कम्लहरीको लागि छात्रावास महत्वपूर्ण आवास भएको छ ।

मुक्तकम्लहरीहरू मिलेर दाङ्ग, बाँके, बर्दिया कैलाली, कञ्चनपुर गरी ५ वटा जिल्लामा ४२ वटा सहकारी निर्माण गरेका छन् । ती सबै सहकारीको कुल कोष रकम १० करोड, ३७ लाख ५४ हजार ६१ रुपैयाँ रहेको छ ।

मुक्तकम्लहरी विकास मञ्च नामक मुक्तकम्लहरीको साझा गैरसरकारी संस्था पनि निर्माण भएको छ जसले मुक्तकम्लहरीको हक हित र सामाजिक जागरणको काम गरिहेको छ। यसको केन्द्रिय कार्यालय दाङ्ग घोराहीमा रहेको छ। अध्ययन समितिले त्यो कार्यालयको अध्ययन भ्रमण पनि गरेको देखिन्छ।

अहिले आइपुग्दा कम्लहरी अगुवाहरू समेत विकसित भएका छन्। उनीहरूमा नेतृत्वदायी क्षमता र सामाजिक जागरण उल्लेख्य मात्रामा आएको पाइएको छ। केही मुक्तकम्लहरी सघीय सांसद समेत हुन पुगेका छन्। गंगा चौधरी र शान्ता चौधरी यसका ज्वलन्त उदाहरण हुन्।

कम्लहरीको अहिलेको स्थितिले देखाएको छ - कम्लहरी मुक्तिको घोषणापछि उनीहरू विकासशील अवस्थामा छन् तर त्यसमा संघीय र प्रदेश सरकारको खास कुनै भूमिका देखिएको छैन। प्रदेश सरकारले मात्र पनि पुरा जिम्मेवारी लिने हो भने कम्लहरीको सीप तालिम र शिक्षाको समस्यालगायत सबैजसो समस्या समाधान गर्न कुनै गाह्रो छैन। तर संघीय मन्त्री परिषदले कम्लहरी मुक्तिको सबै जिम्मेवारी २०७६ सालदेखि स्थानीय तहमा सुम्पिएको छ। स्थानीय तहको मात्र पहलबाट कम्लहरीको पुनर्स्थापनाको सम्पुर्ण काम सम्पन्न गर्न सम्भव देखिँदैन। यसको लागि प्रदेश र स्थानीय तहको संयोजनपूर्ण हातेमालो अझै जरुरी देखिन्छ।

## १.३ फिल्ड भ्रमणको विस्तृत विवरण

### *कमैया कम्लहरी सम्वन्धी क्षेत्रमा अध्ययन भ्रमण*

पौष २५-३०, २०७८ र पुनः फाल्गुन ५, २०७८ मा

सार संक्षेपमा

१. जम्मा बिताइएका दिनहरू : ७ दिन
२. जम्मा सम्पन्न कार्यक्रमहरू २६ वटा
३. संघीय भूमिब्यवस्था, सहकारी तथा गरिवी निवारणमन्त्री शशी श्रेष्ठसहित भएर धनगढीमा भाग लिएको छलफल कार्यक्रम १
४. लुम्विनी प्रदेशका मुख्यमन्त्री कुलबहादुर केसीसित भेटघाट : १
५. सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन ढकालसित भेटघाट र छलफल : १
६. सुदूरपश्चिम प्रदेशका भूमिब्यवस्था, कृषि तथा सहकारीमन्त्री बिनिता चौधरीसहित भएर संचालित सामुदायिक छलफल : १
७. कुल मुक्त कमैयासित प्रत्यक्ष भेटघाट र सामुदायिक छलफल : ११ वटा
८. कम्लहरी समुदायसित गरिएको सामुहिक छलफल : १ वटा
९. दाङ्ग, नर्तीस्थित कमलह्रीको लावाजुनी छात्रावास निरीक्षण : १ वटा
१०. कमैयाको स्थितिबारे स्थानीय तहका प्रमुखसित गरिएको छलफल : ५ + वडाध्यक्ष १
११. कम्लहरी अगुवाहरूसित गरिएको टेलिफोन कुराकानी : २ वटा
१२. कमैया सम्वन्धी सरोकारवाला संस्थासित गरिएको छलफल : २ वटा
१३. कमैया सम्वन्धी बिषय ज्ञातासित गरिएको छलफल : १

२०७८ पौष २५ गते । साँझ

### १.३.१ लुम्बिनी प्रदेश मुख्यमन्त्रीको कार्यालय, बुटवलमा मुख्यमन्त्री कुलप्रसाद केसीसित भेटघाट तथा छलफल



लुम्बिनी प्रदेशका मुख्यमन्त्री कुलप्रसाद केसीसंगको भेटघाटका क्रममा उपस्थित अन्य व्यक्तिहरू :

१. तिलक शर्मा : आन्तरिक मामिला तथा संचारमन्त्री,

२. इन्द्रजीत थारु : स्वास्थ्य, जनसंख्या तथा परिवारकल्याण मन्त्री

३. डा. शान्ता कार्की : सचिव, कृषि प्रविधि तथा भूमिब्यवस्थामन्त्रालय ।

४. अनिल मरासिनी : महाशाखा प्रमुख, कृषि तथा भूमिब्यवस्थामन्त्रालय ।

५. कविसिंह कठायत : नापी अधिकृत, कृषि तथा भूमिब्यवस्थामन्त्रालय ।

**छलफलका क्रममा व्यक्त विचारहरू :**

तिलक शर्मा : *आन्तरिक मामिला तथा संचारमन्त्री*

- मुक्तकमैयाका लागि सुरुमा ५ कठ्ठा जमिन दिइयो । त्यसपछि ३ कठ्ठा र अन्तिममा १ कठ्ठा हुँदै १० धुरसम्म जमिन पाएका छन् । ३५ क्युविक फिट काठको सट्टा रु.१ लाख दिइयो ।
- मुक्तकमैयाका लागि सुरुमा दिइएका सीपमुलक तालिमहरू महत्वपूर्ण भए पनि पछिल्लो दिनका दिइएका तालिमहरू तालिमका लागि तालिम मात्र भए । केही रातो कार्ड प्राप्त व्यक्तिहरू नै जमिन लिन आएनन् ।
- थुप्रै कमैयाहरू छूट भएका हुन सक्छन तर अब तथ्याङ्क लिएर परिचय पत्र पुनः वितरण गर्न संभव छैन । बरु उनीहरूको समस्या राष्ट्रिय भूमि आयोगबाट घडेरी दिएर हल गर्न सकिन्छ ।

- बाँके जिल्लामा मुक्तकमैया समस्या हल भइसकेको छ । तर कतिपय जिल्लाहरूमा जग्गा दिदा कित्ता पहिचान नभएका, खोलाको किनारमा भएका कित्ताको समस्या यथावत रहेको छ । यी समस्याहरूको हल हुन भने जरुरी छ ।
- मुक्तकमैयाको समस्या हल गर्न रकमसहित स्थानीय तहलाई २०७६ जेष्ठ ११ मा हस्तान्तरण गरिएपनि उनीहरूसंग रिकर्ड देखिदैन ।
- हाल प्रदेश तथा स्थानीय तहसंग मुक्तकमैया पुनःस्थापना गर्ने कुनै कार्यक्रम देखिदैनन् । तर लक्षित समुदाय कार्यक्रम अन्तरगत औसत कार्यक्रम राख्ने गरिएको छ ।

इन्द्रजीत थारु : *मन्त्री, स्वास्थ्य, जनसंखया तथा परिवारकल्याण मन्त्रालय*

- मुक्तकमैयाका र कम्लहरी थुप्रै समस्याहरू यथावत रहेका छन् ।
- प्रदेश सरकारकातर्फबाट मुक्तकम्लहरीका लागि वार्षिक १० हजार पर्ने गरी ५० लाख विनियोजन गरिएको छ ।
- यो अध्ययन समितिले समस्याको गहिराइमा गएर समाधानको उपाय ल्याएर सुझाव आउने विश्वास गरिएको छ ।

डा. शान्ता कार्की : *सचिव, कृषि, प्रविधि तथा भूमि ब्यवस्था मन्त्रालय*

- नेपाल सरकार संघीय भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको सक्रियतामा गठन भएको अध्ययन समितिलाई अध्ययन क्षेत्रमा सहयोग तथा समन्वय गर्ने कार्यक्रम रहेको छ ।
- आफ्नो मन्त्रालयमार्फत गरिने मुक्तकमैया पुनःस्थापना सम्बन्धी विशिष्ट कार्यक्रम नरहेको ।
- लक्षित समुदाय केन्द्रीत कार्यक्रमहरू रहेका छन् । यसअघि नै मुक्तकमैया तथा कम्लहरी कार्यक्रम समाप्त भएपछि कार्यक्रम तथा बजेट विनियोजन नगरिएको ।
- यस अध्ययन समितिबाट आउने प्रतिवेदनका आधारमा आगामी वर्षको कार्यक्रम र बजेट विनियोजन गर्ने कार्यक्रम छ ।
- हाम्रो प्रदेशमा हामी पनि यस अध्ययन समितिमा संगै सामेल हुने प्रतिबद्धता व्यक्त गर्दछौं ।

कुलप्रसाद केसी : *मुख्यमन्त्री, लुम्बिनी प्रदेश*

- सर्वप्रथम अध्ययन समितिका सबै साथीहरूलाई स्वागत गर्न चाहन्छु ।
- यस समितिले मुक्तकमैया तथा कम्लहरीसम्बन्धी सबै गतिविधिहरूको गहिरो अध्ययन गरोस् ।
- प्रदेश सरकारसंग कम्लहरीका लागि रु.५० लाख बजेट विनियोजन गरिएको छ । प्रदेश सरकारले ६० लाख खर्च गरेर देउखुरीमा कम्लहरी होष्टललाई सहयोग गरेको छ ।
- अध्ययनका क्रममा सम्बन्धित पीडितहरूका संगठनहरूसंग समेत छलफल गर्नु आवश्यक छ ।
- हिजो शहरी क्षेत्र र दुर्गम क्षेत्र भनेर जमिन वितरण गरिएपनि अब त्यसो संभव नभएकोले समान ढंगले जमिनको वितरण गरिनुपर्ने हुनसक्छ ।

- अब जमिन वितरण गरेर संभव पनि छैन त्यसैले यसको विकल्प अपरिहार्य भएको छ। अब भूमि वितरणभन्दा सीप तालिम प्रक्रियालाई स्थापित गरिनुपर्दछ।
- राष्ट्रिय भूमि आयोगलाई अनावश्यक रुपमा राजनीतिकरण गरिएको छ। यसलाई समस्या समाधानको उपायको रुपमा लिनुपर्दछ। यस अध्ययन समितिले पनि योगदान गर्न सक्छ।
- संघीयता स्थिर र कर्मचारीतन्त्र अस्थिर हुँदै जानुका कारण कतिपय समस्याहरू बाँकी रहेको अवस्था छ। जनतामा देखा परेको निराशाको संबोधन हुन जरुरी छ।
- मुक्तकमैयालाई उनीहरू बसेकै स्थानमा सुचिकृत गर्ने प्रयास गर्दा राम्रो हुन्छ। यस प्रदेशमा बर्दिया, बाँके र दाङमध्ये बर्दिया जिल्लाको समस्या हल गर्न केन्द्रीकृत हुनुपर्ने देखिन्छ।
- बाँकेको कोहलपुरमा मुक्तकमैया र सुकुम्बासीका बीचमा समस्या आउने गरेको छ। देउखुरीमा भूमि अतिक्रमणको समस्याको संबोधन हुन जरुरी छ।
- अब राज्यले व्यक्तिको नाममा रहेको जमिनलाई थप व्यवस्थित गर्दै राज्यका विभिन्न तहको नियन्त्रणमा रहेका सार्वजनिक जमिनको ब्यवस्थापनलाई ध्यान दिएर प्रभावकारी योजना बनाउन ढिला भइसकेको छ।
- भूमिको दीर्घकालिन समाधानका लागि उपाय ननिकाल्ने हो भने गम्भीर समस्या आउन सक्नेप्रति सचेत गराउँदै सबैले भूमिको संरक्षणका लागि योगदान गर्नुपर्दछ। साथै, स्थानीय तहका जनप्रतिनिधि तथा सम्बन्धित जिल्लाका मन्त्रीहरूसंग समेत परामर्श गर्नु बेस हुनेछ।
- यस अध्ययन समितिले दिएको प्रतिवेदनका आधारमा प्रदेश सरकारले पूर्णरुपमा कार्यान्वयनमा जोड दिने प्रतिबद्धता जाहेर गर्दछु।
- हाम्रो प्रदेश सरकारकातर्फबाट विषयगत मन्त्रालयले यहाँहरूको अध्ययन समितिलाई पूर्ण सहयोग गर्ने विश्वास दिलाउन चाहन्छु।

२०७८ पौष २६ गते, बिहान

### १.३.२ कमैया बस्तीमा समुदायगत छलफल मुक्तिनगर, लालमटिया, दा□)



*मुक्तिनगर लालमटीया दाङ्गमा छूट कमैया वस्तीमा सामुदायिक छलफल गर्दै*

छलफलमा संलल्न मुख्य व्यक्तिहरू:

| | |
|---|---|
| हरिचन्द्र चौधरी : | अध्यक्ष, मुक्तकमैया समाज, दाङ्ग, |
| लोकमाया चौधरी तामांग : | सचिव, मुक्तकमैया समाज, दाङ्ग |
| रेवन्त चौधरी : | पूर्व विज्ञ सदस्य, भूमिसम्बन्धी समस्या समाधान आयोग, दाङ्ग |
| गुलाम अलि शाइ : | मुक्तकमैया समाजका पूर्व जिल्ला अध्यक्ष । |
| राजकुमार तामांङ्ग : | लगायत समुदायका अन्य १५ जना मुक्तकमैयासँग सामुहिक छलफल । |

**छलफलका क्रममा उनीहरूले व्यक्त गरेका सामुहिक विचारहरू :**

- हामी कमैया मुक्तिको घोषणाले खुशी नै छौं । अहिले जस्तो अप्ठयारो परेपनि कमैया काम गर्न कोही गएका छैनौं । हाम्रो बार्गेनिंग पावर विगतभन्दा बढेको छ । सबैले ज्याला मजदूरी गरेर खाएका छन् । कतिपयले सीपमुलक तालिम लिएर काम गरिरहेका छन् । तर कमैया आन्दोलनको नेतृत्व गरेका हामी अध्यक्ष र सचिव नै कमैयामा छूट भएका छौं ।
- दाङ जिल्लाभरि छूट कमैयाको संख्या ३,३८५ छन् । सरकारले वितरण गरेका परिचय पत्रका कार्ड १,९२६ थिए ।
- यो बस्तीमा रहेका १२६ परिवारमध्ये ९५ परिवारले जमिन पाएका छन्, बाँकी अरुको जमिनमा बसेको परिवार ३१ छन् ।
- दाङ्गको लालझण्डीमा २६ विगाह जमिनमा १०० परिवार बसोवास गरिबसेका छन् ।
- छूट कमैया हुनुको मूलकारण तत्कालिन माओवादी जनयुद्धका कारण संकटकाल लागेकाले भूमिसुधारका कर्मचारी गाउँमा लगत लिन आउन नसक्नु हो । अर्को कारण, आधिकारिक मुक्तकमैया हुन मालिकको सिफारिश अनिवार्य गरिएकाले कतिपय मालिकले सिफारिश गर्न मानेन । मोहियानी हक लागेर जमिन जाला कि भन्ने त्रास फैलाइयो । यही दुइटा कारणले छूट कमैया यति धेरै संख्यामा भएका हुन् ।
- यति ठूलो संख्यामा समस्या यथावत् राखेर तत्कालिन नेपाल सरकारले कमैया मुक्तजिल्ला घोषणा गरिदियो । स्थानीय सरकारले मुक्तकमैया समस्याको कुनै योजना बनाएको छैन । उल्टै कमैया मुक्तिपछि हाम्रा परिवार संख्या बढेको आरोप लगाउँछ जबकि ऐलानी जमिन हडपेर बस्नेहरू गैरथारु अर्थात गैरमुक्तकमैयाहरू छन् ।
- जमिन नभएका मालिकको घरमा बसेकालाई रातो कार्ड, ऐलानीमा बसेका र मालिककोमा काम गर्न जानेलाई नीलो कार्ड, एकदेखि १९ धुरसम्म जमिन भएकालाई पहेलो कार्ड र सोभन्दा बढी जमिन भएकालाई सेतो कार्ड दिइएको थियो जुन त्यति वैज्ञानिक थिएन ।
- मुक्तकमैयाका मागहरू वेवास्ता गरेपछि हामीले आफ्नै जमिन आर्फै अमिन भन्ने अभियान संचालन गरेर जगगा कब्जा गरेर शिविर बनाएर बस्यौं । यो मुक्ति नगर पनि त्यसरी नै बनेको बस्ती हो । तर हामी कसैले पनि ५ कट्ठा भन्दा ज्यादा जमिन लिएनौ ।

- नेपाल सरकारले रातो कार्ड र नीलो कार्डवालालाई ३ कठ्ठादेखि ५ कठ्ठासम्म जमिन दियो । केवल कार्ड पाएकालाई मात्र सरकारले सीपमुलक तालिम दियो । छूट कमैयालाई बिभिन्न संघ संस्थाहरूले तालिम दिए । दिइएका तालिमहरूमध्ये डकर्मी, सिकर्मी, पेण्टिंङ, प्लम्बिङ, जेसिबी ड्राइभिंग जस्ता तालिमहरू उपलब्धीमुलक अर्थात रोजगारमुलक रहेका छन् । यी बाहेक सिलाइ कटाई, व्यूटिपार्लर, मोबाइल मर्मत, केस काट्ने आदि तालिम पाइएका थिए । ती त्यति काममा आएनन् ।
- सीपमुलक तालिम पाएर काम पाएकाहरू ४० प्रतिशत मात्र होलान् । हाम्रो मुक्ति पश्चात हाम्रा छोराछोरीले स्नातक तहसम्म पढिसकेका छन् । तर सरकारी रोजगारी पाएका छैनन् । रोजगारी हाम्रो चर्को समस्या भएको छ ।



*दाङ्ग मुक्तिनगरमा सीप गरेर पसल थापेर सम्पन्न भएको एक कमैयाको घर*



***छूट मुक्त कमैयाद्वारा गरिएको कुखुरापालन फार्मको नमुना***

- परिचय पत्र पाएर जमिन नपाएका मुक्तकमैयाहरू १७ परिवार छन् । उनीहरूको पूर्जा छ तर अरु नै आएर सो जमिनमा बसेका छन् । बिशेषगरी पछिल्लो दिनमा स्थानीय सरकारले शिक्षा, स्वास्थ्य र रोजगारीको सुनिश्चित गरिनुपर्दथ्यो जुन हुन सकेन ।
- हाम्रो जमेको दिमाग खोलेर स्वतन्त्र भएपछि हाम्रा दर्जनौं सपना छन्, जसलाई हामी पूरा गर्न चाहन्छौं । नेपाल सरकारले सोको बातावरण बनाइ नदिएकोमा हामीमा निराशा छाएको छ ।

**गुलामअलि शाइ**

उनी एक मुक्तकमैया हुन् । उनी रातो कार्ड होल्डर हुन् । उनले ४ कठ्ठा ६ धुर जमिन पाएका छन् । उनले ९ महिने सीप तालिम पनि पाएका छन् । उनी कमैया आन्दोलनमा स्थापनादेखि नै संघर्षरत व्यक्ति हुन् । २०५८ देखि नै उनीहरू यो बस्तीमा बसेका थिए । त्यसबेला एक गाग्रो पानी ल्याउन दुई घण्टा बढी पैदल जानुपर्दथ्यो । मानिसहरू बिभिन्न स्थानबाट यहाँ बस्न आएका थिए । जमिन नपाउँदा कतिपय अन्तै फर्किए । उनीहरूले पनि आफ्नो समुदायसंग रहनसहन, संस्कृति अनुसार जीवन विताउन पाएका छैनन् ।

- यस बस्तीमा जमिन पाएकामध्ये दशैंतिहार, माघी मनाउन गएकाहरू फर्केनन् जसले गर्दा ४६ कित्ता खाली नै रहेका थिए । त्यसपछि सरकारले ती लालपूर्जा बदर गरेर अरुलाई वितरण गरिदियो
- यस दाङ्ग जिल्लामा १८ हजार विगाहा ऐलानी जमिन छ तर सरकार व्यवस्थापन गर्न सक्दैन, कब्जावालसंग डराउँछ ।
- निराशा छाएपछि एक दुई प्रतिशत मुक्तकमैयाहरू नयाँ सम्झौतामा मालिककोमा काम गर्न गएका छन् ।
- केही व्यक्तिलाई लालपूर्जा दियो तर फिर्ता नआएपछि उनीहरूको लालपूर्जा बदर गरिएन जसका कारण अझैं केही मुक्तकमैयाहरू पुरानो बदर भएको लालपूर्जा देखाएर विवाद गरिरहेका छन् ।

**कमैया समस्या समाधानका उपायहरू सम्बन्धमा कमैया समुदायको साझा भनाइः**

- छूट मुक्तकमैयाको वास्तविक समस्याको पहिचान गरी परिचय पत्र दिनुपर्छ ।
- हाल बसोवास गर्दै आएको जमिन उनीहरूकै नाममा दर्ता गरिदिनुपर्छ ।
- बिना धितो ब्याजबिनाको कम्तिमा ५ लाख ऋण उपलब्ध गराउनुपर्छ ।
- बीउ पूँजी र औजार सहितको ९ महिनासम्मको व्यवसायिक तालिमहरू दिनुपर्छ ।
- काठमाडौं तीनकुने कब्जा गर्दाका बखत सरकारसित भएको १० बुंदे सहमति अक्षरशः कार्यान्वयन गरिनुपर्दछ ।
- हामीलाई दिएको जमिनको लालपूर्जालाई अनावश्यक शर्त र बन्धनबाट हटाएर अन्य लालपुर्जा जस्तै पूर्ण स्वामित्व प्रदान गरिनुपर्दछ । यो बैंकमा राखेर ऋण लिन सकिने बनाइनु पर्छ । यसको जमिनको छोराछोरीमा हक हस्तान्तरण गर्ने व्यवस्था गरिनु पर्छ । अन्यथा हामी पहिला व्यक्तिका कमैया थियौं आजकाल सरकारको कमैया जस्ता भएका छौं ।

- कमैया महिलाहरू बुक्रहीको पहिचान गरेर जमिन नदिएपनि परिचय पत्रका आधारमा सुविधा दिइनुपर्दछ।
- तात्कालीन स्थानीय सरकारले छूट मुक्तकमैया भनेर दिएको सिफारिश हामीसित निस्सा प्रमाणका रुपमा छ। त्यसलाई अहिले प्रमाणका रुपमा मान्यता दिनुपर्दछ।
- जमिन प्राप्त भएपछि करार खेतीको सुविधा प्रदान गरिनुपर्दछ।
- राष्ट्रिय भूमि आयोगबाट भूमि वितरण गर्नुअघि मुक्तकमैयाको पहिचान गर्ने काम सकिनुपर्दछ।
- कम्लहरीका मागहरू संबोधन गरी उनीहरूलाई मूलतः उच्च शिक्षासम्म छात्रवृत्ति र सीप तालिममा जोड दिनुपर्दछ।
- मुक्तकमैयाका केटाकेटीहरूलाई सरकारी नोकरीमा आरक्षण दिएर दीर्घकालिन जागीरको व्यवस्थागरिनुपर्दछ।
- केही समय मुक्तकमैयाको अलग व्यवस्थाकासाथ व्यवहार गरिनुपर्दछ।
- सबै समस्या हल गरेपछि विभिन्न प्याकेजहरूमार्फत जान सकिन्छ तर समस्या यथावत राखेर जतिसुकै तालिम दिएपनि केही हुन्न।
- बिभिन्न स्थानमा सामुदायिक वन तथा सुकुम्वासीहरूसंगको विवाद तत्काल समाधान गरिनुपर्दछ

२०७८ पौष २६ गते, दिउँसो :

**१.३.३ लमही नगरपालिका वडा नंबर १ नर्ती**

**लावाजुनी कम्लहरी छात्रावासको निरीक्षण**



**निरीक्षणबाट प्राप्त तथ्यहरू :**

- मुक्तिपछि स्थापना गरिएको हुनाले छात्रावासको नाम लावाजुनी (नयाँ जीवन) राखिएको रहेछ ।
- यो छात्रावास भवन निर्माणमा प्लान इन्टरनेशनल नामक गैससले सहयोग गरिदिएको रहेछ । होस्टलको पूर्ण क्षमता ११० जनाको रहेछ ।
- तर छात्रावासमा अहिले ३६ जना कम्लहरी बसेका छन् । जसमध्ये १७ जना स्नातक, १९ जना प्लस टु पढ्दै छन् ।
- १२ कक्षासम्म पढ्नेलाई खालि १० महिनाको मासिक रु.४०००/- दिइन्छ । जसमध्ये रु. ५०० पाकेट खर्च र अन्य रकम खाना र पढाइ खर्च भनिएपनि १२ महिनासम्म पुग्दैन । ज्यादै अपर्याप्त हुन्छ । छात्रावासमा बस्ने स्नातक पढ्नेले रु.८००० तिर्नुपर्छ । तर उसको लागि कहिँबाट केही आउँदैन ।
- प्रदेश सरकारका नीति तथा कार्यक्रममा केही संबोधन भयो भने पनि व्यवहारमा केही नआउने गरेको छ । लुम्बिनी प्रदेश सरकारले यो बर्ष पठाएको भनिएको ५० लाख रकम बीचैमा खोइ कहाँ हरायो ? यहाँ त आइपुगेको छैन । प्रदेश सरकारले विनियोजन गरेको रु.५० लाखबारे कम्लहरीहरू पूर्णतया अनभिज्ञ रहेका छन् ।



*सरकारले भरथेग नगरेर क्याम्पस भर्ना हुन नपाएका छात्रावासका कम्लहरी विद्यार्थीहरु*

- छात्रावासमा बस्नेमध्ये ३ जना छात्राहरूको अविभावक छैन । उनीहरूसंग आर्थिक स्रोतको अभावमा क्याम्पस भर्ना हुन सकेका छैनन् । अहिले उनीहरूको बिल्लीबाठको स्थिति छ । यो समस्या तुरुन्त हल हुन आवश्यक छ ।
- सरकारले प्रति विद्यार्थी कम्तिमा रु.१० हजारको छात्रवृत्तिको व्यवस्थासहित १२ महिनाको लागि नै छात्रबृत्तिको व्यवस्थागर्न जरुरी देखिन्छ ।
- छात्रावास सरकारले आफैले सञ्चालन गर्नुपर्दछ ।



*लावाजुनी छात्रावासमा छात्राहरुको समस्या सुन्दै अध्ययन समिति*

**२०७८ पौष २६ गते, दिउँसो :**

### १.३.४ लमही नगरपालिका वडा १ मूक्तकमैया बस्ती, नर्तीको अध्ययन भ्रमण ।

**मूक्तकमैयाह□सित सामुदायिक छलफल**

- नर्तीस्थित मुक्तकमैया बस्तीमा छलफल गर्दा त्यहाँ ७ परिवार डेढ विगाहा जमिनमा बसेका भेटिए ।
- सो डेढ विगाहा जमिन २०३४ सालमा प्यूठानबाट आएका होमबहादुर सार्की नामका व्यक्तिको थियो भनिन्छ । तर यथार्थमा उनले बेचेर गएका हुन् । सो जमिन ऐलानी थियो । हाल सो वडाको वडाध्यक्ष नुवराज पौडेलसित मिलेर उनले मुक्तकमैयालाई औधी दु:ख दिइरहेका छन् । प्युठानबाट आएका व्यक्ति भएकाले उनले होम बहादुर सित मिलेर उत्पीडकको भूमिका खेलेको देखिन्छ ।
- जब जब सरकारले भूमि आयोग बनाउँछ वडाध्यक्षसंग मिलेर ती व्यक्तिले बस्तीमा आएर मुक्तकमैया परिवारबाट ३० हजारका दरले पैसा उठाउन थाल्छन् । यसरी उनले तीन पटक पैसा उठाएको प्रमाण स्थानीयसंग छ । धेरै दु:ख दिईरहेका छन् । यो स्थितिमा हाम्रो अभिभावक को ? भन्ने जस्तो स्थिति भएको छ ।
- सो जमिनका विषयमा कुरा उठाउँदा स्थानीय प्रेमलाल चौधरीलाई प्रहरी थुनुवामा राखियो ।
- यो बस्ती २०१९ सालमा बसालिएको थियो । २०२७ सालमा नापी आयो । लालपूर्जा २०४३ मा वितरण गरियो तर ती ७ परिवारलाई दिएनन् ।
- टोल विकास समितिले सो जमिन अरुलाई नै लिखित सिफारिश गरिदियो ।

- सो जमिनमा बसोवास गरेका व्यक्तिहरू मुक्तकमैया पृष्ठभूमि भएका सुकुम्बासी हुन् तर त्यो एक सानो ७ परिवारको विशिष्ट समस्या भएकोले स्थानीय सर्जमिनका आधारमा तत्काल समस्याको हल गर्नु बुद्धिमानी हुने देखिन्छ ।

- यो घटनाले आफैले निर्वाचित गराएका स्थानीय जनप्रतिनिधिहरूको इमान्दारिताप्रति ठूलो आशंका र निराशा उत्पन्न हुन थालेको पाइएको छ । वडाध्यक्षले स्थानीय टोलविकास समितिको सिफारिशलाई आधार मान्नु गैरकानूनी कुरा हो । त्यो जमिनको स्वामित्व बुझ्न गएका प्रेमलाल चौधरीका अनुसार मालपोत कार्यालयमा बुझ्दा पनि ऐलानी देखिन्छ । त्यसैले सो जमिन स्थानीय सरकारले पहलकदमी लिएमा ७ परिवारको हक लाग्ने देखिन्छ ।

२०७८ पौष २६ गते, दिउँसो

### १.३.५ भवानी शिविर, गढवा गाउपालिका वडा नं ५, कमैयाह□सित सामुदायिक छलफल



- भवानी शिविरमा १८० परिवार बसोवास गरेका छन् । त्यो बस्तीमा लालपुर, मगढी, पर्नाति, बाम, लाखरपुर गरी ५ वटा बस्तीका मुक्तकमैयाहरू आएर २०६३ सालदेखि कब्जा गरेर बसेको देखिन्छ ।

- हाल सबै बिभिन्न स्थानमा गएपछि ३६ परिवार मात्र बसोवास गरिरहेका छन् । कतिपयले जमिन कब्जा गरेर बसेका छन् तर त्यहाँ नबसी अन्तै बस्छन् ।

- उनीहरू माओवादी संकटकाल र मालिकले कमैया भनेर सिफारिश नगरेका कारण छूट हुन पुगेको कमैया हुन् ।

**शिविरका अगुवा विन्तिराम चोधरी**

- उनीहरूमध्ये कसैसंग पनि परिचय पत्र छैन ।

- सो बस्तीमा खानेपानीको निकै अभाव छ । जंगलको बीचमा बस्ति छ । उनीहरूलाई सरकारका तर्फबाट कुनै सीपमुलक तालिम पनि दिइएको छैन ।
- सो बस्तीमा गाउँपालिका अध्यक्ष सहजराम अहिरले आफ्नो कार्यकालभरि जंगलको कमैया बस्तीबाट नहटाउने बचन दिएको कारण विगत ५ वर्ष ढुक्क भएर रहेका छन् । अब उनको कार्यकाल समाप्तिसंगै बन बिभागले हटाउलान् कि भनेर डर पस्न थालेको छ ।
- उनीहरूसरकारले निर्माण गरेको अध्ययन समिति र भूमि आयोगबाट समस्या हल हुनेमा विश्वस्त देखिन्छन् ।
- हाल उनीहरू वेठवेगारी, मजदूरी गरेर खाइरहेका छन् । यहाँ ज्याला महिलालाई दिनको ५०० र पुरुषको रु ७०० रहेको छ ।
- उनीहरूले आफ्नो तत्कालको समस्या हल गर्न एक सहकारी निर्माण गरेका छन् । सो सहकारीमा ५ लाख रु भन्दा बढी बचत रहेको छ । त्यही पैसा उनीहरू प्रति महिना सयकडा रु.१ ब्याजमा लगानी गर्छन् । अर्थात बर्षको १२ प्रतिशत ।
- यहाँका कमैयाहरूको माग
  - हाम्रो परिचय पत्रसहित जोतभोग गरेको जमिनको लालपूर्जा दिइनुपर्दछ ।
  - हामीलाइ गतिलो सीप तालिम सहित रोजगारीको व्यवस्थागरिनुपर्दछ ।
  - शिक्षा, स्वास्थ्य र बस्तीमा पानीको समस्या हल हुनु पर्दछ ।



*भवानी सिविर गढवाका छुटमुक्त कमैयाहरु*

## २०७८ पौष २६ गते, दिउँसा

## १.३.६ गढवा गाउँपालिका प्रमुखसँग छलफल

अध्यक्ष : सहजराम अहिर, उपाध्यक्ष : शान्ति चौधरी, वडाध्यक्ष : प्रकाश भण्डारी (वडा नंबर ५) गाउँपालिका प्रशासकीय अधिकृत ।



**अध्यक्ष सहजरामको भनाइ** :

- कमैया मुक्तिको घोषणा त भयो तर कमैयाका नाममा बेथिति आयो जसलाई नियन्त्रण गर्न सकिएन । यसका कारण कमैया बस्तीमा गैरकमैयाहरूको प्रवेशले नकारात्मक स्थिति ल्यायो ।
- यद्यपि बँधुवा मजदूरबाट मुक्तिपछि बटैया गर्थे । आजकाल मजदूरी गरिरहेका छन् । कतिपय स्थानमा सरकारले तोकेकोभन्दा बढी ज्याला पाउने गरेको समेत छ ।
- कम्लहरीको पनि मुक्तिको घोषणा गरिएपनि नाम मात्रको पुनःस्थापना गरियो । स्थानीय सरकारलाई कुनै जिम्मेवार नबनाई केन्द्रबाट निर्माण भएका नियम तथा निर्देशिकाले विवाद ल्यायो ।
- २०६२/६३ पछि सबै जसो दलहरूले मुक्तकमैयाहरूलाई जमिन दिने कुरा गरे तर जमिन नदिएर समस्याको हल गरेनन् ।
- राष्ट्रिय भूमि आयोगबाट समस्याको हल गर्ने उपाय निकाल्न थालिएको भएपनि पूरा हुन सकेन ।
- मुक्तकमैयाको समस्या हल गर्ने, परिचय पत्र वितरण गर्ने र जमिनको वितरण गर्ने अधिकार स्थानीय तहलाई दिइएको छैन ।

- हाम्रो गाउँपालिकाले नर्तिको कम्लहरीको होस्टललाई रु.५ लाख दिने निर्णय गरेको छ ।
- उनीहरू रहिरहेको बनको बस्तीमा विद्युतको, कृषिको, वनको कार्यक्षेत्रका कारण समस्या बल्भिरहेको छ । उदाहरणका रुपमा बनले खेलकुद मैदान बनाउन दिएन, न त डीप वोरिंग गर्न ।
- साविकको गोवढिया गाबिसमा सबैभन्दा बढी मुक्तकमैया थिए तर त्यहाँ सबैभन्दा कम परिचय पत्र वितरण गरियो ।
- छूट कमैयाको पहिचान गर्ने अधिकार स्थानीय तहलाई दिए यो समस्या सजिलै हल हुन सक्छ ।
- जंगलको सिमानाभित्र रहेको जमिन छूट कमैयालाई वितरण गर्ने बाटो सरकारले खोल्नुपर्दछ ।
- हामीलाई २२ वटा कानून बनाउने हक छ तर प्रदेश र संघसंग नबाभि्ने गरी बनाउने भनिएकोले कतिपय स्पष्ट भएन ।
- गढवा गाउँपालिकामा अहिले पनि ५ स्थानमा शिविर रहेका छन् जसलाई हल गरिहाल्नुपर्दछ ।

२०७८ पौष २७ गते, बिहान

### १.३.७ हरि चौधरी (भूमिसूधार दा□का पूर्वकर्मचारी) स□ छलफल

- मुक्तकमैयाको तथ्याङ्क आफूले लिएको हो तर तत्कालिन संकटकालका कारण फिल्डमा जान सकिएन, दोस्रो मालिकले हलिया हो भनेर सिफारिश गरिदिएन र तेस्रो मुक्तकमैयाहरू तितरवितर भएकाले छूट हुन पुगे । छूटको मुख्य कारण यही हो ।
- मैले १४०० थान छूट कमैयाको फारम भरेर मालपोत कार्यालयमा राखेको थिएँ । केन्द्रबाट अब स्थगित गर्ने निर्देशन दिएपछि रोकियो । ती फारम कता छन् थाहा भएन । नत्र १४०० जनाको समस्या समाधान भइ सक्दथ्यो ।
- जमिन नै नपाएका, लालपूर्जा पाएका तर जमिन नपाएका, नदीको किनारमा जमिन पाएका, र आफ्नो जमिन अरुले ओगटेको मुक्तकमैयाको समस्यालाई तत्काल हल गरिनुपर्दछ ।
- अझै पुराना रिकर्डहरू हेरेर समस्याको हल गर्न सकिन्छ । प्रमाणहरू कार्यालयमा छन् ।

२०७८ पौष २७ गते

### १.३.८ मूक्तकम्लहरी विकास मंचको कार्यालय चौघेरा, घोराही १७, दा□मा मूक्तकम्लहरीह□सित सामुहिक छलफल

मंजिता चौधरी पूर्वअध्यक्ष र शान्ति चौधरी केन्द्रिय अध्यक्ष पनि उपस्थित हुनुहुन्थ्यो ।



*करिब २० जनाभन्दा बढी कम्लहरीहरुसित भित्री कोठा छलफल*

**मुक्तकम्लहरी समुदायको भनाइ :**

- कमैया मुक्तिको घोषणापछि कमैया तर कमलहरीलाई चाहिँ मुक्तनगरी निरन्तरता दिइयो ।
- जमिन्दारको छोरीको विवाह हुंदा एक जना कम्लहरी उपहार दिने प्रचलनबाट सुरुवात भएको कम्लहरी प्रथा पछिल्लो समय यौनशोषण, बेपत्ता, गर्भवती र विना बाबुको आमा बन्ने र हत्या र वेपत्तासम्मका घट्ना घटेका छन् ।
- कम्लहरी मुक्तिको आन्दोलन २०७८ माघदेखि साविकको गोबरडिहा गाविस १ दांगस्थित खैरा गाउँबाट भएको थियो ।
- २०६५ माघ १ गते मुक्तकमलहरी जिल्ला घोषणा गरियो । २०७० जेष्ठ १९ देखि काठमाडौं केन्द्रीत आन्दोलनको परिणामस्वरुप २०७० असार १३ गते कमलहरी मुक्तराष्ट्र घोषणा भयो ।
- हाल ५ वटा जिल्लामा छात्रावास रहेका छन् । जहाँ १६६ जना (दांगमा ६२ जना, कैलालीमा ८५ जना, कंचनपुरमा १९ जना रहेका छन् ।) १२७४ जना विद्यालय तथा क्याम्पसमा अध्ययनरत रहेका छन् ।
- ५ जिल्लामा ४२ वटा सहकारी स्थापना गरिएका छन् । ती सबै सहकारीको कुल पुँजी १० करोड ३७ लाख चउन्न हजार ६१ रु रहेको छ ।

- दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर समेत गरी सबै जिल्लाका कुल १२,७६९ मुक्तकम्लहरीमध्ये ४,९३४ ले परिचय पत्र पाएका छन् । ७,८३५ ले दर्ता भएर पनि परिचय पत्र पाउन सकेका छैनन् । ३,२९६ त छूट कम्लहरी नै रहेका छन् ।
- हालसम्म २७ जना कम्लहरीहरू वेपत्ता छन् । ११ जना बुवाको ठेगान नभएका कुमारी आमा रहेका छन् । ५ जनाले आत्महत्या गरेका घट्ना छन् ।
- कम्लहरीमाथि भएका ज्यादतिको कार्वाही भएको छैन । पण्डित कम्लहरीको वृहत समस्या बारे अनुसन्धान भएको छैन ।
- कम्लहरीको पुनःस्थापनालाई गैससको भरमा पारियो । अहिले पनि कम्लहरीलाई जमिन दिने कुरामा सहमति बन्न सकेको छैन ।
- कम्लहरीका समस्या यस प्रकार समाधान हुन सक्दछ :
  - सबै छूट कम्लहरीको पहिचान र परिचय पत्रको ब्यवस्था हुनु पर्दछ
  - आय आर्जन तथा रोजगारीका लागि मुक्तकम्लहरीलाई सीप तालिम र रोजगारीको ब्यवस्था हुनु पर्दछ
  - पढ्न इच्छुक सबै कम्लहरीलाई स्नातकोत्तरसम्म छात्रवृत्ति सहित उच्च शिक्षाको सुविधा हुनु पर्दछ र कम्लहरीको शिक्षा मुख्य गरी ब्यावसायिक प्राविधिक हुनु पर्दछ । कम्लहरीको लागि स्वास्थ्य उपचारको ब्यवस्थाहुनु पर्दछ ।
  - अभिभावकविहीन र भूमिहीन कम्लहरीलाई पनि एक पटकको लागि भूमि र बासको ब्यवस्था हुनु पर्दछ ।
  - कम्लहरीको सहकारीलाई दिगो बनाउन घुम्ती कोषको रुपमा बाँडिने गरी कुल ३०-४० लाख सरकारी सहयोगको ब्यवस्था हुनु पर्दछ ।
  - छात्रावासमा रहेका कम्लहरीको लागि कम्तिमा १० हजार प्रति महिना हुने गरी र १२ महीना पाउने गरी जिउनपुग्दो छात्रवृत्तिको ब्यवस्था हुनु पर्दछ ।
  - कम्लहरी पुनस्थापनाको एकीकृत प्याकेज हुनु पर्दछ । कम्लहरी र सरकारबीचको सहमति कार्यान्वयन हुनु पर्दछ ।

२०७८ पौष २७ गते, दिउँसो ।

### १.३.९ दा□ तुलसीपुरमा कमैयासित सम्वध्द पुरानो गैसस ब्याकवार्ड सोसाइटी एजुकेशन (अर्थात BASE) स□को छलफल




चुर्णबहादुर चौधरी : कार्यकारी निर्देशक

नरबहादुर चौधरी : सूचना अधिकृत

इन्द्र चौधरी : संवाद परियोजना संयोजक

राजेशकुमार चौधरी : लेखा अधिकृत

- कम्लहरीको परम्परागत काम अहिले आधुनिक बाध्यकारी श्रमिकमा रुपान्तरण भएको छ ।
- मुक्तकमैयाहरूलाई ४ वर्गमा विभाजन गरेर पहिचान दिइयो तर ग र घ लाई पुनःस्थापनाको कुनै प्रक्रियामा ल्याइएन जसले मुक्तकमैयामाथि ठूलो अन्याय भयो । यसमा पहेँलो कार्ड भएका १,८६९ र सेतो ३,०७० कार्ड भएका रहेका छन् ।
- साविकका गाविसहरूको मर्ज गर्दा तथ्याङ्कहरूको संरक्षण गरिएको छैन । करिव १५ प्रतिशत मुक्तकमैयाहरूको पुनःस्थापना बाँकी छ । अहिले आधुनिक दासत्वको खतरा बढेको छ । मधुवन गाउँपालिकाको वडा नंबर ५ बर्दियाको २३ जनाले लालपूर्जा नपाएको सुकुम्बासी र मुक्तकमैयाबीच द्वन्द्व रहेको छ । त्यहाँ ५५ परिवार छन् ।
- पहेँलो र सेतो कार्डलाई पनि जमिन दिनुपर्दछ । बगरमा पाएको लालपूर्जा वदर गरेर विकल्प दिनुपर्दछ ।
- सीपमुलुक तालिम पाएका करिव ४० प्रतिशतले मात्र काम पाउने गरेका छन् । अब Agro Based तालिम दिनुपर्दछ । कम्लहरी समस्या हल गर्न एक संरचना बनाउँदा उपयुक्त हुने देखिन्छ ।



*कमैयाहरुको पुरानो संगठन बसेको कार्यालयमा त्यसका पदाधिकारीहरुसँग छलफल गर्दै*

- छूट कमैयाको समस्या हल गर्न स्थानीय तहलाई अधिकार दिनुपर्दछ ।
- अब कमैयाको समस्या हल गरेर एकीकृत उत्पादन तथा उत्पालनशीलतामा लैजानुपर्दछ ।
- अब ५ वटै जिल्लामा मुक्तकमैया, कम्लहरी तथा भूमिहिन सुकुम्बासीहरूको समग्र समस्या हल गर्ने गरी राज्यले एकीकृत योजनाका साथ अघि बढ्नुपर्दछ । त्योभन्दा अघि मुक्तकमैयाका तत्कालिन व्यवहारिक समस्याहरू हल गरिनुपर्दछ ।

२०७८ पौष २७ गते, दिउँसो

### १.३.१० घनश्याम पाण्डे : नगर प्रमुख : तुलसीपूर उपमहानगरपालिका, दा□




*तुल्सीपुर उपमहानगरा पालिकाका प्रमुख घनश्याम पाण्डे सितको भेटघाट*

- हाम्रो नगरमा मुक्तकमैयाको समस्या छैन ।
- कम्लहरीको समस्याको कुरा गर्दा यस नगरबाट अन्यत्र गएर होस्टलमा पढिरहेका छन् । उनीहरूका लागि आवश्यक सहयोग दिने कार्यक्रम रहेको छ । हामीले नर्तिस्थित होस्टलमा पढिरहेका कमलहरीलाई पढाइ खर्च दिने कार्यक्रम रहेको छ ।
- मुक्तकमैया र कम्लहरी समस्या हल गर्न सबैभन्दा पहिले म्यापिंङ्ग गरिनुपर्दछ । अनि उनीहरूको पहिचान गरी परिचय पत्र दिनुपर्दछ । उनीहरूलाई एउटा डेडलाइन फिक्स गरेर एउटा सर्वमान्य मापदण्ड बनाएर फाष्ट्र ट्र्याकको योजना बनाइनुपर्दछ । सोका आधारमा पुनःस्थापना गरेर यसलाई अन्त्य गरिनु पर्दछ ।
- मुक्तकमैयाको लागि मुख्य कुरा बैकल्पिक जीविकोपार्जनको ब्यवस्थागरिनुपर्दछं । विभिन्न रोजगारमुलक सीप विकास तालिम मार्फत तालिमको ४५ औं दिनदेखि रोजगारी प्रदान गर्न सकिन्छ । ५ दिनदेखि ५ वर्षसम्मको तालिम दिन सकिन्छ ।
- कमैयाको मुक्तिको लागि संगठन, परिचालन र सीपयुक्त मजदूर निर्माण गर्ने एकीकृत प्याकेज बनाइनुपर्दछ । अहिले कतिपय सन्दर्भमा राज्यका नीति नियमहरू बाधक रहेका छन् । भ्याट, कर आदिको झन्झट रहने गरेको छ ।
- मुक्तकमैया माइक्रो समस्या हो यसको हल गर्न म्याक्रो लेवलका नीति परिवर्तन गरिनुपर्दछ । साथै, सिटीइभिटीको बाधालाई हटाइनुपर्दछ । हामीले उनीहरूको बैकल्पिक जीविकोपार्जनका लागि Agro Innovation Centre स्थापना गर्न सकिन्छ ।
- मुक्तकमैयालाई पहिचान गर्ने अधिकार स्थानीय तहलाई दिइनु पर्दछं ।
- मुक्तकमैया, कम्लहरी, हलिया, हरवाचरवा समस्या हल गर्न भूकुम्प प्राधिकरण जस्तै शक्तिशाली संरचना (Dedicated Mechanism) निर्माण गरिनु पर्दछ ।
- तालिम छनोटको अधिकार मुक्तकमैयालाई दिइनु पर्दछ । लालपूर्जा धितो राख्ने अधिकार फुकुवा गर्नुभन्दा विना धितो ऋण दिने ब्यवस्थागरिनुपर्दछ ।
- मुक्तकमैया, कम्लहरी, हलिया, हरवाचरवा समस्याको समग्र दीर्घकालिन हल गर्न एकीकृत योजना बनाएर अघि बढन सक्दा समस्याको हल हुन सक्छ ।

२०७८ पौष २७ गते : बिहान

### १.३.११ कोहलपुर, बाके अध्ययन समितिको बीचमा समीक्षा

**बाँकेको सेण्टर प्लाजामा हामी अध्ययन टोलीकाबीच समीक्षा बैठकमा प्रस्तुत टिप्पणीहरू**

- पुनःस्थापना कार्यमा थुप्रै कमी कमजोरीका बाजूद मुक्तकमैयाको ठूलो हिस्सा लाभान्वित भएको देखियो ।
- पुनःस्थापनामा कमैयाको पहिचान ४ वटा वर्गमा गर्ने तर पुनःस्थापना क र ख मात्र गर्नु मुक्तकमैयामाथिको गम्भिर धोकाधडीका रुपमा लिनुपर्दछ ।
- छूट कमैयाको सवाल निकै चुनौतिपूर्ण छ । त्यसैले स्मार्ट मापदण्ड बनाई समस्याको हल गर्नुपर्दछ । अन्यथा राज्यकातर्फबाट पक्षपात भएको ठहरकासाथ निरासा बढ्ने संभावना छ ।
- छूट कमैया पहिचान सम्वन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार स्थानीय सरकारलाई दिइनुपर्दछ ।

- कम्लहरीको समस्या नाम मात्रको हल भएको देखियो । त्यसमा पनि मूलतः गैसस केन्द्रीत कार्यक्रम देखियो ।
- यति ठूलो समस्यालाई कुन मन्त्रालयले कसरी हेर्नेसम्मको उपाय गरेको देखिएन । कतिपय अन्तरमन्त्रालय नीतिगत डुप्लीकेशन एकीकृत कानूनबाट हल गर्नूपर्ने देखियो ।
- स्थानीय तह कमैया पुनर्स्थापनाप्रति बेखबर भएको देखियो भने मुक्तकमैयामा काम गर्ने बेस जस्ता संघसंस्थाहरूले पनि अब आएर यो सवाल बिर्सेको भान भयो ।
- सरकार तत्कालिन कर्मचारीहरूले पनि पुनःस्थापनामा र तथ्याङ्क संकलनमा कमिकमजोरी भएको स्वीकार गरेको देखियो ।

**२०७८ पौष २८ गते । बिहान**

## १.३.१२ कोहलपुर, बाँकेमा कमैया आन्दोलनका ज्ञाता एकराज चौधरीसँग छलफल

परिचालन समितिका सदस्य तथा बेस नामक गैससका कमैया संयोजक तथा प्राचीन सिर्जनशील आदिवासी समाजका सदस्य एकराज चौधरीसंग होटल सेन्टरप्लाजा, कोहलपुर, बाँकेमा भएको छलफल ।



*कोहलपुर मुक्त कमैया आन्दोलनका ज्ञाता एकराज चौधरीसँग छलफल गर्दै*

- कमैयाको मुक्ति एक सुखद घट्ना थियो । कमैयाहरूले विजय हासिल गरेको क्षण थियो ।
- मुक्ति भएपछि सिकर्मी, डकर्मी, मोटरसाइकल मर्मत, सिलाई कटाई, प्लम्बिङ्ग लगायतका सीपमुलक तालिम पाएका कतिपयले नयाँ जिन्दगी सुरुवात गरे । कतिपय त यिनै कामहरूबाट ठेकेदार समेत भएका छन् ।

- एक जना कान्छु थारु बटैयातालमा निर्वाचित वडाध्यक्ष हुन सफल भएका छन भने कृष्णी थारु लुम्बिनी प्रदेशको उपसभामुख भएकी छन् । पहिलो संविधान सभामा मोतीदेवी थारु, दोस्रोमा सुन्दरा थारु साभासद भएका थिए । कमैया आन्दोलनको मूल नेता डिल्ली चौधरी संघीय मन्त्री हुंदै हाल लुम्विनी प्रदेशका मन्त्री हुनु पनि उपलब्धी नै हो ।
- मुक्ति पछाडि निकै दुख र कष्ठसाध्य जीवन बाँचेर मुक्तकमैयाहरूले केही जमिन पाए त्यो पनि असमान ढंगले । कतिपयले त जमिन नै पाएनन् । २०७६ मा आइपुग्दा त नेपाल सरकारका तर्फबाट कछुवाको गतिमा अघि बढेको पुनःस्थापना कार्य सम्पन्न भयो भनियो जब कि समस्याहरू ज्यूँकात्यूँ थिए पुनर्स्थापना कार्य सकिएकै थिएन ।
- मेरो अनुमानमा ९० प्रतिशतले जमिन पाएका छन् १० प्रतिशतले जमिन पाएका छैनन् । तर पुनःस्थापनासंग जोडिएको कुनै उपाय नभएर सामुदायिक वनको जमिनमा कमैया बसीरहेको समस्या छ । कमैया अरु कसैको जमिनमा बसिरहेको समस्या, सुकुम्बासीहरू वस्दै आएको जमिन, कमैयालाई बगरको बालुवामा दिइएको जमिन, ताल भएको जमिन, सार्वजनिक बाटोमा दिइएको जमिन, खोलाको किनारमा दिइएको जमिन, बदर गरिएका जमिनको सट्टाभर्नालगायतका समस्याहरू बाँकी नै छन् ।
- कमैयाका लागि वितरण गरिएको जमिन सुरुका दिनमा राम्रो पाए । तर पछिल्ला दिनमा विवादित अनि कमसल जमिन पाए ।
- बर्दिया जिल्लाका १० भन्दा बढी कमैया बस्तीहरूमा महिलाहरू बडघर हुनेको संख्या निकै बढेको छ । यही तथ्यका आधारमा हाल आएर बर्दिया जिल्लाका ४ वटा र कंचनपुर जिल्लाको एक वटा स्थानीय सरकारले बडघर कानून बनाउन थालेको छ । यो प्रक्रिया अन्य जिल्लाहरूमा पनि अभियानका रुपमा अघि बढेको छ ।
- कमैया मुक्तिको आन्दोलनपश्चात कम्लहरीहरूको राष्ट्रव्यापी आन्दोलन र उनीहरूको अलग पहिचान सहितको मुक्तिको घोषणा यस आन्दोलनको दोस्रो उपलब्धीका रुपमा हेरिनुपर्दछ ।
- पुनःस्थापनालाई तीन भागमा विभाजन गर्न सकिन्छ : जसमा पहिलो अर्थात अति राम्रो १० प्रतिशत, दोस्रो अर्थात मध्यम ६० प्रतिशत र तेस्रो अर्थात कमसल ३० प्रतिशत रहेको छ ।

**उनका सिफारिशमा समाधानका उपायहरू :**

- मुक्तकमैयालाई छोटो अवधिका सीपमुलक तालिम प्राप्त डकर्मी सिकर्मी जस्ता मजदूर मात्र होइन आर्मी, प्रहरी, सशस्त्र, निजामती, वैदेशिक रोजगारलगायतका क्षेत्रमा रोजगारी विकास गर्नुपर्दछ ।
- उनीहरूको संस्कृतिको संरक्षण र विक्री (Safe the Culture and Sale the Culture) को नारा व्यापक रुपमा लिनुपर्दछ । होम स्टे, पर्यटन प्रवर्द्धन, माछाका परिकारलगायत यसका उदाहरण बन्न सक्छन् ।
- स्थानीय पालिकामार्फत छूट कमैयाको तथ्याङ्क संकलन गर्न लगाउने कार्य गरिनुपर्दछ ।

- थारु सुमुदायमा व्याप्त गरिवी र पिछडापनले निरासाको पहाड खडा भएकोले यसलाई उक्लन सक्ने आत्मविशास दिलाउन Motivational Training हरू दिइनुपर्दछ।
- थारु समुदायमा व्यापक रुपमा रहेको शिकल्सेल रोगको उपचार र सो रोगबाट बच्न खाद्य अधिकारको सुनिश्चितता गरिनुपर्दछ ।
- सबै तहका मजदूरहरूको समान कामको समान ज्याला सुनिश्चित गरिनुपर्दछ ।
- मुक्तकमैया सबैको निःशुल्क स्वास्थ्य विमा गरिदिनुपर्दछ ।
- अब मुक्तकमैयाका बारेमा नयाँ बृहत अनुसन्धान गरिनुपर्दछ जहाँ दासत्वबाट मुक्ति र पुनःस्थापनापछिको सशक्तिकरण विश्वकै सामाजिक आन्दोलनको नमूना बन्न सक्छ ।

२०७८ पौष २८ गते : बिहान

### १.३.१३ कोहलपुर नगरपालिका वडा नंबर ११, बाङ्के हरियाली टोल (लोकनगर) मा कमैया बस्तीमा सामुदायिक छलफल



- हामी यस बस्तीमा पुग्दा कोहलपुर नगरपालिकाले मुक्तकमैया बस्तीमा वसोवासको प्रभावकारिताका बिषयमा छानवीन गर्न गठन गरेको नगर कार्यपालिका सदस्य कल्पना अधिकारी नेतृत्वको तीन सदस्यीय उपसमिति आफ्ना प्राविधिक कर्मचारी सहित सो बस्तीमा आइपुगेको थियो । उनीहरूको लक्ष मुक्तकमैयाको व्यवस्थापनभन्दा पनि सुकुम्बासीको व्यवस्थापनमा केन्द्रीत देखिन्थ्यो । उनीहरू संस्थागत रुपमा ५ वर्षको अवधिमा त्यो बस्तीमा पहिलो पटक आएको बुझिन्थ्यो । उनीहरूसंग पहिलो चरणको छलफल गरेपश्चात हामी सोझैं मुक्तकमैयाका अगुवासंग छलफलमा जुटयौं ।

- मुक्तकमैया समाजका अध्यक्ष तथा बस्तीका अगुवा भगरु थारु, मंगेरी थारु, चिन्कु थारु (बडघर) लगायतका अगुवाहरूका अनुसार उनीहरूले सरकारबाट १६ धुर जमिन पाएको थिए । घर निर्माण वापत रु.१ लाख समेत पाएका थिए । यसैबाट घर निर्माण गरी मजदूरी गरेर खाँदै आएका छन् । तर आफूले कुनै सीपमुलक तालिम भने नपाएको उनको भनाइ छ । उनका अनुसार भूमिसुधारका तर्फबाट त्यतिबेला कुनै सीपमुलक तालिम नै दिइएन ।
- हाइवे लाइनमा १० धुर पाउनेको संख्या १६० परिवार रहेको छ । हाइवे लाइनभन्दा एक लाइनभित्रपट्टि १२ धुर पाउनेको संख्या २४० परिवार छ । हाइवेबाट तेस्रो लाइनमा १६ धुर पाउनेको संख्या ३६४ र सार्वजनिक जमिनको बसोबास गरिरहेको ७ कित्ता रहेको छ । त्यहाँ मन्दिरको लागि जमिन छुटयाइएको छ तर निर्माण हुन बाँकी छ ।



*कमैयाको लागि बनेको तर प्रयोगमा आउन नसकेको घर*

- उनीहरू आफ्नै अमिन आफै जमिन भन्ने नाराकासाथ ७ वर्षसम्म शिविर बनाएर बसेका थिए ।
- यो बस्तीमा ८३७ घरधुरी मुक्तकमैयालाई कित्ताकाट गरि वसोवास गर्न ल्याइएको थियो । तर तत्कालिन भूमिसुधार अधिकृत (मुश्लिम समुदायका) ले रनियाँपुरबाट ३५ परिवार ल्याएर १ देखि ३५ कित्ता मुश्लिमहरूलाई मुक्तकमैयाहरूको लालपूर्जा दिइएको थियो । जब कि उनीहरू मुक्तहुँदै होइनन् । अन्य करिब १०० परिवार जतिलाई फिल्डमा नआई टेबुलमै लालपूर्जा बनाएर वितरण गरिएको छ जब कि ती जग्गामा पहिला नै मानिसहरू बसिरहेका थिए । त्यसैको कारण आज धेरै जसो लालपूर्जा भएकाहरू यहाँ बस्न आएका छैनन् ।

**कमैयाका मागहरू :**

- सधैं मुक्ति र जमिनको मात्र माग लिएर सडक तताउने मुक्तकमैयाहरूको मुखबाट यस बस्तीमा फरक मागहरू सुन्न पाइयो ।
- उनीहरूका अनुसार हाम्रो बस्तीमा एउटा विद्यालय चाहिन्छ । यहाँ बोर्डिंग स्कूल चल्ने सरकारी स्कूल किन नचल्ने ? उनीहरूको प्रश्न छ ।
- हाम्रो बस्तीको एकीकृत बस्ती योजना चाहियो । जहाँ सडक, खानेपानी, सडक ग्रेवल कालोपत्रे, विजुली, विद्यालय, अस्पताल, ढलनिकास, उद्यमशीलताको वातावरण बन्नु पर्‍यो ।
- हाम्रो बस्तीमा निर्माणाधिन अवस्थामा रहेको कमैया संग्राहलयलाई तुरुन्त पुरा गरिनुपर्दछ ।
- हाम्रो बस्तीलाई सबैले शहर नजिक भन्ने गरेका छन् । तर सुविधा केही नभएकोले कतिपय मुक्तकमैयाहरू यहाँको जमिन बेचेर अन्तै जाने क्रम पनि बढ्न थालेको छ । त्यसैले शिक्षा, स्वास्थ्य र रोजगारीको ब्यवस्था गरिनुपर्दछ ।
- यो बस्तीमा लालपूर्जा पाएका तर बस्न नआएकाहरूको छानवीन गरेर उनीहरूका नामको लालपूर्जा बदर गरेर छूट कमैयालाई वितरण गरिनुपर्दछ ।
- बस्ती डुवानको समस्या हल गर्नुपर्दछ ।




***कोहलपुरको मुक्त कमैया बस्तीमा वडा प्रतिनिधि सहित मुक्त कमैया र स्थानीयवासीहरुसँग छलफल गर्दै***

- बस्तीमा सुकुम्बासी र मुक्तकमैयाकाबीचमा अन्तरविरोध रहेको हुनाले यो समस्या तत्काल हल गरिनुपर्दछ ।

**नयाँ तथ्यहरू**

- यस बस्तीको विषयमा हामीले खगराज थापा, मनिराम रिमाल, सुभाष कार्की र रेशम सापकोटा लगायतका व्यक्तिहरूसंग पनि छलफल गरेका थियौं । उनीहरू विभिन्न राजनीतिक दलसंग आबद्ध समेत थिए । उनीहरूको भनाई थियो कि सुकुम्बासी कमैयालाई विवादमा ल्याउनु भएन । यहाँ नबस्नेको पूर्जा बदर गरेर अरुलाई दिनुपर्‍यो ।

- यो बस्तीमा २०५९ सालतिर नेपाल सरकारले हात्ती लगाएर, आगो लगाएर बस्ती खाली गराइएको हो । अहिले कमैया बस्ती भनिए पनि ठूलो संख्यामा वर्षौदेखि बस्दै आएको सुकुम्बासीको व्यवस्थापन पनि उत्तिकै आवश्यकता छ ।
- केही मुक्तकमैयाले आफूले पाएको जमिन ५-६ लाखमा बेचेर राप्ति पारी १ विगाहसम्म किनेर बसेको उनीहरुले सुनाएका थिए ।
- सो बस्तीमा रेष्टुरेण्ट संचालन गरिरहेका एक जना  युवराज भण्डारीका अनुसार उनले मुक्तकमैया मेघालाल थारुबाट रु. ६ लाख पचास हजारमा १६ धुर जमिन किने । मेघालालले सो रकमले ८ कठ्ठा जमिन किनेर खेती गरिरहेका छन् ।

२०७८ पौष २८ गते : दिउँसो

### १.३.१४ खजुरा गाउपालिका वडा नंबर ८, क्रान्तिपूरमा कमैया बस्तीमा सामुदायिक छलफल



*क्रान्तिपुर वस्तीका मुक्त कमैयाहरुसँग छलफल गर्दै ।*

यस बस्तीमा हामीले देवीराम थारु, बलीराम थारु, प्रधान थारु, लक्ष्मण थारुलगायतका २० जना महिला तथा पुरुषसँग छलफल गरेका थियौं । हाम्रो साथमा आत्मनिर्भर सेवा केन्द्रका जसवीरओड समेत हुनुहुन्थ्यो ।

**उनीहरूका भनाइहरू :**

- हामीले लडेर प्राप्त गरेको हुनाले बस्तीको नाम क्रान्तिपुर राखेका हौं ।
- यस बस्तीमा हामी ४२ परिवार छौं । हामी अहिले पनि ऐलानीमा बसोबास गरिरहेका छौं तर हामीलाई दिइएको ५ कठ्ठा जमिन अन्तै छ, जहाँ खेती मात्र हुन्छ ।

- हामी यहाँ सुरुमा ५१ परिवार थियौं । ९ परिवार कोहलपुर लोकनगरमा गए । हामी ४२ परिवारसंगै रातो कार्ड छ ।
- हामी आफ्नै जमिन आफै अमिनको नारासहित ओगटेको जति जमिन छ त्यतिनै नापी गरि दियो । कतिपयको अपुग जमिन पछि थपिदिने आश्वासन दियो तर कहिल्यै
  थपेन ।
- हामी अधिकांशले बटैया, मजदूरी, डकर्मी, सिकर्मी, ढुगा माटो बालुवाको काम गर्छौं । हामीले केहीले सिपमुलक तालिम त पायौं तर लगानीको अभावमा तालिम काममा आएन ।
- हालसम्म स्थानीय सरकारले केही दिएको छैन । चुनावको बेला आएका थिए अब अर्को चुनावमा आउलान् ।



*गरिबी झल्किने क्रान्तिपुर कमैया वस्तीको एक झलक*

- लक्ष्मण थारु यही बस्तीमा ऐलानीमा बस्छन् तर उनका बुवा कोहलपुर मुक्तकमैया बस्तीमा लालपूर्जा पाएर बसेका छन् ।
- प्रधान थारुको लालपूर्जा त छ तर तालको बीचमा, हामीले यो फिल्ड गएर हेर्‍यौं ।
- खोलामा लालपूर्जा पाउनेको संख्या ८ परिवार छ ।



*क्रान्तिपुर मुक्त कमैयाले खोलामा पाएको जग्गाको नमुना ।*

- केहीको हातमा लालपूर्जा ५ कठ्ठाको छ तर फिल्डबुकमा नहुनाले जमिनको पहिचान हुन अझै बाँकी रहेको छ ।
- मुक्तकमैयालाई शुल्क छूट दिनुको साटो विद्यालयमा विभिन्न नाममा शुल्क लिने चलन छ ।
- सो बस्तीमा एक पटक प्रतिपरिवार ३ वटा बाख्रा दियो तर कसैको बाख्रा ब्याएन । सबै मरेर गयो । यसरी क्रान्तिपुर मुक्तकमैया परिक्षण केन्द्र जस्तो भएको देखियो ।

२०७८ पौष २८ गते : दिउँसो

### १.३.१५ खजुरा गाउँपालिका उपाध्यक्ष एकमाया विश्वकर्मासँगको छलफल



*अध्यन टोलीका संयोजक श्याम श्रेष्ठद्वारा खजुरा गाउँपालिका उपाध्यक्षसँग मुक्त कमैयाको समस्याका बारेमा छलफल गर्दै*

- पुनःस्थापनामा कैयौं कमी कमजोरी भएपनि काम महत्वपूर्ण मान्नुपर्दछ । यद्यपि यस पुनःस्थापनाको प्रक्रियामा हाम्रो कुनै सहभागिता रहेको थिएन ।
- हामीलाई पूर्जा वितरण गर्ने अधिकार भएपनि कसरी भन्ने स्पष्ट छैन । पूर्जामा समस्या पर्‍यो भनेर पनि हामी कहाँ कोही आएका छैनन् ।
- हामीले वितरण गर्ने पुर्जा र मुक्तकमैयाको परिचय पत्रको कानूनी साइनो देखिदैन ।
- हामी मुक्तकमैयाहरूका समस्याहरू संकलन गरी आफूले सक्ने आफूले गर्ने र अन्त सिफारिश गर्नूपर्ने ठाउँमा पनि सिफारिशकासाथ ताकेता गर्ने काम गर्छौं ।
- हामी ऐलानी जमिनको समस्याको हलका लागि प्रक्रियामा तत्काल जान्छौं ।
- हामीहरू भूमि सम्बन्धी समस्या समाधान आयोगबाट समग्र समस्या हल हुने कुरामा विश्वस्त थियौं तर विघटन भयो फेरि बन्दैछ भन्ने सुनेका छौं । उहाँहरूको योजना मुताविक कसरी काम हुन्छ हामी सहयोग गर्न तयार छौं ।




*खजुरा गाउँपालिकाका उपाध्यक्षसँग अध्यन टोली*

- मुक्तकमैयाका समस्याहरूको गाउँपालिकाको योजनामा ल्याउने काम त्यो वडाका अध्यक्षहरूको हुन्थ्यो तर त्यस्ता योजनाहरू आएनन् । खाली तटबन्ध, सडक, खानेपानी, पुलपुलेसा, कलवर्ट जस्ता योजनाहरूलाई नै सहभागितामुलकको लेप लगाएर ल्याइयो ।

२०७८/९/२९ गते : बिहान

### १.३.१६ गुलरिया, बर्दियास्थित थारु महिला उत्थान केन्द्रको कार्यालयमा कमैयाका अगुवाहरुसाग छलफल



*गुलरिया बर्दिया स्थित थारु महिला उत्थान केन्द्रको कार्यालयमा मुक्त कमैया र कम्लहरीका अगुवाहरुसँग छलफल गर्दै ।*

**२०७८/९/२९ गते : बिहान**

### १.३.१७ मूक्तकमैयाका क्षेत्रमा कार्यरत सँग संस्था तथा मूक्तकमैया सँगठनहरुका नेताहरुसँग छलफल

**उपस्थित व्यक्तित्वहरू :**

- कालीराम थारु : सचिव, मुक्तकमैया संघर्ष समिति
- विन्तिराम थारु : केन्द्रीय अध्यक्ष : मुक्तकमैया संघर्ष समिति
- दुखराम थारु : जिल्ला अध्यक्ष, मुक्तकमैया समाज, बर्दिया
- लीलावती थारु : अध्यक्ष, थारु महिला उत्थान केन्द्र
- आशाराम चौधरी, स्टाफ, थारु महिला उत्थान केन्द्र

**कमैया अगुवाहरुका मुख्य भनाइहरू:**

- हाम्रो मुक्ति गरिएकोप्रति हामी खुशी नै छौं । थोरै भएपनि लालपूर्जासहितको जमिनमा बस्न पाइएको छ ।
- वि.सं. २०५२, २०५७ र २०५९ को तथ्याङ्कका आधारमा मुक्तकमैया संख्या १६,२६२ थियो । यसमा पुनःस्थापना गर्नूपर्ने संख्या क र ख वर्गका ११,५५१ थिए ।
- ग र घ वर्गलाई वृत्ति विकास कार्यक्रम दिइने भनियो तर दिइएन । तर पछि परिचय पत्र दिँदा १०,७९७ लाई मात्र दिइयो ।
- परिचय पत्र पाएकामध्ये पनि १०,७३२ लाई मात्र पुनःस्थापना गरियो ।
- यसरी सरकारकै लगत अनुसार बर्दियामा क देखि घ बर्गका कमैयाको हिसाब गर्ने हो भने छूट कमैया ५,५३० रहे । क र ख बर्गका लगतमा परेका छूट कमैया नै ८१९ रहे । परिचय पत्र पाएकामध्येबाट छूट कमैया ६५ जना रहे । यी सबै साथमा प्रमाण भएका छूट कमैया हुन् ।
- यी सबैलाई स्थानीय तहलाई दिएपछि अझ विचल्लीका दिन सुरुवात भए । केन्द्रले स्थानीय तह देखाउने, स्थानीयले केन्द्र देखाउने काम हुन थाल्यो ।
- बीचैमा ३५ क्युविक फिट काठ दिने नीतिलाई रु.१ लाख दिने भनियो तर दुईटै प्याकेज लागू गरिएन । लघु वित्त कार्यक्रम एकाएक बन्द गरियो । हामीले जम्मा गरिएका पैसाको कुनै हिसाब किताव गरिएन ।
- एकै ठाउँमा एकीकृत बस्ती बसाउन सकिने गरी जमिन दिइएन । तितरवितर गरेर जमिन दिने काम भयो । त्यसो गर्दा एकातिर विवाद हुने अर्कातिर नयाँ ठाउँमा जीविका रहनसहन नमिल्ने थुप्र कष्ट बेहोर्नु पर्‍यो ।
- हामी कम्तिमा १००० जना कमैयाको एउटा एकीकृत बस्ती वसालौं भन्दा मानिएन । यदि यस्तो बस्ती विकास गरेको भए शिक्षा, स्वास्थ्य र रोजगारीजस्ता आधारभूत आवश्यकता पूरा गर्न सजिलो हुने थियो ।
- जिल्लाभरिमा लालपूर्जा पाएका तर जमिन नपाएका मुक्तकमैया परिवार अहिले पनि ३०० भन्दा बढी छन् । खोला किनारामा लालपूर्जा पाएका मुक्तकमैया परिवार संख्या २०० बढी छन् ।
- कार्यविधि विपरित १० धुर, १६ धुर र १ कट्ठासम्म जमिन दिइएको छ ।

- बारबर्दियामा ३ र ठाकुरद्वारमा लालपूर्जा प्राप्त कमैयाको १९ वटा फिल्ड बुक कायम भएको छैन ।
- जिल्ला विकास समितिले वितरण गरेको अर्द्धकट्टी रसिद ८८३ छ । जिविस भनेको तत्कालिन जिल्ला कमैया पुनःस्थापना समितिको संयोजक थियो ।
- मुक्तकमैयाहरूलाई तालिमहरू त दिइयो तर नाम मात्रका तालिमहरू दिइए । लामो समयको तालिम दिइएन । खालि तीन महिने तालिम दिइयो ।
- मोबाइल मर्मत तालिम राम्रो भयो, काममा आयो । वेल्डिङ्ग प्लम्वर तालिम पनि राम्रो र उपयोगी भयो । सिकर्मी डकर्मी तालिम पनि कामलाग्दो भयो । तर ती तालिम लिएका मध्ये पनि ४० प्रतिशतले मात्र काम पाए । बीउ पुँजी नभएकोले त्यस्तो

  भयो । बंगुर पालन, बाखा पालन राम्रो भयो । तरकारी खेती भने नेपाली भारत सीमा खुला भएकाले प्रतिस्पर्धा गर्न सकिएन ।
- मुक्तकमैया पुनःस्थापना केन्द्रीत लामो समयको तालिमहरू दिनुको सट्टा परम्परागत छोटा समयका तालिमहरू दिइयो जुन लगानीको अभावमा र परिवर्तित सन्दर्भमा काममा

  आएनन् । खाली प्रमाण पत्र मात्र हातमा छन् ।
- पुनःर्स्थापनाको लगतै २०५७/५८ सालमा एडिबीको सहयोगमा भूमिसुधार मन्त्रालयमार्फत न्यूनत्तम ब्याजदर अर्थात ६ प्रतिशत ब्याजदरमा कमैया वृत्ति विकास कार्यक्रम लागू भइरहेको थियो त्यसबाट केही लाभान्वित पनि भइरहेका थियौं । घुम्ती कोषका रुपमा कमैयाको समुहलाई दिइएको ऋण आय आर्जनका लागि शुलभ ऋण भएको भए धेरै लाभ हुने थियो । तर एक्कासी तत्कालिन सरकारले भूगोलको वास्तविकता नहेरी हतारमा पुनःस्थापनाका सम्पूर्ण काम सम्पन्न भयो भनेर घोषणा गरिदियो । त्यसपछि समूह, सहकारीमार्फत लगानी गर्नूपर्ने रकम बन्द भयो ।
- वि.सं.२०५७ सालदेखि नै मुक्तकमैयाले लगातार बचत गरेको रकम बर्दियामा मात्र रु.६ लाख बढी छ । यदि त्यो पैसा मात्र वितरण गरिदिएको भए सबै मुक्तकमैयालाई सीप तालिम पाउँथे ।
- हामीले तरकारी खेतीको तालिम लिएर खेती गर्न खोज्दा छिमेकी मुलुक भारतबाट आयातित हुने तरकारीसंग प्रतिष्पर्धा गर्न सकिएन ।

**समाधानका लागि मागहरू :**

- पुनःस्थापनाको हुन बाँकी काम तत्काल सम्पन्न गरियोस् ।
- प्राप्त लालपूर्जामा पूर्ण स्वामित्व कायम गरियोस् । त्यो धितोमा राखेर ऋण लिन सकियोस् । जमिन बेचबिखन गर्न दिइयोस् । जमिनको स्वामित्व सन्ततिमा हस्तान्तरण होस् ।
- पुनस्स्थापना गरिएकाहरूको जमिनको फिल्ड बुक कायम गरियोस् ।
- घुम्ती कोषको व्यवस्था फेरि गरियोस् ।
- मुक्तकमैया बस्तीमा रहेका सुकेका रुखहरू खाली गरियोस् । त्यसले त्यहाँ दुर्घटना निम्त्याइरहेको छ । त्यो काठ कमैयालाई दिइयोस् ।

- मुक्तकमैया बस्तीमा तारवार गर्न सुरु गरिएको छ राष्ट्रिय निकुञ्जको बफरजोन भनेर ठाकुरबाबा गापा र सुमनपुर कमैया बस्तीमा छ त्यो हटाइयोस् ।
- कटान मुछानको काठ वापतको रकम रु.१ करोड ७८ लाख भएको छ । यो रकम फिर्ता गरियोस् । त्यो १० हजारमध्ये पनि ९०० परिवारले मात्र पाएका थिए ।
- सामुदायिक वनको सदस्यता पाउने सहज व्यवस्थागरियोस् । मुक्तकमैयालाई सचेतनतामुलक तथा मोटिवेशन तालिम दिइनुपर्दछ।
- मुक्तकमैयाका छोराछोरीलाई छात्रावास र छात्रबृत्तिको ब्यवस्था गरियोस् ।
- सानो उमेरमा छिटो बिहा गर्नाले कमैयाका छोराछोरी बिग्रेका छन् । उनीहरूलाई त्यसो नगर्न मोटिभेशन कक्षाको ब्यवस्था गरियोस् ।
- कमैया बस्तीमा अर्ग्यानिक तरकारी उत्पादन हुन्छ । यसको लागि सरकारले बजार र संरक्षणको ब्यवस्था गरोस् ।
- छूट कमैयालाई परिचय पत्र दिइयोस् र पुनर्स्थापन गरियोस् ।



*राजापुर बर्दिया प्रवेश गर्नु अघि कोठियाघाट पुलमा लिएको अध्ययन टोलीको सामुहिक तस्वीर*

२०७८/९/२९ गते) दिउँसो

### १.३.१८ गेरुवा नपा वडा नंबर ४ र ५ बर्दिया संघर्षनगर कमैया बस्तीमा मूक्तकमैयाह□सित सामुदायिक छलफल



*बर्दिया संघर्षनगर कमैया बस्तीमा मुक्त कमैयाहरुसँग छलफल गर्दै अध्ययन समिति*

छलफलमा सहभागी व्यक्तित्वहरू : संगीता थारु, दुर्गा चौधरी, जीउलाल थारु, विष्णी थारु, राजु चौधरी, बलराम थारु, विनोद थारु, बुद्धिसिंह थारु, नीता थारु, बुदनी थारु, रामकृष्णी थारु, सम्झी थारु ।

- यो बस्तीको नाम संघर्ष नगर हो । यसको स्थापना २०६२ मा कृष्णीदेवी थारु ( लुम्बिनी प्रदेशको हालकी उपसभामुख) को नेतृत्वमा सञ्चालित आन्दोलनबाट भएको हों ।
- यस बस्तीमा ६४० परिवार छन् । जसमध्ये १९२ परिवारले २ देखि ५ कट्ठासम्म लालपूर्जा पाएका छन् ।
- परिचय पत्र पनि १९२ को मात्र छ । एक जना रामप्रसाद थारुले निलो परिचय पत्र पाएको तर जमिन पाएको छैन ।
- ४४८ परिवार छूट कमैया रहेका छन् । छूट कमैयाहरू तत्कालिन माओवादी द्वन्द्वको बेला परेर कर्मचारी बस्तीमा नआएको र कामको खोजीमा विदेशिएका हुनाले छुटे ।
- मालिकसँग अन्तरविरोध बढाउनका लागि हामीमध्येका ७ परिवारलाई मालिकको जमिनमा लालपूर्जा दिइयो । जबकि अन्य स्थानमा यस्तो गरिएन ।
- हामीले समस्याको हल खोज्दा अब म्याद सकियो नगरपालिकाले दिन्छ भनियो । र हामी ७ परिवारको लालपूर्जा जिल्लाले थुत्यो । तर कहिल्यै दिइएन ।

**सीपमुलक तालिम**

- यस बस्तीले कुनै सरकारी सीपमुलक तालिम पाएको छैन ।
- यो बस्ती सदरमुकामबाट दुर्गममा भएकाले सूचना र सीपको अभाव भएकाले यस्तो भयो । कतिपय आएका सुविधाहरू टाढा परेकाले हामीले पनि स्रोतका हिसाबले जान सकेनौं । कतिपय लकडाउनका कारण संभव भएन ।
- अधिकांश महिला र पुरुषहरू मजदूरी गर्न भारत र बुटवलसम्म काम गर्न जान्छन् ।
- मुक्तकमैयाका लागि नगरपालिकाले केही काम गरेको हामीलाई थाह छैन । खाली गत वर्ष शिशु स्याहार केन्द्रको लागि ३ लाख, अपांङ्गलाई ११ कम्बल र स्कूलको बाटो ग्राबेल गरेको थियो ।
- सीपमुलक तालिम महत्वपूर्ण छन् । यसको अवधि कम्तिमा ९ महिनाको होस र साथमा लाइसेन्स हुनुपर्दछ ।
- यहाँका एक जना इन्द्र थारु ९ महिनाको तालिम पाएर भेटनरीको डाक्टर बनेका छन् । अर्का एक जना पूँजी नभएर मजदूरीमा छन । त्यसैले ९ महिनासम्मको तालिमसंग बीउ पूजीको पनि आवश्यकता देखिन्छ ।
- टेक्निकल शिक्षाको लागि पनि पूर्ण छात्रवृति दिइनुपर्दछ । यदि सरकारको अनुदानमा टेक्निकल स्कूल गाउँमा खोल्न सक्दा अझ राम्रो हुन्छ ।
- सामुदायिक विद्यालयहरूमा लिइने विभिन्न नामका शुल्क चालु छ, त्यो बन्द गरिनुपर्दछ ।
- सम्पन्नशाली र गरिवकाबीचमा सकारात्मक विभेदको नीति लागू गरिनुपर्दछ । कुनै विज्ञापनमा मुक्तकमैयालाई अलग लक्षित वर्ग घोषणा गरिनुपर्दछ ।

२०७८/९/२९ गते, दिउँसो

**१.३.१९ कृष्णीदेवी थारु : प्रदेश उपसभामुख मूक्तकमैया नेता :**

- संघर्षनगर बस्तीकी सूत्रधार अगुवा हुनुको नाताले हामी प्रदेश उपसभामुखलाई हामीले उहाँकी निवासमा भेट्यौं ।
- उहाँको विश्लेषण के थियो भने सबै कुरा राम्रै थियो तर स्थानीय सरकारले केही गरेन । यहाँ मैले बसालेका १९२ ले परिचय पत्रसहित लालपूर्जा पाइसकेका छन् । तर अन्य व्यक्तिहरू नक्कली कमैया हुन् । यिनको छानवीन गरिनुपर्दछ ।
- विगतको सरकारले राष्ट्रिय भूमि आयोगमार्फत हल गर्ने योजना ल्याएको थियो तर हाल सबै बन्द छ भन्दै निरासा व्यक्त गर्नु भयो ।
- यी थप व्यक्तिहरू बस्तीमा आउनु र यिनको अधिकारको कुरा गर्नु कमाई खाने उपाय भएको उहाँको टिप्पणी सुनियो ।

२०७८/९/२९ गते : दिउँसो

### १.३.२० शिवप्रसाद चौधरी : नगरप्रमुख, गेरवा नगरपालिका सित छलफल

उहाँसँग क्याम्पसमा पढाउने राजकिरण थारु र पूर्वमाओवादी लडाकु वसन्ती थारुसमेतको उपस्थिति थियो ।

- अझै पनि मुक्तकमैयाको ठूलो हिस्सा पुनःस्थापना हुन बाँकी छ । जति पुनःस्थापना भएका छन् उनीहरूको अवस्था राम्रो हुंदै गएको छ । कतिपय अधुरा कामहरू पनि गरिएनन् । जस्तै मालिकका नामको जमिनमा लालपूर्जा काटिँदा जिल्लाले झिक्यो तर सोको समाधान गरेको छैन ।
- भूमिसम्बन्धी समस्या समाधान आयोगबाट समस्याको हल होला कि भन्ने थियो त्यो पनि अधुरो रहेको छ । हाल गठन भएको आयोग तथा यहाँहरूको अध्ययन समितिको संयुक्त कामबाट यो समस्या हल होस् भन्ने चाहन्छु ।
- नगरपालिकाको तर्फबाट हामीले केही मुक्तकमैयाको निःशुल्क स्वास्थ्य विमा गरिदिएका
छौं । केही संख्यालाई आयआर्जन र जीविकोपार्जनका लागि बंगुरपालन, तरकारी खेती आदिको तालिम प्रदान गरेका छौं ।
- एक जना मुक्तकमैया परिवारलाई ५ वटा बाखा उपलब्ध गराएका छौं । यसबाहेक बेमौसमी तरकारी खेती, वीउविजन, प्लाष्टिक टनेलहरू दिने काम पनि गरेका छौं ।
- छूट कमैयाको हकमा मुक्ति भएको निकै लामो समय भइसकेको हुनाले उनीहरूको पहिचान गर्न निकै गाह्रो छ तथापि हामी स्थानीय तहलाई अधिकार प्रदान गरेमा समस्याको हल गर्न सक्छौं । यसका आधारहरू पहिलो, मालिकको पहिचान, दोस्रो, तथ्याङ्क संकलन भएका र अर्द्धकट्टी वितरण गरेका र तेस्रो, स्थानीय सर्जमीनका आधारमा निर्क्योल गर्न सकिन्छ । साथै, ग वर्ग र घ वर्गका विषयमा स्पष्ट नियम बनाउनुपर्दछ ।
- मुक्तकमैयाका लागि अनौपचारिक खालका मात्र तालिम होइन औपचारिक रोजगारीको समेत ब्यवस्थागरिनुपर्दछ । यसमा प्रतिस्पर्धाको आधार बनाउने र Two way Verification गरिनुपर्दछ ।
- गेरवा नगरपालिकामा मुक्तकमैयाका लागि बेतवासको तालिम दिएर उद्योगको रुपमा विकास गर्न सकिन्छ ।
- यहाँ केही समस्याहरूको हल हुन जरुरी छ जसमा दमनध्वज चन्दको घरमा एकैसाथ बसेका केही कमैयाहरू परिचय पत्र पाउनबाट छूटेका छन् । उनीहरू माओवादी द्वन्द्वका कारण छूटेका छन् ।
- अन्य सुमदायले ठूला ठूलो जमिन कब्जा गरेर बसेका छन् तर मुक्तकमैयाले कब्जा गरेको ५ कठ्ठा जमिनलाइ् देखाएर पुनःस्थापनाको कार्य रोकिनुहुंदैन । मुक्तकमैयाको समस्या पहिला हल गरेर सुकुम्बासी समस्याको हल गर्नतिर लाग्नुपर्दछ ।
- कमैया हुंदा उनीहरूले जे सिकेका छन र जेमा रुचि छ त्यसैमा तालिम दिनु महत्वपूर्ण हुन्छ ।
- उनीहरूमा व्याप्त परम्परागत सीपहरूलाई उद्योगमा रुपान्तरण गर्ने योजना बनाइनुपर्दछ ।

- मुक्तकमैयाको तथ्याङ्क संकलन हुंदा र लालपूर्जा वितरण हुंदा दांग, बाँके, बर्दिया, कैलाली र कंचनपुरलगायतका जिल्लाहरू थारुवान क्षेत्रका नामबाट अतिप्रभावित क्षेत्र थियो । कतिपय मुक्तकमैयाहरू र उनका परिवारका सदस्यहरू माओवादी जनयुद्धमा सरिक थिए ।
- मुक्तिको दशकौं वित्दा समेत केही नभएपछि कतिपय रोजगारीको खोजीमा भारतलगायतका स्थानहरूमा गएकाले र कतिपय पूर्वाग्रहका कारण मालिकहरूले सिफारिश नगरेका कारण छूट भएका छन् । कमैयाका विषयमा र ग र घ वर्गका कमैयाका विषयमा उनीहरूले स्वामित्व ग्रहण गर्ने गरी समस्याको हल गरिनुपर्दछ ।

२०७८/९/३० गते) बिहान

## १.३.२१ कैलाली : टीकापुरस्थित शिवनगर बस्तीमा कमैयाह□सित वृहत सामुदायिक छलफल



**छलफलमा सहभागी अगुवाहरू :**

| | |
|---|---|
| बिन्दा चौधरी : | अध्यक्ष मुक्तकम्लहरी समाज, कैलाली |
| रामफल चौधरी : | मुक्तकमैया समाज, कैलाली |
| बन्धुप्रसाद चौधरी : | प्रतिनिधि, द्वन्द्व रुपान्तरण केन्द्र लगायत २०० बढी महिला तथा पुरुषहरूको सहभागिता थियो । |

उनीहरूमा एकातिर हाम्रो विसौं वर्षको समस्या हल हुन्छ भन्ने आशा थियो भने अर्कातिर मसान्तीको दिन भएकाले माघीको तयारीको हतार र खुशी थियो । करिव २ घंण्टा छलफल गरेर माघीको शुभकामना दिएर उनीहरूसंग हामी विदा भयौं ।

**उनीहरूका भनाइहरू:**

- आफै अमिन आफ्नै जमिन भन्ने अभियानकासाथ उनीहरूको आन्दोलनले कब्जा गरेको एयरपोर्ट र क्याम्पसको जमिनबाट स्थानीय सरकारको सहजीकरणमा उनीहरूलाई यस शिवनगर बस्तीमा मिति २०६३ जेष्ठ ११ गते ल्याइएको हो ।
- यो बस्ती सार्दा उनीहरूलाई सट्टा भर्नामा जग्गा दिने भनियो तर सरकारले अहिलेसम्म दिएको छैन ।



*टिकापुर स्थित शिवनगर वस्तीमा मुक्त कमैयाहरुसँग वृहत छलफल*

- बस्तीमा ३३५ परिवार छन् । त्यसमा लालपूर्जा पाएको १८२ परिवार, पूर्जा नपाएको २१६ परिवार रहेको छ ।
- रातो परिचय पत्र पाएका ४६ परिवार, नीलो परिचय पत्र पाएका ६२ परिवार छन् । अरु सबै २२७ परिवार छूट कमैया परिवार हुन् । निवेदन दर्ता गरेर निस्सा प्राप्त गरेका ७५ जना (साविकको वडाले समेत सिफारिश गरेका), परिचय पत्र भएर पनि जमिन नपाएका ६ परिवार रहेका छन् ।
- ३३५ परिवारमध्ये बस्तीमा रहेका १० परिवार गरिवीको उच्च जोखिममा रहेका छन् ।
- लालपूर्जा पाएकाले ३५ क्यूविक फिट काठ र रु. १० हजार पाएका छन् । २०५८ मा जग्गा पाउनेले ५ कठ्ठा पाए तर २०६० मा पाउनेले २ कठ्ठा मात्र पाए ।
- हामीले पाएको लालपूर्जा खोटो छ । बैंकमा धरौटी राख्न नमिल्ने, पुस्ता हस्तान्तरण हुन नसक्ने र हक हस्तान्तरण समेत हुन नसक्ने गरी पूर्ण स्वामित्व पाएको अवस्था छैन ।
- मुक्तकम्लहरीको परिचय पत्र दिने सूचिकरणको काम गरिएको छैन । कम्लहरी छात्रावासमा बस्नेको हालत विचल्ली रहेको छ । आमा बाबुको ठेगान नभएका कम्लहरीहरूलाई उनीहरूको पहिचानमा परिचय पत्र र लालपूर्जा दिइएको छैन ।

- स्थानीय सरकारले आफूले पाएको जिम्मेवारी कुशलतापूर्वक पूरा गरेन । हामीप्रति उत्तरदायीत्वबोध गरेनन् । क्याम्पसले हालै भैसीपालन अनुसन्धान ज्ञान केन्द्र बनाउने नाममा फेरि हामीलाई हटाउने योजनाकासाथ दवाव दिइरहेको छ जबकि क्याम्पसको लालपूर्जा हामीले लालपूर्जा पाउनुभन्दा पछि मात्र पाएको थियो ।
- हामी मुक्तभएपछि सरकारका तर्फबाट कुनै तालिम दिइएको छैन बरु केही गैससहरूले मात्र तीन महिने तालिम दिएका थिए । तर लगानीको अभावमा काम लागेनन् ।
- सिकमी, डकर्मी, डाइपर, सेनटरी प्याड, सिलाई कटाई, बंगरुपालन, बाखापालन, भैँसीपालन, कुखुरापालन, कम्प्यूटर तालिम, बाइक मर्मत, मोबाइल मर्मत, वेटर, कुक, वैदेशिक रोजगार, बिजुली वाइरिंग, मेकानिक, प्लम्बर आदिको ६ देखि ९ महिनासम्मका तालिम दिइनुपर्दछ।
- सीप तालिमका साथै बीउपूँजी र औजार सामाग्रीहरू पनि दिइनुपर्दछ।
- यी तालिमहरू प्राप्त गरेका मुक्तकमैयाहरूको एक समूह बनाइ उनीहरूलाई उद्यमशिलतामा आकर्षित गरिनुपर्दछ । उनीहरूले प्राप्त गरेको जमिनलाई एकीकृत खेती प्रणालीमा रुपान्तरण गरियोस् ।
- नेपाल सरकारले मुक्तकमैयाहरूलाई जमिन लिजमा दिएर उत्पादनमा बृद्धि हुने काममा लगाउनुपर्दछ ।
- नेपाल सरकारले मजदूरहरूको न्यूनत्तम ज्याला निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ ।
- कम्लहरीको स्पष्ट पहिचान गरी परिचय पत्रका आधारमा उनीहरूको शिक्षा, स्वास्थ्य, रोजगारी र वसोवासको स्पष्ट ब्यवस्थागर्नुपर्दछ । कम्लहरी छात्रावासको प्रभावकारी व्यवस्थापन तथा संचालन गर्नुपर्दछ ।
- जमिन पाउन बाँकी सबैलाई जमिन दिइनुपर्दछ । साविकको जोशीपुर गाविसले मुक्तकमैयाहरूको लालपूर्जा रद्द गर्नुकासाथै गाविसका सिफारिशहरू जलाउने काम गरेकाले सोको हल गरियोस् ।
- मुक्तकमैयाको ५० वर्षमा सामाजिक सुरक्षा भत्ताको ब्यवस्थागरिनुपर्दछ । साथै सम्पूर्ण मुक्तकमैयाहरूको निःशुल्क स्वास्थ्य विमा गरिनुपर्दछ । साथै ठूलो दीर्घरोगलाई निःशुल्क उपचार गरियोस् ।
- मुक्तकमैयालाई कृषि विज्ञानमा कोटा निर्धारण गरेर पढाइको ब्यवस्थागर्नुपर्दछ । खेती गर्ने सीप भएकालाई सोही क्षेत्रमा रुचीका आधारमा तालिम दिइनुपर्दछ।

२०७८/९/३० गते दिउँसो ।

### १.३.२२ कैलाली भजनी न.पा. वडा नंबर ८ गोरचौरा कमैया बस्तीमा कमैयाह□सित सामुदायिक छलफल





*कैलाली भजनी नगरपालिका वडा नं.८ गौरचरामा मुक्त कमैयाहरुसँग सामुदायिक छलफलमा*

पंकज चौधरी : वडाध्यक्ष, वडा नंबर ८ गोरचौरा ।

भरत चौधरी : कमैयाका क्षेत्रमा कार्यरत संचारकर्मी

भरतलाल चौधरी : बस्तीको अगुवा सहित ५० जना जतिको उपस्थिति

- मुक्तकमैयालाई यस बस्तीमा २०५७ मा २८३ जनालाई लालपूर्जा दिइयो । जमिन चिनाइएको छैन । दिइएको जमिनमा पहिलेदेखि नै भूमिहिन दलितहरू बस्दै

आएकाहरू भनेर नक्सा तथा लालपूर्जा च्यातिदिएका हुनाले सो जग्गा चिनाउन नसकेका कारण शिविर बनाएर बस्नुपर्‍यो । केही धनगढी त केही टीकापुर शिविरमा गएर बसे ।

- ५०० बढीलाई परिचय पत्र वितरण गरिएको थियो तर उनीहरू जहाँबाट मुक्तभएका थिए उतैतिर गए । यसरी ५० बढीको एकीकृत बस्ती बन्ने अवसरलाई गुमाइयो ।
- नेपाल सरकारले २०६४ सालमा सो जग्गाको सट्टा भर्ना भनेर अर्कै ठाउँमा जमिन दियो । पुरानो लालपूर्जावाल जमिन भोगचलन गर्नै दिएनन ।
- अहिले पनि कतिपयको लालपूर्जा हातमा छ तर जमिन भेटिएको छैन । हाल लालपूर्जा पाउनेको संख्या १३४ परिवार, भोगचलन गर्न नपाउनेको संख्या ५ परिवार छ तर उनीहरूले स्थानीय सरकारलाई कर भने बुझाइरहेका छन् ।
- उनीहरूको जमिनमा भूमिहिन दलितहरू बसिरहेका छन् । अहिले ती ५ परिवार सडकको डिलमा बस्दै आएका छन् ।



*मुक्त कमैयाहरु आफ्नो समस्या अध्ययन समितिसित राख्दै*

- नगद रु. १० हजार र ३५ क्यूविक फिट काठ नपाउनेको संख्या ७१ परिवार रहेका छन् । लालपूर्जा भएको तर भोगचलन अर्कैले गरेको १७ परिवार रहेका छन् । ती १७ परिवारलाई सट्टा भर्ना गर्ने निर्णय भइसकेको तर जमिन प्राप्त भएको छैन । कार्यान्वयनमा कसले पहल गर्ने हो स्पष्ट छैन । ती १७ परिवारको यही लफडाका कारण रु.१ लाखको निवेदन दिनबाट समेत बंचित भए ।
- परिचय पत्र नै नपाएका मुक्तकमैयाको संख्या ११० परिवार छ ।

- नियम कानून अनुसार जमिन दिएको छैन । कसैलाई ५ कठ्ठा, कसैलाई ३ कठ्ठा, कसैलाई २ कठ्ठा र कसैलाई १० धुरसम्म मात्र वितरण गरिएको छ ।

- छूट हुनुको मूल कारणमा मालिकले सिफारिश गर्न मानेनन्, केही मुक्तकमैया नेता भरतलाल चौधरी जेलमा भएकाले उनको श्रीमतीको नाममा लालपूर्जा बन्यो ।

- केही परिवारलाई खोलामा लालपूर्जा दिएको हुनाले हालसम्म पैसा कमाएर माटो पटानीमै खर्च भयो ।

- सदुरमुकामबाट टाढा भएकाले कुनै पनि तालिम प्राप्त भएको छैन । स्थानीय सरकारले त्यस्तो कुनै संरचना पनि छैन अधिकार पनि छैन भन्दै केही सुविधा दिएको छैन ।

- मुक्तकमैयाका बालवालिकालाई शिक्षा, स्वास्थ्यमा कुनै सुविधा छैन । उल्टै शिशु कक्षामा समेत भर्ना शुल्क तिर्नुपर्ने, १० कक्षाभन्दा माथिल्ला कक्षामा पढाउने क्षमता नपुगेर विद्यालय छोड्ने गरेको छ । स्कूलहरूले कमैयाहरूले जमिन पाएकै छन् किन निःशुल्क दिने भनेर भन्ने गरेको छ । यस बस्तीमा २२ वर्षको अवधिमा विए पास गर्ने एक जना पनि छैन ।

- भरतलाल चौधरीले ९ कक्षामा पढने छोराको १४/१५ हजार शुल्क तिनुपरेको बताए । धनगढीमा कक्षा ११ मा पढ्ने छोरालाई कालुराम चौधरीले वार्षिक ४०/५० हजार शुल्क तिनुपर्ने बताए ।

- एक जना मुक्तकम्लहरीलाई परिचय पत्र पाइन्छ भन्ने थाहा छैन । एक पटक उनी कम्लहरीको भैलामा धनगढी जाँदा एउटा सानो कागज दिएका थिए तर के हो थाहा छैन कागज भने सुरक्षित राखेको छ । मुक्तकमैयाले पाएको जमिनमा सिचाइ नभएकाले चैते धान रोपेर काम चलाउने गरेको छ । किनभने असार श्रावणमा बाढीले सबै रोपेको धान बगाइ लगिदिन्छ ।

- यस बस्तिको वीसौं वर्षदेखिका उस्तै समस्या भएका मुक्तकमैया र सुकुम्बासीबीचको अन्तरविरोध हल गरिदिनुपर्दछ ।

- अब मुक्तकमैया केन्द्रीत भएर जनता आवास कार्यक्रम लागु गरिनुपर्दछ । उनीहरूलाई बाढीबाट जोगाउने उपाय अबलम्बन गरिनुपर्दछ ।

- थारुलाई छूट्याइएको कोटाबाट मुक्तकमैयाको लागि केही वर्ष कोटा निर्धारण गरिनुपर्दछ ।

२०७८/९/३० गते । दिउँसो

**१.३.२३ कैलाली भजनी न.पा.१ सिर्जना शिविरमा मा. प्रदेश भुमिब्यवस्था मन्त्री बिनिता चौधरी सहित मुक्त कमैयाहरुबिच सामुदायिक छलफल**




उपस्थिति :

| | |
|---|---|
| विनिता चौधरी : | कृषि तथा भूमिब्यवस्थामन्त्री |
| शेर बहादुर चौधरी : | भजनी नगरपालिका प्रमुख |
| कस्तुरिया डगौरा : | उपाध्यक्ष, महिला जागरण समाज । |
| टेसराम डगौरा : | बस्तीको अगुवा |
| फागुराम डगौरा : | तालिम प्राप्त डकर्मी हुंदै ठेकेदार । |
| शेरबहादुर विश्वकर्मा : | नेकपा एकीकृत समाजवादी नगर संयोजक |
| जगत विश्वकर्मा : | नेकपा माओवादी केन्द्र नगर अध्यक्ष |
| नवराज मिश्र : | नेपाली काग्रेस नगर सभापति |

**त्यहाँ प्रस्तुत भनाइहरू:**

- बस्तीमा जम्मा २८५ परिवार छन् ।
- २७७ जना छूट कमैयाले लालपूर्जा पाएका छैनन् ।




भूमि सुधार कार्यालय, कैलाली
मुक्त कमैया छूट लगत संकलन फाराम
२०५९
(निवेदन दर्ता गर्ने व्यक्तिलाई दिने निस्सा)

दर्ता नं. ........ टोली ........ जिल्ला कैलाली मिति ........
नाम ........ ठेगाना ........ परिवार संख्या ........
कर्मचारीको नाम ........
दस्तखत ........

*छूट कमैयाको लागि सरकारले दिएको अस्थायी निस्सा*

- यही निस्साका आधारमा उनीहरूले सरकारलाई कर भने तिरिरहेका छन् ।
- जमिन पाउनेले ३ कठ्ठादेखि ५ कठ्ठासम्म जमिन दिइएको छ ।
- ४४ जनाले निस्सा समेत पाएका छैनन् ।
- यो बस्तीलाई सिर्जना शिविर, मधुवन शिविर र सुरहवामिलन शिविर गरी तीन भागमा बांडिएको छ । सिर्जना शिविरमा ४४ जनाको लालपूर्जा छ । ११ जनासंग चुड्का (निस्सा) छ । मधुवन शिविरमा लालपूर्जा पाएका ८५ र चुड्का पाएका १५० जना र चुडका नपाएका ३९ जना छन । सुरवामिलन टोलमा सबैले ५ कठ्ठा जमिन पाएका छन् ।
- भारतमा गएर मजदूरी गरेर दैनिक ३०० देखि ५०० सम्म भारु कमाउने गरेको छ ।
- फागुराम डगौराले २०६३ मा २ महिनाको तालिम पाएकाले उनी अहिले डकर्मी काम गर्नुकासाथै ठेकेदार समेत बनेका छन् । उनको अनुभव छ तालिम रुचि अनुसार पाएमा र केही लगानी भएमा सफल हुन सकिन्छ ।
- तीनवटै शिविरहरूमा टिसिएनका ठूला ठूला रुखहरू भएकाले ती रूखहरू ढालेर दुःख दिने गरेको पाइन्छ । मुक्तकमैयालाई ती रूखहरू चलाउने अधिकार छैन । यो वन मन्त्रालयको कार्यक्षेत्र भएकाले भूमिब्यवस्थामन्त्रालयले पनि केही गर्न नसकेको बताए ।
- विद्यालयमा हरेक तहमा शुल्क तिनुपर्ने बाध्यताको अन्त्य हुनुपर्दछ । मुक्तकमैयाका लागि विशेष कोटा छुट्ट्याउनु पर्‍यो ।
- ती शिविरहरूमा रहेकाहरूले काठवापतको १ लाख र घर निर्माण वापतको १० हजार नपाउनेको संख्या ७८ परिवार छन् । स्थानीय तहलाई हस्तान्तरणको रकम कता कसरी खर्च भयो कसैलाई थाहा छैन ।



३५ क्यू.फिट काठ वाफतको रकम रु.१ लाख र घर निर्माण रकम रु.१०,००० लिन बाँकी रहेका मुक्त कमैयाहरुको विवरण ।

| क्र.सं. | मुक्त कमैयाको नाम | मुक्त कमैयाको मृत्यु भएको भए हकवाला निवेदकको नाम,थर | बाबु/पतिको नाम,थर | परिचयपत्र प्राप्त ठेगाना | परिचय पत्र नं., किसिम र साल | जग्गा पाएको ठेगाना | | कि.नं. | क्षेत्रफल | घर निर्माण रु. | काठ वापतको रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | गा.वि.स. | वडा नं | | | | |
| १ | छोटे लाल डगौंरा | | लौटन डगौंरा | भजनी-६ | ३०नि.०६० | भजनी | ६ | ४६ | ०,१३५५ | १०००० | १००००० |
| २ | प्रेम बहादुर डगौंरा | | मेलाराम डगौंरा | भजनी-६ | ७१नि.०६० | भजनी | ६ | ३९ | ०,१३५५ | १०००० | १००००० |
| ३ | जुगराम चौधरी थारु | | गब्बन थारु | भजनी-२ | २९नि.०५७ | भजनी | ६ | ३६ | ०,१३५५ | १०००० | १००००० |
| ४ | सुकराम डगौंरा | | रोगाई डगौंरा | भजनी-२ | २१नि.०५७ | भजनी | ६ | १० | ०,१३५५ | १०००० | १००००० |
| ५ | लल्लु डगौंरा | | राम प्रसाद डगौंरा | भजनी-२ | १३८नि.०६० | भजनी | ६ | ३ | ०,१३५५ | १०००० | १००००० |
| ६ | प्यारु डगौंरा | | हरिराम डगौंरा | भजनी-२ | ६३नि.०६० | भजनी | ६ | ४५ | ०,१३५५ | १०००० | १००००० |
| ७ | चुल्लु राम डगौंरा | | भंगु डगौंरा | भजनी-३ | २५नि.०५७ | भजनी | | | | | |
| ८ | लहान डगौंरा | | | | | | | | | | |

*काठ वापतको रु. एक लाख र घर निर्माणको दश हजार पाउन बाँकी कमैयाहरुको सूची*

- राजनीतिक दलका प्रतिनिधिहरूले भने कि ठूला रुखको व्यवस्थापन, छूट कमैयाको पहिचान र जमिनको विवाद हल गरिदिनुपर्दछ ।

- यसमा नगरपालिका अगुवाई गर्न तयार रहेको प्रतिबद्धता जाहेर गरे ।

- भजनी नगरप्रमुखको भनाइमा मुक्तकमैयाको ठूलो अन्त्यहिन समस्या देखिएको छ । स्पष्ट कार्यादेशका अभावमा हामी पनि केही गर्न सकेका छैनौं । हामीले विभिन्न कार्यक्रममार्फत वालविकास केन्द्र, वोरिंग, विभिन्न रोजगारमुलक तालिम, मसला उद्योगको लागि रु ६ लाखको सहयोग गरिएको भए पनि विशिष्ट कार्यक्रम दिन सकेको छैन । यसका लागि यो अध्ययन समितिले बाटो स्पष्ट गरिदेओस् । हाम्रो कार्यक्षेत्रको काम हामी तुरुन्त गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

- प्रदेश सरकारको कृषिमन्त्री विनिता चौधरीले भन्नुभयो कि मुक्तकमैया पुनर्स्थापनाप्रति चिन्ता व्यक्त गर्दै विभिन्न नियम कानुनको अवरोधका तथा समन्वयको अभावका कारण अहिले पनि कमैया समस्या उस्तै देखियो । साना जस्तै रुख कटान, सट्टा भर्ना, खोलाको डिलको जमिन जस्ता समस्या हल गर्न सकिन्थ्यो । तर हाम्रा संरचना र कार्यादेशका कारण गरिव मुक्तकमैयाले दुःख पाए । अर्कातिर हामी सामुदायिक वनप्रति पनि प्रतिबद्ध छौं तर मुक्तकमैयाको जमिन त्यहीँ दिइएको छ जहाँ विवाद छ । त्यसै गरी वन, कृषि र भूमिलगायतका मन्त्रालय र स्थानीय तहका भूमिकाका कारण पनि समस्या जहाँको त्यहीँ रह्यो । अर्कातिर मुक्तकमैयाको समस्या हल गर्न खोज्दा भूमिहिन सुकुम्बासीको समस्या अगाडि आउँछ । सोको हल गर्न खोज्दा भूमिसम्बन्धी समस्या समाधान आयोगले काम थालनी गरेको देखिन्छ । त्यसैले यस्ता अन्तरमन्त्रालय र अन्तरनिकायसंग बाझिएका र बाँधिएका प्रक्रियाकाहरूको एकीकृत कानून बनाएर तत्काल हल गरिनुपर्दछ ।

- स्थानीय तहलाई हस्तान्तरण गरिएको सम्पूर्ण रकमको हिसाब किताब कैलाली जिल्लाले अर्थमन्त्रालयलाई पठाइसकेको तर अन्य जिल्लाहरूबाट नआएकाले अन्य जिल्लाको कारण कैलालीको निकासी र काम रोकिएको जस्ता समस्याको हल गर्ने उपाय खोजौं । यस अध्ययन समितिले यस्ता कुरा खोजेर बाटो देखाउन सफल होस हार्दिक शुभकामना छ ।

***साँझ** : कोरोना निकै फैलिएका कारण सोहि दिन देखि अध्ययन भ्रमण स्थगित गरिएको थियो ।*

२०७८ फाल्गुन ५, दिउँसो

### १.३.२४ धनगढी उपमहानगरपालिका १ बसन्तटोलस्थित मूक्तकमैया बस्तीमा सामुदायिक छलफल



*अध्ययन समितिसित कमैया र कम्लहरीहरु आफ्नो समस्या प्रस्तुत गर्दै ।*

- यो बस्ती धनगढी उपमहानगरपालिकाको सेन्टरमा पर्दछ।
- मुक्तकमैयाहरू जिल्लाका विभिन्न भागबाट आएर २०६३ सालमा कब्जा गरी बसेको १६ बर्ष पूरा भएको छ ।
- यहाँ बसोवास गर्ने जम्मा कमैया परिवार संख्या ३६ छ । बस्तीका अगुवा मुक्तकमैया छबिलाल चौधरी हसुलिया पबेराबाट आएका रहेछन् । उनी हाल बस्तीका भलमान्सा (अगुवा) बनेका छन् । उनका अनुसार-
  - यिनीहरू सबै परिचयपत्रविहिन छूट मुक्तकमैया हुन् ।
  - हामी कमैयालाई श्रावण महिनामा मुक्तघोषणा गरियो ।
  - हाम्रो सम्झौता माघसम्म हुने भएकोले दाहोरो छलफलबाट माघ १ गते लेनदेन सकेर जाउँला भन्दा हाम्रो तथ्याङ्क छूट हुनपुग्यो ।



*मुक्त कमैया जालुराम चौधरी आफ्नो समस्या राख्दै ।*

- २०६३ सालमा तत्कालिन भूमिसुधारमन्त्री हिसिला यमीलाई ध्यानार्कषण गर्दा हामी ध्यान दिन्छौं भन्नुभयो ।
- हामी लेबर काम र मिस्त्री काम गरेर खाईरहेका छौ ।
- नगरपालिकाले सिप बिकास तालिम दिएको थियो ।
- हामीले अहिले ओगटेको १ बिगाहा जमिन कृषि विकास बैकको जमीन हो । २०७० सालमा उसले हटाउन खाजेको थियो । तर हामीले एकजुट भएर प्रतिवाद गरेकाले आँट गरेन ।



*वसन्त टोलमा छूट कमैयाको एउटा टहरो*

- हामी जहाँ बसेका छौ त्यहीँ जमिन दर्ता हुनुपर्दछ भन्ने हाम्रो मुख्य माग छ ।
- हामीले आफ्नै जमिन आफै अमिन भन्ने नाराकासाथ इमान्दारीकासाथ ५/५ धुरमा बसेकाछौ ।
- हामीले काम गर्दा मिस्त्रीलाई दैनिक रु.१००० सम्म र महिलालाई ४०० सम्म दिन्छ ।
- हामी बसेको २० औं बर्ष भएको छ । अहिलेसम्म हामीलाई न त सरकारले परिचय पत्र दिएको छ, न बैंकले हामीलाई कुनै ऋण दिएको छ । समस्या यो परेको छ कि हामीसंग जमिनको लालपूर्जा छैन ।
- हाम्रो बस्तीमा एस एल सी पास गरेका केटा ५, केटी ३, आई ए पास गरेको अर्थात १२ पास २ जना रहेका छौं । हाम्रो समुदायको सरकारसित माग यस्तो रहेको छ :

  क) हामीलाई तुरुन्त परिचयपत्र दिनु पर्छ ।

  ख) हामी बसिरहेको जमीन हाम्रो नाममा नापी र दर्ता हुनुपर्छ । हामीलाई लालपुर्जा दिनु पर्छ ।

  ग) रोजगारीका लागि सीप तालिमको व्यवस्था हुनु पर्छ ।

सीप तालिमको लागि यी बिषयको तालिम भयो भने हामीले रोजगारी पाउँछ :

- पुरुषको लागि- डकर्मी, सिकर्मी, वाल पेन्टर, अटोमेकानिक्स, मोवाईल मर्मत, प्लम्बर, हाउस वायरिङ्ग, कार ड्राईभिङ्ग, मोटरसाईकल मर्मत आदि ।
- महिलाको लागि- सिलाइ कटाई, बुनाई, ब्यूटिपार्लर, तरकारी खेती, बंगुरपालन, कस्मेटीक, बेतको मुढा बनाउने ।

घ) हाम्रो सन्तानको लागि शिक्षा र हामी सबैको लागि स्वास्थ्य उपचारको ब्यवस्था हुनुपर्छ ।




*वसन्त टोल, धनगढीमा छूट कमैयाहरुको घर*

२०७८ फागुन ०५ गते, दिउँसो,

### १.३.२५ मनेहरा बस्ती, धनगढी नपामा मूक्तकमैयाहरुस□ सामुदायिक छलफल

- यो शिविर धनगढी उपमहानगरपालिकाको वडा नंबर १२ को मनेहरा हिम्मतपुरमा रहेको छ ।
- यो बस्ती ५ वटै जिल्लाका पुनःस्थापित बस्तीहरूमध्ये नमूनायोग्य बस्ती अर्थात आहा भन्न लायक बस्तीका रुपमा चिनिन्छ । यस बस्तीमा सर्वप्रथम कमैया तथा कम्लहरी आन्दोलनकी अगुवा कौशिल्या चौधरीले स्वागत गर्नुभयो । यस बस्तीमा ३९६ जनाले जमीन पाएका रहेछन् ।
- यस बस्तीमा जमिन २ कठ्ठा देखि ५ कठठासम्म पाएका रहेछन् ।
- नेपाल सरकारले घर बनाउनका लागि रु.१० हजार दिएछ तर दिने भनिएको काठ भने दिइएन रहेछ ।
- सिताराम चौधरी मुक्तकमैया समाज कैलालीका पूर्व उपाध्यक्ष रहेछन् । उनले डकर्मी तालिम लिएका थिए तर उनले सोही बस्तीमा अहिले किरानासहित मदिराको पसल राखेका छन् । उनका अनुसार -
  - यहाँ कतिपय महिलाहरूले पनि डकर्मी तालिम लिएको छ ।
  - महिलाहरूले दैनिक ७०० देखि ८०० रुपियाँ ज्याला पाउँछन् भने पुरुषहरूले रु.१००० पाउँछन् ।
- मुक्तकमैया महिला रिस्नी चौधरी गएको स्थानीय निर्वाचनमा नेपाली काँग्रेसकातर्फबाट निर्वाचित महिला सदस्य हुन । उनका अनुसार
  - हाम्रोमा धेरै सचेतना फैलिएको छ ।
  - कोही कोही त४० लाखको गाडी चढने ठेकेदार समेत भइसकेका छन् ।
  - हाम्रो बस्तीमा विद्यालय ५ कक्षासम्म छ । १ जना निजी क्षेत्रको शिक्षक छन् । तर स्थायी शिक्षक भने गैर मुक्तकमैयाहरू छन् ।
  - यस बस्तीमा कम्लहरी ६० जना बढी छन् ।




*मुक्त कमैयाले राम्ररी कमाइ गरी घर बनाएर भाडामा दिएको उदाहरण*

**सामुहिक प्रश्नको उत्तरमा मुक्तकमैया अगुवाहरूले भन्नुभएका समुदायका प्रमुख समस्याहरू :**

- हाम्रो पुर्जालाई पुर्ण मान्यता छैन । त्यो फुकुवा गरियोस् ।
- जिल्लाभरिका ४६० जना परिवारले परिचयपत्र पाएका छन् तर जमीन पाएको छैन । उनीहरूलाई जमीन तत्काल दिनुपर्छ ।
- जमिन भए पनि सिँचाईको ठूलो समस्या छ । त्यसैले तरकारी खेती हुँदैन । सिँचाइको व्यवस्था होस् ।
- मुक्तकमैयाका केटाकेटीहरूका लागि आरक्षण कोटा दिइयोस् ।
- मुक्तकमैयाहरूका लागि रोजगारीको रुपमा बीउ पूँजीसहित पसलको व्यवस्था होस् । कुखुरा काट्ने, अटो चलाउने, ठेकेदारी, ज्याला मजदूरी, ठेला, व्यापारको लागि सरकारले सहायता गरोस् ।  सिपमुलक तालिमको व्यवस्था होस् । सबै युवालाई रोजगारी चाहियो ।
- सबैलाई परिचय पत्र होस् ।
- हाम्रा सन्तानलाई निःशुल्क उच्चशिक्षाको अवसर दिइयोस् ।

**मिति : २०७८ फाल्गुन ५, धनगढी कैलाली**

**१.३.२६ सरोकारवाला मूक्तहलिया, कमैयाह□ तथा सम्बन्धित संघसंस्थासित छलफल**



**इन्द्र चौधरी : संयोजक, मुक्तकमैया उत्थान समाज, कैलाली**

- शुक्लाफाँटा नपा १२, कमैया बस्तीमा नदी कटान भएको अवस्था छ ।
- कैलाली जिल्लामा विना सूचना १७३ जना मुक्तकमैयाको परिचय पत्र बदर गरियो । जुन निरन्तर समस्याको कारण बन्दै गएको छ ।
- कैलाली जिल्लामा ४६३ जनाको परिचय पत्र भएको तर पुर्नस्थापना हुन बाँकी छ ।
- बर्दियामा १०७८ को परिचय पत्र बनेर पनि वितरण नगरेको अवस्था छ ।

मुक्तकमैया तथा कम्लहरीका मूल समस्याहरू

- दिइएको जमिनमा स्वामित्व कायम नहुनु ।
- लालपूर्जा प्राप्त जमिन (सम्पत्ति) को पनि हक कायम नहुनु, खोलाको डिल, बगरमा जमिन दिइनु ।
- छूट कमैयाको समस्या अझै हल नगरिनु, कमैया बस्ती रहेको स्थानमा  रुख हुनु र कैयन् ठाउँमा उठीवासको समस्या हुनु ।

मुक्तकमैयाका मागहरू:

- छूट मुक्तकमैयालाई बसेकै स्थानमा जमिन दर्ता गरि दिनुपर्दछ ।
- बदर परिचय पत्रलाई जस्ताको तस्तै सदर गरिनुपर्दछ ।

- मुक्तकमैयाका लागि रोजगार प्रवर्द्धन केन्द्रको स्थापना गरिनुपर्दछ । त्यसबाट कमैयालाई रोजगारीको तालिम दिनु पर्दछ ।
- मुक्तकमैया परिचय पत्रका आधारमा गरिबीको परिचय पत्र बनाइनुपर्दछ । अनि गरिवी निवारण हुने गरी घर, जमिन, रोजगारी दिइनुपर्दछ ।
- मुक्तकमैया महिला (बुक्रही) को परिचय पत्र अलग बनाइनुपर्दछ ।

## १.४ कम्लहरी बसेकै ठाउमा हत्या भएका घटना

- २०६९ चैत १४ गते दिउँसो दाङको लालमटिया–८ निवासी १२ वर्षिया सिर्जना चौधरीको ललितपुरको चाकुपाटस्थित इन्जिनियर युवराज पौडेलको डेरामा कम्लहरी बसेको अवस्थामा शरीरमा आगो लागेर मृत्यु ।
- २०६८ भदौ १ गते कैलालीको चौमाला–८ दैदवारी मुक्तकमैया शिविरकी २० वर्षिया मेघी चौधरीको काठमाडौंस्थित बालकृष्ण शाहको घरमा शरीरमा आगो लागेर मृत्यु ।
- २०६७ वैशाख १८ गते कैलालीकी १५ वर्षिया उर्मिला राना थारूको कैलालीको धनगढीस्थित दीपक बिष्टको घरमा झुण्डिएर मृत्यु ।
- २०६५ वैशाख २ गते टीकापुर ९ वनगाउँ कैलालीकी १५ वर्षिया सरिता चौधरी दाङको लमहीस्थित इन्द्रमणि खनालको घरमा झुण्डिएर मृत्यु ।
- २०६४ पुस ३० गते दाङ रामपुरकी सीमा होजा मगरको दाङको लमहीस्थित दङ्गाली होटलमा झुण्डिएर मृत्यु ।

## १.५ अध्ययन भ्रमणको निष्कर्ष

१. ऋण खारेजीसहित कमैया मुक्तिको घोषणापछि कमैयाहरू भूस्वामीको ऋणको सामन्ती बन्धनबाट मुक्तभएका छन् । यसमा उनीहरू खुशी पनि देखिन्छन् ।

२. कमैया मुक्तिको घोषणा र पुनर्स्थापनाको कार्यक्रम अघि बढेपछि ती कमैयाहरू जसले घर, जमिन र राम्रो सीपको तालिम पनि पाए, उनीहरूको जीवनमा राम्रो परिवर्तन आएको पाइएको छ । उनीहरू घरजग्गाविहीन बँधुवा श्रमिकबाट घर र जमिन सहितका सीपयुक्त स्वतन्त्र श्रमिकमा रुपान्तरित भएका छन् ।

३. सरकारी तथ्याङ्कअनुसार ३२, ५०९ कमैया परिवारले परिचयपत्र पाएकोमा क र ख बर्गका केवल ८४ प्रतिशत) मात्र पुनर्स्थापनायोग्य ठहरिएका छन् र ८३ प्रतिशत कमैया परिवार मात्र पुनर्स्थापित भएका छन् । परिचय पत्र पाएर पनि ग र घ बर्गका १७ प्रतिशत (५४८८ कमैया परिवार) पुनर्स्थापना प्याकेज पाउनबाट बञ्चित भएका छन् ।

४. पुनर्स्थापनाको यो ढाँचा त्रुटिपूर्ण छ र सच्याउनयोग्य छ । तराइमा २ कठ्ठा र त्यो भन्दा केही बढी जग्गा खेतीपातीले परिवार राम्ररी धान्नपुग्ने यथेष्ट जमिन होइन । परिवार पाँच छ जना भन्दा ठूलो भयो भने त अझ यो नितान्त अपुग समेत हुनजान्छ । एकै पुस्तामा त्यो परिवार निरपेक्ष गरिबीको रेखामुनि पुग्नजान्छ । त्यस्ता कमैयालाई गरिबीमा पुग्नबाट रोक्न तथा मानवोचित रोजगारीका लागि राज्यले जमिन प्रदान गर्न सम्भव नभए पनि सीप तालिम, शिक्षा र स्वास्थ्यको प्याकेज दिइनु पर्थ्यो । नदिएर भूल भएको छ ।

५. त्यतिबेला सरकारबाट दिइएका सीप तालिममध्ये सिकर्मी, डकर्मी, घरको पेण्टिङ्ग, इलेक्ट्रीक वाइरिङ्ग, प्लम्बिङ्ग, मोटरसाइकल मर्मत, गाडी मर्मत, अटो सञ्चालनको तालिम सबैभन्दा ज्यादा उपयोगी रहेको पाइएको छ । सीप तालिम राम्रो प्रयोगमा आएका केही कमैयाहरू नजिकैको शहर बजार-पोखरा, बुटवल, नेपालगञ्च, गुलरिया र सिन्धुपाल्चोकसम्म पनि श्रम सीप बेच्न पुगेको र केही त ठेकेदारका रुपमा समेत रुपान्तरित भएको पाइएको छ ।

६. पहिले सरकारले सुरु गरेका तर बीचैमा उत्तिकै छोडेका कमैया बृत्ति विकास कार्यक्रम, कमैया समुह गठन, समुह बचत परिचालन, कमैया घुम्ती कोष, उद्यमी विकास कार्यक्रम, रोजगार प्रवर्धन केन्द्र तथा रोजगार सम्पर्क केन्द्र स्थापना जस्ता राम्रा अभ्यासहरूलाई कमैया पुनर्स्थापनाका सिलसिलामा फेरि प्रयोगमा ल्याउनु उपयोगी हुने देखिएको छ ।

७. कमैया अगुवाहरूमा आफ्नो हक हितप्रतिको जागरण र राजनीतिक नेतृत्व क्षमता उल्लेख्य मात्रामा बढेको देखिएको छ । केही कमैया अगुवा अहिले प्रदेश उपसभामुख भएका छन्, कतिपय प्रदेशमन्त्री, कतिपय स्थानीय तहका जनप्रतिनिधि भने कोही आफ्नै थारु समुदायका बडघर वा भलमन्सा भएका छन् । कोही गैरसरकारी संगठनका अगुवा भएका छन् ।

८. सीप विकास तालिम सँगसँगै बीऊ पुँजी र औजार पनि अनिवार्य रुपमा दिनुपर्ने देखिएको छ । यी दिइएका स्थानमा सीप तालिम तत्काल प्रयोगमा आएको र यी कुरा नदिँदा तालिम उपयोगी भएर पनि कतिपय कमैयाले यसलाई प्रयोगमा ल्याउन नसकेको पाइएको छ ।

९. अन्तर्राष्ट्रिय बजारमा जान सीप तालिममा जान मुक्तकमैयाहरू लालायित देखिएका छन् । केही गएका पनि छन् । तर यसका लागि ३ महिने सीप तालिम नभएर कम्तीमा ९ महिने लामो अवधिको सीप विकास तालिम चाहिने र अंग्रेजी भाषामा आधिकारिक प्रमाण पत्र समेत दिइनुपर्ने देखिएको छ ।

१०. गैरसरकारी आँकडाअनुसार जमिन पाउनयोग्य ठहऱ्याइएका २७,५७० कमैया परिवारमध्ये केवल २५,१९५ (९१ प्रतिशत) ले मात्र जमिन हासिल गरेका छन् । सबै प्रमाण साथमा भएका परिचय पत्र पाउनयोग्य कमैया परिवारमध्ये ४,४६३ कमैया परिवारले परिचय पत्र पाउनै बाँकी छ । सबै योग्यता पुगेका र सरकारबाट क देखि घ बर्गको परिचय पत्र पनि पाएका कमैया परिवारमध्ये ७,३१४ ले पुनर्स्थापनाको प्याकेज पाउन बाँकी देखिन्छ । अर्थात, हरेक पाँचमा एक कमैया परिवार पुनर्स्थापित हुने अवसरबाट बाहिरिएको छ ।

११. सरकारी तथ्याङ्क मुताबिक परिचय पत्र पाएर पनि ५,४८८ कमैया परिवार पुनर्स्थापनाको प्याकेज पाउनबाट बञ्चित भएका छन् ।

१२. हामीले अध्ययन भ्रमण गरेका लुम्बिनी प्रदेश र सुदुरपश्चिम प्रदेशका सबै क्षेत्रमा वास्तविक रुपमै कमैया रहेका तर कमैयाको कुनै परिचय पत्र नपाएका र कमैया पुनर्स्थापनाको कुनै पनि सुविधाबाट बञ्चित छूट कमैयाहरू ठूलो संख्यामा रहेको पाइएको छ । गैर सरकारी अनुमानका अनुसार यो १२ हजार भन्दा बढी छ । कतै त बस्तीका बस्ती नै यस्तो समस्याबाट पीडित रहेको देखिएको छ । उदाहरणको लागि कैलालीको बसन्त टोल र गेटा, दाङ्गको मुक्ति नगर आदि ।

१३. छूट कमैया यति धेरै हुनुको मुख्य दुईवटा कारण रहेको पाइएको छ : एक, कमैया मुक्तिको घोषणा र पुनर्स्थापनाको थालनीको समयमा सशस्त्र द्वन्द्व चुलीमा रहनुको कारण परिचय पत्र प्रदान गर्न खटाइएका कर्मचारीहरू कैयन् स्थानमा गाउँ बस्तीमा

नै नआउनु ; दुई, परिचय पत्र पाउनका लागि कमैया पहिचान गर्न सम्वन्धित जमिन्दारको सिफारीश अनिवार्य गराइनु तर कैयन् जमिन्दारले मोही लाग्ला भन्ने भयले यस्तो सिफारीश गर्न नमान्नु ।

१४. कमैया छूट हुनुमा सम्वन्धित कमैया दोषी र जिम्मेवार देखिँदैन । बरु ऐन नियमावलीमा नीतिगत दोष हुनु तथा त्यतिबेलाको द्वन्द्वरत परिस्थिति तथा यसैको कारण देखाएर गाउँ बस्तीमा सरकारी कर्मचारी नआउने घटना नै मुख्य दोषी देखिन्छ । यसको दण्ड सजायँ मुक्तकमैयालाई दिन मिल्ने देखिँदैन । तसर्थ ढिलै भए पनि छूट कमैयालाई राज्यले न्याय दिनु आवश्यक देखिन्छ । वास्तविक कमैया ठहऱ्याउने आवश्यक तथ्य प्रमाण वा स्थानीय वडाको सिफारीश सहित सबै छूट कमैयालाई एक पटक तथा अन्तिम पटकका लागि अबिलम्व परिचय पत्र र पुनर्स्थापनाको प्याकेज दिन आवश्यक देखिन्छ ।

१५. मुक्तकमैयालाई घरबासको लागि जमिन दिइँदा थोरै ठाउँमा मात्र कानुन, नियमावली र कार्यविधि बमोजिम ५ कठ्ठा, २ कठ्ठा र १ कठ्ठा जमिन दिइएको भेटिएको छ । जमिनको अभाव देखाउँदै दाङ्ग, बाँके, बर्दिया, कैलाली र कंचनपुरका अधिकांश स्थानमा प्रचलित नियम कानुन बिपरीत १६ धुर, १२ धुर र १० धुर मात्र जमिन प्रदान गरिएको भेटिएको छ । केही ठाउँमा त १० धुर भन्दा पनि कम भूमि दिइएको पनि देखिएको छ । जस्तो कोहलपुर नगरपालिकाको वडा नं ११, हरियाली टोल आदि ।

१६. हामीले भ्रमण गरेका क्षेत्रमा कमैयालाई प्रदान गरिएको भूमि वितरणमा ठूलो बेथिति र लापरवाही रहेको अध्ययन समितिले भेटेको छ । ती बेथिति र लापरवाहीलाई सारांशमा निम्न कोटिमा बाँड्न सकिन्छ :

- कैयन् स्थानमा जमिनको लालपुर्जा दिइएको तर त्यसको फिल्ड बुक कायम नगरिएको।
- कैयन् स्थानमा मुक्तकमैयालाई जग्गा त दिइएको तर जमिन दिइएको दुई दशक ब्यतित हुँदा पनि त्यो जमिन कुन हो र कहाँ हो त्यो यकीन नभएको ।
- कतिपय स्थानमा जमिन दिइएको तर त्यो बगर वा खोलाको किनारमा दिइएको
- केही स्थानमा मुक्तकमैयालाई लालपुर्जा र जमिन दिइएको तर त्यहाँ अरुकै भूस्वामित्व कायम रहेको भेटिनाले कमैया र स्थानीयको बीचमा द्वन्द्व बढेको
- केही स्थानमा मुक्तकमैयासित केवल लालपुर्जा भएको तर त्यो बमोजिम जमिन कतै नभएको

१७. कोहलपुर नपाको हरियाली टोल बजार क्षेत्रमा दिइएको जमिनमा वास्तविक कमैयालाई ललाई फकाइ केही टाठाबाठा मानिसले, प्रचलित कानुन अनुसार त्यसो गर्न कदापि नमिल्ने भए पनि, जमिनको केही मूल्य दिएर कमैयाले पाएको कोहलपुर बजार छेउको बहुमूल्य जग्गा आफूले लिएर कमैयालाई चाहिँ राप्तीपारि अरु नै स्थानमा पठाइ सकिएको भेटिएको छ ।

१८. कानुन बिपरीत मुक्तकमैयालाई भूमि दिनुपर्ने भन्दा निकै थोरै दिनु, दिएको जमिन पनि प्रमाण पुऱ्याएर नदिनु, भूमि नै नभएको स्थानको लालपुर्जा दिनु, बगर र खोलामा जमिन दिनुको मूल कारण खोतल्दा जमिनको अभाव मुख्य कारण नभई मुक्तकमैयाप्रतिको हेपाहा दृष्टिकोण मूल कारणको रुपमा देखिएको छ । सम्भ्रान्त बर्गले थारुजस्तो अहिलेसम्म कजाइ आएको श्रमिक समुदायलाई पनि बासको लागि कानुन बमोजिम पुग्दो जमिन र राम्रो जमिन किन दिने भन्ने सोच र दृष्टिकोणले

यसमा अहम् भूमिका खेलेको देखिएको छ । यो सोच र दृष्टिकोण परिवर्तन गर्नु आवश्यक छ ।

१९. मुक्त कमैयालाई दिइएको लालपुर्जाप्रति कमैयाहरूको ठूलो असन्तुष्टि कायम रहेको पाइयो । उनीहरू यो लालपुर्जालाई 'काम न काजको बेकामे लालपुर्जा' ठान्दा रहेछन् । 'पहिले उनीहरू जमिन्दारको बँधुवा मजदुर भएको, अहिले चाहिँ यो बेकामे लालपुर्जाका कारण सरकारको बँधुवा मजदुरमा परिणत भएको' उनीहरूको आम गुनासो रहेछ ।

२०. उनीहरूको असन्तुष्टि मुख्य रुपमा लालपुर्जाअन्तर्गतका जमिन बैंकमा राखेर ऋण पनि लिन नमिल्ने, यो जमिन आफ्नो सन्तानमा हस्तान्तरण पनि गर्न नमिल्ने, र यो जमिन लालपुर्जामा लेखिएको १० बर्षको अवधि ब्यतित हुँदा समेत बेच्न पनि नमिल्ने हुनुमा रहेको पाइएको छ । हामीले भ्रमण गरेका सबै स्थानका सबै कमैयाहरूले एक स्वरले यो बाधा अविलम्ब फुकाइ दिन आग्रह गरेका छन् ।

२१. धेरै बर्षसम्म छूट कमैयाको बसोबासको लागि सरकारले केही नगर्दा मुक्तकमैयाहरूले बासको समस्या हल गर्नका लागि कैयन् स्थानमा 'आफ्नै जमिन-आफै अमिन' भन्ने नाराका साथ आफैले अमिनको तालिम लिएर ऐलानी वा सार्वजनिक जमिन वा जंगल छेउको जमिन कब्जा गरेर बसेको भेटियो । अध्ययन समितिले दाङ्गको गढवा नामक थलोमै गएर केही त्यस्तो नमुना बस्तीको अध्ययन समेत गरेको छ । त्यसलाई स्थानीय सरकारले मौन स्विकृति दिएको वा सहजीकरण समेत गरेको पनि भेटियो । अमिन लगाएर नापी गरेको हुनाले उनीहरूले कब्जा गरेको जमिन ५ कठ्ठा भन्दा ज्यादा कतै नभएको उनीहरूको दाबी रहेको छ ।

२२. मुक्तकमैयालाई सीपको तालिम होस् र बिना धितो पाँचलाख रुपैयाँसम्म सामुहिक जमानीमा ऋण दिलाई दिने काम होस् भन्ने साझा स्वर हामीले भ्रमण गरेका सबै स्थानका कमैयाहरूको रहेको पाइएको छ । यसको बिकल्पको रुपमा कमैयाहरूको साना किसान सहकारीलाई सरकारबाट परियोजना नै धितो रहने गरी ऋण दिने पुरानो घुम्ती कोषको ब्यवस्था गरियोस् भन्ने माग पनि हामीले भ्रमण गरेका सबै स्थानका कमैयाहरूको आम मागका रुपमा रहेको पाइएको छ ।

२३. कमैया बस्ती रहेको हरेक पालिका वा जिल्लामा सरकारले रोजगार प्रवर्द्धन केन्द्र खोलोस् र त्यहीँ कमैया र कमैयाका सन्तानलाई सीप तालिम दिने ब्यवस्था होस् भन्ने कमैयाको माग भएको देखियो ।

२४. सरकारी विद्यालय निःशुल्क भनिए पनि यो निःशुल्क नभएको र यसमा (बार्षिक १२ हजार रुपैयाँदेखि ४० हजार रुपैयाँसम्म) शुल्क तिर्नु परिरहेको मुक्तकमैयाको आम गुनासो रहेको पाइयो । यस परिप्रेक्ष्यमा गुणस्तरीय शिक्षामा कमैयाको पहुँच समतामूलक ढंगले सम्भव होस् भन्नाका लागि कमैयाको लागि सरकारी माध्यमिक विद्यालय तहको शुल्क पूर्णतया मिनाहा होस् वा त्यो शुल्क तिर्न सक्षम हुने गरी हरेक कमैयाको लागि छात्रबृत्तिको ब्यवस्था होस् भन्ने सबै स्थानका कमैयाको आम माग रहेको पाइएको छ ।

२५. प्राविधिक र ब्यावसायिक शिक्षामा कमैयाका सन्तानको सुनिश्चित पहुँचका लागि कमैया बस्ती भएको हरेक पालिकाले र पालिकाका त्यस्ता विद्यालयले ५ प्रतिशत सीट कमैयाका सन्तानका लागि आरक्षण गरोस् भन्ने सबै क्षेत्रका कमैयाको आम आवाज रहेको भेटियो ।

२६. मुक्तकमैयाहरूमा गरिबी आम रुपमा निकै चर्को हुनाको कारणले र गरिबीकै कारण उनीहरू टाढाको सरकारी अस्पतालमा वा निजी अस्पतालमा गएर स्वास्थ्य उपचार

गर्नसक्ने हालतमा नभएको कारणले हरेक कमैया परिवारलाई पालिकाबाट कार्यान्वयन हुने गरी अनिवार्य रुपमा स्वास्थ्य बीमाको प्रबन्ध होस् र हरेक कमैया बस्तीमा आधार स्वास्थ्य उपचार सम्भव हुने गरी स्वास्थ्य केन्द्रको व्यवस्था होस् भन्ने कमैयाहरूको आम माग देखिन्छ ।

## १.६ सिफारीशह□

### १.६.१ संघीय सरकारले गर्नुपर्ने

१. *मुख्य उद्देश्य* : कमैया मुक्तिको मुख्य उद्देश्य सामन्तवादी कृषिमा आधारित गरिबीले युक्त बँधुवा कृषि श्रमिकलाई बहुआयामिक ढंगले गरिबीमुक्तउन्नत सीपले युक्त स्वतन्त्र श्रमिकमा रुपान्तरित गर्ने कार्यलाई बनाउने हो । यसको साधनको रुपमा मुक्तकमैयालाई जमिन, आवास, शिक्षा, सीप, स्वास्थ्य र समावेशिताको एकीकृत प्याकेजमा मुख्य प्राथमिकता दिने नीति अंगीकार गर्ने ।

२. *अधिकारसम्पन्न आयोगको गठन* : कमैया पुनर्स्थापना सम्वन्धी बाँकी सबै कामको रेखदेख, संयोजन, परिचालन र अनुगमन गर्न बिषयविज्ञ, मन्त्रालयका अनुभवी कर्मचारीहरू र सरोकारवालाको प्रतिनिधित्व रहेको 'अधिकारसम्पन्न कमैया पुनर्स्थापन आयोग' गठन गर्ने हुनुपर्दछ । यस्तो आयोग कमैया, हलिया र हरवाचरवाको लागि एउटै र संयुक्त समेत हुन सक्नेछ ।

३. *कमैया मुक्तिको एकीकृत प्याकेज* : अब उप्रान्त कमैया मुक्तिको कुनै काम बाँकी नरहने गरी कमैया मुक्तिको बाँकी सबै कामलाई एकीकृत प्याकेजका रुपमा समाधान गर्ने नीति लिने । एकीकृत प्याकेजभित्र निम्न बिषय अनिवार्य रुपमा सामेल गर्ने नीति अख्तियार गर्ने:

- सबै कमैया र छूट कमैयाको लगत संकलन र परिचय पत्र ।
- बसोवासको लागि जमिन र घर बनाउन खर्च ।
- कृषिबाट जीवनयापन गर्न चाहने कमैया परिवारको लागि कृषियोग्य जमिन ;
- माध्यमिक शिक्षासम्म सुनिश्चित पहुँच तथा उच्च शिक्षा र प्राविधिक र ब्यावसायिक शिक्षालयमा कमैयाका सन्तानको पहुँचका लागि सीट आरक्षणको प्रवन्ध ।
- आधारभूत स्वास्थ्यमा कमैया परिवारको पहुँचको सुनिश्चितता
- सामाजिक र राजनीतिक संयन्त्रमा कमैयाको पहुँचको सुनिश्चितता

४. *लगत संकलन र परिचय पत्र* : छूट कमैयाको अन्तिम पटकको लगत लिन र परिचय पत्र समेत प्रदान गर्न स्थानीय तहलाई अधिकार र बजेट बिनियोजन गर्ने ।

५. *घर निर्माण खर्च* : घरवासविहीन कमैया परिवारलाई घर निर्माणका लागि रु ६ लाख प्रदान गर्ने । यस्तै, प्रदेश सरकारले रु ३ लाख दिनुपर्ने नीतिगत निर्णय गर्ने । घर निर्माणको सम्पूर्ण कार्य भने स्थानीय तहमार्फत व्यक्ति स्वयंबाट हुने ।

६. *भूमि प्रदान गर्ने सम्वन्धमा* :

- *भूमि प्रदान गर्न प्रदेशलाई अधिकार प्रत्यायोजन* : संविधानमुताबिक भूमि दिने अधिकार संघसित मात्र रहेकाले र भूमि ब्यवस्थापनको अधिकार प्रदेशसित मात्र रहेकाले यसअघि नै परिचय पत्र पाइसकेका कमैया र छूट कमैयालाई भूमि दिने कार्यलाई सहजीकरण गर्न प्रदेश सरकारलाई अधिकार प्रत्यायोजन गर्ने ।

- *फिल्डबुक कायय गरिदिनेबारे* : भूमि र लालपुर्जा पाएर पनि फिल्डबुकमा नचढाइएका कमैयाहरूको फिल्डबुक कायम गर्नका लागि प्रादेशिक नापी कार्यालय र भूमि व्यवस्थापन कार्यालयलाई निर्देशन दिने तथा यसका निम्ति आवश्यक अधिकार, जनशक्ति र बजेट प्रदान गर्ने

- *अनुपयुक्त जमिनको सट्टाभर्ना* : खोला छेउ वा अनुपयुक्त स्थानमा भूमि दिइएका मुक्तकमैयालाई उपयुक्त ठाउँमा भूमि सट्टाभर्नाको व्यवस्था गर्न प्रदेश र स्थानीय सरकारलाई अधिकार प्रत्यायोजन गर्ने ।

- *जो जहाँ छन् त्यहींको जमिन दर्ता गरिदिने बारे* : ऐलानी, सार्वजनिक वा जंगलको छेउमा बसोबास गरिरहेका मुक्तकमैयालाई एक पटकको लागि त्यो जमिन नापी गरी ऐन अनुसार कमैयालाई दिन पर्ने परिमाणमा भूमि र त्यसको लालपुर्जा प्रदान गर्न बन मन्त्रालयसित समेत समन्वय र सहजीकरण गरिदिने । यसका लागि प्रदेश सरकारको भूमि व्यवस्था मन्त्रालय तथा स्थानीय तहलाई अधिकार प्रत्यायोजन गर्ने । यसो गर्दा कोही पनि गैरकमैया नपरोस् र प्रमाणका आधारमा मात्र त्यस्तो गरियोस् भन्ने कुरामा ध्यान दिन ध्यानाकर्षण गर्ने ।

- *कमैयालाई दिइएको जमिन सम्बन्धी स्वतन्त्रता बारे* : कमैयालाई दिइएको जमिन धितो राखी बैंक वा सहकारीबाट ऋण निकाल्न पाउने, कमैयालाई दिइएको जमिन कमैया दम्पत्तिको मृत्युपछि उनका सन्तानका नाममा हक हस्तान्तरण हुन सक्ने र जमिन दिइएको १० बर्षपछि उन्नत रोजगारीका लागि त्यसको बेचबिखन समेत हुनसक्ने नयाँ नीति तर्जुमा गर्ने ।

- *रोजगारीका लागि कमैयालाई कृषियोग्य जमिन दिने बारे* : कुनै कमैया परिवार कृषिलाई आफ्नो मुख्य बनाउन चाहन्छन् भने परिचय पत्र प्राप्त गरेका मुक्तकमैयालाई अविलम्ब कमैया श्रम निषेध ऐन २०५८, नियमावली २०६८ र कार्यविधिले परिभाषित गरे मुताबिक भौगोलिक अवस्थिति अनुसार ग्रामीण क्षेत्रमा ५ कट्ठा, राजमार्ग तथा यसको छेउछाउमा कम्तीमा २ कट्ठा वा शहरी क्षेत्रमा घटीमा १ कट्ठा भूमि प्रदान गर्ने ।

- *ललाइ फकाइ लिइएको जमिन बारे* : कमैयालाई प्रदान गरिएको जमिन अरु कसैले फकाइ  गैरकानुनी ढंगले कागज बनाई किनेको/लिएको स्थिति जहाँ जहाँ रहेको छ त्यहाँ त्यो किनबेच र कागजात तुरुन्त बदर हुने र जमिन स्वतः सम्वन्धित कमैयाको हुने नीतिगत व्यवस्था गर्ने ।

- *राष्ट्रिय भूमि आयोगमार्फत पनि भूमि प्रदान गर्न सकिने बारे* : राष्ट्रिय भूमि आयोग सम्बन्धी कार्यविधिमा कमैयाको पनि नाम उल्लेख गर्ने र द्रुत गतिमा २ महिनाभित्र भूमि दिने स्थिति भएको खण्डमा कमैयालाई भूमि प्रदान गर्ने सम्बन्धी कार्य मात्र राष्ट्रिय भूमि आयोगमार्फत पनि गर्न सकिने नीति तर्जुमा गर्ने । मुक्तकमैया, सुकुमबासी तथा भूमिहिनको समस्या भिन्न भएकाले यसलाई एकै ठाउँमा नगाँसी अलग अलग रुपमा हेर्ने नीति लिने ।

७. *रोजगारीका सीप तालिम बारे* : कृषि बाहेक अन्य रोजगारी गर्न इच्छुक कमैया परिवारलाई ३ महीनाभन्दा लामो मध्यकालीन र दीर्घकालीन सीप तालिम प्रदेश सरकारले र तीन महीना र सोभन्दा छोटो अवधिको सीप तालिम स्थानीय तहले गर्ने । सीप तालिमपछि कम्तीमा रु १ लाखको बीउ पुँजी, आवश्यक औजार, तालिम अवधिको परिवारबृत्ति प्रदान गरिनु पर्ने ।

- रोजगारीको तालिमको लागि एकातिर सिटिइभिटीलाई यस क्षेत्रमा कार्य गर्न प्रदेश र स्थानीय तहमा समेत कार्यालय खोल्न निर्देशित गर्ने । अर्कोतिर, रोजगारी तालिम र तालिमपछि रोजगारी प्राप्त गर्नका लागि सहयोग गर्न संस्थागत रुपमा दुबै तहमा रोजगार प्रवर्द्धन केन्द्र र रोजगार सम्पर्क केन्द्रको समेत ब्यवस्था गर्ने ।

- *कमैया समुह र सहकारीलाई उच्च प्राथमिकता* : मुक्तकमैयाहरूले सहकारी वा कमैया समुह बनाएर स्वरोजगारीका लागि उद्यम ब्यवसाय वा सामुहिक खेती गर्न खोज्छन् भने त्यसलाई रु १ करोडको घुम्ती कोष, तथा सहुलियत ब्याजदरमा बिना धितो ऋण एबम् अनुदानमा ५० प्रतिशत थप गरिदिने ब्यवस्था गर्ने । उसले किन्ने मेशिनरी, ट्र्याक्टर, र यातायातका साधनमा भन्सार महशुल छूट दिने नीतिगत निर्णय गर्ने ।

८. *शिक्षामा सहज पहुँचका लागि :*

- *माध्यमिक शिक्षामा सम्पूर्ण स्थानीय तहले ब्यहोरिदिने* : स्थानीय सरकारको क्रियाशीलतामा मुक्तकमैयाका हरेक सन्तानलाई माध्यमिक तहसम्म कुनै पनि विद्यालयले कुनै पनि प्रकारको शुल्क लिन नपाउने कुरा सुनिश्चित गर्ने ।

- *उच्च शिक्षामा लाग्ने सबै शुल्क प्रदेश सरकारले ब्यहोरिदिने* : प्रदेशको सीमा क्षेत्रभरि उच्च शिक्षामा कमैया परिवारका सन्तानका लागि लाग्ने शुल्क या त मिनाहा गरिदिने ब्यवस्था गर्ने या सो शुल्क प्रदेश सरकारले ब्यहोर्नुपर्ने नीतिगत निर्णय गर्ने ।

- *प्राविधिक र ब्यावसायिक शिक्षामा २ % आरक्षित सीटको ब्यवस्था* : डाक्टर, इञ्जिनीयर, नर्स, पारामेडिकल, पाइलट, कृषि शिक्षा, भेटेनरी, वा यस्तै बिषयमा प्रदेशको सीमा क्षेत्रमा पर्ने कुनै पनि ब्यावसायिक वा प्राविधिक शिक्षालय वा पोलिटेक्निकल विद्यालयमा कुल सीटको २ प्रतिशत सीट कमैया परिवारका सन्तानका लागि आरक्षित हुनुपर्ने । यो नीति विदेशबाट सो बिषयमा प्राप्त हुने छात्रवृत्तिमा पनि लागू हुने ।

- *शून्य ब्याजदरमा शैक्षिक ऋणको ब्यवस्था:* आरक्षित सीटले अपुग भएमा र बढी कमैया परिवारका सन्तानलाई ब्यावसायिक र प्राविधिक शिक्षा हासिल गर्ने इच्छा भएमा रोजगारी पाएपछि किस्तामा तिर्ने गरी शून्य प्रतिशत ब्याजदरमा शैक्षिक ऋणको समेत ब्यवस्था गर्ने ।

९. आधारभूत स्वास्थ्य सेवामा पहुँचका लागि :

- *बृहत स्वास्थ्य बीमाको ब्यवस्था गर्ने :* सबै ठूला साना रोगको उपचार सम्भव हुने गरी हरेक कमैया परिवारको अनिवार्य र बृहत् स्वास्थ्य बीमाको ब्यवस्था गर्ने । यसका लागि संघीय सरकारले ६० प्रतिशत प्रिमियम खर्च ब्यहोर्ने । बाँकी २०-२० प्रतिशत प्रदेश र स्थानीय तहले ब्यहोर्ने नीतिगत ब्यवस्था गर्ने ।

- *हेल्थपोस्ट वा नियमित घुम्ती स्वास्थ्य क्लिनिक/डाक्टरको ब्यवस्था* : अस्पताल नजिकै नभएका सबै कमैया बस्तीमा खोपको सुविधासहित हेल्थपोस्ट वा नियमित घुम्ती स्वास्थ्य क्लिनिकको ब्यवस्था गर्ने । निकै साना कमैया बस्तीमा समेत नियमित घुम्ती डाक्टरको नीतिगत ब्यवस्था गर्ने ।

- *कमैया महिला स्वयम्सेविकाको ब्यवस्था* : सबै कमैया बस्तीमा आम स्वास्थ्य जागरणको काम गर्न, ज्वर, ब्लड प्रेसर र अक्सीजन लेभलको जाँच गर्न, साथै

सुँडिनीको समेत काम गर्न अनिवार्य रुपमा कम्तीमा एकजना महिला स्वास्थ्य स्वयम्सेविकाको व्यवस्था गर्ने । यस्तो संख्या क्रमशः बढाउँदै लैजाने ।

- *हरेक कमैया बस्तीमा स्वच्छ खानेपानीको प्रबन्ध* : कमैया परिवारको स्वास्थ्यको लागि डाक्टर र अस्पताल मात्र पर्याप्त नहुने भएकाले नेपालको संविधानको धारा ३५ (४) अनुसार हरेक कमैया बस्तीमा प्रदेश र स्थानीय तहको पहलमा स्वच्छ खानेपानीको व्यवस्था गर्ने ।

१०. *राजनीतिक र सामाजिक समावेशिताको व्यवस्था* :

- *सरकारी कार्यालयको नोकरीमा कमैयालाई प्राथमिकता* : प्रदेशभरिका बिभिन्न सरकारी कार्यालयहरूमा अस्थायी वा करार सरकारी कर्मचारीका रुपमा काम गर्नका लागि रोजगारीको अवसर खुलेमा कमैयाका शिक्षित सन्तानहरूको लागि पहिलो प्राथमिकता दिनु पर्ने नीतिगत व्यवस्था गर्ने ।
- *दल र हरेक तहको जनप्रतिधि तथा उम्मेदवारीमा कमैया प्रतिनिधित्व* : प्रादेशिक राजनीतिक दल, हरेक तहको जनप्रतिनिधिमा उम्मेदवारी र नीति निर्णय गर्ने कुनै पनि सामाजिक संयन्त्रमा कमैया प्रतिनिधि पर्ने/रहने बाध्यकारी कानुनी व्यवस्था गर्ने ।
- *समुदायका समितिमा कमैयाको समावेशी प्रतिनिधित्व* : कमैयाको बस्ती रहेको हरेक स्थानमा बन व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति र स्थानीय विकास निर्माण समितिमा अनिवार्य रुपमा हलिया प्रतिनिधित्वको व्यवस्था गर्ने ।

११. बर्दिया जिल्लाको बन कार्यालयको कटानी मुछानीबापत धरौटी खातामा राखेको रकम सम्बन्धित मुक्तकमैयालाई तत्काल फिर्ता दिन वन कार्यालयसित समन्वय र सहजीकरण
गर्ने ।

## १.६.२ प्रदेश सरकारले गर्नुपर्ने

१. छूट हलियाको यकीन तथ्याङ्क

२. *भूमि प्रदान गर्ने सम्वन्धमा* : भूमि प्रदान गर्ने सम्वन्धमा संघीय भूमि व्यवस्था मन्त्रालयले निर्देशन गरे बमोजिम भूमि व्यवस्थापनको आफ्नो अधिकार समेत प्रयोग गर्दै, स्थानीय तहको सहयोग समेत लिँदै, कमैयाका लागि भूमि प्रदान गर्ने सम्वन्धमा निम्न कार्य गर्ने :

- *छूट कमैयालाई घरको लागि भूमिको व्यवस्था* : परिचय पत्र प्राप्त सबै छूट कमैया परिवारलाइ घर निर्माणको लागि ग्रामीण क्षेत्रमा २ कट्ठा र शहरी क्षेत्रमा भए १ कट्ठा भूमि प्रदान गर्ने र जग्गाधनी प्रमाण पुर्जा प्रदान गर्ने ।
- *फिल्डबुकमा जग्गा यकीन गरिदिने व्यवस्था* : लालपुर्जा भएका तर जमिन यकीन नभएका कमैया परिवारको फिल्डबुक तैयार गरी जमिन यकीन गरिदिने ।
- *जग्गा सट्टाभर्नाको व्यवस्था* : नदी किनारमा वा बगरमा एबम् आवासीय हिसाबले अनुपयुक्त र जोखिमयुक्त ठाउँमा भूमि दिइएका कमैया परिवारको लागि स्थानिय तहको सहयोगमा उपयुक्त स्थानमा जग्गा सट्टा भर्ना गरिदिने ।
- *जो जहाँ बसिरहेको हो त्यहींको जमिन दर्ता गरिदिने व्यवस्था* : अन्यत्र कतै घर बास नभएका, केवल सार्वजनिक, ऐलानी जमिनमा वा जंगलको छेउमा

बसोबास गरेका मुक्तकमैया परिवारको लागि एक पटकको निम्ति जहाँ बसिरहेको हो त्यहीँ ठाउँमा कानुन र नियमले तोकेको पमिाणमा जग्गा नापी गरी , फिल्डबुक समेत तैयार गरी जग्गा धनी प्रमाण पुर्जा प्रदान गर्ने ।

३. *रोजगारीका लागि सीप तालिम बारे :*

छूट कमैयामध्ये परिचय पत्र प्राप्त सबै मुक्तकमैया परिवारलाई मुख्य पेशाका रुपमा मध्यम र लामो अवधिको रोजगारउपयोगी सीप तालिमका साथै प्रमाणपत्र, बीऊ पुँजी र औजारको प्रबन्ध गर्ने मूल जिम्मेवारी प्रदेश सरकारले वहन गर्ने । तालिम अवधिभर परिवार भोको नहोस् भन्नाका लागि तालिम लिनेलाई परिवार वृत्ति भत्ता पनि प्रदान गर्ने नीति प्रदेश सरकारले राख्नु पर्ने ।

*पाँच लाख सम्मको ऋणको व्यवस्था* : स्वरोजगारी सिर्जना गर्न इच्छुक हरेक मुक्तकमैया परिवारलाई बिना अन्य धितो, परियोजना आफै नै धितो हुने गरी बार्षिक ५ प्रतिशत भन्दा ज्यादा ब्याज नहुने गरी सहुलियतपूर्ण ब्याज दरमा एक परिवारका लागि रु ५ लाख सम्मको ऋणको प्रवन्ध गरिदिने ।

सीप तालिमका लागि, सीप तालिम लिएकामा उद्यमशीलता विकासका लागि र उद्योगपति र दक्ष श्रमिकको आवश्यक सम्पर्क सेतुको कार्य गर्नका लागि स्थायी संरचनाका रुपमा प्रदेशमा रोजगार प्रवर्द्धन केन्द्र तथा रोजगार सम्पर्क केन्द्र स्थापना गर्ने । साथै, र पहिले झैँ कमैया उद्यमी विकास कार्यक्रम समेत संचालन गर्ने ।

४. *कमैयाको समुह र सहकारी निर्माणमा बिशेष प्रोत्साहन दिने:*

- *सहकारी वा समुह बनाउन प्रोत्साहित गर्ने* : मुक्तकमैया परिवारहरू मिली कमैया समुह वा कमैया सहकारी बनाएर कृषि वा वस्तु पालन/माछा पालन/पशुपंक्षी पालन ब्यवसाय वा अन्य कुनै ब्यवसाय गर्न चाहेमा हरेक कमैया बस्तीमा त्यस्तो कमैया समुह वा सहकारीको लागि बार्षिक ४ प्रतिशत भन्दा ज्यादा नहुने गरी न्युनतम ब्याजदरमा आवश्यक ऋण तथा घुम्ती कोषको ब्यवस्था गरिदिने ।

- *मेशिनरी वस्तुको खरिदमा भन्सार महशुल छूटको ब्यवस्था* : त्यस्तो सहकारी वा समुहको लागि चाहिने ट्र्याक्टर, मालवाहक गाडी वा अन्य मेशीनरी औजारमा संघ सरकारलाई समेत अनुरोध गरी भन्सार महशुल पूर्णतया छूट गरिदिने नीति लिने ।

- *कमैया समुह वा सहकारीको बचत परिचालन कार्यक्रम* : कमैया समुह वा सहकारीको बचत परिचालन कार्यक्रम संचालन गर्ने र त्यसबाट सहुलियत दरमा ऋण लिन सकिने ब्यवस्था गर्ने । त्यस्तो समुह वा सहकारीका लागि प्रदेश सरकारले एक मुष्ठ पुँजी अनुदान दिने नीति अवलम्वन गर्ने ।

५. *उच्च शिक्षासम्म निशुल्क पहुँच बनाउने बारे* : हरेक कमैया परिवारका सन्तानको प्राविधिक तथा उच्च शिक्षासम्म पहुँच सुनिश्चित बनाउनका लागि निम्न कार्य गर्ने :

- *२ प्रतिशत सीट आरक्षित गर्ने* : कुनै पनि नगरपालिका वा गाउँपालिकाको सीमाभित्र बिभिन्न बिषयको पढाइ हुने प्राविधिक वा ब्यावसायिक शिक्षालय रहेमा त्यस्तो विद्यालयमा रहेको कुल सीटमध्ये २ प्रतिशत सीट स्वच्छ सार्वजनिक प्रतिस्पर्धाको आधारमा ब्यक्ति छानिने शर्तमा मुक्तकमैयाका सन्तानको निशुल्क अध्ययनका लागि आरक्षित गरिनु पर्ने नीतिगत प्रवन्ध

प्रदेश सरकारले गर्ने । विदेशमा प्राविधिक र ब्यावसायिक बिषयको निशुल्क छात्रवृत्ति उपलब्ध भएमा पनि यही नीति लागू गर्ने

- *पोलिटेक्निकल इन्स्टीच्युटमा पनि २ प्रतिशत सीट आरक्षण* : छात्रावासको ब्यवस्था रहेको आफ्नो प्रदेशको प्राविधिक र ब्यावसायिक विद्यालय वा पोलिटेक्नीकल इन्स्टिच्युटमा पनि कमैया परिवारका सन्तानको लागि २ प्रतिशत सीटको आरक्षण अनिवार्य रुपमा गर्ने नीतिगत प्रबन्ध प्रदेश सरकारले गर्ने ।

- *शून्य प्रतिशत ब्याजदरमा शैक्षिक ऋणको ब्यवस्था* : त्यो भन्दा बढी संख्यामा मुक्तकमैयाका सन्तानले प्राविधिक र ब्यावसायिक बिषय अध्ययन गर्न चाहेमा वा उच्च शिक्षासम्म अध्ययन गर्न चाहेमा पछि काम पाएपछि किस्तामा तिर्ने शर्तमा प्रदेश सरकारले शून्य प्रतिशत ब्याजदरमा शैक्षिक ऋणको प्रवन्ध गर्ने ।

६. हरेक कमैया परिवारको आधारभूत स्वास्थ्यमा पहुँच सुनिश्चित बनाउनका लागि स्थानीय तहकै संयोजनकारी भूमिकामा निम्न कार्य गर्ने :

- प्रदेश सरकारको ६० प्रतिशत खर्च, प्रदेश र स्थानीय तहको २०-२० प्रतिशत खर्चमा प्रत्येक कमैया परिवारको अनिबार्य रुपमा आधारभूत स्वास्थ्य बीमा गरिदिने ।

७. प्रदेशभरिका बिभिन्न सरकारी कार्यालयहरूमा अस्थायी वा करार सरकारी कर्मचारीका रुपमा काम गर्नका लागि रोजगारीको अवसर खुलेमा कमैयाका शिक्षित सन्तानहरूको लागि पहिलो प्राथमिकता दिनु पर्ने नीतिगत ब्यवस्था गर्ने । सेना, सशस्त्र प्रहरी वा जनपद प्रहरीमा जनजाति कोटा(र त्यसभित्रको थारु समुदायले पाउने कोटा)मा कमैयाहरूको लागि २ प्रतिशत सीट आरक्षित गर्ने नयाँ ब्यवस्था गर्ने ।

८. प्रादेशिक राजनीतिक दल, जनप्रतिनिधिमा उम्मेदवारी र नीति निर्णय गर्ने कुनै पनि सामाजिक संयन्त्रमा कमैया प्रतिनिधि पर्ने/रहने बाध्यकारी कानुनी ब्यवस्था गर्ने ।

९. हरेक कमैया बस्तीमा प्रदेश सरकार र स्थानीय सरकार मिली निम्न भौतिक पूर्वाधार अनिवार्य रुपमा पुर्‍याउने ब्यवस्था गर्ने

(क) सडक (ख) बिजुली (ग) खानेपानी (घ) सिँचाइ (ङ) टेलिफोन/इन्टरनेट (च) सार्वजनिक शौचालय ।

### १.६.३ स्थानीय तहले गर्नुपर्ने

१. वास्तविक छूट कमैया पहिचान र कमैयालाई परिचय पत्र वितरणमा मुख्य भूमिका निर्वाह गर्ने । यसका लागि सम्वन्धित वडाध्यक्ष, वडा सदस्य र सरोकारवाला सामेल भएको छानवीन समिति निर्माण गर्ने । प्रमाणिकरण र परिचय पत्र दिने कार्यपालिकाको बोर्डले गर्ने ।

२. पालिकास्तरमा कमैया स्वयम्‌को आवश्यकता र रुचिअनुसार रोजगार उपयोगी ३ महीनासम्म लामो/छोटो र मध्यम अवधिको सीप तालिम सञ्चालन गर्ने सम्पूर्ण जिम्मेवारी निर्वाह गर्ने । यसका लागि स्थानीय तहमा पनि रोजगार प्रवर्द्धन केन्द्र स्थापना गर्ने र उद्यमी विकास कायक्रम संचालन गर्ने ।

३. पालिकाको परिधिभित्र खुल्ने कुनै पनि स्थायी, अस्थायी र करार प्रकृतिको रोजगारीमा पहिलो प्राथमिकता कमैयालाई प्रदान गर्ने ।

४. लालपुर्जा प्राप्त गरेका तर जमिन यकीन नभएका कमैया परिवारको जमिन यकीन गर्न संघ र प्रदेश सरकारलाई सहयोग पुऱ्याउने तथा सहजीकरण गर्ने ।

५. आवासीय हिसाबले अनुपयुक्त र जोखिमयुक्त ठाउँमा भूमि दिइएका कमैया परिवारको त्यस्तो भूमि पत्ता लाउन र सट्टाभर्नामा दिन सकिने वैकल्पिक भूमि ठहर गर्न संघ र प्रदेश सरकारलाई सहयोग पुऱ्याउने ।

६. अन्यत्र कतै घर बास नभएका, केवल सार्वजनिक, ऐलानी जमिनमा वा जंगल छेउमा बसोबास गरेका मुक्तकमैया परिवारलाई जहाँ बसिरहेको हो त्यहीं ठाउँमा नापी गरी जग्गा यकीन गरी जग्गा धनी प्रमाण पुर्जा प्रदान गर्न संघ र प्रदेश सरकारलाई सहयोग प्रदान गर्ने । वा, भूमि वितरणको काम भूमि आयोगले गर्ने भएमा यही कार्य गर्नका लागि राष्ट्रिय भूमि आयोगलाई सहयोग पुऱ्याउने ।

७. पूर्व प्राथमिकदेखि कक्षा १२सम्मको माध्यमिक विद्यालयमा कमैया परिवारका सन्तानको पहुँच सुनिश्चित बनाउनका लागि आफ्नो पालिका क्षेत्रका सबै सार्वजनिक विद्यालयमा कमैया परिवारका सन्तानलाई लाग्ने शुल्क स्थानीय तह आफूले व्यहोरी दिने । यसका लागि छात्रवृत्तिको बन्दोबस्त गर्ने ।

८. आधारभूत स्वास्थ्यमा मुक्तकमैयाको पहुँच सुनिश्चित बनाउनको लागि प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा हरेक कमैया बस्ती वा छिमेकमा प्राथमिक स्वास्थ्य चौकी स्थापना गर्ने वा घुम्ती डाक्टर पुऱ्याउने सुनिश्चित गर्ने । कमैया परिवारलाई संघ तथा प्रदेश सरकारले क्रमशः ६० र २० प्रतिशत प्रिमियम हाली गरिदिने स्वास्थ्य बीमामा कम्तीमा २० प्रतिशत रकम स्थानीय तहले समेत हाली सबै रोगको उपचार गर्नसक्ने गरी साझेदारी ढंगले बृहत् स्वास्थ्य बीमा गरिदिने ।

९. कमैयाको बसोबास रहेको वडामा विद्यालय व्यवस्थापन समिति, बन व्यवस्थापन समिति वा विकास निर्माण सम्वन्धी उपभोक्ता समिति गठन भएमा सम्वन्धित वडाका कमैयालाई अनिवार्य रुपमा सामेल गराउनु पर्ने नीति तर्जुमा गर्ने । स्थानीय तहको वडा समिति गठन हुँदा कमैयाको बसोबास भएको क्षेत्रमा कम्तीमा एकजना कमैया अनिवार्य रुपमा हुनुपर्ने नीति पनि तर्जुमा गर्ने ।

१०. संघ र प्रदेश सरकारको समेत मद्दत लिँदै हरेक कमैया बस्तीमा सडक, बिजुली, स्वच्छ खानेपानी, आधुनिक सञ्चार सुविधा र शौचालय पुऱ्याउने कुरा सुनिश्चित गर्ने ।

### १.६.४ गैरसरकारी संस्थाह□ले गर्नुपर्ने

१. बँधुवा मजदुरको मुक्ति सम्वन्धी अन्य देशको अनुभव बारे खोज अनुसन्धान र अनुभव साटासाट गर्न सहयोग पुऱ्याउने ।

२. मुक्तकमैया र कम्लहरीको सामाजिक जागरण र साक्षरता विस्तार गर्न सहयोग गर्ने ।

३. कमैया र कम्लहरी समुदायको आफ्नै नेतृत्व विकास गर्नमा सहयोग प्रदान गर्ने ।

४. कमैया कम्लहरीहरूलाई उन्नत स्तरको सीप विकास तालिम प्रदान गर्नमा प्रदेश र स्थानीय सरकारलाई सहयोग गर्ने

५. सस्ता तर टिकाउ घर निर्माणमा कमैयाहरूलाई मद्दत पुऱ्याउने ।

६. कमैया कम्लहरी समुदायमा स्वास्थ्य चेतना बढाउन तथा स्वास्थ्य स्वयम्सेवक/स्वयम्सेविका पैदा गर्न मद्दत पुऱ्याउने ।

७. कमैया कम्लहरी समुदायलाई समुह वा सहकारी बनाउन सहयोग प्रदान गर्ने तथा दैनिक बचत गर्ने बानी विकास गर्न जागरुकता प्रदान गर्ने ।

## १.७ मूक्तकम्लहरीका सम्वन्धमा अध्ययनका निष्कर्षह□

- परिचय पत्र पाउन बाँकी मुक्त कम्लहरीहरू निकै ठूलो संख्यामा बाँकी रहेको देखिएकोछ । हरेक चारमा तीन कम्लहरीले परिचय पत्र हासिल गर्न बाँकी रहेको छ ।

- मुक्त कम्लहरीको कुल संख्यामा पनि सरकारी र गैरसरकारी तथ्याङ्कमा कापनी भिन्नता देखिएको छ । सरकारी आँकडा अनुसार कुल मुक्त कम्लहरीहरू ९४९० रहेका छन् भने गैरसरकारी तथ्याङ्कले यस्तो संख्या १२,७६९ रहेको बताउँछ ।

- परिचय पत्र पाउन बाँकी कम्लहरीको तथ्याङ्कमा पनि गैरसरकारी तथ्याङ्क र सरकारी तथ्याङ्कमा अन्तर रहेको छ । सरकारी आँकडाअनुसार ७,१३८ मुक्त कम्लहरीहरूले परिचय पत्र पाउन बाँकी छ । गैरसरकारी संस्थाले संकलन गरेको ताजा आँकडाले यस्तो संख्या ७,८३५ रहेको बताउँछ ।

- गैरसरकारी तथ्याङ्क अनुसार ६१ प्रतिशत कम्लहरीले सरकारी परिचय पत्र पाउन बाँकी रहेको छ भने सरकारी तथ्याङ्कअनुसार ७५ प्रतिशतले ।

- सरकारी दर्ता प्रक्रियामै छूट भएका मुक्त कम्लहरीहरू ३२९६ जना रहेको मुक्त कम्लहरी विकास मञ्चको दाबी रहेको छ ।

- मुक्त कम्लहरीको कुल संख्या सरकारी र गैरसरकारी तथ्याङ्कमा फरक हुनुमा सरकारी तथ्याङ्कमा ३२९६ जना छूट कम्लरहीको संख्याको हिसाब नहुनु मूलकारण रहेको हुन सम्भव छ । किनभने, सरकारी आँकडामा छूट कम्लहरीको संख्या जोड्दा (कुल १२,७८६) अर्थात झण्डै वरपरको कुल कम्लहरीको संख्या हुन आउँछ ।

- मुक्त घोषणा भएको ८ बर्ष बितिसके पनि परिचय प्राप्त गरेका कम्लहरीले संघीय सरकारबाट अहिलेसम्म पुनर्स्थापनाको कुनै पनि प्याकेज भेट्टाएको देखिएन । कम्लहरी मुक्तिको काम गैरसरकारी संस्थाको हो भन्ने दोषपूर्ण दृष्टिकोण र प्रवृत्ति सरकारी निकायमा देखिएको छ ।

- अध्ययन समितिले दाङस्थित लावाजुनी कम्लहरी छात्रावासको अवलोकन गर्दा त्यहाँ डिप्लोमामा पढ्ने तीनजना कम्लहरीहरूको बिल्लीबाठको स्थिति भेट्टाएको छ । न त उनीहरूको कोही अभिभावक छ, न उनीहरूसित पढ्न र क्याम्पसमा भर्ना हुन खर्च र न खाने बस्ने खर्च । उनीहरूको तत्काल उद्धार गर्नूपर्ने देखिएको छ ।

- छात्रावासमा रहेका सबै छात्राहरूलाई दिई आएको छात्रवृत्ति नितान्त अपुग देखिएको छ । उदाहरणका लागि, त्यहाँ उनीहरू १२ महिना रहन्छन् तर केवल १० महिना मात्र छात्रवृत्ति दिइँदो रहेछ । कक्षा १ देखि ८ सम्म अध्ययन गर्नेलाई बार्षिक केवल १५०० रु दिइँदो रहेछ, कक्षा ९ र १० अध्ययन गर्नेलाई बार्षिक केवल १८०० रु र कक्षा ११ र १२ मा अध्ययन गर्नेहरूलाई बार्षिक केवल रु ५००० रुपैयाँ छात्रवृत्ति दिइँदो रहेछ । स्नातक तह अध्ययन गर्नेलाई बार्षिक रु १०हजार रुपैयाँ छात्रवृत्ति प्रदान गरिँदो रहेछ । त्यो पनि अहिले बन्द गरिएको छ । स्नातकोत्तर तहका छात्राको लागि त छात्रवृत्तिको कुनै रकम नै छुट्टयाइएको रहेनछ । छात्रवृत्तिको यो रकम अपुग मात्र होइन, मानवोचित नै छैनन् ।

- यौनहिँसाको शिकार भएर अहिलेसम्म २७ जना बढी मुक्तकम्लहरी बेपत्ता भएका रहेछन् । ११ जनाको बाबुको पहिचान नभएको बच्चा जन्मेको स्थिति रहेछ । ५ जना कम्लहरीको हत्या भएको छ । यिनका अभिभावकहरू राज्यबाट दोषीलाई सजायँ र पीडितलाई न्याय र क्षतिपूर्तिको प्रतीक्षामा रहेका छन् ।
- हामीले भ्रमण गरेका सबै क्षेत्रमा मुक्तकम्लहरीको मुख्य साझा माग निम्न रहेको पाइएको छ :
  - सबै छूट र परिचय पत्र पाउन बाँकी कम्लहरीलाई अविलम्व परिचयपत्र ;
  - औजार र बीऊ पुँजी सहितको लामो अवधिको उन्नत सीप तालिम ;
  - सरकारको खर्चमा उच्च शिक्षासम्म निःशुल्क शिक्षाको बन्दोबस्त; शिक्षामा पनि ब्यावसायिक र प्राविधिक शिक्षामा उच्च प्राथमिकता ।
  - अभिभावक नरहेका र घरबास बिहीन मुक्तकम्लहरीलाई कमैया सरह जमिन र घरबासको प्रवन्ध ।
  - छात्रावासमा रहेका र अभिभावकविहीन सबै मुक्तकम्लहरीलाई जिउन पुग्दो पर्याप्त छात्रवृत्तिको ब्यवस्था वा छात्रवृत्तिको जिम्मेवारी सरकारले लिने ब्यवस्था हुनुपर्दछ ।
  - कम्लहरीद्वारा सञ्चालित सहकारीलाई घुम्ती ऋण कोषको ब्यवस्था ।
  - यौन हिंसाबाट मरेका वा पिडित भएकाहरूमाथि न्याय गर्नको लागि उनीहरूको परिवारलाई क्षेतिपूर्ती र दोषीमाथि कडा दण्ड । बलात्कारका कारण पैदा भएका सन्तानको लागि पहिचान र शिक्षादीक्षाको ब्यवस्था ।

## १.८ सिफारीशह□

१. *सबै कम्लहरीलाई परिचयपत्रको ब्यवस्था* : परिचय पत्र पाउन बाँकी सम्पूर्ण छूट कम्लरहीहरूलाई आगामी बर्षभित्रै स्थानीय तहको सक्रिय सहयोगमा पहिचान गर्ने तथा परिचयपत्र प्रदान गर्ने ।

२. *अभिभावकविहीन कम्लरहीलाई घरको ब्यवस्था* : आफ्नो आमाबुबा नभएका र घरबास पनि कतै नभएका कम्लरहीलाई कमैया सरह स्थान हेरी १ देखि ५ कट्ठा जमिन तथा घर निर्माण गर्नका लागि संघ सरकारले रु ६ लाख र प्रदेश सरकारले रु ३ लाख नगद प्रदान गर्ने । यसको स्रोत प्रदान गर्ने मूल जिम्मेवारी संघ तथा प्रदेश सरकारले लिने, कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिने ।

३. *सबै कम्लहरीलाई सीप तालिमको ब्यवस्था* : परिचय पत्र प्राप्त गरेका सबै कम्लहरीलाई उनीहरू आफैसित छलफल गरी सहजतापूर्वक रोजगारी मिल्ने र राम्रो पारिश्रमिक हासिल हुने प्रकृतिको सीप तालिम प्रदान गर्ने । सीप तालिमपछि कम्तीमा रु १ लाखको बीउ पुँजी र तालिमसँग सम्वन्धित औजार प्रदान गर्ने । लामो अवधिको सीप तालिमको सम्पूर्ण जिम्मेवारी प्रदेश सरकारलाई दिने । अल्पकालीन अवधिको सीप तालिमको जिम्मेवारी स्थानीय तहलाई दिने ।

४. *सीप जानेकालाई सीपको आधुनिकीकरण तालिम* : कुनै न कुनै रोजगारयोग्य सीप पहिले नै जानेका कम्लहरीलाई आफ्नो सीप आधुनिकीकरण गर्न चाहेमा त्यस्तो तालिमका साथसाथै माथि भनिए अनुसारको बीउ पुँजी र औजार समेत प्रदान गर्ने ।

५. *कम्लहरीका सहकारीको लागि घुम्ती ऋण पुँजीको ब्यवस्था* : कम्लहरीले आपसी ऋण सहयोग, स्वविकास र स्वरोजगारीका लागि भनेर निर्माण गरेका सबै कम्लहरी समुह वा सहकारीलाई सहयोग गर्न लुम्विनी र सुदूर पश्चिम प्रदेश सरकारले साझा

घुम्तीकोषका लागि रु ५०-५० लाखको नगद घुम्ती कोष सिर्जित गरिदिने । यसका लागि ५० प्रतिशत कोष संघ सरकारले र ५० प्रतिशत प्रदेश सरकारले हाल्ने नीतिगत व्यवस्था गर्ने । यही उद्देश्यका लागि स्थानीय सरकारले पनि हरेक सहकारीका लागि प्रारम्भमा रु २० लाखको दरले कोष खडा गरिदिने ।

६. *उच्चशिक्षासम्म निशुल्क शिक्षा दिने व्यवस्था :* कम्लहरीको मुक्तिको मुख्य आधार शिक्षा र रोजगारी हुने देखिएकाले सबै कम्लहरीलाई उनको रुचि अनुसार स्नातकोत्तर तहसम्म रोजगारमूलक सामान्य शिक्षाका साथसाथै तथा ब्यावसायिक र प्राविधिक शिक्षा निशुल्क दिने व्यवस्था गर्ने । यसको जिम्मेवारी माध्यमिक शिक्षासम्म स्थानीय सरकारलाई र उच्च शिक्षासम्म प्रदेश सरकारलाई प्रदान गर्ने ।

७. *सम्पूर्ण छात्रावासको व्यवस्थापन खर्च र अभिभावकत्व सरकारको तर्फबाट* हुने व्यवस्था : अबउप्रान्त उच्च शिक्षा, ब्यावसायिक र प्राविधिक शिक्षाको लागि छात्रावासमा रहेर अध्ययन गरिरहेका कम्लहरीको लागि खोलिएका भनिएका ५ वटै छात्रावासको ७० प्रतिशत ब्यवस्थापन खर्च सम्वन्धित प्रदेश सरकारले ब्यहार्ने नीति निर्माण गर्ने । यसका लागि ३० प्रतिशत खर्च स्थानीय सरकारले दिने नीति लिने । छात्रावासमा रहेर अध्ययन गरिरहेका सबै अभिभावकबिहीन कम्लहरीको आवास खाना लगायत सम्पूर्ण छात्रावास खर्च, पकेट खर्च बापत मासिक रु १००० र अभिभावकत्व स्थानीय सरकारले लिने नीतिगत ब्यवस्था गर्ने ।

८. *यौन हिँसाका दोषीलाई कडा दण्ड* : यौनहिँसाको शिकार भएका वा यसबाट हत्या समेत भएका सबै कम्लहरीको सत्यतथ्य खोजवीन गरी दोषीलाई कानुनको कठघरामा उभ्याउन तथा कडा दण्ड दिन सरकारी उच्च अधिकारी, प्रहरीका उच्च अधिकारी र सरोकारवाला सम्मिलित एउटा ३-५ सदस्यीय अनुसन्धान संयन्त्र अविलम्व निर्माण गर्ने । त्यसले एक महिनाभित्र आफ्नो प्रतिवेदन बुझाउनुपर्ने गर्ने । यसका लागि मन्त्रालयले गृह मन्त्रालयसित आवश्ययक अनुरोध र समन्वय गर्ने । बलात्कारका कारण पैदा भएका कम्लहरीका सन्तानका लागि पहिचान दिने र शिक्षादीक्षाको ब्यवस्था गर्ने । यसको जिम्मेवारी स्थानीय सरकार र प्रदेश सरकारलाई प्रदान गर्ने ।

# खण्ड २
# मूक्त हलिया

## २.१ अध्ययनबाट प्राप्त भएका तथ्यहरु

नेपालको बर्तमान संविधान आउनुभन्दा धेरैअघि २०५८ सालमै कमैया श्रम निषेध ऐन २०५८ आउँदा नै 'कमैया श्रमिक' भन्नाले 'भैसवार, गैवार, वर्दिकार, छेकरवार, हरवाचरवा, हलि, गोठालो, कम्लहरी वा अन्य यस्तै नामवाट कमैया श्रम गर्ने ब्यक्ति सम्झनु पर्छ' भनेर परिभाषित गर्दै कानुनमै बाँधा श्रमका रुपमा हलिया श्रम निषेध गरिएको थियो ।

नेपालको अन्तरिम संविधान २०६३ को बहुचर्चित धारा २९ (३) मार्फत 'मानिसलाई दास वा बाँधा' बनाउने बिषयलाई सुस्पष्टताका साथ निषेध गरिसकिएको थियो । त्यसमाथि थप, यो संविधानको धारा ३३ मा दिइएको 'राज्यको दायित्व' शीर्षकमा बुँदा नं भ्रु मा किटानीका साथ 'सुकुम्वासी, कमैया, हलिया, हरवाचरवा लगायतका आर्थिक रुपले पछाडि परेका बर्गलाई जग्गा लगायत आर्थिक सामाजिक सुरक्षाको ब्यवस्था गर्ने नीति लिने' कुरा उल्लेख भई सकेको थियो ।

त्यसो त यसभन्दा धेरै अगाडिदेखि नै हलिया मुक्तिको आवाज नउठेको पक्कै होइन । हलिया मुक्तिको लागि संघर्षको सबैभन्दा ठूलो देशै थर्काउने उद्घोष भीमदत्त पन्तले सुदूरपश्चिम क्षेत्रमा २००९ सालतिरै सुरु गरेको नेपालको आधुनिक इतिहासले बताउँछ । "कि त जोत हलो, कि त छोड थलो, होइन भने यहाँ, तिम्रो हुन्न भलो" भन्ने उनको नारा सिधै हलिया राख्ने सामन्ती जमिन्दार बिरुद्ध नै केन्द्रित देखिन्छ । हलियालाई हलो जोताएर आफू बाली सोहोर्ने होइन ; आफ्नो जमिनमा हलो आफै जोत, नत्र जमिन छोड भनेर उनको नाराले इंगित गर्न खोजेको कुरो अर्थ्याउन गाह्रो पर्दैन । परन्तु उनले उठान गरेको संघर्षमाथि तात्कालीन राज्यबाट भीषण दमन गरियो र यही क्रममा उनी मारिए । त्यसपछि लामो समयसम्म सुदुर पश्चिममा हलियामाथि भइरहेको अन्याय बिरुद्ध आन्दोलन उठ्न सकेको देखिँदैन ।

परन्तु २०४७ सालको बहुदलीय संविधान जारी भएपछि त्यसले दिएको नागरिक स्वतन्त्रतालाई उपयोग गर्दै हलिया आन्दोलन फेरि जुर्मुराउन थालेको पाइन्छ । आन्दोलनकै दौरानमा हलियासँग सरोकार राख्ने एकपछि अर्को संस्था र संगठनहरू पनि जन्मन थालेको देखिन्छ । यही क्रममा आर.डि.एनले गरेको दुई-दुई वटा हलिया सम्मेलन, जयपृथ्वी अध्ययन समूहले बझांगको २७ वटा गाविस र एण्टी सेलेभरीले बैतडीका ६०० परिवार हलियामा गरेको अध्ययन,नेपाल राष्ट्रिय दलित समाज कल्याण संघको सहभागितामा भएका हलिया आवाज मुखरित गर्ने प्रयासहरूले हलिया आन्दोलन उठाउनमा महत्वपूर्ण भुमिका खेलेको देखिन्छ । २०५६ सालमा पहिलो पटक डडेल्धुरामा भएको हलिया अधिकार ऱ्यालीपछि २०५७ सालमा हलिया जागरण मंचको गठन, त्यसैको आयोजनामा डडेल्धुरामा पहिलो हलिया सम्मेलन यसका उदाहरण हुन् । यही उपक्रमपछि सर्वोच्च अदालतमा २०६१ मा हलियाका सम्वन्धमा रीट समेत दायर भएको र २०६२ सालमा पुग्दा हलिया मुक्ति समाज महासंघको गठन भएको देखिन्छ ।

त्यस समयमा हलिया संगठनहरूले उठान गरेका आन्दोलनमा प्रमुख मागका रुपमा राज्यद्वारा हलिया प्रथाको खारेजीको साथै औपचारिक रुपमा मुक्तिको घोषणा गरिनु पर्ने, हलियाहरू पुस्तौदेखि वस्तै आएको घरवास उनीहरूकै नाममा बिना शर्त दर्ता गरिनुपर्ने,

हलियाको नाममा रहेको ऋण खारेज गरी क्षतिपूर्ति स्वरुप मालिकको जमीनमा मोहीयानी हक कायम गरिनुपर्ने, हलियाहरूको प्रभावकारी पुनर्स्थापनाका लागि अधिकारसम्पन्न उच्चस्तरिय हलिया पुर्नस्थापना आयोग गठन गरिनुपर्ने र हलिया श्रम निषेध गर्न ऐन जारी गरिनुपर्ने रहेको देखिएको छ । यही ऐतिहासिक परिप्रेक्ष्यमा नेपाल सरकारले आन्दोलनरत हलिया आन्दोलनसित एक दिनअघि पाँच.बुँदे सहमति गर्दै २०६५ भाद्र २१ गते हलिया मुक्तिको घोषणा गरेको थियो ।

त्यसपछि आएको नेपालको संविधानले सबै खालको बाध्यकारी श्रमलाई निषेध गरेको छ । त्यस संविधानको धारा १६ ले प्रदान गरेको सम्मानपूर्वक बाँच्ने हक सम्वन्धी मौलिक हकको पहिलो दफाले नै ‘प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक’ प्रदान गरेको जगजाहेर छ । तथापि नेपालका हलियाहरूलाई भने सम्मानपूर्वक बाँच्ने हक उपलब्ध भइरहेको थिएन । उनीहरू आफ्ना भूस्वामीद्वारा अत्यन्त धेरै हेपिएर, उत्पीडित भएर बाँचिरहेका थिए ।

संविधानको धारा २४ ले हरेक नागरिकलाई जातीय छुवाछूत बिरुद्धको हक प्रदान गरेको थियो तर हलियामध्ये अधिकांशले आफू दलित श्रमिक हुनुको नाताले कार्यस्थलमा छुवाछूत ब्यहोरि रहेका थिए । संविधानको धारा २९ ले हरेक नागरिकलाई शोषण बिरुद्धको हक प्रदान गरेको थियो । त्यसको उपधारा ३ ले कसैलाई पनि ‘दास वा बाँधा बनाउन पाइने छैन’ भनेर प्रष्ट रुपमा लेखेको थियो । उपधारा ५ ले कसैले पनि बाँधा श्रमिक राखेमा त्यो दण्डनीय हुने रे पीडितले पीडकबाट क्षतिपूर्ति समेत पाउने भनेर उल्लेख गरेको थियो । परन्तु हलियाहरू एक्काइसौं सदीमा पनि ऋणको ब्याज बापत, साहुको जमिन वा जमिनमा झुप्रो बनाएबापत, वा थोरै अन्न पाएबापत बाँधा श्रमिकको रुपमा कथित ‘मालिक’कहाँ काम गरिरहेका थिए ।

संविधानको धारा ४० (उपधारा ५)ले राज्यले ‘भूमिहीन दलितलाई एक पटक जमिन उपलब्ध गराउनु पर्ने’ तथा (उपधारा ६) ले ‘आवासविहीन दलितलाई बसोबासको प्रबन्ध गर्नूपर्ने’ कुरा उल्लेख गरेको छ । यो जगजाहेर छ-हलियामध्ये ९७ प्रतिशत दलित समुदायका पाइएका छन् ; हलियामध्ये ८९ प्रतिशत भूमिहीन छन् र ३६ प्रतिशत हलिया आबासबिहीन रहेका छन् । अतः संविधानको धारा ४० आकर्षित हुने नेपालका केही मुख्य समुदायहरूमध्ये एउटा हलिया रहेको कुरा निर्विवाद छ ।

त्यसमाथि थप, संविधानको धारा ५१ मा उल्लिखित ‘राज्यका नीतिहरू’ शीर्षकको र ‘सामाजिक न्याय र समावेशिकरण सम्वन्धी नीति ’उपशीर्षकको बुँदा नं ६ मा ‘ मुक्तकमैया, कम्लहरी, हरवाचरवा, हलिया, भूमिहीन, सुकुम्वासीको पहिचान गरी बसोबासको लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको ब्यवस्था गर्दै पुनःस्थापना गर्ने’ बिषय किटानीका साथ नेपाली राज्यको नीति भएको समेत प्रष्ट रुपमा उल्लेख छ ।

यही परिप्रेक्षमा हलिया मुक्तिको घोषणा र उनीहरूको पुनर्स्थापनाको बिषय कसैको लहडको बिषय नभएर नेपालको संबैधानिक बिषय भएको छ । नेपालमा कुनै दल बिशेषको सरकार आए पनि यो एउटा साझा संवैधानिक दायित्वको बिषय भएको छ ।

### २.१.१ हलिया पुनःस्थापनका लागि भएका सरकारी प्रयासह□

सुदुरपश्चिम प्रदेशका दार्चुला, बैतडी, बाजुरा, डडेल्धुरा, डोटी, अछाम, कैलाली, कन्चनपुर, कर्णाली प्रदेशका हुम्ला, जाजरकोट, सुर्खेत लगायतका जिल्लाहरूमा पुस्तौपुस्तादेखि जमिनको सानो टुक्रा पाएबापत वा ऋणको ब्याजबापत वा खाने अन्नका लागि परम्परागत आधारमा जमिन्दारको हलो जोत्ने वा लाए अह्राएका सम्पूर्ण कृषिजन्य लगायतका कार्यहरू गर्ने भूदासहरू नै यथार्थमा हलिया हुन् । हलिया एक प्रकारको

सामन्तयुगीन बाध्यकारी श्रमका रुपमा रहेको थियो । यो नेपालको लागि एउटा राष्ट्रिय लाजको बिषय रहिआएको थियो ।

हलिया घोषणापछि शान्ति तथा पुनःनिर्माण मन्त्रालयले लिएको लगत संकलनमा १९,०५९ परिवार मुक्तहलियाको संख्या रहन गएको थियो । यसको छानविन गरी दोहोरो पर्न गएको संस्था हटाएपछि मुक्तहलियाको संख्या १६,९५३ कायम भएको थियो । यसमा पनि फेरि संशोधन गरेपछि प्रमाणित हलिया परिवारको अन्तिम संख्या १६,३२२ कायम भएको थियो ।

## २.१.२ हलिया पुनःस्थापना संयन्त्र

आ.ब. २०६७/०६८ देखि नै मुक्तहलिया पुनःस्थापन तथा वृत्ति विकास कार्यक्रमहरू संचालन भएका थिए । तथापि घोषणा भएको पाँच बर्षपछि, २०७०/१२/६ को नेपाल सरकारको निर्णयबाट मुक्तहलिया पुनःस्थापनको ढाँचा र कार्ययोजना २०७० स्वीकृत गरी पुनःस्थापना कार्यक्रम संचालनमा आएको देखिन्छ ।





त्यसपछि हलिया पुनर्स्थापनलाई अगाडि बढाउने संयन्त्रका रुपमा केन्द्रमा नीति निर्णयका लागि बिषयगत मन्त्रीको अध्यक्षतामा योजना आयोगका सदस्य, सरोकारवाला मन्त्रालयका सचिवहरू र मुक्तहलियाका प्रतिनिधि समेत सम्मिलित १७ सदस्य रहेको 'मुक्तहलिया पुनःस्थापन समस्या समाधान समिति' गठन गरिएको देखिन्छ । साथसाथै, समन्वयका लगि भूमि व्यवस्थापन महाशाखाका प्रमुखको संयोजकत्वमा सरोकारवाला मन्त्रालयका प्रतिनिधि उपसचिवहरू सम्मिलित ९ सदस्यीय 'समन्वय समिति' को गठन भएको देखिएको छ । पुनर्स्थापन कार्यान्वयनका लागि जिल्लामा भने प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा बिभिन्न सरोकारवाला कार्यालयका प्रमुख र मुक्तहलियाका प्रतिनिधि सन्निहित रहेको १५ सदस्यीय 'मुक्तहलिया पुनःस्थापना जिल्ला समिति' को पनि गठन हुने ब्यवस्था भएको पाइएको छ । यही नै नेपाल सरकारले ब्यवस्था गरेको हलिया पुनर्स्थापनालाई कार्यान्वयनमा ल्याउने सरकारी संयन्त्र थियो ।

हलिया पुनर्स्थापनाको संयन्त्र पनि कमैयाको फुर्सद नभएका मानिसहरुले भरि भराउ र विहाल देखिन्छ । हुनुपर्ने हालिमुहाी, छिटोछरितो र कामकाजी प्रकारको हो । संयन्त्र बनोट आफैले हलियाको पुनर्स्थापनालाई निकै ढिलो र अप्रभावकारी बनाएको देखिन्छ ।

## २.१.३ हलिया बर्गिकरण र पुनःस्थापना प्याकेज

यस क्रममा मुक्तहलियालाई प्रमाणीकरण गरी ४ वर्गमा वर्गिकरण गरी परिचयपत्र उपलब्ध गराइएको थाहा भएको छ ।

**<u>पुनर्स्थापनाका लागि सरकारले हलियालाई निम्न चार बर्गमा बर्गिकरण गरेको पाइएको छ :</u>**

| स्टिकर | मुक्त कमैयाको बर्गिकरण | बिशेषता |
|---|---|---|
|  | क बर्ग | आफ्नो स्वामित्वमा घर जग्गा दुबै नभएका |
|  | ख बर्ग | आफ्नो घर भएको जग्गा नभएका |
|  | ग बर्ग | आफ्नो जग्गा भएको घर नभएका |
|  | घ बर्ग | आफ्नो स्वामित्वमा घर जग्गा दुबै भएका |

*स्रोत : भूमि ब्यवस्था, सहकारी तथा गरिबी निबारण मन्त्रालय*

/

हलिया पुनःस्थापनको क्रममा सबै हलियालाई जग्गा उपलब्ध गराउन नसकिने अवस्था देखिएको हुँदा हलियाको बर्ग अनुसार मुक्त हलियालाई जग्गा खरिद तथा घर निर्माण गर्नका लागि नगद अनुदान दिने, आफै जग्गा मात्र खरिद गर्न अनुदानको रुपमा नगद रकम दिने वा घर मर्मत गर्नका लागि नगद अनुदान उपलब्ध गराउने जस्ता नीतिहरू पुनर्स्थापन कार्यविधि २०७२ मा अबलम्वन गरेको देखिएकोछ ।

हलियाको जग्गा खरिद तथा घर निर्माण वा मर्मतका लागि यस्तो ब्यवस्था गरिएको पाइएको छ :

१. क वर्गका हलिया परिवारलाई हिमाल र पहाडमा भए ३ रोपनी र तराईमा भए २ कठ्ठा जग्गा खरिद गर्न रु २ लाख नगद अनुदान उपलब्ध गराउने ।
२. क र ग वर्गका हलिया परिवारलाई घर निर्माणको लागि हिमाल र पहाडमा भए रु ३ लाख २५ हजार र तराइमा भए रु २ लाख २५ हजार उपलब्ध गराउने ।
३. ख र घ वर्गका हलिया परिवारलाई घर मर्मतका लागि रु १ लाख २५ हजार उपलब्ध
गराउने ।
४. हलियाको वर्गिकरण एकदमै अवैज्ञानिक र त्रुटिपूर्ण ढंगले भएको देखिन्छ । कमैयाको वर्गिकरणलाई नक्कल गर्न खोज्दा यस्तो हुन गएको देखिन्छ । आफ्नो स्वामित्वमा घर र जग्गा भएको व्यक्ति हलिया नै हुँदैनन् । जग्गा त भएको तर त्यसले आवश्यकता र औचित्य नै देखिदैन । जग्गा त भएको तर त्यसले कति महीना खान पुग्छ भन्ने आधारमा ख र ग को वर्गिकरण हुनुपर्ने हो । तर त्यसो गरिएको देखिदैन ।

## २.१.४ पुनःस्थापना पछिका ६ बर्षमा भएको प्रगति

यो मापदण्डका आधारमा २०७० सालदेखि २०७६ सालसम्म पुनर्स्थापन कार्यक्रम संचालन गरेपछि हलियाको ताजा स्थिति निम्नानुसार रहन गएको सरकारी आँकडामा देखिएको छ ।

**मुक्त हलिया पुनःस्थापना २०७०-२०७६ को परिणाम**


**नेपाल सरकारको तथ्याङ्क**

| क्र.सं. | जिल्ला | मुक्त हलिया परिवार | संशोधित हलिया परिवार | प्रमाणिकरण परिवार | पुनःस्थापन परिवार | स्थानीय तहमा हस्तान्तरण | लगत कट्टा परिवार | सम्पर्क मा नआए का |
|---|---|---|---|---|---|---|---|---|
| १ | दार्चुला | ४७९ | ४५५ | ४३६ | ४३६ | ० | १९ | ० |
| २ | बैतडी | २१४७ | २०२२ | १७१५ | १६८३ | ३२ | २१४ | ९३ |
| ३ | डडेल्धुरा | २५५१ | २५५१ | २३६१ | १८७२ | ४८९ | १९० | ० |
| ४ | कन्चनपुर | २६९९ | २५१६ | १८९१ | १७८५ | १०६ | ५२५ | १०० |
| ५ | बझाँङ्ग | २९४५ | २८४८ | २६६५ | २४४८ | २१७ | ० | १८३ |
| ६ | बाजुरा | १६४४ | १६४४ | १४५७ | १३५९ | ९८ | १४० | ४७ |
| ७ | डोटी | १३२१ | १३२१ | ११७२ | ११०५ | ६७ | ५५ | ९४ |
| ८ | अछाम | २५१ | २१२ | १७१ | १७१ | ० | ४१ | ० |
| ९ | कैलाली | २२५ | २२० | १५९ | ११३ | ४६ | ० | ६१ |
| १० | हुम्ला | १४२१ | १४२१ | १२२७ | १२२७ | ० | १९४ | ० |
| ११ | जाजरकोट | ४४४ | ४४४ | २०० | २०० | ० | २४४ | ० |
| १२ | सुर्खेत | ८२६ | ६६८ | ५०१ | ४२१ | ८० | ११४ | ५३ |
| जम्मा | | १६,९५३ | १६,३२२ | १३,९५५ | १२,८२० | १,१३५ | १,७३६ | ६३१ |

*स्रोत : भूमिब्यवस्था सहकारी तथा गरिबी निबारण मन्त्रालय, २०७६ बि.सं*

पुनर्स्थापना सुरु भएको छ बर्ष बितिसक्दा पनि अझै २,३६७ प्रमाणित हलिया परिवारले परिचय पत्र नै पाउन बाँकी रहेको र परिचय पत्र पाएकामध्ये पनि १,१३५ ले पुनर्स्थापनाको प्याकेज हासिल गर्न नसकेको माथि दिइएको सबैभन्दा ताजा सरकारी तथ्याङ्कले उजागर गरेको छ । यसरी हेर्दा अन्तिम प्रमाणिकरण भएका १६,३२२ कुल हलिया परिवारमध्ये ८५ प्रतिशत (१३,९५५हलिया परिवार) ले मात्र परिचय पत्र हासिल गरेको र ७८ प्रतिशतले मात्र पुनर्स्थापनको प्याकेज पाउन सकेको देखिन्छ । बाँकी सबै हलिया परिवार राज्यबाट बञ्चितीकरणको शिकार भएका देखिन्छन् ।

यसरी हेर्दा हरेक ६ मा एकजना प्रमाणित हलिया परिवार परिचय पत्र पाउनबाट छूट भएको तथा हरेक पाँचमा एकजना प्रमाणित हलिया परिवार पुनर्स्थापना प्याकेज पाउनबाट बञ्चित भएको पाइएको छ जुन निकै ठूलो हलिया बञ्चितिकरणको उदाहरण हो ।




१,७३६ को त अझ लगत नै कट्टा भएको पाइएको छ । २०७६ सालको आर्थिक बर्षको अन्ततिर स्थानीय तहमा हस्तान्तरित भएका १,१३५ को यथार्थमा पुनर्स्थापना भयो कि भएन, मन्त्रालयसित कुनै जानकारी रहेको देखिँदैन । तिनलाई भगवान भरोसे उत्तिकै छोडिएको देखिन्छ ।


माथि दिइएको तालिका मुताबिक सबैभन्दा ज्यादा हलिया प्रमाणिकरण बझाङ्गमा भएको देखिएको छ जहाँ २,८२८ जना हलिया परिवार अन्तिम रुपमा प्रमाणित भएका थिए । दोस्रोमा डडेल्धुरा देखिन्छ जहाँ २,५५१ हलिया परिवार संख्या अन्ततः देखिएको र प्रमाणित भएको थियो । तेस्रोमा अचम्मलाग्दो ढंगले कन्चनपुर देखिएको छ । यो जिल्लामा २,५१६ हलिया परिवार प्रमाणित भएका थिए । सबैभन्दा कम प्रमाणित हलियाको आँकडा अछाममा देखिएको छ । यहाँ २१२ जना मात्र हलिया अन्तिम रुपमा प्रमाणित भएका छन् । अछाममा भन्दा कञ्चनपुरमा हलिया परिवार निकै ज्यादा देखिनु आफैमा एउटा अनौठो परिघटना हो किनभने फिल्डको यथार्थ यसको ठिक बिपरीत देखिन्छ ।

पुनर्स्थापनाको हिसाबले पनि देशभरिमा सबैभन्दा ज्यादा हलिया परिवारको पुनर्स्थापना बझाङ्गमै देखिएको छ । दोस्रोमा डडेलधुरा र तेस्रोमा कञ्चनपुर आउँछन् । बझाङ्गको पुनर्स्थापित हलिया परिवार संख्या २,४४८ पाइएको छ भने डडेलधुराको १,८७२ र कञ्चनपुरको १,७८५ रहेको देखिएको छ । नेपालभरिमा सबैभन्दा कम पुनर्स्थापना अछाममै देखिएको छ ।

कर्णाली प्रदेशमा सबैभन्दा ज्यादा पुनर्स्थापना हुम्लामा भएको पाइएको छ जहाँ १,२२७ हलिया परिवार पुनर्स्थापित हुन सकेका देखिन्छन् भने सबैभन्दा कम जाजरकोटमा ( २०० परिवार)। जाजरकोटभन्दा सुर्खेतमा झण्डै दोब्बर ज्यादा (४२१ ) पुनर्स्थापित हलिया परिवार हुनु आफैमा आश्चर्यजनक देखिन्छ । किनभने, फिल्डमा निरीक्षण र सोधखोज गर्दा सुर्खेतमा भन्दा जाजरकोटमा निकै ज्यादा हलिया परिवार पाइएका छन् ।


भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका बसोबास महाशाखाका निवृत्त प्रमुख एवम् उपसचिव गोपाल गिरीका अनुसार हलियाको परिचय पत्रको बर्गिकरणको प्रवृत्ति नियाल्ने हो भने १२ प्रतिशतले क बर्गको, २७ प्रतिशतले ख बर्गको, ५ प्रतिशतले ग बर्गको र ५६ प्रतिशतले घ बर्गको परिचय पत्र भेट्टाएको देखिन्छ ।

उनैका अनुसार २०७० जेठदेखि २०७६ बैशाखसम्मको ६ बर्षमा बर्गीकरण मुताबिक १,६०१ हलिया परिवारको लागि जग्गा किन्ने काम भएको देखिन्छ भने २,२०३ घर निर्माण भएको देखिएको छ । ८,४२७ घर मर्मत भएका छन् ।




*गोपाल गिरी उपसचिव भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय*

परन्तु राष्ट्रिय मुक्तहलिया समाज महासंघले सरकारी स्रोतबाटै संकलन गरेको आँकडा सरकारी आँकडा भन्दा केही भिन्न र बिस्तृत देखिन्छ । महासंघका अनुसार उसले लिएको आँकडा सबै नेपाल सरकारबाटै प्राप्त गरेको हो र सरकारद्वारा प्रमाणित हलिया परिवारको अन्तिम संख्या १६,९५३ हो । त्यसमा अर्द्धन्यायिक निकायबाट फैसला भएर ५४ जना हलिया थप भएका छन् । यसप्रकार हलियाको अन्तिम प्रमाणित संख्या १७,००७ पुग्न जान्छ । त्यसमाथि, १,४९९ वास्तविक हलियाको त प्रमाणिकरण नै हुन बाँकी रहेको छ । ४४१ हलिया परिवारले प्रमाणिकरण भएर पनि परिचय पत्र पाउन बाँकी रहेकोछ ।




*स्रोतः राष्ट्रिय मुक्त हलिया समाज महासंघ, धनगढी*

हलिया महासंघले सरकारी स्रोतबाटै संकलन गरेको दाबी गरिएको आँकडा अनुसार अहिलेसम्म कूल जम्मा १३,५४६ हलिया घरधुरी पुनर्स्थापित भएका छन् । २०७० देखि २०७६ सम्मका आधा दशकका अवधिमा २,३४२ हलिया परिवारको लागि जग्गा खरिद र घर निर्माण दुबै भएका छन् भने १,१९६ हलिया परिवारको लागि घर निर्माण मात्र सम्पन्न भएको छ । अनि ८०३ हलिया परिवारको लागि जग्गा मात्र खरिद गरिएको छ जबकि ८,२१९ हलिया परिवारको लागि घर मर्मत गर्ने कार्य सम्पन्न भएको छ। १,१०४ हलिया परिवारले पहिलो किस्ता त पाएका छन् तर दोस्रो किस्ता पाउनै बाँकी रहेको छ।

***मुक्तहलिया पुनर्स्थापनाको अद्यावधिक विवरण*** (गैरसरकारी तथ्याङ्क)

| क्र.स. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | नेपाल सरकारबाट सुरुमा लिएको तथ्याङ्क | १९,०५९ | २०६५ साल |
| २ | मन्त्रालयबाट दोहोरो,तेहोरो नाम हटाई पुन.प्रमाणिकरण गरेको संख्या | १६,९५३ | २०६८ /०६९ |
| ३ | अर्धन्यायिक निकायबाट मुद्दा प्रक्रियाद्वारा प्रमाणित भई परिचय पत्र प्राप्त गर्नेको संख्या | ५४ | दार्चुला,डडेल्धुरा, बैतडी, डोटी, बाजुरा र सुर्खेत |
| ४ | हालसम्म परिचय पत्र प्राप्त संख्या | क बर्गः १,८३८ (१३ प्रतिशत)<br>ख बर्गः ३,६६३ (२६ प्रतिशत)<br>ग बर्गः १,१७२ (८ प्रतिशत)<br>घ बर्गः ७,५६९(५३ प्रतिशत)<br>जम्माः १४,२४२ | सुदुरपश्चिम प्रदेशका ९ जिल्ला र कर्णाली प्रदेशका ३ जिल्ला गरि जम्मा १२ जिल्ला |
| ५ | हालसम्म पुनःस्थापना भएको संख्या | जग्गा खरिद र घर निर्माणः २,३४२<br>घर निर्माण मात्र भएकोः | सुदुरपश्चिम प्रदेशका ९ जिल्ला र कर्णाली प्रदेशका ३ जिल्ला गरी जम्मा १२ जिल्ला |

| | | | |
|---|---|---|---|
| | | १,१९६<br>जग्गा मात्र खरिद भएको: ८०३<br>घर मर्मत: ८,२१९<br>जम्मा: १३,५४६ घरधुरी | |
| ६ | प्रमाणिकरण गर्न बाँकी संख्या | १,४९९ घरधुरी | सुदुरपश्चिम प्रदेशका ९ जिल्ला र कर्णाली प्रदेशका ३ जिल्ला गरी जम्मा १२ जिल्ला |
| ७ | प्रमाणिकरण भई परिचय पत्र प्राप्त गर्न वाँकी संख्या | ४४१ घरधुरी | दार्चुला २५, बैतडी १३९, बझाङ्ग ७९,बाजुरा १४२ र डोटी ५६ जना |
| ८ | पुन:स्थापना हुन बाँकी रहेको संख्या | २,७११ तर<br>सरकारी तथ्यांकमा ७११ जना मात्र पुन:स्थापन गर्न बाँकी रहेको देखिन्छ। | सुदुरपश्चिम प्रदेशका ९ जिल्ला र कर्णाली प्रदेशका ३ जिल्ला गरि जम्मा १२ जिल्ला |
| ९ | दोस्रो किस्ता रकम पाउन बाकी रहेको संख्या | १,१०४ | ९ जिल्ला |

*स्रोत : राष्ट्रिय मुक्तहलिया समाज महासंघ नेपाल २०७८, भाद्र २१ गतेसम्मको अद्यावधिक तथ्याङ्क*

## २.२ अध्ययन भ्रमणको विस्तृत विवरण

***अध्ययन भ्रमण-एक दृष्टिमा***

***भ्रमणको अवधि : २०७८ फाल्गुन ४-१४ (११ दिन)***

***जम्मा सम्पन्न गरिएका कार्यक्रमहरू : २३ वटा***

सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशका मुख्यमन्त्रीज्युसित भेटघाट : २

कर्णाली प्रदेशका बिषयगत मन्त्रीसित कार्यगत भेटघाट : १

बिषयगत संघीय मन्त्री र प्रादेशिक मन्त्रीसहित सामुहिक हलिया बस्तीको भ्रमण : १

बिषयगत संघीय मन्त्री र प्रादेशिक मन्त्रीसहित धनगढीमा सम्वाद कार्यक्रममा सहभागिता : १

हलियासँग सम्वन्धित सरोकारवाला ब्यक्ति/संस्थाहरूसितको गोष्ठी/सामुहिक छलफल : ७

हलिया बस्तीमा सम्पन्न गरिएको कुल सामुदायिक छलफल : ८

हलिया बस्तीमा/हलियाको सामुहिक बस्तीका लागि किनिएको जमिनको अवलोकन भ्रमण : ४

मिति २०७८ फागुन ५ गते, बिहान

### २.२.१ सुदूरपश्चिम प्रदेश मुख्यमन्त्रीको कार्यालयमा धनगढी, कैलाली



*१. मुख्यमन्त्री त्रिलोचन भट्टसित भेटघाट*

उपस्थिति : बिनीता चौधरी भूमिव्यवस्था, कृषि तथा सहकारीमन्त्री, सुदूरपश्चिम प्रदेश, डा मदन सिं धामी, सचिव, भूमिव्यवस्था, कृषि तथा सहकारीमन्त्री, सुदूरपश्चिम प्रदेश ।

**बिनीता चौधरी : सुदुरपश्चिम प्रदेश, भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रीका भनाईहरू:**

प्रदेश सरकारलाई मुक्तहलिया, कमैया र कम्लहरीको समस्या समाधान गर्ने अधिकार दिइएको छैन । केवल समन्वयको मात्रै अधिकार हामीसित भएकोले हामी अन्यौलमा परेका छौं । हामीलाई त्यो अधिकार दिइनु पर्ने हो ।

- कंचनपुरको पुनर्वास र कमैया बस्ती, हलिया बस्तीमा सम्बन्धित समुदायलाई तोकेरै कार्यक्रम पठाउन सकेमा बल्ल उनीहरूले पाउनेछन् । उनीहरूको संस्था वा सहकारीमार्फत दिनु उचित हुनेछ ।
- कमैयाको एकीकृत बस्ती बिकासको अवधारणा बनाउनुपर्दछ ।
- हामी आय आर्जनका लागि उत्पादनमा जोड दिँदैछौ । रोजगारीको लागि कृषि गर्न चाहने हलिया र कमैयाको लागि करार खेती पनि राम्रो विकल्पको रुपमा आएको छ ।
- यो अध्ययन समितिबाट बिशिष्ट योजना आउने अपेक्षा गरिएको छ । हामी प्रतिवेदनको प्रतीक्षामा रहेका छौं ।

**त्रिलोचन भट्ट : मुख्यमन्त्री, सुदूरपश्चिम प्रदेश**

- सर्वप्रथम अध्ययन समितिलाई हाम्रो प्रदेशमा स्वागत गर्दछु ।
- तीन तहका सरकारको काममा समन्वयको अभावमा जटिलता रहेको छ । संघीय सरकारले हामीसंग केही पनि साझेदारी र समन्वय गरेको छैन ।

- कमैया र हलिया सम्वन्धी केन्द्रका योजनाहरू प्रदेशसितको समन्वय अभावमा कार्यान्वयन हुन सकेनन् ।
- अब हामी कमैया समस्या समाधान सम्वन्धी अलग कानून बनाउने चरणमा छौ । बिधेयक तैयार भइसकेको छ ।
- नेपाल सरकारसंग भएका बिगतमा भएका सम्झौता, बिद्यमान ऐनकानुनका आधारमा तत्काल कमैया समस्या समाधान गर्नुपर्दथ्यो । तर समस्या समाधान भएनन् । लामो समयसम्म समस्यालाई बल्झाएर राखियो । यसबाट समस्या जटिल हुन गएको छ ।
- अब यस्ता खाले समस्याहरूलाई लामो समयसम्म राखिराख्ने प्रबृत्तिको अन्त्य हुनुपर्दछ भन्ने मान्यता हाम्रो प्रदेशको रहेको छ ।
- समस्या यो रहेको छ कि प्रदेश सरकारको आँखाले हेर्दा प्रमुख जिल्ला अधिकारी र स्थानीय तह प्रदेशको मातहतमा आइसकेको छैन । हाम्रो कानून स्थानीय तहले मान्न बाध्य
  छैन । तर पनि यसबीचको हाम्रो अनुभवले कानुनमा भएको कमजोरी फुकाउनु पर्छ भन्ने लाग्छ । हामी त्यस दिशामा छौं ।
- सिटीईभीटीमार्फत केही बजारकेन्द्रीत तालिम दिएका छौ ।
- जनता आवास कार्यक्रमले लालपुर्जा बिना घर दिदैन । जग्गाको अधिकार हामीलाई छैन । घर बनाउन ३ लाखले मात्र पुग्दैन । त्यसैले प्रदेश र केन्द्रको समानान्तर प्रकृया छन् । यसलाई कानुनी रुपमा फुकाउनुपर्नेछ ।
- बादी समुदायका लागि हामीले ३ करोड बजेट विनियोजन गऱ्यौं । सोका लागि स्वयं वादी अगुवाकाबीचमा कुटाकुटसम्म भए ।
- यहाँहरूसंग म मुक्तकमैया र हलिया पुनर्स्थापनाको लागि वटा ५ कुराको ध्यानाकर्षण गराउन चाहन्छु ।

एक, कमैया र हलियाको क गर्ने हो भने उनीहरूलाई जमिन दिउँ र जमीनको स्वामित्व दिने कुरामा स्पष्ट गरौं ।

दुई, बसोवासको स्वामित्वबारे पनि स्पष्ट योजना बनाऔं ।

तीन, उहाँहरूका लागि उहाँहरूसंगै छलफल गरेर सिप तालिमको ब्यवस्थागरौं ।

चार, कमैया र हलियालाई बँधुवा मजदुरबाट स्वतन्त्र मजदुरमा रुपान्तरण गरौं ।

पाँच, शिक्षा, स्वास्थ्य र रोजगारीको ब्यवस्थासहित पुनःस्थापना गरौं ।

यसपालि यहाँहरूको अध्ययन समिति बनेपछि समाधानको ठोस सुझाव आउने विश्वास गरेका छौं ।

२०७८ फाल्गुन ५, दिउँसो ,धनगढी, कैलाली

### २.२.२ सरोकारवाला संघ संस्थासित सामुहिक छलफल

**हरि बोहरा : कार्यकारी निर्देशक राष्ट्रिय मुक्त हलिया समाज महासंघ**

उहाँको प्रस्तुतिको बिस्तृत हिस्सा अनुसुचीमा राखिएको छ । उहाँका अनुसारः

- हलियाको सुरु तथ्याङ्क संकलनमा हलिया परिवारको जम्मा संख्या १९,०५९ थियो ।
- प्रमाणीकरणपश्चात फाइनल भएको परिवार संख्या १६,९५३ थियो ।

- परिचय प्राप्त गर्दा त्यो संख्या घटेर १४,२४७ हुन पुगेको थियो । यसको मतलब सरकार आफैले प्रमाणीकरण गरेका हलिया परिवारमध्ये २,७०६ ले परिचय पत्र नै पाउन सकेनन् ।
- त्यसमा पनि पुर्नस्थापना भएको संख्या १३,५४६ मात्र छ ।
- १,१६१ हलिया परिवारले अन्तिम किस्ता पाउन सकेनन् ।
- हाम्रो तथ्याङ्क अनुसार प्रमाणीकरण भएको हलिया परिवारको आँकडालाई आधार बनाउँदा अहिले पनि पुर्नस्थापना हुन बाँकी ३,४०७ हलिया परिवार छन् । यिनको पुनर्स्थापना हुनु जरुरी छ ।
- तर सरकारी तथ्याङ्कमा पुर्नस्थापना हुन बाँकी १,१३५ मात्र छ ।

यसको मतलब, उसले सरकार स्वयम्बाट प्रमाणिकरण भएको हलिया परिवार संख्यालाई आधार नै मानेको देखिँदैन । यो त्रुटिपूर्ण छ ।

**हलियाका मुख्य सवालहरू**

- पुनःस्थापनाको एकीकृत प्याकेज सरकारले ल्याएको देखिँदैन जुन नभई हुँदैन ।
- दिगो तथा न्यायिक पुनर्स्थापन हुन सकेको छैन । कामचलाउ पुनर्स्थापना मात्र भएको
  छ । जीविकाको उपाय केही नहुँदा हलिया पुनः हलिया बसेका छन् ।
- हलियामाथिको जातीय छुवाछूत र भेदभाव अझै हट्न सकेको छैन ।
- सामाजिक समावेशीकरण अझै हुन सकेको छैन । सामाजिक र राजनीतिक नेतृत्वमा हलिया ज्यादै कम पुगेका छन् ।
- हलियाले अपनाउने गरेको परम्परागत पेशाको व्यवसायीकरण हुन सकेको छैन । हलियालाई ब्यावसायिक र प्राविधिक शिक्षा दिइनु पर्थ्यो । त्यो हुन सकेको छैन । अधिकांश मुक्तहलियाले सीप तालिम नै पाएनन् ।
- हलियामाथि सामाजिक न्याय हुन सकेको छैन । हलिया श्रम निषेध सम्वन्धी अझै कानून निर्माण हुन सकेको छैन ।
- हलियाको श्रोत साधनमा, जमिन र सम्पत्तिमा पहुँच ज्यादै कम छ । हलियाको सूचनामा पहुँच त अझ त्यो भन्दा कम छ ।
- जुन कारणले मानिस हलिया बस्छन् त्यो कारण अझै ज्युँकात्युँ छ । हलियाको स्वरुप फेरिएको छ तर शोषण टुंगिएको छैन । पुनर्स्थापनाको इमान्दार र योजनाबद्ध कार्यान्वयन नै भएन ।
- छूट मुक्तहलिया धेरै छन् । कतै बस्तीका बस्ती नै छूटेका छन् कतै जिल्लाको जिल्ला नै छूटेका छन् । छूट मुक्तकमैयाको तथ्याङ्क संकलन हुन आवश्यक छ ।
- हलिया, कमैया र कमलहरीको अलग पहिचान हुन आवश्यक छ तर हुन सकेको छैन ।

**अध्ययन समितिलाई सुझाव**

- हलिया श्रम निषेध सम्वन्धी ऐन बनाउनुपर्दछ तर यसो गर्दा लक्षित समुदायको सहभागिता अनिवार्य हुनुपर्दछ । घर, जमिन, रोजगारी र शिक्षा हलिया मुक्तिको सबैभन्दा मुख्य माग हो । यी सबै कुरा एउटै प्याकेजमा दिइनु पर्छ ।
- सबै भूमिहीन र घरबारबिहीन हलिया परिवारले जमिन र घर पाउनु पर्दछ ।
- हलियाले खोजे अनुसारको बजारमा काम पाइने खालको लामो रोजगारमूलक सीप तालिमहरूको ब्यवस्थाहुनुपर्दछ । हलिया परिवारलाई उच्चशिक्षासम्म निःशुल्क शिक्षाको ब्यवस्थाहुनुपर्दछ ।
- गन्यापधुरा, गोकुलेश्वर, पुर्चौली हाट, बुढीगंगा, डोटीको शिखर, मौन्याल, बैतडीको ४, डडेल्धुरा ३, डोटी १ गरी ८ वटा स्थानमा मुक्तहलिया छूटेका बस्ती रहेका छन् । छूट हलियाको समस्या हल गरिनुपर्छ ।
- हलिया सम्वन्धी एउटा शक्तिशाली आयोग वा संरचनाको निर्माण गरिनु पर्दछ ।
- हलियाको बर्गीकरण सच्याइनु पर्छ । आधारभूत स्वास्थ्यमा मुक्तहलियाको पहुँच सुनिश्चित बनाइनु पर्दछ ।
- स्थानीय राजनीतिक नेतृत्वमा हलियालाई ल्याइनु पर्छ ।

२०७८ फाल्गुन ६ गते,

**अछाम साँफे बगर**

## २.२.३ हलिया समुदायका अगुवाह□सित सामुहिक छलफल

धनगढीको भेटघाट र भ्रमणलगत्तै हामीले अछाम जिललाको साँफेबगर नगरपालिकाको साँफे स्थित मुक्तहलिया अगुवाहरूसंग भेटघाट गर्‍यौं ।

जिल्लाका विभिन्न स्थानबाट आएका मुक्तहलियाका अगुवासंग गरिएको छलफलको सार संक्षेप यस प्रकार छ :

- दिनेश लुहार, उमेर ३०, वर्ष मष्टामाण्डौ निवासी झपट कुँवरको घरमा हलिया बसेका रहेछन् । उनको परिचय पत्र बनेको छैन ।
- सुरेन्द्र भूल अर्का हलिया हुन् । उनी ध्रुब कुँवरको घरमा ७-८ वोरा धान र ३-४ वोरा गहुँ लिने शर्तमा पुस्तौंदेखि हलिया बसेका रहेछन् । उनको नाममा पनि परिचय पत्र बनेको रहेनछ ।
- नसे लुहार मुक्त हलिया हुन । मुक्तिपछि कामको प्रकृति परिवर्तन भएकाले ज्यालामा हलो जोतेवापत दैनिक १००० ज्याला लिएर अहिले पनि हलो जोत्ने काममा सलग्न छन् । तर उनी अब ज्यालादारी श्रमिक भएका छन् ।
- तारा आउजी र शोभा आउजी दुबै जना मुक्तहलिया हुन् तर उनलाई परिचय पत्र लगायतका कुनै कुरा थाहा छैन । सामान्य सूचना ज्ञानकै अभाव छ । उनको परिवार अहिले पनि मुक्ति अघिकै अवस्थामा छन् । उनी अहिले पनि हलिया छन् । उनका अनुसार साफेबगर वडा नं. ४ मा हलिया छूट भएका छन कम्तिमा १५/२० जना छूट हलिया छन् ।
- साँफे नगरपालिकाको साँफेबगर वडा नंबर ४ खाल्सेन भन्ने ठाउँमा अर्कै दुर्गम ठाउँ ऋषिदह मल्लेक गाउँपालिकाका ५ जना मुक्तहलियाहरूलाई ५ वटा घर बनाइ

दिएको रहेछ । तर उनीहरू कोही पनि त्यहाँ बस्दा रहेनछन् । त्यो बस्ती उत्तिकै खेर गएको रहेछ ।

- उनीहरूको पुस्तौं बस्दै आएको स्थानमा जमिन नदिई अर्कै ठाउँमा जरुरी पूर्वाधार केही नभएका घर मात्र बनाइ दिएकाले उनीहरू नबसेको भनेर राष्टिय दलित नेटवर्कका प्रतिनिधि तथा साँफे बगरनगरपालिकाका कार्यपालिका सदस्य जीतबहादुर लिसानी बताउँछन् ।
- हलिया महासंघ अछामका सचिव डण्डीकुमार वि.क.का अनुसार उतैवाट नक्सा बनाएर आए, घर बनाएर हस्तान्तरण गरे । ती सबै प्रक्रिया ती ५ जनालाई थाहै भएन । त्यसैले ती त्यहाँ बसून् कसरी ?

*उनका अनुसार-*

- अछाम जिल्लामा साविक ७५ गाविस मध्ये ९ वटा गाविसको मात्र तथ्याङ्क संकलन भएको थियो । बाँकी सबै ६६ गाबिसका हलिया नै छूटमा परे । यो धेरै ठूलो छूट हो ।
- बिना आधार हचुवामा  जिल्लामा हलिया छैन भन्दै मुक्तहलियामाथि ठूलो अन्याय भयो ।
- तत्कालिन माओवादी कार्यकर्ताले एक्काइसौं शताब्दीमा पनि हलिया बस्ने भन्दै मुसलले खुट्टामा पेलेको हुनाले डरले कसैले पनि आफू हलिया हुँ भन्ने आँट गरेनन् । छूट हुनुको एउटा मुख्य कारण यो पनि हो ।
- मालिकहरूले पनि आफ्नो जमिनमा मोहियानी लाग्ने र आधा जमिन जाने भन्ने भ्रमका कारण हलियालाई नाम नदिन दबाब दिएका हुनाले मालिकको डरका कारण पनि हलिया तथ्याङ्कबाट छूट हुन पुगे ।

उनीहरूसँग हलियाका माग र समस्या के छन् भनेर प्रश्न गर्दा हलिया महासंघकी केन्द्रीय उपाध्यक्ष जानकी लुहारको भनाइ यसप्रकार रहेको छ :

- छूट हलियाको तथ्याङ्क फेरि लिनुपर्दछ । प्रमाणिकरण गरेर परिचय पत्र दिनुपर्दछ ।
- मुक्तहलियालाई सरकारले घरजग्गा र जमिन दिनुपर्दछ ।
- रोजगारीका लागि सिप विकास तालिम दिनुपर्दछ ।
- मुक्तहलियाको समग्र पुनःस्थापनाको एकीकृत प्याकेज बनाउनुपर्दछ ।

२०७८ फाल्गुन ७ गते, बिहान

### २.२.४ मार्तडी बडिमालिका, बाजुरामा हलियास[illegible] सम्वन्धित संस्था र हलिया प्रतिनिधिसित सामुहिक छलफल

हामीले बाजुरा जिल्लाको सदरमुकाममा जिल्लाका विभिन्न स्थानबाट आएका प्रतिनिधिमुलक मुक्तहलिया तथा हलिया क्षेत्रमा कार्यरत संघ संस्थाका प्रतिनिधिहरूसंग छलफल कार्यक्रम राखेका थियौं ।



छलफल कार्यक्रममा पूर्ण सार्की अध्यक्ष, दलित ससक्तिकरण, डवल वि.क केन्द्रीय सचिव, हलिया महासंघ, प्रेम विश्वकर्मा, राष्ट्रिय दलित नेटवर्कका प्रतिनिधि उपस्थिति रहेको थियो ।

छलफलमा आएका मुख्य विचारहरू :

- बाजुरा जिल्लामा मुक्तहलियाको तथ्याङ्क संकलन गर्दा तत्कालिन ७ राजनीतिक दलको बैठक बसी केवल ११ वटा गाविसमा मात्र हलिया भएको अन्यत्र नभएको राजनीतिक निर्णय गरे । यो निर्णय ज्यादै त्रुटिपूर्ण थियो । अहिले पनि बुझिहेरियोस्- बाजुरा हलियाको निकै ठूलो संख्या भएको जिल्ला हो । तर सुदूर पश्चिममा ज्यादै कम हलिया भएको जिल्लामा बाजुरा आएको छ । यथार्थ भन्दा ठिक उल्टो भएका छ ।
- यस्तो निर्णय गर्नुको मुख्य कारण-दलका नेता नै हलिया साहु परे । हलियालाई मोहियानी लाग्छ भन्ने हल्लाका कारण हलियालाई मोहीयानी हक दिनु पर्ला भन्ने उनीहरूलाई भय भयो । ती ११ वटा स्थानीय तहमा हलिया आन्दोलन चलेकोले बाध्यतावश तथ्याङ्क संकलन गरियो तर अन्य गाविसमा तथ्याङ्क संकलन नगर्ने निर्णय दलहरूबाट भएको हो । सोही निर्णयअनुसार त्यतिबेलाको २७ वटा स्थानीय तहमध्ये ११ वटा स्थानीय तहमा मात्र तथ्याङ्क लिइयो । १६ वटामा तथ्याङ्क नै संकलन गरिएन । बाजुरामा यति धेरै छूट हलिया हुनुको एउटा मुख्य कारण यही हो ।
- यसका साथै, गणक छनोट गर्दा पनि गल्ती भयो । उनीहरू कैयन् बस्तीमा जाँदै गएनन् । हचुवामा फाराम भरे । परिचय पत्र पाएको स्थिति हेर्दा पनि वल्लो घरले पाएको पल्लो घरले नपाएको स्थिति छ । हलियाले भर्नु पर्ने फाराममा मालिकको नाम लेख्नुपर्ने अनिवार्य भएकोले पनि मालिकको डरले हलिया खुल्न मानेन । जिल्लामा हलिया वर्गीकरण गर्दा पनि क लाई ख, ख लाई घ दिएर बिचल्ली बनाइयो ।
- केही स्थानमा नमूना बस्तीको आवधारणा अनुसार बस्ती बसालिने निर्णय भयो । तर समाजले असहयोग गरेकोले बनाएका घरहरू बगरमा परिणत भएका छन् ।

- यहाँ हलिया संगठनहरूले पनि सरकारकै तथ्याङ्कमा भर परेर बसेको अवस्था छ । हलिया संगठनको आफ्नो तथ्याङ्क छैन ।
- बाजुरा जिल्लामा २८ जनाले दोस्रो किस्ता पाएका छैनन् । ९८ जनाले परिचय पत्र पाएको तर पुर्नस्थापना प्याकेज नपाएको अवस्था छ । १४१ जनालाई बिना कारण केन्द्रबाटै लगतवाट हटाइएको छ । गोरख सार्की भन्ने व्यक्ति र हिरालाल गिरिको मिलोमतोमा सविन र वाधु गाविसमा बदमासी गरियो । १०५ परिवारका नाममा पैसा लिएर अनियमिता गरेको पाइएको छ ।
- अन्याय पर्दा बोल्नुपर्ने हलिया महासंघ नै सरकारको भूमिकामा देखिएकोले यस्तो भएको हो भन्ने केही सहभागीको भनाइ रह्यो ।

**बाजुरा जिल्लाका हलियाका आवाजहरू**

- कोल्टी क्षेत्रमा धेरै हलिया छूट भएको । उनीहरूले पुनर्स्थापनाको कुनै प्याकेज नपाएको ।
- बाजुरा जिल्लामा छूट हलिया धेरै भएकाले उनीहरूको तथ्याङ्क पुनः लिनुपर्ने ।
- पुर्नस्थापना हुन बाँकीलाई पुर्नस्थापना गर्नूपर्ने ।
- भूमिहीन हलियालाई जमिन र घर दिनुपर्ने ।
- रोजगारीको व्यवस्थाका लागि सीप विकास तालिमहरू दिनुपर्दछ ।
- हलियालाई प्राविधिक शिक्षा तथा सिप विकास तालिम दिनुपर्ने ।
- बाँकी रहेको दोस्रो किस्ता निकासा गर्नूपर्ने ।
- निःशुल्क शिक्षा र स्वास्थ्यको व्यवस्थाहुनुपर्ने ।
- लगत कट्टा भएकालाई पनि पुनर्स्थापना गर्नुपर्दछ ।

२०७८ फाल्गुन ७ गते, बिहान

### २.२.५ वडीमालिका नगरपालिका ९ उखाडी बाजुराको हलिया बस्तीमा सामुदायिक छलफल



हामी बडीमालिका नपाको उखाडीमा गयौं जहाँ जम्मा ११ हलिया परिवार रहेछन् । उनीहरूका अनुसार-

- सदरमुकामको छेउमै बस्ती भएकोले कुनै पनि आन्दोलनमा हामी छुटेनौं । तर जब हामी मुक्तभयौं परिचय पत्र वितरण गर्दा हामी छुटेको थाहै भएन ।
- यो बस्ती सुरुमा बीरे लुहार र जसरे चंदाराको नाममा थियो । उनीहरू सुसुरा र ज्वाइँ हुन् । हाल आएर यो परिवार बढेर ११ परिवार भएको छ । यहाँ बस्न थालेको ५० औं वर्ष भइसकेको छ । यो बस्ती पुरै छूट हलियामा परेको छ ।
- छूट भएको भन्दै हाम्रो फारम भर्ने काम धेरै पटक भयो तर केही आउँदैन । जिल्लामा गएर बुझ्दा तथ्याङ्क बन्द भइ सक्यो भन्ने जवाफ पाएको उनीहरूको गुनासो छ ।
- उनीहरूका अनुसार यहाँ मात्र होइन, बाजुरा जिल्लाको जुगाडा क्षेत्रमा पनि हलिया धेरै छन् । त्यहाँ पनि छूट हलिया नै रहेका छन् ।
- दाउरा बेच्ने र गिट्टीढुंगाआदिको काम गरेर ज्याला दिनको २- ५ सयसम्म कमाउँछन् । कहिले काहीँ काम नपाएर रित्तै भइन्छ । महिलाको ज्याला यहाँ पुरुषको भन्दा एक देखि दुई शय रु सम्म कम छ ।
- मालिकहरूले मुक्तभइसकेपछि आजकाल आफै जोत्छ । हामी मुक्तभई सकेपछि पनि ऋण मिनाहा गरिएन । हाम्रो नाममा भएको ऋण असुली गरे । अहिले हलिया राख्दैनन् । अनि हामीलाई तिमीहरू मुक्तभइसक्यौ भनेर उत्तिकै छोडी दिए । अहिले न हलियाको काम गर्न पाइएको छ, न अरु रोजगारी नै छ ।



**हलिया परिवारको महिला सदस्य घाँस बोकेर घर लाँदै**

- हाम्रो बस्ने घर छ तर जोति खाने जमिन छैन । बैकल्पिक रोजगारी पनि छैन ।
- डाँडोमुनि भिरालोमा घर छ । बर्षामा पहिरो आउला भनेर रातभर सुत्न सकिँदैन ।
- बस्तीमा स्कूल छैन । स्कूलका लागि सदरमुकाम जानु पर्छ । बीचमा खोला छ । खोलामा पुल छैन । यही खोलाका कारण बर्षा भयो कि छोराछोरी स्कूल जान पाउँदैनन् ।

**हलिया बस्तीको मुख्य आवाजहरू :**

- हलिया पर्‍यौं । घर छ, जमिन छैन । खेती गरिखान जमीन दिनुपर्‍यो ।
- हामीलाई रोजगारी दिनुपर्‍यो । भैँसीपालन, उद्यम व्यवसायिका लागि फर्निचर, आरन, सिलाइ बुनाइ, डकर्मी, सिकर्मी, प्लम्बर, बिजुली जडान आदिको तालिम उपयोगी हुन्छ । शिक्षित बेरोजगारलाई जागीर दिनुपर्‍यो । खेती वा रोजगारी भए बाँकी समस्या सबै हामी आफै समाधान गर्न सक्छौँ ।
- सो बस्तीमा जाँदा सोही वडा नंबर ९ कार्यवाहक वडाध्यक्ष लाल ब. नेपाली पनि सँगै हुनुहुन्थ्यो । उनका अनुसार वडाले गरिव दलित भनेर मसला र आरन (१५ दिन तालिम) दिएको तर मुक्तहलिया भनेर केही गर्न नसकेको स्वीकार गर्नु भयो ।
- ११ परिवारको एउटा सहकारी वनाएर केही पूँजी दिइयो भने केही गरेर खान सकिने उनीहरूको सामुहिक माग थियो ।
- सीप विकास तालिम दिने हो भने अलिक बढी अवधिको र बीउ पूँजी पनि दिनुपर्ने र सम्बन्धित सीपका औजारहरू पनि दिए सहज हुने उनीहरूको माग थियो ।
- सो बस्तिका वालवालिकालाई स्कूल जान १ -२ घण्टा लाग्दो रहेछ । बर्षायाममा त खोलाका कारण जान नसकिने अवस्था हुँदो रहेछ । सदरमुकामको स्कूल जाँदा खाजा र ड्रेस किन्न नसकिने हुंदा अधिकांशले छोडिदिएका छन् । दिवा खाजा, पाठ्यपुस्तक र ड्रेस सरकारले दिने ब्यवस्था होस् ।
- खोलामा पुल हालिदिनु पर्‍यो । बस्तीमा ८ कक्षासम्म पढाउने स्कूल भए ठूलो उद्धार हुने थियो ।
- बस्तीमा एउटा हेल्थपोस्ट भए स्वास्थ्य सेवामा पहुँच हुने थियो ।
- खानेपानीको ब्यवस्था हुनुपर्‍यो ।

२०७८ फाल्गुन ७ गते, दिउँसो,

## २.२.६ पुर्वीचौकी गाउपालिका ५, डोटीमा हलिया प्रतिनिधिसित छलफल

बाजुराबाट डडेल्धुरा फर्कने क्रममा हाम्रो टोली आउँदै छ भन्ने सूचनाका आधारमा बाटोमा पर्ने पूर्वी चौकी गाउँपालिकाका वडा सदस्यसहित दुई जनाले हाम्रो टोलीसंग भेटघाट गर्‍यो । महा ढोली (वडा सदस्य) सहितको टोलीसंग हामीले अन्तरक्रिया गर्दा उहाँहरूको मुख्य मुन्य भनाइहरू :

- हाम्रो गाउँपालिका सिंगै तथ्याङ्क लिनबाट छूटेको छ ।
- यहाँ त हलियाको बस्तिका बस्ती नै तथ्याङ्क लिनबाट छूटेका छन् ।
- हामीले पालिकामा र जिल्ला प्रशासनमा दबाव दिएको हो तर सुनुवाई भएन ।

- हाम्रो यस गाउँपालिकाको ४ वटा वडा - गैरागाउ ६, काँडा गाउँ ५, गांजरी ६, पोखरी ७ मा गरेर करिब २०० हलिया परिवार गणनामै छूटेका छन् ।
- हाम्रो छूट हलियाको फेरि तथ्याङ्क लिइदिनु पर्‍यो ।

**२०७८ फाल्गुन ७ गते, दिउँसो,**

**२.२.७ बगलेकको हलियाह□ बस्नै नआएको हलिया बस्तीको अध्ययन निरीक्षण**



*बगलेक : सामुहिक हलिया बस्ती बिफलताको ज्वलन्त उदाहरण*

बाजुराबाट डडेलधुरा फर्कने क्रममा हामी डोटी जिल्लाको बगलेक भन्ने बस्तीमा पुग्यौं। सिलगढी नगरपालिकाबाट केवल ५ किमिको दूरीमा रहेको यस बस्तीमा मुक्तहलियाहरूका लागि स्थानीय मोहन बमबाट जमिन खरिद गरिएको रहेछ । यो जमिन पूरै जंगलको बीचमा छ जहाँ खानेपानी, विजुली, यातायात केही छैन । नजिकै कुनै बस्ती पनि छैन ।

उनीहरूले नून किन्न समेत टाढा जानुपर्ने अवस्था छ । यहाँ बनाइएको १८ वटै घरहरूमध्ये कोही भत्केको अवस्थामा छन् । एकजना हलियाले पनि त्यहाँ बसोबास गर्दैन । घरभित्र चियाएर हेर्दा हरेक घरमा केवल दुई कोठा मात्र छन् । जमिन पनि घरले ओगटेको बाहेक अरु छैन । खाली प्रदर्शनीका लागि बनाएको टहरा जस्तो देखिन्छ ।

## बगलेकमा बस्न नपाई भत्केका घरहरू



ती घरहरू बनाउँदा करिव ९४ लाख बढी खर्च भएको थियो भन्ने थाहा भएको छ । अहिले त्यो बस्तीको अवस्था हेर्दा जमिन खरिददेखि घर निर्माणसम्म भूमि प्रशासन, मुक्तहलियाका संगठन तथा स्थानीय जिल्ला प्रशासनको मिलेमतो स्पष्ट देखिन्छ । हलियाको उद्धारको नाममा गरिएको यो भद्दा मजाक सिबाय केही देखिँदैन । त्यसैले यसको विषयमा सत्यतथ्य खोजवीन गरिनुपर्दछ । यसमा संलग्न सबै दोषीलाई दण्डित गर्नु आवश्यक देखिन्छ ।

२०७८ फाल्गुन ८ गते, दिउँसो,

### २.२.८ थलारा ३ कुच बझा□मा हलिया बस्तीमा सामुदायिक छलफल



- जोगी नेपालीले गरिवीका कारण २० बर्ष स्थानीय हरिसिं रावलबाट १२ हजार ऋण लिएर हलिया बसेका रहेछन् ।
- गोपाल नेपाली १५/२० वर्ष हलिया थिए । प्रेम दमाई पनि हलिया थिए । उनले काम गरेको दिन बिहान १ माना चामल र साँझ १ माना पिठो मात्र पाउँथे ।
- डम्मर दमाई बाजेको पालादेखि हलिया बस्दै आएका रहेछन् ।
- पुर्ण नेपालीका अनुसार हामी पुस्तादेखि हलिया बस्दै आएका छौ । यस बस्तीका ३२ मध्ये २५ घरपरिवार हलिया छौं ।
- हाम्रो कामको सम्बन्ध पुरानै छ । जमीन लिएर हलिया बसिरहेका छौं । घरमर्मतका लागि १ लाख २५ हजार ऋण लिएका थियौं ।
- परिचय पत्र आउँदा क वर्ग हुनुपर्ने घ वर्ग भएर आयो ।
- यो बस्तीमा सबैको हाल एउटै छ । तर १ जनाको मात्र क वर्ग भएर आयो । कसरी आयो स्वयंलाई पनि थाहा छैन ।
- सिद्धकला नेपालीका अनुसार मेरो बाजे ससुरा, बुवा र श्रीमानको नाममा केही पनि छैन । मेरो छोरी १२ कक्षा पास गरेकी छन् । तर माथिल्लो कक्षामा पढ्ने उत्कट इच्छा छ तर पैसाको अभावमा भर्ना हुन सकेकी छैनन् । उनको साथमा पढ्नेहरू सबै भर्ना भइसके उनी रोएर बसेकी छन् ।
- आफूले माइतमा सिलाई सिकेको हुनाले त्यही गरेर खाएको छु ।
- मधुरा कामीको न घर न त जग्गा छ । छोरा सामान्य विवादमा जेलमा परेका छन् । उनलाई मुक्तगर्ने उनीसंग कुनै उपाय छैन । उनी भन्छिन्- म छूट हलियामा छु । तर सहयोग केही भएको छैन ।



*गरिब हलियाको घर भित्रको भान्साको दृश्य*

- कमला नेपालीका श्रीमानले ऋणपान गरेर जेटीए पास गरे । उनीसंग जेटिए पढ्नेले सबैले जागिर पाए । तर उनी एक जना मात्र दलित भएकाले हो कि के हो उनले कसैंगरी जागिर पाएनन् । अनि उनी बाध्य भएर केही पनि रोजगारी नपाएर भारत गए ।
- सुरेश नेपाली आफूलाई मुक्तहलिया भन्छन् । उनी परम्परागत सिलाई गरेर बसेका छन् । उनले आफ्नो एक जना छोरालाई पुलिस र भाईलाई सिभील ईन्जीनियर पढाउँदै छन् ।
- यो बस्तीमा अहिले पनि सबै जना पुरानै हिसाबले हलिया बसेका छन् । मालिकको एक टुक्रा जमिन लिएका छन् । सो वापत उनीहरू सम्पुर्ण काम गरेर बसेका छन् । विकल्प भए मात्र हामी त्यो छोड्न सक्छौ. भन्ने उनीहरूको भनाइ छ ।

**बस्तीका मूल आवाजहरू :**

- छूट हलियालाई परिचयको ब्यवस्था गर्नुपर्‍यो ।
- बस्नलाई छाप्रो बाहेक केही छैन । त्यसैले खेती गरिखानका लागि थप जमिन चाहियो ।
- केटाकेटीहरूको लागि उच्च/प्राविधिक शिक्षा चाहियो ।
- पढेलेखेका युवाहरूलाई रोजगारी चाहियो ।
- अन्यलाई रोजगारीको तालिमहरू सिप बिकास तालिम भए पुग्छ ।
- कृषि सम्बन्धी तालिम चाहियो । बीउ पुँजी चाहियो ।
- हामीलाई धेरै कुरा केही चाहिँदैन । काम नभएकालाई जमिन वा रोजगारीको तालिम भए हामी आफै गरेर खान सक्छौं । हाम्रा छोराछोरीलाई शिक्षा भने चाहियो ।



*बझाङ्को थलारामा हलियाको घर*

**श्याम सुनारः थलारा गाऊँपालिका कार्यपालिका सदस्य तथा आरडिएन केन्द्रीय सदस्य**

- बझाङ्कै अफलामा १६ परिवार छूट हलिया छन् । खानीमा २७, र थलारा वडा ९ मा ११७ परिवार छूट हलिया छन् ।
- यो बस्ती २०४५ सालमा नापी आउँदा बोका, कुखुरा दिएर घरजग्गा दर्ता गराएका हुन् जबकि यो जग्गा आफ्नै थियो ।
- हामीले गाउँपालिकाबाट केहीलाई सिलाईकटाई, हाउस वाईरिङ्ग तालिम दिएका छौं ।
- महालक्ष्मी नेपालीलाई रु.२ लाख सहयोग हुँदै आएको छ ।
- हलियाको पहिचानमा नभए पनि दलितका लागि भनेर बजेट छुटयाइएको छ ।

२०७८ फाल्गुन ९ गते, बिहान

**२.२.९ बैतडी दशरथचन्द नगरपालिका ४, बाडलेकमा हलियाह□सित सामुदायिक छलफल**



यो बस्ती दशरथचन्द नगरपालिकाको आडैमा छ । दूरीका हिसाबले १ किमि मात्र टाढा छ । यस बस्तीमा जम्मा ९० घर परिवार रहेछन् । सबै परिवार सार्की समुदायको रहेछ । यस बस्तीबाट हरेकको तथ्याङ्क संकलन भएको तर सो तथ्याङ्क काठमाडौं गएपछि भेरिफिकेशन भएर आउँदा एउटाको पनि नाम नआएको रहेछ । पछि यो बस्तीको सशक्त आन्दोलनका कारण जिल्ला प्रशासन कार्यालयले ६ जनालाई परिचय पत्र दिएको रहेछ । यसरी परिचय पत्र पाउनेमा यसअघि कमैया निषेध गर्न बनेको ऐन २०५८ बमोजिम मुद्दा हालेर मुक्तभएकाहरू समेत छन् ।

हलिया मुक्तिको घोषणा हुंदाका बखत हस्ताक्षरकर्ता हलिया महासंघको अध्यक्ष राजु भूलको समेत नाम छूटाइएको रहेछ । परिचय पत्र प्राप्त गर्ने ६ जनामध्ये १ जना रातो कार्ड

अर्थात क वर्ग र अरु ५ जना घ वर्ग रहेका छन् जबकि उनीहरू सबै जमिन र घरको स्थिति अनुसार ख वर्गमा पर्नुपर्ने उनीहरूको दावी छ । समुदायका केही प्रतिनिधिमुलक पात्रहरूसग गरिएको छलफल यहाँ प्रस्तुत गरिन्छ ।

यस बस्तीमा १६ जना SLC मध्ये १४ जना इन्डिया र ५ जना IA पासमध्ये ४ जना इन्डियामा काम खोज्न गएका रहेछन् ।

१) *सुरेश भुल:* केशवदत्त बडुबाट ऋण ४०००, ८ बर्ष हलिया बसेको, खेतीपाती पुस्तौदेखि

२) *प्रकाश भुल:* तेजी भट्टबाट, १२ हजार ऋण लिएकोले र

३) *नैने भुल:* ३५ बर्ष, ऋण १,२००० परिचयपत्र छ ।

**बैतडी बाडलेकमा हलियाको घर**



४) *गणेश भुल*-पदमसिं ठगुन्नाकहाँ हलिया बसेको १४ बर्ष, २००० ऋण, बुवा बिरामी हुदा १०००, मृत्यु हुँदा १००० ऋण लिएको तर साहुले कुनै सहयोग गरेन । गणेश भूल घ वर्गका मुक्तहलिया हुन् । नेपाल सरकारले उनलाई घरमर्मत वापत रु. ९०,००० दियो, घर बनाए । हाल गिट्टी फुटाएर खान्छन् । छाराछोरी १० कक्षामा २ जना र ८ कक्षामा १ जना छन् । तर पढाउन सक्ने हैसियत नभएकाले पढाई छोडेका छन् ।

५) *लक्षीराम महर* सोही नगरपालिकाको वडा नंबर ६ का हुन् । उनको नाममा रु ६० हजार ऋण थियो । उनको श्रीमानले भारतबाट कमाएर ल्याएर सो ऋण तिरे ।

उनलाई सरकारी घोषणामा ऋण मुक्तभएको थाहा भए पनि ऋण तिर्दिन भन्न सकेनन् । उनका अनुसार यस वडा ६ का २५-३० परिवार मुक्तहलियामा तथ्याङ्क लिन छूट भएका छन् ।

६) *धना महर* दशरथचन्द नपा ६ का साहु महादेव पन्तको घरमा रु.३,००० ऋणमा पुस्तौंदेखि हलो जोतिरहेका थिए । उनका श्रीमान हलो जोत्दा जोत्दै फालीले खुट्टामा लागेर १० वर्ष घाइते भएर थन्किए । तर सो को उपचारमा मालिकले कुनै खर्च गरेन । आफ्नो दायित्व पनि ठानेन । सो समाचार TV मा आयो यसले हाम्रो बदनाम गऱ्यो भनेर राति आएर गालीगलौज गरेको उनले सुनाइन् । उनका ९ जना परिवार छन् । कमाई गर्ने व्यक्ति थला पर्दा घरको विचल्ली भएको छ ।

७) *जयराम लुहारकी श्रीमति धौली देवीको* परिचय पत्र छैन । उनी १६ वर्षदेखि रु. ९००० ऋणमा हलिया थिए । मुक्तिपछि उनले ऋण तिरे । हाल उनी गिट्टी कुटेर खाई रहेका छन् ।

८) *डम्मर टमाटा* त्रिपुरा नगरपालिकाका कार्यपालिका सदस्य हुन् । उनी हलिया महासंघ बैतडीका पूर्व अध्यक्ष हुन् । उनी जमीन दिएवापत ३ पुस्तादेखि हलो जोतिरहेका थिए । उनको वडाबाट छूट हलिया १०० जनाले निवेदन दिएकामध्ये धनीराम टमाटाको निधन भयो । सो वडामा २०० भन्दा बढी परिवार हलिया छन् । परिचय पत्र ३० जनाले मात्र पाएका छन् । छूट हुनुको कारण मालिकको नाम अनिवार्य बनाइएकोले हो । यही कारणबाट कतिपयले मालिकको नाम काल्पनिक लेखेका छन् ।

९) *वीरवा ओड* दशरथचन्द नपा ५ दुर्गा भवानीका मुक्तहलिया अगुवा हुन् । उनको गाउँमा ९५ परिवार मुक्तहलिया भएपनि २० जनाको मात्र परिचय पत्र छ जसमध्ये ३ जना क वर्ग, १७ जनाको घ वर्ग छ । उनका अनुसार हलिया मुक्तिको घोषणापछि साहुसित हाम्रो सामाजिक सम्बन्ध समाप्त भयो ।

१०) *नरेन्द्रराम भुल* ८ पास गरेका मुक्तहलिया हुन् । परिचय पत्रको लागि उनी आफ्नो मालिककोमा नागरिकता माग्न गए । तर मालिकले नागरिकता नदिएका कारण उनको परिचय पत्र बनेको छैन ।

११) *रामदेव भुल* स्थानीय धामी झाक्री हुन् । तर उनी परिवार पाल्न हलिया वसेका थिए । उनका अनुसार भाइटिकाको दिनमा समेत उनले हलिया भएर काम गर्नूपर्ने भनियो । यतिसम्म कि दिपावलीको पूजाको दिनमा समेत उनलाई काम गर्न बोलाइयो ।

१२) *लछुवा महर* वडा नंबर ८ स्थित रामसिह विष्टको घरमा १३,३६० ऋण लिएर हलिया बसेका हुन् । बेलाबेलामा अनुरोध गर्दा पनि उनले परिचय पत्र पाएका छैनन् ।

*बाडलेक बस्ती बैतडीमा क वर्गको परिचयपत्र सहित १ जना हलिया महिला*



**समाधानको उपाय सम्वन्धमा हलिया बस्तीको आवाज**

- छूट हलियाको तथ्याङ्क संकलन फेरि होस् ।
- घर निर्माणको काम पूरा गरियोस् ।
- मुक्तहलियाको परिचय पत्र सच्याएर वर्गिकरणमा समेत सुधार होस् ।
- जमिनको लालपुर्जा नभएर विद्युतको मिटर पाईएको छैन, त्यसको व्यवस्थाहोस् ।
- मुक्तहलिया परिचय पत्रको आधारमा एक हलिया परिवार एक रोजगारीको व्यवस्था होस् ।
- मुक्तहलियाको योग्यता र पेशाको सर्वेक्षण गरियोस् ।
- पहाडमा घरबाहेक खेतियोग्य जमिन १५ रोपनी दिइयोस् ।
- अन्तराष्ट्रिय श्रम संगठनको सहयोगमा हलिया महासंघले दिएको अनमीको तालिममा २३ जनामध्ये २२ जना अनमी रोजगार रहेको अनुभव छ । त्यसैले यस्तो खालको रोजगारी पाइने खालको तालिम दिइयोस् । तालिमको ब्यहोरा पुऱ्याउन मात्र तालिम नदिइयोस् ।
- रोजगारीको लागि सीप विकास तालिम सिलाई कटाई, बाखा पालन, भैसीपालन, सिकमी, डकर्मी, प्लम्बर, हाउस वायरिंग आदिको ब्यवस्थाहोस् ।

- जिल्ला भरिमा जसले हलिया होइन भनेर निवेदन दिएका छन् उनीहरूले मालिकको दवावमा त्यसो गरेको हुनाले त्यसको छानवीन गरिनुपर्दछ ।
- साना साना उद्यम गर्नको लागि कम्तिमा ५ लाखसम्म मुक्तहलिया परिचय पत्रका आधारमा विना धितो ऋणको ब्यवस्थाहोस् ।

**फाल्गुन ९, २०७८ दिउँसो**

## २.२.१० बैतडी जिल्लाका हलिया अगुवाह□सग हलिया महासंघ बैतडीको कार्यालयमा सामुहिक छलफल

- मुक्तहलिया महासंघका बैतडी जिल्ला अध्यक्षले सर्वप्रथम स्वागत गर्दै जिल्लाको वस्तुस्थितिका विषयमा जानकारी गराए ।
- उनका अनुसार बैतडीका १० वटा गाबिसमध्ये तथ्याङ्क संकलन गर्न बाँकी ६ वटा छन् । यी छ वटा छूट गाबिस हुन् ।
- घर र जमीनको परिभाषा अस्पष्ट भएकाले वर्गीकरणमा समस्या देखा पऱ्यो । हलिया अगुवाहरूलाई घाँटी काटने धम्की खेप्नुपरेको उनको भनाई छ ।
- जिल्लाभरिबाट मुक्तहलियाको ३१६० जनाको फारम भरी पठाएको तर मन्त्रालयले ४४४ को प्रमाणिकरण गरेर पठायो । जबकि दशरथचन्द नपा ४ मा ८० घर छूट भएका थिए भने जिल्लाभरिमा पनि त्यो अवस्था थियो ।
- जिल्लाका हलिया अगुवाहरूले हिसाब मिलान गर्न अनुरोध गर्दा त्यो कुरा मानिएन ।
- साविकका १५ वटा गाविसका सचिवहरूले ढुंगाढ, थलगाढ, सिगास, चौखाम, शिवालिगं, रिगटा, आमचौरा, शिवनाथ, विसालपुर, महाकाली, रौलेश्वर विजयपुरमा हलिया भएको भए पनि हलिया छैन भनेर हचुवाको प्रतिवेदन बुझाए ।
- यसो गर्नुको कारण एकातिर मोहीयानी लाग्छ भन्ने हल्लाले हलिया मालिकमा पैदा गरेको डर, अर्कातिर गाविस सचिव स्वयं हलिया राख्ने मालिक हुनु मख्य रहेको छ ।
- पुनःस्थापनाको प्रक्रियामा मालिकलाई मोहीयानी हक नलागेपछि छूट हलियाहरू सम्पर्कमा आउन थाले । यसरी सम्पर्कमा आउनेहरूमा पाटन, दशरथचन्द, सुर्नया, मेलौली, शिवनाथ, पंचेश्वर, सिगास, पुर्चौडी डिलासैनी रहेका छन् ।
- यस जिल्लामा हालसम्म क वर्गका १११ जनाको घर निर्माण भयो । २८८ जना ख बर्गको घर मर्मत भयो । उनीहरूलाई यसो गर्न १ लाख २५ हजार दिइयो । ग बर्गका ७ जनाले ३ लाख २५ हजारले घर बनाए र घ बर्गका ११५३ ले १ लाख २५ हजार पाएर घर मर्मत गरे ।
- ख, घ उस्तै रहेको अवस्था भएकोले यसको समाधान गरिनुपर्दछ ।
- ३०० जना हलियाले हामी हलिया होइनौ भनेर निवेदन दिए । परिचय पत्र फिर्ता गरे ।
- डिलासैनीमा जग्गा नपाएर अझै घर बनाउन सकेको छैन ।

**समस्या तथा समाधानका उपायहरू**

- बैतडीमा धेरै नै छूट हलिया छन् । छूट हलियाको पुनः तथ्याङ्क लिइनु पर्दछ । हलियाका नेता राजु भुल आफै छूट हलियामा पर्नु गजबको कुरा हो ।
- वडा अध्यक्षको नेतृत्वमा, हलिया प्रतिनिधि, मालपोत अधिकारीको छूट हलिया तथ्यांक संकलन समिति गठन गर्दा उपयुक्त हुने ।

- सवैभन्दा ठूलो जटिलता जग्गा खरिदमा भयो सदरमुकाम र वाहिर जमिनको मूल्य उति नै गरियो जसले गर्दा जमिन पाउन सकिएन । अब यो भूल सँच्याउनु पर्दछ । सदरमुकाम र बाहिर दिने पैसा फरक हुनु पर्दछ ।
- सिधै हलियाका नाममा पैसा दिने व्यवस्थाभन्दा सरकारले आफ्नो ऐलानी जमिन दिए राम्रो हुने थियो ।
- वाँस, फर्निचर, सिलाईकटाईको तालिम पाइयो । अब लामो अवधिको बजारमा बिकाउ सीप तालिम दिइनु पर्दछ । रोजगारीको तालिम, बीउ पुँजी र औजार दिने व्यवस्था हुनु पर्दछ ।
- हलियाका सन्तानलाई उच्चशिक्षा र प्राविधिक शिक्षामा जोड दिइनु पर्दछ ।
- हलिया पुनर्स्थापनाका लागि स्थानीय तहलाई जिम्मेवार वनाउने कार्य हुनु पर्दछ ।

**२०७८ फाल्गुन ९ गते, दिउँसो**

## २.२.११ बैतडी, न्वालीमा हलिया समुदायसित प्रत्यक्ष सामुदायिक छलफल

- हामीले बस्तीमा देबुली भुल, मोहन भुल, दम्वा भुल, उत्तर भुल, गणेश भुल, जुनकिगो भुल र तारा भुल लगायत ५० भन्दा बढी व्यक्तिहरू भेट्यौं । सबै हलिया नहुन सक्छन् तर अधिकांश हलिया थिए ।
- यो बस्ति वि.सं. २००३ सालदेखि वसेको रहेछ । यहाँका अधिकांश ब्यक्ति बिगत ४५ वर्षदेखि हलिया बस्दै आएका छन् ।
- हलिया मुक्तिको घोषणा भएपनि यो बस्ती आज पनि मुक्तभएको छैन । यिनीहरू परम्परागत रुपमा अहिले पनि हलियाको रुपमा नै काम गर्दै आएका देखिन्छन् ।
- उनीहरूको भनाई अनुसार आफूहरूले तथ्याकमा फारम भरेको तर मालपोतमा बुझ्न जाँदा अरु गाउँका कसैको ३/३ पटक नाम आएको तर आफूहरूको नाम नभएपछि निराश भएर फिर्ता हुनु परेको हो ।
- छूटमा निवेदन दिन जाँदा मालपोत कार्यालयले हलिया मुक्ति समाप्त भईसक्यो भन्ने जवाफ दियो ।
- यस बस्तीमा १०० भन्दा बढी हलिया घरधुरी छन् जसमध्ये ७० भन्दा बढी हलियाको काम गर्छन् ।
- सदरमुकामबाट निकै टाढा भएकोले कामका विकल्पहरूमा भारत जानु वा मालिककोमा हलिया हुनु मात्र छ । अरु हामीसित बिकल्प नै छैन भन्छन् ।

**बस्तीको सामुहिक मागहरू**

- छूट हलियाको परिचय पत्र दिइयोस् ।
- हामी हलिया हौं । हामी सबैलाई घरवास चाहियो ।
- शिक्षा, स्वास्थ्य र रोजगारी, प्राविधिक शिक्षा चाहियो ।
- कार्ड भएका हलियाका सन्तानलाई सवै क्षेत्रमा रोजगारीको आरक्षण दिइयोस् ।
- श्रोतसाधन सहित रोजगारी पाइने खालको सीप तालिमको ब्यवस्थाहोस् ।
- बस्तीमा खाने पानीको ब्यवस्थाहोस ।
- ऐलानी जग्गा दर्ता गरियोस् ।

- सुरुमा मालिकको डरले फारम भरिएन । अब फाराम भर्ने मौका फेरि एकचोटि दिइयोस्।

**२०७८ फाल्गुन १० गते, साँझ**

## २.२.१२ दार्चुला गाकुले क्षेत्र, लेकम गापा ४ गणेत स्थित हलिया बस्तीमा छलफल

- दार्चुला जिल्लाको गोकुले क्षेत्रको लेकम गाउँपालिका वडा नंबर ४ स्थित गणेत गाउँमा ५५ परिवार दलितहरूमध्ये सबै हलिया रहेको बताए ।
- हामीहरू त्यो गाउँमा जाँदा केही पुरुषहरू दिनको काम सकेर जम्मा भएका थिए भने महिलाहरू गोकुले बजारमा काम गर्न गएकाले फर्केका थिएनन् ।
- यो बस्ती गोकुले बजारबाट १० किमीको दूरीमा थियो ।
- यस बस्तीमा सबैजसो सार्कीहरू बस्दा रहेछन् भने केही परिवार दमाइ र कामी समेत
  रहेछन् ।
- हाम्रो छलफलमा सहभागीहरूमा नरेश, कृपाराम, रमेश, धनपती, रघुबीर, गणेश, धनसिह, धने, काशिराम, कुलकुते, कम्मर सार्की लगायत रहेका थिए ।
- उनीहरूका अनुसार हलिया मुक्ति भएको सुनियो तर केही थाहा पाइएन । अहिले पनि हामी हलिया नै भएर काम गरिरहेका छौं । हाम्रो रोजगारी भनेकै यही हो ।
- छलफलमा हाल हलियाको नै रुपमा कार्यरत १० जना सहभागी थिए । मुक्ति भएपनि कुनै विकल्प नभएकाले फेरी हलिया भइयो भन्ने उनीहरूको भनाइ थियो ।
- मजदुरी गर्न जादा १० दिन पाइन्छ २० दिन खालि बसिन्छ तर हलिया काम निरन्तर
  पाइन्छ । त्यसैले हामी हलियामै सुरक्षित हुन्छौ ।
- बस्तीमा हलियाहरूले एक लाख ६० हजारदेखि १० हजारसम्म ऋण लिएको पाइयो ।
- उनीहरूले भने कि, हाम्रो एकै घरका ४, ५ जनासमेत हलिया छौं ।
- यस्तो स्थितिमा जनप्रतिनिधिहरू यस बस्तीमा आउँछन कि आउन्नन् भन्दा सबैले एक स्वरले भने- गएको चुनावपछि आएका छैनन् । अब चुनावमा आउलान् नि ।
- तपाईंहरू भोट दिनुहुन्छ त ? भनी सोद्धा केहीले दिन्नौं भने । तर अधिकांशले हाम्रा मालिकहरूले जता भन्नुहुन्छ त्यतै हाल्छौं भने । किन त ? भनी प्रश्न गर्दा हाम्रो सरकार नै मालिक हो हामीलाई सरकारले के दिएको छ र ? भनेर उल्टै प्रश्न गरे ।

यस्तो कहालीलाग्दो जवाफपछि तपाईंहरूको समस्या हल गर्न के गर्नुपर्ला भनेर सोद्धा उनीहरूको जवाफ यसप्रकार थियो :

- सर्वप्रथम छूट हलियाको परिचय पत्र दिनुपर्‍यो ।
- हाम्रो नाममा रहेको ऋण व्यवहारिक रुपमा खारेजी हुनुपर्‍यो ।
- हाम्रो घर जग्गा दर्ता नभएकोले जमिन तत्काल दर्ता गर्नु पर्‍यो ।
- रोजगारी छैन, आय आर्जन हुने खालको रोजगारी दिनुपर्‍यो ।
- शिक्षा र स्वास्थ्यको व्यवस्थागरिदिनु पर्‍यो ।

- सार्कीहरूको बस्ती भएकाले मरेका गाइवस्तु हाम्रै वरिपरि फाल्ने चलन भएकाले दुर्गन्धले बसिसक्नु हुन्न, महामारी फैलिने डर हुन्छ । त्यसैले व्यवस्थित खाल्डोको व्यवस्थाहुनुपर्‍यो ।
- ॠण पाए उपचार ॠण नपाए मसानघाट जस्तो हाम्रो नियति छ । त्यसैले हाम्रो स्वास्थ्य उपचार हुनुपर्‍यो । गाउँमा हेल्थपोस्ट भए सारै सुविधा हुने थियो ।
- रोजगारीका लागि सीप तालिम गरिदिनु पर्‍यो । हामीलाई सहकारी खोल्न सिकाइ दिनुपर्‍यो । जुत्ता, फर्निचर, प्लम्बर, सिकर्मी, डकर्मी, टेलरिङ्ग आदिको तालिमको व्यवस्थाहोस् । तालिमपछि केही पैसा पनि दिइयोस् । नत्र तालिम खेर जान्छ ।
- छाला प्रशोधन तथा व्यवस्थापन गरी स्थानीय उद्योग खोल्नु पर्‍यो । नजिकै कारखाना खोले हामी त्यहाँ काम गर्न पाउने थियौँ ।
- बस्तीमा १० कक्षा पास गर्ने त धेरै छैनन् तर पढेकाहरूलाई रोजगारी चाहियो ।

**२०७८ फागुन १० गते, बिहान**

**डडेल्धुरा : अमरगढी नपा ८, खनमडा**

### २.२.१३ हलिया प्रतिनिधि र समुदायसित प्रत्यक्ष सामुदायिक छलफल



सर्वप्रथम हलिया महासंघ, डडेल्धुराका पूर्वअध्यक्ष तुलाराम सार्कीले स्वागत गर्दै बस्ती र जिल्लाको अवस्थाका बारेमा स्पष्ट पार्नुभयो । उनका अनुसारः

- डडेल्धुरा जिल्लामा जम्मा हलिया २,५७४, परिचय पत्र पाउनेको संख्या २,३७७ छ ।
- यो बस्तीसँग जोडिएको अर्को बस्ती टाटर पूरै छूटेको छ ।
- छूट हुनुको कारण त्यो बेला मोहीयानी हक लाग्छ भनेर हल्ला चल्नु, मालिकले दबाब दिनु, मालिकको डरले खुल्न नसक्नु हो ।
- जिल्लाभरी छूट हलियाको संख्या ४,००० बढी छ ।

हलिया महासंघका वर्तमान जिल्ला अध्यक्ष भरत सार्कीका अनुसारः

- जिल्लाको ७ वटा गाउँपालिका र २ वटा नपामध्ये नवदुर्गा गापामा २ र मणिलेक दिलेलीमा ४० भन्दा बढी हलिया परिवार छूटेका छन् ।

राष्ट्रिय दलित नेटवर्कका जिल्ला प्रतिनिधि लोकेन्द्र ताम्राकारका अनुसारः

- कतिपय व्यक्तिहरू अहिले पनि हलियाकै शर्तमा हलो जोतिरहेको अवस्था छ ।
- तत्कालिन असिग्राम गाविसको तथ्याङ्क लिइयो तर ४० जनाको मात्र परिचयपत्र आयो । फेरि सर्वदलीय समितिवाट १७९ जनाको फारम भरेर पठाएको थियो तर केही जवाफ आएन ।
- वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाको गाविस गन्यापधुरा वडा नंबर ५ रुमाइलमा १५० भन्दा बढी परिवार हलिया छुटेको छ । १ जनाले मुद्दा हालेर परिचयपत्र पाएका छन् ।
- जोगबुढाका १ नगरपालिका र १ गाउँपालिकामा झण्डै २००० हजारको हाराहारीमा छूटेको छ ।

स्थानीय संचारकर्मी ललित बोहराका अनुसार

- अजय मेरु र अमरगढी नगरपालिकाकाले समग्र गरिवीको तथ्यांक लिएको छ ।
- गणकले बस्तीमा जाँदै नगईकन गाउँभन्दा टाढा चौतारामा बसेर तथ्याङ्क लिएको, आफै हलिया मालिक रहेका गाविस सचिवहरूको पूर्वाग्रह रहेको, संकटकाल, मालिकको नाम लेख्नुपर्ने बाध्यता र मालिकको धम्कीका कारण हलियाको तथ्याङ्क छूट हुन पुगेको हो ।
- यस खन्मणा बस्तीका ७ जनाले मालिकको नाममा मुद्दा हालेर मुद्दाको विजयपश्चात आन्दोलन चर्केको हो ।
- हलिया मुक्तिका कारण उनीहरू स्वतन्त्र भएका छन्, केहीले घर बनाएका छन् ।
- परिचय पत्र पाएका सेवा सुविधा नभएका ३१ जना र ५६ जनाले पहिलो किस्ता पनि पाएका छैनन् ।

*समुदायका अधिकांश सदस्यहरूको मुख्य मुख्य भनाइहरू :*

- डडेलधुरामा गाउँका गाउँ, बस्तीका बस्ती नै छूट भएका छन्। छूट हलियालाई फेरि एकपटक नाम दर्ता गर्ने मौका दिइयोस् । अब मालिकसित डराएर नाम दर्ता नगराउने भूल हुने छैन ।
- छूट हलियाको तथ्याङ्क संकलन गरी परिचय पत्र दिइयोस् ।
- घरवास समेत अरुको नाममा भएकाले दुख पाइने डर छ । त्यसैले हाल बसिरहेको घरबास आफ्नो नाममा दर्ता गरियोस् ।
- रोजगारीको ब्यवस्था गरियोस् । रोजगारी नहुनाले फेरि हलिया हुन बाध्य हुनुपर्ने स्थितिबाट हामीलाई मुक्तगरियोस् । रोजगारीको लागि गाउँ बजारमा काम पाइने खालको सीप तालिम दिइयोस् । अथवा, हामीलाई जोतीखाने जमिन दिइयोस् ।
- परम्परागत सीपका आधारमा बाँस, निगालाको डोको डालो नाङ्लो टोकरी जस्तो सामान बनाउन सकिन्छ । छालाको जुत्ता बनाउन सकिन्छ । फलामको औजार, भाँडा, तामाको भाँडा बनाउन गर्न सकिँन्छ । हाम्रो परम्परागत सिपलाई आधुनिक तालिम दिएर थौरै पुँजी अनुदान दिइयोस् । हामी गरेर खान्छौं ।

- शिक्षा, स्वास्थ्यको ब्यवस्था गरियोस् ।
- हलियाको बर्गीकरणमा धेरै गडबड गरियो । क तथा ख हुनुपर्नेलाई अर्काको जमिनमा भएको एउटा टहरो भएकालाई घर भएको ठहऱ्याई घ पारियो । त्यसैले हलियाको वर्गीकरण पुनः गरियोस् । ठिकसित गरियोस् ।
- हामी हाम्रा मालिकहरूदेखि वाक्क भएकाले हाम्रो सिंगो बस्ती अन्तै लगेर भएपनि पुनःस्थार्पना गरियोस् ।

**२०७८ फाल्गुन ११ गते, बिहान, कंचनपुर : पुर्नवास नगरपालिका ९, सितापुर**

**२.२.१४ कंचनपुर : पुर्नवास नगरपालिका ९, सितापुर बस्तीमा हलियाको लागि बसोवास भनेर बनाइएको बस्तीको अवलोकन भ्रमण**



*कञ्चनपुर पुनर्वासमा हलियालाई भनेर बनाइएको बस्ती माननीय मन्त्री शशी श्रेष्ठ तथा प्रदेश भूमि व्यवस्था मन्त्री विनिता चौधरी स्वयमले निरीक्षण गर्दै ।*

हलियाकै लागि भनेर हालै निर्मित बस्तीमा संघीय भूमिव्यवस्था, सहकारी तथा गरिवी निवारणमन्त्री माननीय शशी श्रेष्ठ, यही बिषयका प्रदेश मन्त्री विनिता चौधरी, मन्त्रालयका सहसचिव जनकराज जोशी, प्रदेश मन्त्रालयका प्रतिनिधिसहित अध्ययन समिति यो बस्तीमा अध्ययन भ्रमणमा जाने कार्य भयो ।

यस बस्तीलाई हलिया पुनःस्थापनाको नमूना बस्ती भनिएको थियो । तर यथार्थ त्यस्तो देखिएन ।

- यस बस्तीमा  हलियाको लागि भनेर ४२ वटा घर निर्माण भएका रहेछन् । तर हाल ती घरहरूमा केवल १० परिवार मात्र बस्ने गरेको पाइयो । बाँकी सबै घर रित्ता देखिए । हलिया बस्ती बसाल्न भनेर गरिएको सरकारको धेरै ठूलो लगानी अनाहकमा खेर गएको देखियो ।
- ३ परिवार त सम्पर्कमैं नआएको अवस्था रहेछ ।
- कतिपय परिवारका मानिसहरू हामी आउने सुचना पाएपछि बिहान हतार हतार आएर खाना पकाउन थालेको देखियो ।

- बस्तीको एकदमै नजिकै १०० मिटरको दूरीमा भारतीय सीमाना रहेछ । सीमानामा भारतीय आरक्षित जंगल रहेछ । त्यसमा कुनै तारबार नहुनाले जंगली हात्ती आएर बस्तीमा तबाह मच्चाउँदो रहेछ ।

हामीले बस्तीमा बसेकाहरूलाई यस्तो किन भयो ? यो बस्तीमा समस्या के रहेको छ ? भनेर सोद्धा उनीहरूको उत्तर यस्तो थियो :

- यहाँ नजिकै जीविकोपार्जनका लागि कुनै रोजगारी पाइँदैन ।
- बस्तीमा खानेपानीको कुनै ब्यवस्थाछैन । बिजुली जडान भएको छैन । त्यो समस्या हल हुनुपर्‍यो ।
- भारतको जंगलबाट जंगली जनावरबाट ठूलो असुरक्षा भएकाले सुरक्षा चाहियो । सीमानाको जंगलमा तारबार हुनु पर्दछ ।
- हामी घर पाएर खुशि त छौं । तर रोजगारीको विकल्प छैन । हामीलाई कोही हेर्दैन । हाम्रो अभिभावक भन्ने नै कोही भएन ।
- कहिले काहीँ काम पाउँदा दैनिक ज्याला ३०० देखि ५०० सम्म मात्र पाइन्छ । धेरैजसो कामै पाइँदैन ।
- घर त पायौँ अब हामीलाई सिपमुलक तालिमहरू चाहिएको छ ।
- यस नमुना बस्तीका लागि रोजगारीको व्यवस्थाकासाथै सिमानाको जमिन भनेर बैंकहरूले समेत नपत्याउने समस्याको हल हुनुपर्दछ।

**नारायणप्रशाद जैशी वडाअध्यक्ष**

- सर्वप्रथम मन्त्रीज्यूलगायत सिंगो टीमलाई स्वागत तथा आभार व्यक्त गर्न चाहन्छु।
- हामीले यो बस्तीमा ट्वाइलेटका लागि रु.३ लाख दिएका छौं ।
- ३ फेज विजुली लाईन आइसकेको छ । खानेपानीको ब्यवस्थासकिदैछ । अब खानेपानी आउँछ ।
- सवैको घरमा मिटर जडान हुदैछ ।
- तिनतिर दुदुवा नेश्नल पार्कीङ्ग भएकाले जंगली जनावरहरूबाट असुरक्षा छ ।
- यहाँको सीमानामा १ किमि भित्रको इन्ट्री भएको जमिन बैंकले स्विकार गर्दैन । यसप्रति ध्यान जाओस् ।

**माननीय मन्त्री शशी श्रेष्ठ**

- हामीले मुक्तकमैया, हलिया, कम्लहरी र हरवाचरवाको समस्या विकराल छ भन्ने सुनेपछि सोको सही ढंगले अध्ययन गरी सिफारिस गर्न श्याम श्रेष्ठको नेतृत्वमा ५ सदस्यीय अध्ययन समिति बनाएको छ । त्यसले दिएको प्रतिवेदन अनुसार सरकारले काम अघि बढाउने छ ।
- संविधानमा लेखिएको कुरा कार्यान्वयन गरी व्यवहारमा लागु गर्नुपर्छ भन्ने हाम्रो मन्त्रालयको धारणा रहेको छ । हामी स्थायी समाधानको उपाय खोज्न चाहान्छौ । त्यसैको लागि यो अध्ययन समिति गठन भएको हो ।
- हामी अन्य मंत्रालयसंग मिलेर रोजगारी श्रृजना गर्न चाहन्छौ ।
- तपाइँहरू जुन समस्यासंग जुधेर बसिरहनु भएको छ ती यहाँका स्थानीय समस्या हल गर्ने प्रयास प्रदेश र स्थानीय सरकारवाट गरिएको होला । बाँकी समस्याको हल गर्नका लागि हामी लागिपर्नेछौं ।

- अब तुरुन्तै अमिनको तालिम गर्ने योजना कार्यान्वयनको तहमा पुगेको छ ।
- समस्या समाधानको लागि हामी निरन्तर लागिपर्नेछौं । म आफू पनि तपाईहरूको समस्यासंग परिचित हुन र समाधानको उपाय थलोमै बसेर सुझाउन तपाइहरूको बस्तीमा आउनु परेको जानकारी गराउन चाहन्छु ।
- अध्ययन समितिको प्रतिवेदन कार्यान्वयनको लागि योजना बनाइने प्रतिबद्धता व्यक्त गर्दछु ।

**२०७८ फागुन ११ गते, बिहान,**

### २.२.१५ धनगढी कैलालीमा भूमि शासन तथा नीति निर्माण सम्बन्धी अन्तरसंवाद कार्यक्रम धनगढी, कैलाली



*धनगढीमा भूमि ब्यबस्था मन्त्रालय र सि.एस.आर.सी.द्वारा संयुक्त रुपमा आयोजित अन्तर संवादका सहभागीहरु*

- भूमिब्यवस्थामन्त्रालय तथा आत्मनिर्भर केन्द्रको संयुक्त आयोजनामा यो कार्यक्रम रणनीतिक महत्वको थियो ।
- यस गोष्ठीमा भूमि ब्यवस्था, सहकारी तथा गरिबी निबारण मन्त्री शशी श्रेष्ठ, प्रदेशका सरोकारवाला मन्त्री बिनीता चौधरी, उच्चपदस्थ कर्मचारीहरू, स्थानीय तहका मेयर र अध्यक्षहरू, नागरिक समाजका अगुवाहरू, बौद्धिक ब्यक्तित्वहरू र सरोकारवाला हलिया र कमैया संगठनका अगुवाहरूका अलावा हाम्रो सिंगै अध्ययन समितिको सहभागिता रहेको थियो ।
- यो कार्यक्रममा सर्वप्रथम सुदूरपश्चिम प्रदेशको भूमिब्यवस्थातथा प्रशासनका विषयमा प्रदेशको भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिवले स्वागत गर्नु भयो ।
- त्यसपछि भूमिशासनमा स्थानीय तहको अधिकारको प्रयास तथा चुनौति र अवसरका विषयमा गाउँपालिका महासंघका कार्यकारी निर्देशक राजेन्द्रप्रशाद प्याकुरेल, भूमिशासन तथा ब्यवस्थापनमा प्रदेश सरकारको अधिकार, प्रयास, अवसर र चुनौतीका विषयमा प्रदेश मन्त्रालयका निर्देशक धर्मराज ओझा, भूमिप्रशासनको स्थानीयकरणमा जनकराज जोशी, भूमिशासनको स्थानियकरणको आवश्यकता र महत्वका विषयमा डा.जगत बस्नेतले पावर-प्वाइण्टमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

- सो गोष्ठीमा मुक्तहलिया, कमैया कम्लहरी र हरवाचरवाको अवस्था अध्ययन समितिका तर्फबाट अहिलेसम्म कमैया र हलिया सम्वन्धी फिल्डगत अध्ययन भ्रमणबाट के के नयाँ तथ्य थाहा भयो भन्ने सम्वन्धमा संयोजक श्याम श्रेष्ठले प्रस्तुति गर्नु भएको थियो ।
- प्रस्तुत भएका अवधारणा पत्रमा क्रमशः कम्लहरी प्रतिनिधि सीता चौधरी ( कञ्चनपुर), हलिया महासंघका अध्यक्ष इश्वर सुनार, कमैया आन्दोलनका अगुवा पशुपति चौधरी, मुक्तकम्लहरीका तर्फबाट कौशिल्या चौधरी र भूमिअधिकार मंचका कर्ण मल्ललगायतका व्यक्तिहरूले आफ्नो धारणा र टिप्पणी राखेका थिए ।
- उक्त कार्यक्रममा जनप्रतिनिधिकातर्फबाट महाकाली नगरपालिकाका बीरबहादुर सुनार, गौरीगंगा नगरपालिकाका नगरप्रमुख भीमबहादुर देउवा, शुक्लाफाँटा नगरपालिकाका नगरप्रमुख, धनगढी उपमहानगरपालिकाका कार्यपालिका सदस्य प्रेम विकले विचार प्रस्तुत गरेका थिए ।
- प्रदेशसभा सासद कुन्ता जोशीलगायतका व्यक्तिहरूले आफ्ना सुझावसहितका विचार राख्नु भएको थियो ।




*धनगढीमा आयोजित गोष्ठीमा मन्त्री शशी श्रेष्ठ तथा अध्ययन समितिका सदस्यहरु*

**बिनीता चौधरी : माननीय मन्त्री, भूमिव्यवस्था, कृषि तथा सहकारी, सुदूरपश्चिम प्रदेश**

- हाम्रा छलफलहरू निष्कर्षबिहीन नहोउन् भन्नेतर्फ हामी सजग हुनुपर्दछ ।
- जो जहाँ बसेका छन् त्यहि नापी गरि दिए हुन्छ भन्ने मेरो विश्वास छ ।
- राष्ट्रिय भूमि आयोगमा प्रदेशको भूमिकाविहिन बनाइएको छ । यो भूल सच्याइयोस् भन्ने कुरामा ध्यानाकर्षण गर्न चाहन्छु ।
- तथ्याङ्क लिने र पुनर्स्थापना गर्ने काममा गल्ती भयो त्यसलाई सच्याउने उपाय खोजिनुपर्दछ । कमैया र हलियाको एकिकृत बस्ती बिकासको योजनामा प्रति घर ६ लाख बजेट राखिएको छ ।
- कमैया, कम्लहरी र हलियाका लागि सीप तालिम दिनुको कुनै बिकल्प छैन । त्यो हर हालतमा दिनै पर्दछ भन्ने निष्कर्षमा म पुगेको छु ।

- केही सहकारीलाई बिउपुँजी प्रदान गरेका छौ ।
- अब आउने अध्ययन समितिको प्रतिबेदन कार्यान्वयन गर्न म प्रतिबद्ध छु ।
- संघ सरकारले प्रदेश र स्थानीय सरकारसित मिलेर यो प्रतिवेदनको कार्यान्वयन गरोस् ।

**शशी श्रेष्ठ : माननीय संघीय मन्त्री, भूमिव्यवस्था, सहकारी तथा गरिवी निवारण**

- नेपालको संबिधान असहमति बिचको सहमतिको साझा दस्तावेज थियो । यो संविधान अधिकारका हिसाबले केहीलाई बढी र केहीलाई अपुग भएको छ ।
- म आफू मन्त्री भएर आएपछि कमैया, कम्लहरी, हलिया, हरवाचरवा, भूमिहिन, सुकुम्बासीहरूका प्रतिनिधीहरू बोलाएर सुझाव लिएँ । त्यसको आधारमा नागरिक आन्दोलनका अगुवा श्याम श्रेष्ठको संयोजकत्वमा अध्ययन समिति निर्माण गरेका छौं ।
- असंभव केही छैन, आउनुहोस् सबै मिलेर समस्याको हल गरौ ।
- हामी भूमि आयोग जिल्लास्तरमा बनाउने चरणमा छौं, तर कतिपय सिफारिशहरू अशोभनीय भएकाले ढिलाइ भएको छ ।
- विगतको आयोगहरूको स्वामित्व लिन हामी तयार हुनुपर्दछ ।
- बिगतबाट पाठ सिकेर नयाँ काम गरौ । गाऊँब्लकको नापी भएको छ । १४,००० लाई लालपुर्जा दिईसकेको छ ।
- यो अध्ययन समितिलाई पारिश्रमिक लगायत सेवा सुबिधा केही पनि दिइएको छैन र उहाँहरू हरवाचरवा मुक्तहलिया र कमैया कम्लहरीका समस्या हल गर्ने उद्देश्यले स्वयम्सेवाका रुपमा सहयोग गरिरहनु भएको छ ।
- अध्ययन समितिको प्रतिवेदन प्राप्त भएपछि त्यसको आधारमा सरकार अघि बढ्नेछ । संघका तर्फबाट कुनै कसुर बाँकी राखेको छैन, राखिने छैन ।

**२०७८ फागुन ११ गते, दिउँसो**

**२.२.१६ बेलडाडी गाउ□ालिका १, २ धनगढी कैलालीका प्रतिनिधिह□स□ छलफल**

- बेलडाँडी गाउँपालिकामा २१ परिवार मुक्तहलियाको पुनःस्थापना गरिएको थियो । तर सरकारले जमीन दियो तर हचुवाको तालमा दियो । दिइएको सो जमिन पनि स्थानीय बासुदेव उपाध्यायले आफ्नो भएको दावी गऱ्यो ।
- तर नेपाल सरकारले सो जग्गा लालपूर्जावाल सरस्वती बिष्टबाट किनेको थियो । तर बासुदेव उपाध्यायले उल्टो हलियाका नाममा मुद्दा हाल्यो ।
- वि.स.२०७२ सालमा नापी आउँदा नापीका प्रतिनिधिसहितलाई बासदेवले मान्छेहरू लगाएर लखेट्यो ।
- जिल्लाबाट मुद्दा जितियो । हाल उच्च अदालत राजपुरमा ११ जनाका विरुद्ध मुद्दा चलिरहेको छ ।
- स्थानीय तहको आडमा किनिएको जग्गामा घर बनाउन नदिएकाले हामीले प्राप्त गरेको पहिलो किस्ता हामीले खर्च गरेर खायौं । अब के गर्ने समस्या भएको छ ।
- यसमा अध्ययन समितिको ध्यान आकर्षित होस् ।

**२०७८ फागुन ११ गते, दिउँसो,**

**शुक्लाफाँटा, कञ्चनपुर**

### २.२.१७ शुक्लाफाट्टा कञ्चनपुरमा हलियाका लागि भनेर किनिएको दोषपूर्ण भूमिको अवलोकन भ्रमण



*२७ हलिया परिवारका लागि किनिएको तर जानाजान अपुग किनिएकाले खाली रहेको शुक्लाफाँटाको जमिन*

- शुक्लाफाँटामा २७ हलिया परिवारका लागि खरिद गरिएको जमिनको अवलोकन भ्रमण गरियो ।
- २७ हलिया परिवारको लागि भनेर किनिएको सो जमिन जानाजान सबैलाई अपुग हुने गरी किनिएको देखियो ।
- सबैलाई अपुग भएकाले जमिन घर नबनाएर उत्तिकै खाली रहेको अवस्था थियो ।
- जमिन खरिदमा हलिया महासंघका अध्यक्ष स्वयमको् भुमिका रहेको उहाँ स्वयम्बाट जानकारी मिल्यो ।
- अपुग भनेर थाहा हुँदाहुँदै किन यस्तो दोषपूर्ण जमिन किनियो ? भनेर प्रश्न गरियो । उत्तर चित्तबुझ्दो आएन ।
- दायाँ छेवैको केही थप जमिन खरिद गरेर जमिनको बीचमा घडेरी बाटो राखियो भने जमिन बल्ल पुग्ने जस्तो देखियो । त्यही गर्न सल्लाह दिइयो ।

**२०७८ फागुन ११ गते, दिउँसो**

### २.२.१८ बागफाटा, कंचनपुरमा नमूना भनिएको सरकारनिर्मित हलिया बस्तीको अवलोकन भ्रमण



- यो बस्तीलाई हलिया पुनःस्थापनाको सबैभन्दा राम्रो नमूना भन्ने गरिन्छ ।
- तत्कालिन भूमिव्यवस्था, गरिवी निवारण र सहकारी मन्त्री पद्मा अर्याल स्वयम्ले यसको उद्घाटन गर्नु भएको रहेछ ।
- यस बस्तीमा २२ वटा घरहरू रहेछन् । सामान्यतया घरहरू राम्रै अवस्थामा देखिन्छन् ।
- दूरीका हिसाबले पनि यो बस्ती महेन्द्रनगरबाट १० किमिको मात्र दूरीमा छ ।
- तर यस बस्तीमा एक तिहाइ घरमा घर प्रदान गरिएका हलिया आएर बस्दैन रहेछन् ।
- यस बस्तीमा नबस्नुको कारण किन ? कतै उनीहरूसंग अन्त पनि बस्ने विकल्प छ कि त ? यो प्रश्न गर्दा बस्तीका सबै मानिसहरूले एकै मुखले जवाफ दिए कि हलियाका नाममा बलियाहरू आएर बसे । यीमध्ये धेरै मानिसहरू गैरहलिया हुन् । उनीहरूको अन्यत्र पनि घर रहेको छ । त्यसैले उनीहरू यहाँ बस्दैनन् । उतै बस्छन् ।
- केहीका सट्टामा उनीहरूकै अनुरोधमा अरु नै मानिस आएर बसेको पनि पाइयो । त्यस्ता तीन घर देखिए ।
- कतिपय भाडामा बसेको देखियो ।



*अधिकांश हलियाहरु नबस्ने बागफाँटाको रित्तो नमुना हलिया बस्ती*

**उनीहरूका आवाज**

- हलियाका नाममा बलियाका लागि घर बनाइ दिएकाले यस्तो स्थिति आएको हो ।
- पीडित हलिया यहीँ बसेका छन् । धेरै हलिया जसको घरवास अन्तै छ, उतै बसेका छन् ।
- अबदेखि यसरी घर बनाई दिँदा समस्या मिल्ने, संस्कृति मिल्ने, चिनजानका वास्तविक हलियाको बस्ती बनाइ दिनु पर्छ ।
- नत्र यस्तै हुन्छ । अवास्तविक मान्छेलाई सोर्सफोर्स लगाएर हलिया बनाएर घर बनाई दिनु हुँदैन ।



*हलिया नबसेर रित्तो भएको नमुना बस्तीको एउटा घर*

- अब खाली घरमा मान्छे बस्ने बातावरण बनाउनुपर्दछ । हामी अरुलाई बस्तीमा मान्छे थोरै हुँदा डरमर्दो स्थिति छ ।
- हाम्रो बेरोजगारीको समस्या हल गरिनुपर्दछ । सिलाई, सिकर्मी, डकर्मी, बिजुली वाइरिङ,साइकल मोटर साइकल बनाउने, पुतली बनाउने सीप तालिम चाहियो ।सीप भए हामी आफै कमाएर खान सक्छौं ।
- रोजगारीका लागि कृषियोग्य जमिन लिजमा जमीन दिनुप-यो । जमिन लिजमा दिने हो भने छेवैमा प्रशस्त ऐलानी जमिन छ । त्यही दिइयोस् । पुरुषहरू शहरमा काममा जाउन् । हामी महिलालाई तरकारी खेती गरेर आम्दानी गर्न सक्छौं ।
- शिक्षाको अवसर र बालकक्षा चाहियो ।
- गाउँबाट स्कूल जाने ठाउँमा बीचैमा सानो खोलो छ तर पुल छैन । हाम्रा बच्चा काठमा झुण्डेर खोला तर्छन् । कोही समय समयमा खोलामा खस्छन् । यो अति डरलाग्दो भयो । त्यसैले खोलामा पुल चाहियो ।



*नमुना भनिएको बागफाँटामा साना नानीहरु स्कुल जानको लागि प्रयोग गर्ने काठको भयाभह पुल*

२०७८ फागुन १२ गते, दिउँसो

**सुर्खेत, कर्णाली प्रदेश**

### २.२.१९ सुर्खेत कर्णालि प्रदेशमा भूमिव्यवस्था, कृषि तथा सहकारीमन्त्री माननीय चन्द्रबहादुर शाहीस□ छलफल



- हामी सुर्खेत पुगेकै दिन सरोकारवाला मन्त्रालय भूमिव्यवस्था, कृषि तथा सहकारीमन्त्री माननीय चन्द्रबहादुर शाहीसंग उहाँकै कार्य कक्षमा छलफल भयो । सो भेटघाटका क्रममा मन्त्रालयका सचिव डा.कृष्णलाल भट्टको समेत उपस्थिति रहेको थियो ।
- अध्ययन समिति कर्णाली प्रदेशमा आउनुको कारण बारे समितिका संयोजक श्याम श्रेष्ठले जानकारी दिनु भयो ।
- सो भेटघाटका क्रममा माननीय मन्त्रीले स्वागतसहित हिमपातका कारण हुम्ला लगायत कुनै पनि हिमाली क्षेत्रमा अहिले हलिया रहेको फिल्डमा जाने स्थिति नरहेको हुनाले सुर्खेत र जाजरकोटको भ्रमणपश्चात कर्णाली प्रदेशका सुर्खेतमा उपलब्ध हलिया बारे जानकार सरोकारवाला व्यक्तिहरूको छलफल आयोजना गर्ने प्रस्ताव गर्नुभयो । अध्ययन समितिले त्यसलाई सहर्ष स्विकार गर्दै सुर्खेत र जाजारकोटको योजना तय गरियो ।

२०७८ फागुन १२ गते, साँझ,

## २.२.२० बीरेन्द्रनगर नपा १० शान्तिनगर टोल, सुर्खेत हलिया बस्तीमा हलियाह□सित प्रत्यक्ष सामुदायिक छलफल



सुर्खेतको वीरेन्द्रनगर नपा १० शान्तिनगर टोलको हलियाहरु सित प्रत्यक्ष सामुदायिक छलफल

छलफलमा उपस्थित हलिया महासंघका जिल्ला अध्यक्षले बताए अनुसार

- सुर्खेत जिल्लामा मुक्तहलियाहरू ६६८ छन् ।
- प्रमाणिकरण भएको ४९५ र परिचय पत्र भएका ४३६ हलिया घरधुरी छन् ।
- छूट हलिया ५६३ रहेका छन् ।
- सो बस्तीको छलफलमा, हलिया महासंघका जिल्ला अध्यक्ष, केन्द्रीय सदस्यहरूको समेत उपस्थिति रहेको थियो ।
- स्थानीय सन्ध्या परियारका अनुसार जातीय हिसावको दमन (पेशागत) अहिले पनि जारी छ ।
- शिक्षित बेरोजगारलाई, रोजगारी र भर्तिमा हलिया कोटा नभएको अवस्था छ ।
- यो गाउँमा पूर्व हलिया रहे पनि सुकुम्वासीलाई पनि हलिया भन्ने र गैरहलियाले आफूलाई सुविधाको प्रलोभनमा हलिया भन्ने समस्या रहेको देखियो ।
- कैयन् हलियाहरू यहाँ ज्यालादारी मजदुरमा रुपान्तरित भएको देखियो ।
- सुर्खेत जिल्ला कमैया नभएको कम्लहरी भएको जिल्लाका रुपमा चिनिन्थ्यो । यहाँका थारुहरू कमैयाका रुपमा काम गर्दथे तर उनीहरूलाई अहिले कमैया नभनी हलियाको रुपमा चिनाउन थालिएको देखिएको छ । त्यसैले यस जिल्लामा हलिया संगठनमा उनीहरू आबद्ध भएका छन् ।
- सुर्खेत जिल्लाको अधिकांश स्थानमा हलिया तथ्याङ्क संकलन गर्न बाँकी देखिएको छ ।

- यहाँ परम्परागत हलियाको संख्या कमी भएपनि जसलाई हलियाको परिचय पत्र वितरण गरिएको छ त्यस आधारमा ठूलो संख्यामा हलियालाई परिचय पत्र दिनुपर्ने हुन्छ ।



*सुर्खेत शान्तिनगरमा हलिया समुदायसँग अन्तरङ्ग छलफल गर्दै अध्ययन समितिका संयोजक र सदस्यहरु*

बस्तीको समस्या

- छूट हलियाको समस्या । छूट हलिया यस कारणले ज्यादा भए किनकि गणकहरू गाऊँबस्तीमै आएनन् । अन्तै बसेर फाराम भरे कतिपय हलिया घरमा नभएको बेला पऱ्यो । त्यसकारणले पनि छूटे । नागरिकता नभएको अवस्था रह्यो । त्यही कारणले पनि छूटे ।
- हलिया बर्गिकरणको पनि समस्या छ ।
- हाल पहिलेका हलिया साहुले अहिले बटैयामा जमिन बाहेक केही पनि दिन्न । धानपराल घरमै पुऱ्याउनु पर्दछ ।

<u>समाधानका उपायहरूबारे</u>

- छूट हलियालाई फेरि तथ्याङ्क लिने काम हुनु पर्दछ । उनीहरूलाई परिचय पत्र दिइनु पर्दछ ।
- बेरोजगारीको समस्या गाउँमा चर्को छ । यसको लागि या त खेती गर्न जमिन दिनु पऱ्यो या सीप तालिम गरिदिनु पऱ्यो ।
- हलियाको बर्गिकरण बैज्ञानिक ढंगले हुनुपऱ्यो ।
- हाम्रो सन्तानको लागि शिक्षाको ब्यवस्था हुनु पऱ्यो ।
- गाउँमा खानेपानीको चर्को समस्या छ । हामीलाई खानेपानीको ब्यवस्था हुनु पऱ्यो ।

२०७८ फागुन १३ गते, बिहान,

## २.२.२१ कँ ीगाउ, भेरीनगरपालिका ११ (जगतीपुर) जाजरकोट हलिया बस्तीमा हलियाको वस्तुस्थिति बारे प्रत्यक्ष सामुदायिक छलफल



- शुभारम्भमा हाम्रो टोलीलाई स्थानीय तथा हलिया महासंघका केन्द्रीय सदस्य प्रसाद नेपालीले स्वागत गरे ।
- त्यसपछि विषय वस्तुमा अध्ययन समितिका संयोजक श्याम श्रेष्ठले विषय प्रवेश गर्नुभयो ।

हलिया महासंघ जाजरकोट जिल्लाका अध्यक्ष डम्मर नेपालीका अनुसार:

- यो बस्तीमा जम्मा परिवार संख्या १५८ परिवार रहेको छ ।
- सिंगै बस्ती हलिया तथ्याङ्क संकलनमा छूट्यो । कसैको परिचय पत्र बनेन ।
- सूचना मालपोत हो कि जिल्ला प्रशासनमा टाँस भयो । गाउँमा कसैले सूचना टाँस भएको थाहा नै पाएन । ३५ दिने सूचनापछि पनि कोही व्यक्ति आएनन् । त्यसैले सबैको छूट भयो ।
- गाउँमा हलिया मुक्ति भएको अहिलेसम्म थाहा नहुने मानिस पनि छन् ।
- केही व्यक्तिहरू विगत १०/१२ बर्ष देखि परम्परागत हलिया बस्दै आएको पाइयो ।
- हलिया बसेकाहरू छोराछोरी पाल्नका लागि खानेकुरा नभएर हलिया बसेको । कोही ऋणको ब्याज तिर्न पनि हलिया बसेको । हलिया बसे बापत दिनको ६ माना अन्न मात्र पाइँदो रहेछ ।

यस बस्तीमा दिलबहादुर बि.क. माओवादीका पूर्व पि एल ए समेत थिए । उनका अनुसार:

- जनयुद्धमा ब्यस्त भइयो । तर गाउँभरि हलिया छन् भनेर हेक्का नै भएन । आफ्नै परिवार पनि हलिया रहेछ । त्यो पनि थाहा भएन ।

- यस बस्तीमा अब हलिया सिध्दिएको हेर्न चाहन्छु ।
- यस बस्तीमा भएका केहीको जमिन दर्ता छ केहीको छैन । सोका लागि काम गर्नूपर्नेछ ।
- आईते ओड मिस्त्रीका अनुसार महिलाको ज्याला रु४०० देखि रु ६०० छ ।
- नगरपालिकाले लिएको तथ्याङ्क अनुसार यो गाउँमा जम्मा ३५ परिवार हलिया थिए ।
- मिस्त्रीको दैनिक ज्वाला रु १००० रहेको छ ।

तुल्सी ओडका अनुसारः

- कसैले लालपुर्जा बैंकमा राखेका छौं । हामीमाथि एकपछि कर्को ऋण थोपरिएको अवस्था छ ।
- ऋणका लागि गाउँमा साहुको भर पर्दा हाम्रो घर जग्गा धमाधम साहुको हातमा जाँदैछ । के गर्ने ? ऋण नलिइकन पनि हुँदैन, लिँदा पनि फसाद छ । ऋणकै कारण कैयन्को जग्गा गइसक्यो, कैयनको जाँदैछ ।



*जाजरकोटको कट्टी गाउँमा सामुदायिक छलफलमा भाग लिँदै दुई जना हलियाहरु*

## बस्तीको मुल समस्या

१. छूट हलिया
२. ऋण
३. रोजगारी
४. नागरिकता
५. जमिन आफ्नो नाममा दर्ता नहुनु
६. शिक्षा
७. स्वास्थ्य

बस्तीको आवाज

१. छूट हलियाको तथ्याङ्क संकलन फेरि हुनुपर्‍यो । सूचना सदरमुकाममा होइन, बस्तीमा टाँस्नु पर्‍यो या हाम्रो पालिकामा ।
२. हाम्रो ऋण मिनाहा गरेर मुक्ति दिनु पर्‍यो । नत्र हाम्रो जग्गा जमिन सबै ऋणले नै सखाप हुँदैछ ।

३. गाउँमा रोजगारी केही छैन । पढेका मानिसलाई पनि गाउँमा रोजगारी छैन । त्यसैले बाध्य भएर हलिया बस्नु परेको छ । हलिया नै हाम्रो रोजगारी हो । कि इण्डिया जानु पर्‍यो कि हलिया बस्नु पर्‍यो । त्यसैले हलियाबाट मुक्ति दिने हो भने सरकारले या त जमिन दिनु पर्‍यो खेती गरिखान । हैन भने सीप तालिम दिनु पर्‍यो, अलि गाउँ/बजारमा काम पाइने खालको, बढ्ता पैसा आउने।

४. हाम्रो जमिन हाम्रो नाममा दर्ता गरिदिनु पर्‍यो ।

५. गाउँमा कैयन्को नागरिकता नै छैन । नागरिकता नभएर धेरै अप्ठेरो परेको छ । हामीलाई नागरिकता दिनु पर्‍यो ।

६. हाम्रा छोराछोरीले बीए एमए सम्म पढ्न पाउनु पर्‍यो । सरकारले पढाउनु पर्‍यो । पढेकाको जागिर हुनुपर्‍यो ।

७. बिरामी पर्दा हेल्थ पोस्टमा सरकारबाट उपचार हुनु पर्‍यो । हाम्रो ऋण लिने एउटा कारण बिरामी भइरहेछ ।

८. पुन:स्थापनाको प्याकेज अन्त पायौँ भन्छन् । यहाँ पनि पाउनु पर्‍यो ।

**२०७८ फागुन १४ गते विहान**

### २.२.२२ सुर्खेत, कर्णाली प्रदेश, मुख्यमन्त्रीकै सरकारी निवासमा कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री जीवन कुमार शाहीज्युसँग भेटघाट



मूख्यमन्त्री जीवन कुमार शाहीले सर्वप्रथम हाम्रो टीमलाई स्वागत गर्नुभयो । त्यसपछि अध्ययन समितिको परिचयसहित अध्ययन समितिका सयोजक श्याम श्रेष्ठले अध्ययन समितिको कार्ययोजना अवगत गराउनु भयो ।

त्यसपछि मुख्यमन्त्रीले भन्नुभयो कि:

- काठमाण्डौ बसेर कर्णालीको कल्पना गर्न सकिन्न । हाम्रो कर्णाली सुनको थाली थापेर भीख माग्ने मानसिकतामा बाँचेको छ । त्यसैले यसलाई म नयाँ ढंगले संचालन गर्न चाहन्छु ।
- केही पाउछु भन्ने नाममा नक्कली हलिया बढेको छ भन्ने चर्चा रहेको छ ।
- म मुख्यमन्त्री भएको ३ महिना १८ दिनसम्म हामी हलिया भएर दुख पाएका छौं भनेर कोही भन्न आएका छैनन् ।
- ५० करोड आयआर्जनको कार्यक्रम छ ।
- हलियाको सही परिभाषा गरेर मात्र छूट हलियाको टुंगो लगाइनुपर्दछ ।
- हलियाको नतिजा पनि हलिया र एउटा कट अफ डेट राखेर अघि बढ्नुपर्दछ ।
- अध्ययन समितिको प्रतिवेदन आएपछि त्यसलाई कार्यान्वयन गर्न म मेरो ठाउँबाट गर्न सकिने कुरा सबै गर्न पूर्णतया प्रतिबद्धता जाहेर गर्न चाहन्छु ।

**२०७८ फागुन १३ गते, बिहान**

## २.२.२३ सुर्खेतमा भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा आयोजित कर्णालीका मूक्तहलिया सम्वन्धी सरोकारवालाबीच छलफल



**भूमिव्यवस्था, कृषि तथा सहकारीमन्त्री चन्द्रबहादुर शाहीको पहल कदमीमा सुर्खेतमा आयोजित छलफल**

- पहिले गैरदलितहरूले आफ्नो जीवनलाई सहज बनाउन पेशागत मान्छेलाई ल्याएर राखे । उनीहरूलाई जमिन दिइएन । भूमिहीन बनाएर राखे । खलो मुठो भित्र्याउने गरी खाद्यान्न लिने काम गरे । कुनै मालिकले दयाले दिएको जमीन कसैले पाए पनि

होलान् । अन्यथा हलिया लगि भएर बसे । सेराको रोपाईमा बोलाउने, बोलाएपछि काम गर्न जानै पर्ने रीति बसाइयो ।, कोही आफ्नै खुशीले पनि गए ।

- दलित समुदायको जमीन छैन, रोजगारीको लागि कि त भारत जानुपर्ने कि त ज्याला मजदुरी गरि खानुपर्ने बाध्यता रहेको छ । तर हलियालाई ईच्छा बिपरित काम गराईएको भने देखिँदैन ।
- काम गरे वापत नगदको सट्टा अन्न लिने दिने चलन छ ।
- गाऊँ बस्तीमा खलो मुठो जोत्ने काम हुँदैछ ।
- बसोवास आफनै नाममा नापी गरेका छन् ।

**ज्ञानबहादुर सुनार, हुम्ला**

- जमीन छ, लालपुर्जा छ, हिजो दबाव थियो आज बाध्यताले जमिन जोत्नु परेको छ । हाम्रो जिल्लामा हलिया छन् ।
- गाउँमा ऋणको ब्याज महिनाको ५ प्रतिशत लिन्छन् ।

**ईश्वर मिजार, हुम्ला**

- खलो भाड्ने प्रथा, बालीको समयमा जहाँ गएको भएपनि मालिकको जमिन जोत्न घर फर्किनुपर्ने, लगि प्रथा सबै हलिया प्रथा नै हो ।
- हाम्रो गाउँमा हलिया ११ परिवार छन् ।
- हुम्लामा हलिया प्रथा बाँकी नै छ ।

**पवन कामी, सिमीकोट, हुम्ला**

- ३२ हजार ऋणमा छु । जति काम गरे पनि ऋण घटेको छैन । सुप्पोमा धान दिने चलन छ । अब साहुहरूले जमिन फिर्ता लिन थालेका छन् ।
- खालि दलित मात्र होइनन् क्षेत्रीहरू पनि हलिया जस्तै छन् ।
- भष्टाचार, अनियमितता, सिमीकोट गापा ५, १० प्रतिसत जमिन छ ।

**शिवराज जोशी, हुम्ला**

- हुम्लाको दक्षिणी भागमा हलिया छन् (हुम्ला, कालीकोट र बाजुराको सीमामा)
- २०५० सालमा नापी आउदा घर नापी गरि दियो तर खेतबारी छैन ।
- छिप्रामा गाउँमा अर्काको काम गरेर बस्छन्, बाहुन क्षेत्री पनि ।
- हलियाको कार्यक्रम दुरुपयोग भएको छ । गैरहलियाले पनि हलियाको प्याकेज लिएका छन् ।
- अब व्यवस्थित गरेर जानुपर्दछ ।

**तिर्थराज रोकाया, सिमीकोट**

- हम्लामा १३८४ हलिया परिवार पहिचान भयो ।
- १८ करोड पुनर्स्थापनको लागि निकासा भएको छ ।
- ताजरकोट ५ र दमाईवाडामा ४२/४३ हलिया परियार सिंगै छूटेका छन् ।

**बसन्त बागचन, मुगु**

- कटुवाले प्रथा पनि हलिया प्रथाको रूपमा प्रचलनमा रहेको छ ।

- हामी बाध्यताले हलिया भयौ । ५ वटै पालिकामा हलियाको तथ्याङ्क संकलन हुन बाँकी छ ।
- मुगु जिल्लामा हलियाको कार्यक्षेत्र नै बनाइएन । त्यहाँ छैन भनियो । तर मलाई जानकारी भए अनुसार हलिया त्यहाँ पनि छन् ।
- मुगु जिल्लामा तत्काल तथ्याङ्क संकलन गरी हलिया पुनःस्थापना गरिनुपर्दछ ।

**रनसिंह परियार, हुम्ला**

- हुम्ला जिल्लाको मदना गाऊँपालिका हलिया गणनामा पुरै छूटेको छ ।
- सिंगै जिल्लालाई वस्तुगत योजनासहित आवश्यक तथ्याङ्क संकलन गरी पुनःस्थापनाको प्याकेज लागू गरिनुपर्दछ ।
- मुक्तहलियाको पुनःस्थापनामार्फत कर्णालीको गरिवी निवारणमा योगदान पुरयाउने गरी अघि बढ्नुपर्दछ ।



**हस्तबहादुर शाही, हुम्ला**

- हलिया प्रथा हिजो निकै थियो । हाल कम भएर गएको छ । हाल हलियाको स्वरुपमा रुपान्तरण आएको छ । हिजोका हलियाहरू अहिले ज्यालामा वा अदियामा काम गर्न थालेका छन् ।
- बिकल्प दिनुपर्छ । हलियाका नाममा पनि ठग्ने चलन चलेको छ तीनलाई समयमै नियन्त्रण गर्नुपर्छ ।

**दिकबहादुर थापा (कुशे गापा)**

- छूट हलियाको तथ्याङ्क लिनुपर्दछ । तथ्याङ्क भरपर्दो हुनुपर्‍यो ।
- हलियालाई जीपीकोपार्जनको बिकल्प चाहियो ।
- मुक्तभएपछि पुनः हलिया भएका उदाहरण प्रशस्त छन् । त्यसैले पुनःस्थापना भरपर्दो हुनुपर्दछ ।

**कृष्ण बिसी, जाजरकोट**

- हलियाको अबको तथ्याङ्क तथ्यगत बनाईनुपर्छ ।
- हलियाको बर्गिकरण व्यवहारिक बनाइनुपर्दछ। पहिले ब्यवहारिक भएन ।
- देश बिदेशको बिकल्प नभएको बेला, प्रबिधि नभएका बेला हलिया बस्ने चलन थियो, सोही कारणले उनीहरू भूमिहिन बनाइए । त्यसैले हामीले उनीहरूलाई आवास र कृषियोग्य जमिन दिनुपर्दछ।
- गणकको राम्रो अभिमुखीकरण हुनुपर्दछ।
- मुक्तहलियाका स्पष्ट परिभाषा बनाइनुपर्दछ ।
- मुक्ति थाहा त पाए तर सरकारबाट केही आएन, हलियाको कुनै सुरक्षा भएन ।
- सोढ गाउँपालिका १५० हलिया परिचय पत्र पाउनबाट छूटेका छन् । अनुगमन गरियोस् ।

**बसन्त बिश्वकर्मा, सुर्खेत**

- यस प्रदेशमा हुम्लामा १४२३, जाजरकोटमा ५२०, सुर्खेतमा ७५० हलिया छन् । यी बाहेकका अन्य जिल्लामा तथ्याङ्क नै लिइएको छैन । अन्य जिल्लाहरूमा पनि हलिया प्रथा बिद्यमान छ तर उत्तिकै हचुवामा हलिया छैन भनेर पठाइयो ।
- पुनर्स्थापनाको कार्यक्रम लागू गर्दा थुप्रै कमीकमजोरी भयो।
- तिनवटै सरकारको भूमिका हुने गरी समन्वयकारी कार्यक्रम लागू गरियोस ।
- अरु जिल्लाको पनि बिश्लेषण गरौ (राजनितिक दलहरूको एजेण्डा) बनाऔं ।
- अब हलियाको तथ्याङ्क संकलन गर्दा सेकेण्डरी डाटालाई सन्दर्भ सामग्री मानेर सरकारका ३ वटै तहले लिनुपर्दछ।



**प्रेमा अधिकारी, सल्यान**

- सल्यानमा पनि हलियाप्रथा छ। तथ्याङ्क संकलन होस् ।
- हलिया प्रथा प्रदेशभरीको समस्या हो।

- कर्णालीका कुनै पनि जिल्लामा जहाँ एउटै समाजमा उपल्ला जातका भनिएका मान्छे र दलित एकसाथ छन् त्यहाँ हलिया प्रथा छ भन्ने कुरामा दुईमत छैन । किनभने उपल्ला जातका मान्छेले हलो जोत्दै जोत्दैनन् । हलो जोताउने उनीहरूले दलितलाई नै हो ।

**भूमि व्यवस्था मन्त्रालयका सचिव : डा कृष्णलाल भट्ट**

- हलिया परिवारलाई कुन आधारमा सहयोग गर्ने ? अनुदानको आधार बनाइनु पर्दछ ।
- कस्ट हायरिङ्गमार्फत काम हुदैछ ।
- रोजगारीका कार्यक्रमहरू तय भएका छन् ।
- तर हलिया सम्वन्धी विशिष्ट तथ्याङ्क नभएकोले हामी अब आउने अध्ययन समितिको तथ्याङ्कलाई आधार बनाएर अघि बढ्ने छौं ।

**मन्त्री चन्द्रबहादुर शाही**

- सबै जिल्लामा समग्र अध्ययन गरी एकीकृत समाधान हुने योजना बनाईयोस् ।
- निर्ब्याजमा ऋण दिने कार्यक्रम दिइनु पर्दछ ।
- सीप विकास तालिमहरू दिने हो भने पनि व्यवहारिक योजना बनाउन सकिन्छ ।
- मुक्तहलियाको समग्र समस्याको हल गर्नसक्दा कर्णालीको एउटा ठूलो समस्या हल हुने अवसर भएकाले आफू अध्ययन समितिको प्रतिवेदनको प्रतीक्षामा रहेको आफूले सम्हालेको मन्त्रालयबाट त्यो कामको नेतृत्व गर्न आफू तयार रहेको प्रतिबद्धता सहित उहाँले कार्यक्रमको समापन गर्नुभयो ।

## २.३ अध्ययनको निष्कर्ष

१. २०६५ साल भाद्र २१ मा ऋणको खारेजीसहित हलिया मुक्तिको घोषणाबाट सुदूर पश्चिम प्रदेश र कर्णालीका धेरै हलियाहरू बँधुवा मजदुरको सामन्ती अवस्थाबाट मुक्तभएको पाइएको छ । उनीहरूमध्ये कतिपय, बिशेषतः सडक र शहर बजार विकसित भएको ठाउँ नजिकैका हलिय  ाहरू, ज्यालादारी श्रमिकमा रुपान्तरित भएका छन् । मुक्तिको घोषणासहित पुनर्स्थापनाको प्याकेज प्राप्त गर्न सकेका हलियाहरूमा एक हदसम्म खुशी छाएको देखिएको छ । मुक्तहलियामध्ये कतिपयले घर बनाएको र कतिपय बैकल्पिक रोजगारीमा लागेको भेटिएको छ ।

२. नेपाल सरकारको २०७६ बैशाखसम्मको आँकडा अनुसार पुनर्स्थापना कार्यक्रम लागू भएयता २२०३ हलिया परिवारको लागि घर निर्माण भएका छन् भने १६०१ हलिया परिवारका लागि जमिन खरिद गर्ने काम भएको छ र ८४२७ परिवारको लागि घर मर्मत गर्ने काम भएको छ । अहिलेसम्म देशको सबैभन्दा पिँध रहेको बर्ग-हलियाकै लागि यति धेरै घर पहिले कहिल्यै निर्मित भएका थिएनन्, यति ज्यादा जमिन कहिल्यै किनिएका थिएनन् । यस हिसाबले हलिया पुनर्स्थापनाको यो प्रगति र उपलब्धिलाई मामुली भन्न मिल्दैन ।

३. हलियाहरूमा आफ्नो स्थिति, समस्या र मागप्रति सचेतनता बढ्दो स्थितिमा रहेको पाइएको छ । उनीहरूको संगठन पनि जिल्ला जिल्लासम्म बिस्तारित रहेको पाइएको छ । कहिँ कहि त यो स्थानीय तहसम्म पनि बिस्तारित भएको देखियो । यसबीच २०७४ सालको स्थानीय तहको निर्वाचनमा कोही पालिकाको हलिया वडासदस्य चुनिन पुगेका छन् भने कोही वडाध्यक्षमा पनि । तर नगरपालिकाको मेयर वा गाउँपालिकाको अध्यक्ष भने कोही हुन सकेको देखिएन ।

४. नेपाल सरकारसित उपलब्ध पछिल्लो आँकडाअनुसार शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट सुरुमा तथ्याङ्क संकलन गरिँदा १९,०५९ हलिया परिवारको तथ्याङ्क संकलन गरिएको थियो । तर दोहोरिएको नाम काट्दा १६,९५३ हलिया परिवारलाई हलिया भनेर सरकारले प्रमाणिकरण गरेको थियो । प्रमाणिकरणमा संशोधन गरेपछि हलिया परिवारको अन्तिम संख्या १६,३२२ रहन पुगेको थियो ।

५. प्रमाणिकरण भएका र लगत कायम भएका सबै हलिया परिवारले परिचय पत्र हासिल गर्न सकेको पाइएन । कायम भएको हलिया परिवार संख्याको ८५ प्रतिशतले अर्थात १३,९५५ परिवारले मात्र परिचय पत्र हात पारेको र परिचय पत्र हासिल गरेकामध्ये पनि ९२ प्रतिशत अर्थात १२,८२० हलिया परिवारले मात्र पुनर्स्थापना प्याकेज हासिल गरेको देखिएको छ ।

६. यसरी सरकार स्वयम्बाट संशोधित र अन्तिम प्रमाणिकरण संख्याभन्दा १४ प्रतिशत कम हलिया परिवारले मात्र परिचयपत्र पाएका छन् भने परिचयपत्र पाएका भन्दा ८ प्रतिशत कम हलिया परिवारले मात्र पुनर्स्थापना प्याकेज प्राप्त गरेको देखिएको छ । यसको तात्पर्य, हरेक पाँचमा एक हलिया परिवार प्रमाणिकृत अन्तिम लगतबाट पुनर्स्थापना प्याकेज बाँड्दासम्म आइपुग्दा परिदृश्यबाटै गायब भएको पाइएको छ ।

७. नेपाल सरकारको भूमिव्यवस्था, सहकारी तथा गरिबी निबारण मन्त्रालयका निवृत्त उपसचिब गोपाल गिरीका मुताबिक परिचय प्राप्त गरिएका कुल हलिया परिवारमध्ये १२ प्रतिशतले क बर्गको परिचय पत्र पाएका थिए भने २७ प्रतिशतले ख बर्गको । त्यस्तै ५ प्रतिशतले ग बर्गको परिचय पत्र भेट्टाएका थिए जबकि ५६ प्रतिशतले घ बर्गको ।

८. हलियाको तथ्याङ्क संकलन गर्दा छूट हलियाको संख्या निकै ज्यादा भएको देखिएको छ । कतिपय स्थानमा गाउँका गाउँ र बस्तीका बस्ती नै छूटमा परेको पाइएको छ भने कतिपयमा जिल्लाका जिल्ला नै । अध्ययन भ्रमणका क्रममा स्थानीय मुक्तहलियाले हामीलाई बताए अनुसार बाजुराको कोल्टी क्षेत्रका २७ गाबिसमध्ये १६ वटामा हलियाको गणना गर्ने काम नै भएन भने अछाम जिल्लाको ७५ गाबिस मध्ये ९ बाहेक अरु सबै जिल्ला हलिया गणनाबाट छूटे । कर्णाली प्रदेशमा जाजरकोट र सुर्खेत बाहेक अरु कुनै जिल्लामा हलियाको सोधखोज नै गरिएन जबकि दैलेख, सल्यान र हुम्लाका हलियाहरूले पनि हामीलाई आफ्नो जिल्लामा प्रशस्तै हलिया भएको बताए ।

९. पाँच वटा मुख्य कारणले छूट हलिया निकै ज्यादा हुन गएको अध्ययनबाट देखिएको छ :

(क) तथ्याङ्क संकलनका लागि खटाइएका गणक अनेकौं स्थानमा गणनाको लागि हलिया रहेको बस्ती र थलोमै नगएर हचुवामा नामसुची भर्नु । साथसाथै, तथ्याङ्क संकलनका लागि त्यतिबेला मूल जिम्मेवारी दिइएको स्थानीय तहका सचिव आफ्नो दायित्वमा निकै गैरजिम्मेवार हुनु

(ख) आफै घरमा हलिया राख्ने मालिक बर्ग हुनाको कारण आफ्नो गाउँ बस्ती र जिल्लामा प्रशस्त हलिया हुँदाहुँदै तात्कालीन राजनीतिक दल वा त्यसको संयन्त्रले आफ्नो गाउँ बस्तीमा हलिया नै नभएको निर्णय गर्नु

(ग ) दलकै संयन्त्रले दिएको बेठिक निर्णयलाई तात्कालीन हलिया महासंघ, त्यतिबेलाको हलिया सम्वन्धी निर्णय संयन्त्रका प्रमुख प्रमुख जिल्ला अधिकारी र

मन्त्रालयमा रहेको हलिया तथ्याङ्क संकलन कार्यदलले बिना सोधखोज र बिरोध चुपचाप स्वीकार्नु

(घ) हलियालाई मोहियानी हक दिनु पर्छ भनेर त्यतिबेला फैलाइएको नाराका कारण हलिया मालिकले कैयन् स्थानमा हलियालाई आफ्नो नाम नदिन चर्को दबाब दिनु /यही दबाबमा हलिया आफै हलियाको नाम लेखाउनका लागि नखुल्नु ।

(ङ) रोजगारीका लागि भारत जानु लगायत विविध कारणले हलिया परिवारले नाम दर्ताको समयमा त्यससम्वन्धी सूचना नै थाहा नपाउनु ।

१०. हलिया बर्गीकरणमा थुप्रै त्रुटि भएको देखिएको छ । क वा ख बर्गमा बर्गिकरण गर्नूपर्ने परिवारलाई घ बर्गमा पारिएका उदाहरण समेत प्रशस्तै भेटिएका छन् । आफ्नो जमिनमा घर नभएको, साहुको जमिनमा पनि छाप्रो मात्र भएको ब्यक्तिलाई पनि घर भएको भनेर बर्गीकरण गरेको भेटिएको छ भने एक महीना पनि खान नपुग्ने जमिन भएको मानिसलाई पनि जमिन भएको बर्गमा वर्गीकरण गरिएको छ । बर्गीकरणमा भएको यो त्रुटिले पुनर्स्थापनाको प्याकेज बितरणमा ब्यापक असर पारेको
भेटिएको छ ।

११. सरकारले बजेट भाषणमार्फत कमैया र हलिया पुनर्स्थापनाका लागि लगभग पर्याप्त हुने पौने तीन अर्ब बजेट छुट्ट्याएर हलिया पुनर्स्थापनाको काम भटाभट अघि बढिरहेको बेला हलिया पुनर्स्थापनाको काम नै नसकिँदै 'काम सकियो' र अब बाँकी काम स्थानीय तहलाई सुम्पने भनेर तात्कालीन भूमिसुधार मन्त्री माननीय पद्मा अर्यालले धनगढीको गोष्ठीमा एकाएक घोषणा गर्नु र त्यसैका आधारमा पुनर्स्थापना गर्न बाँकी .११३५.हलिया परिवारलाई २०७६ साल जेष्ठ ६ को मन्त्री परिषदको निर्णयबाट आर्थिक बर्षको अन्ततिर स्थानीय तहमा सुम्पने कार्यले कार्यस्थलमा ब्यापक नकारात्मक असर पारेको देखिएको छ । हलिया पुनर्स्थापनाको कार्य त्यसपछि नै बिलखबन्दमा परेको पाइएको छ ।

१२. त्यसयता स्थानीय तहमा सुम्पिएका ती हलिया परिवार पुनर्स्थापित भए कि भएनन् ? संघीय सरकार र सम्वन्धित मन्त्रालयले सोधखोजसम्म पनि गर्नेगरेको पाइएन । यहाँसम्म कि नेपाल सरकारसित २०७५/७६ यताका हलियाका आँकडा नै रहेको देखिएन । माथि प्रस्तुत जे जति तथ्याङ्क हुन् ती सबै २०७५/७६ सम्मका तथ्याङ्क मात्र हुन् ।

१३. भाषा र जोडकोण भिन्नभिन्न हुँदाहुँदै पनि हामीले अध्ययन भ्रमण गरेका सबै जिल्लामा हलियाको समस्या झण्डै/झण्डै एकै प्रकारको देखिएको छ । ती हुन्-

- छूट हलियाको उच्च संख्या र बिस्तृत क्षेत्र
- हलियाको बर्गीकरणमा ब्यापक त्रुटि
- भ्रष्टाचारप्रेरित/कर्मकाण्डी हलिया पुनर्स्थापनाले पैदा गरेको समस्या
- अझै पनि थुप्रै हलियाको घरवार विहीन तथा भूमिहीनता
- आम रुपमा हलिया बस्तीमा देखिने बेरोजगारी र बहुआयामिक गरिबी
- सरकारले तोकेको भन्दा ज्यादै न्युन ज्यालादर । समान कामका लागि महिला र पुरुषको लागि अलगअलग ज्यादा दर
- अशिक्षा वा न्युन शिक्षा र आधारभूत स्वास्थ्यमा पहुँच वा ज्यादै न्युन पहुँच हुनु

- सामाजिक र राजनीतिक नेतृत्वमा हलियाको ज्यादै कम समावेशीता

१४. बिभिन्न बस्ती, पालिका, र प्रदेशका हलियाहरू एक अर्काबाट अझै पनि धेरै टाढा हुँदाहुँदै पनि उनीहरूको मागको प्रकृति वा समस्या समाधानको उपाय सम्वन्धी आवाज भने एकै किसिमको रहेको पाइयो । तिनलाई यस प्रकार राख्न सकिन्छ-

- छूट हलिया भएका सबै स्थानको लागि पुनः एक पटक र अन्तिम पटक लगत संकलन । परिचय पत्र बितरण र पुनर्स्थापनाको ब्यवस्था
- हलियाको बैज्ञानिक बर्गिकरण
- घरबारबिहीन सबै हलियालाई मानवोचित घर
- भूमिहीन हलियालाई कृषियोग्य भूमि
- रोजगारीउन्मुख बजारमैत्री सीप तालिम/औजार /बीउ पुँजी
- ब्यावसायिक /प्राविधिक शिक्षा/उच्च शिक्षामा हलियाको लागि निशुल्क पहुँच
- आधारभूत स्वास्थ्य सेवामा पहुँच
- राजनीतिक र सामाजिक नेतृत्वमा हलियाको पहुँचका लागि आरक्षणको ब्यवस्था

१५. हलिया प्रमाणित भएको खण्डमा जमिन र घर मिल्ने भन्ने प्रलोभनमा कतिपय हलिया नै नभएका मानिसले पनि आफू हलिया भएको दाबी गरेको र पुनर्स्थापन प्याकेज हात पारेको देखियो । यसमा हलिया संगठन र सरकारी कर्मचारीका जिम्मेवार ब्यक्ति समेत संलग्न भएको समेत पाइयो ।

१६. कतिपय स्थानमा हलियाको बस्ती बसाल्दा सरकारी कर्मचारी, हलिया संगठनका प्रतिनिधि पदाधिकारीहरू, राजनीतिक दल सबै मिली न्युनतम जरुरी पूर्वाधारको समेत ब्यवस्था नगरी बस्ती बसालिएको र त्यो स्थानमा कोही पनि वा ज्यादै थोरै हलिया बस्न नआउँदा सर्वसाधारणको पेट काटेर प्रदान गरिएको करबाट लाखौं रुपैयाँ ब्यर्थमा खेर गएको भेटियो । जस्तो कि, डोटीको बगलेकमा, कञ्चनपुरका शुक्लाफाँटामा, अछामको साँफे बगरमा ।

१७. कर्णाली प्रदेशमा हुम्ला, सल्यान, दैलेख लगायत थुप्रै जिल्लामा २०६५ सालमा र अहिले पनि हलिया प्रथा रहेको तर हलिया गणना गर्दा यो प्रदेशको अधिकांश भाग गणनाबाटै पुरै छूटेको, कतिपयले आज पनि हलिया मुक्तिको घोषणा भएको जानकारी समेत नपाएको स्थिति भेटिएको छ । जाजरकोटमा हामीले अध्ययन भ्रमण गरेको स्थानका कतिपय हलियाले मुक्तिको घोषणा भएको समेत थाहा पाएका रहेनछन् ।

१८. सडक पुगे पनि घर, जमिन नपाएका, असाक्षर रहेका र रोजगारीको कुनै बिकल्प नरहेका हलियाहरूमा हलिया प्रथा अहिले पनि उस्तै स्वरुपमा ज्युकात्युँ बाँकी रहेको समेत भेटिएको छ जस्तो बैतडीको न्वालीमा ।

## २.४ सिफारीशह□

### २.४.१ संघीय तहले गर्ने

१. *सशक्त संयन्त्रको ब्यवस्था* : हलिया सम्वन्धी सबै तहको कामको अनुगमन, सहजीकरण, समन्वय र सुनिश्चित कार्यान्वयनको लागि घच्घच्याउन संघ तहमा एउटा शक्तिसम्पन्न आयोग निर्माण गर्ने । यसमा बिषय बिज्ञ, सरोकारावाला र मन्त्रालयको प्रतिनिधि राख्ने । यस्तो आयोग हलिया, कमैया र हरवाचरवाकोको लागि संयुक्त पनि बनाउन सकिन्छ ।

२. *छूट हलियाको प्रमाणिकरण र परिचय पत्र :*

- छूट हलियाको संख्या र भौगोलिक बिस्तार निकै ज्यादा देखिएकाले सामाजिक न्यायको हिसाबले एक चोटि अन्तिम पटकका लागि नाम दर्ता, प्रमाणीकरण र परिचय पत्र प्रदान गर्नका लागि निश्चित डेडलाइन तोकेर पुनः अवसर दिने ।
- छूट हलियाको यकीन तथ्याङ्क स्थानीय वडाले सरोकारवाला र छिमेकको सजर्मिन राखेर पारदर्शी ढंगले लिन नीति अप्नाउने । परिचय पत्र दिने अधिकार पनि स्थानीय तहलाई दिने ।
- २०६५ सालमा हलिया मुक्तिको घोषणा भएको बखत ऋणको ब्याज, एक टुक्रो जमिन/त्यस जमिनमा झुप्रो बनाउने छूट वा अन्नका निम्ति साहुकहाँ बँधुवा मजदुरका रुपमा हलिया रहेको वा हाल पनि त्यस्तै हलिया रहेको परिवार मात्र त्यसका लागि योग्य हुने कुरा कार्यविधिमा सुस्पष्ट पार्ने । साथै, खलियामा काम गरेकाहरू हलिया होइनन् भन्ने पनि कार्यविधिमा स्पष्ट पार्ने ।

३. *हलिया पुनर्स्थापनको एकीकृत प्याकेज* : हलिया ठहरिएका हरेकको लागि निम्न सबै बिषय एकीकृत प्याकेजको रुपमा उपलब्ध गराउने :

क) घरबिहीन हरेक हलिया परिवारका लागि घर

ख) रोजगारीबिहीन हरेक हलिया परिवारका लागि कृषियोग्य जमिन वा रोजगारीका लागि अल्पकालीन तथा दीर्घकालीन सीप तालिम, बीउ पुँजी र औजार


ग बालविकास केन्द्रदेखि उच्च शिक्षा/ब्यावसायिक/प्राविधिक शिक्षासम्म छात्रवृत्ति सहितको निशुल्क पहुँचको ब्यवस्था

घ) आधारभूत स्वास्थ्यमा पहुच र स्वास्थ्य बीमा

ङ) राजनीतिक र सामाजिक नेतृत्वमा पहुँच र समावेशीताको लागि नीतिगत ब्यवस्था साथै, नागरिकताबिहीन हरेक हलियाका सन्तानका लागि नागरिकताको प्रमाणपत्र प्रदान गर्ने

४. *हलियाको बर्गीकरण :*

- हलियाको बर्गीकरण गर्दा साहुको जमिनमा वा ऐलानी जमिनमा कटेरो वा छाप्रो भएको हलिया परिवारलाई घर भएको ठहर नगर्ने ; जमिनबाट बढीमा केवल ३ महीनासम्म मात्र खान पुग्ने हलिया परिवारलाई जमिन भएको ठहर नगर्ने नीति लिने
- अहिलेसम्मको ब्यवहारमा हलियाको 'ग' बर्गको बर्गीकरणको कुनै प्रयोजन नै नभएको ; 'घ' बर्गका रुपमा परिभाषित गरिएको आफ्नो स्वामित्वमा जमिन र घर भएको मानिस हलिया नै हुन नसक्ने हुँदा 'घ' बर्गको कुनै औचित्य नै नभएकाले हलियाको बर्गीकरण अब उप्रान्त २ थरिको मात्र गर्ने :

| **स्टिकर** | **मुक्तकमैयाको बर्गिकरण** | **बिशेषता** |
|---|---|---|
|  | क बर्ग | आफ्नो जमिन र घर केही नभएका |

| | | |
|---|---|---|
| | ख बर्ग | आफ्नो जमिनसम्म भएको तर घर नभएको वा,<br>आफ्नो टहरो वा घरसम्म भएको तर खेतीयोग्य जमिन नभएको वा,<br>जमिन पनि आधा बर्ष खानपुग्दो नभएको र घर पनि टहरो मात्र भएका |

५. *हलियाको लागि घर :*

- हलियालाई घर बनाउन जमिन प्रदान गर्दा समतल र शहरी भूभागमा भए कम्तीमा १ कट्ठा जमिन प्रदान गर्ने ; पहाडी र हिमाली भेगमा भए १ रोपनी बरोबरको जमिन प्रदान गर्ने ।
- घर निर्माण गर्न रु ६ लाख रुपैयाँ प्रदान गर्ने ।
- हलियाको मानवोचित घर निर्माणको लागि आफ्नो तर्फबाट पनि कम्तीमा ५० रकम थप्न प्रदेश सरकारलाई निर्देशित गर्ने ।
- साथै, स्थानीय तहको सहयोगमा जमिनको खोजी गरी त्यसको नापी गरी हलिया दम्पतिको नाममा स्रेस्ता पनि खडा गरिदिने, तथा स्वामित्व हस्तान्तरण गरिदिने जिम्मेवारी र अधिकार प्रदेश सरकारको हुने नीतिगत ब्यवस्था गर्ने ।
- यदि हलियाको पहिले नै घर छ तर त्यो घर छाप्रोको रुपमा छ वा बस्नयोग्य अवस्थामा छैन भने र थोरै मर्मत गरेमा बस्नयोग्य र मानवोचित हुन्छ भने त्यस्तो घर मर्मतको लागि रु ३ लाख रुपैयाँसम्मको सहयोग प्रदान गर्ने । प्रदेशलाई त्यसमा ५० प्रतिशत रकम थप्न र स्थानीय तहलाई पनि केही रकम थप गर्न निर्देशित गर्ने ।
- हलियाको घर निर्माणको लागि आफ्नो पालिकाको सीमाभित्र उपयुक्त सार्वजनिक/पर्ती वा ऐलानी जमिनको खोजी गरी जमिन अनुकूलको घर निर्माणको डिजाइन बनाई दिन तथा घर निर्माणको हरेक चरणको अवलोकन र पूर्णताको यकीन गर्ने जिम्मेवारी र अधिकार स्थानीय तहलाई दिने ।
- स्थानीय सामग्री र घर निर्माण कला प्रयोग गर्दै स्थानीय सरकारले डिजाइन गरिदिए अनुसारको कम्तीमा चार कोठा भएको वा आफ्नो परिवारको साइज अनुसारको मानवोचित घर निर्माण गर्ने जिम्मेवारी सम्वन्धित हलिया परिवारको हुने ।

६. *हलियाको रोजगारी :*

रोजगारीका लागि कृषिमै संलग्न हुन चाहने हलियाको लागि निम्न नीति तर्जुमा गर्ने :

- रोजगारीका लागि कृषिमै संलग्न हुन चाहने हलिया परिवारलाई कृषियोग्य जमिन दिँदा तराइमा भए कम्तीमा पाँच कट्ठा, हिमाल र पहाडमा भए कम्तीमा ५ रोपनी जमिन दिने नीति निर्माण गर्ने ।
- हलियाको लागि रोजगारीका लागि जमिन दिने कार्य प्रदेश सरकारको सहयोग लिई स्थानीय तहमार्फत दिने नीति अवलम्बन गर्नु सर्वश्रेष्ठ हुने ।
- हलिया परिवारको बासस्थान रहेको क्षेत्र वरिवरिका पालिकामा विद्यमान हदबन्दी भन्दा ज्यादा रहेको जमिन, बाँझो जमिन तथा अनुपस्थित भूस्वामीको जमिनलाई पालिका स्वयम्को मध्यस्थतामा कम्तीमा १० बर्षका लागि हलिया परिवारलाई करार खेती गर्न दिने । जमिनको उपलब्धता र हलिया परिवारको संख्या हेरी जमिन उपलब्ध भए यस्तो जमिनको अनुपात ५ कट्ठा, ५ रोपनी वा त्योभन्दा ज्यादा पनि

हुनसक्ने । यसबाट ती स्थानमा रहेका बाँझो र अनुपात्पादक स्थितिमा रहेका जमिन सबै उत्पादनशील हुन जाने ।

- यही उपायबाट हलिया परिवारहरू मिली सहकारी खेती गर्न चाहे भने त्यसलाई उच्च प्राथमिकता दिई त्यसमा पुँजीगत अनुदान सहयोग, कृषि मेशिनरीमा भन्सार छूटको समेत व्यवस्था गर्ने नीति अवलम्वन गर्ने ।
- राष्ट्रिय भूमि आयोगको कार्यादेश र कार्यविधिलाई तत्काल संशोधन गरी जमिन प्राप्त गर्ने समुदायमा हलियालाई समेत अनिवार्य रुपमा पार्न सम्भव भएमा रोजगारीको लागि राष्ट्रिय भूमि आयोग मार्फत पनि दिन सकिने ।

*कृषि बाहेक अन्य रोजगारीमा जान चाहने हलिया परिवारलाई निम्न नीति तर्जुमा गर्ने :*

- ऊसित परम्परागत सीप भए र उसले त्यसैमा सीप विकास गर्न चाहेमा त्यसैमा अत्याधुनिक शिक्षा र सीप बिकास तालिम प्रदान गर्ने नीति अपनाउने । जस्तो, पहिले सार्कीलाई आधुनिक जुत्ता बनाउने शिक्षा र तालिम वा दमाइलाई आधुनिक सिलाइ कटाइको तालिम । यस्तो तालिमपछि तालिम प्राप्त ब्यक्तिलाई प्रमाणपत्र, बीउ पुँजी र औजार समेत प्रदान गर्ने नीति लिने ।
- हलियासित परम्परागत सीपको ज्ञान नभए तालिम लिनेमध्ये धेरैले माग गरेको प्रकृतिको, बजारमा खपत हुने, पारिश्रमिक राम्रो आउने र रोजगारी सहजतापूर्वक पाइने किसिमका तात्कालीन र दीर्घकालीन प्रकारको रोजगारीको तालिम दिने । साथै तालिमप्राप्त ब्यक्तिलाई बीउ पुँजी र औजार समेत प्रदान गर्ने नीति लिने ।
- हरेक प्रादेशिक र स्थानीय सरकारी कार्यालयहरूका रिक्त पदमा हलिया परिवारका शैक्षिक रुपले योग्य सन्तानलाई पहिलो प्राथमिकताको स्थान दिनु पर्ने बाध्यकारी नीति निर्णय गर्ने ।
- रोजगारी प्रदान गर्ने सम्बन्धी प्रदेश सरकारलाई अख्तियारी, जिम्मेवारीका साथै जनशक्ति र बजेटरी अनुदान प्रदान गर्ने ।
- सिटिइभिटिलाई हलिया र उनका सन्तानको निम्ति लामो अवधिको तालिम प्रदान गर्ने दिशामा निर्देशित गर्न शिक्षा मन्त्रालयसित समन्वय गर्ने ।
- सीप तालिमका लागि हरेक प्रदेश र स्थानीय तहमा रोजगार प्रवर्द्धन केन्द्र खोल्न प्रदेश र स्थानीय तहलाई निर्देशित गर्ने र बजेटरी सहयोग प्रदान गर्ने ।

७. *हलियाको शिक्षामा पहुँच :*

- छरिएका साना हलिया बस्तीमा पनि शिक्षामा हलियाको पहुँच सम्भव बनाउनका लागि बिशेष भत्ता वा सुविधा प्रदान गरेर सरकारी विद्यालयबाटै बहुबिषय पढाउन सक्षम घुम्ती शिक्षकको ब्यवस्था गर्ने । १५० भन्दा ज्यादा परिवार भएका ठूला हलिया बस्तीका लागि फिडर वा आधारभूत विद्यालय स्थापना गर्ने ।
- मावि तहमा हलियाको सन्तानको बीचैमा पढाइ छोड्नेको दर धेरै उच्च भएकोले त्यसको कारण सम्वोधन गर्नका लागि सुदूरपश्चिम र कर्णालीमा दिवा खाजा र ड्रेस तथा कापी कलम खर्च दिनु पर्ने नीति तर्जुमा गर्ने । साथै, सन्तानको शिक्षाका लागि आमाबाबुको गरिबी र कम साक्षरताको स्थितिलाई पनि सम्वोधन गर्ने नीति लिने ।
- *निःशुल्क उच्च प्राविधिक र ब्यावसायिक शिक्षाको लागि आरक्षण :* हलियाका सन्तानका लागि नेपाल सरकारको अनुदानबाट संचालित उच्च शिक्षा दिने प्रकृतिका कुनै पनि प्रदेशभित्रका डाक्टर, नर्स, इन्जीनीयर, पाइलट लगायतको शिक्षा दिने सबै

प्राविधिक र ब्यावसायिक क्याम्पस तथा पोलिटेक्निकल विद्यालयमा कुल सीटको २ प्रतिशत निशुल्क शिक्षा दिने गरी आरक्षित गर्ने । विदेशबाट प्राविधिक र ब्यावसायिक बिषयमा प्राप्त हुने छात्रवृत्तिमा समेत यही नीति लागू गर्ने ।

- *शून्य ब्याजदरमा शैक्षिक ऋण* : २ प्रतिशत भन्दा ज्यादा सीटमा स्वदेशमा वा विदेशमा प्राविधिक र ब्यावसायिक शिक्षा हासिल गर्न चाहने हलियाका सन्तानका लागि शिक्षाको समाप्ति र रोजगारीको प्राप्तिपछि किस्तावन्दीमा तिर्ने गरी प्रदेश सरकारको जमानीमा बैंकमार्फत शून्य प्रतिशत ब्याजदरमा शैक्षिक ऋणको ब्यवस्था गर्ने ।
- शिक्षित बेरोजगारीमा हलियाका सन्तानको स्थिति धेरै नै उच्च देखिएकाले त्यो समस्यालाई सम्वोधन गर्न पढेलेखेका हलियाका सन्तानका लागि रोजगारीको सुनिश्चिता गर्ने नीति लिने ।
- यी सबै कुराका लागि मन्त्रालयले शिक्षा मन्त्रालयसित समन्वय गर्ने ।

८. *हलियाको आधारभूत स्वास्थ्यसेवामा पहुँच* :

- प्राथमिक स्वास्थ्य सेवामा हलियाको पहुँच सम्भव बनाउनका लागि हलियाको बस्ती रहेको हरेक क्षेत्रमा घुम्ती डाक्टर वा प्राथमिक स्वास्थ्य चौकी स्थापना गरिदिन स्वास्थ्य मन्त्रालयसित समन्वय गर्ने ।
- आधारभूत स्वास्थ्य सेवामा हलियाको पहुँच सम्भव बनाउनका लागि हलियाको पुरै परिवारको लागि सबै रोगको उपचार सम्भव हुने गरी स्वास्थ्य बीमा गरिदिने नीति तर्जुमा गर्ने । साथै, क्यान्सर, मृगौला प्रत्यारोपण, मुटुरोग लगायत सबै ठूला र गम्भीर रोगको निशुल्क उपचारको ब्यवस्था गर्ने नीति लिने ।
- यसको लागि ५० प्रतिशत बजेट संघले र बाँकी ५० प्रतिशत प्रदेशले ब्यहोर्ने नीति तर्जुमा गर्ने ।
- हलिया परिवारले बहुआयामिक गरिबी र बेरोजगारीका कारण भोको पेट रहनु पर्ने र अस्वस्थकर खानेपानी खानुपर्ने भएकाले हलिया परिवारको स्वास्थ्य केवल स्वास्थ्य चौकी, डाक्टर र स्वास्थ्य बीमाले मात्र सम्बोधन गर्न नसक्ने भएको हुँदा त्यसको लागि निम्न नीति तर्जुमा गर्ने र सम्वन्धित मन्त्रालयसित पहल र समन्वय गरिदिने :

  क) सबै हलिया बस्तीमा शुद्ध खानेपानीको ब्यवस्था

  ख) स्थानीय तहलाई बजेटरी सहयोग दिएर ऊमार्फत हलिया बस्ती रहेको हरेक स्थानमा सबै हलिया परिवारलाई पर्याप्त पोषणयुक्त खानेकुराको सुनिश्चितता ।

  ग) चामलमुखी खानाको स्थानमा गाउँकै परिवेश मुताबिकको सन्तुलित पोषणयुक्त खानाको शिक्षा ।

  घ) हलिया बस्तीमा संचालित हुने बिकास आयोजनासित जोडेर हलिया परिवारको लागि कामका लागि खाद्यान्न कार्यक्रम ।

  ङ) हलियाका सबै साना शिशु तथा केटाकेटीका लागि पोलियो, दादुरा लगायतका सबै खोपको ब्यवस्था । सबै वयस्क र बृद्धबृद्धाको लागि कोरोना बिरुद्धको खोपको ब्यवस्था ।

  च) हलियाहरूमा विद्यमान बहुआयामिक गरिबी निवारण कार्यक्रम ।

  छ) हलिया बस्तीमा स्वास्थ्य सहकारी खोल्न बिशेष सहायताको ब्यवस्था ।

९. *हलियाको राजनीतिक र सामाजिक समावेशीताको लागि :*

- संघीय, प्रादेशिक र प्रादेशिक सबै सामाजिक संस्थाहरू राजनीतिक संयन्त्रहरू र जनप्रतिनिधिमूलक संस्थाहरूमा हलियाको सुनिश्चित पहुँचको लागि आरक्षित सीट र प्रतिनिधित्वको व्यवस्था गर्न नीति तर्जुमा गर्ने, यसका लागि विद्यमान नीति र कानुनको संशोधन गर्न पहल गर्ने ।
- हलिया बस्तीमा बन्ने विकास निर्माण कार्यका लागि गठन हुने उपभोक्ता समितिमा उनीहरूलाई नेतृत्वदायी स्थानमा राख्ने ।
- हलिया बस्ती रहेको कुनै पनि पालिकामा विद्यालयको शिक्षक/कर्मचारीको नियुक्तिमा
- पहिलो प्राथमिकता शिक्षित हलिया सन्तानले पाउनु पर्ने नीति तर्जुमा गर्ने ।
- कुनै हलिया बस्ती रहेको बन व्यवस्थापन समिति/विद्यालय व्यवस्थापन समिति वा यस्तै सामाजिक संस्थामा उनीहरूको सहभागिता अनिवार्य बनाउने । त्यहाँ अरु कुनै बस्तीभन्दा हलिया बस्ती सबैभन्दा ठूलो रहेको छ भने नेतृत्वदायी स्थान हलियालाई दिनु पर्ने नीति तर्जुमा गर्ने ।
- हलियाहरूको घना बसोबास रहेको कुनै पनि स्थानमा स्थानीय तहको नेतृत्वदायी स्थानमा र सदस्यमा एक न एक जना हलिया हुनै पर्ने बाध्यात्मक कानुन नियमको व्यवस्था गर्ने । हरेक वडाबाट अनिवार्य रुपमा १ जना दलित हुनै पर्ने संवैधानिक प्रावधानलाई प्रयोग गर्दै हलिया बस्तीमा त्यो सीट हलियाले नै पाउनु पर्ने गरी कानुन संशोधनका लागि पहल गर्ने ।
- यी सबै कुराका लागि बाध्यकारी कानुन, नियम, कार्यविधि बनाउन वा पुरानो संशोधन गर्न सम्वन्धित सरोकारवाला मन्त्रालय वा मन्त्री परिषदमा प्रस्ताव लैजाने

## २.४.२ प्रदेश सरकारले गर्ने

१. *मुक्त हलिया पुनर्स्थापना आयोगको गठन :* हलिया समस्या निश्चित समयभित्र समाधान गर्नका लागि सम्पूर्ण कामको संयोजन, परिचालन र नियमित अनुगमन गर्नका लागि प्रदेश तहमा पनि एक अधिकारसम्पन्न 'मुक्त हलिया पुनर्स्थापना आयोग' गठन गर्ने ।

२. *छूट हलियाको लगत संकलन र परिचय पत्र वितरणको अनुगमन :* पहिलेको हलिया गणनामा जिल्लाका जिल्ला, बस्तीका बस्ती छूटेकाले अब त्यस्तो नहोस् भन्नाका लागि छूट हलियाको यकीन लगत संकलन गर्न, उनीहरूको प्रमाणिकरण गर्न र उनीहरूलाई परिचय पत्र प्रदान गर्न स्थानीय तहलाई उत्प्रेरित गर्ने र स्थानीय तहले गरेको कार्यको प्रत्यक्ष अनुगमन गर्ने ।

३. *घरको व्यवस्था :* हलियाको घर निर्माणको लागि निम्नानुसार गर्ने :

- हलियाको घर निर्माणको प्रयोजनका लागि संघ सरकारले प्रदान गरेको रु ६ लाख रुपैयाँमा आफूलाई कम्तीमा ५० प्रतिशत रकम थप गरी आफ्नो रोहवरमा स्थानीय तहमार्फत सम्वन्धित व्यक्तिलाई प्रदान गर्ने ।
- यदि हलियाको पहिले नै कुनै स्वरुपको आवास छ तर त्यो केवल टहरो वा छाप्रोको रुपमा छ वा बस्नयोग्य अवस्थामा छैन भने ; थोरै मर्मत गरेमा बस्नयोग्य र मानवोचित घर हुन्छ भने त्यस्तो घर मर्मतको लागि संघले बिनियोजित गरेको रु ३ लाख रुपैयामा ५० प्रतिशत रकम थप गर्ने । यस

थैलीमा स्थानीय तहलाई समेत केही रकम थप्न लगाई सम्वन्धित हलिया दम्पत्तिलाई आफ्नो रोहवरमा स्थानीय तहमार्फत हस्तान्तरण गर्ने ।

- *घर निर्माणको लागि जमिन* : घरबिहीन हलिया परिवारको लागि घर निर्माणको प्रयोजनका लागि स्थानीय तहसित समन्वय गरी उसकै पहलमा उपयुक्त जमिनको खोजी गरी तराइमा भए १ कट्ठा र पहाड र हिमालमा भए १ रोपनी जमिनको नापी गरी, त्यसको फिल्डबुक र स्रेस्ता समेत तैयार गरी, स्थानीय तहलाई रोहवरमा राखी सम्वन्धित हलिया दम्पत्तिको नाममा स्वामित्व पुर्जा प्रदान गर्ने ।
- *जो जहाँ रहेका छन् त्यहीँको भूमि दिने ब्यवस्था* : यदि कुनै हलिया परिवारको आफ्नो स्वामित्वमा भूमि कतै छैन तर त्यो परिवार हाल पर्ती, ऐलानी वा गाउँ ब्लकमा ८ बर्षपहिलेदेखि बसिआएको छ भने त्यस्ता हलिया परिवारलाई जो जहाँ छन् त्यहीँ घर निर्माणको प्रयोजनका लागि तराइमा भए १ कट्ठा वा पहाड र हिमाली क्षेत्रमा भए १ रोपनी भन्दा कम नहुने गरी आधिकारिक रुपमा नापी समेत गरी त्यसको स्वामित्व पुर्जा सम्वन्धित हलिया दम्पतिलाई प्रदान गर्ने नीतिलाई कार्यान्वयनमा लैजाने ।
- *आधारभूत पूर्वाधारको ब्यवस्था* : हलियाको कुनै पनि बस्तीमा सडक, बिजुली, खानेपानी, ढलनिकास, सिँचाइ, टेलिफोन र इन्टरनेटको समेत ब्यवस्था प्रदेश सरकारले गर्ने । यसमा स्थानीय तहलाई समेत निश्चित आर्थिक स्रोत बिनियोजन गर्नका लागि सहभागी बनाउने ।

४. *रोजगारीको ब्यवस्था*

- परिचय पत्र प्राप्त हरेक हरेक हलिया परिवारको लागि दीर्घकालीन रोजगारी उपलब्ध गराउने र यसका लागि सीप तालिम गर्ने मुख्य जिम्मेवारी र अधिकार प्रदेश सरकारको हुने । यसको लागि संयन्त्र खडा गर्ने, स्रोत ब्यक्ति तथा आर्थिक स्रोत जुटाउने र सीप तालिम हासिल गरेपछि त्यो प्रयोग भएको छ कि छैन भने अनुगमन गर्ने कर्तब्य पनि उसैको हुने ।
- *कृषिलाई नै मूल रोजगारी बनाउन चाहनेको लागि :*

  क) खेतीबाटै रोजगारीको समस्या हल गर्दै जीवन निर्वाह गर्न चाहने हरेक हलिया परिवारको लागि संघ सरकारले अधिकार प्रदान गरेअनुरुप स्थानीय तहसितको सहकार्यमा सार्वजनिक, ऐलानी वा पर्ती जमिनबाट तराइमा ५ कट्ठा र पहाडमा र हिमालमा भए ५ रोपनी जमिन उपलब्ध गराउने । यस्तो जग्गाको नापी गरी, फिल्डबुक समेत तैयार गरी स्वामित्व पुर्जा परिचय पत्र प्राप्त हलिया दम्पत्तिलाई स्थानीय तहको रोहवरमा हस्तान्तरण गर्ने ।

  ख) कुनै क्षेत्रमा त्यस्तो जमिन पर्याप्त मात्रामा नभएको अवस्थामा यो विकल्प अपनाउन सकिने : हलियाको बसोबास रहेको क्षेत्रमा रहेको हदबन्दीभन्दा ज्यादा रहेको जमीन, बाँझो राखिएको जमिन वा अनुपस्थित भूस्वामीको जमिन स्थानीय सरकार जिम्मेवारी बसी सम्वन्धित ब्यक्तिबाट लिएर १० बर्ष भन्दा ज्यादा समयको लागि हलिया परिवारको माग अनुसार वा हलियाका उत्पादन सहकारीको मागअनुसारको अनुपातमा करार खेतीको लागि प्रदान गर्ने । यसबाट एकातिर निकै धेरै जमिन उत्तिकै बाँझो रहेको अवस्था र अनुपस्थित भूस्वामीले अनुत्पादक ढंगले जमिन ओगटेर राख्नाले

पैदा भएको समस्या पनि हल हुने छ । अर्कोतिर, कृषिमै मरिमेट्न चाहने हलिया परिवारको लागि भूमि नपाउने समस्या पनि एकसाथ हुनेछ ।

- ४.२ कृषि बाहेक अन्य पेशा गर्न चाहनेको लागि

क) सीप तालिमको व्यवस्था : सीप तालिम मूलतः प्रदेश सरकारको जिम्मेवारीमा हुने । यसमा संघ र स्थानीय सरकार सहायक भूमिकामा मात्र हुने ।

ख) *रोजगारीका लागि दीर्घकालीन सीप तालिम* : जीविकाको लागि कृषि बाहेक अन्य पेशा गर्न चाहने उमेर पुगेका हरेक हलियाका सन्तान वा प्रौढ हलियाको लागि लामो अवधिको दीर्घकालीन प्रकृतिको सीप तालिम प्रदान गर्ने ।

ग) सीप तालिमपछि तालिमको प्रकृति हेरी कम्तीमा रु ५० हजारदेखि रु. १ लाखसम्मको बीउ पुँजी र आवश्यक औजार प्रदान गर्ने ।

घ) *सीप तालिमको बिषय* : हाम्रो भ्रमणको दौरानमा भ्रमण गरेका हलियाहरूले निम्न सीप तालिमहरू राम्रो ज्याला र बजार उपलब्धताका हिसाबले उपयोगी हुने बताएका छन् । परन्तु सीप तालिमका बिषय यति मात्र नहुन सक्छन् । हलिया परिवार स्वयम्लाई सोधेर, बजारको विश्लेषण समेत गरेर नयाँ, बजारमा बिकाउ हुने र राम्रो पारिश्रमिक आउने. खालका जीविकायोग्य सीप तालिम तथा शिक्षा प्रदान गर्ने :

पुरुषहरूको लागि माग गरिएका सीप तालिमहरू

- सिकर्मी /
- डकर्मी / राजमिस्त्री
- अटो मेकानिक्स/गाडी /मोटरसाइकल मर्मत
- ठूला साना गाडी चलाउने/अटो चलाउने
- इलेक्ट्रीक वाइरिङ्ग
- प्लम्बर
- मोबाइल मर्मत
- टिभी /फ्रिज,/वाशिङ मेसिन मर्मत
- कपाल काट्ने

महिलाहरूको लागि माग गरिएका सीप तालिमहरू

- सिलाइ कटाइ
- घर छेउको तरकारी खेती
- बंगुरपालन
- बाखा पालन
- सानो पैमानाको कुखुरापालन
- डोको/डालो/नांग्लो बुन्ने
- मुढा बनाउने
- चुरा/धागो बनाउने

ङ) *परम्परागत सीपको आधुनिकीकरण गर्न सहयोग* : लुगा सिउने, गहना बनाउने, फलाम, ढलोट र तामाका सामान बनाउने, जुत्ता बनाउने, डोको डालो नाम्लो

बुन्ने जस्ता हलियाको परम्परागत सीपलाई आधुनिकीकरण गर्न चाहने ५० बर्षमुनिका प्रौढ हलिया वा उनका युवा सन्तानलाई त्यससम्वन्धी शिक्षा र सीप तालिमको व्यवस्था गर्ने । यस्ता तालिमप्राप्त हलियालाई पनि माथि उल्लेख गरे बरोबरको बीउ पुँजी र औजारसमेत प्रदान गर्ने ।

च) *परिवारबृत्ति* : सीप तालिम हासिल गरेका ब्यक्तिलाई सीप तालिम हासिल गरिरहेका समयमा परिवार भोको नहोस् भन्नाका लागि परिवारवृत्तिको ब्यवस्था गर्ने ।

छ) *सहुलियत ऋणको ब्यवस्था* : हलियालाई दिइएको सीप तालिम पुँजीको अभावमा ब्यर्थमा खेर नजाओस् भन्नाका लागि सीप तालिमपछि प्रदेश सरकारले प्रदान गरेको बीउ पुँजी अनुदानपर्याप्त नभएको स्थितिमा कामपछि किस्ताबन्दीका रुपमा तिर्ने गरी बिना धितो, परियोजना आफै धितो हुने गरी बार्षिक ५ प्रतिशत ब्याजदरमा रु ५ लाखसम्मको ऋण बैंकबाट प्रदान गर्ने ब्यवस्था गर्ने । यसका लागि प्रदेश सरकार आफै जमानी बसिदिने नीति लिने ।

*ज) सीप तालिमको अवधि* : सीप तालिम लामो अवधिको अर्थात ६ देखि ९ महीनाको प्रदान गर्ने । तालिमपछि प्रमाणपत्र समेत प्रदान गर्ने ताकि यो बैदेशिक रोजगारीका लागि समेत उपयोगी रहोस् ।

*झ) सहकारीलाई बिशेष प्राथमिकता र प्रोत्साहन* : पाँच भन्दा ज्यादा हरवाचरवा परिवार मिली सहकारी बनाएर दिइएको सीप तालिम वा जानेको सीपलाई प्रयोगमा ल्याउने र आय आर्जन गर्न खोज्ने हरवाचरवा परिवारलाई अनुदान र ऋणमा अरु ज्यादा सुविधा प्रदान गर्ने । सहकारी बनाएमा त्यस्तो सहकारीलाई हरेक हलिया परिवारका निम्ति प्रति हलिया परिवार रु २ लाखका हिसाबले अनुदानका रुपमा बीउ पुँजी प्रदान गर्ने । साथै जरुरी औजार समेत प्रदान गर्ने ।

ट) हलियाको सहकारी बनाएर ठूलो पैमानामा कुनै पनि किसिमको कृषि उत्पादन गाईभैंसी पालन, माछा पालन, वा सहकारी खेती गर्न खोजेमा त्यस्तो सहकारीलाई ठूला मेशिनरी, ट्रेक्टर वा सामान ओसार्ने गाडीमा भन्सार महशुल छूट प्रदान गर्ने । साथै परियोजना नै धितो रहने गरी प्रति परिवार कम्तीमा रु१० लाख भाग लाग्ने गरी बार्षिक ४ प्रतिशत ब्याज दरमा बैंकबाट उद्योगब्यवसाय प्रवर्द्धन ऋण उपलब्ध गराउन प्रदेश सरकार जमानी बस्ने ब्यवस्था गर्ने ।

५. *उच्च तथा प्राविधिक/ब्यावसायिक शिक्षामा पहुँचको सुनिश्चितता :*

- *निशुल्क उच्च शिक्षा* : हलियामध्ये ९५ प्रतिशतभन्दा पनि ज्यादा दलित भएकाले संवैधानिक ब्यवस्था अनुसार हलियाका सन्तानको लागि उच्च शिक्षामा पहुँच सुनिश्चित बनाउनका लागि सबै सरकारी क्याम्पस तथा विश्वविद्यालयमा प्रदेश सरकारको खर्चमा निशुल्क अनिवार्य पठन पाठनको ब्यवस्था गर्ने ।
- *ब्यावसायिक र प्राविधिक उच्च शिक्षामा २ प्रतिशत सीट आरक्षण* : हलियाका सन्तानका
- लागि नेपाल सरकारको अनुदानबाट संचालित उच्च शिक्षा दिने प्रकृतिका प्रदेशभित्रका डाक्टर, नर्स, इन्जीनीयर, पाइलट लगायतको शिक्षा दिने सबै प्राविधिक र ब्यावसायिक क्याम्पस तथा पोलिटेक्निकल विद्यालयमा कुल सीटको

२ प्रतिशत निशुल्क शिक्षा दिने गरी आरक्षित गर्ने । विदेशबाट प्राविधिक र ब्यावसायिक बिषयमा प्राप्त हुने छात्रवृत्तिमा यही नीति लागू गर्ने ।

- *शून्य ब्याजदरमा शैक्षिक ऋण* : २ प्रतिशत भन्दा ज्यादा सीटमा स्वदेशमा वा विदेशमा प्राविधिक र ब्यावसायिक शिक्षा हासिल गर्न चाहने हलियाका सन्तानका लागि शिक्षाको समाप्ति र रोजगारीको प्राप्तिपछि किस्तावन्दीमा तिर्ने गरी प्रदेश सरकारको जमानीमा बैंकमार्फत शून्य प्रतिशत ब्याजदरमा शैक्षिक ऋणको ब्यवस्था गर्ने ।

६. *आधारभूत स्वास्थ्य उपचार सुविधामा पहुँचको सुनिश्चितता* : हरवाचरवाको सुनिश्चित स्वास्थ्य उपचारको लागि प्रबन्ध गर्न निम्न कार्य गर्ने :

- *घुम्ती डाक्टर वा क्लिनिकको ब्यवस्था* : हरेक ससाना हलिया बस्तीमा पनि आधारभूत स्वास्थ्य सेवा पुऱ्याउनका लागि घुम्ती डाक्टर वा घुम्ती क्लिनीकको ब्यवस्था गर्ने
- *स्वास्थ्य बीमाको ब्यवस्था* : हरेक हरवाचरवा परिवारले आफूलाई लाग्ने सबै साना-ठूला रोगको उपचार बीमाबाट गर्न सक्ने गरी उनीहरूको स्वास्थ्य बीमाको ब्यवस्था गर्ने । यसका लागि संघबाट ५० प्रतिशत शुल्क बरोबरको रकम प्राप्त गर्नुको अलावा प्रदेशबाट ५० प्रतिशत शुल्क ब्यहोर्ने ब्यवस्था गर्ने ।
- *प्राथमिक स्वास्थ्य केन्द्रको ब्यवस्था* : १५० वटासम्म घर परिवार रहेको प्रत्येक हरवाचरवा बस्ती र गाउँमा आधारभूत स्वास्थ्य उपचार सुविधा, बर्थिङ्ग सेण्टर अर्था बच्चा जन्माउने सुविधा र जरुरी सबै खोपको ब्यवस्थासहित प्राथमिक स्वास्थ्य चौकीको ब्यवस्था गर्ने । त्यो भन्दा ज्यादा घर परिवार भएको हलिया बस्तीमा खोप, बर्थिङ्ग सेण्टरका अलावा सानोतिनो अपरेशन समेत गर्नसक्ने सुविधासहितको प्राथमिक स्वास्थ्य उपचार केन्द्र वा १० बेड भएको मिनी अस्पतालको ब्यवस्था गर्ने ।
- *महिला स्वयम्‌सेविकाको ब्यवस्था* : हलिया बस्तीमा कम्तीमा एकजना महिलालाई ज्वर नाप्ने, ब्लडप्रेसर नाप्ने, रगतमा अक्सीजनको स्थिति नाप्ने, समुदायमा स्वास्थ्य चेतना फैलाउने, आपतकालीन स्थितिमा सुँडिनीको काम समेत गर्ने जस्ता समुदायलाई आवश्यक बिषयका तालिम सहित स्वास्थ्य स्वयम्‌सेविकाको ब्यवस्था गर्ने ।
- हलिया परिचयपत्रवालालाई छूटको ब्यवस्था : हलियाको परिचयपत्र देखाएमा कुनै पनि निजी अस्पतालमा हलिया परिवारका बिरामीलाई ५० प्रतिशत छूट र सरकारी अस्पतालमा शत प्रतिशत छूट हुने ब्यवस्था गर्ने ।

७. *न्युनतम भौतिक पूर्वाधारको पहुँच* : संघीय सरकारको ५० प्रतिशत बजेटरी सहयोगसहित प्रदेश सरकारले बाँकी स्रोत साधन परिचालन गरी निम्न न्युनतम भौतिक पूर्वाधारको ब्यवस्था हरेक हलिया बस्तीमा गरिदिने :

- शुद्ध खानेपानीको ब्यवस्था
- शौचालय
- बिजुली
- टेलिफोन/मोबाइल नेटवर्क
- सडक
- इन्टरनेट
- सिँचाइ

८. *न्युनतम ज्यालाको ग्यारेण्टी* : कृषि श्रमिकको रुपमा काम गर्ने प्रत्येक हलियाले कानुन बमोजिम कृषि श्रमिकको न्युनतम ज्याला तथा महिला पुरुषलाई समान

ज्याला समेत नपाइरहेको अध्ययनबाट देखिएकाले, ज्यालाको यस प्रकारकको न्युनता र बिभेदबाट एकातिर उनीहरूको जीविका नै नभई रहेको र अर्कोतिर सरासर उनीहरूमाथि अन्याय हुन गएको देखिएकाले यस सम्वन्धमा निम्न अनुसार गर्ने :

- *कानुन अनुसारको न्युनतम ज्यालाको ब्यवस्था* : हलियालाई लागू हुने ब्यवस्था कडाइपूर्वक लागू गर्न प्रदेश, जिल्ला प्रशासन कार्यालय र स्थानीय सरकारलाई निर्देशित गर्ने ।
- न्युनतम ज्याला नदिने ब्यक्तिलाई कडा दण्डको ब्यवस्था गर्ने ।
- समान कामको लागि समान ज्याला एवम् महिला र पुरुषलाई समान ज्याला लागू गर्ने ।

९. *बढी ब्याज लिनेलाई कडा दण्ड :*

- *प्रदेश* सरकारले आफ्नो प्रदेशभरि कानुनले तोकेभन्दा धेरै ज्यादा ब्याज लिने साहु वा सहकारी/बैंकलाई कडा दण्डको ब्यवस्था गर्ने कानुन अविलम्व ल्याउने ।
- त्यस कानुनमा कुनै पालिकामा त्यस्तो प्रचलन पाइएमा यसका लागि पालिकालाई पनि जवाफदेही बनाउन त्यस्तो पालिकाको प्रमुखलाई पनि दण्डित गर्ने ब्यवस्था गर्ने ।

*१०. राजनीतिक र सामाजिक नेतृत्वमा समावेशीता :*

- पूर्वहलियाको राजनीतिक प्रतिनिधित्व सुनिश्चित गर्नका लागि प्रदेश सरकारले राजनीतिक दलको बिभिन्न स्तरका समिति, मन्त्रीमण्डल, न्यायपालिका र ब्यवस्थापिकामा स्थान सुरक्षित गर्न अनिवार्य समावेशीताको कानुनको ब्यवस्था गर्ने ।
- हलिया बस्ती सघन रहेको कुनै पालिकामा जुन वडामा हलियाको सघन बस्ती छ त्यस वडाको दलित सदस्य नियुक्त गर्दा त्यो सदस्य हलिया नै पर्नुपर्ने कानुनी ब्यवस्था गर्ने । साथै, जुन वडामा दलितको बहुसंख्या छ र हलियाको पनि निकै सघन बस्ती छ त्यहाँको वडाध्यक्षको उम्मेदवार जुनसुकै दलको भए पनि पूर्वहलिया नै हुनुपर्ने कानुनी आरक्षणको ब्यवस्था गर्ने । पालिकाको नेतृत्वमा हरेक चारपटकपछि चक्रीय प्रणालीमा हलियाको पनि नेतृत्व हुने ब्यवस्था गर्ने ।
- प्रदेशभरिका हलिया बस्ती रहेका सबै विद्यालय ब्यवस्थापन समिति, बन ब्यवस्थापन समिति लगायत तमाम सामाजिक संघ र संस्थाहरूमा पूर्वहलियाको बाध्यकारी प्रतिनिधित्वको कानुनी ब्यवस्था गर्ने ।

## २.४.३ स्थानीय तहले गर्ने

१. ***यकीन तथ्याङ्क संकलन र परिचय पत्र बितरण*** : हलियाको यकीन तथ्याङ्क संकलन स्थानीय तह, र त्यसमध्ये पनि वडा तह संलग्न भएर संकलन गरेमा मात्र ज्यादा सटिक आउन सक्ने, उसैले नै आधिकारिक रुपमा को हलिया हो, को होइन भनेर किटान गर्न सक्ने भएकाले छूट हलियाको लगत संकलन, प्रमाणिकरण र परिचय पत्र बितरणको मुख्य जिम्मेवारी र अधिकार स्थानीय तहलाई दिने । यसका लागि निम्न कार्य गर्ने :

- *वडाबाटै तथ्याङ्क संकलन* : २०६५ सालमा हलिया मुक्तिको घोषणा हुँदा जुन जुन वडामा हलिया विद्यमान थिए वा अहिले पनि छन् त्यहाँका वडाध्यक्षले आफ्नो नेतृत्वमा आफ्ना वडा सदस्य र सरोकारवाला समेत सामेल गरेर

तथ्याङ्क संकलन टीम तैयार गर्ने । त्यस टीमले थलोमै गएर सर्जमीन र हलियाको यकीन तथ्याङ्क संकलन गर्ने विधि अंगीकार गर्ने । यसमा दाबी र विरोधको अवसर समेत प्रदान गर्दै सार्वजनिक सर्जमीनको उपायबाट पूर्व हलिया यकीन गर्ने ।

- *हलिया प्रमाणिकरण र परिचय पत्र* : वडाले यकीन गरेर पठाएको पूर्व हलियाको नाम र सूचीलाई पालिकाका प्रमुखको अध्यक्षतामा सम्वन्धित वडाका वडाध्यक्ष वा वडाध्यक्षहरू, प्रशासकीय प्रमुख, सरोकारवाला प्रतिनिधि सम्मिलित बोर्डले प्रमाणिकरण गर्ने । प्रमाणिकरण गर्नासाथ सुस्पष्ट बर्गीकरणसहितको, दुबै दम्पतिको नाम र फोटो भएको परिचय पत्र प्रदान गर्ने बिधि अवलम्वन गर्ने ।
- *हलियाको नयाँ बर्गीकरण* : अहिलेसम्मको ब्यवहारमा हलियाको 'ग' बर्गको बर्गीकरणको कुनै प्रयोजन नभएको ; आफ्नो स्वामित्वमो जमिन र मानवोचित घर भएको मानिस हलिया नै हुन नसक्ने हुँदा 'घ' बर्गको कुनै औचित्य नै नभएकाले हलियाको बर्गीकरण अब उप्रान्त २ थरिको मात्र गर्ने :

| **स्टिकर** | **मुक्तकमैयाको बर्गिकरण** | **बिशेषता** |
|---|---|---|
| (रातो) | क बर्ग | आफ्नो जमिन र घर केही नभएका |
| (निलो) | ख बर्ग | आफ्नो जमिनसम्म भएको तर घर नभएको वा,<br>आफ्नो टहरो वा घरसम्म भएको तर खेतीयोग्य जमिन नभएको वा,<br>जमिन पनि आधा बर्ष खानपुग्दो नभएको र घर पनि टहरो मात्र भएका |

२. *घर निर्माण कार्यको ब्यवहारिक कार्यान्वयन, सहजीकरण र अवलोकन गर्ने :*

- संघ र प्रदेश सरकारले हलियाको घर निर्माणको लागि प्रदान गर्ने जमिन र रकम स्थानीय तहमार्फत नै प्रदान गर्ने ।
- घरका लागि जमिनको खोज र छनोट गर्न पनि स्थानीय तहले नै सहयोग र सहजीकरण गर्ने ।
- हलिया परिवारले निर्माण गर्ने घरको डिजाइन बनाउन पनि स्थानीय तहले नै सघाउने ।
- हलियाहरू अहिले जुन स्थानमा बसिरहेका छन् तिनलाई त्यही स्थानमा बसोबासको ब्यवस्था गर्न प्रमाणिकरण र सिफारीश गर्ने तथा सहजीकरणको भूमिका खेल्ने ।
- हलियाले रकम बुझिसकेपछि डिजाइन अनुसार घर निर्माण गरे/गरेनन्, गरेका छन् भने कार्य प्रगतिको स्थिति के छ त्यसको नियमित र ब्याबहारिक अवलोकन गर्ने र त्यसको जानकारी प्रदेश तथा संघ सरकारलाई दिने ।

- यी सबै कार्य गर्ने भएकाले संघ र प्रदेश सरकारले हलियाको लागि गर्ने घरको प्रवन्ध र भूमि निर्धारणको कार्यमा स्थानीय तहले ब्यावहारिक कार्यान्वयन र सहजीकरण गर्ने ।

३. *अल्पकालीन सीप तालिम :*

- हलिया परिवारको लागि छोटो अवधिको अल्पकालीन सीप तालिम प्रदान गरेर तत्काल रोजगारीको अवसर सिर्जना गर्ने जिम्मेवारी स्थानीय तहको हुने ।
- यस्तो सीप तालिमले हलिया परिवारलाई निकै छिटो तालिम प्राप्त गरेर वा पहिले थोरै जानेको सीपमा थोरै अपडेट ज्ञान हासिल गरेर बजारमा अविलम्व रोजगारी हासिल गर्न सघाउ पुग्नेछ ।
- यस्तो तालिम दिँदा पनि बीउ पुँजी र औजार प्रदान गर्ने नीति अप्नाउनु पर्नेछ ।

४. *शिक्षामा पहुँचको सुनिश्चितता* : हलियाका सन्तानको लागि १२ कक्षासम्म निशुल्क शिक्षा सुनिश्चित गर्नका लागि निम्न कार्य गर्ने

- हरेक ठूला हलिया बस्तीमा बालविकास केन्द्र र आधारभूत विद्यालय स्थापना गर्ने । साना हलिया बस्तीको पनि शिक्षामा पहुँच सम्भव बनाउनका लागि बहुबिषयी घुम्ती शिक्षकको प्रवन्ध गर्ने ।
- माध्यमिक विद्यालय ४५ मिनेट भन्दा टाढा भएमा र त्यसस्थानमा मावि पनि स्थापना गर्न सम्भव नभएमा ब्रिज विद्यालयको प्रबन्ध गर्ने ।
- हलियाका सन्तानको उच्च ड्रप आउट दरलाई शून्यमा ओराल्नका लागि पालिकाको खर्चबाट दिवा खाजा, पोशाक र पाठ्य सामग्री पाउने सुनिश्चितता गर्ने । साथै, बाबुआमाको चरम गरिबी र शिक्षाको महत्वबोधको होचो स्तरलाई सम्वोधन गर्ने कार्यक्रम ल्याउने ।
- प्रौढ हलियाको साक्षरता र शिक्षाका लागि कामपछिको अनौपचारिक र अरीतिक शिक्षाको बन्दोबस्त गर्ने । यसका लागि स्थानीय बिद्यालयमा आधारित भएर थप भत्ताको ब्यवस्था गरेर घुमन्ते शिक्षकको ब्यवस्था गर्ने ।

५. *आधारभूत स्वास्थ्यमा पहुँचको सुनिश्चितता* : आधारभूत स्वास्थ्यमा हलियाको पहुँच सुनिश्चित गर्नका लागि निम्न कार्य गर्ने :

- हरेक हलिया बस्तीमा स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकीको र आधारभूत औषधिहरूको बन्दोबस्त गर्ने । हलियाका सन्तानका लागि सबै खाले खोपको प्रवन्ध गर्ने ।
- हलिया बस्ती निकै सानो भएमा नियमित घुम्ती डाक्टर वा घुम्ती क्लिनिकको बन्दोबस्त गर्ने ।
- हरेक हलिया बस्तीमा हलियाहरूमध्येबाट आधारभूत स्वास्थ्य जाँच र सुँडिनीको तालिम दिएर स्वास्थ्य स्वयमसेविकाको ब्यवस्था गर्ने । स्वास्थ्य स्वयमसेविकाले स्वास्थ्य जागरणको भूमिका समेत निर्वाह गर्ने ।
- खालि क्लिनिक, डाक्टर र औषधिले मात्र भोको पेट र फोहोर खानेपानीबाट पैदा गर्ने असंख्य रोगहरूलाई सम्वोधन नगर्ने भएकाले पालिकाले हरेक हलिया बस्तीमा शुद्ध खानेपानी र पर्याप्त पोषणयुक्त भोजन उपलब्ध हुने ब्यवस्था गर्ने । बहुआयामिक गरिबी निवारणको कार्यक्रम सञ्चालन गर्ने । यसका लागि हलिया

बस्ती वरिवरि वा पालिकाभरि संचालन हुने विकास निर्माण कार्यमा हलियालाई उच्च महत्वका साथ काम दिएर कामका लागि खाद्यान्न कार्यक्रम संचालन गर्ने ।

६. *हलिया बस्तीमा आधारभूत भौतिक पुर्वाधारको निर्माण* : प्रदेश सरकारको बजेट बिनियोजनमा आफ्नो हिस्सा समेत थपी हरेक हलिया बस्तीमा निम्न भौतिक पूर्वाधारहरू पुऱ्याउने :

- खानेपानी, बिजुली, सडक
- टेलिफोन र इन्टरनेट नेटवर्क

७. *न्युनतम ज्यालाको ग्यारेण्टी* : आफ्नो पालिकाभित्र न्युनतम ज्यालाको प्रावधान कडाइपूर्वक लागू गर्ने । सो नगर्ने कडा दण्ड दिने स्थानीय कानुन ल्याउने ।

८. *ज्यादा ब्याजदर लगाउनेमाथि कडा दण्ड* : आफ्नो पालिकाभित्र सरकारले तोकेको भन्दा ज्यादा ब्याज लिने दिने जोकोहीलाई कडा दण्ड गर्ने कानुन ल्याउने । यसका लागि पालिकाले असाक्षर पीडितहरूबाट उजुरी प्राप्त हुने समय नपर्खी त्यो पत्ता लाउने आफ्नै गुप्त संयन्त्र तैयार गर्नु पर्ने ।

९. *सरकारी कार्यालयमा नोकरीमा पहिलो प्राथमिकता* : पालिकाभित्रका कुनै पनि शाखामा र सरकारी कार्यालयमा खालि पदहरू सिर्जना भएमा त्यसमा पहिलो प्राथमिकता पूर्वहलियालाई दिने नीति तर्जुमा गर्ने ।

१०. *राजनीतिक र सामाजिक समावेशीता* :

- १०.१ स्थानीय तहको सामाजिक तथा राजनीतिक नेतृत्वमा हलियाको पहुँचको लागि स्थानीय तहले कानुन ल्याएर २ प्रतिशत सीट सुनिश्चित गर्ने ।
- १०.२ स्थानीय तहमा हरेक वडाबाट अनिवार्य रुपमा छानिने दलित वडा सदस्यमा हलिया बस्ती ज्यादा रहेको वडामा त्यस्तो दलित सदस्य अनिवार्य रुपमा हलिया नै हुनुपर्ने कानुन र नियम तर्जुमा गर्न भूमिका खेल्ने ।

## २.४.४ सामाजिक र गैरसरकारी संस्थाले गर्ने

१. हलियामा कार्यरत सामाजिक र गैरसरकारी संस्थाहरूले मूलतः सामाजिक र सांस्कृतिक जागरण ल्याउने खालका कार्यक्रम संचालन गर्ने । यसरी हलियामा अहिले पनि जारी रहेको छुवाछुत, कुलत र सामाजिक कुपरम्परा हटाउन सहयोग गर्ने ।

२. हलिया परिवारलाई एकतावद्ध बनाएर उनीहरूको कृषि तथा ब्यावसायिक सहकारी बनाउन शिक्षा र सहयोग प्रदान गर्ने ।

३. हलिया समुदायलाई सशक्तिकृत गर्दै आफ्नो समस्याको समाधानको लागि र आफ्नो हक तथा हितका लागि आफै एकतावद्ध तथा संगठित भएर अघि बढ्न ब्यावहारिक शिक्षा र सहयोग प्रदान गर्ने ।

४. हलियाभित्रबाट बोल्न सक्ने, लेखपढ गर्न सक्ने र संगठन निर्माण गर्ने क्षमता बोकेका उनीहरूको आफ्नै नेतृत्व विकास गर्न सहयोग प्रदान गर्ने ।

५. हलियाको साक्षरता र शिक्षामा सहयोग गर्ने र सरकारले हात नहालेका प्राविधिक र ब्यावसायिक शिक्षा क्षेत्रमा छात्रवृत्ति प्रदान गर्ने ।

६. हलियाको आफ्नो घर र बस्ती निर्माणमा सीप र स्रोतको सहयोग गर्ने ।

७. आफ्ना संस्थाका तहगत कार्यालयहरूमा हलियाका शिक्षित युवा सन्तानका लागि राम्रो आय हुने रोजगारी प्रदान गर्ने ।

# खण्ड ३

# हरवाचरवा

## ३.१ अध्ययनबाट प्राप्त भएका तथ्यहरु

हरवाचरवा जो ऋण लिएबापत त्यसको ब्याज तिर्न, जीविकाको लागि खाद्यान्न प्राप्त गर्न वा साहुको भूमिमा खेती गर्न सानो झुप्रो बनाएर बस्ने अनुमति प्राप्त गर्न साहुको अरु जमिन बिना ज्याला जोतिदिने, साथसाथै आफ्नो परिवार समेत प्रयोग गरेर उनको घरको तमाम काम समेत सिँतैमा गरिदिने शर्तमा बँधुवा श्रमिक हुन्छन् ती नै हरवा हुन् ।

यी बँधुवा श्रमिकहरू साहुको घरमा काम नभएको बखत अरु ठाउँमा गएर ज्यालादारी काम गर्न वा आफ्नो खेतीपातीको काम गर्न स्वतन्त्र हुन्छन् । तर जतिखेर साहुको जमिन जोत्ने, खन्ने, धान गोड्ने, बाली काट्ने समय हुन्छ जहाँबाट जुनसुकै काम छोडेर आएर भए पनि साहुको जमिन जोत्न आइपुग्नु पर्ने बाध्यतामा बाँधिएका हुन्छन् । यही कारणले उनीहरूलाई बँधुवा श्रमिक भनिएको हो । यसो नगरिएमा उनीहरू दण्डित हुन्छन् । कतिपय ठाउँमा दिइएको लगुवाइबाट निकाला हुन्छन्, कतै अदालतमा मुद्दा पर्छ वा घर निकाला वा गाउँ निकाला समेत गरिन्छन् । अहिलेको अहिल्यै ऋणको सावाँब्याज तिर्न बाध्य गराइन्छन् । यति मात्र होइन, उनीहरू एउटा जमिन्दारसित अनुबन्धित भएपछि अरु जमिन्दारको हरवा भएर काम गर्न पाउँदैनन् ।

चरवा प्रथा हरवा प्रथाकै एउटा शाखा हो । यसमा निश्चित मात्रामा जीविकाको निम्ति अन्न (अहिले आएर पैसा) पाउनका लागि श्रमिकले गाउँभरिको र कुनै टोल/बस्तीभरिका गाईवस्तुहरू दिनभरि चराइदिने र स्याहार गरिदिने काम गर्छ ।

हरवा प्रथा एक प्रकारको सामन्ती भूदास प्रथामा आधारित सामाजिक सम्झौता हो जसमा जमिन्दार सम्पूर्ण खेतीको लागि र घरेलु श्रमका लागि चाहिएको बेलामा अन्यत्र हरवा वा श्रमिक खोज्नुपर्ने र उसलाई नगदमा पारिश्रमिक दिनुपर्ने बोझबाट मुक्तहुन्छ । अनि जोताहा श्रमिक चाहिँ ऋणको ब्याज तिर्नुपर्ने, छाप्रो वा अस्थायी घर ठड्याउनका लागि जमिन किन्नुपर्ने र खाद्यान्नका लागि अरु बिकल्प खोज्नुपर्ने बाध्यताबाट मुक्तहुन्छ ।

अध्ययन भ्रमणबाट थाहा लागेको छ कि मधेस प्रदेशमा हरवाचरवा प्रथा अझै बाँकी छ । यो प्रथा सबैभन्दा ज्यादा र पुरानै स्वरुपमा धनुषा, सिराहा र सप्तरीमा रहेको पाइएको छ । लोकमार्ग, मूल सडक तथा शहर बजारको निकट रहेको ठाउँमा हरवाचरवाको पुरानो स्वरुप परिवर्तित भएर उनीहरू ज्यालादारी श्रमिकमा रुपान्तरित हुँदै गएको देखिएको छ ।

परन्तु स्वरुप बदलिए पनि हरवाचरवाहरू अझै गैरकानुनी ऋणको थैली तथा ब्याज, त्यस्तो ऋणकै कारण पैदा हुने बँधुवापनबाट मुक्तश्रमिक अझै हुन सकेको पाइएन । भूमिहीनता, बासबिहीनता, रोजगारीबिहीनता, चरम गरिबी, अशिक्षा र चर्को ब्याजदरको ऋण हरवाचरवाको सबैभन्दा बिकराल समस्याको रुपमा रहेको भेटियो । उनीहरूमाथिको चर्को शोषण उत्पीडन र बदलिएको स्वरुपमा बँधुवापन अझै बाँकी रहेको देखिएको छ ।

हरवाचरवामध्ये सबैभन्दा बढी मुसहर रहेको भेटिएको छ । परन्तु अरु जात जातिका हरवाचरवा पनि रहेको भेटियो । हरवाचरवामध्ये अधिकांश दलित रहेछन् परन्तु थोरै मात्रामा गैरदलित हरवाचरवा पनि रहेको पाइएको छ ।

हामीले भ्रमण गरेको आठै जिल्लामा कानुनले तोके अनुसारको ज्याला रुपान्तरित हरवाचरवाले पाइरहेको भेटिएन । धेरैजसो स्थानमा दिनको ५ किलो धान हरवाले पाइरहेको

ज्यालाका रुपमा देखिएको छ जुन नगदमा रु २०० बरोबर हुन्छ । कतिपय स्थानमा सम्पन्न भू-स्वामीले ट्र्याक्टर किनेर पहिलेका हरवाले त्यो चलाउने र त्यो चलाएबापत नगद ज्याला पाउने गरिएको पनि देखियो । हरवाचरवाले काम गर्दा लिखित सम्झौतामा आधारित श्रम सम्झौता पनि कुनै जिल्लामा प्रभावी भएको भेटिएन ।

उनीहरूसित आफ्नै स्वामित्वमा जमिन, बस्नयोग्य बास र खेतीयोग्य भूमि नहुनु, जीवन धान्न पुग्दो ज्याला प्राप्त हुने खालका रोजगारीको उन्नत बिकल्प पनि नहुनु र शिक्षा नहुनुको कारण उनीहरू आज पनि निकै चर्को ब्याजदरमा गृहत् अथवा साहुसित ऋण लिन बाध्य छन् । अनि वास्तविक साँवाभन्दा धेरै गुणा ज्यादा थैली राखेर तमसुक गर्न समेत बाध्य छन् । यही ऋण र तमसुकले उनीहरूलाई एक्काइसौँ सदीमा पनि बँधुवा श्रमिक बनाइरहेको देखिएको छ ।

हामीले भ्रमण गरेका स्थानमा बन्धकी नराखी लिएको ऋणमा ब्याजदर थोरैमा ३६ प्रतिशतदेखि बढीमा १२० प्रतिशतसम्म रहेको भेटिएको छ । महीनाको ५ प्रतिशत अर्थात बर्षको ६० प्रतिशत ब्याजदर अधिकांश जिल्लामा औसत रुपमा रहेको भेटिएको छ । साँवालाई तमसुकमा थोरैमा दोब्बरदेखि बढीमा चार दोब्बरसम्म बनाएर कागज गराइएको समेत पाइएको छ । धनौजी गापा यो चार दोब्बर पारेको समेत भेटियो । तेब्बर बनाउने प्रचलन त औसत रुपमा नै पाइएको छ । कानुन बिपरीतको यस्तो प्रचलन आम रुपमा छ भन्ने सूचना हुँदा हुँदै पनि प्रदेश र स्थानीय सरकारले त्यसलाई रोक्ने कुनै प्रभावकारी उपाय अपनाइएको भेटिएन । दिने र लिने मिलीदिँदा कार्यवाही गर्न चाहनेलाई अप्ठेरो परेको भन्ने उनीहरूको भनाइ देखियो ।

अधिकांश हरवाचरवाले ऋण लिनुको मुख्य कारण जीवन निर्वाहका लागि अति जरुरी खानेकुरा किन्न र स्वास्थ्य उपचार गर्नका लागि देखिएको छ । ऋणको अन्य सहायक कारणका रुपमा परम्परागत रीतिथिति धान्न र विदेशमा रोजगारीका लागि छोराछोरी पठाउन समेत रहेको पाइयो । विदेशमा राम्रो रोजगारी नभेटेर उत्तिकै फर्कन पर्दा केही हरवाचरवा डुबेको पनि भेटियो । निकै थोरैले विदेशमा राम्ररी कमाएर ल्याएर सबै ऋण चुक्ता गरेर राम्रो घर बनाएर बसेको पनि भेटियो ।

धेरैजसो हरवासित नागरिकताको प्रमाणपत्र नरहेको उनीहरूले हामीलाई बताएका छन् । यो प्रमाणपत्रको अभावमा न त उनीहरू राज्यले दिने कुनै सुविधा लिन समर्थ भएका छन्, न जमिन आफ्नो नाममा पास गर्न ।

हरवाचरवा पहिलेदेखि ऐलानी जमिनमा बसिरहेका तर भर्खरै सडक पुगेका कतिपय स्थानमा जग्गाको मूल्य ह्वात्तै बढेकाले स्थानीय जनप्रतिनिधिले जग्गा दलालसित मिलेर हरवाचरवालाई बसिरहेको जमिनबाट बिस्थापित गर्ने र त्यो जमिन हडप्ने प्रक्रिया पनि सुरु भएको पाइयो । जस्तो उदाहरणको लागि सिराहामा । यसले हरवाचरवाको जीवनलाई अरु जोखिमपूर्ण बनाएको देखिन्छ ।

हरवाचरवाको यकीन तथ्याङ्क प्रदेश र स्थानीय सरकारसित रहेको पाइएन । केही पालिकाले भने यस्तो तथ्याङ्क राख्न योजनाबद्ध प्रयास थालेको पाइयो जस्तो कि धनुषाको शहीदनगर नगरपालिका, धनौजी गापा र गणेशमान चारनाथ नपामा । उनीहरूले यसका लागि बजेट बिनियोजन गरेर र दक्ष जनशक्ति छुट्टयाएर यो कार्य सम्पन्न गरिसकेका छन् जसको सार संक्षेप लगत्तै पछाडि प्रस्तुत गरिएको छ ।

कतिपय स्थानीय तहले हरवाचरवा सम्वन्धी कार्यक्रम आफ्नो बजेट तथा नीतिमा समाहित गरेको भेटिएको छ । कतिपयले हरवाचरवाका लागि सीप तालिम पनि सञ्चालन गरेको पाइएको छ ।

मधेश प्रदेश सरकारको भूमि व्यवस्था मन्त्रालयमा हरवाचरवा समस्या समाधान गर्ने तत्परता रहेको पाइएको छ । परन्तु संघ सरकारको भूमि व्यवस्था मन्त्रालयले यस मामिलामा समन्वयात्मक ढंगले प्रदेश सरकारको सम्वन्धित मन्त्रालयसित काम नगरिरहेकोले अगाडि बढ्न अप्ठेरो परेको भन्ने उसको बुझाइ रहेको छ ।

राष्ट्रिय जनगणनाको समयमा हरवाचरवाको बर्गीकृत तथ्याङ्क संकलन गरिएको भए निकै सहजतापूर्वक यो कार्य हुनसक्ने तर त्यो अमूल्य मौका खेर गएको भन्ने प्रदेश सरकारको बुझाइ रहेको छ । अब चाँडै हुने कृषि जनगणनाको समयमा यो मौका कदापि नगुमाइयोस् भन्ने प्रदेश सरकारको भूमि व्यवस्था मन्त्रालयको आग्रह रहेको छ ।

हरवाचरवाको वास्तविक मुक्ति गर्ने हो भने ऋण खारेजी, मुक्तिको घोषणा र परिचय पत्रका साथसाथै अन्योन्याश्रित एकीकृत प्याकेजका रुपमा उनीहरूलाई नागरिकता, मानवोचित घर, कृषियोग्य जमिन/रोजगारीको उन्नत बिकल्प, प्राविधिक/ब्यावसायिक र उच्च शिक्षासम्मको पहुँच, आधारभूत स्वास्थ्य उपचारको सुनिश्चितता र सामाजिक समावेशीता प्रदान गर्नूपर्ने हाम्रो अध्ययनको निष्कर्ष रहेको छ । तथापि मुक्तघोषणा गरिएको हरवाचरवालाई तत्काल नागरिकता प्रदान नगर्ने हो भने न त उनीहरूले जमिन प्राप्त गर्नसक्ने छन् , न घर, न उच्च तथा प्राविधिक/ब्यावसायिक शिक्षा, न सामाजिक समावेशिता नै ।

---

*हरवाचरवा बारेमा बिगतमा भएका अध्ययन अनुसन्धानहरू*

हरवाचरवा बारे हाम्रो भ्रमणअघि पनि केही महत्वपूर्ण अध्ययन/अनुसन्धान भएका देखिन्छन् । हामीले हाम्रो अध्ययन भ्रमणअघि ती साहित्यको खोज र अध्ययन गरेका थियौं । त्यसमध्ये एउटा सन् २००६ मा आइ.एल.ओको सहयोगमा सि.एस.आर.सीले सुरेश ढकालमार्फत गरेको अनुसन्धान देखिन्छ । यो Haruwa, The Unfree Agricultural Laborer : A Case Study From Eastern Terai शीर्षकमा प्रकाशित भएको छ । यो सिराहा, सप्तरी र धनुषा जिल्लामा गरिएको हरवा सम्वन्धी अनुसन्धान थियो । दोस्रो, मधेस प्रदेशको शहिदनगर नगरपालिका, धनौजी र गणेशमान गाउँपालिका तथा फ्रिडम फोरम र सामुदायिक आत्मनिर्भर केन्द्र मिलेर सुरेश ढकाल, कल्पना कार्की, र सुदीप श्रेष्ठमार्फत सन् २०१९ जुलाइ अगस्तमा गराएको अध्ययन अनुसन्धान सबैभन्दा पछिल्लो देखिएको छ । "Harawa–Charawa, the Bonded Laborers in Agriculture" शीर्षकको पुस्तिकाको रुपमा यो सन् २०२० मा सि.एस.आर.सी मार्फत प्रकाशित पनि भएको छ ।

सन् २००६ मा गरिएको अध्ययन/अनुसन्धानअनुसार-

पूर्वी तराइमा हरवा प्रथा ब्यापक रुपमा विद्यमान छ । त्यतिबेला अनुसन्धान गरिएका १३,६२१ घरधुरीमध्ये १२ प्रतिशत हरवा थिए । १६८७ घरधुरीलाई हरवा घरधुरीका रुपमा नामाङ्कन गरिएको थियो । जम्मा हरवा घरधुरीमध्ये पनि दलित दुई तिहाइभन्दा थोरै ज्यादा थिए । सन् २००६मा कुल हरवामध्ये अर्थात ६७ प्रतिशत तराइ दलित थिए ।

हरवामा दोस्रो ठूलो समुदायको रुपमा तराइ जनजाति र बीचका जातहरू थिए जो त्यतिबेला २५ प्रतिशतको अनुपातमा थिए । तेस्रो ठूलो समुदायको रुपमा मुस्लिम देखिएका थिए जो कुल हरवामा ५ प्रतिशत थिए । तराइ जनजाति पनि हरवा भएको त्यतिबेला पत्तो लागेको थियो । तर उनीहरू केवल साढे २ प्रतिशत मात्र थिए ।

पछिल्लो सन् २०१९ को अनुसन्धानभन्दा एकदम भिन्न पत्तो लगाइ त्यतिबेला के भएको थियो भने १५ प्रतिशत दलित हरवाहरू जमिन्दारको आँगनमा वा उनीहरूकै घरमा रहे पनि ८५ प्रतिशत दलित हरवाहरूको आफ्नै घर रहेको थियो । त्यो समयमा के थाहा

लागेको थियो भने सबै जनजाति समुदायका हरवा आफ्नै घरमा रहन्थे । त्यस्तै गैरदलितमध्ये ९२ प्रतिशत र मुस्लिमध्ये ८३ प्रतिशत हरवा पनि बसोबास गर्ने थलो उनीहरूको आफ्नै घर थियो । तर अनौठो के थियो भने आफ्नो भनिएकामध्ये अधिकांश घर आफ्नो जमिनमा नभएर सार्वजनिक र ऐलानी जमिनमा बनाइएको थियो । त्यतिबेलै यसमा के प्रश्न पैदा भएको थियो भने-जुन घर आफ्नो जमिनमा बनेको हुँदैन, त्यो आफ्नो घर कसरी हुन्छ ? त्यसबाट त ऊ कुनै पनि बेला धपाइने हुन्छ । नभन्दै कतिपय स्थानमा हात्ती लगाएर, घर आगो लाइदिएर भूमिहीन हरवाहरू धपाइए पनि ।

२००६ को अध्ययनले के पनि थाहा लागेको थियो भने हरवा रहेका दलितमध्ये ५५ प्रतिशत केवल आफू मात्र ब्यक्तिगत रुपमा हरवा बसेका थिए, ४५ प्रतिशत भने पुरै परिवारसहित हरवा भएका थिए । यसको तात्पर्य, हरवा बसेका दलितका छोराछोरीहरू एकसाथ स्वतः जमिन्दारको चरवामा परिणत भएका थिए भने श्रीमती चाहिँ महिला सेविकाका रुपमा । सामान्यतया उनीहरूलाई कुनै पारिश्रमिक दिइन्नथ्यो, कसैले पाइ हाले पनि सापेक्षतामा ज्यादै न्युन ज्यादा दर हुने गर्दथ्यो । तर अरु जे भए पनि, एक छाक खाना भने प्रदान गरिन्थ्यो ।

हरवा बस्ने अलिखित मौखिक सम्झौता बारे पनि त्यो अनुसन्धानले केही महत्वपूर्ण तथ्य सामुन्नेमा ल्याएको थियो । त्योसम्झौता बिभिन्न जिल्लामा फरक-फरक देखिएको थियो । धनुषामा ९० प्रतिशत हरवा पुरै बर्षको लाागि हरवा बसेका थिए भने सिराहामा ६० प्रतिशत र सप्तरीमा ४२ प्रतिशत मात्र । बाँकी अवधिको लागि भएको सम्झौता सिजनल मात्र हुन्थ्यो । कमैयाको सम्झौता माघ १ गते सुरु भए जस्तै हरवाको नयाँ सम्झौता श्रीपञ्चमीको दिन सुरु हुने पनि अध्ययनले देखाएको छ ।

सन् २००६ को अध्ययनले धेरै उदेकलाग्दा सत्यहरू उजागर गरेको थियो । सन् २००६ मा हरवामा गरिबी यति ब्याप्त थियो कि मूलतः हलीको काम गर्ने हरवामध्ये ९० प्रतिशतसित आफ्नै स्वामित्वको हलो पनि थिएन । ७१ प्रतिशत हरवासित आफ्नो कुनै साइकल समेत थिएन । ९५ प्रतिशत हरवासित ब्ल्याक् एण्ड ह्वाइट टिभी पनि थिएन । सबैभन्दा मुख्य कुरा झण्डै आधा अर्थात ४९ प्रतिशत हरवासित आफ्नो कुनै जमिन थिएन । एक हेक्टर जमिन हुने हरवा अध्ययन गरिएको क्षेत्रमा एकजना पनि भेट्न सकिएको थिएन । त्यसमाथि थप, हरवामध्ये एकतिहाइसित आधा हेक्टरभन्दा पनि थोरै जमिन थियो ।

सालाखाला ३३ प्रतिशत हरवालाई आफ्नो उत्पादनले एक महीनाभन्दा कम समयको लागि मात्र र थप ४२ प्रतिशतलाई ३ महीना भन्दा थोरै मात्र खान पुग्थ्यो । यसको तात्पर्य हरेक चारमा तीन हरवालाई आफूले उत्पादन गरेको खाद्यान्नले बर्षको तीन महीनाभन्दा कम मात्र धान्दथ्यो । मालिककहाँ हरवाको कामले खानै नपुगेर आफ्नो जीवन जसतसो धान्न हरवामध्ये ४८ प्रतिशत ईट्टाभट्टामा काम गर्थे भने २७ प्रतिशत आफ्नो गृहत् ( भूस्वामी) भन्दा बाहिर गएर पनि ज्यालादारीमा हलो जोत्थे । भूमिहीनता र बहुआयामिक निरपेक्ष गरिबी नै त्यो मुल कारण थियो । जसका कारण हरवा जमिन्दारको बँधुवा श्रमिक हुन बाध्य थियो । त्यसमाथि थप, ५१ प्रतिशत हरवासित नागरिकताको कुनै निस्सा थिएन ।

सन् २०१९ को अध्ययन अनुसन्धानले हाम्रा सामु ताजा तथ्यहरू उजागर गरेको छ । त्यसले देखाएको छ कि-

राज्यले संविधानतः प्रतिबन्धित गरे पनि, कमैया श्रम निषेध ऐन २०५८ ले बाँधा श्रमलाई देशभरि निषेध गरे पनि पूर्वी तराइमा अझै हरवाचरवा विद्यमान रहेको छ ।

त्यो अध्ययन अनुसन्धानले औंल्याएका केही तथ्यहरू यहाँ प्रस्तुत गर्नु सान्दर्भिक हुनेछ किनभने त्यो आँकडा पछिल्लो र पालिका स्वयम् सरिक भएर संकलन गरेकाले ज्यादा

भरपर्दो र आधिकारिक देखिन्छ । साथै, तीन पालिकाको मात्र अध्ययन भए पनि मधेस प्रदेश भरिको हरवाचरवाको प्रतिनिधि चित्रका रुपमा देखिन्छ ।

राज्यले संविधानतः प्रतिबन्धित गरे पनि, कमैया श्रम निषेध ऐन २०५८ ले बाँधा श्रमलाई देशभरि निषेध गरे पनि पूर्वी तराइमा अझै हरवाचरवा विद्यमान रहेको छ । देश २१सौँ सदीमा पुग्दा पनि पालिकाको कुल जनसंख्यामध्ये हरेक पाँचमा एक व्यक्ति बँधुवा मजदुरका रुपमा हरवाचरवा रहनु राष्ट्रिय लज्जाको बिषय हो । कुल जम्मा १९,४२५ घर परिवार रहेको तीन पालिकामा गरेर कुल जम्मा ३,६३६ हरवाचरवा रहेका छन् । हरवाचरवामध्ये पनि आधाभन्दा ज्यादा अर्थात (५३ प्रतिशत) निकै जोखिमयुक्त स्थितिमा छन् । उनीहरूको बँधुवा श्रमिकजन्य स्थिति समेत चर्को स्तरमा पाइएको छ । लगभग एक तिहाइले हरवाचरवा बस्ने कार्य आफ्नो बाबु वा बाजेका पालादेखि गर्दै आएका हुन् ।

हरवाचरवामध्ये ७४ प्रतिशत तराइ दलित रहेका छन् । दोस्रो सबैभन्दा ठूलो समुहमा तराइ जनजाति आउँछ जो ९ प्रतिशत छन् । यहाँसम्म कि पहाडका ब्राह्मण क्षेत्री समेत जम्मा १२ घर हरवाचरवा रहेको भेटिएका छन् । उनीहरू पहाडको गरिबी र दुःखकष्ट छल्न पहाडबाट तराइमा झरेर पनि भूमिहीन र गरिब नै रहेको हुनाले जीविकाको लागि हरवा बसेका हुन् ।

अध्ययन अनुसन्धानबाट देखिएको छ कि ऋण नै त्यो साधन हो जसको कारण हरवाचरवालाई जमिन्दारको शर्तमा उसको बँधुवा श्रमिकको रुपमा हमेशा बाँधेर राख्छ । ऋणले नै उसलाई स्वतन्त्रताहीन श्रमिक समेत बनाउँछ ।

अध्ययनले के इंगित गरेको छ भने हरवाचरवासित पटक पटकको छलफलबाट उनीहरूले लिएको ऋणको ब्याज बार्षिक ३६ प्रतिशतदेखि ६० प्रतिशतसम्म रहेको थाहा भएको छ । जसको बन्धकी राख्ने केही कुरा हुँदैन, उसलाई उच्च ब्याजदर लगाइएको हुन्छ । ऋणको त्यो उच्च ब्याजको केही हिस्सा चुक्ता होला कि भनेर नै व्यक्ति जमिन्दारको हरवाचरवा बन्न विवश बनेको हुन्छ । ऋणको उच्च ब्याजदर कानुनबिपरीत कागजमा नदेखियोस् भनेर सावाँलाई तेब्बर पारेर तमसुक बनाइएको हुन्छ । जस्तो १० हजार रुपैयाँ ३६ प्रतिशत ब्याजदरमा ऋण लिइयो भने ३० हजारको तमसुक बनाइन्छ र १२ प्रतिशत ब्याजदर तमसुकमा लेखिएको हुन्छ । यसैको चंगुलमा परेर हरवाचरवा बँधुवा श्रमिक बन्न र बर्बाद हुन बाध्य बनेको हुन्छ १२ प्रतिशत ब्याजदर तमसुकमा लेखिएको हुन्छ । यसैको चंगुलमा परेर हरवाचरवा बँधुवा श्रमिक बन्न र बर्बाद हुन बाध्य बनेको हुन्छ ।

### *हरवाचरवा सम्वन्धी १० तथ्यहरू*

- भूमिहीनता र बहुआयामिक गरिबी नै त्यो मुख्य कारण हो जसले मध्य तराइमा हरवाचरवा पैदा गरिरहेछ
- ऋण र जमिन नै त्यो मुख्य साधन हो जसमार्फत व्यक्ति हरवा नामको बँधुवा श्रमिकमा परिणत हुन्छ
- ७४ प्रतिशत हरवाचरवा तराइ दलित छन् ।
- ७२ प्रतिशत हरवाले अन्यत्र ज्याला ज्यादा भए पनि काम गर्न जान पाउँदैनन्, गए दण्डित हुन्छन्
- हरवाले लिएको ऋणको ब्याजदर ३६ देखि ६० प्रतिशत र सावाँ यथार्थभन्दा तीन दोब्बर बनाएर तमसुक हुन्छ
- ६४ प्रतिशत हरवाले औषधि उपचारको लागि ऋण लिन्छन्
- २६ प्रतिशत हरवा खानेकुरा केही नभएर त्यो किन्न हरवा बस्छन्
- ८८ प्रतिशत हरवाचरवाको बस्नका लागि कच्ची टहरो मात्र छ
- ३९ प्रतिशत हरवाचरवाको आफ्नो उत्पादन भन्ने केही छैन, २७ प्रतिशतको उत्पादनले ३ महीना मात्र धान्छ
- २४ प्रतिशत हरवाचरवाको ऐलानी जमिनमा घर छ , २७ प्रतिशतको घर गाउँ ब्लकमा छ ।

*स्रोत : शहिदनगर नगरपालिका, धनौजी गाउँपालिका र गणेशमान चारनाथ नगरपालिका तथा सामुदायिक आत्मनिर्भर केन्द्र मिलेर गराएको अध्ययन अनुसन्धान* *Harawa–Charawa, the Bonded Laborers in Agriculture, 2020*

हरवाचरवाले किन ऋण लिन विवश हुन्छन् भन्ने कारण बारे पनि अध्ययन अनुसन्धानले महत्वपूर्ण प्रकाश पार्ने कार्य गरेको छ ।

अध्ययनका अनुसार ६४ प्रतिशत अर्थात झण्डै दुई तिहाइ हरवाचरवाको ऋण लिनुको मुख्य कारण औषधि उपचार हो । अर्को अनौठो तथ्य के पाइएको छ भने गरिब भए पनि हरवाचरवामध्ये २९ प्रतिशतले ऋण लिएर भए पनि छोराछोरीको विवाह गर्छन् । २६ प्रतिशतले भने खानेकुरा नै नभएर त्यो जुटाउन बाध्यतावश ऋण लिन्छन् जुन हरवाचरवाले ऋण लिनुको तेस्रो महत्वपूर्ण कारण रहेको छ । विदेश जानका लागि ऋण लिने हरवाचरवा पनि २० प्रतिशत देखिएको छ । मृत्यु संस्कारका लागि ऋण लिने हरवाचरवा पनि थोरै छैनन् । एउटै हरवाचरवाले एउटा भन्दा ज्यादा कारणले अलग अलग समयमा ऋण लिने हुनाले प्रतिशतको सन्तुलन थोरै गडबड भएको देखिन्छ ।

अध्ययनले हरवाचरवाको गरिबीपन बारे के उजागर गरेको छ भने ८८ प्रतिशत हरवाचरवाको घर कच्ची टहरो मात्र रहेको छ । ९ प्रतिशतको मात्र अर्द्धपक्की घर रहेको छ । पक्की घर हुने हरवाचरवा त ३ प्रतिशत मात्र रहेका छन् । त्यसमाथि, ४० प्रतिशत हरवाचरवाको टहरामा आफ्नो निजी ट्युबवेल समेत रहेको छैन । ११ प्रतिशतको घरमा बिजुली बत्ती समेत छैन । छिमेकमा बिजुली भए पनि उनीहरू अहिले पनि घरमा मट्टितेलको टुकी बाल्छन् ।

गरिबीपनको अर्को पक्ष-घर बनेको स्थानमा जमिनको स्वामित्व बारे पनि अध्ययन अनुसन्धानले केही प्रकाश पारेको छ । झण्डै एकतिहाइभन्दा थोरै (अर्थात २९ प्रतिशत) हरवाचरवाको मात्र आफ्नो घर भएको जमिनमा आफ्नो स्वामित्व रहेको छ । २४ प्रतिशत ( अर्थात एक चौथाइ) हरवाचरवाहरू ऐलानी जमिनमा घर बनाएर बसेका छन् । २७ प्रतिशत हरवाचरवाको घर चाहिँ गाउँ ब्लकमा रहेको छ ।

यसरी, हरवाचरवा जो जो बसेका हुन् ती सबै कमावेश भूमिहीन हुन् । भूमिहीनताले नै उनीहरूलाई बँधुवा श्रमिकको स्थितिमा धकेलेको हो । उदाहरणका लागि, ३९ प्रतिशतभन्दा थोरै ज्यादा हरवाचरवाको आफ्नो उत्पादन भन्ने नै केही छैन । उनीहरू आफ्नो आयस्रोतको निम्ति पूर्णतया हरवाचरवा नामधारी बँधुवा श्रममाथि निर्भर रहेका छन् । हरवाचरवामध्ये २७ प्रतिशतको निजी उत्पादन केवल ३ महिना मात्र धान्ने रहेको छ ; अर्को २६ प्रतिशतको उत्पादनले ६ महिना जीवन निर्वाह हुन्छ । आफ्नो उत्पादनले ९ महिना जीविका हुने केवल ७ प्रतिशत मात्र हरवाचरवा रहेका छन् र बर्षदिन खान पुग्ने हरवाचरवा त फगत १ प्रतिशत मात्र रहेका छन् ।

अध्ययन अनुसार अहिले ४४ प्रतिशत हरवाहरू लगुवाइमा छन् । अर्थात, उनीहरूलाई जमिन्दारको हरवा भएबापत जोतीखानका लागि तल्लो दर्जाको थोरै जमिन दिइएको छ । यो जमिनमा त्यतिबेलासम्म उनीहरू जोत्न पाउँछन् जतिबेलासम्म उनीहरू जमिन्दारको हरवा छन् । लगुवाइबापत दिइएको जमिनले उनीहरूको जीविका पुरा बर्ष हुन सक्दैन । त्यसैले उनीहरू ऋण लिन र बँधुवा मजदुरीमा बाँधिन बाध्य हुन्छन् ।

हरवाचरवाको बाँधापनको मात्रा बारेमा पनि अध्ययन अनुसन्धानले राम्रो प्रकाश पारेको छ । अध्ययन अनुसार ८७ प्रतिशत हरवाचरवाले बर्षभरि नै एउटा निश्चित जमिन्दारको लागि मात्र काम गर्छन् । ७२ प्रतिशत हरवाचरवाको बाँधा श्रमिकपन यो रहेको छ कि उनीहरूले बढी ज्याला र अवसर पाए पनि अर्को जमिन्दारको काम गर्न पाइँदैन । ५३ प्रतिशत हरवाचरवाले जमिन्दारसित काम थाल्नु अघि आफ्नो ज्याला बारे कुराकानी गर्न पाएका
छैनन् । ५९ प्रतिशत हरवाचरवाको काम थाल्नुअघि कामको शर्त बारे जमिन्दारसित लिखित वा मौखिक कुनै पनि खालको सहमति वा सम्झौता भएको छैन ।

समयको बदलावसँगै हरवाचरवाको स्वरुप र स्थितिमा आएको फरकपना बारेमा पनि अध्ययनले केही प्रकाश पारेको छ । अध्ययन अनुसार अहिले ३५ प्रतिशत हरवाहरू

अँधियामा त्यही जमिन्दारको जमिन जोत्छन् जसको उनीहरू हरवा रहेका थिए । २ प्रतिशतले त मोहीको सम्झौता अन्तर्गत पनि जमित जोतेको भेटिएको छ जुन अरु कुनै पनि भूजोतको शर्तभन्दा सुरक्षित मानिन्छ । त्यस्तै, १८ प्रतिशतले गुठीको जमिन समेत जोतेको पाइएको छ ।

अध्ययन अनुसन्धानले हरवाचरवाको नागरिकताको बिषयसम्म पनि खोजी गरिभ्याएको छ । २२ प्रतिशत अर्थात हरेक पाँचमा एक हरवाचरवासित नागरिकताको प्रमाणपत्र छैन ।

अध्ययनका अनुसार, यति सबै अन्यायपूर्ण स्थिति हरवाचरवाले ब्यहोरिरहे पनि बिगत एक बर्षमा ८४ प्रतिशत हरवाचरवाले सरकारबाट कुनै पनि सहयोग पाएका छैनन् ।

### ३.१.१ हरवाचरवाका मुख्य समस्याह□

१. तराइमा ब्यक्तिको अस्तित्व र पहिचानको मुख्य स्रोत घरबास र जमिन हुनु तर हरवाचरवाहरूमध्ये धेरैसित मान्छे बस्नलायक घर नै नहुनु ; उनीहरू बस्ने अधिकांश झुप्राहरू या त साहुको जमिनमा, या ऐलानी र गाउँ ब्लकमा हुनु- अर्थात आफ्नै जमिनमा उनीहरूको आफ्नै घर नहुनु ; अधिकांश हरवाचरवासित जीविका धान्ने आफ्नै कुनै खेतीयोग्य जमिन नहुनु

२. हरवाचरवाहरूमध्ये अधिकांशसित काम गरेर तिर्नै नसकिने गरी अन्यायोचित ऋणको बन्धन हुनु र यही कारणले उनीहरू साहुको बँधुवा मजदुर हुन बाध्य हुनु ।

   - मूलतः स्वास्थ्य उपचारका लागि, दैनिक जीविका टार्ने अन्न पाउनको लागि, झुप्रो बनाउनका लागि, काजक्रिया र छोराछोरीको बिबाहका लागि, हालै आएर विदेश जानका लागि समेत साहुसित ऋण लिन बाध्य हुनु ।
   - ऋणको ब्याजदर कानुनमा तोकिएभन्दा निकै गुणा बढी (३६ देखि १२० पतिशतसम्म) हुनाले, त्यतिले नपुगेर वास्तविक ऋणको थैली भन्दा दुई तीन गुणा ज्यादाको तमसुकमा सही गर्न पर्नाको कारणले एकचोटि ऋण लिएपछि कुनै पनि हरवाचरवा जिन्दगीभर साहुको बँधुवा मजदुरमा परिणत हुन विवश हुनु ।

३. धेरैजसो हरवाचरवासित जीविकायोग्य र राम्रो ज्याला प्राप्त हुने किसिमको सीप नहुनु ; त्यही कारणले उनीहरूसित दैनिक जीवन धान्ने किसिमको रोजगारी नै नहुनु ।

४. हरवाचरवाको बर्तमान ज्याला दर सरकारले तोकेभन्दा निकै कम हुनु ( एकजना हरवा श्रमिकको कृषि श्रम गर्दाको दैनिक ज्याला अधिकांश स्थानमा ४ किलो धानदेखि ५ किलो धान वा नगदमा रु २०० रहेको भेटिएको छ ; गैरकृषि श्रममा भने रु ४०० देखि ५०० रहेको पाइएको छ; महिलाको ज्याला दर त अझ पुरुषको भन्दा पनि कम रहेको छ ) ।

५. हरवाचरवामध्ये धेरैसित नागरिकता प्रमाणपत्र र जन्मदर्ता प्रमाण पत्र नहुनु ; यही कारणले सरकारी सेवा सुविधा, सुकुम्वासी/भूमिहीनका लागि राज्यले ब्यवस्था गरेको योजना र अन्य सबै अवसरबाट हरवाचरवा बञ्चित हुनु ।

६. अधिकांश हरवाचरवाहरू साक्षर, शिक्षित र राजनीतिक रुपले चेतनशील नहुनु । उनीहरूको बस्तीमध्ये अधिकांशमा माध्यमिक विद्यालय नहुनु ; परिणामतः एसइइ पास गरेका हरूवा चरवाको सन्तान नगण्य हुनु

७. अधिकांश हरवाचरवा बस्तीमा प्राथमिक स्वास्थ्य उपचार केन्द्र र स्वच्छ खाने पानी सुविधा समेत नहुनु । हरवाचरवालाई लक्षित हुने गरी स्वास्थ्य बीमा सुविधा नहुन । धेरैजसो हरवाचरवाका आमा बाबु र केटाकेटीहरूले पोषणयुक्त खानेकुरा खान नपाउनाले बाल मृत्यु दर र वयस्क मृत्यु दर ज्यादै उच्च हुनु

८. धनुषाको शहीदनगर नपा, गणेशमान चारनाथ नपा र धनौजी गापालाई अपवादका रुपमा छोडेर मधेस प्रदेशभरि हरवाचरवा कति छन् त्यसको कुनै यकीन सरकारी लगत र तथ्याङ्क नहुनु ( उनीहरूलाई हरवाचरवा भनेर पहिचान गर्ने कुनै परिचय पत्र उनीहरूसित नहुनु

## ३.२ अध्ययन भ्रमणको बिस्तृत बिबरण

***अध्ययन भ्रमण-संक्षेपमा***

- कुल भ्रमण दिन : ७ दिन
- कुल सम्पन्न गरिएको कार्यक्रम : २१ वटा
- हरवा/चरवासित कुल सम्पन्न गरिएको सामुदायिक/व्यक्तिगत छलफल : १३ वटा
- संघीय भूमिब्यवस्था मन्त्रीज्यूको उपस्थितिमा गरिएको सामुदायिक छलफल : १ वटा
- प्रदेशका भूमि व्यवस्था मन्त्रीसित गरिएको छलफल : १ वटा
- स्थानीय तहका प्रमुख/वडाप्रमुखसित गरिएको छलफल : ५ वटा
- सरोकारवाला संस्था र विज्ञसित गरिएको छलफल : ३ वटा

**मिति २०७८ माघ २४ गते ।**

### ३.२.१ मधेश प्रदेशका भूमि ब्यवस्था कृषि तथा सहकारी मन्त्री बिजयकुमार यादवसित भेटघाट



*जनकपुरमा मधेश प्रदेशका भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्री बिजयकुमार यादवसित अध्ययन समितिले छलफल गर्दै*

समितिका संयोजक श्याम श्रेष्ठबाट समिति मधेश प्रदेशमा आउनुको कारणबारे बिस्तृत रुपमा प्रकाश पार्नुभयो । त्यसको प्रत्युत्तरमा माननीय मन्त्री विजयकमार यादव : भूमिव्यवस्था, कृषि तथा सहकारी प्रदेश सरकारको तर्फबाट निम्न विचार राख्नुभयो:

- प्रदेश र संघीय सरकारबीच समन्वयको निकै कमी  छ । संघ सरकारले प्रदेशसित समन्वय गरेर काम नै गरिरहेको छैन ।
- लोकतन्त्रको सबैको साझा समानतामा आधारित व्यवस्थाबाट हरवाचरवा जस्ता समुदाय अन्यायमा परेका छन् । उनीहरूमा लोकतन्त्र पुऱ्याउनै सकिएन । संघीय सरकारले निर्माण गरेको यो अध्ययन समितिबाट ठूलो अपेक्षा गर्न सकिन्छ । यस समितिले
- हरवाचरवा समूल अन्त्य हुने खालले प्रतिवेदन देओस् । हामी पनि यसको कार्यान्वयन<br>गर्नेछौँ ।
- माइक्रो लेवलमा विश्लेषण गर्ने हो भने झापा, मोरंग र सुनसरी तथा प्रदेश नंबर २ का सबै जिल्लाहरूमा हरवाचरवाको अवस्था विद्यमान देखिन्छ ।
- कम्तिमा यो प्रदेशबाट हामी हरवाचरवा मुक्ति भएको हेर्न चाहन्छौं ।
- सर्वपथम हरवाचरवाको स्पष्ट पहिचान हुनुपर्दछ । हालसम्म हामीसंग कुनै तथ्याङ्क छैन । हरवाचरवा केवल दलित मात्र छैनन् ।
- प्रदेश सरकारले १० कठ्ठाभन्दा कम जमिन भएका किसानलाई रु १०,००० सीधै खातामा हाली दिने कार्यक्रम रहेको छ ।
- हरवाचरवाको उपयुक्त तथ्याङ्क संकलनको माध्यम स्थानीय तहलाई नै बनाउनु पर्दछ । प्राप्त तथ्याङ्कको सार्वजनिकीकरण गर्ने र दावी विरोधको समय दिनुपर्दछ । यसो गरेमा सही तथ्याङ्क आउने सम्भावना हुन्छ ।
- जनगणनाको बेला हरवाचरवाको गणना गर्ने अमूल्य अवसर थियो । त्यो चुक्यो । अब कृषि गणना वा कृषक दर्ता कार्यको बेला हरवाचरवाको बिस्तृत तथ्याङ्क लिन सकिन्छ । यो मौका खेर नजाओस् ।
- हरवाचरवाको प्याटर्न बदलिएको छ । हिजो ऋण लिएर हरवाचरवाहरूबसेका हाल आएर मालिकको जमिन लिएर ठेक्कामा काम गरिरहेका छन् ।
- यी सबै पक्षमा ख्याल गरेर यहाँहरूको प्रतिवेदन आएपछि प्रदेश सरकारका तर्फबाट गरिने कामहरू तदारुकताकासाथ अघि बढाउन प्रतिबद्धता व्यक्त गर्दै तपाईहरूको समितिको अध्ययन टोलीमा हाम्रो मन्त्रालयका तर्फबाट उपसचिव विज महतोलाई पठाउने प्रतिबद्धता जाहेर गर्न चाहन्छौं ।

२०७८ माघ २४ गते , साँझ ,  जनकपुर

### ३.२.२ सरोकारवाला संस्था फ्रिडम फोरम र कम्युनिटी इम्प्रुभमेण्ट सेण्टर (CIC) सग छलफल



धनुषा जिल्लामा हरवाचरवाको वस्तुगत अवस्था र भोलि जानुपर्ने फिल्डका विषयमा हरवाचरवामा कार्यरत CIC को कार्यालयमा छलफल गरियो । जसमा द फ्रिडम फण्डका जियम श्रेष्ठ र ब्रम्हदेव रामलगायतको उपस्थिति थियो ।

**सर्वप्रथम संजय शाह**

- प्रदेशभरिमा झण्डै ६९,००० बढी हरवाचरवाको परिवार रहेको छ ।
- हलिया कमैया कम्लहरीको मुक्ति तथा पुनःस्थापनाको काम सकिएपछि हामी पनि केही गर्न सकिन्छ कि भनेर लगाातार कार्यरत छौ ।
- हामीले एकातिर हरवाचरवाको क्षमता अभिवृद्धि, जिविकोपार्जन तथा एडभोकेसीको काम गरिरहेका छौं भने अर्कातिर सरकारका तीनवटै तहका सरकारको ध्यानाकर्षण गर्ने काम गरिरहेका छौं ।
- हामीले द फ्रिडम फण्डको सहयोगमा धनुषाको शहीदनगर नगरपालिकासंग मिलेर तथ्याङ्क संकलन समेत गरेका छौं । त्यो तथ्याङ्क हामी तपाईंहरूलाई दिन सक्छौं ।
- केही समययता नेपाल सरकार, योजना आयोग लगायतले हरवाचरवालाई मान्यता दिन थालेको छ ।
- स्थानीय जनप्रतिनिधिहरूले पनि हरवाचरवाको निम्ति भनेर बजेट विनियोजन गर्न थालेका छन् ।
- कतिपय स्थानीय तहले हरवाचरवाको  निशुल्क जीवन विमा गरिरहेका छन् भने कतिपयले आफ्नै पैसा तिरेर स्वास्थ्य विमा तथा अन्य तालिम दिने काम गरेको पाइन्छ ।
- कमैयाको जस्तै हरेक बर्ष हरवाचरवाको नविकरण गर्ने काम श्रीपंचमीको दिन हुन्छ ।
- सोदिन चामलको पीठोमा हात भिजाएर हरवाचरवाको पिठ्युँमा छाप हान्ने चलन थियो ।

**समधानका उपायहरू :**

- सर्वप्रथम हरवाचरवाको सरकारले स्वामित्व लिनु परयो ।
- अब पूर्ण रुपमा पुनःस्थापनाको प्याकेज निर्माण गरिनुपर्दछ ।
- हरवाचरवाको नाममा रहेको अनुचित ऋण खारेजी गरिनुपर्दछ ।
- उनीहरूलाई अल्पकालिन र दीर्घकालिन तालिमहरूको व्यवस्थागर्नुपर्दछ ।
- उनीहरू बस्दै आएको जमिन दर्ता गरिदिने र पोखरी संरक्षणमा लाग्नुपर्दछ ।

**२०७८ माघ २५, बिहान**

### ३.२.३ शहिदनगर न.पा. ५ पर्चहवामा हरवाचरवाह□सित वृहत सामुदायिक छलफल



यस बस्तीमा ८० घरपरवार छन् । पुस्तौंदेखि ऐलानीमा बस्दै आएको हो । हालसम्म नापी भएकोछैन । भूमिसम्बन्धी समस्या समाधान आयोगको लागि फारम भरिएको छ । जनता आवास कार्यक्रम मार्फत ४७ वटा निर्माण गरको छ । यो जमिन गाउँ ब्लकको हो ।

रामदयाल सदा : केन्द्रीय सहसचिव : राष्ट्रिय हरवाचरवा अधिकार मंच

- ऋण लिएको ब्याजबापत मालिककोमा हलो जोत्नेदेखि सम्पूर्ण कृषि कार्य गर्नुपर्दछ । वार्षिक २ देखि ३ मन धान पाइन्छ । तीन कठ्ठासम्म कमाउनका लागि खेत पनि पाइन्छ ।
- त्यो भन्दा बढी ज्याला पाउने भएमा पनि अरु साहुकोमा जान पाइदैन । गयो भने दण्ड
दिइन्छ ।

- मैले रु. ५० हजार ऋण लिएको हो तर डेढ लाखको कागज गरिएको छ ।
- मासिक ३ प्रतिशत व्याज तिर्नुपर्दछ ।
- विरामी उपचारको लागि ऋण लिएको हो ।

**उर्मिलादेवी सदा : स्थानीय हरवाचरवा**

- महिलालाई ज्याला दिनको ५ केजी नराम्रो खालको धान दिन्छ । ऋण लिनु हाम्रो बाध्यता हुन्छ । विकल्प नै हुदैन ।
- रु.१ लाख ऋण लिइएको हो तर कागज ३ लाखको बनाइएको छ ।
- ऋण लिनुको कारणहरूमा विरामी पर्नु, घरमा छोराछोरी बिहे, मर्दाको काजकर्म हुन् ।
- यसबापत मैले गृहत्को कृषिसंग सम्बन्धित सम्पूर्ण कार्य गर्नुपर्दछ ।
- यी बाहेक मालिकले अह्राएको काम गर्नुपर्छ ।



*धनुषा शहिदनगरमा कपडाले बारेको एउटा जिर्ण टहरोमा एकजना नाजुक हरवाचरवा*

**श्रीप्रसाद सदा : केन्द्रीय उपाध्यक्ष, राष्ट्रिय हरवाचरवा अधिकार मंच**

- आफ्नो श्रीमति विरामी हुदा रु. डेढ लाख ऋण लिएकोमा ५लाखको कागज बनाइएको छ ।
- बावु बाजेको पालादेखि ऐलानी जमिनमा बस्दै आएका छौं । आफ्नो जमिन छैन ।
- ज्याला पनि थोरै छ । त्यही ५ किलो धान हो ।
- हाम्रा मागहरू सुन्ने कोही छैन ।

**शनिचरा सदा : स्थानीय हरवाचरवा**

- मेरो परिवार विजय शाहकोमा हरवा छ ।
- १० वर्षको उमेर हुंदा हरवाचरवा भएको, हाल हरवाचरवा बसेको ४० बर्ष भइसक्यो ।
- रु.५ लाख ऋण लिएकोमा ब्याजसहित १२ लाख पुगिसकेको छ । जति हरवा बसे पनि ऋण घटेको छैन । त्यो बढेको बढ्यै छ ।
- विहान ६ देखि बेलका ६ बजेसम्म साहुकहाँ काम गर्नुपर्दछ ।

**बेचनीदेवी सदा** :

- आफूलाई पाठेघर खस्ने समस्या छ ।
- उपचारको लागि पैसा नभएर उपचार भएको छैन ।
- सन्चो हुंदा कुनै समय नभनी काम गरिन्छ । तर विरामी हुंदा कुनै उपचार गरिदिन्नन् ।



*सामुदायिक छलफलमा सहभागीहरु आफ्ना समस्या राख्दै*

**शभुधन माझी :**

- घर जग्गा छैन ।
- नागरिकता पनि बनेको छैन ।
- जिउने कुनै उपाय पनि छैन । खै खाने कसरी हो ?



*एकजना हरवा सामुदायिक छलफलमा भाग लिँदै*

**नारायण सदा :**

- हरवाचरवा भएको १० वर्ष पुगेको छ।
- ऋण रु.३ लाख छ कागज ९ लाखको बनाएको छ ।
- व्याजमा काम गर्नु परेको छ।



*धनुषा शहीद नगरमा यस्तो पनि भेटियो हरवाको कपडाको बस्नै मुश्किल अमानवोचित टहरो*

**ओमप्रकाश माझी : हरवाचरवाको छोरा**

- आफू ७ कक्षा पढेको छु तर केही पनि रोजगारी पाइन्न ।
- खर्चको अभावमा पढ्ने चाहना हुंदाहुंदै विद्यालय निरन्तरता दिन सकिन ।
- रु. २ लाख ऋण लिएको ६ लाख पुगेको छ । त्यसैका लागि हरवाचरवा बस्न परेको छ ।
- सर्वप्रथम हाम्रो मुक्तिको घोषणा हुनुपऱ्यो ।
- यो कहिल्यै तिरी नसकिने ऋणबाट मुक्ति पाउनु पऱ्यो ।
- हामीलाई मुक्ति दिने हो हाम्रो नाममा घर र जमिन उपलब्ध गराउनु प-यो ।
- रोजगारीको लागि अगरबत्ती, मैनबत्ती, सिलाइ कटाई, साबुन बनाउने, चुरा बनाउने, मुढा बनाउने सिकर्मी, डकर्मी, प्लम्बर आदिको तालिमको ब्यवस्थाहुनुपर्दछ । तालिमका साथै सानो पूजी समेत चाहियो ।
- नि:शुल्क स्वास्थ्य उपचारको ब्यवस्थाहुनुपर्दछ ।



*हरवाचरवाको भान्साको अवस्था*



*पाँच हरवा परिवारका चार चुल्हा एक साथ*

**२०७८ माघ २५, बिहान**

### ३.२.४ शहिदनगर नगरपालिका नगरप्रमुख: उदयकुमार बरबरिया (यादव) स[illegible]को छलफल




**शहीद नगर नपामा मेयर उदय कुमार उहाँकै कार्यालयको कार्यकक्षमा**

अध्ययन समितिका संयोजक श्याम श्रेष्ठबाट समितिको पुरा टीम यहाँ आउनुको कारणबारे प्रकाश पारेपछि नगरप्रमुख उदयकुमार बरबरियाबाट आफ्नो अभिव्यक्ति :

- सर्वप्रथम नगरपालिकामा स्वागत छ ।
- हाल आएर हरवाचरवाको स्वरुप बदलिएको छ ।
- उनीहरूमा मूलतः नागरिकताको समस्या छ ।
- म निर्वाचित हुने वितिकै पहिलो कार्यक्रम नै हरवाचरवा सम्बन्धी कार्यक्रममा भाग लिएको थिएँ ।
- सो कार्यक्रममा प्रतिबद्धता गरेबमोजिम मेरो नगरपालिकामा हरवाचरवाको बिस्तृत तथ्याङ्क संकलन गरिएको छ ।
- हामीले नगरपालिकाका तर्फबाट चुडा बनाउने, सिलाइ तालिम, मुढा बनाउने तालिम दिएका छौं ।
- वैदेशिक रोजगारीमा जानेका लागि आफ्नै सहकारी स्थापना गरिएको छ ।
- हरवाचरवाको लागि विद्यालय र स्वास्थ्यचौकीको व्यवस्थाभए पनि प्रभावकारी हुन सकेको छैन ।
- हामीले नगरपालिका भरि सबैको स्वास्थ्य विमा निःशुल्क गरिसकेका छौं ।
- हाल नगरपालिकाभित्र नापी भइरहेको छ । उनीहरूकोमा पनि नापी भइसकेको छ ।
- सीपलाई श्रम, श्रमलाई उत्पादनमा रुपान्तरण गर्न सक्नुपर्दछ ।
- विकासले हरवाचरवा विस्थापनको समस्या आएको छ ।
- नगरसभाको नीति ता कार्यक्रम र बजेटमा हरवाचरवा शिर्षकमा बजेट विनियोजन गरिएको छ ।
- ऋण लेनदेन गर्दा वडाको सिफारिश अनिवार्य गरिएको छ ।

**२०७८ माघ २५, दिउँसो**

**धनौजी नगरपालिका : ४, मुसहरी टोल**

### ३.२.५ हरवाचरवास[illegible] मुसहरी टोल धनौजीमा सामुदायिक छलफल ।



यो मुसहरहरूको बस्ती हो । यो बसोवास भएको पुस्तौदेखिको हो । यस बस्तीमा ६० हरवाचरवा परिवार छन् ।

**उपेन्द्र सदा :**

- गरिवी तथा बाध्यताक कारण बाजेको पालादेखि हरवा बस्दै आएको ।
- छोरालाई विदेश पठाउन दुई जना साहुबाट क्रमशः १ लाख ५० हजार ऋण छ ।
- परिवारका सबैले गच्छे अनुसारको काम गर्नुपर्दछ ।

**जीतेन्द्र सदा :**

- दुई कठ्ठा जमिन दिएवापत हरवाचरवा बसेको छु ।
- सिजनभन्दा अरुबेला स्वतन्त्र जस्तो देखिए पनि मनोवैज्ञानिक रुपमा दबाब हुन्छ ।
- ज्यालाको पनि एकरुपता छैन ।
- आधुनिक ढंगले शोषण भइरहेको छ ।



*सामुदायिक छलफलमा हरवाचरवाहरु आफ्नो समस्या राख्दै*

**रिजुदेवी सदा :**

- छोरीको विहेमा रु.१ लाख ऋण लिएको ४ लाखको कागज बनाएको छ ।
- काम गरेको दिन खाना दिन्छ ।
- मालिकले ऋण तिरेन भनेर अदालतमा उल्टै मद्दा हालेको छ ।

**लालमोहन सदा :**

- राम आशिस सदाले ऋण लिएर विदेश गएको । उनी रोजगारी नपाएर ३ महिनापछि घर फर्के ।
- हाल उनी साहुको ट्रयाक्टर चलाइरहेका छन् । ऋण तिर्न सकिएको छैन ।
- ट्रयाक्टर चलाएको मासिक रु. ९००० दिन्छ । ऋण भने यथावत हुन्छ ।



*धनौजीको मुसहर वस्तीमा हरुवाचरवा सुत्ने खाट*

**दयावती सदा :**

- आफूले छोरीको विहेमा रु. ५० हजार ऋण लिएको; कागज २ लाखको बनाएको छ ।
- बेलाबेलामा घरमै आएर धम्काउने गरेका छन् ।
- केही कुरा उठाए मुद्दा हालिदिन्छ । स्थानीय बद्री सदा र रामचन्दले पनि झूटटा मुद्दा खेपिरहेका छन् ।
- मुद्दाको प्रतिउत्तर फर्काउने पैसा नभएर गाह्रो भएको छ ।
- हामीले काम गर्दैनौं भनेको खण्डमा भारतबाट ल्याउँछ ।
- ज्याला दिनको ८ केजी धान पाइन्छ तर सोको नगद मूल्य १६० रु मात्र हुन्छ ।
- केजी धान पाउनका लागि कम्तिमा १ कठठा जमिन जोत्नैपर्दछ ।
- बाहिर काम गर्न जान्छु भन्दा नजाउ भनेर रोक्छ । हैरान भइएको छ ।

**बद्री सदा :**

- शिवशंकरकोमा १२ वर्षदेखि हरवा काम गर्दै आएको छु ।
- छोरीको बिहेमा रु. २ लाख २० हजार लिएकोमा १ लाख १० हजार तिरिसकेको ।
- तर पनि हाल ऋण ७ लाख ७८ हजार पुगेको छ ।

**देबनारायण सदा:**

- वैदेशिक रोजगारीको लागि रु. २ लाख लिएको हो ।
- दुई लाखको ६ लाखको कागज बनाइएको छ । तिर्ने कसरी हो समस्या भएको छ ।

**सुनैलाल सदा**

- विरामी हुंदा ६ लाख ऋण लिएको हो । २४लाखको काज बनाएको छ । त्यही नै मेरो लागि ठूलो समस्या भएको छ । मैले कहिल्यै ऋण तिरी सकुँला भन्ने लागेको छैन ।
- हामीलाई सीपमुलक तालिम आवश्यक छ ।
- ५ धुर ऐलानी पाइएला कि भनेर आशामा पुस्तौं बसिएको छ ।
- ऋण तिरेर मुक्त हुने र जमिन पाउने दिनको पर्खाइमा छौं ।



*धनौजीको मुसहर वस्तीमा यस्तो पनि हरवाको अमानवोचित घर भेटियो*

**सीतादेवी सदा :**

- ज्याला थोरै भएकाले बृद्धिको माग गर्दा हामीलाई होइन भारतीय मजदूर मगायो ।
- हामीलाई झुटा आश्वासन होइन व्यवहारिक कुरा भन्नु पर्‍यो ।
- जमिन्दारले आफ्नो जमिन बेच्दा त्यहाँ काम गर्ने हरवाचरवाको विचल्ली भएको छ ।
- चुनावको दिन एक दिन हामीलाई नमस्कार गर्छ त्यसपछि हामीलाई ५ वर्षसम्म नमस्कार गर्ने बनाइ दिन्छ ।



*धनौजीको हरवाचरवा वस्ती*

**हाम्रो मागहरू त यस्तो छ :**

- हामी हरवाचरवालाई घरवास चाहियो ।
- जमिन चाहियो ।
- सीपविकास तालिम ( सिकर्मी, डकर्मी, प्लम्बर, विजुली मर्मत, मोटर मेकानिक्स आदि ।
- शिक्षा, स्वास्थ्य र रोजगारीको सुनिश्चित हुनुपर्दछ ।

**२०७८ माघ २६ गते, बिहान :**

**सिराहा, लहान नगरपालिका वडा नंबर १५, मेनहरवा**

### ३.२.६ हरवाचरवाको नयाँ बस्तीमा उनीहरूसँग सामुदायिक छलफल



- यो दलित बस्ती पुस्तौंदेखि ढोर्ना भन्ने स्थानको १२ कठ्ठा जमिनमा बस्दै आएको रहेछ ।
- हरवाचरवालाई २०६३ सालमा बस्ती साँघुरो भएको कारण बनाएर त्यस जमिनबाट यहाँ सामुदायिक बनको जमिनमा बसालिएको रहेछ ।
- बास्तवमा यसको मूल कारण त्यो बस्ती हाल नगरपालिकामा सडक पुगेको हुनाले त्यहाँबाट हरवाहरूलाई बेदखल गरिएको रहेछ ।
- यस बस्तीमा बस्नेलाई वडा कार्यालयले यही वडाका स्थायी बसोवासी हुन् भन्ने सिफारिश दिएको रहेछ ।
- उनीहरूको यस बस्तीमा सामुदायिक वन र सरकारले पटक पटक आगो लगाइ दिएको पीडा उनीहरू सुनाउँछन् ।
- एक पटक त अति भएपछि बस्ती उजाड गर्न आएका प्रहरीहरूलाई सिंगै बस्तीका मानिसहरू मिलेर धपाइ दिएका रहेछन् ।
- महेन्द्र सदा, रामनारायण चौधरीका हरवाचरवा हुन् । उनको नाममा डेढ लाख ऋण छ । उनले त्यो सबै ऋण तिरिसकेका छन । तर उनले वर्षौसम्म काम गरेको कुनै हिसाब भएन ।
- लुचाई सदा अर्का हरवा हुन । उनी तेजनारायण चौधरीकोमा काम गर्छन । उनले दैनिक रु.३०० वा १० केजि धान मात्र पाउँछन् । उनले आफूले लिएको १ लाखको मासिक ५ प्रतिशत अर्थात ६० प्रतिशत ब्याज तिर्नुपर्छ ।

- यस बस्तीबाट केवल एकजना मात्र बैदेशिक रोजगारीमा गएका थिए । उनले २ वर्ष काम गरेर केवल साहुको ऋण र ब्याज मात्र तिर्न भ्याए । तर उनको श्रीमति र केटाकेटीले काम गरेको कुनै मल्य भएन । केवल पेट पाल्नु बाहेक । उनको श्रीमतिले साहुकोमा महिनामा कम्तिमा १५ दिन काम गर्नुपर्दथ्यो ।



*सिराहा मेनहरवामा विस्थापित हरवाचरवाको एउटा घर*



*मेनरहवामा हरवाचरवाको बसोबास रहेको घर यस्तो देखियो*

उनीहरूको माग -

- हरेक हरवाचरवा परिवारको लागि जीविकाको लागि कम्ती १० कठ्ठा जमिन दिइयोस् ।
- रोजगारीको लागि कम्तिमा रु. २ लाख अनुदानसहित सीप विकास तालिम दिइयोस् ।
- बासको लागि घर दृेओस् । हामीसित अहिले अस्थायी टहरो मात्र छ ।
- हाम्रो जमिन दर्ता गरिदेओस् । अहिलेसम्म सामुदायिक बनमा बास छ, कहिले लखेट्छ, ठेगान छैन ।
- यहाँ खाने पानीको समस्या बिकराल छ । बर्षामा पानीको कारण दुई तीन दिन भोकै बस्नुपर्ने स्थिति छ । त्यो समस्या हल गरिदिओस् । हामीलाई अरु केही चाहिँदैन । हामी गरेर खान्छौँ ।

**तेजनारायण चौधरी : वडाध्यक्ष, लहान नपा वडा नं १५, ढोड्ना**

**३.२.७ साथमा रामकुमारी दास, निर्वाचित वडा सदस्य (दलित)**



*लहान नपा १५ ढोड्नाका वडाध्यक्ष तेजनारायण चौधरीसँग कुराकानी गर्दै समितिका संयोजक श्याम श्रेष्ठ*



- सर्वप्रथम हाम्रो वडामा आउनु भएकोमा हृदयदेखि स्वागत गर्न चाहन्छौं । हामीले हिजो नै मन्त्रालयबाट आउँदै हुनुहुन्छ भन्ने अपुष्ट खबर पाएपछि वडाको आकस्मिक बैठक बसेर तयार भएर बसेका छौं । त्यसमा पनि संघीय मन्त्री समेत आउने खबर पाएका थियौं ।
- यस वडामा ठूलो संख्या मुसहर (सदा) हरूको छ । त्यसैले उनीहरू सबै भूमिहिन र हरवाचरवा नै हुन् । हामीले उनीहरू स्थायी वसोवासी हुन् भन्ने प्रमाण दिएका छौं ।
- यस वडामा २०७५ मा लालपूर्जा खुलेको थियो तर मेनहरवाका मुसहर अर्थात सदाहरू ऐलानीमा बसेका हुनाले उनीहरूको जग्गा नापी भएन ।
- तर पुरानो १२ कठ्ठा जग्गामा ढोड्नामा बसोवास गर्दै आएकाहरूले भने लालपूर्जा पाए । वडाले उनीहरूलाई लाग्ने शुल्क निःशुल्क गरेको थियो ।
- हामीले हरवाचरवा समस्या समाधान गर्न मालिक र हरवाचरवाबीच पटक पटक अन्तरक्रिया पनि गराएका थियौं । तर परिणाम सोचेजस्तो भएन ।
- सो अन्तरक्रियाबाट ज्याला भने रु. ५०० दिनेमा सहमति भयो ।
- हरवाचरवा बसेवापत ऋण लिने चलन छ तर तीन दोब्बर ज्यादाको कागज बनाउँछन भन्ने सुनिन्छ । तर कागजमा मिलाएर आउने हुनाले हामीलाई थाहा हुँदैन । लिनेदिने दुबैले दिएलिएको साँचो हो भनेपछि केही भन्न सकिएन ।
- संघीय र प्रदेश सरकारको निष्पक्षता र नगरपालिकाभित्र अन्तरपार्टी पुर्वाग्रहबाट मुक्तहुन सक्दा यसखाले समस्याको हल गर्न सहज हुने देखिन्छ ।

**मिति : २०७८/१०/२६ गते, अपरान्ह**

**बरियारपट्टी गाउँपालिका, वडा नंबर ३, सिराहा**

### ३.२.८ माननीय मन्त्री शशी श्रेष्ठ सहित हरवाचरवा बस्तीमा सामुदायिक छलफल





*सिराहा बरियापट्टीमा मन्त्री शशी श्रेष्ठ सहितको सामुदायिक छलफलको वृहत दृश्य*

- आजको दिन अध्ययन समितिका लागि मात्र होइन नेपाली समाजमा भूदासप्रथाको अवशेषको रुपमा रहेको मुक्तहुन बाँकी हरवाचरवाका लागि खुशीको खबर बन्यो । किनभने आजको दिनमा अध्ययन समितिलाई हौसला बढाउन र हरवाचरवालाई विश्वास दिलाउन स्वयं भूमिव्यवस्था, गरिवी निवारण तथा सहकारी मन्त्री शशी

श्रेष्ठज्यू स्वयं हरवाचरवा बस्तीमा आई समस्या बुझ्नु भयो । आफूले हरवाचरवा समस्या सदाका लागि हल गर्ने प्रतिबद्धता जाहेर गर्नु भयो । उहाँले मन्तव्यका क्रममा आफूलाइ यो समस्या केही हदसम्म थाहा भएको, यहाँहरूका मागहरू पनि बुझेको तर यसको पटापक्षका विषयमा अध्ययन समितिको सिफारिशका आधारमा अघि बढ्ने बताउनुभयो ।

- हरवाचरवाको समस्या हल गर्न संविधानतः सरकारले दायित्व लिनुपर्दछ भन्ने मान्यताका आधारमा समिति निर्माण गरिएको हो । हरवाचरवाको समस्या अमानवीय छ । त्यसमा पनि महिलाहरूको जीवनस्तर अझ दुखदायी छ । यी सबै समस्याहरूको मसिनो गरी अध्ययन हुनेछ । यो समस्या हल गर्नका लागि संघ, प्रदेश र स्थानीय सरकारको भूमिका स्पष्ट हुनेछ । म स्वयं यहाहरूका समस्या बुझ्न आएको छु । बुझ्न पाउँदा खुशी लागेको छ ।
- अध्ययन समितिले दिएको प्रतिवेदनका आधारमा हरवाचरवालाई यो अमानवीय अवस्थाबाट मुक्तगर्नका लागि तयार भएको जानकारी गराउन चाहन्छु ।
- मन्त्रालयकका तर्फबाट आफूले संविधानतः रोजगारीका लागि सीप विकास रोजगारमुलक नापी तालिम दिने योजना बनाएको छु जसले हरवाचरवाको दीर्घकालिन समाधानको ठूलो योगदान रहेको छ ।
- सधै तपाईहरू सरकार खोज्न सिंहदरबार जानुहुथ्यो, आज हामी तपाइँहरूलाई भेट्न तपाइँहरूकै बस्तीमा आएका छौं ।
- बाँकी कुरा अध्ययन समितिका साथीहरूसंग जस्ताको तस्तै राख्नु होला । सोका आधारमा हरवाचरवा समस्या हल हुनेछ । अहिलेलाई तपाईँहरूप्रति हार्दिक बधाई ज्ञापन गर्दै बिदा हुन चाहन्छु ।
- यस हरवाचरवा बस्तीमा ५० घरपरिवार रहेका छन् । केही घरहरूको अवलोकन गरेर मन्त्री विदा हुनुभयो ।



*सिराहा बरियारपट्टीमा सामुदायिक छलफलमा उपस्थित हरवाचरवाहरु*

संजय सदा

- म २१ वर्षदेखि हरवाचरवा बस्दै आएको छु । मेरो नाममा डेढ लाख ऋण रहेकोछ ।
- यसको ३ लाखको कागज बनाइएको छ । मैले मासिक ३ प्रतिशत अर्थात ३६ प्रतिशत व्याज तिर्नुपर्छ । मैले यसबीचमा रु. ५० हजार तिरिसकेको छु ।

बचैया सदा

- म ६३ वर्षको बृद्ध हुँ । म अहिले पनि हरवा हुँ । म हरवा भएको ५१वर्ष भयो ।

विन्दी सदा

- म दिनभरि काम गरेर ल्याएको थोरै पैसा या अनाजले केटाकेटीको भोक टार्छु । मैले कैयौं दिन भोकै सुत्नुपरेको छ ।

गुलाव सदा

- मेरो घर सलाईको बट्टा जस्तो झुप्रो छ । खरले छाएको छ । पानी परेको दिन रात भरि सुत्न सकिदैन त्यस्तो दिन हामीहरू स्थानीय सामुदायिक भवनमा सुत्न जानुपर्दछ । मैले रु. ४५००० गृहत्सित ऋण लिएको थिएँ । ज्यालाबनी गरेर त्यसमध्ये ४० हजार तिरिसकेको छुँ ।

जनक सदा

- म पुस्तौंदेखि गाउँब्लकको जमिनमा बसेको छु । सो जमिन नापी समेत भएको ३ वर्ष भइसकेको छ । तर लालपूर्जा पाएको छैन ।



*सिराहा बरियारपट्टीमा हरवाको भान्सा घरको दृश्य*

रेवती सदा

- म हरवाचरवा हुँ । रु. ५० हजार ऋण लिएको छु तर डेढ लाखको कागज बनाएका छन् । यसबीचमा मैले रु.४० हजार तिरिसकेको छु ।

- के गर्ने, साना साना समस्याहरूको हल गर्न पनि ऋण लिनुपर्दछ । मैले एक पटक लेबर खोजी दिएवापत २० हजार दिने सहमति भएकोमा तर मालिकले २० हजार दिनुको साटो २ लाख ८० हजारको कागज बनाइयो । यस्तो फर्जी कागज गाउँमा अरुको पनि बनेको छ ।

**संजय महरा : स्थानीय एक्टिभिष्ट**

- हरवाचरवा भनेको मूलतः मधेशी दलितहरूको समस्या हो ।
- सर्वप्रथम अनुचित ऋण खारेज गरी मुक्तिको घोषणा गर्नुपर्दछ ।
- हरवाचरवाको यकीन तथ्याङ्क संकलन गरिनुपर्दछ र हरवाचरवालाई परिचय पत्रको ब्यवस्थागर्नुपर्दछ ।
- शिक्षा, स्वास्थ्य रोजागारीको ब्यवस्थागर्नुपर्दछ ।
- बसोवासको लागि २ कठ्ठा र कृषिको लागि ८ कठ्ठा जमिन दिनुपर्दछ ।
- प्रदेशको घर निर्माण कार्य हरवाचरवा केन्द्रीत हुनुपर्दछ ।
- जातीय छुवाछूतको अन्त्य गरिनुपर्दछ ।



*बरियारपट्टीमा हरवाचरवाको घरभित्रको दृश्य यस्तो देखियो*

**ब्रह्मदेव राम : प्रतिनिधि, द फ्रिडम फण्ड**

- हरवाचरवाहरूको नाममा रहेको अनुचित ऋण खारेज गरिनुपर्दछ ।
- हरवाचरवाको लागि जमिन, बास, रोजगारी, शिक्षा र स्वास्थ्यको ब्यवस्था गरेर हरवाचरवा पुनःस्थापनाको एकीकृत प्याकेज बनाइनुपर्दछ ।
- हरवाचरवाको लेवर स्वीकार गर्ने तर लिडरसीप स्वीकार नगर्ने चलन छ । यस्तो हुनुहुँदैन ।

- संविधान र कानुनमा हरवाचरवा पुनर्स्थापन बारे उल्लेख छ । त्यो कार्यान्वयन हुनुपर्दछ ।
- राजनीतिक नेतृत्वमा हलिया सहभागिताको सुनिश्चितता गरिनुपर्दछ ।



*बरियारपट्टीमा हरवाको घरभित्रको दृश्य यस्तो देखियो*

**श्याम सदा : अध्यक्ष, राष्ट्रिय हरवाचरवा अधिकार मंच, सिराहा**

- हरवाचरवाको नाममा भएको अनुचित ऋणको खारेजी हुनुपर्छ ।
- उनीहरूको लगत संकलन गरेर परिचय पत्र दिनुपर्दछ ।
- हरवाचरवा समस्या समाधान गर्न एक अधिकार सम्पन्न आयोग गठन गरिनुपर्दछ ।
- उनीहरू बस्दै आएको जमिन उनीहरूकै नाममा दर्ता गरिनुपर्दछ ।
- मुक्तिपछि सीप तालिममा मुख्य प्राथमिकता दिनु पर्दछ । हाउस वायरिंग, पेण्टर, ग्यारेज, डाइभिंग, चुरी, भूजिया, दालमोठ, सिलाई कटाई, सिकर्मी, डकर्मी, प्लम्बिंग, रिक्सा, अटो रिक्सा दिने, नांग्लो, डोको निर्माण, मुढा बनाउने तालिम आदिको सीप विकास तालिम दिनुपर्दछ ।



*समितिलाई सुझाव राख्दै हरवाचरवा अधिकार मञ्च सिराहाका अध्यक्ष श्याम सदा*

- यस्ता सीपविकास तालिमहरू कम्तिमा ६ देखि ९ महिनाको हुनुपर्दछ। यसका साथै उनीहरूलाई तालिम अनुसारको विउ पूँजी समेत दिनुपर्दछ।
- हरवाचरवाको स्थानीय सरकारमा पहुंच हुनुपर्दछ।
- महिला र पुरुषलाई समान कामको समान ज्याला दिनुपर्दछ।
- नागरिकताको समस्या हल गरिनुपर्दछ।
- हरवाचरवाका युवा सन्तानको यौनशोषणको अन्त्य गरिनु पर्दछ।
- हरवाचरवालाई सरकारले तोकेअनुसारको उचित ज्यालाको ग्यारेण्टी हुनुपर्दछ।
- शिक्षा, स्वास्थ्य र रोजगारीको व्यवस्थाहुनुपर्दछ।

**राजेन्द्र यादव : स्थानीय**

- परिचय पत्र सहित सस्तो मूल्यको पसल राखिनुपर्दछ
- हरवाचरवा परिवारको लागि एक घर एक रोजगारीको व्यवस्थाहुनुपर्छ।
- हरेक हरवालाई रोजगारीको लागि कम्तिमा १० कठ्ठा जमिन दिनुपर्दछ।
- औषधी उपचार निःशुल्क हुनुपर्दछ।

**सन्तोष विशुंखे : दलित जनकल्याण यूवा क्लब, सिराहा**

- कृषि शिक्षाको व्यवस्थाहुनुपर्दछ।
- खेती तथा तरकारी खेतीका लागि स्थानीय सरकारले ऐलानी जमिन लीजमा दिनुपर्दछ।

**बलदेब राम : स्थानीय**

- कोभिडले वैदेशिक रोजगार गुमाएर आएकाहरूका लागि क्षेतिपूर्ति दिनुपर्दछ।
- रोजगारीको व्यवस्थाहुनुपर्दछ।

**दिलिपकुमार यादव : स्थानीय शिक्षक**

- यस गाउँपालिकामा ५०० बिगाहाभन्दा बढी ऐलानी जमिन छ जुन जमिन हरवाचरवालाई वितरण गर्न सजिलै सकिन्छ।
- सबै जमिनमा खेती गर्ने काम हरवाचरवाले नै गरेका छन् तर उत्पादन भने अर्काले लग्छन ।
- यस हरवा बस्तिमा १० कक्षा पढेको १ जना पनि हरवा सन्तान छैन।
- तसर्थ यस बस्तीका बालबालिकाका लागि निशुल्क एजुकेशनको व्यवस्थागर्नुपर्दछ।

**मिति: २०७८/१०/२६ गते, अपरान्ह**

### ३.२.९ धनगढीमाइ नगरपालिका, सिराहाको संक्षिप्त अध्ययन भ्रमण

- समुदायका सदस्यहरूको भनाइ अनुसार यस बस्तीमा ५० घरपरिवार छन्।
- हरवाचरवा जीवनबाट फेरिएर नयाँ स्वरुपमा आएपनि उनीहरू सबैको न्युन ज्यालादार श्रमिक कामको प्रकृतिमा कमी आएको छैन ।

- शोषण उत्पीडन, हेलाहोचो र गरिवीमा कमी आएको छैन ।
- जमिन अहिले पनि अधिकांश ऐलानीमा छ ।
- केहीले राम्रो पारिश्रमिक आउने काम गरेर साहुको ऋण तिरेर आफ्नै जमिनमा घर बनाएका छन्
- हरवाचरवाको व्यवस्थापनको लागि स्थानीय सरकारदेखि कसैले व्यवस्थापन गरेका छैनन् ।

**बुलकनदेवी मोची : हरवा**

- मेरो रु.१५ लाख ऋण छ । साहुले कागज ३० लाखको बनाएको छ ।
- मैले यो ऋण वैदेशिक रोजगारीको लागि लिएको हो ।
- ऋण जति लिइन्छ त्यसको डबल कागज बनाउनुपर्ने बाध्यता रहेको छ ।

**मीना सदा : हरवाचरवा**

- श्रीमान श्रीमति दुबै जना हस्पिटलमा काम गर्छौं ।
- आफ्नै जमिनमा घर छ ।
- मेरो बुवाले हरवा भएर २ हजारमा किनेको १० धुर जमिन विरामी पर्दा १ लाखमा बेचेको थिएँ । पछि पुनः छोराबुहारीले ३ लाख तिरेर किनेर बसेका छन् । अहिले त्यसैमा घर बनाएर बसिएको छ ।

**मिति : २०७८/१०/२६ गते, साँझ । लाहान**

**३.२.१० अर्जुन थपलिया : हरवा समस्याका जानकारसँग छलफल**



- पहिला पहिला मधेशमा जात अनुसार हरवा बस्ने चलन थियो । जस्तै कपाल तथा दाडी काट्नका लागि ठाकुर राखिन्थ्यो । अहिले त्यसलाई शैलुनले विस्थापित गऱ्यो । त्यसैगरी ट्र्याक्टरले कैयन् ठाउँमा हरवाको स्वरुप परिवर्तन भएको छ । कतिपय हरवाचरवा परिवारबाट पंजाब जान थाले । पछिल्लो समय बैदेशिक रोजगारमा जान थालेपछि अझ परिवर्तन आएको छ ।

- तर हरवाचरवाको जमिनसँग जोडिएको समस्या अझै हल भएको छैन । हरवाहरूमा चरम गरिवी यथावत् रहेको छ । उनीहरूको आज कमायो आजै खाने, भोलि कमायो भोलि नै खाने बाध्यात्मक चलन अझै विद्यमान रहेको छ ।

- हरवाचरवा राख्ने काम कमैयाको माघीको दिनझैं श्रीपंचमीको दिनदेखि हुन्छ ।

- मुसहर सबैभन्दा बढी भूमिहिन तथा पिछडिएको जाति हो । उनीहरूको नागरिकता नहुनुको कारण सबै चिजबाट बञ्चित भए ।

- हरवा नै भए पनि चमार, पासवान लगायतले नागरिकता ज्यादा पाएका छन् र उनीहरूको जीवनस्थिति अलिक उन्नत भएको छ ।

- पहाडीको हलियाको तुलनामा मधेशी हरवाचरवाको हालत बेहाल र निकै खराब छ ।

- मुसहरहरू सामन्यतया तराइको र मूल सडकको दक्षिणतिर बस्छन् । त्यसैले उनीहरूमा सामाजिकीकरण र राजनीतिकरण खासै हुन सकेन । किनभने, कम्युनिष्ट तथा काग्रेसीहरू २००७ देखि नै उत्तरका बस्तिहरूमा ज्यादा भूमिगत भए । त्यहीँ उनीहरूले ज्यादा राजनीतिक चेतना फैलाउने काम गरे । किसान र श्रमिकबीच संगठन पनि बनाए । त्यसैले सडकको उत्तरपट्टिको बस्तीमा हरवा प्रथा दक्षिणको तुलनामा निकै कम छ ।

- मुसहरहरूसंग जग्गा जमिन नभएकाले घरज्वाई बस्नेको संख्या बढी छ ।

- हरवाचरवाका परिवारहरू अहिले पनि ऋण, जमिन, मनोवैज्ञानिक हिसाबले बँधुवाको अवस्थामा छन । उनका परिवारका मानिसहरू विदेशमा गएको भएपनि यो स्थितिमा खासै फरक आएको देखिँदैन ।

- गोलबजार नगरपालिकाका मेयर देवनारायण शाहले थोरै अघि आफ्नो पहलकदमीमा ६० कोठाको घर बनाएर हरवाचरवालाई आएर बस्न आह्वान गरे । तर कोही बस्न आएनन् । यसको मूल कारण मुसहरहरूले ओगटेको ऐलानी जमिन मूलसडकमा परेकोले यो ती मेयरले स्थानीय भूमि दलालहरूसंग मिलेर आफूलाई त्यो ऐलानी जमिनबाट बेदखल गर्ने षडयन्त्र हो भन्ठाने ।

- सडक पुगेका र हरवाचरवा बसिरहेका ऐलानी जमिनमा मूल्य ह्वात्तै बढेकाले स्थानीय जनप्रतिनिधिहरूले जग्गा दलालसित मिलेर हरवाचरवाको उठिवास गरेर उनीहरूको जीवन अवस्था अझ गम्भिर बनाउँदैछन् । अहिले सडक पुगेका कैयन् स्थानमा यस्तो घटना घट्दै छ ।

- गोलबजार नगरपालिकामा मात्र ३०० बिगाहाभन्दा वढी ऐलानी जमिन रहेको छ । सरकारले खोज्ने हो भने यो सिराहा भरिका सबै हरवाचरवाहरूलाई यहीँ जमिन र बास दिएर अटाउन सकिन्छ । तर नेपाल सरकारले जमिन छैन भन्दै हरवाचरवालाई जमिन र घर वितरण गर्ने कुनै योजना बनाइएको छैन ।

- हरवाचरवालाई राम्रो, शहरबजार र सडकसित जोडिएको जमिन दिनु नै हुँदैन भन्ने सोच माथिदेखि तलसम्म ब्याप्त देखिन्छ ।
- हरवाचरवाको यस्तो बेहालत हुनुमा दलित आन्दोलन अर्थात सामाजिक आनदोलनहरूले हरवाचरवालाई भूमिसंग नजोड्नु मुख्य कारण रहेको छ । दलित आन्दोलनलाई उनीहरूले केवल छुवाछुतसित मात्र जोडे, भूमिहीनतासित जोडेनन् ।

**हरवाचरवाको पहिचान :**

- ऋण लिएवापत बँधुवा श्रमिक भएको व्यक्ति वा परिवार निसंदेह हरवा हो ।
- घर/जग्गा उपयोग गरेका कारण बँधुवा श्रमिक भएको ब्यक्ति वा परिवार पनि हरवाचरवा हो ।
- पुस्तौँदेखि हरवाचरवा बस्दै आएको परिवार पनि हरवा हो ।
- उनीहरूको पहिचान यो हो कि उनीहरू अहिले पनि जीविका नै नहुने गरी निकै कम ज्यालामा काम गर्छन् । आफ्नो जमिन नभएर पुस्तौंदेखि ऐलानीमा बस्छन् ।

**समाधानका लागि उपायहरू :**

- सर्वप्रथम पुस्तौंदेखि भोगचलन गर्दै आएको जमिन विना शर्त उसैको नाममा दर्ता हुनुपर्दछ ।
- खेतीपातीका लागि कम्तिमा ५ कठ्ठा जमिन दिनुपर्दछ ।
- हरवाचरवाका लागि सरकारले तोकेको ज्याला दिनुपर्दछ।
- मिटरव्याज, दोब्बर, त्रिगुणा, चौगुणा कागज बनाउने प्रणाली हस्तक्षेप गरेर नियन्त्रण गर्नुपर्दछ ।
- कपाली तमसुकलाई मान्यता दिने चलन अन्त्य हुनुपर्दछ ।
- रोजगारीका लागि तालिम, पूजी र सामाग्रीसमेत दिनुपर्दछ ।
- ऋण दिएर उकास्ने कार्यक्रम बन्द गर्नुपर्दछ ।
- माइक्रो फाइनान्स तत्काल बन्द गर्नुपर्दछ ।
- विद्यालयमा टिकाई राख्नका लागि परिवार सहयोग कार्यक्रम बनाइनुपर्दछ ।

***हरवाचरवा रुपान्तरणको एउटा मूर्त अनुभव***



गुरुशरण सदा मुसहर समुदायका व्यक्ति हुन् । उनका बुवा हरवा हुन् । उनले अर्जुन थपलियाको व्यक्तिगत सहयोगमा बालकक्षामा भर्ना गरी एमएसम्म पढे । त्यसपछि उनले सेभ द चिल्डेन नामक संस्थामा मासिक रु १२०,००० तलब खाने भए । त्यसपछि उनले आफ्ना भाइबहिनीलाई काठमाडौं पढाए । उनले शिक्षित महिलासँग विहे गरे । उनको हरवा परिवारमा पुरै रुपान्तरण आयो ।

तर दुभार्ग्य यस पटकको कोभिडबाट गुरुशरणको निधन भयो । उनको परिवार संकटमा भएपनि रुपान्तरणका हिसाबले यसलाई एउटा नमूना मान्न सकिन्छ ।

यसरी ऋणबाट मुक्ति दिएर राम्रो शिक्षा र राम्रो रोजगारी दिने हो भने हरेक हरवाचरवा परिवारमा गुरुशरण पैदा गर्न सम्भव छ । यो एकजना गुरुशरणको केस भयो ; तर सरकारले नै अभिभावकत्व लिने हो भने सम्पूर्ण हरवाचरवा परिवारको रुपान्तरण सम्भव छ ।

**मिति : २०७८ माघ २७ गते, बिहान**

### ३.२.११ जनचेतना दलित संगम, सप्तरीको कार्यालयमा हरवाचरवाका अगुवासँग छलफल



*सिराहा सुरुङ्गामा हरवाचरवाका अगुवाहरुद्वारा अध्ययन समितिलाई जनचेतना दलित संगममा स्वागत गर्दै ।*




*जनचेतना दलित संगममा सहभागी हरवाचरवाका अगुवाहरु*

गणेश राम : कार्यकारी निर्देशक जनचेतना दलित संगम

उनले समितिलाई सप्तरीमा स्वागत गर्दै तराई मधेशमा लोकतन्त्र पुग्न नसकेको गुनासो गरे । उनले भने कि यति ठूला ठूला परिवर्तनले पनि हरवाचरवाको समस्याको अन्त्य हुन नसक्नु दुर्भाग्य भएको छ । उनको स्वागतपछि सबैलाई सामुहिक रुपमा हरवाचरवाका मूलभूत ५ वटा समस्याहरू के के हुन् भन्ने प्रश्न सोधिएको थियो । सबैको जवाफ समान खालको थियो ।

उनीहरू सबैले भनेका आधारमा सार संक्षेप यस प्रकार रहेको थियो ।

**हरवाचरवाको मूल समस्या :**

१. नागरिकताको समस्या

२. जमिन र घरबासको अभाव तथा गरिवी

३. रोजगारीको अभावको समस्या

४. उठीवासको समस्या

५. शिक्षाको अभाव /स्वास्थ्यउपचार सुविधाको अभाव

**हरवाचरवाका समाधानको उपायहरू**

- ऋणको खारेजी तथा हरवाचरवाबाट मुक्तिको घोषणा
- परिचय पत्रको व्यवस्था।
- खेतीयोग्य जमिन तथा घरको व्यवस्था
- रोजगारी सहितको पुनःस्थापना । यसका लागि जीविका उपयोगी सीपविकास तालिमहरू ।
- उच्च शिक्षा तथा प्राविधिक ब्यावसायिक शिक्षासम्म हरवाचरवाको निशुल्क पहुँच
- कामको उचित ज्याला, समान कामकोृ समान ज्याला
- निशुल्क स्वास्थ्य उपचारको ब्यवस्था
- लालपूर्जा दिदा दम्पत्तिका नाममा संयुक्त लालपूर्जा

**मिति : २०७८ माघ २७ गते, बिहान**

## ३.२.१२ सुरु□को हरवाचरवा बस्तीमा व्यक्तिगत तथा सामुदायिक छलफल



**सोभित राम : हरवाचरवा**

- पुस्तौँदेखि हरवाचरवा छु।
- ऋण १ लाख ७५ हजार छ ।

**जानकीदेवी राम : हरवाचरवा**

- श्रीमान हरवाचरवा काम गर्दै हात भाँचियो । उनको उपचार मालिकले गरेन ।
- उनले १ लाख ऋण लिए तर २ लाखको कागज बनाइयो ।

**पुर्नीदेवी सदा : हरवाचरवा**

- मेरो नाममा ३ लाखको कागज छ। मैले डेढ लाख मात्र ऋण लिएकी हुँ।
- मासिक ४ प्रतिशत व्याज तिर्ने गरेको छ ।
- मैले १ लाख तिरी सकेका छुँ तर किन हो मूल धन घटेको छैन ।

**हिल्सा सदा : हरवाचरवा**

- म चरवा थिएँ अहिले हरवा भएको छु। म बद्री चौधरीको घरमा हरवा छु।
- मेरो नाममा २ लाखको कागज छ । मैले रु १ लाख ऋण लिएको थिएँ । तर कागज २ लाखको बनाएको छ ।

**मालभोग देवी सदा : हरवाचरवा**

- हामी हरवाचरवाको आकाशमा छत छैन, पेटमा भात छैन ।

- यहाँ यो हरवा बस्तीमा जम्मा परिवार संख्या २५ छ ।
- हामी पुस्तौंदेखि बस्दै आएका छौं ।
- हामी दाउरा बेचेर पनि गुजारा गर्छौं । एक भारीको रु. १५० देखि २०० भन्छ ।
- एक भारी दाउरा ल्याउन एकदिन पुरै लाग्छ ।
- अरु काम गऱ्यो भने एक दिनको ज्याला १७५ रुपियाँ आउँछ । हाम्रो यहाँ ज्याला नै निकै थोरै छ । खानै पुग्दैन । अनि बाँच्नका लागि ऋण नलिई उपाय नै हुँदैन ।
- ऋणको प्रति महीना व्याज ५ प्रतिशत रहेको छ ।
- यो बस्ती जस्तै सिस्वाटी, चर्खा, कमलपुर, भेडिया, लक्ष्मीपुर, कनकपुर, हरिहरपुर, मोहिलिया, शमसेरपुरमा पनि हरवा धेरै छन् । यी हरवाकै बस्ती हुन् ।



*सुरुङ्गा वस्तीमा सिस्वारी खोलाले नोक्सानी पुर्याउन खोजेको पाइयो ।*

**सुनितादेवी सदा : हरवाचरवा**

- यो गाउँमा एसएलसी पास गरेको कोही छैन ।
- नागरिकता र जन्मदर्ता, नदी कटान यहााका मूल समस्या हुन् ।
- श्रीमानको जन्मसिद्ध नागरिकता छ तर श्रीमतीले पाएको छैन ।
- यो बस्तीबाट बैदेशिक रोजगारीमा कोही गएका छैनन् । पंजावतिर भने जाने गरेका छन् ।


- केटाकेटीलाई स्कूलमा पढ्न पठाउन आधा घंटा टाढा स्कूल छ ।
- हाम्रो बस्तीबाटै बगेर जाने सिसुवारी नदीको कटानमा पर्ने ठूलो संभावना छ ।
- ऋणको व्याज ५ प्रतिशत प्रति महिना रहेको छ ।
- तीन बच्चा पढाउँदा सरकारी स्कूलमा ९०० तिनुपरेको छ । स्कूल निशुल्क भन्छ, निशुल्क कहाँ छ र ?
- बस्तीमा स्वास्थ्य चौकी छैन ।
- हामी मुक्तहुन ऋणबाट मुक्तहुनुपर्दछ ।
- हामीलाई घर बनाइ दिए, जमिन दिए र रोजगारीको ब्यवस्थागरिदिए हामी मुक्त हुन्थ्यौं ।

**मिति : २०७८ माघ २७ गते, दिउँसो**

### ३.२.१३ सुरुंगा नगरपालिकामा नगरपमुख मुक्तिनाथ चौधरीसाग छलफल

देबेन्द्र चौधरी : वडा अध्यक्ष, नगरपालिका, वडा नंबर ४

- सवैप्रथम नगरमा हार्दिक स्वागत छ ।
- लोकतन्त्र आएपछि लुकेका समस्याहरूको हल गर्ने याजेना सरकारले बनाइरहेको छ ।
- नगरपालिका हरवाचरवाको समस्याप्रति सबै सचेत छौं ।
- हामी हाम्रो कार्यकालभित्र वडा नम्बर २ मा निस्सा बाँड्ने काम भइरहेको छ ।
- सबै वडामा सुकुम्वासीको पनि तथ्याङ्क लिने काम भएको छ ।
- आधुनिक रोजगारमुलक तालिमहरू जस्तै सिकर्मी, डकर्मी, सिलाइ कटाइ आदिको तालिम नगरपीलकाले गरेको छ ।
- हिजो रोजगारका लागि स्थानीय बजारहरूमा जान्थे भने आजकाल १८ वर्ष वर्ष पुग्ने वितिकै वैदेशिक रोजगारी जानेको योजना बन्छ ।
- ऋणको लिएको भन्दा दोव्वर कागज बनाउँछ भन्ने हल्ला चलेको भएपनि हामीले सोधेर मात्र सिफारिश दिने गरेका छौं ।
- नगरपालिकाले स्थानीय पानी उद्योगमा न्यूनत्तम ज्याला निर्धारण गरेकोमा उद्योग नै बन्द गऱ्यो । त्यहाँका मजदुरको जागिर नै गुम्यो ।
- हरवाचरवा मुक्तिका लागि गरीवी, पछौटेपन, शिक्षाको अभावबाट मुक्तगरी वसोवासको उचित ब्यवस्थागर्नसक्दा हुने देख्छु ।
- हाम्रो नगरपालिकामा वडा सदस्यहरूमा देवलाल राम र मानोदेवी सदा ।



*ऋण लिएको रकम वैधानिक बनाउन वडाध्यक्ष समक्ष ल्याएको भरपाई*

**मिति : २०७८ माघ २७ गते, दिउँसो**

### ३.२.१४ डाक्नेश्वरी नगरपालिका वडा नंबर ५, सप्तरी, मधेश प्रदेश



- यस बस्तिमा हरवाचरवा अधिकार मंचका केन्द्रीय अध्यक्ष तथा महासचिव लागेन्द्र सदाको समेत उपस्थिति रहेको थियो ।

- यस हरवा बस्तीमा जम्मा १०० वटा भन्दा वढी हरवा घर परिवार रहेका छन् ।
- दैनिक ज्याला रु. २०० वा १० के.जी धान रहेको छ । ज्याला दर ज्यादै न्युन छ ।
- हामीहरू ऐलानी, पोखरीको डिल, गृहतको जमिन, गाउँ ब्लकको जमिनमा बस्दै आएका छौं ।



**डाक्नेश्वरी नगरपालिका वडा नं ६, सप्तरी, मधेश प्रदेशमा हरवाबस्तीमा छलफल**

- हरवाचरवा बसोवास गर्दै आएको बस्तीमा बीचमा एक ठूलो पोखरी छ । सो पोखरी २००४ सालमा ऐलानी जमिनमा थियो । स्थानीय चौधरीले मुद्दा हाली विवादमा परेपछि हालसम्म पनि समाधान भएको छैन ।
- धेरैको नागरिकताको समस्या छ ।
- यस बस्तीमा कृषि विकास बैङ्कले वचत समूह बनायो । हरेकलाई ५ वटाका दरले बाख्राहरूदियो । बाख्रालाई सुई लगाउँदा सबै मरे । तर सो बैंकले किस्ता तिर्नुपर्ने सुनायो । अहिले पनि प्रति व्यक्ति ३५०० सो पैसा तिरिरहनु परेको छ । त्यो तिर्नु पर्ने पैसाबाट हामीलाई मुक्तगराइदिनु पर्‍यो ।

**मधेस प्रदेश सरकार प्रतिनिधि बिजय महतो** :

म यसबारे तुरुन्त पहल लिनेछु । समस्या समाधान गर्न कदम चाल्ने छु ।



*हरवाचरवा अधिकार मञ्चका महासचिव लागेन्द्र सदा संयोजक समक्ष ज्ञापन पत्र बुझाउँदै ।*

**लागेन्द्र सदा : हरवाचरवा अधिकार मंचका केन्द्रीय महासचिव सम्पूर्ण समुदायको तर्फबाट बोल्दै**

- हरवाचरवा मुक्तिको लागि सरकारबाट ऋणको खारेजीसहित सर्वप्रथम हरवाचरवा मुक्तिको घोषणा हुनुपर्दछ ।
- तथ्याङ्क संकलन गरी परिचय पत्र वितरण गरिनु पर्दछ ।
- २ कठ्ठा जमिन बसोवासको लागि र ८ कठ्ठा कृषि जमिन खेतीबाट जीवन निर्वाहका लागि दिनुपर्दछ
- मुक्तहरवाचरवालाई रोजगारीको व्यवस्थाहुनुपर्छ । यसका लागि सीपमुलक तालिम दिइनु पर्दछ जस्तो कि अगरवत्ती तालिम, सिलाइ कटाइ तालिम, हर्पिक निर्माण, मैनबत्ती तालिम, तरकारी खेती, ग्यारेजको तालिम, मोबाइल मर्मत, हाउस वायरिंग, प्लम्बर, विजुली सम्बन्धी तालिम, फर्निचर निर्माण, सिकर्मी, डकर्मी आदिको तालिम । तालिमको अवधि कम्तिमा ६ महिना हुनुपर्दछ
- तालिमका साथै बीउ पूँजी समेत दिनुपर्दछ ।
- सबैको स्वास्थ्य वीमा निशुल्क बनाइदिनुपर्दछ ।
- अर्को व्यवस्थानहुन्जेल विना विकल्प उठीवास गर्नु हुंदैन ।

- यस बस्तीको पोखरी उहाँहरूकै नाममा दर्ता गर्ने र पोखरी वरिपरिको वसोवासलाई पनि दर्ता गरेर सुरक्षित गर्न सक्दा ठूलो उपलब्धि हुने देखिन्छ ।
- राष्ट्रिय हरवाचरवा अधिकार मंचका तर्फबाट ५बुंदे लिखित सुझावसमेत बुझाउनु भएको थियो ।

**साँझ : बर्दिवासको लागि प्रस्थान । बास : बर्दिवास ।**

**२०७८ माघ २८ गते, बिहान**

### ३.२.१५ महोत्तरी : लोहारपँी नगरपालिका, वडा नं. ४ पिराडी



*लोहारपट्टी नगरपालिका वडा नं. ४ मा भएको सामुदायिक छलफल*

- यस बस्तीमा २५० भन्दा बढी घरपरिवार रहेका छन् ।
- यो बस्ती जानकी गुठीको २८ विगाहा जमिनमा रहेको छ ।
- यस बस्तीबाट २०० भन्दा वढी व्यक्तिहरू कामका लागि भारत गएका छन् ।
- यस बस्तीमा विकासका सेवा सुविधा पुगेको देखिदैन ।
- हरेकले २ देखि ३ कठ्ठा जति जमिन ओगटेको पाइन्छ जसबाट ३ महिना पनि खान पुग्दैन ।
- यस बस्तीलाई पनि विभिन्न बैंकहरूले सताउने गरेका छन् ।
- यस बस्तीमा मूल समस्या र त्यसको समाधान के के हुन् भनेर सामुहिक प्रश्न सोधिएकोमा

उनीहरूले दिएको जबाफको सारांश :

- गुठीको नाममा भएको जमिन ब्यक्तिको नाममा दर्ता हुनुपर्छ।
- भूमिहीनलाई सरकारले जमिन दिनुपर्दछ।
- रोजगारीको ब्यवस्था हुनु पर्दछ। रोजगारीका लागि सीपविकास तालिमहरू दिनु पर्दछ । चुडा, माला, अगरवत्ती, टेलर, सिलाइकटाइ, सावुन बनाउने तालिम आदि दिनुपर्दछ।
- कम्तिमा दिनको रु ७०० हुने गरी ज्यालामा बृद्धि हुनुपर्दछ।
- स्वास्थ्य चौकी टाढा भएकोले वैकल्पिक ब्यवस्थाहोस, स्वास्थ्य विमा होस।

**१. प्रमिला सदा : भूमिहिन नेता**

- पहिला हामीलाई हरवाचरवाबाट काम गराउने गृहतहरू अब आएर ट्र्याक्टर जस्ता आधुनिक साधनहरूको प्रयोग गरी आफै काम गर्न थालेका कारण हाम्रो रोजगारी समाप्त हुँदै गएको छ। हामीलाई अब गृहतहरूकामै दिँदैनन्।
- हामी बस्दै आएको जमिन गुठीको भएको हुनाले तत्काल दर्ता गरिनुपर्दछ।
- यो बस्तीभरिमा ४० जना भन्दा बढीले ऋण लिएर हरवा बसेका छन्।
- सुरेश बातर स्थानीय परमेश्वर शाहको घरमा हरवा छन्। उनको ३ लाख ऋण छ र तर ६ लाखको कागज बनाइएको छ। केही ऋण फिर्ता गर्न खोज्दा एकै पटक दे भन्छ। हाल ब्याज सहित १० लाख पुगिसकेको छ।
- रामलाल बातर ७० वर्षका हरवा हुन्। उनी १० वर्षको उमेरदेखि हरवा भएका हुन्। उनले २ केजी धानको ज्यालामा काम गरेको सम्झना छ।
- मिच्छ्रा सदा अहिले पनि स्थानीय जमिन्दारकोमा काम गर्छ। उनको नाममा कुनै ऋण छैन तर मालिकले तिम्रो वुवाले लिएको ऋणको ब्याजवापत काम गर्नुपर्दछ भन्ने धम्की दिने गरेको छ।
- रीतादेवी सदाको नाममा अहिले पनि १० लाख कर्जा छ। उनले यो ऋण छोरीको बिहेमा लिएकी हुन्। उनले महिनाको ३ प्रतिशत ब्याज तिर्ने सहमति भएको छ। तर कागज भने २० लाखको बनाइएको छ।

**२०७८ माघ २८ गते, दिउँसो**

### ३.२.१६ सर्लाही : हरिपुर न.पा.८ मुसहरी टोलमा सामुदायिक छलफल





- यस मुसहरी टोलमा २०० भन्दा वढी परिवार रहेका छन् । पुरै बस्ती ऐलानी जमिनमा छ ।

- विक्रम माझी : लक्ष्मी गोलेकोमा हरवाचरवा छन । उनले १५ हजार ऋण लिएकोमा पटक पटक गरी तिरिसकेका छन तर उनी हरवाचरवा कामबाट मुक्तभएका छैनन् ।
- बस्तीमा केहीको लालपूर्जा छ ।
- बस्तीमा जनता आवास कार्यक्रममार्फत अधिकांश घर निर्माण भएका देखिन्छन् ।
- बद्री राम : उनी चरवा हुन । उनले गाउँका ३५ भन्दा बढी गाइगोरु चराउँछन् । उनले प्रति गाई १२ पसेरी धान पाउँछन् ।
- लक्ष्मण माझीः उनी पनि चरवा हुन । उनले ६० भन्दा बढी गाई चराउँछन् ।
- अर्का चरवा एकवाल माझी हुन् । उनले पनि ३५ भन्दा बढी गाइ चराउनु परेको छ । हाल आएर चराउने ठाउँको अभावमा विकल्प पनि देखिएको छैन । गाई हराउँदा वा चोटपटक लाग्दा हरवाचरवाले तिर्नुपर्ने बाध्यता रहेको छ ।
- चौथी माझी ५० हजार ऋण सहित पुरै परिवार हरवाचरवा छन् ।
- तनुकलाल माझी २१ वर्षदेखि गोपी राईकोमा हरवाचरवा बस्दै आएका छन् । उनको नाममा ६० हजार बढी ऋण रहेको छ ।
- लक्ष्मी माझी पुस्तौदेखि हरवाचरवा बस्दै आएकी छन् । त्यसै गरी रामप्रवेश माझी ५० हजारको ऋणको लागि २० वर्षौं देखि हरवाचरवा बस्दै आएका व्यक्ति हुन ।
- दिनेश माझी नगेन्द्र शाहकोमा हरवाचरवा छन । उनले १ लाख ऋण लिएका छन् ।
- रामु झाँकी रामएकवाल शाहकोमा हरवा छन् । उनले १६ हजार ऋण लिएका छन । उनी हरवाचरवा बसेको ३५ वर्ष भइसकेको छ ।





*सर्लाही : हरिपुर नगरपालिका वडा नंबर ९ मुसहरी टोलको एक झलक*

- भजन माझी १६ हजार ऋण लिएकोमा ५० हजारको कागजसहित हरवा छन् । उनी अन्यत्र काम गर्न स्वतन्त्र छैनन् ।
- राजेश माझी १२ वर्षदेखि ७० हजारको ऋणमा हरवा बस्दै आएका छन् ।

- गोपी माझी डेढ लाख ऋण लिएर ४ लाखको कागज सहित हरवा छन् ।
- रामस्नेही माझी ४ लाख ऋण सहित रामेशवर शाहकोमा हरवा बसेका छन् ।
- यो स्थानमा सम्पूर्ण हरवाको बर्षभरिको कामको भार बुझदा निम्नानुसार देखियो :

| **महिना** | **काम** | **कैफियत** |
|---|---|---|
| बैशाख | रायो उखेल्ने | |
| जेष्ठ | गहुं काट्ने | |
| असार | धान रोप्ने | |
| श्रावण | धानको गोडमेल गर्ने | |
| भाद्र | बिषादि छर्कने | |
| असोज | धान भित्र्याउने | |
| कार्तिक | खेती लगाउने | |
| मंसिर | गहुँ छर्ने | |
| पौष | तोरी छर्ने | |
| माघ | तोरी | |
| फागुन | गोडमेल गर्ने | |
| चैत्र | गहुँ काट्ने | |

*स्रोत: हरवाचरवासँग गरेको सामुहिक छलफलबाट ।*

# यसरी हरवाचरवालाई १२ महिना कहिल्यै फुर्सदै नहुने रहेछ ।

**२०७८ माघ २९ गते, बिहान**

### ३.२.१७ रौतहट : चन्द्रर न.पा.८ बेतौनामा सामुदायिक छलफल





*आफ्ना समस्या राख्दै एक हरवाचरवा वृद्ध ।*

- यो बस्तीमा सिंगो वडाभरिमा ३०० भन्दा बढी परिवार छन् । तीमध्ये अधिकांश हरवाचरवा छन् ।
- कतिपय कृषि मजदूरीको काम गर्छन् ।

- सिंगो बस्ती ऐलानीमा रहेको छ । आफ्नो जमिन हुने कोही छैन ।
- यो बस्ती बसेको २० वर्षभन्दा बढी भइसकेको छ ।
- एकपटक यस बस्तीको नापी हुन खोज्दा आफ्नो जमिन भएको दावी गर्दै वन कार्यालयले नापी हुन नदिएको दुखेसो गरे उनीहरूले ।
- लकडाउनको बेला बैंकको किस्ता तिर्न नसकेर थप ऋणमा परिएको छ ।

**केही प्रतिनिधिमुलक पात्रहरूसंग गरिएको कुराकानी यसप्रकार छ :**

**१. अक्ष्यलाल मण्डल :**

- उनी अनुषा चौधरीको घरमा २५ वर्षदेखि हरवा बसेका छन् ।
- उनले हलो जोत्ने देखि कृषिसंग सम्बन्धित सबै काम गर्नु पर्दथ्यो तर ट्र्याक्टर आएपछि उनको काम धरापमा पर्‍यो ।
- मालिकले पहिलाको भन्दा नराम्रो व्यवहार गर्न थालेको अवस्था छ ।
- उनको श्रीमतिलगायतले योग्यता अनुसारको काम गर्नुपर्दछ ।
- ज्याला केवल १० केजि धान पाउँछन् ।

**२. लक्ष्मी पासवान :**

- उनी यज्ञप्रसाद चौलागाईंको घरमा पुस्तौदेखि हरवाको रुपमा काम गर्दै आएका छन् ।
- उनीसँग नागरिकता छैन । नागरिकता नभएकाले उनले अन्य कुनै पनि सुविधा पाएका छैनन् ।
- अहिले मालिकसँग आवश्यक पर्दा ऋण माग्दा मालिकले आनाकानी गरेको उनी बताउँछन् ।
- उनी ३ धुर ऐलानी जमिनमा विगत २० वर्षदेखि बस्दै आएका छन् ।

**३. श्याम पासवान :**

- एक क्वीण्टल धानको लागि श्याम पासवान वर्ष भरि मालिकको मा काम गर्छन् ।
- मालिकको काम नसकी उनी कतै काम गर्न स्वतन्त्र हुँदेनन् ।
- समय मिलाएर उनले रिक्सा चलाउँछन् । उनले त्यो रिक्सा ऋण लिएर किनेका हुन् ।

**४. राम आशिस माझी**

- उनी चरवा हुन् । उनले गाउँभरिका १००० भन्दा बढी गाई चराउँछन् । उनले प्रति गाई १५ केजी धान पाउँछन् । आजकाल बस्तुभाउ चराउने ठाउँको अभावमा उनको चरवाको काम धरापमा परेको छ ।

५. **झौरीदेवी राम** :

- ऋण लिएको वापत वार्षिक ६० प्रतिशत व्याज तिर्नुपर्दछ ।
- ऋणको कागज पनि दोब्बर तेब्बर बनाउने चलन छ ।

### ६. पासवत चौधरी : वडा अध्यक्ष

- हामी आएपछि बाटो घाटो निर्माणमा लाग्यौं । खानेपानी यस बस्तीमा छैन । भूमि आयोगका लागि तथ्याङ्क संकलन गरिएको छ । तर त्यसमा हरवाचरवाको पहिचान गरिएको छैन । हामी तथ्याङ्क दुरुस्त गरिदिन सक्छौं ।

### ७. उर्मिला पासवान : वडा सदस्य दलित

- सीपमुलक तालिमका साथै यसको बजारीकरण पनि हुनुपर्दछ ।
- सस्तो मूल्यको पसल राख्नुपर्दछ ।
- तालिम अवधिमा उनका परिवारका सदस्यहरूलाई खानका लागि केही पैसा चाहिन्छ । त्यो दिइनु पर्छ । नत्र परिवार भोको पर्छन् ।

### ८. राजेन्द्र पासवान (शिक्षक) :

- मसिनो गरी स्थानीय तहले तथ्याङ्क अपडेट गरेर हरवाको पुनःस्थापनामा लानु पर्दछ ।

### ९. हितलाल महरा : शिक्षक

- पछिल्लो दिनमा हरवाचरवामा केही जागरण आएको छ ।
- सर्वप्रथम हामीलाई बँधुवापनबाट मुक्तगरिदिनु पर्दछ ।
- हामीलाई मालिक, बन र प्रहरी प्रशासनबाट जोगाइ दिनुपर्दछ ।
- हरवाचरवाका केटाकेटीलाई प्राविधिक तालिम समेत दिनुपर्दछ ।
- राज्यका सबै तहमा सहभागितालाई सुनिश्चित गरिनुपर्दछ ।

### समाधानको उपाय :

- ऋण माफी गराउने ।
- बसिरहेको जग्गा दर्ता गरिदिने ।
- सिलाईकटाई, डकर्मी सिकर्मी, बंगुरपालन, बाख्रापालन आदि तालिमसहितको रोजगारी दिने ।



*चन्द्रपुर नगरपालिका ८ वेतौनीका महिलाहरुसँग अध्ययन समितिको छलफल पछिको तस्वीर*



*चन्द्रपुर नपा ८ रौतहट बेतौनीमा सामुदायिक छलफलको दृश्य*

*बिशेष टिप्पणी :*

रौतहट जिल्लाका विन्दावनमा ५०० परिवार, माधव नारायणमा ३०० परिवार, दुर्गा भगवती गाउँपालिकामा ३०० परिवार, राजदेवी नपा ६०० परिवार, वागमति नपा ५०० परिवार हरवाको बस्ती रहेको हरवाचरवा अगुवाहरूले बताएका छन् ।

**मिति : २०७८ माघ २९ गते, दिउँसो**

### ३.२.१८ कोल्हवी नगरपालिका वडा नंबर ५ सुन्दरबस्ती बारामा सामुदायिक छलफल



*सुन्दर वस्ती वारामा सामुदायिक छलफलमा कुरा राख्दै महाविर माझी*

स्थानीय हरवा अगुवाका अनुसार यो बस्तीमा ७० भन्दा बढी परिवार छन् । सबै जना नहरको डिलमा छाप्रो बनाएर बसेका छन् । छाप्रोको हालत निकै दयनीय देखिन्छ । कसैको पनि २ धुरभन्दा बढी जमिन देखिदैन । पुस्तौंदेखि बस्दै आएको जमिनबाट

जमिन्दारले बेदखल गरेपछि उनीहरू यस बस्तीमा आएका हुन् भनेर उनीहरूले हामीलाई बताए ।

यस बस्तीमा आएको २ वर्ष मात्र भएको छ । बस्तीका बासिन्दा हरवाहरूका अनुसार यहाँ विजुली बत्तीको र खानेपानीको कुनै सुविधा छैन । सिंगो बस्तीमा एउटा ट्युबवेल छ । यस बस्तीमा हालै कोल्हवी नगरपालिकाले सडक भने बनाएको रहेछ ।

हामीले गरेको सामुदायिक छलफलमा महिला तथा पुरुष गरी ३० भन्दा बढी सहभागी थिए । सामुहिक छलफलमा नगरपालिकाका मेयर भरत खड्का र ६ नं वडाका वडाध्यक्ष तथा नगरपालिकाका प्रवक्ता पुरनदेब चौधरी पनि सहभागी थिए । उनीहरूसंग हामीले नहरको डिलैमा बस्तीको बीचैमा सामुहिक छलफल गरेका थियौं ।

**छलफलमा व्यक्त विचार यस प्रकार छः**

**तुलसी माझी :**

- गरीवीका कारण हामी हरवा बसेका हौं ।
- म अहिले ईट्टाभट्टामा पनि काम गर्छु ।
- तर त्यहाँको शर्तनामा र ज्यालाको प्रकृति हरवाचरवाको जस्तै छ ।
- मेरो नाममा २ लाख ऋण छ । त्यही कारणले हरवा बसेको हो ।

**लाली पासवान :**

- बस्तीमा बैंकहरूले निर्माण गरेको समूहबाट रु.१ लाख ऋण लिएका छौं । तर सो समूहले पनि २ लाखको कागज बनाएको छ ।
- लकडाउनले गर्दा किस्ता तिर्न नसकेपछि मैले स्थानीय जमिन्दारबाट ऋण लिएर बैंकको त ऋण तिरें तर आफू हरवा बस्न बाध्य भएँ ।




*कोल्हवी नगरपालिका वडा नंबर ५ सुन्दरबस्ती बारामा बिजोग हरवाचरवा बस्तीको एक झलक*

**रामायण माझी :**

- मेरो नाममा ऋण छैन । तर पनि म हरवा बसेको छु ।
- गाउँमा कुनै रोजगारी भेटिन । त्यसैले मैले हरवालाई आफ्नो रोजगारी ठानेको छु । के गर्ने, खानै पऱ्यो, बालबच्चा पाल्नै पऱ्यो ।
- मैले ज्याला रु. ५०० दैनिक पाएको छु । तर स्वतन्त्र रुपमा काम गर्न पाउँदिन । साहुकोमा छोडेर अन्त जान मिल्दैन । दण्ड दिन्छन् ।

**हरवा बस्तीका मुख्य र साझा मागहरू**

- कृषि पेशाबाटै गरिखान कम्तिमा १० कठ्ठा जमिन दिनुपऱ्यो ।
- आफ्नै जमिन र घरवासको ब्यवस्थागर्नु पऱ्यो ।
- बाखा पालन, कुखुरा पालन, भैसी पालन, तरकारी खेती, डकर्मी, सिकर्मी, पलम्बर, हाउस वाइरिंग, पेण्टिंग आदि रोजगारमुलक तालिमको ब्यवस्थाहुनुपऱ्यो । तालिमपछि थोरै पुँजी पनि दिनु पऱ्यो ।
- बस्तीमा विजुली तथा खानेपानीको ब्यवस्थाहुनुपऱ्यो ।
- केटाकेटीको शिक्षाको सुनिश्चितता हुनुपऱ्यो ।
- औषधि उपचारको ब्यवस्था हुनुपऱ्यो ।



*कोल्हवी सुन्दर वस्तीमा हरवाचरवाको अमानवोचित एउटा घर*

**भरत खड्का : नगरप्रमुख तथा पुरनदेव चौधरी (नगर प्रवक्ता तथा वडा नंबर ६ वडाअध्यक्ष)**



*कोल्हवी नगरपालिकाका नगरप्रमुख भरत खड्कासहित छलफल पछि अध्ययन समितिको सामुहिक तस्विर*

- एकजना राणाजीको नाममा रहेको जमिन आफ्नै नाममा दर्ता गरेपछि हरवाचरवाले जमिन छोड्न नपाएपछि राणाले रामजीवन चौधरीलाई सो जमिन बेचिदियो । स्थानीयले पंचायत बसेर ३ धुर प्रतिव्यक्तिलाई दिने र थप २ धुरको पैसा तिरेर दर्ता गर्न सक्ने भद्र सहमति गरेका गरेका रहेछन् । तर सो सहमति जनप्रतिनिधिलाई जानकारी गराइएन ।
- भूमिसम्बन्धी समस्या समाधान आयोगबाट सर्भे भएको छ । अस्थायी निस्सा दिने अन्तिम तयारी भएको छ । १४,००० को फारम भरिएको छ ।
- लालपूर्जा नभएकालाई बिजुली खानेपानी नदिने सरकारी नीतिलाई हामीले क्रस गरेर नगरपालिकाको सिफारिशका आधारमा दिने ब्यवस्थागरेका छौं । यहाँ पनि आउँछ ।
- गरिवको परिचय पत्र बनेको छ । विद्यालय नजिकै छ ।
- हाम्रो नपामा पहिलाका जस्तो हरवाचरवा छैनन तर कृषिमा काम गर्नेहरूको संख्या निकै ठूलो छ । यद्यपि उनीहरूको अवस्था हरवाचरवाको भन्दा अझ कमजोर छ ।
- यस नगरपालिकामा वडा नंबर १ मठवा, वडा नंबर ५ सुन्दर बस्ती, वडा नंबर ११ ठगदे र रामपुर गरी ४ स्थानमा भूमिहिन सुकुम्बासी बसोवास गर्छन् ।
- हामीले नगरपालिकाबाट न्यूनतम ज्याला ५१७ निर्धारण गरेका छौं । तर त्योभन्दा कममा काम गरेको सुनिन्छ । ज्याला काम भएको कुरा सत्य हो ।
- हामीले ११ र १२ मा पढ्ने दलित विद्यार्थीलाई निशुल्क साइकल दिएका छौं भने विएसम्म पढ्ने दलित छात्रालाई साइकल निशुल्क दिएका छौं ।
- मेडपाको कार्यक्रम चालु छ । उनीहरूले आवश्यकताको विश्लेषण गरी मागेका आधारमा नगरपालिकाले सीप विकास तालिम दिँदै आएको छ ।

- न पामा समृद्धि परियोजना पनि चालु छ जहाँ ७० प्रतिशत समूहको र ३० प्रतिशत परियोजनाको रकमबाट विभिन्न उद्यम गर्न सकिन्छ ।

**२०७८ माघ २९ गते, दिउँसो**

### ३.२.१९ करैयामाई गा.पा. ८ सिहरवा, बारामा संक्षिप्त सामूदायिक छलफल



**बस्तीका सदस्यहरूको साझा भनाइः**

- बस्तीमा जम्मा घरपरिवार संख्या ३५ छ ।
- श्रमिकको दैनिक ज्याला रु.२०० मात्र छ ।
- विरामी, विवाह, वैदेशिक रोजगारी आदिमा ऋण लिने चलन छ ।
- जमिन ऐलानी छ । नापी भएको छैन ।
- यहाँ वसोवास गर्न थालेको १५ वर्ष भयो ।
- यो बस्ती बसेपछि सडक आएकोले सडकसंग जोडिएका घरहरू भएपनि ऐलानी भएकाले कुन बेला कसले हटाउँछ भन्ने चिन्ताले सबैलाई सताइरहेको देखिन्छ ।

**बस्तीको साझा र मुख्य मागहरू :**

- घरवारको लालपूर्जा हुनुपर्छ ।
- रोजगारी केही नभएका भूमिहीन किसानलाई कम्तिमा १० कठ्ठा जमिन हुनुपर्छ ।
- रोजगारमुलक सीपमुलक तालिम हुनुपर्छ । रोजगारीको ग्यारेण्टी हुनुपर्छ ।
- तल देखि माथि सम्म निःशुल्क शिक्षा हुनुपर्छ ।
- निःशुल्क स्वास्थ्य हुनुपर्छ ।

**सामुदायिक छलफलमा उपस्थित भुवनेश्वर धामी : अध्यक्ष, करैयामाई गाउपालिकाको भनाइ**

- यो गाउँपालिका ६ वटा साविकका गाविस मिलेर बनेको हो । त्यसैले सबै गाविसको अवस्था मलाई थाहा छैन । यो बस्ती अर्कै गाविसमा थियो ।
- हामीले केही तालिम दिएका छौं तर यो बस्तीमा पुगेको छैन रहेछ ।
- उहाँहरूको जन्मसिद्ध नागरिकता रहेछ वंशज हुनका लागि कानूनलाई अध्ययन गर्नुपर्दछ ।
- ऐलानी जमिन दर्ता गर्ने प्रक्रिया भूमि आयोगमार्फत हुनुपर्दछ ।
- हरवाचरवाको समस्या पनि हल गर्न पहल गर्नेछु ।
- हाल नगरपालिकाबाट हरवाचरवा केन्द्रीत केही कार्यक्रमहरू छैनन् ।

### ३.२.२० बीरगंज महानगरपालिका वडा नं. २७, जसौली, पर्सामा सामुदायिक छलफल

**२०७८ फागुन १ गते, बिहान**





जसौलीमा ६० भन्दा वढी घरपरिवार बस्दै आएका छन् । यस बस्तीमा सबैजसो हरवा वा चरवा छन् । यो बस्ती बसेको २० वर्ष भयो । यसअघि सबैजना गाउँको निजी जमिनमा बस्थे । बस्तीका बासिन्दाका अनुसार एकातिर त्यो जमिन र घर साँगुरो भयो, अर्कातिर जमिन्दारले दवाव दिएपछि उनीहरू यहाँ आएका हुन् । उनीहरूको जीवनशैली दयालाग्दो छ । यहाँ ऋण वापत ४ प्रतिशत मासिक अर्थात ३६ प्रतिशत वार्षिक ब्याजदरको चलन छ । ऋण लियो भने चार दोब्बरसम्मको कागज बनाउने चलन रहेछ ।

**सामुदायिक छलफलमा प्रस्तुत केही प्रतिनिधिमूलक भनाइहरू :**

**मुनलाल माझी** :

- मेरो रु.४० हजार ऋण छ। कागज भने ६० हजारको बनाएको छ।
- म सन्तोष शाह तेलीकोमा हरवा बसेको छु ।
- मेरा बुवाआमा पनि हरवा थिए ।
- म हरवा बसेको २५ वर्ष भयो।

**रामचन्द्र माझी**

- म १६ वर्षदेखि असर्फी यादवकोमा हरवा बसेको छु।
- मेरो पुरै परिवार गच्छेअनुसार मालिककोमा काम गर्न जानुपर्दछ।
- मैले रु.६ लाख ऋण लिएकोमा १८ लाखको कागज बनाइएको छ ।
- यो ऋण मैले आफू बिरामी हुँदा उपचार गर्न लिएको हो ।



**झोटी माझी**

- म पनि हरवा हुँ ।
- मेरो नाममा ऋण नभएपनि खानका लागि, परिवार पाल्नका लागि हरवा काम गर्नु परेको छ ।
- म परम्परागत रुपमा बँधुवा मजदुरकै जीवन विताउँदै आउको छु ।
- मैले दैनिक रु. २०० वा ४ पसेरी धान पाउँछु ।
- मेरो आफ्नो जमिन छैन । त्यसैले ५ धुर ऐलानी जमिनमा परिवार सहित बस्छु ।

**शिवलाल माझी**

- म २० वर्षदेखि सुरेश माडवारीकोमा हरवा बस्दै आएको छु ।
- म फुर्सदमा इँट्टाभट्टामा पनि काम गर्छु ।
- मेरो सपरिवार मालिककोमा २४ घंटा काम गर्छ तर मासिक रु. २००० मात्र पाउँछु ।
- यतिले जीविका नै हुँदैन । त्यसैले ईट्टाभट्टामा पनि जान्छु ।

**अधिश मिया**

- म पाँच लाख ऋणसहित पप्पु मिश्रकोमा हरवा छु ।
- मैले दैनिक रु. ४०० पाउँछु ।
- मालिकले बेलाबेलामा धम्की दिइरहेका हुन्छन् । ज्यालाले खानै पुग्दैन ।

**भूखल माझी**

- म १६ वर्षदेखि गोरख शाह तेलीकोमा हरवा छु ।
- मैले मालिकको ऋण लिएको छैन ।

- म दैनिक रु. ५०० पाउँछु ।
- काम गर्न गएको दिनमा १ मुठी भूजा, थोरै नून र दालमोठ मात्र दिन्छ । विहान ६ देखि बेलुका ६ बजेसम्म काम गर्नुपर्दछ ।

**जयप्रकाश माझी : अध्यक्ष, हरवाचरवा अधिकार मंच ।**

यहाँका हरवाको मूल समस्या समाधानका लागि उपायहरू यी हुन् :

- हरवाको ऋण मिनाहा र मुक्तिको घोषणा हुनु पर्दछ ।
- उनीहरूलाई घरवास दिइनु पदर्छ ( कम्तिमा २ कठ्ठा जमिनमा )
- उनीहरू अहिले बसिरहेको ऐलानी जमिनको नापी गराएर लालपूर्जा दिइनु पर्दछ । (कम्तिमा ८ कठ्ठा जमिनको )
- उनीहरूलाई रोजगारी दिइनु पर्दछ । यसका लागि निम्न बिषयको तालिम दिए राम्रो हुनेछः
    - पसल खोल्ने, तरकारी खेती, पशुपालन, गाई, भैसी, बंगुपालन, कुखुरापालन
    - सिकर्मी, डकर्मी, सिलाई कटाई, मैनबत्ती, अगरवत्ती, अटो मेकानिकल
    - गाडी र रिक्साको लागि अनुदान
- निःशुल्क उपचार हुनु पर्दछ । शिक्षा र स्वास्थ्यको ग्यारेण्टी हुनु पर्दछ ।

**यस बस्तीको केही हरवाको बिवरण**

| क्र.सं | हरवाचरवाको नाम | मालिकको नाम | ऋण | कागज | हरवाचरवा बसेको अवधि |
|---|---|---|---|---|---|
| १ | मैबुन खातुन | नन्द कुश्वा | १.५ लाख | ३ लाख | २१ वर्ष |
| २ | आभा खातुन | रमानन्द कुश्मा | ३ लाख | ६ लाख | १५ वर्ष |
| ३ | कौशिलादेवी माझी | नन्दु कुश्मा | ०० | ०० | ११ वर्ष |
| ४ | झरुदेवी माझी | दुखी महतो | १.५ लाख | ३ लाख | १५ वर्ष |
| ५ | मन्जुदेवी माझी | भरत शाह तेली | ६ लाख | १२ लाख | १७ वर्ष |
| ६ | सवुन खातुन | रामानन्द महतो | १.५ लाख | ३ लाख | ११ वर्ष |
| ७ | सविला पासवान | रामानन्द महता | ०० | ०० | पुस्तौंदेखि |
| ८ | असियादेवी राम | रामवलक सिंह | ५ लाख | १५ लाख | पुस्तौंदेखि |
| ९ | गोदावरीदेवी राम | जगदीशसिंह राजपूत | २ लाख | ५ लाख | पुस्तौंदेखि |
| १० | गिर्जादेवी राम | देवनारायण शाह | १ लाख | ३ लाख | पुस्तौंदेखि |
| ११ | रजीदेवी महतो | दुखी महतो | १ लाख | ३ लाख | पुस्तौंदेखि |

*स्रोतः उनीहरुसँग गरेको कुराकानी ।*

## ३.३ अध्ययन भ्रमणको निष्कर्ष

अध्ययन भ्रमणबाट थाहा लागेको छ कि पूर्वी तथा मध्य तराइ अर्थात मधेस प्रदेशमा हरवाचरवा प्रथा अझै बाँकी छ। यो प्रताडनापूर्ण र शोषणयुक्त स्वरुपमा विद्यमान छ।

देशको राजनीतिक प्रणालीमा आएको परिवर्तन, पुँजीवादको विस्तार र सडक तथा शहर बजारको बिकाससँगसँगै हरवाचरवाको पुरानो स्वरुप परिवर्तित भएर उनीहरू ज्यालादारी श्रमिकमा रुपान्तरित हुँदै गएको भेटिएको छ । तथापि यो प्रथाको बिकराल र पुरानै स्वरुप ज्यादाजसो धनुषा, सिराहा र सप्तरीमा रहेको पाइएको छ । यति भएर पनि बढी वा कम मात्रामा यसको फैलावट मधेस प्रदेशका सबै जिल्लामा रहेको छ । हरवा प्रथाबाट मुक्तमधेश प्रदेशको एउटा जिल्ला पनि छैन ।

स्वरुप बदलिए पनि र संविधानले प्रतिवन्ध लगाए पनि हरवाचरवाहरू अझै गैरकानुनी रुपमा तमसुकमै तेब्बर बनाइने ऋणको थैली तथा औसत रुपमा लगाइने ६० प्रतिशतसम्म ब्याज, त्यस्तो ऋणको नाजायज शर्तको कारण पैदा हुने बँधुवा श्रमिकपनबाट मुक्तअझै हुन सकेको पाइएन । हरवाचरवाको रुपमा बँधुवा श्रमिक राख्ने प्रथा नेपालको लोकतन्त्रको र मानव सभ्यताको साम‍ु घोर लज्जाको बिषय भएर रहेको छ । कमैया र हलिया मुक्ति गर्दा त्यस्तै प्रकृतिको बधुवा श्रमिकको काम गर्ने हरवाचरवा मुक्तिको घोषणा नगर्नु ठूलो भूल भएको छ जसलाई अब सच्याइनु पर्दछ । अब राज्यले अविलम्व सबै ऋण खारेजी र पुनर्स्थापनाको मूर्त योजनासहित हरवाचरवा मुक्तिको घोषणा गर्नु पर्दछ ।

हरवाचरवा सम्वन्धी संघीय सरकारले गरेका अध्ययन अनुसन्धानहरू अहिलेसम्म छैनन् । तर स्थानीय पालिका आफै सामेल भएर गरेका अध्ययन र केही गैर सरकारी संस्थाहरूले गरेका गराएका अध्ययन अनुसन्धान उपलब्ध रहेका छन् । तिनका अनुसार हरेक पाँचमा दुई हरवाचरवाको आफ्नो उत्पादन भन्ने नै केही छैन । उनीहरू आफ्नो आयस्रोतको निम्ति पूर्णतया हरवा नामक बँधुवा श्रममाथि निर्भर रहेका छन् । हरवाचरवामध्ये २७ प्रतिशतको निजी उत्पादन केवल ३ महिना मात्र धान्ने रहेको छ ; अर्को २६ प्रतिशतको उत्पादनले ६ महिना जीवन निर्वाह हुन्छ । बर्षदिन खान पुग्ने हरवाचरवा त फगत १ प्रतिशत मात्र रहेका छन् । हरवाचरवामध्ये हरेक चारमा तीन तराइका दलित हुन् । हरेक दसमा एक तराइका जनजाति रहेका छन् ।

अध्ययनका अनुसार झण्डै दुई तिहाइ हरवाचरवाको ऋण लिनुको मुख्य कारण औषधि उपचार हो । हरेक चारमा एक हरवाचरवाले खानेकुरा नै नभएर त्यो जुटाउन बाध्यतावश ऋण लिन्छन् । विदेश जानका लागि ऋण लिने हरवाचरवा पनि हरेक पाँचमा एक रहेको छ । हरवाचरवामा गरिबी यति ब्याप्त छ कि मूलतः हलीको काम गर्ने हरवामध्ये ९० प्रतिशतसित आफ्नै स्वामित्वको हलो पनि छैन । ७१ प्रतिशतसित आफ्नो निजी साइकल समेत छैन । ८८ प्रतिशत हरवाचरवाको घर कच्ची टहरो मात्र रहेको छ । पक्की घर हुने हरवाचरवा त ३ प्रतिशत मात्र रहेको छ । हरेक पाँचमा दुई हरवाचरवाको टहरामा आफ्नो निजी ट्युबवेल समेत रहेको छैन ।

हरवाचरवाको जमिनको स्वामित्वबारे पनि अध्ययन अनुसन्धान भएका छन् । त्यसमुताबिक २९ प्रतिशत हरवाचरवाको मात्र आफ्नो घर भएको जमिनमा आफ्नो स्वामित्व रहेको छ । हरेक एक चौथाइ हरवाचरवाहरू ऐलानी जमिनमा घर बनाएर बसेका छन् । २७ प्रतिशत हरवाचरवाको घर चाहिँ गाउँ ब्लकमा रहेको छ । यसरी, हरवा जो जो बसेका हुन् ती ज्यादाजसो भूमिहीन हुन् । चौतर्फी गरिबी र भूमिहीनताले नै उनीहरूलाई बँधुवा श्रमिकको स्थितिमा धकेलेको हो ।

अध्ययन अनुसार अहिले ४४ प्रतिशत हरवाचरवाहरू जमिन्दारको लगुवाइ भूमिमा छन् जुन जमिनमा उनीहरू तबसम्म जोत्न पाउँछन् जबसम्म उनीहरू जमिन्दारको हरवा

छन् । संविधानले बाँधा श्रमलाई पूर्णतया निषेध गरे पनि नेपालमा अहिले पनि ७२ प्रतिशत हरवाचरवाको बाँधा श्रमिकपन यो रहेको छ कि उनीहरूले बढी ज्याला र अवसर पाए पनि अर्को जमिन्दारको काम गर्न पाइँदैन । हरेक पाँचमा तीन हरवाचरवाको काम थाल्नुअघि कामको शर्त बारे जमिन्दारसित लिखित वा मौखिक कुनै पनि खालको सहमति वा सम्झौता भएको छैन ।

हरवाचरवाको श्रम प्रकृतिमा रुपान्तरण आएको समेत देखिएको छ । अहिले ३५ प्रतिशत हरवाहरू अँधियामा त्यही जमिन्दारको जमिन जोत्छन् जसको उनीहरू हरवाचरवा रहेका थिए । २ प्रतिशतले त मोहीको सम्झौता अन्तर्गत पनि जमित जोतेको भेटिएको छ । त्यस्तै, १८ प्रतिशतले गुठीको जमिन समेत जोतेको पाइएको छ ।

हाम्रो अध्ययनले देखाएको छ कि हरवाचरवाहरूले ऋण लिनुको मुख्य कारण बर्षभरि खानपुग्दो खानेकुरा नभएर र बिरामी भएको बेलामा ओखतीमुलो गर्ने पैसा नभएर हो । अन्य तीन कारणले पनि ऋण लिने चलन मधेस प्रदेशमा ब्यापक रहेछ । एक, छोराछोरीको बिबाह र मर्दा पर्दाको सामाजिक रीतिथिति निभाउन । दुई , बिदेशमा आफ्ना छोराछोरी काम गर्नका लागि पठाउन । र तीन घर वा टहरो बनाउनको लागि । आश्चर्यको बिषय, हामीले बालबालिकाको शिक्षाको लागि ऋण लिने हरवाचरवा भने तराइमा कोही भेटेनौ । यो हामीले भ्रमण गरेको पालिका सीमित भएर पनि हुन सम्भव छ ।

लोकतान्त्रिक गणतन्त्र आएको १३ बर्ष भइसके पनि, गाउँमा पार्टी नपुगेको वडा नै नभए पनि र प्रदेश र स्थानीय तहमा बलवान सरकार बनेको चार बर्ष नाघिसके पनि त्यसको सकारात्मक असर गाउँमा हुने ज्यादै खतरनाक प्रकृतिको सुदखोरीमा परेको हामीले पाएनौ । मधेश प्रदेशका आठै जिल्लामा कम्तीमा ३६ प्रतिशतदेखि बढीमा १२० प्रतिशतसम्म ब्याज लिएर हरवालाई ऋण दिने चलन ब्यापक रहेछ । ६० प्रतिशत ब्याजदर त औसत रुपमै रहेको पाइएको छ । अझ जुन साँवाँ छ त्यसलाई सामान्यतया तीन दोब्बर बनाएर कागज बनाइँदो रहेछ । यही प्रचलनका कारण एउटा हरवाचरवा परिवार एकचोटि कुनै गृहत्को ऋण लिएपछि हमेशा त्यही गृहत्को ऋणी भएर बस्न र उसले भनेका सबै शर्त मानेर बँधुवा श्रमिक हुन बिवश हुन जाँदो रहेछ ।

यो सबै कुराको जानकारी प्रदेश सरकारलाई पनि रहेछ, स्थानीय तहलाई पनि । परन्तु ऋणको पासोमा परेको निरीह हरवचरवााले उजुरी नै हालेको छैन भन्ने कारण देखाएर उनीहरू यो कानुन बिपरीतको अमानवीय उत्पीडनको निष्क्रीय साक्षी बनेर बसिरहेको पाइएको छ । हामीले भ्रमण गरेको कुनै पनि पालिकामा कसैले पनि यसका बिरुद्ध प्रभावकारी कानुनी कदम चालेको भेटेनौ ।

यसप्रकार जीविकायोग्य रोजगारीबिहीनता, भूमि तथा बास बिहीनता र चौतर्फी चरम गरिबी नै त्यस्ता मूल कारण हुन् जसले ब्यक्तिलाई हरवाचरवा बन्न जान विवश गर्दछ । ऋणका नाजायज र गैरकानुनी शर्त नै त्यो साधन हो जसले हरवालाई बाँधा श्रमिक बन्न बाध्य पार्दछ । यस परिप्रेक्ष्यमा हरवाचरवामा विद्यमान वैकल्पिक रोजगारीविहीनता, चरम चौतर्फी गरिबी तथा अशिक्षा समाप्त पार्ने नीति र कार्यक्रम पनि साथसाथै नल्याईकन रित्तो मुक्तिको मात्र घोषणा गरेर ब्यक्ति पुनः हरवा हुन जाने प्रक्रिया रोकिने देखिँदैन । त्यस्तै, गाउँ बस्तीमा रहेको गैरकानुनी सुदखोरीको अभ्यास जरोमै समाप्त नपारीकन ऋणको धराप थाप्ने र बँधुवा श्रमिक बनाउने क्रम रोकिने देखिँदैन ।

मानवोचित घरबासकै अभाव, जोतिखाने जमिन र जीविकायोग्य रोजगारीको अभाव, शिक्षामा पहुँच तथा आधारभूत स्वास्थ्यमा पहुँचको अभाव र नीति बनाउने र निर्णय गर्ने स्थानमा पहुँचको अभाव हरवाचरवाको सबैभन्दा मुख्य पाँच अभावका रुपमा रहेको पाइएको छ । यिनै अभावका कारण हरवाचरवा चौतर्फी रुपमा गरिब, बाँधा र उत्पीडित भएको हो ।

यि अभाव बस्तुगत रुपमा समाप्ति गर्ने मूर्त उपाय, नीति र कार्यक्रमका साथ हरवाचरवा मुक्तिको घोषणा गरिएमा नै हरवाचरवाको वास्तविक मुक्ति अन्ततः साकार हुने अध्ययनबाट देखिएको छ । परन्तु यसको तात्पर्य यो होइन कि ऋणको खारेजीसहित हरवाचरवा मुक्तिको अविलम्व घोषणा गर्नु हुँदैन ।

हामीले भ्रमण गरेको आठै जिल्लामा कानुनले तोके अनुसारको ज्याला हरवाचरवाले पाइरहेको भेटिएन । धेरैजसो स्थानमा दिनको ५ किलो धान हरवाले पाइरहेको ज्यालाका रुपमा देखिएको छ । सीपयुक्त श्रमिकले पनि सरकारले तोके अनुसारको ज्याला पाइरहेको देखिएन । निकै थोरै अपवादपूर्ण स्थानमा मात्र रु ५०० ज्याला दिइएको भेटियो । महिला र पुरुषको ज्यालामा अझै ठूलो बिभेद भेटियो । पुरुषले रु ४०० ज्याला पाउँदा महिलाको रु ३०० वा २५० मात्र ज्याला रहेको पाइयो ।

कैयन् हरवाचरवासित नागरिकताको प्रमाणपत्र नरहेको उनीहरूले हामीलाई बताएका छन् । यो प्रमाणपत्रको अभावमा न त उनीहरू राज्यले दिने कुनै सुविधा लिन समर्थ भएका छन्, न जमिन आफ्नो नाममा पास गर्न ।

हरवाचरवा पहिलेदेखि ऐलानी जमिनमा बसिरहेका तर भर्खरै सडक पुगेका कतिपय स्थानमा जग्गाको मूल्य ह्वात्तै बढेकाले स्थानीय जनप्रतिनिधिले जग्गा दलालसित मिलेर हरवाचरवालाई बसिरहेको जमिनबाट बिस्थापित गर्ने र त्यो जमिन हडप्ने प्रक्रिया पनि सुरु भएको पाइयो । यसले हरवाचरवाको जीवनलाई अरु जोखिमपूर्ण बनाएको देखिन्छ ।

हरवाचरवाको यकीन तथ्याङ्क प्रदेश र स्थानीय सरकारसित रहेको पाइएन । धनुषा जिल्लाका केही पालिकाले भने यस्तो तथ्याङ्क राख्न योजनाबद्ध प्रयास थालेको पाइयो जस्तो कि शहीदनगर नगरपालिका, गणेशमान चारनाथ नपा र धनौजी गापा ।

कतिपय स्थानीय तहले हरवाचरवा सम्वन्धी कार्यक्रम आफ्नो बजेट तथा नीतिमा समाहित गरेको भेटिएको छ । कतिपयले हरवाचरवाका लागि सीप तालिम पनि सञ्चालन गरेको पाइएको छ । तर ती जम्मै दलित शीर्षकमा गरिएका सहायता हुन् । हरवालाई नै सहायता गर्ने भनेर कुनै स्थानीय तहले कुनै विकास कार्यक्रम ल्याएको भेटिएन ।

मधेश प्रदेश सरकारको भूमिब्यवस्थामन्त्रालयमा हरवाचरवा समस्या समाधान गर्ने तत्परता रहेको पाइएको छ । परन्तु संघ सरकारको भूमि ब्यवस्था मन्त्रालयले यस मामिलामा समन्वयात्मक ढंगले प्रदेश सरकारको सम्वन्धित मन्त्रालयसित काम नगरिरहेकोले अगाडि बढ्न अप्ठेरो परेको भन्ने उसको बुझाइ र गुनासो रहेको छ ।

राष्ट्रिय जनगणनाको समयमा हरवाचरवाको बर्गीकृत तथ्याङ्क संकलन गरिएको भए निकै सहजतापूर्वक यो कार्य हुनसक्ने तर त्यो अमूल्य मौका खेर गएको भन्ने प्रदेश सरकारको बुझाइ रहेको देखिन्छ । अब चाँडै हुने कृषि जनगणनाको समयमा यो मौका कदापि नगुमाइयोस् भन्ने प्रदेश सरकारको भूमि ब्यवस्था मन्त्रालयको आग्रह रहेको छ ।

## ३.४ सिफारीशह□

हरवाचरवाको मुक्तिका लागि नेपाल सरकारले चरम गरिबीले थिचिएका र बँधुवा मजदुरको रुपमा रहेका सम्पूर्ण हरवाचरवालाई स्वतन्त्र, गरिबीमुक्त, सीपयुक्त मजदुरमा रुपान्तरित गर्ने कार्यलाई मुख्य उद्देश्य बनाउनु उचित हुनेछ ।

१. सर्वप्रथम, नेपाल सरकारले हरवाचरवालाई लागेको सम्पूर्ण ऋण खारेजीसहित हरवाचरवा मुक्तिको घोषणा अविलम्व गर्ने
२. हरवाचरवाको मुक्तिको लागि निम्न पाँच बिषयलाई एउटै एकीकृत प्याकेजको रुपमा लागू गर्ने ।

क) ऋण खारेजी र बहुआयामिक गरिबीबाट मुक्तगर्ने मूर्त नीति र कार्यक्रमसहित हरवाचरवा मुक्तिको घोषणा गर्ने

ख) हरवाचरवाको स्वामित्व कायम हुने गरी बस्नयोग्य घर, खेतीको लागि जमिन र रोजगारीका बजारमा तत्काल बिकाउ हुने खालको सीप तालिम, बीउ पुँजी र औजार प्रदान गर्ने

ग) माध्यमिकदेखि उच्च तथा प्राविधिक/ब्यावसायिक शिक्षासम्म हरवाचरवाको पहुँच सम्भव बनाउने ।

घ) आधारभूत स्वास्थ्यमा हरवाचरवाको सुनिश्चित पहुँच बनाउने

ङ) हरवाचरवाको राजनीतिक र सामाजिक समावेशीतालाई सुनिश्चित बनाउने

३. स्थानीय तहलाई परिचालित गरेर हरवाचरवाको यकीन तथ्याङ्क र लगत लिने ब्यवस्था तुरुन्तै गर्ने । लगत लिएकालाई अविलम्व परिचयपत्र र ब्यवस्थापन प्याकेज दिने ब्यवस्था साथसाथै गर्ने ।

४. बासबिहीन हरेक हरवाचरवा परिवारको लागि बस्नयोग्य घरको ब्यवस्था गर्ने ।

५. यसका लागि पर्ती वा ऐलानी जमिन वा गाउँब्लकमा रहेका हरवाचरवालाई प्रति परिवार शहरमा कम्तीमा एक कट्ठा र ग्रामीण क्षेत्रमा २ कट्ठा पुग्ने जमिन प्रदान गर्ने । त्यसको अबिलम्व नापी गराई दम्पत्तिका नाममा स्वामित्व पुर्जा हस्तान्तरण गर्ने ।

६. हरवाचरवाको जीविका र आयआर्जनका लागि निम्न ब्यवस्था गर्ने :

- रोजगारीका लागि कृषिमै लाग्न चाहने भूमिहीन हरवाचरवालाई आधुनिक खेतीको तालिम, बीउ पुँजी र औजारसहित कम्तीमा पाँच कट्ठा जमिन प्रदान गर्ने ।
- यस्तो जमिन पर्याप्त मात्रामा नरहेका क्षेत्रमा यति र योभन्दा ज्यादा जमिन लीजमा प्रदान गर्ने नीति अंगिकार गर्ने ।
- यसका लागि हदबन्दी भन्दा बढी जमिन कानून अनुसार लिएर, पालिकाको जमानीमा अनुपस्थित जमिन्दार वा जमिन बाँझो राखेकाहरूबाट लिएर त्यो करार खेतीको लागि कम्तीमा १० बर्षको लागि हरवाचरवालाई दिने । यसो गरेमा बाँझो जमिनमा पनि उत्पादन हुन थाल्नेछ, र जमिन त्यसको हातमा पुग्ने छ जो यसमा मरिमेट्न तैयार छन् ।
- रोजगारीका लागि कृषि बाहेक अन्य पेशा गर्न चाहने हरवाचरवाको लागि सरकारले बजारमा सहजतापूर्वक रोजगारी र राम्रो ज्याला मिल्ने किसिमको सीपको तालिम दिने । वा, उनीहरूले पहिलेदेखि नै जानीरहेको परम्परागत सीपमा आधारित भएर थप आधुनिक ब्यावसायिक तालिम दिने ।
- सीप तालिमका साथसाथै दिइएको तालिम खेर नजाओस् भन्नाका लागि अनिवार्य रुपमा परिवारबृत्ति, तालिमपछि बीउ पुँजी र औजार समेत प्रदान गर्ने । दिइएको बीउ पुँजी चालु पुँजीका लागि अपर्याप्त भएमा न्युन ब्याजदरमा परियोजना नै धितो हुने गरी पाँच लाख रुपैयाँसम्म ऋण प्रदान गर्ने ।
- रोजगारीका लागि तालिम दिन र तालिमपछि रोजगार प्राप्तिलाई सहजीकरण गरिदिन प्रदेश र पालिका तहमा रोजगार प्रवर्द्धन केन्द्र र सम्पर्क केन्द्र स्थापना गर्ने ।

- सहकारी वा समुह निर्माण गरेर स्वरोजगारीमार्फत आय आर्जन गर्न चाहने हरवाचरवालाई यो भन्दा ज्यादा सुविधा, सहुलियत र छूट प्रदान गर्ने तथा घुम्ती कोष निर्माण समेत गरिदिने नीति र कार्यक्रम बनाउने ।

७. हरवाचरवाको शिक्षामा बिशेष प्राथमिकता दिने ।

- हरवाचरवाका सन्तानको लागि १२ कक्षासम्म अनिवार्य र निशुल्क शिक्षाको प्रवन्ध गर्ने ।
- साथै, उनीहरूका लागि हरेक उच्च शिक्षा र ब्यावसायिक/प्राविधिक शिक्षाको लागि सुनिश्चित ढंगले कोटा छुट्ट्याउने र त्यो कोटागत शिक्षा निशुल्क समेत गर्ने ।

८. अधिकांश हरवाचरवाको हरवा बस्नुको मुख्य कारण ऋण भएको र ऋणमा पनि खाद्यान्न जुटाउनु र स्वास्थ्य उपचारका लागि लिने ऋण मूल कारण भएको देखिएकाले हरवाचरवाको लागि खाद्यान्न र स्वास्थ्य बीमालाई उच्च प्राथमिकता दिने ।

९. हरेक हरवाचरवा बस्तीमा खानेपानी, सडक, टेलिफोन, आधारभूत विद्यालय र स्वास्थ्य चौकी र निजी र सार्वजनिक शौचालय जस्ता आधारभूत पूर्वाधारको ब्यवस्था गर्ने ।

१०. बिगत ७ बर्षदेखि सोही पालिकामा निरन्तर बसोवास गरिरहेका सबै हरवाचरवालाई डोर नै बस्तीमा पठाएर नागरिकताको प्रमाणपत्र र राष्ट्रिय परिचय पत्र प्रदान गर्ने । उनका सन्तानलाई जन्मदर्ताको प्रमाणपत्र समेत प्रदान गर्ने । ७ बर्ष नपुगेका हरवाचरवालाई नागरिकताउन्मुख परिचयपत्रको ब्यवस्था गर्ने ।

११. कृषि श्रमिकको न्युनतम ज्यालाको ब्यवस्था हरवाचरवालाई लागू हुने ब्यवस्था कडाइपूर्वक लागू गर्ने । त्यस्तो ज्याला नदिने ब्यक्तिलाई दण्डको समेत कानुनी ब्यवस्था गर्ने । पालिकालाई पनि यस कार्यमा जवाफदेही बनाउन दण्डको कानुनी ब्यवस्था गर्ने ।

१२. हरवाचरवालाई कानुनले तोकेभन्दा ज्यादा ऋणको ब्याज लिने, बास्तविक साँवाभन्दा धेरै गुणा थैली बढाइ तमसुक गराउने साहु महाजन र गृहतलाई भारी दण्ड गराउने कानुनी ब्यवस्था गर्ने । यसका लागि नेपाल सरकारले सबैलाई बाध्यकारी हुने गरी नियम वा कानुन निर्माण गर्ने ।

१३. संघ/प्रदेश र स्थानीय सरकारले संचालन गर्ने विकास आयोजनाहरूमा हरवाचरवाका उमेर पुगेका सन्तानलाई रोजगारीका लागि पहिलो प्राथमिकता प्रदान गर्ने ।

१४. हरवाचरवाका परिवारबाट एस.इ.इ वा १२ कक्षा पास गरेका उमेर पुगेका सन्तानलाई प्रदेश सरकारी वा सरकारअन्तर्गतका कार्यालयमा तथा त्यस अन्तर्गत काम गर्ने गैरसरकारी संघ संस्थामा खुल्ने कुनै पनि रोजगारीमा पहिलो प्राथमिकता दिई नियुक्त गर्नु पर्ने नीति तर्जुमा गर्ने ।

१५. राज्यका तिनै निकाय, राजनीतिक दलका सबै संयन्त्र, उनीहरूले दिने हरेक तहको जनप्रतिनिधिमूलक संस्थाको उम्मेदवारीमा या समानुपातिक सूचीमा कम्तीमा १ जना हरवाचरवाको सुनिश्चित प्रतिनिधित्व हुने नीति र कानुनको ब्यवस्था गर्ने । स्थानीय तहमा वडामा दलितको लागि छुट्ट्याइएको दलित महिला वडा सदस्यको आरक्षित गरिएको स्थानमा यदि हरवाचरवा बस्ती छ भने त्यो दलित महिला वडा सदस्य हरवाचरवा हुने ब्यवस्था गर्ने । स्थानीय बन ब्यवस्थापन समिति, विद्यालय ब्यवस्थापन समिति, विकास निर्माणको उपभोक्ता समितिमा हरवाचरवा भएको बस्ती भएको क्षेत्रमा अनिवार्य हरवाचरवा राख्नै पर्ने नीति र कानुन तर्जुमा गर्ने ।

१६. अगुवा व्यक्तिको लहडमा भन्दा निरन्तर चल्ने संस्था, नीति र कानुन निर्माण गरेर हरवाचरवाको व्यवस्थापनको कार्य अगाडि बढाइनु पर्छ ताकि कमैया र हलियामा भएको भूल र लथालिँगेपन हरवाचरवामा नहोस् । कुनै सरकार फेरिँदैमा हरवाचरवाको व्यवस्थापन कार्य बेवारीश नहोस्

## ३.५ तहगत जिम्मेवारी बिभाजन र कार्ययोजना

### ३.५.१ संघीय सरकारले गर्ने




१. *ऋण खारेजी र मुक्तिको घोषणा* : सर्वप्रथम, हरवाचरवालाई अहिलेसम्म लागेको सम्पूर्ण अनुचित ऋण र कागज तमसुकहरूको खारेजीसहित हरवाचरवा मुक्तिको घोषणा गर्ने ।

२. *हरवाचरवा व्यवस्थापन आयोगको गठन* : हरवाचरवा मुक्तिको बिस्तृत व्यवस्थापन, देशब्यापी समन्वय र सहजीकरण र अनुगमनका लागि मन्त्रीपरिषदबाट गठन आदेश जारी गरेर एउटा ७ वा ९ सदस्यीय सदस्यीय अधिकारसम्पन्न 'हरवाचरवा व्यवस्थापन आयोग' गठन गर्ने । यस्तो आयोग मुक्तहलिया, कमैया तथा हरवाचरवाको लागि संयुक्त पनि हुनसक्छ । आयोगमा सो बिषयमा अध्ययन/अनुसन्धान तथा फिल्ड कार्य गरेका बिषय विज्ञहरू, नेपाल सरकारका सो बिषयमा वा कमैया/हलिया पुनर्स्थापनका बिषयमा राम्रो पूर्वअनुभव भएका कर्मचारीहरू वा भूपू कर्मचारीहरू, सरोकारवाला हरवाचरवा समुदायमा प्रतिनिधिहरू राख्ने व्यवस्था गर्ने ।

३. बाँधा श्रमको प्रकृति एउटै जस्तो भएकाले यस्तो आयोग पनि कमैया कम्लहरी, हरवाचरवा, र हलियाको एउटै वा संयुक्त समेत हुनसक्ने । सो कार्यदलले फिल्डमै गएर निश्चित समयभित्र हरवाचरवा व्यवस्थापन कार्यको तीनै तहको सरकार र सम्वन्धित संस्थाहरूसित समन्वय, सहजीकरण र अनुगमन गर्ने ।

४. *यकीन तथ्याङ्क, परिचयपत्र* : स्थानीय तह, त्यसको पनि वडा तहलाई परिचालन गरी हरवाचरवाको यकीन तथ्याङ्क र लगत अविलम्व लिने व्यवस्था गर्ने । लगत लिएकालाई पालिकाको बोर्डले तुरुन्त परिचयपत्र प्रदान गर्नका लागि स्थानीय तहलाई अख्तियारी, जिम्मेवारी सुम्पने तथा बजेट बिनियोजित गर्ने।

५. *परिचय पत्रको बर्गीकरण* : परिचय पत्रको बर्गीकरण तीन किसिमको मात्र गर्ने :

| स्टिकर | मुक्तकमैयाको बर्गिकरण | बिशेषता |
|---|---|---|
|  | क बर्ग | आफ्नो स्वामित्वको खेतीयोग्य जमिन/आफ्नो उत्पादन र बस्नयोग्य घर- कुनै पनि नभएको वा जमिन ३ महिनाभन्दा कम मात्र खान पुग्ने भएको, घर पनि केवल अस्थायी र अमानवीय टहरोको रुपमा गृहत्को स्वामित्वको जमिनमा मात्र भएको |
|  | ख बर्ग | आफ्नो जमिन भएको तर त्यसले बढीमा ६ महीनासम्म पनि खानपुग्दो भएको ; आफ्नो टहरो भएको तर त्यो पनि ऐलानी, सार्वजनिक, गाउँब्लक वा जंगल छेउको जमिनमा भएको । अथवा यी दुईमध्ये कुनै एक मात्र भएको । |
|  | ग बर्ग | आफ्नो स्वामित्वमा जमिन भएको तर त्यसले बढीमा ९ महीनासम्म खानपुग्दो भएको; आफ्नो स्वामित्वको जमिनमा अर्द्धपक्की वा कच्ची घर वा टहरो भएको तर त्यो मानवोचित नभएको । |

६. खेतीयोग्य *जमीन र बासको सुनिश्चितता* :

हरवाचरवाको बँधुवापनको एउटा मुख्य कारण भूमिहीनता र बासबिहीनता भएकोले सो समस्या सधैंको लागि समाधान गर्न निम्न कार्य गर्ने :

- हरेक भूमिहीन हरवाचरवा परिवारको लागि जमिनको प्रबन्ध गर्ने नीतिगत निर्णय र जमिन नभएको खण्डमा किन्नका लागि आवश्यक अनुदान दिन बजेट तर्जुमा सरकारले गर्ने ।

- भूमिहीन हरवाचरवाको लागि ग्रामीण क्षेत्रमा भए कम्तीमा ५ कट्ठा र शहरी तथा बजार क्षेत्रमा भए २.५ कट्ठा जमिन प्रदान गर्ने नीति अवलम्वन गर्ने । जमिन नपाएमा सरकार स्वयम्ले खेतीयोग्य जमिन खरिद गरी दिने नीति अपनाउने ।

- बासबिहीन हरवाचरवाको लागि प्रदेश र स्थानीय तहसमेतसित समन्वय गरी स्थान हेरी ग्रामीण क्षेत्रमा भए दुई कट्ठा र शहरी क्षेत्रमा भए कम्तीमा १ कट्ठा जमिन र त्यसको स्वामित्व पुर्जा हरवाचरवा दम्पत्तिलाई प्रदान गर्ने नीतिगत निर्णय गर्ने । यसको कार्यान्वयन गर्न प्रदेश र स्थानीय सरकारलाई अधिकार र बजेट प्रत्यायोजन गर्ने ।

- पर्ती, ऐलानी वा गाउँ ब्लकमा पहिले नै अस्थायी घरबास भएका हरवाचरवालाई जो जहाँ छन् त्यहीँ खेतीयोग्य भूमिका लागि कम्तीमा ५ कट्ठा र घर निर्माणको प्रयोजनका लागि १ कट्ठा भन्दा कम जमिन नहुने गरी, नपुग जमिन भए थपी आधिकारिक रुपमा नापी समेत गरी त्यसको स्वामित्व पुर्जा सम्वन्धित हरवाचरवा दम्पतिलाई प्रदान गर्ने नीतिगत निर्णय गर्ने । यसको ब्यवहारिक कार्यान्वयनको लागि अधिकार प्रत्यायोजन प्रदेश सरकारलाई गर्ने ।

- प्रदान गरिएको जमिन १० बर्षसम्म बिक्री गर्न नपाउने परन्तु उद्यम ब्यवसाय गर्नका लागि बैंकमा राखी ऋण निकाल्ने पाउने र दम्पतिको मृत्युपछि उनीहरूको आफ्ना सन्ततिमा हस्तान्तरण समेत हुने नीतिगत निर्णय गर्ने ।

- हरवाचरवाको मानवोचित घर निर्माणका लागि संघीय सरकारले आगामी आर्थिक बर्षभित्रै ६ लाख रुपैयाँ प्रदान गर्ने बजेट तर्जुमा गर्ने । प्रदेश सरकारले यसमा रु ३ लाख थपेर दिने समेत नीति निर्माण गर्ने । सोभन्दा ढिला हुन गएमा निर्माण मूल्य बढ्ने परिप्रेक्ष्यमा हरेक बर्ष नगद रकम २० प्रतिशतले बृद्धि हुने व्यवस्था गर्ने । यसको व्यवहारिक कार्यान्वयन, अनुगमन र सहजीकरणका लागि स्थानीय तहलाई जिम्मेवारी दिने ।

- सरकारले जमिन प्रदान गर्दा रोजगारी र हरवाचरवाको सामाजिक जीवन तथा संस्कृतिलाई मुख्य रुपमा ध्यानमा राख्दै हरवाचरवाको समुदाय छ्याल्लब्याल्ल नहुने गरी सुरक्षित र मानवोचित स्थानमा मात्र बस्तीयोग्य जमिन प्रदान गर्ने नीति तर्जुमा गर्ने ।

- घरनिर्माणको लागि सिकर्मी/डकर्मीको खोजी तथा श्रमदान हरवाचरवा स्वयम्ले गर्नूपर्ने । पर्मा प्रथा वा सहकारी विधिबाट घर निर्माणलाई प्रोत्साहित गर्ने ।

- घर निर्माणमा पूर्व अनुभव भएका संस्थाहरूसित तथा सहयोग गर्न इच्छुक संस्थाहरूसित नेपाल सरकारले समन्वय र आवश्यक भएमा साझेदारी समेत गरिदिने ।

- एकीकृत बस्ती सरकार स्वयम्ले निर्माण गरिदिनु सर्वोत्तम हुने । तर यसो गर्दा परिवारको साइज अनुसारको घर, कमसेकम चार कोठे घर, रोजगारीको सुनिश्चितता र निकटता, विद्यालय, खानेपानी, स्वास्थ्य उपचार केन्द्र तथा हरवाचरवाको सामाजिक सांस्कृतिक जीवनमा ध्यान पुऱ्याएर अनुभवी मानिसहरूबाट मात्र एकीकृत बस्ती निर्माण गर्ने नीतिगत व्यवस्था गर्ने ।

७. *रोजगारीको सुनिश्चितता :*

- जीविकायोग्य राम्रो रोजगारी नै हरवाचरवा मुक्तिको पहिलो र मुख्य आधारस्तम्भ हुने अध्ययनबाट देखिएकाले,

- नेपालको संविधानको धारा ३३ अनुसार रोजगारी हासिल गर्नु र त्यो प्रदान गर्नु ब्यक्तिको अधिकार र राज्यको दायित्व भएकाले,

- हरवाचरवामध्ये अधिकांश भूमिहीन दलित भएको र भूमिहिन दलितलाई एक पटकको लागि राज्यले जमिन दिने भन्ने नेपालको संविधानको धारा ४० (५) को मौलिक हकको ब्यवस्था समेत रहेकाले,

- हरवाचरवाको रोजगारीको सुनिश्चितताको लागि लागि निम्न नीति तथा कार्यक्रम तर्जुमा गर्ने :
  - कृषिमै जीवनयापन गरेर आय आर्जन गर्न चाहने हरवाचरवाको जीविका र आय आर्जनको लागि निम्न नीति तथा कार्यक्रम तर्जुमा गर्ने :
  - सार्वजनिक वा ऐलानी जमिनमध्येबाट कम्तीमा ५ कट्ठा जमिन दिने नीतिगत निर्णय नेपाल सरकारले गर्ने ।
  - कुनै सार्वजनिक, ऐलानी वा पर्ती जमिनमा हरवाचरवाहरू कम्तीमा नेपालको संविधान लागू भए यता बसेर कृषि उत्पादनको कार्य गरिरहेका छन् भने त्यो जमिन कम्तीमा ५ कट्ठाभन्दा कम नहुने गरी, आधारभूत पूर्वाधारसहित व्यवस्थित र योजनावद्ध बसोबासको डिजाइन समेत तैयार

गरी उनीहरूको स्वामित्वमा कायम गरिदिने र यसको स्वामित्व पुर्जा हरवाचरवा दम्पत्तिलाई दिने नीतिगत निर्णय गर्ने ।

- यसरी प्रदान गरिएको जमिन १० बर्षसम्म बिक्री गर्न नपाउने परन्तु बैंकमा राखी ऋण निकाल्ने पाउने र दम्पतिको मृत्युपछि उनीहरूको आफ्ना सन्ततिमा हस्तान्तरण समेत हुने नीतिगत निर्णय गर्ने ।
- त्यस्तो सार्वजनिक, ऐलानी वा पर्ती जमिन कथम् कदाचित कुनै क्षेत्रमा नभएमा त्यो क्षेत्रमा रहेका अनुपस्थित भूस्वामीबाट वा कुनै पनि कारणले जमिन लगातार दुई बर्षसम्म बाँझो राखेका मानिसबाट/वा हदवन्दी भन्दा बढी जमिन राख्नेबाट सरकारले लिई त्यस्तो जमिन कम्तीमा १० बर्ष वा सो भन्दा बढी समयको लागि करार खेतीका लागि हरवाचरवा परिवारलाई दिने नीतिगत निर्णय गर्ने ।
- यस्तो गर्दा बाँझो जमिन पनि उत्पादनशील बन्न जाने, कतै जमिन खालि पनि नरहने र जमिन उत्पादनशील ब्यक्तिको हातमा पर्न जाने ।
- हरवाचरवा विद्यमान क्षेत्रमा भूमि आयोगले पनि एकै समयमा काम गरिरहेको स्थिति भएको खण्डमा भूमि आयोगमार्फत हरवाचरवालाई दोहोरो नपर्ने गरी कृषियोग्य जमिन दिलाउन संघीय तहमा बनेको आयोगले समन्वय गर्ने । परन्तु यसका लागि दुईवटा स्थिति अनिवार्य रुपमा हुनुपर्ने : एक, भूमि आयोग सम्वन्धी गठनादेश तथा कार्यविधिमा भूमिहीन दलित शब्दपछि  हरवाचरवा/मुक्तहलिया र कमैया शब्द पनि राख्ने गरी सुस्पष्ट भाषामा कार्यादेश संशोधन गरेको हुनु पर्ने । दुई, भूमि आयोगले दुई महीनाभित्र भूमि वितरण गर्ने कार्य योजना लागू गर्ने स्थिति हुनु पर्ने ।
- कृषिमै जीवनयापन गर्न इच्छुक हरवाचरवालाई सरकारले आधुनिक कृषि उत्पादनको तालिम प्रदान गर्ने, रु एक लाखको बीउ पुँजी, त्यसले नपुग्ने भएमा रु पाँच लाख बरोबरको ५ प्रतिशत सहुलियत ब्याजदरको कृषि ऋण र निशुल्क औजार प्रदान गर्ने ।
- कृषि बाहेक अरु क्षेत्रको सीप भएका वा नभएका हरवाचरवालाई जीविकायोग्य आय आर्जनको स्रोत सुनिश्चित गर्नका लागि आधुनिक सीप र शिक्षा प्रदान गर्नका लागि निम्न कार्य गर्न प्रदेश सरकारलाई निर्देशित गर्ने ।
- यो कार्य आफ्नै स्रोतबाट समेत गर्न प्रदेश र स्थानीय सरकारलाई निर्देशित गर्ने ।
- हरवाचरवाको परम्परागत सीपलाई आधुनिकीकरण गर्ने शिक्षा र सीप तालिमको ब्यवस्था गर्नका लागि तथा नयाँ, बजारमा बिकाउ हुने र राम्रो पारिश्रमिक आउने. खालका जीविकायोग्य सीप तालिम गर्न तथा शिक्षा प्रदान गर्न प्रदेश सरकार र स्थानीय सरकारलाई आर्थिक स्रोतको ब्यवस्था गर्ने । ३ महीनाभन्दा लामा मध्यकालीन र दीर्घकालीन सीपको तालिमको जिम्मेवारी  प्रदेश सरकारलाई दिने र ३ महीना वा सोभन्दा छोटो अल्पकालीन सीपको जिम्मेवारी स्थानीय तहलाई दिने ।
- सिटिइभिटीलाई यस दिशामा दीर्घकालीन जीविकाउपयोगी सीप तालिमको कार्य गर्न निर्देशित गर्ने ।
- हरवाचरवालाई दिइएको सीप तालिम पुँजी र औजारको अभावमा ब्यर्थमा खेर नजाओस् भन्नाका लागि सीप तालिमपछि कम्तीमा रु १ लाखको बीउ

पुँजी अनुदानका रुपमा प्रदान गर्ने । सोभन्दा बढी पुँजी आवश्यक हुने पेशाका लागि बार्षिक ५ प्रतिशत सहुलियत ब्याजदरमा रु ५ लाखसम्मको बिना धितोको ऋण र जरुरी औजार निशुल्क प्रदान गर्ने नीतिगत ब्यवस्था गर्ने ।

- प्रदेश सरकारले सीप तालिम लामो अवधिको अर्थात ६ देखि ९ महीनाको प्रदान गर्न नीतिगत ब्यवस्था गर्ने । तालिमपछि अंग्रेजी र नेपाली दुबै भाषामा प्रमाणपत्र दिन तालिम प्रदानकर्ता संस्थालाई निर्देशित गर्ने । सीप तालिमको अनुगमन ब्यवस्थापन आयोग र स्थानीय सरकारले गर्ने ।
- कमैया पुनर्स्थापनाको राम्रा अभ्यासबाट शिक्षा लिँदै हरवाचरवाको रोजगारीको लागि हरेक पालिका र मधेश प्रदेशमा रोजगार प्रवर्द्धन र रोजगार सम्पर्क केन्द्र स्थापना गर्ने नीति लिने । यसो गर्न प्रदेश र स्थानीय तहलाई निर्देशित गर्ने ।
- राज्य समाजवाद उन्मुख भएको र सहकारी राज्यको मूल नीति भएको हुँदा हरवाचरवा परिवार मिली समुह वा सहकारी बनाएर दिइएको सीप तालिम वा जानेको सीपलाई प्रयोगमा ल्याउने र आय आर्जन गर्न खोज्ने हरवाचरवा परिवारलाई ज्यादा प्रोत्साहित गर्ने नीति अख्तियार गर्ने ।
- सहकारी र समुह बनाएर खेती वा ब्यवसाय गर्न चाहने हरवाचरवाका लागि प्रति हरवाचरवा परिवार साबिक भन्दा ५० प्रतिशत ज्यादा बीउ पुँजी अनुदान, कम ब्याजदरमा ज्यादा ऋण प्रदान गर्ने एबम् आवश्यक औजार समेत प्रदान गर्ने नीतिगत प्रबन्ध गर्ने ।
- कमैया पुनर्स्थापनाको असल अभ्यासबाट सिक्दै सरकारले यस्ता हरवाचरवा सहकारी समुहको लागि प्रत्येक पालिकामा रु १ करोडको घुम्ती कोषको स्थापना गरिदिने । साथै, समुह बचत परिचालन गर्ने कार्यक्रम समेत ल्याउने ।
- विकास आयोजनाहरूमा रोजगारी : संघ/प्रदेश र स्थानीय सरकारले संचालन गर्ने विकास आयोजनाहरूमा हरवाचरवाका उमेर पुगेका सन्तानलाई रोजगारीका लागि पहिलो प्राथमिकता प्रदान गर्ने ।
- सरकारी र गैरसरकारी संस्थामा रोजगारीको लागि पहिलो प्राथमिकता : हरवाचरवाका परिवारबाट एस.इ.इ वा १२ कक्षा पास गरेका उमेर पुगेका सन्तानलाई प्रदेश सरकारी वा सरकारअन्तर्गत काम गर्ने गैरसरकारी संघ संस्थामा खुल्ने कुनै पनि रोजगारीमा पहिलो प्राथमिकता दिई नियुक्त गर्नु पर्ने नीति तर्जुमा गर्ने ।

८. *शिक्षाको सुनिश्चितता* : रोजगारीपछि शिक्षा नै हरवाचरवा मुक्तिको एउटा मुख्य मेरुदण्ड हुने अध्ययनबाट देखिएकाले, हरवाचरवामध्ये तीन चौथाइभन्दा ज्यादा दलित भएकोले, नेपालको संविधानको धारा ४० (२) अनुसार हरवाचरवाका सन्तानलाई स्नातकोत्तर तहसम्मको सम्पूर्ण शिक्षा निःशुल्क दिने ब्यवस्था हरेक तहको राज्यले गर्ने । यसका लागि निम्न कार्य गर्ने :

- हरवाचरवाका सन्तानको बालविकास, आधारभूत/माध्यमिक शिक्षा तथा उच्च/प्राविधिक/ब्याबसायिक शिक्षासम्म निशुल्क अनिवार्य पहुँचको नीतिगत ब्यवस्था गर्ने । यसका लागि
- मन्त्रालयले शिक्षा मन्त्रालयसित आवश्यक समन्वय गर्ने

- हरेक हरवाचरवाका सन्तान बालविकास केन्द्र वा किण्डर गार्डेनमा जानसक्ने होस् भन्नाका लागि हरवाचरवा बस्तीमा त्यस्तो बालविकास केन्द्र वा किण्डर गार्डेनको प्रवन्ध गर्न शिक्षा मन्त्रालय र स्थानीय सरकारसित व्यवस्थापन आयोगले समन्वय गर्ने ।
- हरवाचरवा बस्ती नजिकै आधारभूत विद्यालय नभएका स्थानमा त्यस्तो विद्यालय स्थापना गर्न शिक्षा मन्त्रालय र स्थानीय तहसित समन्यय गर्ने । बस्ती सानो छ भने द्रुत यातायातको साधन, बहुबिषय पढाउने सक्षम घुम्ती शिक्षक वा ब्रिज विद्यालयको ब्यवस्था गर्न शिक्षा मन्त्रालय वा स्थानीय तहसित आयोगले समन्वय गर्ने ।
- हरवाचरवा बस्ती नजिकै माध्यमिक विद्यालय नभएको स्थानमा त्यस्तो विद्यालयको यातायातको साधन, ब्रिज विद्यालय तथा वा छात्रावासमा राखी हरवाचरवाको सन्तानलाई कक्षा १२ सम्मको निशुल्क शिक्षा प्रदान गर्ने कुराको अनिवार्य ब्यवस्था गर्ने । यसका लागि ब्यवस्थापन आयोगले समन्वय गर्ने ।
- हरवाचरवाका सन्तानको बीचैमा पढाइ छोड्ने दर निकै उच्च भएकाले सो समस्या हल गर्नका लागि अनिवार्य दिवा खाजा, विद्यालय पोशाक र पाठ्य तथा शैक्षिक सामग्रीको ब्यवस्था गर्न स्थानीय तहलाई निर्देशित गर्ने । साथै आमाबाबुको अत्यधिक गरिबीलाई समेत सम्वोधन गर्ने नीति र योजना तर्जुमा गर्ने ।
- उच्च शिक्षा र प्राविधिक/ब्यावसायिक शिक्षामा हरवाचरवाका सन्तानको निशुल्क पहुँचका लागि र यी बिषयको बैदेशिक छात्रवृत्तिमा समेत पहुँचको लागि कुल सीटको २ प्रतिशत उनीहरूका लागि छुट्टयाउने नीतिगत ब्यवस्था गर्ने । यसका लागि मन्त्रालयले शिक्षा मन्त्रालयसित समन्वय गर्ने ।
- बैदेशिक श्रममा जान इच्छुक हरवाचरवाका ३० बर्षमुनिका सन्तानलाई निशुल्क लक्षित मुलुकमा जाने ब्यवस्था गर्न श्रम मन्त्रालयसित मन्त्रालयले समन्वय गर्ने ।

९. *आधारभूत स्वास्थ्य उपचार सुविधामा पहुँचको सुनिश्चितता :*

अधिकांश हरवाचरवाको बँधुवा मजदुर हुनुको एउटा मुख्य कारण ऋण भएको र ऋण लिनुका कारणमध्ये पनि सबैभन्दा ठूलो कारण स्वास्थ्य उपचार भएको अध्ययनबाट देखिएकाले ,

नेपालको संविधानको धारा ३५ को उपधारा १, ३ र ४ बमोजिम हरेक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा राज्यको खर्चमा निशुल्क प्रदान गर्नु राज्यको दायित्व भएको हुनाले तथा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवा र स्वच्छ खानेपानीमा समान पहुँचको हक भएको हुनाले,

हरवाचरवाको सुनिश्चित स्वास्थ्य उपचारको लागि प्रबन्ध गर्न प्रदेश र स्थानीय तहमार्फत निम्न कार्य गर्ने निम्न नीति र योजना तर्जुमा गर्ने :

- परिवारको साइजअनुसार हरेक हरवा हरेक चरवा परिवारले आफूलाई लाग्ने सबै साना-ठूला रोगको उपचार स्वास्थ्य बीमाबाट गर्नसक्ने गरी उनीहरूको बृहत् स्वास्थ्य बीमाको ब्यवस्था गर्ने । यसको लागि ६० प्रतिशत बजेटरी खर्च संघले र प्रदेश र स्थानीय तहले २०-२० प्रतिशत खर्च ब्यहोर्ने नीति अवलम्वन गर्ने । यसको कार्यान्वयन स्थानीय तहले गर्ने । यसको अनुगमन हरवाचरवा ब्यवस्थापन आयोग र प्रदेश सरकारले गर्ने ।

- १५० परिवार वा सोभन्दा ज्यादा बसोबास रहेको प्रत्येक हरवाचरवा बस्तीमा आधारभूत स्वास्थ्य उपचार सुविधा र जरुरी खोपको व्यवस्थासहित प्राथमिक स्वास्थ्य चौकीको ब्यवस्था गर्ने । त्यो भन्दा सानो बस्ती भएमा घुम्ती डाक्टर एवम् नियमित घुम्ती क्लिनीकको  ब्यवस्था गर्ने ।
- वरपर तीनभन्दा धेरै हरवाचरवाको ठूलो बस्ती वरपर रहेको स्थानमा बीचैमा पर्ने गरी १५ बेडको मिनी अस्पताल प्रदेश सरकारले निर्माण गर्न सघाउने । यसको संचालन र कार्यान्वयन स्थानीय सरकारले गर्ने नीतिगत ब्यवस्था गर्ने । प्रदेश सरकार र आयोगले यसको लागि समन्वय र सहजीकरण गर्ने ।
- हरवाचरवा बस्तीमा कम्तीमा एकजना महिलालाई ज्वर नाप्ने, ब्लडप्रेसर नाप्ने, रगतमा अक्सीजनको स्थिति नाप्ने, समुदायमा स्वास्थ्य चेतना फैलाउने, आपतकालीन स्थितिमा सुँडिनीको काम समेत गर्ने जस्ता समुदायलाई आवश्यक बिषयका तालिम सहित स्वास्थ्य स्वयम्सेविका ब्यवस्था गर्ने ।
- हरवाचरवाको परिचयपत्र देखाएमा कुनै पनि निजी अस्पतालमा हरवाचरवा परिवारका बिरामीलाई ५० प्रतिशत छूट र सरकारी अस्पतालमा शत प्रतिशत छूट हुने ब्यवस्था गर्ने ।

१०. *आधारभूत भौतिक पूर्वाधारको ब्यवस्था* : अधिकांश हरवाचरवा बस्तीमा खानेपानी, सडक र बिजुली, टेलिफोन जस्ता न्युततम भौतिक पूर्वाधारको समेत पहुँच नपुगेको अध्ययन भ्रमणका दौरानमा देखिएकाले निम्न भौतिक पूर्वाधारको ब्यवस्था हरेक हरवाचरवा बस्तीमा गरिदिन प्रदेश र स्थानीय सरकारलाई निर्देशित गर्ने । यसका लागि ५० प्रतिशत आर्थिक स्रोत संघ सरकारले हाल्ने र बाँकी स्रोतसाधन आफूले हाल्न प्रदेश र स्थानीय सरकारलाई निर्देशित गर्ने

- शुद्ध खानेपानी
- बिजुली
- सडक
- सिँचाइ
- टेलिफोन/मोबाइल नेटवर्क
- इन्टरनेट
- स्वास्थ्य चौकी
- निजी तथा सार्वजनिक शौचालय

११. *नागरिकता प्रमाणपत्र र राष्ट्रिय परिचयपत्र* : हरवाचरवामध्ये धेरैसित नागरिकताको कुनै प्रमाणपत्र नहुनुका कारण उनीहरू राज्यले प्रदान गर्ने सुविधाबाट बञ्चित भएको अध्ययनबाट देखिएकाले त्यसका लागि निम्न कार्य गर्ने :

- बिगत ७ बर्षदेखि सोही पालिकामा वा नेपालको कुनै स्थानमा निरन्तर बसोवास गरिरहेका सबै हरवाचरवालाई कानुनबमोजिम अविलम्व नागरिकताको प्रमाणपत्र/राष्ट्रिय परिचय पत्र/मतदाता परिचय पत्र प्रदान गर्ने नीति तर्जुमा गर्ने
- हरवाचरवाका सन्तानलाई जन्मदर्ताको प्रमाणपत्र प्रदान गर्नका लागि गृह मन्त्रालयय/जिल्ला प्रशासन कार्यालय र पालिकाहरू तथा निर्वाचन आयोगसित समन्वय गर्ने ।

- ७ बर्ष नपुगेका हरवाचरवालाई पनि नागरिकताउन्मुख परिचयपत्रको व्यवस्था गर्ने ।
- ज्यादै निम्न साक्षरता र राजनीतिक चेतना स्तरको स्थिति हरवाचरवामा विद्यमान भएको परिप्रेक्ष्यमा अहिलेको स्थितिमा हरवाचरवा स्वयम् जिल्लामा गएर नागरिकताको प्रमाण पत्र र राष्ट्रिय परिचय पत्र लिने स्थिति नरहेकाले नागरिकता प्रमाण पत्र प्रदान गर्ने डोर नै हरवाचरवा बस्तीमा खटाउन मन्त्रालयले गृह मन्त्रालयसित समन्वय गर्ने ।

१२. *न्युनतम ज्यालाको ग्यारेण्टी* : कृषि श्रमिकको रुपमा गृहत्(साहु)कहाँ काम गर्ने हरवाचरवाले कानुन बमोजिम कृषि श्रमिकको न्युनतम ज्याला तथा महिला पुरुषलाई समान ज्याला समेत नपाइरहेको अध्ययनबाट देखिएकाले यस सम्वन्धमा निम्न अनुसार गर्ने :

- कानुन अनुसारको न्युनतम ज्यालाको व्यवस्था हरवाचरवालाई लागू हुने व्यवस्था कडाइपूर्वक लागू गर्न प्रदेश, जिल्ला प्रशासन कार्यालय र स्थानीय सरकारलाई निर्देशित गर्ने ।
- न्युनतम ज्याला नदिने व्यक्तिलाई कडा दण्डको व्यवस्था गर्ने ।
- समान कामको लागि समान ज्याला एवम् महिला र पुरुषलाई समान ज्याला लागू गर्ने ।
- कुनै क्षेत्रमा त्यस्तो ज्याला नदिइएको उजुरी तीन पटकभन्दा ज्यादा आएमा पालिका प्रमुखलाई समेत जवाफदेही बनाउन दण्डको व्यवस्था गर्ने ।

१३. *बढी ब्याज लिने र सावाँ बढाउनेलाई कडा दण्ड* : हरवाचरवालाई कानुनले तोकेभन्दा धेरै ज्यादा ऋणको ब्याज लिने, त्यसमाथि थप बास्तविक साँवाभन्दा धेरै गुणा थैली बढाइ तमसुक गराउने गरिएकाले त्यस सम्वन्धमा निम्न अनुसार गर्ने :

- कानुनले तोकेभन्दा धेरै ज्यादा ब्याज लिने तथा सावाँको रकम समेत बढाएर लिने साहु साहु वा गृहतलाई कडा दण्डको ब्यवस्था गर्ने ।
- तीन पटकभन्दा ज्यादा जानकारी दिँदा पनि कुनै पालिकामा त्यस्तो प्रचलन विद्यमान हेको पाइएमा यसका लागि पालिकालाई पनि जवाफदेही बनाउन त्यस्तो पालिकाको प्रमुखलाई पनि दण्डित गर्ने व्यवस्था गर्ने ।
- यसका लागि नेपाल सरकारले सबैलाई बाध्यकारी हुने गरी नियम वा कानुन निर्माण गर्नका लागि हाल भइरहेको नियम कानुनमा हरवाचरवाको सन्दर्भ समेत राखी संशोधन गर्ने ।

१४. *राजनीतिक र सामाजिक नेतृत्वमा समावेशीता* :

- नीति निर्णय गर्ने हरेक स्थानमा हरवाचरवालाई पुऱ्याउनको लागि हरवाचरवा अस्तित्वमा रहेको क्षेत्रमा, सबै तहको राजनीतिक दलको संयन्त्र, राज्यका तिनै निकाय र तथा चुनावको उम्मेदवारीमा कम्तीमा १ स्थान हरवाचरवाको प्रतिनिधिको लागि अनिवार्य रुपमा सुरक्षित गर्न आवश्यक आरक्षण कानुनको ब्यवस्था गर्ने ।
- जुन पालिका वा वडामा हरवाचरवा छन् र ती दलित पनि छन् त्यहाँ दलित महिला वडा सदस्यको प्रतिनिधित्व गराउँदा हरवाचरवा नै अनिवार्य रुपमा राख्नु पर्ने नीति र कानुन तर्जुमा गर्ने ।

- पालिकाभित्रको विद्यालय व्यवस्थापन समिति, बन व्यवस्थापन समिति, विकास निर्माण सम्बन्धी उपभोक्ता समिति लगायत कुनै पनि सामाजिक महत्व राख्ने समिति निर्माण गर्दा हरवाचरवा भएका वडामा उनीहरूको उपस्थितिको गहनता हेरी हरवाचरवा अनिवार्य रुपमा सदस्य वा नेतृत्वमा राख्नु पर्ने नीति र कानुन निर्माण गर्ने ।
- साथै, जुन पालिकामा हरवाचरवा उल्लेख्य संख्यामा ( कुल जनसंख्याको १० प्रतिशत वा सोभन्दा ज्यादा) छन् त्यहाँ रोटेशनका आधारमा हरेक तीन पटकमा एक पटक हरवाचरवाको नेतृत्व हुनुपर्ने कानुन तर्जुमा गर्ने ।

१५. *सामाजिक र सांस्कृतिक जागरण अभियान* : हरवाचरवाको समुदायमा औकातले धान्नै नसक्ने निकै खर्चिलो रीतिथिति/ कुलत/मद्यपान समेत निकै ब्यापक पैमानामा रहेको अध्ययनबाट देखिएकाले यसका लागि निम्न कार्य गर्ने :

- स्थानीय तहलाई वडा समितिमार्फत सांस्कृतिक जागरणको अभियान सञ्चालन गर्न निर्देशित गर्ने ।
- यसनिम्ति सामाजिक संघ संस्था र स्थानीय विद्यालयलाई समेत परिचालित गर्न प्रदेश र स्थानीय सरकारलाई निर्देशित गर्ने ।
- अर्कोतिर, कानुन र दण्डमार्फत समेत यसको नियन्त्रण गर्न यसका बिरुद्ध कडा दण्डको ब्यवस्था भएको आवश्यक कानुन समेत निर्माण गर्ने ।

१६. *हरवाचरवाको बर्गिकृत तथ्याङ्क संकलन* : राष्ट्रिय जनगणनाको समयमा हरवाचरवाको बर्गीकृत तथ्याङ्क संकलन गर्ने अमूल्य मौका खेर गएकोले अब चाँडै हुने कृषि गणनाको समयमा हरवाचरवाको बिस्तृत र यकीन तथ्याङ्क केन्द्रिय तथ्याङ्क बिभागले लिने कार्य सुनिश्चित रुपमा गर्ने ।

यसका लागि मन्त्रालयले समयमै राष्ट्रिय योजना आयोग र केन्द्रिय तथ्याङ्क बिभागलाई ध्यानाकर्षण गराउने तथा अनुरोध पत्र लेख्ने ।

## ३.५.२ प्रदेश सरकारले गर्ने

१. *आयोगको गठन* : हरवाचरवाको समस्या निश्चित समयभित्र समाधान गर्नका लागि यसको सम्पूर्ण कार्यको अनुगमन, संयोजन र पहल गर्ने अधिकारसहित प्रदेश तहमा पनि छिटोछरितो र अधिकारसम्पन्न केन्द्रीय आयोगको शाखाको स्थापना गर्ने ।

२. यसमा बिषय विज्ञ, प्रदेश सरकारको यस सम्वन्धी अनुभवी प्रतिनिधि र सरोकारवाला हरवाचरवा समुदायको प्रतिनिधि रहने प्रवन्ध गर्ने ।

३. *घरबासको ब्यवस्था* : नेपालको संविधान २०७२ अनुसार भूमि वितरणका एकलौटी अधिकार संघीय सरकारमा रहेकाले, साथसाथै, भूमि ब्यवस्थापनको सबै अधिकार प्रदेशको अधिकार सूचीमा रहेकोले,

४. भूमिबारे बिस्तृतमा जानकारी राख्ने स्थानीय तह भएकाले,

- जमिन प्रदान गर्ने : संघीय सरकारले जिम्मेवारी र अधिकार प्रत्यायोजन गरेबमोजिम बासबिहीन हरवाचरवा परिवारको लागि स्थानीय तहसमेतसित समन्वय गरी ग्रामीण क्षेत्रमा २ देखि शहरी क्षेत्रमा १ कट्ठा जमिन र त्यसको स्वामित्व पुर्जा प्रदान गर्ने जिम्मेवारी प्रदेश सरकारले निर्वाह गर्ने ।
- जो जहाँ रहेका छन् त्यहींको भूमि दिने ब्यवस्था : जंगल छेउ, पर्ती, सार्वजनिक, ऐलानी वा गाउँ ब्लकमा पहिले नै अस्थायी घरबास भएका हरवाचरवालाई जो जहाँ छन् त्यहीं कम्तीमा १ कट्ठा भन्दा कम जमिन नहुने गरी, नपुग जमिन भए

थपी आधिकारिक रुपमा नापी समेत गरी न्युनतम भौतिक पूर्वाधारसहित योजनावद्ध र ब्यवस्थित बसोबासको डिजाइन गरी त्यसको स्वामित्व पुर्जा सम्वन्धित हरवाचरवा दम्पतिलाई प्रदान गर्ने नीतिलाई कार्यान्वयनमा लैजाने ।

- आधारभूत पूर्वाधारको ब्यवस्था : हरवाचरवा कुनै पनि बस्तीमा वा नयाँ बस्ती बिकास गर्दा सडक, बिजुली, खानेपानी, ढलनिकास, टेलिफोन र इन्टरनेटको समेत ब्यवस्था भने प्रदेश र स्थानीय सरकारको स्रोत साधन र योजनामा गरी ब्यवस्थित बसोवासको प्रबन्ध गर्ने । हरेक हरवाचरवा बस्तीमा विद्यमान परिवारको साइज अनुसार आधारभूत तहको विद्यालय र आधारभूत स्वास्थ्य उपचार केन्द्रको समेत ब्यवस्था गर्ने ।
- घर निर्माण गर्नका लागि थप अनुदान : संघ सरकारले हरवाचरवाको मानवोचित घर निर्माणका लागि प्रदान गरेको ६ लाख रुपैयाँमा प्रदेश सरकारले रु ३ लाख रुपैयाँ थप गरेर सम्वन्धित हरवाचरवालाई प्रदान गर्नका लागि स्थानीय तहलाई हस्तान्तरण गर्ने ।
- अनुगमनकर्ता, सहजकर्ता र ग्यारेण्टीकर्ताको रुपमा कार्य गर्ने : घर निर्माणको वा सामुहिक बस्ती निर्माणको गुणस्तर र समयावधिको अनुगमन गर्ने र यो कार्य समयमै सुनिश्चित गर्न अनुगमनकर्ता, सहजकर्ता र ग्यारेण्टीकर्ताको भुमिका मूलतः प्रदेश सरकार र साथसाथै ब्यवस्थापन आयोगको हुने ।

५. *रोजगारीको ब्यवस्था कृषि पेशा गर्न चाहनेको लागि कृषियोग्य भूमिको ब्यवस्था :*

- भूमिको ब्यवस्था : खेतीबाट जीवन निर्वाह गर्न चाहने हरेक भूमिहीन हरवाचरवा परिवारको लागि संघ सरकारले अधिकार प्रत्यायोजन गरेअनुसार सार्वजनिक, ऐलानी वा पर्ती जमिनबाट कम्तीमा ५ कट्ठा जमिनको सुनिश्चित प्रबन्ध गर्ने । यसको नापी गरी, नापीको लागि जनशक्ति पर्याप्त नभए संघसित माग गरी, स्वामित्व पुर्जा परिचय पत्र प्राप्त हरवाचरवालाई हस्तान्तरण गर्ने ।
- सार्वजनिक, ऐलानी वा पर्ती जमिन कथम् कदाचित हरवाचरवाको बसोबास रहेको कुनै क्षेत्रमा नभएमा त्यो क्षेत्रमा रहेका अनुपस्थित भूस्वामीबाट/कुनै पनि कारणले जमिन लगातार दुई बर्षसम्म बाँझो राखेका मानिसबाट/हदबन्दीभन्दा बढी जमिन राख्ने मानिसबाट जमिन लिई त्यस्तो जमिन निश्चित समयको लागि लीजमा हरवाचरवा परिवारलाई दिने कार्य गर्ने नीतिगत निर्णय गर्ने। यसको कार्यान्वयनको जिम्मेवारी स्थानीय तहलाई दिने ।

<u>कृषि बाहेक अन्य पेशा गर्न चाहनेको लागि</u>

- सीप तालिमको ब्यवस्था : ३ महिना भन्दा लामो मध्यकालीन र दीर्घकालीन सीप तालिम मूलतः प्रदेश सरकारको जिम्मेवारी र अधिकार क्षेत्रमा हुने । यसमा संघ र स्थानीय सरकार सहायक भूमिकामा मात्र हुने । जीविकाको लागि कृषि बाहेक अन्य पेशा गर्न चाहने उमेर पुगेका हरेक हरवाचरवाको लागि संघ सरकारले प्रदान गरेको आर्थिक स्रोतका अलावा मूलतः आफ्नै स्रोतबाट सीप तालिम, बीउ पुँजी र औजार प्रदान गर्ने । प्रदेश स्तरमा सि.टि.इ.भि.टीको शाखा खोली यसलाई परिचालन गर्ने ।
- हाम्रो भ्रमणको दौरानमा भ्रमण गरेका मधेश प्रदेशका आठै जिल्लामा हरवाचरवाहरूले निम्न सीप तालिमहरू राम्रो ज्याला र बजार उपलब्धताका हिसाबले उपयोगी हुने बताएकाले यी बिषयका सीप तालिम गर्नमा प्राथमिकता

दिने । अन्य उपयोगी सीप तालिमको लागि समुदायसित कुराकानी गरेर थप सीप तालिमको प्रबन्ध गर्ने :

पुरुषहरूको लागि

- सिकर्मी /डकर्मी / राजमिस्त्री
- अटो मेकानिक्स/गाडी एबम् मोटरसाइकल मर्मत
- ठूला/साना गाडी चलाउने/अटो चलाउने
- इलेक्ट्रीक वाइरिङ्ग
- प्लम्वर
- मोबाइल मर्मत
- हाउस पेण्टिङ्ग

महिलाहरूको लागि

- सिलाइ कटाइ
- किराना र फेन्सी सामानको पसल चलाउने
- अगरबत्ती बनाउने
- मैनबत्ती बनाउने
- मुढा बनाउने
- चुरा/धागो बनाउने

❖ *परम्परागत सीपको आधुनिकीकरण* : हरवाचरवा आफैसित रहेको परम्परागत सीपलाई आधुनिकीकरण गर्न चाहने उमेर पुगेका हरेक हरवाचरवालाई त्यससम्वन्धी शिक्षा र सीप तालिमको ब्यवस्था गर्नमा प्राथमिकता दिने नीति तर्जुमा गर्ने । यसका लागि नयाँ, तथा बजारमा बिकाउ हुने र राम्रो पारिश्रमिक आउने खालका जीविकायोग्य सीप तालिम तथा शिक्षा प्रदान गर्ने ।

  ○ यस्ता तालिमप्राप्त हरवाचरवालाई पनि कम्तीमा रु १ लाखको अनुदान बीउ पुँजी र औजारसमेत प्रदान गर्ने ।

❖ *परिवारबृत्ति* : सीप तालिम हासिल गरेका ब्यक्तिलाई सीप तालिम हासिल गरिरहेका समयमा परिवार भोको नहोस् भन्नाका लागि परिवारवृत्तिको ब्यवस्था गर्ने ।

❖ *अनुदान र ऋणको ब्यवस्था* : हरवाचरवालाई दिइएको सीप तालिम पुँजी र औजारको अभावमा ब्यर्थमा खेर नजाओस् भन्नाका लागि सीप तालिमपछि बीउ पुँजीका रुपमा दिइएको रकम भन्दा ज्यादा चालु पुँजी आवश्यक परेमा बार्षिक ५ प्रतिशत ब्याजदरमा रु ५लाखसम्मको परियोजना नै धितो हुने गरी प्रदेश सरकारको जमानीमा ऋण दिने ब्यवस्था गर्ने ।

❖ *भन्सार महशुल र दर्ता महशुल शून्य* : सहकारी खेती, पशुपालन वा अन्य ब्यवसायका लागि ट्रयाक्टर, चेस्टर फ्रिज, ओसारपसारको गाडी वा अन्य ठूला मेशिनरी किनेमा वा बिदेशबाट झिकाएमा त्यसको भन्सार महशुल र दर्ता महशुल शून्य गरिदिने ब्यवस्था गर्ने ।

❖ सीप तालिमको अवधि : सीप तालिम लामो अवधिको अर्थात ६ देखि ९ महीनाको प्रदान गर्ने । तालिमपछि प्रमाणपत्र समेत प्रदान गर्ने ताकि यो बैदेशिक रोजगारीका लागि समेत उपयोगी रहोस् ।

❖ *सहकारीलाई बिशेष प्राथमिकता र प्रोत्साहन* : हरवाचरवा परिवार मिली समुह वा सहकारी बनाएर दिइएको सीप तालिम वा जानेको सीपलाई प्रयोगमा ल्याउने, स्वरोजगारी पैदा गरी आय आर्जन गर्न खोज्ने हरवाचरवा परिवारलाई अनुदान, ऋणको अनुपात र ऋणको ब्याजमा साबिक भन्दा ५० प्रतिशत ज्यादा सुविधा प्रदान गर्ने ।

❖ यसका लागि प्रदेश सरकारको जमानीमा परियोजना नै धितो रहने गरी कृषि तथा राष्ट्रिय बाणिज्य बैंकबाट सहकारी उद्योगब्यवसाय प्रवर्द्धन ऋण दिने ब्यवस्था गर्ने

❖ *घुम्ती कोषको ब्यवस्था* : यस्तो हरवाचरवा समुह वा सहकारीलाई चालु पुँजी प्रदान गर्नका लागि प्रदेश सरकारले हरवाचरवा अस्तित्वमा रहेको पालिकामा रु १ करोडको घुम्ति कोषको ब्यवस्था गर्ने । समुह तथा सहकारी बचत परिचालन कार्यक्रम समेत लागू गर्ने ।

❖ *रोजगार प्रवर्द्धन तथा सम्पर्क केन्द्रको ब्यवस्था* : सीप तालिमका लागि र तालिम प्राप्त गरेकालाई रोजगारी सुनिश्चित गर्नका लागि प्रदेशमा जहाँ जहाँ हरवाचरवा अस्तित्वमा छन् ती पालिकामा रोजगार प्रवर्द्धन केन्द्र तथा रोजगार सम्पर्क केन्द्र खोल्ने
ब्यवस्था गर्ने ।

६. उच्च तथा प्राविधिक/ब्यावसायिक शिक्षामा पहुँचको सुनिश्चितता :

- *निशुल्क उच्च शिक्षा* : हरवाचरवाका सन्तानको लागि उच्च शिक्षामा पहुँच सुनिश्चित बनाउनका लागि सबै सरकारी क्याम्पस तथा विश्वविद्यालयमा प्रदेश सरकारको खर्चमा निशुल्क पठन पाठनको ब्यवस्था प्रदेश सरकारले गर्ने ।

- *ब्यावसायिक र प्राविधिक उच्च शिक्षामा २ प्रतिशत सीट आरक्षण* : हरवाचरवाका सन्तानका लागि नेपाल सरकारको अनुदानबाट संचालित उच्च शिक्षा दिने प्रदेशभित्रका डाक्टर, नर्स, इन्जीनीयर, पाइलट लगायतको शिक्षा दिने सबै प्राविधिक र ब्यावसायिक क्याम्पस तथा पोलिटेक्निकल विद्यालयमा कुल सीटको २ प्रतिशत निशुल्क शिक्षाका दिने गरी आरक्षित गर्ने । विदेशबाट प्राविधिक र ब्यावसायिक बिषयमा प्राप्त हुने छात्रवृत्तिमा पनि यही नीति लागू गर्ने ।

- *शून्य ब्याजदरमा शैक्षिक ऋण* : २ प्रतिशत भन्दा ज्यादा सीटमा वा विदेशमा प्राविधिक र ब्यावसायिक शिक्षा हासिल गर्न चाहने हरवाचरवाका सन्तानका लागि शिक्षाको समाप्ति र रोजगारीको प्राप्तिपछि किस्तावन्दीमा तिर्ने गरी प्रदेश सरकारको जमानीमा बैंकमार्फत शून्य प्रतिशत ब्याजदरमा शैक्षिक ऋणको ब्यवस्था गने ।

७. *आधारभूत स्वास्थ्य उपचार सुविधामा पहुँचको सुनिश्चितता* :

हरवाचरवाको सुनिश्चित स्वास्थ्य उपचारको लागि प्रबन्ध गर्न निम्न कार्य गर्ने नीति र कार्यक्रमको ब्यवस्था गर्ने :

- हरेक हरवाचरवा परिवारले आफूलाई लाग्ने सबै साना-ठूला रोगको उपचार बीमाबाट गर्न सक्ने गरी सघको ६० प्रतिशत र प्रदेश र स्थानीय तहको २०-

२० प्रतिशत खर्चमा उनीहरूको स्वास्थ्य बीमाको व्यवस्था गर्ने । यस कार्यको प्रभावकारी अनुगमन गर्ने र कार्यान्वयनको सुनिश्चितता गर्ने ।

- प्रदेश र स्थानीय तहको संयुक्त पहलमा १५० वा त्यो भन्दा बढी घर परिवार रहेको प्रत्येक हरवाचरवा बस्ती र गाउँमा आधारभूत स्वास्थ्य उपचार सुविधा, बर्थिङ्ग सेण्टर अर्थात बच्चा जन्माउने सुविधा र जरुरी सबै खोपको व्यवस्थासहित प्राथमिक स्वास्थ्य चौकीको व्यवस्था गर्ने ।
- त्यो भन्दा कम घर परिवार भएको हरवाचरवा बस्तीमा घुम्ती स्वास्थ्य क्लिनिक र घुम्ती डाक्टरको व्यवस्था गर्ने । यसको स्थानीय स्थलगत व्यवस्था स्थानीय सरकारले गर्ने तर अनुगमन प्रदेश सरकारले गर्ने ।
- हरवाचरवाको ठूलो छरिएको बस्ती वरिपरि रहेका स्थानमा ती बस्तीको बीचैमा पर्ने गरी साधनसम्पन्न १५ बेडको मिनी अस्पताल, एम्बुलेन्सको व्यवस्था प्रदेश सरकारले गर्ने ।
- हरवाचरवा/बस्तीमा कम्तीमा एकजना महिला/एक जना पुरुषलाई ज्वर नाप्ने, ब्लडप्रेसर नाप्ने, रगतमा अक्सीजनको स्थिति नाप्ने, समुदायमा स्वास्थ्य चेतना फैलाउने, आपतकालीन स्थितिमा सुँडिनीको काम समेत गर्ने जस्ता समुदायलाई आवश्यक बिषयका तालिम सहित स्वास्थ्य स्वयमसेवक/स्वयम्सेविकाको व्यवस्था गर्ने ।
- हरवाचरवाको परिचयपत्र देखाएमा कुनै पनि निजी अस्पतालमा हरवाचरवा परिवारका बिरामीलाई ५० प्रतिशत छूट र सरकारी अस्पतालमा शत प्रतिशत छूट हुने व्यवस्था गर्ने ।

८. संघीय सरकारको ५० प्रतिशत बजेटरी सहयोगसहित प्रदेश सरकारले बाँकी स्रोत साधन परिचालन गरी निम्न भौतिक पूर्वाधारको व्यवस्था हरेक हरवाचरवा बस्तीमा आगामी आर्थिक बर्षमै गरिदिने :

- शद्ध खानेपानी;
- सडक
- बिजुली
- खेतबारीमा सिँचाइ
- टेलिफोन/मोबाइल नेटवर्क
- इन्टरनेट
- निजी र सार्वजनिक शौचालय

९. *न्युनतम ज्यालाको ग्यारेण्टी* : कृषि श्रमिकको रुपमा गृहत्(साहु)कहाँ काम गर्ने हरवाचरवाले कानुन बमोजिम कृषि श्रमिकको न्युनतम ज्याला तथा महिला पुरुषलाई समान ज्याला समेत नपाइरहेको अध्ययनबाट देखिएकाले, यस सम्वन्धमा निम्न अनुसार गर्ने :

- कानुन अनुसारको न्युनतम ज्यालाको व्यवस्था हरवाचरवालाई लागू हुने व्यवस्था कडाइपूर्वक लागू गर्ने
- न्युनतम ज्याला नदिने ब्यक्तिलाई कडा दण्डको कानुनी ब्यवस्था गर्ने ।

- समान कामको लागि समान ज्याला एवम् महिला र पुरुषलाई समान ज्याला लागू गर्ने ।

१०. बढी ब्याज लिने र सावाँ बढाउनेलाई कडा दण्ड :

- प्रदेश सरकारले आफ्नो प्रदेशभरि कानुनले तोकेभन्दा धेरै ज्यादा ब्याज लिने तथा सावाँको दोब्बर वा तेब्बर ब्याज लिने साहु वा गृहतलाइृ कडा दण्डको व्यवस्था गर्ने कानुन अविलम्व ल्याउने ।
- त्यस कानुनमा कुनै पालिका तीन पटकभन्दा ज्यादा सूचना दिएर पनि त्यस्तो प्रचलन पाइएमा यसका लागि पालिकालाई पनि जवाफदेही बनाउन त्यस्तो पालिकाको प्रमुखलाई पनि दण्डित गर्ने व्यवस्था गर्ने ।

११. राजनीतिक र सामाजिक नेतृत्वमा समावेशीता : हरवाचरवाको राजनीतिक र सामाजिक प्रतिनिधित्व सुनिश्चित गर्नका लागि प्रदेश सरकारले राजनीतिक दलको नेतृत्व मन्त्रीमण्डल, न्यायपालिका र व्यवस्थापिकामा स्थान सुरक्षित गर्न अनिवार्य कम्तीमा एक जना हरवाचरवा प्रतिनिधिको समावेशीताको कानुनको व्यवस्था गर्ने ।


साथै, प्रदेशभरिका हरवाचरवा बस्ती रहेका सबै विद्यालय व्यवस्थापन समिति, बन व्यवस्थापन समिति लगायत तमाम सामाजिक संघ र संस्थाहरूमा हरवाचरवाको बाध्यकारी प्रतिनिधित्वको कानुनी व्यवस्था गर्ने ।

## ३.५.३ स्थानीय तहले गर्ने

१. *यकीन तथ्याङ्क संकलन र परिचय पत्र बितरण* : तथ्याङ्क संकलन, प्रमाणिकरण र परिचयपत्र वितरणको सम्पूर्ण जिम्मेवारी, अख्तियारी तथा बजेट स्थानीय तहले लिने ।

२. हरवाचरवाको यकीन तथ्याङ्क संकलन स्थानीय तह, त्यसमध्ये पनि वडा तह संलग्न भएर संकलन गरेमा मात्र आउन सक्ने भएकाले यसमा निम्न अनुसार गर्ने :

- फिल्डमै गएर हरवाचरवाको यकीन तथ्याङ्क संकलन गर्ने । यसका लागि वडा तहमा जहाँ जहाँ हरवाचरवा छन् त्यहीँकै वडा सदस्य र हरवाचरवा प्रतिनिधि राखेर वडा अध्यक्षको नेतृत्वमा तथ्याङ्क संकलन टीम गठन गर्ने । टीमले नाम संकलन गरेपछि दाबी बिरोधको अवसर समेत दिने ।
- पालिका प्रमुख, वडाध्यक्ष र सरोकारवाला प्रतिनिधि राखेर प्रमाणिकरण बोर्ड निर्माण गर्ने । हरवाचरवाको प्रमाणीकरण हुनासाथ हरवाचरवालाई सुस्पष्ट बर्गीकरणसहितको दुबै दम्पतिको नाम र फोटो भएको परिचय पत्र तत्काल दिने ।
- परिचय पत्रको बर्गीकरण : परिचय पत्रको बर्गीकरण तीन किसिमको मात्र गर्ने

| **स्टिकर** | **मुक्तकमैयाको बर्गिकरण** | **बिशेषता** |
|---|---|---|
|  | क बर्ग | आफ्नो स्वामित्वको खेतीयोग्य जमिन/र बस्नयोग्य घर- कुनै पनि नभएको वा जमिन ३ महिनाभन्दा कम खान पुग्ने भएको, घर पनि केवल अस्थायी र अमानवीय टहरोको रुपमा अर्काको स्वामित्वको जमिनमा मात्र भएको । |

| | | |
|---|---|---|
| | ख बर्ग | आफ्नो जमिन भएको तर त्यसले बढीमा ६ महीनासम्म पनि खानपुग्दो भएको ; घर पनि टहरोको रुपमा भएको तर त्यो पनि ऐलानी, सार्वजनिक, जंगल छेउको जमिनमा भएको ; वा यी दुईमध्ये कुनै मात्र भएका । |
| | ग बर्ग | आफ्नो स्वामित्वमा जमिन भएको तर त्यसले बढीमा ९ महीनासम्म खानपुग्दो भएको ; आफ्नो स्वामित्वको जमिनमा अर्ध्दपक्की वा कच्ची घर वा टहरो भएको तर त्यो मानवोचित नभएको |

३. *घरबासको प्रवन्ध र भूमि बितरणमा सहजीकरण* : संघ र प्रदेश सरकारले हरवाचरवाको लागि घरबासको प्रवन्ध र भूमि बितरणको कार्यलाई ब्यावहारिक कार्यान्वयन गर्न सघाउने र सहजीकरण गर्ने । हरवाचरवाहरू अहिले जुन गृहत्, सार्वजनिक वा ऐलानी जमिनमा बसिरहेका छन् तिनलाई त्यही स्थानमा स्थायी बसोबासको व्यवस्था गर्न संघ तथा प्रदेश सरकारको लागि प्रमाणिकरण र सिफारीश गर्ने तथा सहजीकरणको भूमिका खेल्ने ।

४. *अल्पकालीन सीप तालिम र रोजगारी प्रवर्द्धनमा भूमिका खेल्ने :*

- हरवाचरवाको लागि तत्काल रोजगारीका जीविकाको लागि लाभदायी हुने प्रकृतिको ३ दिनदेखि ३ महिना लामो अल्पकालीन सीप तालिमको सम्पूर्ण जिम्मेवारी आफ्नो खर्चमा स्थानीय तहले निर्वाह गर्ने ।
- सीप तालिमसँगै जरुरी बीउ पुँजी र औजार समेत प्रदान गर्ने ।
- प्रदेश सरकारको दीर्घकालीन सीप तालिममा समेत सहयोग पुऱ्याउने ।
- सीप तालिमका लागि दीर्घकालीन संरचनाका रुपमा पालिका स्तरमा रोजगार प्रवर्द्धन केन्द्र स्थापना गर्ने ।
- सीपको सामुहिक उपयोगका लागि हरवाचरवाको समुह वा सहकारी निर्माण गर्ने । त्यस्तो समुह वा सहकारीको लागि घुम्तीकोषको सुरु रकम स्थानीय तहले हाली दिने ।
- हरवाचरवा रहेका वडामा विकास निर्माण कार्यमा अनिवार्य रुपमा हरवाचरवालाई रोजगारी दिने नीति तर्जुमा गर्ने

५. *शिक्षामा पहुँचको सुनिश्चितता* : हरवाचरवाका सन्तानको लागि १२ कक्षासम्म निशुल्क शिक्षा सुनिश्चित गर्नका लागि मन्त्रालयले शिक्षा मँन्त्रालयसित आवश्यक समन्वय गरी निम्न कार्य गर्ने:

- हरेक हरवाचरवा बस्तीमा बालविकास केन्द्र र आधारभूत विद्यालय स्थापना गर्ने । बस्ती निकै सानो भएमा बहु बिषय सिकाउन सक्ने घुम्ती शिक्षकको ब्यवस्था गर्ने नीति निर्माण गर्ने ।
- माध्यमिक विद्यालय ४५ मिनेट भन्दा टाढा भएमा र त्यस स्थानमा मावि पनि स्थापना गर्न सम्भव नभएमा ब्रिज विद्यालयको प्रबन्ध गर्ने ।
- हरवाचरवाका सन्तानको बीचैमा पढाइ छोड्ने कारणलाई सम्वोधन गर्नका लागि हरेक हरवाचरवा विद्यार्थीका लागि दिवा खाजा, पोशाक र पाठ्य सामग्री पाउने सुनिश्चितता गर्ने ।

- प्रौढ हरवाचरवाको साक्षरता र शिक्षाका लागि काम अघिको शिक्षा र कामपछिको अनौपचारिक वा अरीतिक शिक्षाको बन्दोबस्त गर्ने । यसका लागि साँझ र बिहानको विद्यालयको प्रवन्ध भइरहेको नजिकैको विद्यालयका शिक्षक शिक्षिकालाई बिशेष सुविधा प्रदान गरेर गर्ने ।
- आफ्नो सीमा क्षेत्रमा रहेका कुनै पनि प्राविधिक/ब्यावसायिक शिक्षालय तथा पोलिटेक्नीकल विद्यालयमा हरवाचरवाको सन्तानको सुनिश्चित पहुँचको लागि कुल सीटमध्ये २ प्रतिशत सीट आरक्षित गर्ने नीति अवलम्वन गर्नूपर्ने ।
- यही नीति विदेशबाट प्राप्त हुने प्राविधिक र ब्यावसायिक बिषयका छात्रबृत्तिमा समेत लागू गर्ने ।

६. *आधारभूत स्वास्थ्यमा पहुँचको सुनिश्चितता* : आधारभूत स्वास्थ्यमा हरवाचरवाको पहुँच सुनिश्चित गर्नका लागि निम्न कार्य गर्ने :

- संघ सरकारको ६० प्रतिशत र प्रदेश र स्थानीय सरकारको २०-२० प्रतिशत बजेटअन्तर्गत प्रत्येक हरवाचरवाको लागि सबै रोगको उपचार सम्भव हुने चरित्रको बृहत् स्वास्थ्य बिमाको कार्यक्रम कार्यान्वयनमा लैजाने ।
- कुनै पनि तहबाट बजेट आउन बिलम्ब भएमा त्यो स्थानीय तहले ब्यहोरेर पछि लिने प्रवन्ध गर्ने तर स्वास्थ्य बीमा चाहिँ कदापि ढिलो नगर्ने जिम्मेवारी स्थानीय तहको हुने
- हरेक हरवाचरवा बस्तीमा स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकीको र आधारभूत औषधिहरूको बन्दोबस्त गर्ने । हरवाचरवा बस्ती सानो भएमा घुम्ती डाक्टरको प्रवन्ध गर्ने दायित्व स्थानीय तहले निर्वाह गर्ने । हरवाचरवाको बस्ती १५० घरधुरीभन्दा ज्यादा भएमा र त्यस्तो ठूलो बस्ती वरपर ज्यादा भएमा बीचैमा पर्ने गरी १५ बेडको साधनसम्पन्न मिनी अस्पतालको ब्यवस्था गर्ने । यसको लागि पहल र कार्यान्वयन स्थानीय सरकारको हुने तर आर्थिक स्रोत मूलतः प्रदेश सरकारको हुने ।
- हरेक हरवाचरवा बस्तीमा हरवाचरवामध्येबाटै स्वास्थ्य स्वयम्सेविका र मिडवाइफको ब्यवस्था गर्ने ।
- असल स्वास्थ्य केवल डाक्टर र स्वास्थ्य चौकीबाट मात्र हासिल हुन नसक्ने भएकाले हरेक हरवाचरवा बस्तीमा अनिवार्य रुपमा शुद्ध खानेपानीको बन्दोबस्त गर्ने दायित्व स्थानीय सरकारको हुने ।
- साथै, पोषणयुक्त खानेकुराको समेत प्राप्तिका लागि पालिका भरिका कुनै पनि विकास निर्माण कार्यमा हरवाचरवा वा उनका उमेर पुगेका सन्तानलाई काममा लगाएर कामको लागि खाद्यान्न कार्यक्रम लागू गर्ने ।
- कुनै पनि हरवाचरवा परिवार भोको परेमा त्यसको उजुरी दिने र खाद्य पदार्थ आपुर्ति गर्ने जिम्मेवारी स्थानीय तहको हुने ।

७. *हरवाचरवा बस्तीमा आधारभूत भौतिक पुर्वाधारको निर्माण* : प्रदेश र स्थानीय सरकारको संयोजनपूर्ण बजेट बिनियोजनमा हरेक हरवाचरवा बस्तीमा निम्न भौतिक पूर्वाधारहरू सुनिश्चित ढंगले पुर्‍याउने :

- सडक
- खानेपानी
- बिजुली
- शौचालय

- सिँचाइ
- इन्टरनेट नेटवर्क
- टेलिफोन

८. *न्युनतम ज्यालाको ग्यारेण्टी* : आफ्नो पालिकाभित्र न्युनतम ज्यालाको प्रावधान कडाइपूर्वक लागू गर्ने । सो नगर्ने कडा दण्ड दिने स्थानीय कानुन ल्याउने ।

९. *ज्यादा ब्याजदर लगाउने र साँवा डब्ल्याउनेमाथि कडा दण्ड* : आफ्नो पालिकाभित्र सरकारले तोकेको भन्दा ज्यादा ब्याज लिने दिने र साँवालाई बढाउने र डब्ल्याउने जोकोहीलाई कडा दण्ड गर्ने कानुन ल्याउने । यसका लागि पालिकाले असाक्षर र पीडितहरूबाट उजुरी आएन भने नपर्खी त्यो आफैले पत्ता लाउने र जसले पनि जानकारी दिए पुग्ने आफ्नै संयन्त्र तैयार गर्ने ।

१०. *सरकारी कार्यालयमा नोकरीमा पहिलो प्राथमिकता* : पालिकाभित्रका कुनै पनि शाखामा र सरकारी कार्यालयमा खालि पदहरू सिर्जना भएमा त्यसमा पहिलो प्राथमिकता हरवाचरवालाई दिने नीति तर्जुमा गर्ने ।

११. *राजनीतिक र सामाजिक समावेशीता* :

- स्थानीय तहको सामाजिक तथा राजनीतिक नेतृत्वमा हरवाचरवाको पहुँचको लागि स्थानीय तहले कानुन ल्याएर २ प्रतिशत सीट सुनिश्चित गर्ने ।
- जुन वडामा हरवाचरवा छन् र ती दलित छन् त्यहाँ दलित वडा सदस्यको प्रतिनिधित्व गराउँदा हरवाचरवा नै राख्नु पर्ने नीति र कानुन तर्जुमा गर्ने ।
- पालिकाभित्रको विद्यालय व्यवस्थापन समिति, बन ब्यवस्थापन समिति, विकास निर्माण सम्वन्धी उपभोक्ता समिति लगायत कुनै पनि सामाजिक महत्व राख्ने समिति निर्माण गर्दा हरवाचरवा भएका वडामा हरवाचरवा अनिवार्य रुपमा सदस्य वा नेतृत्वमा राख्नु पर्ने नीति र कानुन निर्माण गर्ने ।

## ३.५.४ सामाजिक र गैरसरकारी संस्थाले गर्ने

१. हरवाचरवामा सामाजिक र सांस्कृतिक जागरण ल्याउन भूमिका खेल्ने । हरवाचरवामा अहिले पनि जारी रहेको जातीय छुवाछूत, फजुल खर्च, औकात भन्दा धेरै ज्यादा खर्च विवाह र सामाजिक थितिरितिमा गर्ने जस्तो कुरीति र कुपरम्परा हटाउन भूमिका खेल्ने ।

२. हरवाचरवा परिवारलाई उनीहरूको कृषि तथा ब्यावसायिक सहकारी वा समुह बनाउन जाागरुक बनाउने ।

३. आफ्नो समस्याको समाधानको लागि र आफ्नो हक तथा हितका लागि आफै एकतावद्ध भएर अघि बढ्न ब्यावहारिक शिक्षा र सहयोग प्रदान गर्ने ।

४. हरवाचरवा समुदायलाई सशक्तिकरण गर्न तथा हरवाचरवाभित्रबाट उनीहरूको आफ्नै (पुरुष तथा महिला) अगुवा विकास गर्न सहयोग प्रदान गर्ने ।

५. हरवाचरवाको साक्षरता र शिक्षामा सहयोग गर्ने । सरकारले हात नहालेका प्राविधिक र ब्यावसायिक शिक्षा क्षेत्रमा छात्रवृत्ति प्रदान गर्ने ।

६. हरवाचरवाको आफ्नो घर र बस्ती निर्माणमा सीप र स्रोतको सहयोग गर्ने ।

७. आफ्ना संस्थाका तहगत कार्यालयहरूमा हरवाचरवाका शिक्षित युवा सन्तानका लागि राम्रो आय हुने रोजगारी प्रदान गर्ने ।

## ४. सन्दर्भ स्रोत:


कानून किताब व्यवस्थासमिति । वि.सं. २०७५ । 'नेपालको परिचय' । कानून किताब व्यवस्था समिति, बबरमहल, काठमाण्डौ ।

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय । वि.सं. २०७१ । 'वार्षिक प्रगति विवरण' (मुक्त कमैया पुनःस्थापन तथा वृत्ति विकास कार्यक्रम) । नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ।

नेपाल सरकार, भूमिसुधार तथा व्यवस्थामन्त्रालय । वि.सं. २०७४ । 'मुक्त कम्लहरी परिचय पत्र वितरण कार्यविधि, २०७४' । नेपाल सरकार, भूमिसुधार तथा व्यवस्थामन्त्रालय, काठमाण्डौ ।

पौडेल, शरद । वि.सं. २०६६ साल । 'मुक्तहलिया' (जीवनका तीता यथार्था र रुपान्तरणका प्रयत्नहरु) । मुक्त हलिया तथा कमैया सशक्तिकरण परियोजना, काठमाण्डौ, नेपाल । म

भूमिसुधार तथा व्यवस्थामन्त्रालय । वि.सं.२०७४ । 'मुक्तहलिया पुनःस्थापना नीति नियम संगाललो' (मुक्त हलिया पुनःस्थापन संग सम्बन्धित नीति, नियम, गठन आदेश र कार्यविधिको संकलन) । मुक्त हलिया पुनःस्थापन समस्या समाधान समिति, काठमाण्डौ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय । वि.सं. २०७५ । 'वार्षिक प्रगति प्रतिवेदन' आ.व. २०७४।७५ (मुक्त हलिया पुनःस्थापन तथा वृत्ति विकास कार्यक्रम) । नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय (मुक्त हलिया पुनःस्थापना समस्या समाधान समिति, सिंहदरबार ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय । वि.सं. २०७६ । 'वार्षिक प्रगति विवरण' (मुक्त कमैया पुनःस्थापन तथा वृत्ति विकास कार्यक्रम) । नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ।

भूमि सम्बन्धि समस्या समाधान आयोग । वि.सं. २०७७ । 'आयोगका कामसँग सम्बन्धित, ऐन, नियमावली, गठन आदेश र कार्यविधिहरुको सँगालो' । भूमि सम्बन्धि समस्या समाधान आयोग, ताहाचल काठमाण्डौ ।

राष्ट्रिय मुक्त हलिया समाज महासङ्घ । साल नभएको । 'मुक्त हलियाका रणनीतिक योजना' । राष्ट्रिय मुक्त हलिया समाज महासङ्घ, डडेलधुरा, काठमाण्डौ ।

राष्ट्रिय मुक्त हलिया समाज महासङ्घ । वि.सं. २०७० । 'नीति र कानूनमा हलिया अधिकार' । राष्ट्रिय मुक्तहलिया समाज महासङ्घ, डडेलधुरा, काठमाण्डौ ।

राष्ट्रिय मुक्त हलिया समाज महासंघ समेत अन्य । साल भएको । 'नेपालमा हलिया प्रथा' । राष्ट्रिय मुक्त हलिया समाज महासंघ समेत अन्य ।

श्रेष्ठ, श्याम । वि.सं. २०७१ साल । 'मुक्ति पछिको बन्धन' (मुक्त हलियाहरुको वर्तमान अवस्था) । राष्ट्रिय मुक्त हलिया समाज महासङघ । डडेलधुरा, नेपाल ।

Campaign for Human Rights and Social Transformation, Nepal. A.D. 2022. 'ESCR Yearbook 221' (Situation of Economic, Social and Cultural Rights of Freed Haliyas in Sudurpaschim Province of Nepal). Campaign for Human Rights and Social Transformation, Nepal.

Dhakal, Suresh. 2007. 'Haruwas, the Unfree Agriculture Labourer: A Case Study from Eastern Terai', in Contributions to Nepalese Studies. Vol 34 No 2, July 2007.

Dhakal, Suresh and Co., A.D. 2020. 'Harawa-Charawa, the Bonded Laborers in Agriculture' (A Study of Three Municipalities of Dhanusha District in Eastern Terai). Community Self-Centre (CSRC), Nepal.

Evangelical Lutheran Church, In America, राष्ट्रिय मुक्तहलिया समाज महासंघ, उपेक्षित समुदाय सशक्तिकरण तथा विकास मञ्च, सिलगढी डोटी, The Lutheran World Federation Nepal . 'Freed Haliyas Live with Dignity' (The Stories of Change in the lives of Freed Haliyas in Western Nepal 2018). Freed Haliyas Live with Dignity, Nepal.

The Lutheran World Federation. 'Images of Hope: Ex-bonded labourers(Freed Haliyas) stepping towards dignified life'. The Lutheran World Federation (Member of actalliance).